वितामोड नगरपालिका
आवधिक नगरपालिका विकास योजना, २०७८/७९

परिच्छेद १: (एक) परिचय

१.१ पृष्ठभूमि

वर्तमान संबिधानको निर्माण र कार्यान्वयन सँगै नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको सुरुवात हुन पुग्यो भने शासन सञ्चालनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय गरी तीन तहमा बिभक्त हुन गयो । संविधान प्रदत्त तीनै तहको एकल तथा साझा अधिकारका क्षेत्रहरूको सफल र प्रभावकारी कार्यान्वयन बाट स्थानीय तह, प्रदेश हुँदै मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आजको प्रमुख जिम्मेवारी भित्र पर्दछ । यस जिम्मेवारीलाई परिणाममुखि बनाउन जनताको नजिक रहेर प्रत्यक्ष सहायोगि र साझेदार सरकारको रुपमा स्थापित स्थनीय तहले संपादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सास्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीयबासिहरूकै सहभागिता र साझेदारीमा ब्यवस्थित, प्रभावकारी र समयबद्ध सञ्चालन व्यवस्थापनका आधार तयार पर्नु आजको आवश्यकता मात्र हैन अनिवार्य पनि छ ।

विद्यमान सिमित स्रोत र साधनका विच विना योजना गरिने विकास निर्माणका कार्य सिमित घेरा भित्र आस्थाई हुने मात्र नभई कमजोर समेत हुने गरेका कयौ उद्धारण हाम्रा सामु छन् । बिगत लामो समय देखि स्थानीय स्तरमा विकास निर्माण र सेवा प्रवाह गर्ने गरी स्थापित रहेको विगतका स्थानीय निकायहरू यीनै चुनौति बाट गुज्रिरहेका थिए भने वर्तमान पालिकाहरूले जिम्मेवारी सम्हालेको ५ बर्ष व्यतित हुन लाग्दा समेत यो समस्याबाट पूर्ण रुपले मुक्त हुन सकेको अवस्था छैन । बिगतका घट्नाक्रमहरूले जनताका आधारभुत आवश्यकता एकातिर र सञ्चालन हने विकास निर्माण र सेवा प्रवाहका योजना आर्कातिर भएका कयौं उद्धाहरण हाम्रो माझमा रहेका छन् । पुराना र महत्वपूर्ण योजना सम्पन्न नहुँदै प्रत्येक वर्ष नयाँ नयाँ योजनाको खोजी र सञ्चालनमा धेरै समय र लागत खर्चिनु परिरहेको आवस्था विद्यमान छ । तसर्थ स्थानीय सरकारको रुपमा स्थिापित भएका स्थानीय तहले आफ्नो पालिकाको बस्तुगत अवस्था, स्थानीयबासिका आवश्यकता, दिगो विकास लक्ष्यमा आधारित समृद्धि निर्माणमा स्थानीय सरकारको हैसियतमा खेलिनु पर्ने भूमिका, वर्तमान संबिधान, स्थानीय सरकार सञ्चालन ऐन सँगै प्रचलित ऐनले निधारण गरेका कार्य जिम्मेवारी र दायित्वलाई केन्द्र बिन्दुमा राखेर जनताको माझबाट स्थानीय आवश्यकता बमोजिम आर्थिक, भौतिक, सामाजिक र सास्कृतिक लगायत मानव विकास सँग सम्बन्धित योजनाहरूको पहिचान, छनौट, प्राथमिकिकरणका साथ आवश्यक स्रोत र साधनको व्यवस्थापन सहित विषयगत र क्षेत्रगत योजनाहरू तर्जुमा गरी कार्यान्वनयमा ल्याउन आपरिहार्य भएको छ ।

योजनावद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले स्थानीय तहको विकास प्रयासहरूलाई निर्दिष्ट दिसा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्दछ । स्थानीय आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्दछ । यस्तो योजना स्थानीय तहको विकास र समृद्धिको रूपरेखा मात्र नभएर उक्तक्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हो । राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा स्थानीय विकासमा सरोकारवालाहरूको साझा प्रतिवद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुन्छ । स्थानीय आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै श्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ वितामोड नगरपालिकाले भौगोलिक अवस्थिति, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्यमान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषण गरेर स्थानीय

आवश्यकताको पहिचान गरी दिगो विकास लक्ष्य, पन्द्रौं योजनाको आधार पत्र र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्धारण गरेका मापदण्ड बमोजिम दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यका साथमा विषयगत तथा क्षेत्रगत योजनाहरूलाई कार्यान्वयनमा ल्याउने गरी यो आवधिक विकास योजना तर्जुमा गरेको छ ।

१.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेकोछ भने यसका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिसा तर्फ निर्देशित गर्नु;
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु;
- दिगो विकास लक्ष्य सहितका संघीय तथा प्रदेश सरकार बाट निर्धारण गरेका विषयगत क्षेत्र र तीनमा आधारित योजनाहरूलाई स्थानीयकरण गरी समृद्धिको मार्ग प्रशस्त गर्नु
- नगरपालिकाको बस्तुस्थिति बिबरण, अवसर र भावि संभावना समेतका आधारमा नगरपालिकाको दीर्घकालीन सोच अनुरुप दिगो विकास लक्ष्यमा आधारित यस आवधिक विकास योजनाले स्थापित गरेका विकास लक्ष्य प्राप्त गर्न सवै विषयगत गुरु योजना समेत तर्जुमा गरी कार्यान्वयन गर्नु
- नगरपालिकाको सर्वाङ्गीण विकासका लागि भू-उपयोग नीति र योजना सहितको भौतिक तथा भौतिक पूर्वाधार बिकास, आर्थिक बिकास, सामाजिक बिकास, वातावरण बिकास र व्यवस्थापन, वित्तीय बिकास र ब्यवस्थापन साथै संस्थागत विकास र ब्यवस्थापन जस्ता विषयगत क्षेत्रहरू र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरू, बजेट निर्धारण तथा सरोकारवालाहरूको पहिचानलाई समेत एकीकृत गरी अल्पकालीन तथा दीर्घकालीन योजनाको प्राथमिकता क्रम निर्धारणका साथ परिमाणत्मक लक्ष्य तथा अनुमानित लगानी योजना समेत तर्जुमा गर्नु
- निर्धारित योजनाहरूको सफल कार्यान्वयन बाट विर्तामोड नगरपालिकाको समृद्धि निर्माणमा सवै सरोकारवालालाई सकृय सहभागि गराउने
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु;
- नगरपालिकाको दिगो विकासमा आधारित योजना तर्जुमा र कार्यान्वयनमा सहभागि गराएर स्थानीयबासीको अपनत्व स्थापित गर्नु
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु
- आवधिक योजनामा समावेश भएका विषयगत क्षेत्रमा आधारित योजनाहरूको समयबद्ध र सफल कार्यान्वयनबाट विर्तामोड नगरपालिकालाई मानव बिकास सूचाकाङ्कामा परिमाणात्मक सुधार गरी एक ब्यवस्थित, सक्षम र समृद्ध नगरपालिकाको रुपमा विकास गर्नु

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया

विर्तामोड नगरपलिकाको आवधिक नगरपलिका विकास योजना तर्जुमाका शिलसिलामा देहाय बमोजिमका प्रकृय अवलम्बन गरियो ।

१.३.१ संस्थागत सम्यन्त्रको निर्माण

१.३.१.१ निर्देशक समितिको गठन

यसपालिकाको आवधिक नगरपालिका विकास योजनाको तयारी र व्यवस्थापनकालागि नेपाल सरकारबाट उपलब्ध नगर/नगर वस्तुस्थिति विवरण तयारी र योजना तर्जुमा दिग्दर्शन बमोजिमका बस्तुस्थिति विवरण तथा आवधिक योजना तर्जुमाको ढाँचा र औजार स्वीकृत गर्न, वस्तुस्थिति विवरण तयारी र आवधिक योजना तर्जुमा सम्बन्धी आवश्यक निर्णयहरू गर्न, आवश्यकताका आधारमा आवधिक योजना तर्जुमाका लागि विषयगत समितिलाई पूर्णता दिन तथा परिमार्जन गर्न,

आवश्यकता अनुसार बैठक आयोजना तथा परामर्शगर्न, परामर्शदाता, कर्मचारी र स्थानीय सरोकारवालासँग राय परामर्शगर्न, कार्यशाला गोष्ठीहरूमा समावेशी सहभागिता हुनेकुरा सुनिश्चित गर्न, वस्तुस्थिति विवरण सङ्कलन तथा आवधिक योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्न, कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा/शाखा/उपशाखा, एकाइ, केन्द्र तथा वडा कार्यालयबाट तथ्याङ्क तथा विवरण सङ्कलन गर्ने व्यवस्थाकालागि परामर्शदातालाई आवश्यक सहायोग मिलाउन, नगरपालिकासँग सम्बन्धित अध्ययन, सर्वेक्षण, योजना तथा बजेट सम्बन्धी दस्तावेज, पुस्तिका अध्ययन र विश्लेषणको व्यवस्था गर्न, आवधिक योजना निर्माणको कार्यशर्तमा सैद्धान्तिक सहमति र योजना निर्माणमा सहयोग गर्न तथा परामर्शदातालाई आवश्यक सहयोग गर्नकालागि नगर कार्यपालिकाको बैठकले नगरपालिकाका प्रमुखको संयोजकत्वमा निर्देशक समितिको गठन भयो ।

१.३.१.२ संयोजन तथा सहजीकरण समिति

निर्देशक समितिको राय सल्लाह र सुझावका आधारमा कार्यशाला गोष्ठीमा सहभागि हुने सहभागिहरूको नामावली तयारी गर्न, सहभागिहरूलाई निमन्त्रण गर्न, प्रत्यके वडामा हुने वडा भेलामा उपस्थित हुने व्यक्तिहरूको नामावली तयार पार्न साथै भेलाको उपयुक्त वातावरण तयार गर्न, कार्यशाला गोष्ठी र वडाभेलाको सञ्चालन व्यवस्थापन गर्न, आवश्यक विवरणहरूको सङ्कलनमा सहयोग गर्न साथै योजना तर्जुमा कार्यशाला तथा भेलाको छलफलबाट प्राप्त भएका निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गर्न समेतको सहयोग गर्न आवधिक योजना संयोजन तथा सहजीकरण समितिको गठन गरियो ।

१.३.२ अभिमुखीकरण तथा तयारी कार्यशाला

आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय विकासका सरोकारवाला माझ समान बुझाइ कायम गर्न २०७८ साल माघ २६ गते नगरपालिकका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका सदस्य, विषयगत शाखाको शाखा प्रमुख साथै अन्य सरोकारवालाहरूको सहभातिामा एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला गाष्ठी सम्पन्न गरियो । यस गोष्ठीमा आवधिक विकास योजना भनेको के हो, आवधिक विकास योजना तर्जुमा किन आवश्यक छ, आवधिक नगरपालिका विकास योजनाको प्राविधिक पक्ष के के हुन, नेपालमा स्थानीय विकासको अवधारणा कसरी अघि बढिरहेको छ, स्थानीय विकासको सुरुवात कसरी गर्न सकिन्छ, आवधिक याजना तयारीका उद्देश्य के के हुन, नगरपालिकाको दिगो बिकास योजना भित्र समेटिने विषयत क्षेत्र र बिषय बस्तु के के हुन्, आवधिक योजना तर्जुमा बाट प्राप्त हुने उपलब्धी के के हुन् र योजनाको प्राथमिकता कसरी निर्धारण गर्ने, योजना तर्जुमा प्रकृयाम के के गरिन्छ, आवधिक योजना तर्जुमाका चुनोतिहरू के के छन् साथै विद्यमान चुनौति समनाकाकालागि यस पालिकामा उपलब्ध वर्तमान अवसरहरू के के छन् जस्ता विषय बस्तु समेटर परामर्शदाताको तर्फ बाट विज्ञले प्रस्तुत गर्नु भएको थियो । विज्ञको प्रस्तुति पछि आवधिक योजना तर्जुमाका विषयबस्तुमा खुला छलफल गरिएको थियो भने छलफलका क्रममा प्राप्त उपयुक्त विषय बस्तुलाई अभिलेखिकरण गरी आवधिक योजनाको अङ्गको रुपमा अघि बढाउने निर्णय भएको थियो । यसै कार्यशाला गोष्ठीले योजना तर्जुमाको ढाँचा, प्रक्रिया तथा जिम्मेवारी सम्बन्धी स्पष्ट पारेको थियो भने आवधिक योजना तर्जुमाको कार्ययोजना समेत स्वीकृत गरेको थियो ।

१.३.३ नगरपालिका विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा

आवधिक योजना तयारीका क्रममा भएका प्रथम अभिमुखकरण कार्यशाला गोष्ठी, वडा वडाभा गरिएका वडाभेला, विषयगत समितिमा भएका छलफल साथै दीर्घकालिन सोच निर्माण, योजनाको प्राथमिकिकरण समेतका कार्यशाला गोष्ठी र छलफलहरूमा नगरपालिकाले आफ्नो कार्यकालका विगत ४ बर्षमा गरेका निर्णय, तीनको वर्तमान सम्मको उपलब्धि, सञ्चालित योजना बाट स्थानीयबासिमा पारेको प्रभाव र आगामि दिनमा अवलम्बन गर्नु पर्ने नीति तथा कार्यक्रम समेतका विषयमा समिक्षा गरिएको थियो । विगतमा आवधिक योजना तर्जुमा नभएका कारण बाट वार्षिक योजना तर्जुमा, प्राथमिकता निर्धारण, कार्यान्वयन र उपलब्धि मापनमा देखिएको समस्या साथै त्यसबाट सिकेका उपलब्धि समेतका बारेमा सहभागितामुलक प्रकृया बाट व्यापक छलफल गरिएको थियो । समीक्षाका समयमा प्राप्त सुझावहरूलाई आवधिक योजना निर्माणको अङ्गको रुपमा स्वीकार्दै विगतका उपलब्धिहरू सम्बन्धित विषयगत शिर्षक अन्तरगत समावेश गरिएको छ ।

१.३.४ वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयारी एवम् अद्यावधीकरण

क. तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण

आवधिक विकास योजना तर्जुमाकालागि नगरपालिकाको भौगोलिक अवस्था र विषयगत अवस्था झल्कने बस्तुस्थिति विवरण प्रमुख आधार हो । वर्तमान वस्तुस्थितिको आधारमा मात्र यथार्थ रुपमा आगामि योजना तथा कार्यक्रम निर्धारण गर्न सकिन्छ । तसर्थ यस पालिकाको बस्तुस्थिति विवरण स्थानीय विशिष्टता तथा आवश्यकता अनुरूप प्राथमिक तथा द्वितीय श्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक श्रोतको लागि सहभागितामूलक छलफल, नक्साङ्कन तथा जानकार व्यक्ति अन्तर्वार्ता, वडा भेला आदि विधिको उपयोग गरिएको थियो भने जनसङ्ख्या, घरपरिवार विवरण, व्यापार व्यवसायको विवरण, यातायात पूर्वाधारको वर्तमान अवस्था, वर्तमान आय व्यय, नगरपालिकाले निर्माण गरेका स्थानीय ऐन, नियम, कार्यविधि तथ निर्देशिका, शिक्षा, स्वास्थ्य, समाजिक समावेशीकरण, न्याय सम्पादन, सङ्गठन संरचान, विद्यमान जनशक्ति र जिम्मेवारी लगायतका विषयमा संस्थागत सर्भेक्षण, दस्तावेज तथा अभिलेख, प्रकासन अध्ययन जस्ता द्वितीय श्रोत विधिको अवलम्बन गरिएको छ ।

सङ्कलित विवरण तथा तथ्याङ्कको विश्वासनीयता, लैङ्गिक तथा सामाजिक रूपले यसको प्रभाव, आगामि योजना तर्जुमाका समयमा उल्लेखित विवरणले नतिजा प्राप्तिमा पार्ने प्रभावका विषयमा परामर्शदाताको विज्ञ समूह तथा व्यक्तिले विश्लेषण गरी यीनको सत्य तथ्य केलाएर यस आवधिक योजनाको अभिन्न अङ्गको रुपमा स्वीकारिएको छ ।

ख. आधार नक्सा (Basemap) तयारी

वितामोड नगरपालिकाको समग्र भौगोलिक समतल भू-भागमा पर्दछ । आवधिक योजना तर्जुमाको लागि भूधरातलीय स्वरूप, भू-उपयोग र भूस्वरूपमा परिवर्तनको अवस्था, जोखिम तथा संवेदनशील भूक्षेत्रहरू, आर्थिक तथा सामाजिक र संरचनाको अवस्थिति, पूर्वाधार संरचनाको अवस्थिति, बस्ती विकास, प्राकृतिक श्रोत साधनको उपलब्धता र उपयोगको अवस्था, जोखिमयुक्त पूर्वाधार र वस्तीहरू लगायतका विषयहरूको विद्यमान अवस्थालाई नक्शामा चित्रण गरी आधार नक्सा तयार गरिएको छ । यही आधार नक्शाको आधारमा नगरपालिकाको वर्तमान अवस्थाको पहिचान गरी भौगोलिक तथा विषयगत क्षेत्रका आधारमा आयोजना तथा कार्यक्रमहरू तर्जुमा गर्न प्रयत्न गरिएको छ । यस आधार नक्सामा सार्वजनिक तथा सामुदायिक स्रोत, पूर्वाधार, सम्पत्ति जस्तैः वनजङ्गल, नदीनाला, पोखरी, बजार क्षेत्र, सडक बाटो तथा पुल, सार्वजनिक स्थल, भू-उपयोग, औद्योगिक तथा जोखिम संवेदनशील क्षेत्रको अवस्थितिलाई सकेसम्म इन्कित गर्ने प्रयत्न गरिएको छ भने यीनै विवरणको आधारमा विषयगत क्षेत्रका वस्तुस्थिति विश्लेषण, आयोजना तथा कार्यक्रम स्थानगत अवस्थिति निर्धारण र स्थानगत नक्साङ्कन तयार गरिएको छ ।

ग. वस्तुस्थिति विश्लेषण

विषयगत रुपमा योजना तर्जुमा गर्दा विषयगत वस्तुस्थिति विवरणका माध्यमबाट विषयगत रूपमा विद्यमान सम्भावना तथा अवसर र समस्या तथा चुनौतीको विश्लेषण गरिएको छ । टोल, बस्ती, वडा तथा पालिका हुँदै प्रस्ताव भई आएका योजनाहरूका बारेमा विषयगत क्षेत्रभित्रका उपक्षेत्रको अवस्थाको समेत विश्लेषण गरिएको छ । योजना तर्जुमाको समयमा गरिएको सहभागितामूलक छलफल बाट वर्तमान वस्तुस्थिति विवरणका बारेमा आएका सुझाव र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले दर्शाएका विषयगत अवस्थाका विचमा तादम्यता रहे नरहेको समेत विश्लेषण गरी कार्यशाला गोष्ठी बाट निस्किएको निष्कर्षको आधारमा विषय क्षेत्र तथा उपक्षेत्रको विद्यमान अवस्था, सम्भावना, समस्या तथा चुनौती एवम् चाल्नुपर्ने कदमको विवरण निर्धारित ढाँचामा तयार गरी विषयगत योजना शिर्षक अन्तरगत प्रस्तुत गरिएको छ ।

घ. वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण

वितामोड नगरपालिकाले स्वयम् घरपरिवार सर्वेक्षण गरी डिजिटल प्रोफाईल तयार पार्ने प्रयास गरेको भएता पनि यस कार्यले आवधिक योजनामा समावेश गर्ने गरिका यथार्थ विवरणको व्यवस्थपन गर्न सकेको देखिदैन । यस पालिकाको कुल जनसङ्ख्याको हकमा भर्खरै सम्पन्न राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदनलाई आधार विवरणको रुपमा स्वीकार गर्न सकिने भएको छ भने अन्य विवरणका बारेमा वर्तमान जनगणनाको पूर्ण विवरण प्राप्त नहुँदा सम्बन्धित डिजिटल

प्रोफाईलमा उपलब्ध साथै आवधिक योजना तयारी सर्वेक्षण बाट प्राप्त विवरणलाई आधार विवरण मानि यस विचमा भएको बृद्धि प्रक्षेपण गर्नु पर्ने अवस्था छ । यस पालिकाको हकमा संस्थागत सूचना, सहभागितामूलक नक्शाङ्कन विधिबाट सङ्कलित सूचना, आधार नक्शा र वस्तुस्थिति विश्लेषणबाट प्राप्त सूचना तथा विवरणको आधारमा विषय क्षेत्रगत रूपमा नगरपालिकाको यथार्थ अवस्था झल्किने गरी वस्तुस्थिति विश्लेषण सहितको वस्तुस्थिति विवरण तयारी गरिएको छ । यस वस्तुस्थिति विवरणले आवधिक योजना तयारीकोलागि आवश्यक पर्ने आधाररेखा सूचनालाई समेटेको विश्वास गरिएको छ ।

१.३.५ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण

वर्तमान अवस्थमा यस पालिकाले विगतमा तयार गरेको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिलाई सामान्य हेरफरे गरी विर्तामोड नगरपालिकालाई आगामि २० बर्षमा कस्तो स्वरुपमा देख्न सकिन्छ भन्ने विषयमा केन्द्रित गरिएकोछ । यस पालिकाको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य निर्धारण गर्न साथै विद्यमान बस्तुस्थितिको विश्लेषण सहित टोल तथा वडा स्तरबाट प्रस्ताव भई आएका योजनाहरूका बारेमा थप छलफल गर्न र प्राथमिकता क्रम र प्रस्तावित योजनको कार्यन्वयन बाट प्राप्त हुने परिमाणात्मक लक्ष्य निर्धारण गर्ने कार्यकालागि **२०७९ साल असार १ देखि ३ गते कार्य**शाला गोष्ठी सञ्चालन गरिएको थियो । यस कार्यशाला गोष्ठीमा दीर्घकालिन सोचको परिभाषा, यसको आवश्यकता र महत्व साथै यस भित्र समेटिनुपर्ने विषयबस्तुका बारेमा परमर्शदाता संस्थाको तर्फ बाट विषय विज्ञले प्रस्तुत गर्नु भएको थियो । यस प्रस्तुति पछि भएको सहभागितामुलक छलफलको निस्कर्ष बमोजिम दीर्घकालिन सोच, लक्ष्य एवं उद्देश्य निर्माण को मस्यौदा तयार गरी कार्यशाला गोष्ठीमा पेश गर्ने जिम्मेवारीका साथ नगर प्रमुख पवित्रादवी महतरा प्रसाईको संयोजकत्वमा ७ सदसीय **"दीर्घकालिन सोच, लक्ष्य एवं उद्देश्य निर्माण व्यवस्थपन समिति"** निर्माण गरियो भने यस समितिलाई आवश्यक सहजीकरण गर्न साथै आवश्यक सल्लाह र सुझाव दिन विज्ञ समुहले भूमिका निर्वाह गरेको थियो । यस समितिले योजना तर्जुमा दिग्दर्शनले निर्धारण गरेको मापदण्डलाई समेत आधार मानि दीर्घकालिन सोच निर्माणका सम्भाव्य सवै औजार प्रयोग गरी कार्यशाला गोष्ठीको तेश्रो दिन समितिका तर्फ बाट समितिका सदस्य सचिव तथा प्रमुख प्रशासकीय अधिकृत श्री विनोद कुमार न्यौपानेल मस्यौदा प्रस्ताव कार्यशाला गोष्ठी समक्ष पेश गर्नुभयो । यसरी पेश भएको दीर्घकालिन सोच, दीर्घकालिन सोच निर्माणका आधार, प्राथमिकता साथै आवधिक नगरपालिका विकासको लक्ष्य र उद्देश्य माथि व्यापक छलफल गरी प्रस्तावित मस्यौदामा कार्यशाला गोष्ठीका सहभागिहरू बाट प्राप्त उपयुक्त सुझाव समेत समावेश गरी अन्तिम रुप प्रदान गरियो ।

१.३.६ रणनीति, कार्यनीति तथा परिमाणात्मक लक्ष्य निर्धारण

वि.सं. २०७९ साल असार १ देखि ३ गते सम्म सञ्चालित कार्यशाला गोष्ठीको आर्को कार्य जिम्मेवारी विषयगत योजना सञ्चालन व्यवस्थापन रणनीति तथा कार्यनीति तयार गर्नु, प्रस्तावित योजनाहरूको प्राथमिकता क्रम र लागत अनुमान तयार गर्नु थियो भने सम्बन्धित विषयगत योजनाहरूको सफल कार्यान्वयन बाट आवधिक योजना अवधिमा प्राप्त हुन सक्ने सम्भावित परिमाणात्मक लक्ष्य निर्धार गर्नु रहेको थियो । उल्लेखित कार्य सम्पन्न गर्न साथै योजनाको प्राथमिकिकरण गर्नका लागि **आर्थिक विकास समिति, भौतिक विकास समिति, सामाजिक विकास समिति, वातावरण विकास समिति र संस्थागत विकास समिति गरी** ५ वटा विषयगत समिति गठन गरिएको थियो भने सोह समितिहरूलाई सम्बन्धित विषयग क्षेत्रका अपेक्षित प्रतिफल, सूचक तथा कृयाकलाप, रणनीति, कार्यनीति र परिमाणात्मक लक्ष्य निर्धारण गर्ने कार्य जिम्मेवारी तोकिएको थियो । गठन गरिएको समितिहरूको विवरण अनुसूचि मा उल्लेख गरिएको छ ।

उपरोक्त समितिहरूलाई दिएको जिम्मेवारी बमोजिम सवै विषगयत समितिहरूले आफुलाई प्राप्त जिम्मेवारी सम्पन्न गरी कार्यशाला गोष्ठीमा आ-आफ्ना संक्षिप्त प्रस्तुती गर्नु भयो । समितिहरूका प्रत्येक प्रस्तुति पछी सहभागिहरू बाट सुझाव तथा प्रतिकृया माग गरिएको थियो । कार्यशाला गोष्ठीमा उपस्थित रहनुभएका सहभागिहरू बाट राख्नुभएका उपयुक्त सुझावहरूलाई आ-आफ्ना विषयगत विवरणहरूमा समावेश गर्ने गरी **रणनीति, कार्यनीति तथा परिमाणात्मक लक्ष्य निर्धारण साथै योजनाको प्राथमिकता क्रम र लागत अनुमान** तयार गर्ने कार्य सम्पन्न गरियो ।

१.३.७ संभाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँट

सवै प्रकृतिका विकास निर्माणको सफलता प्रथमत विद्यामान तथा प्राप्तहुने आर्थिक, प्राकृति तथा मानवीय श्रोतको उपलब्धताको आधारमा मात्र सम्भव छ । उल्लेखित श्रोत मध्ये योजना तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता एक अनिवार्य सर्त हो । वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन र सोबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । तसर्थ यस पालिकाको आवधिक योजना तर्जुमा गरिरहँदा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकार वित्त व्यवस्थापन ऐनले स्पष्ट गरेको स्थानीय सरकारको हैसियतमा प्राप्त वित्तीय अधिकार र यीनै अधिकार क्षेत्र भित्र रहेर पालिकाले आर्जन गर्न सक्ने आन्तरिक आय, संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुन सक्ने वित्तीय हस्तान्तरण वापतको रकमको विगतको अवस्था र भावि सम्भावना, संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने राजस्व बाँडफाँट बापतको रकम, आन्तरिक ऋण, गैर सरकार संघ संस्थ लगायत स्वदेश तथा विदेशी विकस साझेदारहरूको सहयोग, स्थानीय उपभोक्ता तथा निजी क्षेत्रको साझेदारी र सहयोग समेतलाई अध्ययन वित्तीय स्रोत साधनको यथार्थपरक विश्लेषण गरी आय अनुमान प्रक्षेपण गरिएको छ । यस कार्यकालागि नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमाको लागि गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, आवधिक योजना तर्जुमा निर्देशक समिति, राजश्व परामर्श समितिको भूमिका र सहायेग महत्वपुर्ण रहेको छ भने विगत बर्षहरूमा यस पालिकाले प्राप्त गरेको आन्तरिक तथा वाह्य आय र भावी सम्भावनालाई समेत ध्यान दिईएको छ । आवधिक योजना अवधिको लागि उपलब्ध हुन सक्ने सम्भाव्य स्रोतको प्रक्षेपण गर्दा स्थानीय तह योजना तर्जुमा दिग्दर्शनले गरेको मार्गदर्शन बमोजिम देहाय बमोजिमका आधारहरूलाई प्राथमिकतामा राखिएको छ ।

क) स्थानीय तहको राजस्व अधिकार क्षेत्रका कर र गैर करका स्रोतबाट सङ्कलन हुने आन्तरिक आय

ख) राजस्व र रोयल्ट बाँडफाँटबाट प्राप्त हुनेरकम,

ग) साझा अधिकार क्षेत्रका प्रदेश सरकारबाट बाँडफाँट भई प्राप्त हुनेरकम,

घ) अन्तर सरकारी वित्तीय हस्तान्तरण, सशर्त तथा निशर्त र विशेष अनुदान समेत बाट प्राप्त हुने रकम

ङ) आन्तरिक ऋण बाट व्यवस्थापन गरिने रकम

च. जनसहभागिता,

झ. अन्तर स्थानीय तहमा हुने सम्भावित साझेदारी

ञ. अन्य अनुदान

यस आवधिक योजनाकोलागि उपलब्ध हुन सक्ने सम्भावित स्रोत साधनको उल्लेखित प्रक्षेपणको आधारमा क्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा प्राथमिकता अनुरूप स्रोतको बाँडफाँट गरी लगानी योजना समेत तयार गरिएको छ ।

१.३.८ मानव संशाधनको आवश्यकता पहिचान र प्रक्षेपण

कुने पनि कार्यालय वा संस्थाको स्थापित लक्ष्य बमोजिमका विकास निर्माण र सेवा प्रवाहलाई सफलतापूर्व सम्पन्न गर्न मानव संशाधनको उतिनै आवश्यकता पर्दछ जती आर्थिक स्रोतको रहन्छ । यस पालिकाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निर्धारित रणनीति तथा कार्यनीति अनुसार कार्यक्रम सञ्चालन गर्न स्थानीय विशेषता, आवश्यकता र प्रमुख कार्यक्रम सञ्चालन कार्यबोझको आधारमा यस पालिकाले सङ्गठन व्यवस्थापन सर्वेक्षण, २०७८ पारित गरी सङ्गठन संरचना र जनशक्तिको प्रक्षेपण गरिसेको अवस्था रहेको छ । यस आवधिक योजनाले परिलक्षित गरेका विषयगत तथा क्षेत्रगत विकास योजनाहरूको सफल कार्यान्वयनको लागि उक्त सर्वेक्षण बाट गरिएको प्रक्षेपणलाईनै आधार मानेर अघि बढ्ने व्यवस्था मिलाईएको छ ।

१.३.९ विषय क्षेत्रगत योजना तर्जुमा

विर्तामोड नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि अभिमुखिकरण कार्याशाला गोष्ठी सम्पन्न भएपछी योजना पहिचान र छनौटकालागि वडागत भेला, बैठक तथ स्थालगन अवलोकनको कार्यहरू सञ्चालन गरिए । यीनै भेला बैठक र स्थलगन अवलोकनका आधारमा स्थानीय आवश्यकता र महत्वका आधारमा विषयगत क्षेत्र बमोजिम सवै वडा बाट

योजनाको प्रस्तावित विवरण तयार गरियो । वडा बाट तयार भई आएका योजना तथा आयोजनाका बारेमा आवश्यक छलफल र निर्णय गर्न वार्षिक योजना तथा बजेट तर्जुमा समितिको लागि गठित विषयगत योजना तर्जुमा समिति तथा सम्बन्धित विषय क्षेत्रका सरोकारावाला समेतको सहभागिता रहने गरी वि.सं. २०७९ साल असार १ देखि ३ गते सम्म कार्यशाला गोष्ठी सञ्चालन भयो । यस कार्यशाला गोष्ठीमा अन्य केहि महत्वपूर्ण समितिहरू समेत व्यवस्था गरी सम्बन्धित विषयगत समितिहरूको दायरालाई थप फराकिलो बनाएर वडा बाट प्रस्ताव भई आएका योजनाहरूको विषयग क्षेत्रगत रुपमा योजना तर्जुमा गरियो । विषय क्षेत्रगत योजना तर्जुमा गर्दा सम्बन्धित विषयगत क्षेत्रको लक्ष्य, उद्देश्य, र प्रमुख कार्यक्रम तथा आयोजना, अपेक्षित प्रतिफल तथा उपलब्धि र नतिजा खाका समेत तर्जुमा गरिएको छ ।

१.३.१० आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले गरेको मागनिर्देश बमोजिम पालिकाको वर्तमान बस्तुस्थिति विवरण साथै स्थानीयबासी, वडा भेलामा उपस्थित सहभागिहरू, पालिकामा बसोबास गर्ने समाजका अगुवाहरू समेत बाट प्राप्त आधार सूचाना, योजना तर्जुमाकालागि गरिएको अभिमूखिकरण कार्यशाला गोष्ठी, दीर्घकोलिन सोच निर्माण तथा योजनाको प्राथमिकता निर्धारण समेतकालागि गरिएको योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्रगत योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त निष्कर्ष, स्थानीय तहको काम गरिरहेका तथा गरेका योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाव लाई तर्कबद्ध रूपमा लिपिबद्ध गरी आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ । विर्तामोड नगरपालिकाको आवधिक योजना दस्तावेज तयार गर्दा संघीय तथा प्रदेश आवधिक योजना, अन्य नगर/नगरपालिकाले तयार गरेका आवधिक तथा बार्षिक योजना, केहि सरोकारवालाका विषय क्षेत्रगत गुरुयोजनाको प्रारूपलाई समेत अध्ययन सामाग्रिको रुपमा प्रयोग गरिएको थियो ।

१.३.११ मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन तथा अन्तिम स्वरूप प्रदान

विर्तामोड नगरपालिकाको आवधिक नगरपालिका विकास योजनाको मस्यौदा दस्तावेजलाई सुझाव सङ्कलनकालागि यसै पालिकाका अध्यक्ष, उपाध्यक्ष्य, कार्यपालिकाका सदस्य, विषगयत समितिका पदाधिकार, कार्यपालिका तथा वडा समितिका शाखा प्रमुख तथा कर्मचारीहरू साथै पालिकाले गठन गरेको निर्देशक समितिका पदाधिकारी समेतको सहभागितामा मिति २०७९ साल असार १४ गते आयोजित कार्यशाला गोष्ठीमा परमर्शदाताको तर्फ बाट प्रस्तुत गरिएको थियो । विषय क्षेत्रगत रुपमा प्रस्तुत गरिएको मस्यौदामाथि कार्यशाला गोष्ठीका सहभागिहरूले समग्र योजनाको विषयगत क्षेत्रका बारेमा केहि जिज्ञासा राख्नु भएको थियो भने केहिले सुझाव प्रस्तुत गर्नुभएको थयो । कार्यशाला गोष्ठीका सहभागिहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणहरूलाई यस मस्यौदामा समवेश गरी आवधिक योजनाको मस्यौदालाई आवश्यक स्थान र क्षेत्रमा परिमार्जन समेत गरी अन्तिम प्रतिवेदन तयार गरियो ।

१.३.१२ योजना स्वीकृति तथा कार्यान्वयन

माथि उल्लेख गरिएका सवै प्रकृया साथै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरेका क्षेत्राधिकार भित्र रहि सहभागितामूलक प्रक्रियाको माध्यम बाट तयार गरिएको आवधिक योजनाको अन्तिम दस्तावेजलाई विर्तामोड नगरपालिकाको नगर कार्यपालिकाबाट विधायिकी प्रक्रिया पूरा गरी स्वीकृति प्रदान गरिएको छ । यसरी स्वीकृत भएको योजना कार्यान्वयनका लागि प्रकाशन गरी सम्बन्धित महाशाखा/शाखा, वडा कार्यालय, सहयोगी निकाय, गैर सरकारी तथा अन्य स्थानीय सङ्घ/संस्था र सरोकारवालालाई उपलब्ध गराइनेछ भने यस आवधिक योजनालाई वार्षिक बजेट तथा योजनाका माध्यमबाट कार्यान्वयन गरिनेछ ।

आवधिक योजनामा प्राथमिकिकरण गरिएका योजना तथा आयोजनाहरू मध्ये प्राथमिकता P1 मा परेका योजना तथा आयोजना सम्पन्न भए पछि मात्र प्राथमिकता P2 र P3 मा परेका योजनाहरू कार्यान्वयनमा आउने सम्भावना रहन्छ । यसरी P2 र P3 मा परेका योजनाहरू विशेषत योजना बैंङ्क मा राखिने गर्दछ । यस आवधिक योजनामा समावेश भएका प्राथमिकता क्रम बमोजिमका क्रमस विस्त्रित परियोजन प्रस्ताव समेत तयरा गरिने छ भने योजना बैंकमा परेका लाई

प्रतिक्षा सूचिम समावेश गर्ने व्यवस्था मिलाईएको छ । आवधिक योजनामा समावेश भएका प्राथमिकता क्रम बमाजिमका योजनाहरूलाई मध्यकालीन खर्च संरचना तयार गरी स्रोत सुनिस्चित गर्न साथै यस आवधिक योजनामा समावेश भएका योजना तथा आयोजनालाई आयोजना बैंक तथ मध्यकालीन खर्च संरचना मार्फत बजेट तथा कार्यक्रममा जोडेर कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

१.३.१३ अनुगमन तथा मूल्याङ्कन

सवै प्रकृतिका योजना तथा आयोजनाको सफलता त्यसमा हुने नियमित अनुगमन तथा मूल्याङ्कनमा समेत निर्भर रहने गर्दछ । अनुगमन मूल्याङ्कनले योजना तथा आयोजनालाई अनुशासन भित्र बसेर गुणस्तरीय नतिजा प्राप्ति र समस्या समाधानका विषयमा अग्रभागमा रहेर सहायेग पुऱ्याउने भए बाट यस आवधिक योजनाको सफल कार्यान्वयनकालागि अनुगमन तथा मूल्याङ्कनका प्रकृया र विधि समेत समावेश गरी अनुगमन तथा मूल्याङ्कनकाको आधार प्रारुप निर्धारण गरिएको छ ।

परिच्छेद २ (दुई)
नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

विर्तामोड नगरपालिका प्रदेश नं. १ को झापा जिल्लामा अवस्थित १५ वटा पालिका (८ वटा नगरपालिका) मध्ये जिल्लाको करिव मध्य भागमा अवस्थित छ । मिति २०७१ साल बैशाख २५ गते साविकका अनारमनी गा.वि.स. र चारपाने गा.वि.स. लाई एकै ठाउँमा समावेश गरी पहिलो पटक नगरपालिकाको रुपमा स्थापित भएको थियो भने संघीयताको कार्यान्वयन सँगै नेपालको संबिधानको भाग ५ मा भएको व्यवस्था बमोजिम मिति २०७३ साल फाल्गुन २७ गते नेपाल सरकारले साविकको विर्तामोड नगरपालिका र गरामुनि गा.वि.स.लाई समावेश गराई समावेश गरी पुनः दोश्रो पटक विर्तामोड नगरपालिकाको रुपमा पुन संरचित हुन पुग्यो । साविक विर्तामोड नगरपालिकाको कार्यालयलाई केन्द्र बनाएर स्थापित भएको यो नगरपालिकाको सिमाना पूर्वमा मेचिनगर नगरपालिका, पस्चिममा कन्काई नगरपालिका, उत्तरमा अर्जुनधारा नगारपालिका र दक्षिणमा अल्दिबारी र बाह्रदशी नगरपालिका सँग जोडिएको छ । नेपालको पूर्वीद्वार तथा प्रमुख व्यापारीक केन्द्र र तिव्रगतिमा शहरीकरण तर्फ उन्मुख हुँदै गरेको यो नगरपालिका ७८.२४ बर्ग कि.मि.मा फैलिएको छ । प्रशासनिक सेवा र विकास निर्माणका हिसावले जनताको घरदैलो सम्म सहज पहुँच स्थापित गर्ने लक्ष्य र उद्देश्यका साथ १० वाट वडामा विभक्त गरिएको यो नगरपालिकाको सम्पूर्ण भूभाग समतल रहेको छ ।

प्रदेश १ को राजधानी विराटनगर बाट करिव १०० कि.मि.को सुदुर पूर्वी क्षेत्रको दुरमा रहेको यो नगरपालिका भारतको सिमाना सँग जोडिएको भद्रपुर नगरपालिका बाट करिव १८ कि.मि. उत्तरमा अवस्थित छ । राजनीतिक रुपमा झापा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र ३ मा रहेको यो नगरपालिका २६डि., ६३', ७९" उत्तरी अक्षंस र ७८ डि., ९४', ५९" पूर्वी देशान्तर वीचमा फैलिएको छ । यस नगरपालिकालाई मनसुनी हावापानीका हिसावले हेर्दा अर्ध उष्ण र उष्ण हावापानी भएको पालिकाको रुपमा देखिन्छ । गृष्मकालामा यहाँको तापक्रम ३२ देखि ४२ डिग्रि सेल्सियससम्म पुग्दछ भने शितकालामा १५ देखि २ डिग्रि सेल्सियससम्म झर्दछ । बर्षा ऋतुमा हिन्द महासागरको बङ्गालको खाडीबाट आउने मनसुनी हावा बाट २७१.७५ मिलि मीटरसम्म बर्षा हुने गरेको पाईन्छ भने हावापानी ज्यादै उष्ण र शुष्क हुँदा कषि कार्यकालागि ज्यादै उपयोगि मानिन्छ ।

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना,

भौगोलिक अवस्थिति र अवस्थाका आधारमा यस पालिकाको सम्पूर्ण भू-भागमा समतल क्षेत्रमा पर्दछ । राज्यको पुन संरचना सँगै गरिएको स्थानीय तहहरूको पुन संरचनामा कुल ७८.२४ बर्ग किलोमिटर क्षेत्रफल कायम रहने गरी यस पालिकालाई विकास निर्माण र सेवा प्रवाहमा सकेसम्म सहजता हुने गरी पालिका स्तरीय राजनीतिक तथा प्रशासनिक संरचनाका हिसावले १० वटा वडामा बिभक्त गरिएको छ । राजनीतिक नेत्रीत्वको हिसावले यस पालिकामा नेकपा एमाले, नेपाली कांग्रेस समेतका प्रमुख दलहरू सकृय रहेका छन । संघीयताको कार्यान्वयन सँगै भएको प्रथम स्थानीय तहको निर्वाचन बाट नगर प्रमुख तथा उपप्रमुख सहित सहित बहुमत वडा अध्यक्ष र सदस्य नेकपा (एमाले) बाट निर्वाचित जनप्रतिनिधिले प्रतिनिधित्व गरेका थिए भने २०७८ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनले समेत सोहि

तालिका नं. २.१ वडा विभाजनको वर्तमान अवस्था

वर्तमान वडा नं.	समावेश भएका साविक नगरपालिका तथा गा.वि.स	साविकका वडा नं.
१		
२	विर्तामोड	२–५
३	विर्तामोड	८, ९
४	विर्तामोड	७
५	विर्तामोड	६
६	विर्तामोड	५
७	गरामुनी	१, २
८	गरामुनी	३–५
९	गरामुनी	६–८
१०	गरामुनी	९

श्रोतः हाउस मेट्रिक सिस्टममा आधारित नगर प्रोफाईल, सन् २०२०

बमोजिमको अवस्था रहेको छ । नगर कार्यपालिका केन्द्रमा रहेको विभिन्न विषयगत शाखा बाट यस पालिकाले ऐन कानूनको परिधि भित्र रहि विकास निर्माण र सेवा प्रवाहको कार्य गरिरहेको छ भने सवै वडा बाट स्थानीय आवश्यकता बमोजिम स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था र नगर कार्यपालिका तथा नगरसभाले पारित गरेका स्थानीय विकास निर्माण र सेवा प्रवाह सँग सम्बन्धित कार्यहरू गर्दै आईरहेका छन् ।

यस पालिका भित्र स्थानीय शान्ति सुरक्षाको बन्दोबस्त गर्नकालागि वडा नं. ७ को खालबारीमा सशस्त्र वेस क्याम्प साथै वडा नं. ६ को बुटाबारी, वडा नं. ७ को खालबारी, वडा नं. ८ को गरामुनी र वडा नं. १० को सैनिक बजारमा एक एक वटा प्रहरी चौकी रहेका छन् भने वडा नं. ६ को बुटाबारीमा सामुदायिक प्रहरीको समेत व्यवस्था रहेको छ ।

चित्र नं. २.१ विर्तामोड नगरपालिकाको भौगोलिक स्वरुप तथा वडा विभाजनको अवस्थिति



२.१.१.१ भूउपयोगको वर्तमान अवस्था

विर्तामोड नगरपालिकाको सन् २०२० मा तयार गरेको हाउस मेट्रिक सिस्टममा आधारित प्रोफाईलका आधारमा भूउपयोगको अवस्था अध्ययन गर्दा सवै यस पालिकाको ७८.२४ बर्ग कि.मि. क्षेत्रफल मध्ये सवै भन्दा बढी ७२.७७ प्रतिसत भू-भाग कृषि कार्यमा उपयोग भैरहेको अवस्था रहेको छ भने वस्ती तथा संरचनागत निर्माण क्षेत्र १२.२१ प्रतिसत, सडकले ढाकेको क्षेत्र ४.२६ प्रतिसत, झाडी तथा बुट्यान क्षेत्र ७.४२ प्रतिसत बनजङ्गलले ढाकेको क्षेत्र ०.२९ प्रतिसत रहेको छ। वर्तमान भूउपयोग सम्बन्धी विवरण तालिका नं. २.२ र चित्र नं. २.२ र २.३ मा उल्लेख गरिएको छ।

तालिका नं. २.२ वर्तमान भूउपयोग सम्बन्धी विवरण

क.सं.	भू-उपयोगको विवरण, विर्तामोड नगरपालिका		
१	कृषि क्षेत्र	५६.९४	७२.७७
२	बस्ती तथा आवस क्षेत्र	९.५६	१२.२१
३	झाडी तथा बुट्यान क्षेत्र	५.८०	७.४२
४	सडक, ढल तथा नालाले ढाकेको क्षेत्र	३.३३	४.२६
५	खोलानालाले (नदी) ओगटेको क्षेत्र	०.९०	१.१५
६	पोखरी तथा तालतलैया	०.७०	०.९०
७	बालुवा	०.३०	०.३९
८	वन जङ्गल	०.२३	०.२९
९	बाँझो भूमि	०.१३	०.१७
१०	उद्योग तथा कलकारखाना	०.०४	०.०६
११	खेल मैदान	०.०२	०.०२
१२	अन्य	०.२९	०.३७
जम्मा		७८.२४	१००.००

चित्र नं. २.२ वर्तमान भू-उपयोगको अवस्था



श्रोतः आवधिक योजना सर्वेक्षण, २०७८

चित्र नं. २.३ भू-उपयोगको अवस्था



चित्र नं. २.४ भूउपयोगको वर्तमान अवस्था



२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

विर्तामोड नगरपालिका प्राकृतिक तथा साँस्कृतिक सम्पदाको हिसावले मध्यम स्तरमा रहेकोछ । कुने पनि स्थान वा क्षेत्रको विकासको प्राथमिक जग सम्बन्धित स्थान र क्षेत्रमा उपलब्ध प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूमा निर्भर रहने गर्दछ । विर्तामोड नगरपालिका भित्र ४ वटा सामुदायिक र १ वटा निजी गरी कुल ५ वटा सामुदायिक तथा निजी बन, विभिन्न वडा भएर बग्ने ८ वटा प्रमुख खोला तथा खाल्सी, ७० वटा साँस्कृतिक सम्पदा, ८ वटा पोखरी तथा सिमसार क्षेत्र साथै ७ वटा पार्क तथा मनोरन्जन स्थलको समेतको उपस्थिति रहेको छ । यसका अतिरिक्त बनजङ्गलका साथमा पाईने विभिन्न प्रकारका जडिबुटी, चराचुरुङ्गी, बन्य जन्तु यस पालिकाको समृद्धि निर्माणमा सहयोगी सिद्ध रहनेछन तर यीनिहरूको वास्तविक अवस्था सहितको विवरण सङ्कलन हुन सकेको छैन । यस पालिका भित्र पाईने यस प्रकारका प्रकृति तथा साँस्कृतिक सम्पदाहरूलाई यस आवधिक योजना मार्फत सम्बोधन गरी यीनिहरूको दिगो संरक्षण, सम्बर्द्धन विकासको माध्यम बाट आर्थिक तथा प्राकृतिक र साँस्कृतिक समृद्धिको मार्ग पहिचानयुक्त बनाउन सकिने सम्भावना रहेको छ । यस पालिका भित्र उपलब्ध प्राकृतिक तथा साँस्कृतिक सम्पदा र पूर्वाधारहरूको वर्तमान अवस्था सहितको विवरण तालिका नं. २.३ देखि २.७ मा उल्लेख गरिएको छ भने पर्यटकीय क्षेत्र सँग जोडिएका प्राकृतिक तथा सँस्कृतिक सम्पदाहरूको हकमा सोहि शिर्षक अन्तरगत समेटिएका छन् ।

तालिका नं. २.३: सामुदायिक तथा निजी वन जङ्गलको विवरण

क.सं.	नाम	ठेगाना (स्थान)	बर्तमान अवस्था
१	राम चोक सा.ब.उ.	सालघारि टोल वडा नं. २	३ विघा,सालघारी
२	हरीयाली वन	किरात मसले, वडा नं. ६	३६५ साल चिलाउने
३	सुन्दर निजामति वडा गोलधाप सा.ब.उ.	सिमसार, वडा नं. ७	५९ ha. साल ,चिलाउने
४	भेलागढी सा.ब.उ.	किसान भिटा, वडा नं. ८	९२ ha. साल सिसौ
५	निजि वन	वडा नं. १०	१ विगाा चाप ,सखुवा

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

तालिका नं. २.४: खोल तथा खोल्सीको विवरण

क.सं.	नाम	वडा नं.	कैफियत
१	अदुवा खोला	१	सम्बन्धित खोलाहरू अन्य वडालाई समेत छोएर बग्ने गरेका
२	हनुमन्ते खोला	१	
३	धरधरे खोला	६	
४	रेखा खोला	६	
५	देउनिया खोला	६	
६	हरचना खोला	८	
७	भुतेनि खोला	९	
८	भुसोडी खोला	९	

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

तालिका नं.२.५: मठ मन्दिर तथा सांस्कृतक महत्वका स्थल तथा स्थानहरू

क.सं.	नाम	ठेगाना (स्थान)	वडा नं.	बर्तमान अवस्था
१	शिवालय मन्दिर	जगत वस्ती	१	जग्गा,मन्दीर खा पा घेरावार
२	पाथीभरा धार्मिक	धिमाल वस्ती	१	जग्गा, मन्दीर खा पा घेरावार
३	हनुमान मन्दिर	हनुमान मार्ग	१	जग्गा, मन्दीर खा पा घेरावार
४	काली मन्दिर	नजानु	१	जग्गा, मन्दीर खा पा घेरावार

५	शिव काली मन्दिर	सुर्यनगर	१	सार्वजानिक जग्गा मन्दिर
६	न्यु लाईट चर्च	सुर्यनगर	१	र्चच जग्गा
७	शिवमन्दिर	नमुना देवि पञ्चकन्या टोल	१	जग्गा, मन्दिर
८	दुर्गा मन्दिर	पञ्चकन्या	१	जग्गा, मन्दिर
९	शनि मन्दिर	VIP टोल	१	
१०	दुर्गा पञ्चायम मन्दिर	दुर्गा पञ्चायम टोल	१	जग्गा, मन्दिर
११	श्री कृष्ण प्रणामी मन्दिर	धाधरा टोल	२	जग्गा मन्दिर,घेरावारा,खां.पा.
१२	विवेक आश्रम धार्मीक मन्दिर	साङघभेद	२	जग्गा मन्दिर,खा.पा, सौचालय
१३	गजकालि मन्दिर	गजकालि	२	जग्गा मन्दिर
१४	नव दुर्गा मन्दिर	विर्ता बजार	३	मन्दिर जग्गा घेरावार खापा
१५	साई मन्दिर	नवदुर्गा	३	जग्गा मन्दिर
१६	शिवालय मन्दिर	विर्ता बजार	३	जग्गा मन्दिर
१७	विराट शिवालय मन्दिर	विर्ता पोखर	३	मन्दिर जग्गा घेरावार
१८	चौसठी काली मन्दिर	चौसठी काली	३	मन्दिर जग्गा
१९	हनुमान मन्दिर	विर्ता बजार	३	जग्गा
२०	सतानु सिंह मन्दिर	सैनिक मोड	३	जग्गा मन्दिर
२१	ग्राम काली मन्दिर	आफन्त टोल	३	जग्गा मन्दिर
२२	चर्च	शुभ लक्ष्मी	३	जग्गा चर्च
२३	चर्च	बुद्धनगर	३	जग्गा मन्दिर
२४	चर्च	प्रगतीनगर	३	जग्गा मन्दिर
२५	मस्जिद	बिर्ताबजार टोल	३	जग्गा, मस्जिद
२६	नागेश्वर शिवालय मन्दिर	सुन्दर टोल	४	मन्दिर जग्गा घेरावार
२७	शिवालय मन्दिर	शिव नगर	४	मन्दिर जग्गा घेरावार
२८	रुपेश्वर शिवालय	आनन्द गन्ज	४	मन्दिर जग्गा
२९	सिहँवाइने दुर्गा मन्दिर पिपल बोट	कञ्चनजगाँ	४	हाल सामान्य
३०	कृष्ण प्रणामी मन्दिर	परोपकार	४	मन्दिर जग्गा
३१	ओम शान्ती मन्दिर ब्रम्हा कुमरी राजयोग	ओमशान्ती	४	जग्गा
३२	बौद्ध गुम्बा	शिवनगर टोल	४	जग्गा
३३	श्री सिद्धिविनायक गणेश मन्दिर	मेघाबारी टोल	४	जग्गा
३४	बालाजि मन्दिर	बालाजि टोल	५	जग्गा ,खा.पा., मन्दिर, घेरावारा
३५	दुर्गा मन्दिर	समृदि टोल	५	
३६	शिव मन्दिर	जिरायत	५	
३७	शिव मन्दिर	जात्रुवादी	५	
३८	हरीहर आश्रम पञ्चायन मन्दिर	बेलगाछी	६	जग्गा ,खा.पा., मन्दिर, शौचालय
३९	सिह देवी मन्दिर	जलकन्या	६	जग्गा मन्दिर
४०	सिद्धेश्वर मन्दिर	मसले	६	जग्गा मन्दिर
४१	ग्राम थान	ग्राम थान	६	जग्गा
४२	ग्राम थान	घन्टीवारी	६	
४३	ग्राम थान	तबिलबाडि	६	

४४	किरात राई यायोख्या मन्दिर		६	जग्गा भवन
४५	तोशी साकेला मन्दिर		६	जग्गा भवन
४६	किरात याकथुङ चुम्लुङ्ग	प्रगती टोल	६	
४७	ईन्दाहुल उलुम चर्च		६	जग्गा भवन
४८	इमानुयल चर्च		६	जग्गा भवन
४९	सिदेश्वर शिव मन्दिर	सिदेश्वर	७	जग्गा ,खा.पा., मन्दिर,घेरावारा
५०	सिताराम मन्दिर	सिताराम	७	जग्गा,भवन ,सौचालय,घेरावार
५१	देउनिय पञ्चधाम मन्दिर	खालवादी	७	मन्दिर ,जग्गा
५२	विष्णु धाम	झुलुङ्गे	७	
५३	मद्रसा	मेवाबारी	७	मन्दिर ,जग्गा
५४	मद्रसा	तल्लो मेवाबारी	७	मन्दिर ,जग्गा
५५	दुर्गा मन्दिर	गारा मुनी बजार	८	जग्गा मन्दिर घेरावार
५६	गणेश पञ्चायन मन्दिर	गणेश टोल	८	जग्गा, मन्दिर, घेरावारा, शौचालय
५७	ग्राम थान	हरर्चना	८	जग्गा, भवन
५८	ग्राम थान	मेथीवारी	८	जग्गा, भवन
५९	गुवावारी ग्राम थान	गुवावारी	८	जग्गा, भवन
६०	काली मन्दिर	नडिय वारी	९	जग्गा, मन्दिर
६१	पञ्चकन्या मन्दिर	पञ्चकन्या	९	जग्गा, मन्दिर
६२	भिमसेन गुम्बा	लखि बारी	९	जग्गा, मन्दिर
६३	छेलिङ गुम्बा	पञ्चकन्या	९	जग्गा, मन्दिर
६४	सिंहदेवी मन्दिर	कञ्चन टोल	९	जग्गा, मन्दिर
६५	**कालि मन्दिर**	**बाटुबारी**	९	जग्गा, मन्दिर
६६	बौद धर्म चक्र गुम्बा	सैनीक बजार	१०	गुम्बा ,जग्गा, घेरावार, खा पा
६७	साकेला थान	क्याम्पा टोल	१०	जग्गा, थान, घेरावार
६८	प्रणामी मन्दिर	क्याम्पा टोल	१०	जग्गा, मन्दिर, घेरावार
६९	जलकन्या देवी थान	गौरव टोल	१०	जग्गा, थान
७०	**शिवालय मन्दिर**	**शिवालय चौक**	१०	**जग्गा, भवन**

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

तालिका नं.२.६.पोखरी तथा सिमसार क्षेत्र

क.सं.	नाम	ठेगाना (स्थान)	बर्तमान अवस्था
१	सोमबारे रुप्नि पोखरि	पाथिभारा, वडा नं. २	पोखरी पार्क ,पिक्निक
२	**विराट सरोवर**	**विराट पोखर टोल** वडा नं. ३	**घेराबारा, पोखरी, पार्क**
३	हरीयाली सिमसार	मसले, वडा नं. ६	सामान्य सिमसार dpr भएको
४	सिमसार क्षेत्र	सिमसार, वडा नं. ७	पोखरि घेरावार सामान्य
५	भेलागढी सिमसार	किसान भिटा, वडा नं. ८	DPR भएको भ्युटार सडक निमार्णधिन
६	मधु पोखरी	मधु पोखरी, वडा नं. १०	पोखरी मन्दिर घेरावार आदी
७	सधु पोखरी	ठुटेबर, वडा नं. १०	पोखरी मन्दिर घेरावार आदी
८	तेलकानी पोखरी	तेलकानी, वडा नं. १०	पोखरी घेरावार आदी दुर्गा मन्दिर

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

तालिका नं.२.७.पार्क तथा मनोरन्जनका क्षेत्र

क.सं.	नाम	ठेगाना (स्थान)	बर्तमान अवस्था
१	चिल्ड्रेन पार्क	जगत मार्ग, वडा नं १	निर्माणाधिन अवस्था
२	देवी पञ्चकन्या पार्क	देवी पञ्चकन्या, वडा नं. १	D.P.R भएको
३	रामचोक सा.उ.ब मा पार्क	सालघारि, वडा नं. २	घेरावारा,DPR भएको
४	वाटर हेबन पार्क	स्वर्गद्धवारी, वडा नं. २	निजी स्तरवाट सञ्चालीत
५	ड्रिमल्यान्ड पार्क	वडा नं. २	निजी स्तरवाट
६	विराट पोखर	विराट पोखर, वडा नं.३	घेरावार धार्मिक क्षेत्र
७	शहीद नेत्र पार्क	सिमसार, वडा नं. ७	पार्क भएको
कुल जम्मा			

चित्र नं. २.५ सांस्कृतिक तथा ऐतिहासिक महत्वका स्थानहरू



२.१.३ जनसांख्यिक अवस्था

विर्तामोड नगरपालिकाको पछिल्लो संरचना बमोजिम वि.सं. २०६८ सालको विवरणका आधारमा केन्द्रिय तथ्याङ्क विभागले झापा जिल्लाका स्थानीय तहहरूको वस्तुगत विवरण, २०७५ का आधारमा यस पालिकामा कुल ८२५९२ जनसङ्ख्या रहेकोमा नगरपालिकाले गरेको सर्वेक्षण प्रतिवेदन २०७६/७७ मा यो सङ्ख्या २२२३३ घरधुरीमा बस्ने ४२१८३ पुरुष र ४१७७८ गरी कुल ८३९६१ पुगेको देखिन्छ । यो सङ्ख्या २०६८ सालको तुलनामा ज्यादै कम बृद्धिको अवस्थामा रहेको देखिन्छ भने करिव १ बर्ष पछी राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभागले २०७८ सालमा गरेको राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदनका आधारमा यस पालिकामा घर सङ्ख्या २३०३९ तथा घरपरिवार सङ्ख्या २९८६१ पुगेको छ भने ५७१३६ पुरुष र ६०२१९ महिला समेत कुल जनसङ्ख्या ११७३५५ पुगेको अवस्था छ । जनसङ्ख्याको उपस्थितिका आधारमा शहरी क्षेत्रमा बसोबास गर्ने कुल जनसङ्ख्या मध्ये ०.६१ प्रतिसत साथै प्रदेशको कुल जनसङ्ख्या मध्ये २.३६ प्रतिस साथै शहरी क्षेत्रको आधारमा ३.७९ प्रतिसत र जिल्लाको कुल जनसङ्ख्याको ११.८१ प्रतिसत यसै पालिकामा बसोबास गने गरेको अवस्था छ । केन्द्रिय तथ्याङ्क विभागकै वर्तमान विवरणका आधारमा यस पालिकाको जनसङ्ख्या बृद्धि दर ३.९३ प्रतिसत रहेको छ भने जनघनत्व करिव १५०० प्रति वर्ग कि.मि. पुगेको अवस्था छ । राष्ट्रिय जनगणनाको पछिल्लो प्रारम्भिक प्रतिवेदनका आधारमा प्रदेश १ को शहरी क्षेत्रमा ६२.३२ प्रतिसत मानिसहरूको बसोबस रहेको छ भने ग्रमिण क्षेत्रमा ३७.६८ प्रतिसतको रहेको छ ।

तालिका नं. २.८: प्रदेश, जिल्ला र नगरपालिकाको तुलनात्मक जनसङ्ख्या विवरण

	घरधुरी	घरपरिवार	कुल जनसंख्या	महिला	पुरुष	लैङ्गिक अनुपात	बर्षिक बृद्धि दर	औषत परिवार संख्या	जनघनत्व
प्रदेश १	१०८२४६२	१२०३९३०	४९७२०२१	२५४६७५५	२४२५२६६	९५.२३	०.८८	४.१३	१९२
जिल्ला	२१९९६९	२४६१३८	९९४०९०	५१६५९४	४७७४९६	९२.४३	१.९३	४.०४	६१९
विर्तामोड न.पा.	२३०३९	२९८६१	११७३५५	६०२१९	५७१३६	९४.८८	३.४	३.९३	१५००

श्रोत: नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभाग, २०७८

चित्र नं. २.६ गणना वर्षका आधारमा घरपरिवार तथा जनसङ्ख्या विवरण



तालिका नं. २.९: गणना वर्षका आधारमा घरपरिवार तथा जनसङ्ख्या

गणना बर्ष	घर परिवार तथा जनसङ्ख्या)				
	घरपरिवार सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
२०६८*	१९११८	४०३१२	४२२८०	०	८२५९२
२०७६/७७**	२२२३३	४२१८३	४१७७८	०	८३९६१
२०७८***	२९८६१	५७१३६	६०२१९	०	११७३५५

श्रोत: :*स्थानीय तहहरुको वस्तुगत विवरण झापा, २०७५, **नगरपालिका सर्वेक्षण प्रतिवेदन, सन् २०२० तथा ***राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन

तालिका नं. २.१०: नगरपालिकाको जनसंख्याको तुलनात्मक विवरण

वडा नं.	घर परिवार तथा जनसङ्ख्याको वडागत विवरण (घर परिवार सर्वेक्षण, हाउस मेट्रिक सिस्टम, सन २०२०)					राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन				
	घरपरिवार सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घरधुरी	घरपरिवार	पुरुष	महिला	जम्मा
१	२३१७	३८२६	३८९९	०	७७२५					
२	२७१०	५४१५	५३६८	०	१०७८३					
३	२५७६	४९७०	४९३२	०	९९०२					
४	३१४०	५६२२	५५२५	०	१११४७					
५	३२९०	५११९	५२४६	०	१०३६५					
६	१७४२	३३१४	३२५९	०	६५७३					
७	१८१३	४०३७	३९८१	०	८०१८					
८	१४०५	३०५९	३००५	०	६०६४					
९	१३०७	२८६५	२७३८	०	५६०३					
१०	१९३३	३९५६	३८२५	०	७७८१					
जम्मा	२२२३३	४२१८३	४१७७८	०	८३९६१	२३०३९	२९८६१	५७१३६	६०२१९	११७३५५
वार्षिक बृद्धि दर %										३.४
औषत परिवार संख्या					४.९९					३.९३
लैङ्गिक अनुपात					९५.७९					९४.८८
जनघनत्व प्रति बर्ग कि.मि.					१०७३					१५००

श्रोत: वि.न.पा. घ.प.सर्वेक्षण, हाउस मेट्रिक सिस्टम, सन २०२०, तथा राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन

२.१.३.१ जातजातीका आधारमा जनसङ्ख्या

चार जात ३६ वर्णको फूलबारीको रुपमा परिचित र स्थापित नेपालको पूर्वी भागमा अवस्थित विर्तामोड नगरपालिकामा समेत विभिन्न जाति जातिहरूको बसोवास रहदै आएको छ । विर्तामोड नगरपालिकाले गरेको घरपरिवार सर्वेक्षण, सन २०२० का आधारमा पहाडे बाहुन क्षेत्रीको वसोबास रहेको घर परिवार संख्या सबैभन्दा धेरै छ भने दोस्रोमा पहाडे जनजातिको संख्या छ । विभिन्न जातजातिहरू विभिन्न समयमा बसाईसराई गरी झापा जिल्लामा आइरहेका छन् । यो नगरपालिकामा पनि यसले गर्दा यो नगरपालिका सामाजिक विविद्यताले अझ उन्मुख हुँदै गएको अवस्था छ । यो नगरपालिकाको गौरवपनि हो । नगरपालिकामा जातिगत विविद्यताभएपनि सामाजिक सद्भाव कायम गर्दै अगाडि बढेको छ ।

तालिका नं. २.११ जातजातीको आधारमा घरपरिवार विवरण

जातजाति	१	२	३	४	५	६	७	८	९	१०	जम्मा
बाहुन क्षेत्री (पहाड)	८८८	१०२१	१०५३	१२३२	११६३	५२१	७५७	७३८	५१७	६८१	८५०८
जनजाति (पहाड)	३९९	७६०	६७६	६५२	६१०	६००	५६२	३४४	४९३	७०३	५७९९
दलित (पहाड)	६१	६७	७४	५७	९६	९६	९७	६४	५०	११७	८३९
बाहुन (तराइ)	१७०	२६२	४९	१२६	८३	२५	७	२९	१०	५	७६७
मधेसी	१४	३	७	४२	३	१	०	०	०	०	६७
दलित (तराइ)	१६	३४	२६	१०	२२	१३	६	३	५	४	१३९
मुसलमान	२४	११	६८	३५	३२	९४	१२९	१२	३	०	४०८
अन्य	७८	१०७	६५	३५	३२	९४	१२९	१२	३	०	५५५
उल्लेख नभएका	६६७	४४५	५५८	८७९	११५१	३३९	२०५	१७०	१४६	३५६	४४१४
जम्मा	२३१७	२७१०	२५७६	३१४०	३२९६	१७४२	१८१३	१४०५	१३०७	१९३४	२१४९६

श्रोतः वि.न.पा. घ.प.सर्वेक्षण, हाउस मेट्रिक सिस्टम, सन २०२०

२.२ आर्थिक विकासको अवस्था

अर्थतन्त्रको विकास र विस्तारले समृद्धि प्राप्तिको गन्तब्य निर्धारण गर्दछ । विर्तामोड नगरपालिकाको कुल ७८.२४ बर्ग कि.मि. क्षेत्रफल मध्ये ७२.४२ बर्ग कि.मि. भन्नाले कुल भू-भागको ९२.५७ प्रतिसत क्षेत्रफल कृषि कार्यकालागि प्रयोग भईरहेको छ भने २.३७ प्रतिसत क्षेत्रफल मात्र संरचनागत निर्माणमा उपयोग भएको पाइन्छ । यस पालिकाको सम्पूर्ण भौगोलिक बनावट समतल रहेको छ, उर्वर भूमिका कारण कृषि कार्यकालागि उपयुक्त रहेको भएता पनि पछिल्लो अवस्थामा पूर्वी पहाडबाट शिक्षा, स्वास्थ्य, रोजगारी र दैनिक सेवा सुविधको खोजीमा बसाइ सरी आउने कम तिब्र भएका कारण कृषि योग्य जमिन आवस तथा व्यापारिक क्षेत्रमा रुपान्तरण भई रहेको छ । पछिल्लो समय तिब्र गतिमा बढीरहेको जनसङ्ख्या, उद्योग, व्यापार तथा व्यवसाय साथै उर्वर माटो भएका कारण कृषि उत्पादनलाई आर्थिक विकासको प्रमुख आधार र पशुपन्छी पालन, माछापालन, पर्यटन विकासलाई सहयोगी आधारको रुपमा स्थापित गर्न आवश्यक छ । विर्तामोड नगरपालिका ताप्लेजुङ, पाँचथर, इलाम जिल्ला तथा झापा जिल्लाकै मुख्य व्यापारिक केन्द्र हो । यहाँबाट पहाडतर्फका उक्त तीन जिल्ला, झापाका सवै नगरपालिका र नगरपालिका तथा भारत प्रवेश गर्ने सिधा सडक यातायातको सुविधा भएकोले यो द्रुतगतिमा विकसित हुँदै गएको छ । यस पालिकाका आर्थिक विकासका प्रमुख र सहयोगी साधनको रुपमा देहाय बमोजिको वर्तमान अवस्था रहेको छ ।

२.२.१ कृषि तथा खाद्य सुरक्षा

संघीयताको कार्यान्वयन सँगै नगरपालिकाले स्थानीय सरकारको रुपमा कार्यारम्भ गरेपछिका विगत ४ बर्षमा आर्थिक समृद्धिको मार्ग प्रसस्त गर्ने कार्यमा नगरपालका कृयाशिल रहेको छ । कृषिको व्यवसायिकिकरणको माध्यम बाट खाद्यान्नमा आत्म निर्भर हुने तथा निकासी योग्य उत्पादनलाई प्राथमिकताका साथ कृषक सँग नगरपालिकाका अवधारणका साथ आफ्ना नीति कार्यक्रम अवलम्बन गरेपछि यस क्षेत्रको विकास र उत्पादनमा गुणात्मक सुधार हुँदै गएको छ । सहारा नेपाल सँगको साझेदारीमा साना सिंचाई आयोजना सञ्चालन, कृषकहरूलाई मकै छोडाउने २७ वटा मेसिन उपलब्ध गराएर कृषिमा यान्त्रीकरण, ४ समूहमा कृषक पाठसाला, ८ समूहमा आई.पि.एम. अनुसरण कार्यक्रम, एक समूह एक उत्पादन कार्यक्रम मार्फत १४ समूहमा गरी करिव ८६ विघामा आलुखेती, १२ समूह गरी करिव २९० विघामा तोरी खेती, १२ समूहमा गरी करिव ७४ विघामा सूर्यमूखि, फापर र राज्मा खेती, मेयर विषादिमुक्त नगर कार्यक्रम मार्फत ७१ समूहमा

व्यवसायिक तरकारी उत्पादन कार्यक्रम प्लाष्टिक मल्चिङ्ग, प्लाष्टिक घर, स्प्रेयर मेसनिमा सहयोग, ४० कृषक मा गड्यौला मल निर्माण, आकस्मिक बाली संरक्षण कार्यक्रम मार्फत १८२१ कृषकहरुको धान र मकै बालीमा फड्के, फौजी किरा र रोग विरुद्ध विषादि वितरण, २ समूहमा धान तथा मकै पकेट कार्यक्रम, १ समूहमा तरकारी पकेट कार्यक्रम जस्ता कार्यक्रम सञ्चाल व्यवस्थापन गरी कृषकहरूको क्षमता विकास गरिएको छ भने कृषि क्षेत्रहरूमा मुख्य गरेर धान, मकै, तोरी, फापर, राज्मा, आलु, तरकारी र केही क्षेत्रहरूमा चैते धानको खेति गरिन्छ । सम्पूर्ण कृषि क्षेत्रहरू मध्ये ६५ प्रतिशत (४७०० हे.) जग्गामा सिंचाई सुविधा उपलब्ध भएको छ । हाल नगर क्षेत्रभित्र २१८ वटा कृषक समुहहरू, ३४ कृषि फर्महरू र ३० कृषि सहकारीहरू दर्ता भै सञ्चालनमा आएका छन् ।

तालिका नं. २.१२ कृषि तथा पशुपालन व्यवसाय

क.सं.	कृषि तथ पशुपालन व्यवसाय	संङ्ख्या
१	**कृषि समूह**	३०
२	**पशुपन्छी पालन तथा वस्तु उत्पादन व्यावसाय**	
३.१	गाई भैंसी पालन फर्म	४३
३.२	बाखा पालन फर्म	३७
३.३	सुँगुर बङ्गुर पालन फर्म	२०
३.४	कुखुरा पालन फर्म	२७
३.५	माछा पालन फर्म	१८
३.६	मासु पसल	४०
जम्मा		**२१५**

श्रोत: नगर कार्यपालिकाको अभिलेख तथा आवधिक योजना सर्वेक्षण, २०७८

यसैगरि नगरक्षेत्रभित्र परम्परागत रुपमा प्राय सबै कृषक परिवारहरूले पशुपालन गरिरहेका छन् भने व्यवसायिक पशुपंक्षी पालनमा केही कृषकहरू आवद्ध रहेका छन् । पशुपन्छी तथा मत्स्य विकास तर्फ नस्ल सुधार तर्फ ६००० पशुमा कृत्रिम गर्भाधान, १०० वटा गाईमा बाँझोपन निवारण, २८०२१ पशु उपचार, ९०८ वटा प्रयोगशाला सेवा, ३१८१९ वटा खोप साथै ३३ वटा मासुपसलको बोर्ड वितरण गरी पशुपन्छी पालनलाई व्यवसयिकिकरण तर्फ उन्मुख गराउने कार्य गरिएको छ । हालसम्म पशु पंक्षी तथा मत्स्य विकास शाखामा ३० वटा कृषक समुहहरू, ४३ गाई फर्महरू, ३७ बाखा फर्महरू, २० कुखुरा फर्महरू, २७ बंगुर फर्महरू र १८ माछा फर्महरू समेत १७५ वटा फर्म दर्ता भै व्यवासयिक उत्पादन गरिरहेका छन् । नगरक्षेत्रभित्र ४० वटा मासु पसलहरू नगरपालिकामा दर्ता भै संचालनमा आएका छन् । कुखुराको मासु, बंगुरको मासु तथा पाठापाठी, र दुधमा नगर आत्मानिर्भर रहेको छ भने च्याउ उत्पादनमा र माछा उत्पादनमा आत्मानिर्भर उन्मुख रहेको छ ।

चित्र नं. २.७ कृषि तथा पशुपालन व्यवसायमा सम्लग्न समूह तथा कृषकहरू



तालिका नं.२.१३ वर्तमान हाटबजारहरू

क.सं.	नाम	ठेगाना (स्थान)
१	चारपाने चोक	वडा नं. २
२	चैतुवारी बजार	वडा नं. २
३	विर्ता बजार	विर्ताबजार वडा नं. ३
४	वुधवारे वजार	वुधवारे वडा नं. ५
५	बुट्टाबारी बजार	बुट्टाबारी, वडा नं. ६
६	गरामुनी बजार	बजार टोल, वडा नं. ८
७	सैनिक बजार	वडा नं. १०

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

चित्र नं.२.८ पशुपन्छी पालनमा सम्लग्न फर्म तथा समूह



२.२.१.१ कृषि उपज तथा पशुपन्छी बाली विकि केन्द्र

कृषि तथा पशुपन्छी बालीको व्यवसायीकिकरण बाट उत्पादन हुने कृषि उपज तथा पशुपन्छी तथा पशुन्छी जन्य उत्पादनको बजारीकरण वा निकासीकालागि सङ्कलन केन्द्र तथा बजार केन्द्रहरूको सुविधा अनिवार्य सर्त हो । यस पालिका भित्र व्यवस्थित कृषि उपज सङ्कलन केन्द्र, चिस्यान केन्द्र तथा खाद्य भण्डारण केन्द्र जस्ता अति महत्वपूर्ण पूर्वाधरहरूको संरचनाको पर्याप्न व्यवस्थापन हुन सकेको छैन । यस पालिका भित्र विर्तामोड बजार क्षेत्र भित्र सञ्चालनमा रहेको कृषि बजारको अवस्था केहि मात्रमा सुविधायुक्त तथा विर्ताबजार केहि मात्रमा सुधारात्मक भएता पनि नगरपालिकाका ग्रामिण भेगमा रहेको परम्परागत रुपमा सञ्चालनमा रहेका दैनिक तथा साप्ताहिक हाटबजार हरूको न्यूनतम भौतिक पूर्वाधारका अवस्था समेत कमजोर रहेको देखिन्छ । उल्लेखित हाट बजारहरू बाट स्थानीयबासिले आफ्ना दैनिक आवश्यकताका चिज बस्तुको आवश्यकता पुरा गर्ने गरेका छन् । यती मात्र हैन यस पालिका भित्र वर्तमानमा सञ्चालनमा रहेका यी हाटबजारहरू बाट करिव ३५ प्रतिसत कृषि उपज तथा पशुपन्छी जन्य बस्तु छिमेकी पालिकाका बजार तथा अन्य बजार सम्म जानेगरेको स्थानीय सरकोकारवालाको भनाईरहेको छ ।

२.२.१.२ कृषि उपज तथा पशुपन्छी जन्य बस्तुको निर्यातको अवस्था

आवधिक योजना तर्जुमाको सन्दर्भमा वडागत रुपमा गरिएको स्थलगत छलफल कार्यक्रममा स्थानीयबासीको भनाई बमोजिम यस पालिकाका ग्रामिण क्षेत्रमा रहेका वडा बाट सामान्य रुपमा दालहन, तेलहन, फलफुल तथा मसला जन्य बस्तुहरू निकासी हुने गरेको अवस्था देखिन्छ । नगरपालिका सँग यस पालिका बाट निकासी भएर जाने कृषि तथा पशुपन्छी जन्य उत्पादनहरूको विवरण प्राप्त हुन नसकेको भएता पनि वडागत सर्वेक्षण तथा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागि रहनु भएका सरोकारवालाको भनाई बमोजिम बर्षिक रुपमा करिव ६ करोड बराबरका स्थानीय उत्पादनहरू बाहिर जाने गरेको अनुमान रहेको छ भने यस परिमाणमा माछाको विकि वितरण अन्यको तुलनामा बढी रहेको स्थानीयबासीको भनाईरहेको छ ।

२.२.१.३ सिंचाई

कृषि कार्यलाई व्यवसायिक रुप प्रदान गर्न बाह्रै महिना सिंचाईको दिगो पूर्वाधार निर्माण विकास हुन अनिवार्य छ । यस पालिकाको वस्तुगत अवस्थाका आधरमा नगरक्षेत्रभित्र रहेका कुल ७२०० हे. कृषियोग्य जमिन मध्ये ६५ प्रतिशत (४७०० हे.) जग्गामा सिंचाई सुविधा प्राप्त भएको छ । नगरक्षेत्रभित्र ठुला र साना गरि जम्मा ११ वटा कुलो सिंचाईहरू रहेका छन् । जम्मा सिंचित क्षेत्रमध्ये ३२०० हे. कुलो सिंचाईबाट र १५०० हे. साना सिंचाई (मोटर बोरिङ्ग) बाट सिंचाई भएको छ । साना सिंचाई कार्यक्रमका लागि नगरपालिका, कृषि ज्ञान केन्द्र, प्रदेश सरकार, स्थानिय संध संस्था (सहारा नेपाल) र कृषकहरूको लागत साझेदारी रहेको छ ।

तालिका नं. २.१४ वर्तमान सिंचाई पूर्वाधारहरूको विवरण

क.सं.	नाम	ठेगाना (स्थान)
१	अमरदिप बाँध पैनि	बिर अमर सिह, वडा नं. २
२	अदुवा खोला सिंचाइ	वडा नं.३
३	पुरानो अदुवा खोला	
४	बँगुर भिटा तिनपैनी	वडा ६
५	मसले पैनी	वडा ६
६	बेलगाछी सिंचाइ पैनी	वडा ६
७	देउनिय खोला सिंचाइ	वडा नं. ७
८	मियावारी सिंचाई योजना	वडा नं. ७
९	डिप वोरिङ्ग,आवश्यक्ता १४ वटा टोलहरुमा हाल सामान्य रुपमा मात्र	वडा नं. ८
१०	भुतेनी खोला सिंचाइ	वडा नं. ९, १०
११	धर्धरे खोल सिंचाई	वडा नं. १०

श्रोत: आवधिक योजना सर्वेक्षण तथा नगर कार्यपालिकाको अभिलेख, २०७८

२.२.२ पर्यटन तथा सस्कृति

विर्तामोड नगरपालिका विभिन्न जातजाती तथा धार्मीक समुदायको बसोवास रहेको पालिका हो । विभिन्न प्रकारका जातजातीहरूको बसोबास रहेको यो नगरपालिकामा बाहुन, क्षेत्री, लिम्बु, राई, थारु, मगर, मुसलमान, मधेसी, राजवंसी दलित आदि जातजातीको बसोबास रहेको छ । यस नगरपालिका भित्र बसोवास गर्ने बिभिन्न जातजाती तथा समुदायले परम्परादेखिने मानाउँदै आएका आ-आफ्नै परम्परा र सँस्कृतिमा आधारित चाडबर्प लगायत बिभिन्न जातजाती सँग सम्बन्धित ७० वटा मठ मन्दिर, गुम्बा, ६ वटा पोखरी तथा ९ वटा पार्कहरू रहेका छन् जस्ले यस क्षेत्रको पहिचानलाई जोगाईराख्न सफल भएको अवस्था छ । यसका अतिरिक्त पर्यटन प्रवर्द्धन र विकासकालागि व्यवसायिक कृषि तथा पशुपालन, उद्योग व्यापार तथा व्यवसाय साथै कला, साहित्य समेतका विषय बस्तुको समेत सम्भावना रहेको पाईन्छ । यस नगरपालिका भित्र बिभिन्न प्रकारको धार्मीक आस्था र विचार हुँदाहुँदै पनि धार्मीक तथा जातीय सहिस्णुता सहितको एकता एक महत्वपूर्ण गहनाको रुपमा रहेको कारण सांस्कृतिक तथा धार्मीक विविधता भित्रको एकताका आधारमा आवधिक नगरपालिका विकास योजना मार्फत समृद्धिको मार्ग निर्माणमा बलियो योगदान पुग्न सक्ने प्रसस्तै सम्भावनाहरू रहेको छ ।

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

विश्वव्यापि आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित उद्योग, व्यापार तथा व्यवसायको अवस्था को अध्ययन गर्दा उद्योगहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापनको हकमा कुटिर, खरेलु तथा साना गरी जम्मा ३१ वटा मात्र उद्योग व्यवसाय सञ्चालनमा रहेको अवस्था देखिन्छ भने करिव १०० वटा लघु उद्योग सञ्चालनमा रहेता पनि सूचिकरण नभएको अनुमान गरिएको छ । यस पालिका भित्र मझौला तथा ठुला उद्योगहरू सञ्चालनमा आउन सकको पाईदैन । यसैगरी

व्यापार व्यवसायको लेखाजोखा गर्दा समग्रमा यस पालिका भित्र पर्यटन व्यवसाय सँग समेत सम्बन्धित ८२६ वटा विभिन्न प्रकृति र स्तरका होटल व्यवसाय समेत कुल ५५६५ वटा पसल व्यवसाय सञ्चालनमा रहेको अवस्था छ । वर्तमानमा अवस्थमा स्थानीयबासिका दैनिक आवश्यकताका उपभोग्य बस्तुको समेत पर्याप्त व्यवस्थापन तथा माग पुरा गर्न वर्तमान पसल व्यवसायले सकिरहेको देखिदैन । दैनिक उपभोग्य बस्तु समेत नियमित रुपमा आपुर्ति हुन सकिरहेको छैन । उल्लेखित विवरणहरूले के संकेत गर्दछन् भने नगरपालिकाले आगामि दिनमा उद्योग, व्यापार र व्यवसायको क्षेत्रमा अवलम्वन गर्ने नीति तथा कार्यक्रमका आधारमा कम्रस आर्थिक विकासका पूर्वाधारहरूको विकास हुँदै जाने र सोहि बमोजिम आर्थिक समृद्धिको मार्ग सुनिस्चित हुनेछ भने वर्तमान अवस्थाका सूचिकृत नभएका वा नगरपालिकामा दर्ता नभएका व्यापार व्यवसायलाई पालिकामा सूचिकृत गराई थप व्यापार व्यवसायका क्षेत्रको बिस्तार गर्न अनिवार्य भएका कारण यस आवधिक नगरपालिका विकास योजनालाई आर्थिक विकासका यावत क्षेत्रमा केन्द्रित गरी योजना तर्जुमा र कार्यान्वयनको वातावरण सिर्जना गर्नु पर्ने आवश्यकता देखिएको छ ।

तालिका नं. २.१५ उद्योग व्यवसायको विवरण

क.सं.	उद्योग व्यवसायको नाम	स्थान	वडा नं.	वर्तमान अवस्था
१	सिरक डस्ना उद्योग		१	सञ्चालनमा
२	श्रीराम बजरङ प्लाई उद्योग		१	सञ्चालनमा
३	बजरङ भेनियर उद्योग		१	सञ्चालनमा
४	आलमुनीयम उद्योग		१	सञ्चालनमा
५	गोपाल बक्स उद्योग		१	सञ्चालनमा
६	दिपक प्रदिप ईटा उधोग	चैतुवारी टोल	२	सञ्चालनमा
७	लक्ष्मी ईटा उधोग	त्रिवेणी टोल	२	सञ्चालनमा
८	साहरा ईटा उधोग	सोमवारे	२	सञ्चालनमा
९	नमस्ते प्लाई उधोग	राधा टोल	२	सञ्चालनमा
१०	पाथिभारा प्लाई उधोग	फुलवारी ,लालमाटी	२	सञ्चालनमा
११	पुजा प्लाई उधोग	फुलवारी ,लालमाटी	२	सञ्चालनमा
१२	सावारीया प्लाई उधोग	फुलवारी ,लालमाटी	२	सञ्चालनमा
१३	अम्वे भवानी प्लाई उधोग	श्री हरी टोल	२	सञ्चालनमा
१४	कन्काई प्लाई उधोग	राधा टोल	२	सञ्चालनमा
१५	कन्काई प्लाई उधोग	नागरीक टोल	२	सञ्चालनमा
१६	भगवति सिमेन्ट उधोग	राधा टोल	२	सञ्चालनमा
१७	पाथिभारा स्टिल	श्री हरी टोल	२	सञ्चालनमा
१८	दुर्गा स्टिल	पाथिभारा	२	सञ्चालनमा
१९	श्री राम ईटा उधोग	चैतुवारी	२	सञ्चालनमा
२०	पाठक फोटो फ्रेम उधोग	विराट आर्दश टोल	३	सञ्चालनमा
२१	खगेन्द्र कास्ठ फनिचर उधोग	शुभ लक्ष्मी	३	सञ्चालनमा
२२	ज्योती नेपाली हाते कागज	रङगशाला उन्नती	३	सञ्चालनमा
२३	अटो ग्यारेज	मसले प्रगती टोल	६	सञ्चालनमा

२४	गिरीबन्धु टिस्टेट		६	सञ्चालनमा
२५	बुट्टावारी टि स्टेट		६	सञ्चालनमा
२६	कञ्चनजङ्गा कसर उधोग		६	सञ्चालनमा
२७	रारा च्याउ उद्योग	खालवाडी	७	सञ्चालनमा
२८	रिमा हाते कागज	समावेसी	७	सञ्चालनमा
२९	खरेल कागज उद्योग	खालवाडी	७	सञ्चालनमा
३०	जगदम्वा पलाइउड	स्कुलल डाडा	८	सञ्चालनमा
३१	सिद्धी विनायक प्लाइ उधोग	पिपल चोक	९	सञ्चालनमा

श्रोत: आवधिक योजना सर्वेक्षण तथा नगर कार्यपालिकाको अभिलेख, २०७८

तालिका नं. २.१६ पसल व्यवसायको विवरण

क.सं.	पसल व्यवसायको नाम	वडा नं. का आधारमा सङ्ख्या										जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	
१	दाल, चामल तथा किराना पसल	३००	१५०	५००	२००	१००	५०	१५०	२०	३०	५०	१३५०
२	होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल	५०	५०	६०	२००	२००		२०६	२०	१०	३०	८२६
३	लत्ता कपडा पसल (थान)	१०	१०१		१००	१०००		१००५	२		१०	२२२८
४	कपडा पसल (रेडिमेड)	३०	५१		१००				१०	५		१९६
५	मासु पसल (माछा समेत)	२५	३०	२०	१५	२००		७	१०	५	१०	३२२
६	भाँडाकुँडा पसल		६	५०	२०	१००	३	१०२	१०	५	५	३०१
७	सुनका गहना पसल	५	१०	१०	१०	१५०	१	१५१	२		३	३४२
जम्मा		४२०	३९८	६४०	४४५	१७५०	५४	१६२१	७४	५५	१०८	५५६५

श्रोत: आवधिक योजना सर्वेक्षण तथा नगर कार्यपालिकाको अभिलेख, २०७८

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

२.२.४.१ आम्दानी

वितामोड नगरपालिकाले स्थानीय सरकारको हैसियतमा कार्य जिम्मेवारी सम्हालेको करिव ५ बर्ष व्यतित भएको छ । संविधान तथा सञ्चालन ऐन २०७४ ले निर्धारण गरेका क्षेत्राधिकार भित्र रहि आन्तरिक तथा बाह्य आयको वर्तमान अवस्थमा व्यापक सुधार गर्न आवश्यक छ । स्थानीय सरकारको हैसियतमा कानूनत प्राप्त अधिकार र स्थानीयबासिका असिमित आकांक्षाहरूलाई एकै पटक सम्बोधन गर्न सम्भव छैन । स्थानीयबासिकै सहयोग र सहभागितामा आयको दिगो आधार निर्माण गर्नु र स्थानीयवासिको माग बमोजिमका विकास निर्माण र सेवा प्रवाहका कार्यलाई सँगसँगै अघि बढाउनु वर्तमानको प्रमुख जिम्मेवारी भित्र रहेको छ । यस पालिकाका लागि संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय हस्तान्तरण वापतको रकम, राजश्व बाँडफाँड बाट प्राप्त हुने रकम र आन्तरिक कर तथा गैर कर राजश्व बाट प्राप्त हुने आय पालिकाका वर्तमानका स्थायी आयका श्रोतको रुपमा रहेका छन् । उल्लेखित शिर्षक बाट वर्तमानमा प्राप्त भईरहेको यस पालिकाको आम्दानीको अवस्थाको अध्ययन गर्दा विगत देखिनै यस पालिकाले कर तथा गैरकर राजश्व सङ्कलनकालागि लिएको नीति तथा सिद्धान्तका आधारमा आ.व. २०७७/७८ मा रु ११ करोड ९७ लाख ६८ हजार ८४० यथार्थ आन्तरिक आय (बेरुजु असुली र बैंक तथा नगद मौज्दात बाहेक) भएको छ भने आ.व. २०७८/७९ मा गरिने राजश्व सुधार सम्बन्धिका कार्यक्रम समेतका आधारमा रु १७ करोड ४७ लाख ६० हजार आय गर्न सकिने अनुमान गरिएको छ । यसै गरी सोहि आ.व. मा सोहि आ.व. मा संघीय तथा प्रदेश सरकार बाट वित्तीय हस्तान्तरण लगायत सशर्त निशर्त अनुदान समेत गरी कमस रु ९४ करोड ४९ लाख ४० हजार र १ करोड ८३ लाख ०७ हजार गरी कुल रु ९६ करोड ३२ लाख ४७ हजार प्राप्त हुन आयो भने चालु आ.व. कालागि दुवै सरकार बाट ९९ करोड ७६ लाख ०२ हजार प्राप्त हुने अनुमान गरिएको छ । राजश्व बाँडफाँडको अवस्था अध्ययन गर्दा आ.व. २०७७/७८ मा रु २१ करोड ६३ लाख ३१ हजार प्राप्त भएकोमा चालु आ.व. मा यो रकम २२ करोड ६२ लाख ५७ हजार पुग्ने अनुमान गरिएको छ ।

तालिका नं. २.१७ वितामोड नगरपालिकाको आन्तरिक आयको वर्तमान अवस्था

क.सं.	आय श्रातको आधार	आ.व. २०७७/७८ को यथार्थ रु हजारमा	आ.व. २०७८/७९ को अनुमान रु हजारमा
१	संघीय सरकार	९४४९४००००.०	९६१४०५०००.०
२	प्रदेश सरकार	१८३०७०००.०	३६१९७०००.०
३	राजश्व बाँडफाँड	२१६३३१०००.०	२२६२५७०००.०
४	आन्तरिक आय	११९७६८८४०.६१	१७४७६००००.००
कुल जम्मा		१२९९३४६८४०.६	१३९८६१९०००.०

श्रोत: नगर कार्यपालिकाको अभिलेख, २०७८

चित्र नं. २.९ नगरपालिकाको वर्तमान आयको अवस्था



संघीय तथा प्रदेश ऐन कानून साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आईसके पस्चात उक्त ऐनमा भएको व्यवस्था बमोजिम विभिन्न कर, दस्तुर, सेवा शुल्क आदि लाई प्रगतिशिल कर प्रणालिको मान्यता बमोजिम व्यवस्थापन गर्नु अवको दायीत्व भएको छ । साविक देखिनै कर तथा गैरकर राजश्वका विभिन्न क्षेत्रहरूबाट आन्तरिक आयस्रोतलाई परिचालन गरिदै आएको भएता पनि यस पालिकाले सवै क्षेत्रलाई करको दायरामा समेट्न सकेको पाईदैन । एकातर्फ स्थानीयतहको आन्तरिक आयको प्रमुख श्रोतको रुपमा स्थापित हुनु पर्ने सम्पति कर यस पालिकाले अपेक्षाकृत व्यवस्थापन गर्न सकेको छैन भने अर्कोतर्फ प्रगतिशिल कर प्रणाली अवलम्बन गर्न नसकेकै कारण विद्यमान श्रोत र साधनको आधारमा नगरपालिकाको आन्तरिक आय लक्ष्य बमोजिम पुग्न सकेको अवस्था देखिदैन । आवधिक योजनाको माध्यम बाट तत्काल राजश्व सुधार योजनाको कार्य सम्पन्न गरी वित्तीय व्यवस्थापन रणनीति समेत तर्जुमा गरी थप गति प्रदान गर्न आवश्यक छ । विर्तामोड नगरपालिकाले चालु आ.व. २०७७/७८ मा प्राप्त गरेको आन्तरिक तथा बाह्य आयको यथार्थ विवरण साथै आ.व. २०७८/७९ को लक्ष्य देहाय बमोजिम रहेको छ ।

तालिका नं. २.१८ आन्तरिक आयको विवरण

नगरपालिकाको आन्तरिक आय विवरण					
क.सं	आय शिर्षक	आय बर्ष			
		आ.व. २०७७/७८ को यथार्थ रु	आ.व. २०७८/७९ को अनुमान रु	आ.व. २०७८/७९ जेष्ठ महिना सम्मका यथार्थ आय रु	प्रगति पतिसत
१	सम्पति कर/एकीकृत सम्पति कर	३७२५०९७३.००	३५०००००००.००	२७८६१२८१.७४	७९.६०
२	भूमिकर/मालपोत	३२९९०८.५०	५०००००००.००	३६८६०३.००	७.३७
३	घर बहाल कर	१९९३१७४८.४१	३५०००००००.००	१३९२९३९८.८४	३९.८०
४	बहाल बिटौरी कर समेतको अन्य	१११९०२०.००	५०००००००.००	२६१९७०३.००	५२.३९
५	सवारी साधन कर	३५०७२५०.००	१००००००.००	११८००००.००	११८०.००
६	पूर्वधार सेवाको उपयोगमा लाग्ने कर	०.००	६०००००००.००	०.००	०.००
७	व्यवसाय कर	२०५७९२५३.३४	२५०००००००.००	१३७७७६१०.७२	५५.११
८	मनोरन्जन कर				
९	सरकारी सम्पतिको बहाल बाट आय	५०६११४५.५३	०.००	२४७३९४३.७५	
१०	अन्य सेवा शुल्क तथा बिक्री	९१८६७०.५०	०.००	८६११६०.००	
११	पर्यटन शुल्क				
१२	शिक्षा क्षेत्रको आम्दानी	३०२३४०.००	५००००००.००	१७८०००.००	३५.६०
१३	अन्य प्रशासनिक सेवा शुक	७२२०.००	०.००	१३६४९०.००	
१४	पार्किङ शुल्क	०.००	०.००	१८००००००.००	
१५	नक्सापास दस्तुर	१५८८७३०२.३३	२६७५००००.००	१२४४१२७६.६२	४६.५१
१६	सिफारीस दस्तुर	१२८७१५९४.५०	७००००००.००	९६५९९२४.००	१३८.००
१७	व्यक्तिगत घट्ना दर्ता दस्तुर	२७२६६०.००	०.००	४७९०००.००	
१८	नाता प्रमाणित दस्तुर	२८६६७५.००	१००००००.००	३९७२९५.५०	३९७.३०
१९	व्यवसाय रजिष्ट्रसन दस्तुर	२४२२४०.००	५००००००.००	१३२०७८.००	२६.४२
२०	न्यायीक दण्ड जरिमाना र जफत	२०००.००			
२१	प्रशासनिक दण्ड जरिवाना र जफत	३८४५०.००	५००००.००	१२२३२०.००	२४४.६४

२२	रेडियो एफ.एम. सञ्चालन दस्तुर	७२०.००	१००००००.००	१०२०.००	१.०२
२३	न्यायीक दस्तुर	१२३६०.००	१००००००.००	४९२०.००	४.९२
२४	अन्य श्रोत बाट प्राप्त रोयल्टि				
२५	कृषि उत्पादनको विक्र बाट प्राप्त आम्दानी				
२६	अन्य दस्तुर	११४३५१९.००	२००००००.००	११६५६७५.७८	५८२.८४
२७	सरकारी सम्पतिको विक्रि बाट आय				
२८	बेरुजु	०.००	०.००	१४७६२४२.००	
२९	अन्य राजश्व	३७९०.५०			
३०	अन्य संस्थागत आन्तरिक अनुदान	०.००	३३६००००.००	४२४७५.००	१.२६
३१	अन्य संस्थागत/व्यक्तिगत आन्तरिक अनुदान	०.००	२५०००००००.००	९४७४२५०.००	३७.९०
३२	धरौटी सदर्स्या	०.००	०.००	२७४०००.००	
३३	अन्य विक्रि बाट	०.००			
जम्मा		११९७६८८४०.६१	१७४७६००००.००	१००८५६६६७.९५	५७.७१
आन्तरिक आय बृद्धि अनुमान %			४५.९१		
अघिल्लो आयको आधारमा लक्ष्य प्राप्ति (जेष्ठ सम्मको) %				८४.२१	
१	कर तर्फ	८७७७९२९८.७८	१११११००००.००	६२२१०५४१.०५	६३.५७
२	गैर कर तर्फ	३१९८९५४१.८३	६३६६००००.००	३८६४६१२६.९०	३६.४३
	जम्मा	**११९७६८८४०.६**	**१७४७६००००.००	**१००८५६६६७.९५**	१००.००

श्रोत: नगर कार्यपालिकाको अभिलेख, २०७८

तालिका नं. २.१९ आन्तरिक आयको विवरण

संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार बाट प्राप्त आय विवरण				
क.सं	आय शिर्षक	आय रु		
		आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को अनुमान	बृद्धि पतिसत
क. संघीय सरकार				
१	वित्तीय समानिकरण	२०४७००००००.०	२२४९००००००.०	९.८६८
२	शसर्त अनुदान (चालु)	६६६२६३०००.०	३३६९०५०००.०	-४९.४३
३	समपुरक अनुदान (चालु)	४३९७७०००.०		-१००
४	सशर्त अनुदान (पूँजिगत)	०.०	१५१२००००००.०	
५	बिशेष अनुदान (चालु)	३००००००००.०		
६	समपुरक अनुदान (पूँजिगत)	०.०	२८५००००००.०	
७	अन्य अनुदान (चालु)	०.०	२००००००००.०	
८	विशेष अनुदान (पूँजिगत)	०.०	१९९००००००.०	
जम्मा		**९४४९४००००.०**	**९६१४०५०००.०**	१.७४
ख. प्रदेश सरकार				
१	वित्तीय समानिकरण	८२०७०००.०	१३३७२०००.०	६२.९३
२	शसर्त अनुदान (चालु)	१००००००.०	१२८२५०००.०	१२७२५

३	समपुरक अनुदान (पूँजिगत)		१००००००००.०	
४	समपुरक अनुदान (चालु)	१००००००००.०		-१००
जम्मा		**१८३०७०००.०**	**३६१९७०००.०**	९७.७२
संघीय तथा प्रदेश सरकार कुल जम्मा				
ग.	**राजश्व बाँडफाँड**			
१	**संघीय सरकार**			
१.१	मूल्य अभिबृद्धि कर तर्फ बाट			
१.२	अन्तशुल्क			
१.३	रायल्टी वापतको			
जम्मा		**११०१७००००.०**	**११०९४६०००.०**	०.७०४
२	**प्रदेश सरकार**			
२.१	घर जग्ग रजिष्ट्रसन			
२.२	सवारी साधन कर			
२.३	दहत्तर बहत्तर विक्रि बाट			
जम्मा		**१०६१६१०००.०**	**११७११०००.०**	
	राजश्व बाँडफाँड स्थानीय		**१०३६००००००.०**	
राजश्व बाँडफाँड कुल जम्मा		**२१६३३१०००.०**	**२२६२५७०००.०**	४.५८८
	जनसहभागिता	**३००००००००.०**	**२५०००००००.०**	
१	**आन्तरिक आय**	**११९७६८८४०.६१**	**१७४७६००००.००**	४५.९१
कुद जम्मा आय		**१२०९५७८०००.०**	**१२४८८५९०००.०**	३.२४७

श्रोत: नगर कार्यपालिकाको अभिलेख, २०७८

२.२.४.२ रोजगारीको वर्तमान अवस्था

विर्तामोड नगरपालिकामा रोजगारीका क्षेत्रहरू विविद्य देखिन्छन् । व्यापार, कृषी, बैदेशिक रोजगार, श्रमिक (दक्ष अदक्ष) जागिर (सरकारी र गैरसरकारी क्षेत्र) । आम्दामीको श्रोतका लागि श्रमिक पेशामा लाग्नेहरू सबैभन्द धेरै देखिएका छन् । त्यस्तै व्यापार व्यवसायलाई पेशाको रुपमा अंगाल्नेको संख्यापनि उल्लेख्य देखिन्छ । अन्यको तुलनामा कृषी रोजगारहरू कमै देखिन्छन् । यसको अर्थ यो नगरपालिकामा कृषी पेशागरि आयआर्जन गर्ने तुलनात्मक रुपमा कम देखिन्छन् । विशेषगरी व्यापार र बैदेशिक रोजगारलाई पेशाको रुपमा अंगाल्ने संख्याको अवस्था बढी देखिन्छ । पूर्वको व्यापारिक नाका र पुर्विपहाडको केन्द्र भएकाले कृषी भन्दा व्यापार व्यवसायमा लाग्नेको संख्या उल्लेख्य छ । यस पालिकाले निरपेक्ष गरिवीको अन्त्य र सापेक्ष गरिवीको दुरी कम गर्ने उद्देश्यका साथ यस आवधिक योजनामा रोजागरी श्रृजना सँग प्रत्यक्ष सरोकार राख्ने उद्योग, व्यापार, व्यवसाय लगायतको प्रवन्ध गरी बेरोजगारीको अन्त्यका साथ स्वदेशमा रोजागारीको दिगो व्यवास्थापन गर्ने र विदेशीने यूवा यूवतीको स्वदेशकै भूमिमा कर्म गर्ने वातावरण श्रृजना गर्न अनिवार्य छ । यसै नगरपालिको गरेको घर परिवार सर्वेक्षण, सन २०२० का आधारमा यस पालिकाको रोजगारीको वर्तमान अवस्था देहाय बमोजिम रहेको छ ।

चित्र नं. २.१० पेशा व्यवसाय तथा रोजगारीमा सम्लग्नता



तालिका नं. २.२० पेशा व्यवसाय र रोजगारीको वर्तमान अवस्था

क्र.सं.	पेशा	वडा नं.										जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	
१	कृषी	९१	५४९	१८३	१६५	८५	१५५	६८८	५६७	५९८	९९८	४०८५
२	व्यापार	७९२	७३८	९५२	१११६	१३६८	४१८	२७८	३०७	२१४	३७६	६५५९
३	बैदेशिक रोजगार	५३९	६८३	६६१	८०१	७३३	४६५	५५१	४३९	३८७	६४६	५९०५
४	विद्यार्थी	२३७७	३२०१	२९३४	३३८८	३३५१	१९३४	२२७४	१८०२	१६०७	२०७८	२४९४६
५	गृहणी	१६५१	२३७९	२२४१	२५६८	२२९४	१४६१	१७७८	११४१	१२३२	१७५५	१८५००
६	श्रमिक	३३४	१०७०	९०१	६१७	३१६	८६०	११०५	६९६	६०६	६८४	७१८९
७	जागिर	७११	७१४	७१३	९७०	७०६	३६२	३४५	३१९	२४३	३७५	५४५८
८	पाँचवर्ष मुनिका र वुद्धा	२४३	४०४	३५९	३९०	३०४	२४८	३७५	१९९	२१४	३३७	३०७३
९	अन्य	२६१	१४९	१९०	२८१	२५०	१३९	१३६	९९	८०	१३३	१७१८
जम्मा		**७७४७**	**१०८४२**	**९९०२**	**१११४७**	**१०४४५**	**६६५१**	**८०३६**	**६०६७**	**५६०४**	**७८५२**	**७७४३३**

श्रोत: नगरपालिका घरपरिवार सर्वेक्षण, सन् २०२०

२.२.४.३ वित्तीय सेवा

वित्तीय पहुँच आर्थिक विकासको मूल केन्द्र हो । कुने पनि उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनकालागि होस वा दैनिक रुपमा पारिवारिक, धार्मिक, सांस्कृतक लगायतका मूल्य र मान्यतामा आधाति मानवीय कृयाकलापकालागि आवश्यक वित्तीय श्रोत व्यवस्थापनकालागिहोस वित्तीय सेवा प्रदायक संघ सस्थाको अति अवाश्यक रहेको हुन्छ । स्थानीय स्तरमा रहेका साहु महाँजन बाट महङ्गो ब्याजमा ऋण लिएर सँधै भरी परनिर्भरताको जालोमा परिरहन बाध्य हाम्रो सामाजिक आर्थिक अवस्था बाट माथि उठाउन संघीयताको कार्यान्वयन सँगै सवै पालिकामा अनिवार्य कुनै एक बैंक तथा वित्तीय संस्थाको अनिवार्य शाखा रहने व्यवस्था गरियो । सुगमताका कारण तथा व्यापारिक तथा व्यवसायिक केन्द्रको रुपमा विकसित हुँदै गएका कारण होस विगत १० बर्ष भित्र विर्तामोड नगरपालिमा बैक वित्तीय संस्थाहरूको शाखागत सङ्ख्या ३५ रहेको पाइएको छ भने लघुवित्त संस्था ३ वटा शाखा स्थापन भई वित्तीय सेवा प्रवाह गरिरहेका छन् । एक्सल डेभलपमेण्ट बैंकको त केन्द्रिय कार्यालयनै विर्तामोडमा रहेको अवस्था छ । यिनका अतिरिक्त नगर टोल वस्तीमा स्थानीय सहकारीहरूले समेत केहि हद सम्म वित्तीय सेवा प्रवाह गरी सामान्य स्वरुपको खाँचो गारो टारिरहेको अवस्था देखिन्छ । जुन प्रकारले यस

पालिकाले कृषि तथा पशुपालनको व्यवसायिकिकरण, उद्योग, व्यापार तथा व्यवसायको बृद्धि र विकास, निर्यात प्रवर्द्धन, बजार सञ्जाल व्यवस्थापन र भौतिक पूर्वाधार निर्माणका कार्यलाई तिव्र गतिमा अघि बढाउने सङ्कल्पका साथ अघि बढी रहेको छ त्यसका आधारमा वर्तमान अवस्थामा बैंकको शाखा स्थापना नभएका १, ६, ८ र १० नं. वडामा समेत विस्तार गर्न आवश्यक देखिएको छ। तसर्थ यस पालकाले यस आवधिक योजना मार्फत वित्तीय सेवाको दिगो र भरपर्दो आधार निर्माण गर्ने तर्फ विशेष कार्यक्रम ल्याउन आवश्यक देखिएको छ।

तालिका नं. २.२१ बैंक तथा वित्तीय संस्थाको विवरण

क.सं	बैंक तथा वित्तीय संस्थाको नाम	स्थान	वडा नं.	अवस्था
१	**बाणिज्य तथा बिकास बैंक**			
१.२	NIC एसीया बैंक	बानालाल टोल	२	सञ्चालनमा
१.३	एक्सल बैंक	स्मार्ट टोल	२	सञ्चालनमा
१.४	NIC Asia Bank	विर्ता बजार	३	सञ्चालनमा
१.५	एक्सल डेभलपमेण्ट बैंक		४	सञ्चालनमा
१.६	कुमारी बैंक		४	सञ्चालनमा
१.७	मुक्तीनाथ बैंक		४	सञ्चालनमा
१.८	मेघा बैंक		४	सञ्चालनमा
१.९	NMB बैंक		४	सञ्चालनमा
१.१०	सिर्दाथ बैंक		४	सञ्चालनमा
१.११	SBI बैंक		४	सञ्चालनमा
१.१२	लक्ष्मी बैंक		४	सञ्चालनमा
१.१३	NIC Asia बैंक		४	सञ्चालनमा
१.१४	प्राइम बैंक		४	सञ्चालनमा
१.१५	सनराइज बैंक		४	सञ्चालनमा
१.१६	राष्ट्रिय वाणिज्य वैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.१७	नेपाल बैंक लिमीटेड	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.१८	हिमालय बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.१९	ग्लोवल आइ.एम.इ. बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२०	गौरव फाइनान्स	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२१	प्राइम बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२२	कृषि विकास बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२३	एभरेष्ट बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२४	एन.सि.सि. बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२५	नेपाल बगलादेश बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२६	प्रभु बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२७	गरिमा विकास बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२८	सिटिजन्स बैंक	समृदि टोल मित्रनगर	५	सञ्चालनमा
१.२९	एक्सल डेभलपमेन्ट वैंङक	दुर्गादेवि	७	सञ्चालनमा
१.३०	राष्ट्रिय वाणिज्य वैंक		९	सञ्चालनमा
१.३१	नेपाल बैंक लिमीटेड		९	सञ्चालनमा

१.३२	हिमालय बैंक		९	सञ्चालनमा
१.३३	ग्लोवल आइ.एम.इ. बैंक		९	सञ्चालनमा
१.३४	गौरव फाइनान्स		९	सञ्चालनमा
१.३५	प्राइम बैंक		९	सञ्चालनमा
२	**लघुबित्त संस्था**			सञ्चालनमा
२.१	साहरा लघूवित्त	चारपाने साहरा	२	सञ्चालनमा
२.२	विविकसि घूवित्त	नमुना	२	सञ्चालनमा
२.३	देवकोटा लघुवित्त	मेथिवारी	९	सञ्चालनमा

श्रोतः नगर कार्यपालिकाको अभिलेख तथा आवधिक योजना सर्वेक्षण, २०७८

२.२.५ सहकारी

नेपालको हकमा सहकारीहरूको स्थापना र विकासको इतिहास धेरै लामो नरहेको भएता पनि वर्तमान अवस्था सम्म आईपुग्दा स्थानीयबासीका आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्र र तीनको विकास सँग जोडिएका तमाम कार्यको हकमा स्थानीय सहयोगी र साझेदारको रुपमा स्थापित हुन पुगेका छन् । यस पालिकामा बैंक वित्तीय संस्थाको उपस्थित गणनायोग्य रहेको भएतापनि वडामा स्थानीयबासिको वित्तीय आवश्यकताको समेत केहि हद सम्म सहकारीहरूले परिपूर्ति गरिरहको अवस्था छ । यस पालिकामा २६ वटा बचत तथा ऋण सहकारी संस्था, २० वटा कृषि सहकारी संस्था, १३ वटा बहुद्देशीय सहकारी संस्था गरी कुल ५९ वटा सहकारी संस्था कृयाशिल रहेको देखिन्छ । तसर्थ यस पालिकाको आर्थिक समृद्धि र कृषिको व्यवसायिकिकरणकालागि सहकारीको महत्वपूर्ण योगदान रहने भए बाट प्रत्येक वडामा सहकारी संस्थाहरूको स्थापना र विकासका साथ अघि बढ्न अनिवार्य देखिएको छ । बचत तथा ऋण सहकारीहरूको विवरण देहाय बमोजिम रहेको छ भने कृषि सहकारी र बहुद्देशीय सहकारी समेतका विस्त्रित विवरण अनुसूच २ मा उल्लेख गरिएको छ ।

तालिका नं. २.२२ बचत तथा ऋण सहकारी संस्थाहरू

क.सं	बचत तथा ऋण सहकारी संस्थाको नाम	स्थान	वडा नं.
१	दुर्गा पञ्चायम वचत तथा ऋण स.सं.	जानकी	१
२	साना मझौला		१
३	सिर्जनासिल वचत	VIP टोल	१
४	मात्री भाग्यरेखा	विरेन्द्र मार्ग	१
५	गोर्खा वचत ऋण सहकारी सं.	चारपाने	१
६	साहरा नेपाल बचत	चारपाने साहरा	२
७	शिक्षा बचत	नमुना	२
८	नेपाल बचत		२
९	साना किसान बचत	एकता टोल	२
१०	सबैको समृदी		३
११	पञ्चकन्या		३
१२	कर्णाली		३
१३	साहारा वचत तथा		३
१४	उत्कृष्ट वचत		३
१५	सुन्दर वचत तथा		४
१६	समावेशी वचत तथा		४
१७	परोपकार समाज वचत तथा		४
१८	जिल्ला बचत संस्था		५

१९	सुनपाती ब.तथा ऋ स. संस्था		६
२०	सेतो गुराँस बचत		७
२१	सिमरीक		८
२२	कर्णाली		८
२३	स्वरोजगार		८
२४	शिखर वचत तथा ऋड		८
२५	सुर्योदय बचत तथा ऋण		९
२६	वसन्त बचत तथा ऋण		९

श्रोत: नगर कार्यपालिकाको अभिलेख तथा आवधिक योजना सर्वेक्षण, २०७८

२.३ सामाजिक विकासको अवस्था

मानव जीवनको स्तरिकिकरण र सभ्यताको आर्को एक महत्वपूर्ण पक्ष सामाजिक विकास हो । नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने मानिसहरूको शिक्षा, स्वास्थ्य सरसफाई र मानव अधिकार तथा विकासका कार्यमा सहभागिता लगायतका विषय प्रतिको चेतना र उल्लेखित विषयहरूमा उपलब्ध स्रोत युक्त ग्रामिण तथा शहरी पूर्वाधारको अवस्थाले सूचित गर्ने गर्दछ । विश्वव्यापि रुपमा समस्याको रुपमा रहेको ग्रामिण तथा शहरी गरिवी तथा अव्यवस्थित पूर्वाधार आर्थिक तथा सामाजिक समृद्धिका प्रमुख चुनौती हुन र रहेका छन् । तसर्थ विर्तामोड नगरपालिकाले दिगो विकासमा आधारित समृद्धि निर्माणका लागि सामाजिक विकासमा आधारित न्यूनतम पूर्वाधार र पूर्वाधार विकासमा आधारित नगरपालिकाबासिको चेतना विकास र सहभागिता लाई केन्द्र विन्दुमा राखेर आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको छ ।

२.३.१ स्वास्थ्य तथा पोषण

नगरपालिका समृद्धिको अर्को प्रमुख आधार स्वस्थ नागरिकको बसोबास र श्रमशक्ति युक्त मानवीय स्रोतको उपस्थिति हो । कुनै पनि मानिस निरोगि रहन उस्ले देनिक रुपमा उपभोग गर्ने खाद्य पदार्थ वा पोषणको अवस्था, दैनिक रुपमा स्वास्थ्य सरसफाई र वातावरण संरक्षणमा राखेको चासो, उठाएको कृयाशिलता तथा लगाएको लगानीले सूचित गर्ने गर्दछ । यसको आयाम मानिसको व्यक्तिगत सरसफाई देखि उस्ले दैनिक रुपमा गर्ने कृयाकलापमा समेत निर्भर रहने गर्दछ । विर्तामोड नगरपालिकाको वर्तमान वस्तुगत अवस्थाको अध्ययन गर्दा विर्तामोड नगरपालिका द्वारा सञ्चालित नगर अस्पतालले विशेषज्ञ चिकिन्सक सहितको स्वास्थ्य उपचार सेवा उपलब्ध गराईरहेको छ भने सवै वडामा आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी हरू मार्फत सेवा प्रवाह भैरहेको छ । यसै गरी मेची आँखा अस्पताल र नागरीक आरोग्य सेवा केन्द्रले समेत नागरिकको स्वास्थ्य रक्षामा योगदान पुऱ्याई रहेको अवस्था छ । यस पालिकामा BNC टिचिङ अस्पताल (शिक्षण कार्यको पर्खाइमा रहेको) सहिति १४ वटा निजी स्तरका स्वास्थ्य संस्थाहरू समेत यस क्षेत्रमा कृयाशिल रहेको अवस्था छ । सरसर्ती अध्ययन गर्दा विर्तामोड नगरपालिकाले सेवा सुविधाको स्तरमा थप योगदान गर्न सके सरकारी निजी क्षेत्रका शिक्षण संस्था समेतको कृयाशिलतामा थप बढोत्तरी भई यो नगर स्वास्थ्य केन्द्रको रुपमा समेत स्थापित हुने अवस्था देखिएको छ । वर्तमानमा यस नगरपालिका क्षेत्र भित्र कृयाशिल रहेका सरकारी तथा निजी क्षेत्रका स्वास्थ्य संस्थाहरूको विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं. २.२३ स्वास्थ्य संस्थाहरू

क.सं.	नाम	ठेगाना		बर्तमान अवस्था
		स्थान	वाड नं.	
१. सरकारी स्तर बाट सञ्चालित				
१.१	आधारभुत स्वास्थ्य केन्द्र	वरपिपल	१	जग्गा
१.२	नागरीक आरोग्य सेवा केन्द्र आर्युवेद		१	हाल सामान्य
१.३	चारपाने स्वस्थ्य चौकी	विरअमरसीह टोल	२	जग्गा ,भवन, विधुत
१.४	नगर अस्पताल	उन्नती टोल	३	निर्माण धिन अवस्थामा
१.५	मेची आँखा अस्पताल	सैनिक टोल	३	भवन जग्गा

१.६	आधारभुत सहरी स्वास्थ्य केन्द्र	कञ्चनजगाँ	४	जग्गा भवन सामान्य
१.७	शहरी स्वस्थ्य चौकी	वुधवारे	५	भवन ,जग्गा
१.८	बेलगाछी स्वस्थ्य चौकी	बेलगाक्षी	६	भवन ,जग्गा
१.९	शहरी स्वस्थ्य केन्द्र	पाथिभरा	७	भवन ,जग्गा
१.१०	गरामुनी स्वस्थ्य चौकी	बजार टोल	८	जग्गा भवन सौचालय खा पा
१.११	आधारभुत स्वास्थ्य केन्द्र	सताल सिह वाडी	९	जग्गा भवन सौचालय
१.१२	शहरी स्वस्थ्य केन्द्र	सैनीक बजार	१०	जग्गा भवन खा पा सौचालय
१.१३	आधारभुत स्वास्थ्य चौकी	तेलकानि	१०	जग्गा भवन खा पा सौचालय
२. निजी स्तर बाट सञ्चालित अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी लगायत				
२.१	विर्तासिटी अस्पताल	जगत मार्ग	१	हाल सञ्चालनमा
२.२	अञ्जली अस्पताल	विरेन्द्र मार्ग	१	हाल सञ्चालनमा
२.३	कञ्चनजङगा अस्पताल	कञ्चनजङगा मार्ग	१	हाल सञ्चालनमा
२.४	विर्ता आँखा अस्पताल	कञ्चनजङग	१	हाल सञ्चालनमा
२.५	सञ्जीवनी अस्पताल	विरेन्द्र मार्ग	१	हाल सञ्चालनमा
२.६	दृष्टी आँखा अस्पताल	शुभ लक्ष्मी	३	
२.७	BNC टिचिङ अस्पताल		५	निजी संचालनमा
२.८	कनकाई अस्पताल		५	निजी संचालनमा
२.९	मनमोहन सामुदायिक अस्पताल		५	निजी संचालनमा
२.१०	मेडिका अस्पताल		५	निजी संचालनमा
२.११	निलकण्ठ डाईगोनस्टिक अस्पताल		५	निजी संचालनमा
२.१२	पुर्वाञ्चल क्यान्सर अस्पताल		५	निजी संचालनमा
२.१३	स्पाक पुर्वाञ्चल अस्पताल		५	निजी संचालनमा
२.१४	आनन्द डाइगोनिष्टीक सेन्टर	सुगम शान्ती	६	निजी

२.३.१.१ खोप तथा सुरक्षित मातृत्व

आ.वं २०७७/७८ को वार्षिक समिक्षा प्रतिवेदनका आधारमा यस नगरपालिका भित्र बालबालिका तथा गर्भिणी महिलाले अनिवार्य प्राप्त गर्नु पर्ने खोप लक्ष्य भन्दा माथि रहेको पाईएको छ । यसको अर्थ नगरपालिका भन्दा बाहिरका मानिसहरूले समेत आफ्ना छोरा छोरीलाई खोप लगाएको अनुमान गर्न सकिन्छ । यस पालिकाको सुरक्षित मातृत्वको अवस्था अध्ययन गर्दा सोहि प्रगति शमिक्षा प्रतिवेदनका आधारमा एएनसी पहिलो भिजिट (प्रोटोकल बमोजिम) ११३ प्रतिसत रहेको भएता पनि एएनसी चौथो भिजिट (प्रोटोकल बमोजिम) ८२ प्रतिसत मात्र रहेको पाईएको छ । यसै गरी स्वास्थ्य कर्मीबाट सुत्केरी गराउनेको हकमा ७२ प्रतिसत मात्र सफलता प्राप्त हुन सकेको अवस्था छ भने उक्त अवधिमा सुरक्षित गर्भपत गराउनेको सङ्ख्या समेत उल्लेख्य रहेको अवस्था छ । यस पालिकाले आवधिक योजना मार्फत सून्य होम डेलिभरी अभियानलाई थप प्रभावकारी बनाउनु पर्ने अवस्था देखिएको छ । बालबालिकाको कुपोषण तथा गर्भिणी र सुत्केरी महिलाहरू पोषणको अवस्थाका बारेमा कुनै प्रकारका विवरण प्राप्त नभएकोले नगरपालिकाले आगामि दिनमा यसको समेत विवरण व्यवस्थित गर्नु पर्ने अवस्था देखिएको छ । आ.व. २०७७/७८ को प्रगति समिक्षामा आधारित स्वास्थ्य अवस्था देहाय बमोजिम रहेको छ ।

तालिका नं. २.२४ खोप तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण (२०७७/७८)

बालबालिका तथा महिलालाई दिइएको खोपको अवस्था				
क.सं.	**खोपको नाम**	**लक्ष्य सङ्ख्या**	**उपलब्धि सङ्ख्या**	**उपलब्धि प्रतिसत**
१	विसिजी खोप (बालबालिकालाई)			
२	बालबालिकालाई DPT / Hep Hib III	२०२४	२३६६	११६
३	बालबालिकालाई FIPV 1	२०२४	२११६	१०४
४	बालबालिकालाई FIPV 2	२०२४	२१६६	१०७
५	बालबालिकालाई OPV 1	२०२४	२१२९	१०५
६	बालबालिकालाई OPV 2	२०२४	२१८४	१०७
७	बालबालिकालाई OPV 3	२०२४	२१०८	१०४
८	बालबालिकालाई PCV 1	२०२४	२०९८	१०३
९	बालबालिकालाई PCV 2	२०२४	२१२२	१०४
१०	बालबालिकालाई ROTA 1	२०२४	२१९८	१०८
११	मिजल्सररुवेला १२ देखि २३ महिना	२०२४	२१७७	१०७
१२	गर्भिणी महिला खोप TD VACCINE	२४५९	५८३५	२३७
सुरक्षित मातृत्व कार्यक्रमको प्रगति				
क.सं.	**खोपको नाम**	**लक्ष्य सङ्ख्या**	**उपलब्धि सङ्ख्या**	**उपलब्धि प्रतिसत**
१	एएनसी पहिलो भिजिट (कुनै पनि समयमा)		२१९२	
२	एएनसी पहिलो भिजिट (प्रोटोकल बमोजिम)	२४५९	२७९५	११३
३	एएनसी चौथो भिजिट (प्रोटोकल बमोजिम)	२४५९	२०३५	८२
४	स्वास्थ्य कर्मी बाट सुत्केरी गराएको	२४५९	१७६८	७२
५	सिएस डेलिभरी		१९३४	
६	सुरक्षित गर्भपतन (एमए)		१९४	
७	सुरक्षित गर्भपतन (सर्जिकल)		३८३	

श्रोतः आ.व. २०७७/७८ को वार्षिक प्रगति समिक्षा प्रतिवेदन, २०७८/०६/११

२.३.२ शैक्षिक विकास

सहज र सुलभ रुपमा गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु मानवको नैसर्गिक अधिकार हो । शिक्षा मानव जीवनको तथा मानव विकास सुचकाङ्कको एक अनिवार्य आधार सर्त हो । यस अधिकार बाट बन्चित हुन नदिन बालबालिकाको पहुंच भित्र बालविकास केन्द्र, विद्यालय तथा महाविद्यालयहरूको सुविधा उपलब्ध हुन अनिवार्य छ । विर्तामोड नपलिकाको समृद्धि तथा विकास यस नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने नगरपालिकाबासीको शैक्षिक स्थिति तथा यस क्षेत्र भित्र रहेका शैक्षिक सस्थाको स्तर र अध्ययन अध्यापन गराईने विषयमा समेत निर्भर रहने गर्दछ । विर्तामोड नगरपालिका भित्रको शैक्षिक अवस्था र उपलब्ध सेवा सुविधाका बारेमा स्थानीय सरोकारावाला सँगको सम्बाद र नगर कार्यपालिका शिक्षा शाखा र सम्बन्धित विद्यालयका प्रतिवेदन बाट वर्तमानको वास्तविक अवस्थाको अध्ययन गरिएको छ । आर्थिक वर्ष **२०७७/७८ मा** बाल विकास कक्षा देखि कक्षा ५ सम्मका सबै बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरिएको, एउटै शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिएको, १६ विद्यालयका प्राथमिक तहको एउटा कक्षाकोठालाई प्रविधिमैत्री बनाई शिक्षण क्रियाकलाप सञ्चालन गर्न शुरु गरिएको, सबै विद्यालयहरुमा खाजाघरको व्यवस्था गर्न मर्मत/नयाँखाजाघर निर्माण गरिएको, सबै विद्यालयमा बालक्लव गठन गरिएको, स्थानीय विषय अन्तर्गत आचरण सचेतना शिक्षाको पाठ्यक्रम र

पाठ्यपुस्तक कक्षा ३ देखि कक्षा ८ सम्म तयार गरी सामुदायिक र संस्थागत विद्यालयहरुमा कार्यान्वयन गरिएको, कोभिड १९ को संक्रमणबाट बच्न विद्यालयहरुमा न्यूनतम प्राथमिक सुरक्षाको लागि थर्मल गन, साबुन, माक्स, पानी राख्ने बाल्टी लगायतका सामग्री, CUG सीम व्यवस्थापन साथै पूर्व सावधानीका लागि विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन जस्ता महत्वपूण कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

दिगो बिकास लक्षका आधारमा सन् २०३० सम्ममा सवैले प्राथमिक शिक्षा पाएका हुनेछन साथै सवै तहको लैङ्गिक बिभेदको अन्त्य भएको हुनेछ भन्ने रहेको छ । यसै लक्षका आधारमा नेपाल सरकारले समेत सवै नेपालीलाई कम्तिमा साक्षर बनाउने नीति तथा रणनीति लिएको अवस्था छ । शिक्षालाई समृद्धि निर्माणको एक आधार सूचकको रुपमा स्वीकारिएको बिश्व परिवेशलाई समेत मनन् गर्दा यस नगरपालिकाले समेत प्राविधिक शिक्षा बिकासका साथ शैक्षिक पूर्वाधारको बिकास र गुणस्तर सुधारमा बिशेष योजना निर्माण गरी अघि बढ्न अनिवार्य देखिएको छ ।

बिर्तामोड नगरपालिका शैक्षिक हवको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ । यस नगर भित्र हाल १८ वटा सामुदायिक विद्याय, ५३ (५७) वटा संस्थागत विद्यालय, ५० वटा सामुदायिक वालविकास केन्द्र, ३० वटा संस्थागत पूर्व प्रा.वि. कक्षा संचालनमा रहेका छन् भने उक्त विद्यालयहरुमा करिव ३७ हजार वालवालिकाहरु अध्ययनरत छन् । उच्च शिक्षा तर्फ ३ वटा सामुदायिक क्याम्पस र ७ वटा निजी क्याम्पसहरुले सेवा दिइरहेका छन् । यसैगरि प्राविधक तथा व्यवसायिक तालिम परिषद् मार्फत अनुमति लिई ७ वटा शैक्षिक संस्थाहरु सिपमुलक कार्यक्रम तथा तालिम प्रदान गरिरहेका छन् । उल्लेखित विद्यालय समेतका शैक्षिक संस्था तथा भाषा पाठशाला साथै बालविका केन्द्र समेतको विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं. २.२५ वर्तमान शैक्षिक संस्थाहरूको विवरण

क.सं.	नाम	ठेगाना (स्थान)	वडा नं.	बर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)
१	**सामुदयिक विद्यालय**			
१.१	साङघभेद सस्कृत मा.वि.(१–१२)	साङघभेद	२	जग्गा,भवन,खा.पा,सौचालय
१.२	मोहनमाया मा.वि.(१–१२)	समृद्धि टोल	२	जग्गा,भवन,खा.पा,सौचालय
१.३	विर अमरसिह प्राविधिक मा.वि (१–१२)	विर अमरसिह	२	जग्गा २० विगा, भवन,खा.पा,सौचालय घरवेरा
१.४	पञ्चरत्न मा.वि.(१–१०)	अमरदिप टोल	३	खा.पा सौचालय,जग्गा ,भवन
१.५	महेन्द्र रत्न उ मा वि (१-१२)	विर्तावजार	३	जग्गा भवन खापा सौचालय घेरावार
१.६	अनारमनी पब्लिक क्याम्पस तार घेरावारा कार्यक्रम	विर्तावजार	३	
१.७	विराट सामुदायीक वाल विकास केन्द्र	स्वागत टोल	४	भवन
१.८	अनारमनी आ वि (१-८)	लालीगुरास	५	खेल मैदान, खा पा, भवन, शौचालय
१.९	देबि मा.वि.(१–१२)	तमु टोल	५	हाल ४२०० विद्यार्थि संख्या जग्गा, भवन ,खा.पा.,शौचालय,घेरावार
१.१०	देवि मा.वि		५	
१.११	महेन्द्र रत्न मा.वि	इन्द्रेणी	६	निर्माणधिन
१.१२	सरस्वती मा वि (१-१०)	सरस्वती टोल	६	जग्गा, भवन, खापा। शौचालय
१.१३	हरिहर आश्राम	बेलगाछी	६	जग्गा, भवन, खापा। शौचालय
१.१४	देवी बहुमुखी क्याम्पस	देवी	६	जग्गा, भवन, खापा। शौचालय
१.१५	लक्ष्मी मा.वि.(१–८)	पाथिभारा	७	जग्गा ,खा.पा.,शौचालय,घेरावार
१.१६	जनता प्रा.वि	खालवाही	७	,खा.पा.,शौचालय,घेरावार, पेर्वस, ४ कोठा भवन निर्माण

१.१७	फक्ताङलुङ विद्यालय(लिम्बु भाषा)	फकताङलुङ	७	
१.१८	गरामुनि वहुमूखी क्याम्पस	नयावाटो	७	जग्गा ,भवन
१.१९	बालविकास भवन	७	७	जग्गा रहेको
१.२०	शुकराज आवाशिय वि (१-८)	शुकराज	८	जग्गा भवन खापा सौचालय
१.२१	दुर्गा मा. वी. (१-१२)	पिपल चोक	९	जग्गा, भवन, खा.पा. शौचालय
१.२२	देवकोटा आ. वी. (१-८)	खामलेल वाडी	९	जग्गा, भवन, खा.पा. शौचालय
१.२३	शहिद लक्ष्मी आ वी (१-५)	कञ्चन वाडी	९	जग्गा, भवन, खा.पा. शौचालय
१.२४	महेन्द्र ज्योती मा वि (१-१२)	सैनिक बजार	१०	जग्गा, भवन, खेल मैदान, खा. पा, शौचालय
१.२५	चमरधाप प्र वि (१-४)	चमरधाप	१०	जग्गा, भवन, खेल मैदान, खा. पा, शौचालय
१.२६	लक्ष्मी नारायण प्र वि (१-५)	लक्ष्मी नारायण	१०	जग्गा, भवन, खेल मैदान, खा. पा, शौचालय
१.२७	विराट आ वि (१-८)	सिद्धीविनायक	१०	जग्गा, भवन, खेल मैदान, खा. पा, शौचालय
२	**संस्थागत विद्यालय (निजी)**			
२.१	ग्रिन फिल्ड ईग्लिश बोर्डिङ्ग स्कुल (१-१०) सम्म	आदर्श नगर	१	जग्गा, भवन खा.पा शौचालय
२.२	मनकामना उच्च माध्यमीक बीध्यालय (१–१२)	नमुना मार्ग	१	जग्गा, भवन खा.पा शौचालय
२.३	वाल्मीकी एजूकेसन फाउन्डेशन (१–१२)	जगत मार्ग	१	जग्गा, भवन खा.पा सौचालय
२.४	बुद स्मृती ईग्लिश बोर्डिङ्ग (१–१०)		१	जग्गा, भवन खा.पा शौचालय
२.५	चील्ड्रेन इनभारोमेन्ट ईग्लिश बोर्डिङ्ग (१–१०)	धीमाल वस्ती	१	भाडामा
२.६	हिमरस ईग्लिश बोर्डिङ्ग (१–८)	वीरेन्द्र माग	१	जग्गा, भवन खां.पा
२.७	यसेन्ट मा.वि. (१–१२)	साहारा चारपाने	२	जग्गा,भवन,खा.पा,सौचालय
२.८	वालकल्याण आवसिय मा.वि.(१–१०)	चारपाने नमुना	२	जग्गा,भवन,खा.पा,सौचालय
२.९	निधि मा.वि.(१–डिप्लोमा)	सालघारि	२	जग्गा,भवन,खा.पा,सौचालय
२.१०	देवकुल अंग्रजि स्कुल	वेलडागी	२	जग्गा,भवन,खा.पा,सौचालय
२.११	कञ्चनजङ्घा हेल्थ एण्ड साईन्स	वेलडागी	२	जग्गा,भवन,खा.पा,सौचालय
२.१२	शहिद स्मृति प्रतिष्ठान	उखुवारी	२	जग्गा,भवन,खा.पा,सौचालय
२.१३	साहारा साकोस मन्टेश्वरि	साहारा चारपाने	२	जग्गा,भवन,खा.पा,सौचालय
२.१४	विराट ज्योती ईग्लिश बोर्डिङ्ग स्कुल	आदर्श नगर	३	जग्गा भवन खापा सौचालय घेरावार
२.१५	माई भ्याली ईग्लिश बोर्डिङ्ग स्कुल (१-७) सम्म	पञ्चकन्या	३	भाडामा
२.१६	फनमिल ईग्लिश बोर्डिङ्ग स्कुल (१-१०) सम्म	सुमेनगर	३	जग्गा भवन खापा सौचालय घेरावार
२.१७	ग्रिन उड ईग्लिश बोर्डिङ्ग स्कुल (१-१०) सम्म	प्रगती टोल	३	जग्गा भवन खापा सौचालय घेरावार
२.१८	मदरसा तालिमुल (धार्मीक विद्यालय)	विर्ताबजार	३	जग्गा भवन खाने पानी सौचालय घेरावार
२.१९	कञ्चनजगाँ ईग्लिश बोर्डिङ्ग स्कुल	कञ्चनजगाँ	४	जग्गा, भवन, खापा, शौचालय, घेरावार
२.२०	ग्लोरी ईग्लिश बोर्डिङ्ग स्कुल (१-१०) सम्म	पारीजात	४	जग्गा, भवन, खापा, शौचालय, घेरावार
२.२१	लीटल ईग्लिश बोर्डिङ्ग स्कुल (१-१२) सम्म	एकता	४	जग्गा, भवन, खापा, शौचालय, घेरावार
२.२२	ईग्लिश बोर्डिङ्ग स्कुल (१-१०) सम्म	समुन्नत	४	भाडामा
२.२३	विर्ता मोडल ईग्लिश बोर्डिङ्ग स्कुल (१-१२)सम्म	मुनाल	४	जग्गा, भवन, खापा, शौचालय, घेरावार

२.२४	गोमेन्द्रमहा ईग्लिीश बोर्डिङ्ग स्कुल (१-१०)सम्म	मुनाल	४	जग्गा, भवन, खापा, शौचालय, घेरावार
२.२५	अवकास ईग्लिीश बोर्डिङ्ग स्कुल (१-१०)सम्म	पौरखी टोल	४	भाडामा
२.२६	काबेली ई. बो. स्कुल	मित्रनगर	५	जग्गा भवन, खानेपानी, शौचालय
२.२७	एम.ई.टी ई.बो. स्कुल	पञ्चमुखी टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.२८	रुद्र मेमोरियल ई.बो. स्कुल	एकता टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.२९	ब्लु बेल ई.बो. स्कुल	एकता टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.३०	सगरमाथा ई.बो. स्कुल	जिरायल	५	हाल भाडामा
२.३१	टावर टेम्पल ई.बो. स्कुल	सुव्वा चोक	५	जग्गा भवन, खानेपानी, शौचालय
२.३२	कन्काई कलेज	गजुरमुखी	५	जग्गा भवन, खानेपानी, शौचालय
२.३३	सुनगाभा ई बो स्कुल	मधु मार्ग	५	जग्गा भवन, खानेपानी, शौचालय
२.३४	सनसाईन ई.बो. स्कुल	सनसाईन टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.३५	अर्जुनधार एकाडेमी	मधु मार्ग	५	जग्गा भवन, खानेपानी, शौचालय
२.३६	लिटिल एन्जल ई.बो. स्कुल	बुद्ध नगर टोल	५	भाडामा
२.३७	मिडल प्वाईन्ट ई.बो. स्कुल	कोहेड टोल	५	भाडामा
२.३८	कोहेड कलेज	कोहेड टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.३९	न्यूटन ई.बो. स्कुल	कोहेड टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.४०	लिबर्टी ई.बो. स्कुल	लिबर्टी टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.४१	विकिल्याण्ड मन्टेश्वरी	इन्द्रेणी	५	भाडामा
२.४२	डिज्नि ई.बो. स्कुल	मित्रनगर टोल	५	जग्गा भवन, खानेपानी, शौचालय
२.४३	सरस्वती एन्जल इ बो (१-१०)	सरस्वती टोल	६	जग्गा, भवन, खापा, शौचालय, खेल मैदान
२.४४	एभरेष्ट इ बो (१-१०)	देवी तक्षशिला	६	जग्गा, भवन, खापा, शौचालय, खेल मैदान
२.४५	तक्षशिला इ. बो (१-१०)	देवी तक्षशिला	६	जग्गा भाडामा भौतिक सँरचना
२.४६	बेल्स मोडल इ.वि.(१–१०)	राधा टोल	७	भवन, जग्गा ,खा.पा.,शौचालय,घेरावार
२.४७	कञ्चन इ.वि.(१–१०)	विराट टोल	७	भवन, जग्गा ,खा.पा.,शौचालय,घेरावार
२.४८	प्रशान्त फाउन्डेसन एजुकेसन (१-१०)	प्रगती नगर	८	जग्गा भवन खापा
२.४९	लालीगुरास इ बो (१-१०)	गरामुनी वजार	८	जग्गा भवन खापा
२.५०	सेन्ट जेभियर इ बो (१-१२)	गणेश टोल	८	जग्गा भवन खापा
२.५१	सेन्ट म्यारीज (१-३)	गणेश टोल	८	जग्गा भवन खापा
२.५२	सिदार्थ शिशु सदन इ .वो (१-८ं)	कार्यलय	१०	जग्गा, भवन, घेरावार खा. पा, शौचालय
२.५३	विष्णु भगत इ. वो (१-८ं)	विराट पोखर	१०	जग्गा, भवन, घेरावार खा. पा, शौचालय

श्रोत: नगर कार्यपालिकाको अभिलेख साथै आवधिक योजना सर्वेक्षण, २०७८

चित्र नं. २.११ वर्तमान शैक्षिक पूर्वाधारहरूको अवस्थिति



२.३.३ खानेपानी तथा सरसफाई

२.३.३.१ खानेपानी

पानी प्राणी जगतको जीवन हो । पानी बिना जीवन असम्भव छ । पानि अन्य प्राणीकालागि मात्र हैन शुक्ष्म जीवाणुको बॉच्ने र बासस्थानको एक प्रमुख आधार समेत हो । मानिसलाई लाग्ने रोगहरू मध्ये आउँ, हैजा, झाडापखाला लगायतका पेट सँग सम्बन्धित करिव ८५ % रोगहरूको स्रोत पानी र पानीमा हुने जिवाणुनै हो । मानव जातीको बाल्यकालमा रोग प्रतिरोधात्मक शक्ति कम हुने भए बाट बालबालिकाकालागि प्रयोग गरिने पानिको शुद्धिकरणमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । पानि पिउनु अघि वा हाम्रो दैनिक खाद्य पदार्थमा पानिको प्रयोग गर्नु अघि शुद्धिकरण एक अनिवार्य सर्त हुन आउंछ । पानिको स्रोत देखि उपयोग वा उपभोगको स्थल र क्षण सम्म यसमा कहि कतै बाट दुषित हुन नदिने तर्फ विशेष ध्यान दिनु पर्दछ भने पानिलाई उमालेर मात्र प्रयोग गरेमा यसको माध्यमबाट मानिसमा सर्ने वा लाग्ने रोगको प्रकोप न्यून हुन जान्छ । यस नगरपालिकामा वर्तमान अवस्थामा ७ वटा खानेपानी आयोजना सञ्चालमा रहेका छन ।

विर्तामोड नगरपालिकामा करिव ७३ प्रतिसत घरपरिवारले टयूवेलको पानी उपभोग गरिरहेको अवस्था छ भने करिव २२ प्रतिसतले मात्र पाइप/निजी धारा को पानी उपभोग गरेका छन् । वर्तमान आधुनिक दुनियामा समेत इनार र कुवाका पानी उपभोग गर्ने घरपरिवार रहनु आफैमा विडम्बनायुक्त छ । तसर्थ यस पालिकाले आवधिक योजना मार्फत सवै घरपरिवारमा शुद्ध र सुरक्षित खानेपानीको सुविधा उपलब्ध हुने गरिका योजनालाई प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ ।

तालिका नं. २.२६ घरपरिवारका आधारमा खानेपानी उपभोगको वर्तमान अवस्था

क.सं.	पानीको श्रोत	१	२	३	४	५	६	७	८	९	१०	जम्मा	%
१	टयूवेलको पानी	१००३	२१२६	१३६०	८५५	८४९	११७५	१५८२	१२१२	११६२	१४५४	१२७७८	७३.२१
२	पाइप/निजी धारा	३९९	११४	६३६	१२५६	१०५३	२०६	३४	१०	२	६४	३७७४	२१.६२
३	पाइप/धाराको पानी सार्वजनिक	२५३	४७	२९	४९	२८१	२७	५	३	५	३	७०२	४.०२
४	ईनार	०	२	१	०	१	१३	५	९	१	६६	९८	०.५६
५	जारको पानी	१५	८	९	१६	१५	६	३	४	१	१	७८	०.४५
६	कुवा, ढुङ्गेधारा	०	१	१	०	०	०	१	०	१	१	५	०.०३
७	अन्य	३	३	०	०	२	१	०	१	०	०	१०	०.०६

श्रोतः विर्तामोड नगरपालिका, परिवार सर्वेक्षण, सन् २०२०

तालिका नं. २.२७ खानेपानी पूर्वाधारहरूको विवरण

क.सं.	नाम	ठेगाना (स्थान)	वडा नं.	बर्तमान अवस्था
१	विर्तामोड खानेपानी तथा सरसफाइ	भगवान टोल	३	टयाङकी ५०००
२	विर्तामोड साना सहरी खा पा तथा		४	५००० घरधुरी
३	साना सहरी तथा खानेपानि	विर्तामोड	५	ट्याङकी ६०० घरधुरी
४	विर्तामोड साना सहरी खा पा		६	५००
५	फकताङलुङ टोलमा खानेपानी		७	४००घरधुरीका लागी आवश्यक (हाल नभएको)
६	गरामनी खानेपानी तथा सरसफाइ		७	
७	साना शहरी खा. पा. आयोजना		१०	६० घरधुरीमा

श्रोतः आवधिक योजना सर्वेक्षण, २०७८

चित्र नं. २.१२ नगरपालिका क्षेत्र भित्र पानीको श्रोतको वर्तमान अवस्थिति



२.३.३.२ सरसफाई

स्वास्थ्य र सरसफाई मानव सभ्यताको एक प्रमुख सूचक हो । मानिसले आफु सधै स्वस्थ र सभ्य रहन उसले आफैले उत्पादन गरेको फोहोरमैलाको सहि विसर्जन गर्छ या गर्दैन, शौचालयको उचित प्रवन्ध गरेर त्यसको सहि प्रयोग गर्छ या गर्दैन, शौचालयको प्रयोग पछि त्यसको सरसफाई तथा साबुन पानिले हात धुने परिपाटिको विकास भएको छ या छैन, शुद्ध र सुरक्षित पिउने पानिको प्रयोगको अवस्था कस्तो छ, यी तमाम विषयमा रहेको अभिभावकको चेतना स्तर र उनिहरूले दैनिकिको रुपमा अवलम्बन गर्ने प्रकृया र पद्धतिले बालबालिकाको स्वास्थ्य रक्षा र उनिहरूको स्वास्थ्य र सरसफाई प्रतिको चेतना सहितको आनिवानिको विकासमा गहिरो प्रभाव पार्ने भएका कारण यो एक महत्वपूर्ण आयाम हो । आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरूको भनाई अनुसार यस पालिकाका ग्रामिण बस्तीहरूका अधिकाङ्स घर तथा बस्तीहरूबाट निस्कने फोहोरमैला मध्ये धेरै जसो जैविक फोहोर निस्कने गरेको, यसरी निस्किएको जैविक फोहोरमैला घर नजिकैको बारीमा खाल्डो बनाएर मल बनाउन प्रयोग गर्ने गरेका छन् भने शहरी क्षेत्रमा दैनिक रुपमा नगरपालिकाले सङ्कलन गरी व्यवस्थपन गर्ने गरेको अवस्था छ । यस पालिकामा स्थायी फोहोरमैला प्रशोधन केन्द्र/ल्यान्डफिल्ड/डम्पिङ साइट नभएको, विशेष गरी शहरी क्षेत्रमा अजैविक फोहोरको रुपमा निस्कने फलाम, टिना, ब्याट्री, सिसाका बोतल जस्ता बस्तुहरू घरघरमा आउने अनौपचारिक सङ्कलकहरूलाई सम्बन्धित घरधनीले विक्रि गर्ने गरेका छन् भने प्लाष्टिक र अन्य अजैविक फोहोरहरू जलाउन वा अब्यवस्थित विसर्जन गर्ने गरेको अवस्था देखिन्छ । फोहरपानी प्रसोधनशाला नभएको, वडा नं. १० को सैनिक बजारमा १ वटा सामान्य स्तरको सार्वजनिक शौचालय रहेको देखिन्छ भने वडा नं. ५ को बुधबारे हटिया र कृषि चौक बजारमा जग्गाको व्यवस्थापन भएको तर शौचालय बन्न नसकेको, विद्यमान वस पार्कमा १ वटा सार्वजनिक शौचालय भएको, नगरपालिकालाई २०७५ साल भाद्र ८ गने खुला दिसा मुक्त नगरपालिका घोषणा गरिएको भएता पनि अझै ९६ घरपारिकारको पारिवारिक शौचालय नवनेको तथा २८ घरपरिवारले सार्वजनिक शौचालयको प्रयोग गरिरहेको तथा ३४९ घरपरिवारको असुरक्षित खाल्डे शौचालय प्रयोग गरिरहेका, सवै विद्यालयमा बालबालिकाकालागि अलग अलग र पर्याप्त मात्रामा शौचालयको व्यवस्था हुन नसकेको, विद्यालयमा बालकाकालागि चेन्जिङ कक्षको व्यवस्था हुन नसकेको जस्ता समस्या तथा आभाव कायमनै रहि रहेका कारण यस आवधिक योजना मर्फत दिगो विकसमा आधारित योजना तर्जुम गरी सरसफाईको वर्तमान अवस्थालाई प्रारम्भ बाटै व्यवस्थित बनाउँदै लान आवश्यक रहेको छ ।

तालिका नं.२.२८ शौचालय भए नभएको र शौचालयको प्रकारका आधारमा घरपरिवार विवरण

क.सं.	चर्पीका प्रकार											जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	
१	कमोड चर्पी	५५७	३०४	४३२	६५७	८४२	१४५	३९	७५	३३	५६	३१४०
२	फल्स भएको प्यान चर्पी	१६५	१७०	३६९	५३७	३३९	१८७	३९	२७	१७	४०	१८९०
३	फल्स नभएको प्यान चर्पी	९०८	१६७६	११९३	१०७०	९९८	९९३	१५२०	१११५	१०९९	१४७०	१२०४२
४	खाल्डे चर्पी	३२	७३	४१	१२	२१	९२	२२	१७	१९	२०	३४९
५	सार्वजनिक चर्पी	५	२१	०	०	०	१	०	१	०	०	२८
६	चर्पी नभएका खुल्ला ठाउ	६	५७	१	०	१	९	११	३	५	३	९६
जम्मा		१६७३	२३०१	२०३६	२२७६	२२०१	१४२७	१६३१	१२३८	११७३	१५८९	१७५४५

श्रोतः विर्तामोड नगरपालिका, परिवार सर्वेक्षण, सन् २०२०

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

प्रजातन्त्रको पुनरवहाली पछि नेपालमा लैगिङ्गक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा उल्लेख्य कार्यहरू हुँदै आएका छन् । राजनीतिक रुपले यस पालिकामा नगर प्रमुख सहित २५ जना महिला जनप्रतिनिधिहरूले जिम्मेवारी निर्वाह गरिरहेका छन् भने ९२ जना महिला कर्मचारीहरू सेवा प्रवाह र विकास निर्माणका कार्यमा खटिरहेको अवस्था छ ।

स्थानीय तहका योजना तर्जुमा देखि कार्यान्वयनको तह सम्म समाजमा पछि परेका तथा पारिएका महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाती, मधेसी, मधेसी पिछडा बर्ग समेतलाई पालिका स्तरका सवै कृयाकलामा सहभागित गराउने कार्यले मूर्त रुप लिएको छ ।

क. लैङ्गिक समानता

राष्ट्रिय जनगणना २०७८ का आधारमा विर्तामोड नगरपालिकामा महिलाहरूको जनसङ्ख्या ५१.३१ प्रतिसत रहेको छ । महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित र गृहिणी महिलाको लागि Covid 19 महामारी रोग नियन्त्रण र वातावरणमैत्री सचेतना कार्यक्रम नगरपालिका क्षेत्रभित्र रहेका सबै वर्ग र क्षेत्रहरूको समान सहभागिता हुने गरी नगरपालिका स्तरीय र वडा स्तरिय महिला समिति गठन, घरेलु हिंसापीडित महिलाहरूलाई सामाजिक न्याय र कानूनी सहायताका लागि सहयोग गर्न घरेलु हिंसा पीडित महिला सहायताकालागि लैङ्गिक हिंसा निवारण कोष स्थापना, नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सबै प्रकृतिका कार्यक्रमहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीति अवलम्बन, नगरपालिका क्षेत्रमा महिला समूह, आमा समूहका नाममा सञ्चालित विभिन्न बचत समूहहरूलाई नगरपालिका/वडा कार्यालयमा दर्ता गराई त्यस्ता समूहहरूलाई नगरपालिकाले लक्षित कार्यक्रममार्फत् हितकारी समूहको रूपमा विकास गराई सहकारी संस्थामा रूपान्तरण गर्न आवश्यक सहयोग, नगरपालिका क्षेत्र भित्रका महिला सहकारीको संस्थागत क्षमता विकास र सुदृढीकरणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन, विपन्न एवम् लक्षित वर्ग र क्षेत्रका महिलाहरूका लागि आत्मनिर्भरता र स्वः आर्जनसँग सम्बन्धित आवश्यक सीप र क्षमता विकास सम्बन्धि कार्यक्रमहरू सञ्चालन, महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसासँग सम्बन्धित विषयमा कानूनी सचेतना कार्यक्रम सञ्चालन, नगरपालिकाको विकास निर्माण कार्यमा महिलाको सहभागिता अभिवृद्धि गर्न नगरपालिकाका महिला समुह र सहकारी समूह बाहेक विकास निर्माण सम्बन्धी उपभोक्ता समितिमा शत्प्रतिशत महिलाहरूले आयोजना कार्यन्वयन वा योजना संचालन गरेमा जनसहभागिता वापतको रकममा विशेष छुट दिइने व्यवस्था, कानुनको अनविज्ञतामा पैतृक सम्पति माथि महिलाको अधिकार गुम्ने सम्भावना अन्त्यकालागि महिलाहरूलाई कानुनी ज्ञान प्रदान जस्ता विविध कार्यक्रमहरू सञ्चालनका लागि नीतिगत व्यवस्थाका साथ कृयाशिल रहेको अवस्था छ । यसका अतिरिक्त जेष्ठ नागरिक एकल महिला सामाजिक सुरक्षा भत्ता उपलब्ध गारउँदै आएको छ । वर्तमानमा अन्य विवरण प्राप्त नभएका कारण २०६८ सालको विवरणलाई आधार मान्दा विर्तामोड नगरपालिकामा १८.४६ प्रतिसत घर जग्गा दुवै र ३१.३७ प्रतिसत जग्गमा मात्र महिलाको नाममा रहेको अवस्था देखिएको छ ।

(ख) बालबालिका

संविधानत बालबचाउ, बाल संरक्षण, बाल विकास र वाल सहभागिता जस्ता विषयहरू समेटी सर्वाङ्गिण विकासको आधार निर्माण गर्न बालबालिकाको हकलाई समेत मौलिक हकमा राखेको अवस्था छ । केन्द्रय तथ्याङ्क विभागले प्रकासन गरेको झापा जिल्लाको स्थानीय तहहरूको विवरण, २०७५ बमोजिम यस नगरपालिका भित्र कुल ८२५९२ जनसङ्ख्या रहेकोमा सो को आधारमा करिव ३९.५३ प्रतिसतको हाराहारी ० देखि १८ बर्ष उमेर समूहका बालबालिका रहेका छन् भने १०.१८ प्रतिसत ० देखि ५ बर्षका, करिव २० प्रतिसत ६ देखि १४ प्रतिसत र ९.३६ प्रतिसत १५ देखि १८ बर्ष उमेर समूहका रहेका छन् भने भर्खर प्राप्त जनगणना २०७८ को प्रारम्भिक सङ्ख्या ११७३५५ लाई आधार मान्दा करिव ३७००० (३१.५२ प्रतिसत) बालबालिका विद्यालयको पहुँचमा रहेको अवस्था छ । यस नगरपालिका भित्र बाल श्रमिक रहेको भएतापनि एकिन विवरण उल्लेख

तालिका नं. २.२९ बालबालिकाको उमेरगत विवरण

क.सं.	उमेर समूह	सङ्ख्या	प्रतिसत
१	० देखि ५ बर्ष	८४०६	१०.१८
२	६ देखि १४ बर्ष	१६५११	२०.००
३	१५ देखि १८ बर्ष	७७३२	९.३६
जम्मा		३२६४९	३९.५३**
४	विद्यालयको पहुँचमा रहेका बालबालिका	३७०००	३१.५२*

** स्थानीय तहको विवरण, झापा, २०७५
*राष्ट्रिय जनगणना २०७८ लाई आधार मान्दा

नभएको, सडक बालबालिकाको अवस्थ पहिचान नगरिएको, विद्यालयहरू पूर्णत बालमैत्री नभईसकेका कारण भय रहित वातावारण सिर्जन नभै सकेको अवस्था छ । तसर्थ आवधिक योजना मार्फत बालमैत्री स्थानीय शासनको पूर्ण कार्यान्वयन बाट यस नगरलाई बालमैत्री नगरको रुपमा घोषणको तह सम्म सहज पुग्ने अवस्था सिर्जन गर्न अनिवार्य देखिएको छ ।

(ग) जेष्ठ नागरिक

अग्रजहरू प्रतिको सम्मान र संरक्षण पारिवारिक, सामाजिक तथा राजनैतिक दायित्व भित्र पर्दछ । जेष्ठ नागरिक यस समाजका तस्विर हुन । यीनै जेष्ठ नागरिकको देनका कारण आज हामि यहाँ छौं । उनिहरूसँग अन्तरनिहित ज्ञान र सिप वर्तमान आधुनिक दुनियाले ग्रहण र अध्ययन गरी अवको दुनियाँको विकासको मोडेलको खाका कोर्न आवश्यक छ । तसर्थ यस पालिकाले विगत देखिनै जेष्ठ नागरिकहरूको परिचय-पत्र वितरणलाई सहजता र निरन्तरता प्रदान, स्वास्थ्य विमा कार्यक्रमलाई सहज र प्रभावकारी बनाउने, जेष्ठ नागरिक स्वस्थ्य सेवाकेन्द्र स्थापना र सञ्चालन, आवश्यकताका आधारमा उचित स्थानहरूमा जेष्ठ नागरिक मिलन चौतारी निर्माण जस्ता कार्यक्रम मार्फत सेवा प्रवाह गराउने लक्ष्यका साथ अघि बढी रहेको छ भने ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई राष्ट्रिय कार्यक्रम मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै अएको छ भने पालिका स्तरमा समेत सम्मान र संरक्षणका कार्यक्रमलाई निरन्तरता दिईएको छ । केन्द्रिय तथ्याङ्क विभागले तयार पारेको झापा जिल्लाका स्थानीय तहहरूको वस्तुगत विवरण, २०७५ का आधार २०६८ सालमा यस पालिकामा करिव २.८६ प्रतिसतको हाराहारीमा ७० बर्ष माथिका जेष्ठ नागरिकहरू रहेकोमा २०७८ को प्रारम्भिक जनसङ्ख्या विवरण सँग तुलनामा सोहि प्रतिसतलाई आधार मानि गणना गर्दा यस उमेर समूहका जेष्ठ नागरिकको सङ्ख्या ३३५६ को हाराहारिम रहेको अनुमान गरिएको छ ।

(घ) अपाङ्गता

अपाङ्गता मानिसको ईच्छा विपरितको अवस्था हो । प्राकृतिक विपत्ती, दर्घटना, कुपोषण, स्नायु प्रणालीको कमजोरी लगायतका विभिन्न कारण बाट अपाङ्गता जस्तो डरलाग्ने, कहालिलाग्दो परिस्थितिको सामना गर्न बाध्यता आईपर्ने गर्दछ । भएका व्यक्तिहरूको शारिरीक र मानसिक अवस्था अनुसारको क्षमता अभिवृद्धि, अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण, अपाङ्गता भएका व्यक्तिहरूका लागि सम्पर्क कार्यालयको स्थापनामा सहयोग, सहज र सुलभ स्वस्थ्य सेवा उपलब्ध गराउने कार्यमा नगरपालिकाले अग्रणि भूमिका निर्वाह गरिरहेको अवस्था छ । यसका अतिरिक्त यस पालिकाले पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गारउँदै आएको छ भने आत्मनिर्भरताकालागि सीप विकास जस्ता कार्यक्रम समेत प्राथमिकताकासाथ सञ्चालन गर्दै आईरहेको छ । यस आवधिक योजनाले समेत अपाङ्गता भएका व्यक्तिको हित र आन्मनिर्भरता उन्मुख योजना तथा कार्यक्रम साथै अपाङ्गमैत्री भौतिक संरचनाहरू निर्माण गर्ने कार्यलाई थप प्रभावकारी बनाउने आवश्यक छ ।

ङ. दलित तथा आदिवासी, जनजाति

माथि उल्लेख गरिए बाहेकका सामाजिक समावेशीकरणकालागि महिला सिलाइ बुनाइ प्रशिक्षण, दलित तथा आदिवासी, जनजाति क्षमता विकास, उद्घोषण र प्रस्तावना लेखन कार्यक्रम, महिला सिपमुलक तालिम, सचेतनामुलक कार्याक्रम जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

तसर्थ यस आवधिक योजना मार्फत सामाजिक समावेशीकरणलाई थप गतिसिल बनाउँदै सार्थक परिणाम प्रप्तिका लागि लक्ष्य, रणनीति तथा कार्यनीतिका साथ योजना तर्जुमा गर्न सके आगामि दिनमा लैङ्गक समानता र सामजिक समावेशीकरणका कारण यस पालिकाको समृद्धि निर्माणमा यथेष्ठ योगदान रहने विश्वास गरिएको छ ।

२.३.५ युवा, खेलकुद तथा कला

(क) युवा

वि.सं २०६८ सालको तथ्याङ्कलाई आधार मानेर केन्द्रिय तथ्याङ्क विभागले प्रकासन गरेको झापा जिल्लाको स्थानीय तहहरूको वस्तुगत विवरण, २०७५ का आधारमा १९ बर्ष देखि ४० बर्ष उमेर समूहका यूवाहरूको जनसङ्ख्या ३८.३५ प्रतिसत रहेकोमा वि.सं. २०७८ सालको जनगणना बमोजिमको कुल जनसंख्याका आधारमा सोहि प्रतिसतका दरल प्रक्षेपण गर्दा करिव ४५००६ जना यूवाहरू रहेको अवस्था छ । विर्तामोड नगरपालिकाले सन् २०२० मा गरको घरपरिवार

सर्वेक्षणका आधारमा ५९०५ जना यूवा वैदेशिक रोजगारीकालागि विदेशिएको अवस्था छ । देश विकासको मूख्य भूमिका युवाहरूको उपस्थिति, उनिहरूमा विकास हुने शिप, कला र क्षमता साथै कम प्रतिको लगनसिलतामा निर्भर रहने गर्दछ । युवाहरूमा राष्ट्रबादी भावना जाग्रित गराई श्रमप्रति सम्मान गर्ने भावनाको बिकास गर्ने क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक छ । स्वदेश भित्रै पर्याप्त रोजगारीको अभावका कारण युवाहरू बिदेशिन बाध्य रहेका छन् । वर्तमान सम्म आईपुग्दा यो पालिका पनि यस परिवेश बाट मुक्त हुन सकेको देखिएन ।

युवाहरूलाई स्वरोजगार बन्नका लागि आवश्यक व्यवसायिक (होमस्टे समेत) तथा प्राबिधिक प्रशिक्षण तथा तालिम प्रदान गर्ने, युवा उद्यमीहरूलाई सहुलियत ऋण तथा निश्चित अनुदानको ब्यबस्था गर्ने, युवाहरूलाई उद्यमशील बन्न प्रोत्साहन गरिनुका साथै नेपाल सरकारको नीति अनुरूप योग्यताको प्रमाणपत्रका आधारमा ऋण उपलब्ध गराउने, युवाहरूलाई नगरपालिकाको विकासका साथै खेलकुद, कला, साहित्य लगायतका क्षेत्रहरूमा सहभागी गराउने, विदेशी मुलुक गई फर्कि आएका युवा वर्गलाई सकेसम्म आफ्नै क्षेत्रमा आत्मनिर्भर र स्वरोजगार बनाउन उनिहरुले प्राप्त गरेको ज्ञान शिपलाई उपयोग गर्दे नगरपालिका स्तरीय कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, युवाहरूलाई दुर्ब्यसन एवम् कुलत जस्ता सामाजिक विकृतिबाट टाढै राख्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूको सहकार्यमा बिशेष कार्यक्रमहरू सञ्चालन गर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाएर स्थानीय यूवाहरूलाई रोजगारीका अवसर उपलब्ध गराउने, बैदेशिक रोजगारीमा जान चाहने युवाहरूको लागि पनि सोहि अनुसारको अभिमुखीकरण तालिम र सचेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने, स्वरोजगार सम्बन्धी तालिम कार्यक्रमहरूलाई निरन्तरता दिने जस्ता नीतिगत निर्णयका साथ विर्तामोड नगरपालिका अघि बढिरहेको भएता पनि लक्ष्य बमोजिम उद्योग धन्दा तथा कलकारखानाको विकास हुन नसकेको, औद्योगिक ग्रमको निर्माण तथा व्यवस्थापन नभएको, कृषि तथा पशुपालनको व्यवसायिकिकरणले तिब्र गति लिन नसकेको, पर्यटन उद्योग र व्यवसाय नतिजामुलक हुन नसकेको, लगानी योग्य वित्तीय सेवा उपलब्ध हुन नसकेको लगायतका कारण यूवाहरूले रोजगारी पाउन सकिरहेको अवस्था छैन । तसर्थ यस पालिकाले यसै आवधिक योजना बाट उल्लेखित विषय बस्तुको व्यवस्थापनका साथ युवा लक्षित योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अनिवार्य देखिएको छ ।

ख) खेलकुद तथा कला

खेलकुदको विकास र व्यवस्थापन युवा शक्तिको सदुपयोगको अर्को महत्वपूर्ण आयाम हो । शारीरिक शुगठन र स्वास्थ्य रक्षा साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय भाईचारको बिकास र पहिचानका लागि बिभिन्न प्रकारका खेल एक अनिवार्य आवश्यकता भित्र पर्दछन् । आज बिश्वमा खेलको माध्यम बाट बिभिन्न मुलुकहरूले आफ्नो पहिचानमा ब्यापकता ल्याउन र विश्वा सामु आर्थिक गतिविधिको बाटो निर्माण गर्न सकेका कयौं उद्धारण हाम्रो सामु छन् । विद्यालय स्तरीय खेलमैदानको बिकास र ब्यवस्थापन बाट बालबालिकाको क्षमताको खोजी गर्न होस वा विद्यालय उमेरबाट बाहिरिए पछि खेलक्षेत्र बाट आफ्नो क्षमताको उपयोग र मुलुकको छवी उच्च राख्न खेलकुदको महत्वपूर्ण योगदान रहन्छ । खेलकुद क्षेत्रको बिकासकालागि उपयुक्त खेलमैदानको ब्यवस्था र उपलब्धता पहिलो सर्तका रुपमा रहन्छ ।

तालिका नं.२.३० खेल मैदानहरूको विवरण (विद्यालय बाहेक)

क.सं	नाम	स्थान	वडा नं.	बर्तमान अवस्था
१	सोमबारे खेलमैदान	सोमबारे	२	सामान्य २ विघा
२	डोमालाल रङगशाला	रङगशाला	३	१४ विगाहा हाल
३	डोमालाल क्रिकेट	उन्नती टोल	३	सामान्य
४	बुट्टाबारी खेलमैदान	मसले	६	१ विगाहा सामान्य
५	सुन्दर खेलमैदान	पाथिभरा	७	१० कट्ठा सामान्य
६	शुक्राज टोलमा		८	हाल नभएको ३ विगा जग्गा रहेको
७	शिवालय खेलमैदान	शिवालय टोल	१०	हाल सामान्य

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

यस पालिकामा उपलब्ध रहेका उल्लेखित खेलमैदानहरूको बर्तमान पूर्वाधारको अवस्था कमजोर रहेका कारण खेलकुदको माध्यम बाट आफ्नो पहिचान उच्च बनाउन सक्ने थुप्रै सम्भावना रहेको यस पालिकाले आवधिक योजना मार्फत

खेलमैदनहरूको निर्माण, बिकास र प्रवर्द्धनका साथ मापदण्ड बमोजिमको पालिका स्तरीय खेलमैदान १, सवै वडामा वडास्तरीय खेलमैदान कम्तिमा एक एक वटा साथै सवै विद्यालयमा मापदण्ड बमोजिमको खेलमैदानको अनिवार्य निर्माण व्यवस्थापन सहित व्यवसायिक खेलाडि उत्पादन गर्ने हैसियतका साथ खेलकुद सम्बन्धितका योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वनयमा ल्याउनु पर्ने आवश्यकता देखिएको छ भने कला र साहित्यको विकसकालागि यस प्रकारका संस्थाको संरक्षण र सम्बर्द्धनमा समेत योजना तर्जुमा गरी विद्यालय तह बाटै यसको विकासका साथ सुशस्कारको विकासमा लाग्न अनिवार्य देखिएको छ ।

२.४ पूर्वाधार तथा शहरी/ग्रामिण विकासको अवस्था

कुनै पनि स्थान वा क्षेत्रको आर्थिक समृद्धिको एक प्रमुख आधार भौतिक पूर्वाधारको अवस्थाले इन्कित गर्ने गर्दछ । यस पालिकाको आर्थिक समृद्धिको प्रमुख आधार उद्योग, व्यापार, व्यवसाय साथै कृषि तथा पशुपालन र तीनबाट उत्पादित बस्तुको औद्योगिकिकरणनै हो । व्यवस्थित र सुरक्षित बासको सुनिस्चितताकालागि भुकम्प प्रतिरोधी घरको निर्माण, छरिएर रहेको बस्तीमा न्यूनतम मापदण्ड बमोजिमका भोतक पूर्वाधार पुऱ्याउन समेत कठिन हुने भए बाट एकीकृति सुरक्षित बस्ति विकास, सुरक्षित र व्यवस्थित सडक सञ्जाल, विद्युत, खानेपानी, सार्वजनिक शौचालय, दुरसञ्चार लगायतका अति आवश्यक पूर्वाधारहरूको जगमा मात्र यस पालिकाको शहरीकरण अवस्थालाई दिगो बनाउँदै शहरी विकासको प्रारुप तयार हुदै जाने गर्दछ । यस आवधिक योजना तर्जुमाका सिलसिलामा गरिएको सर्वेक्षण, वडागत छलफल, कार्यशाला गोष्ठी, स्थानीय सरोकारवाला सँगको सम्बाद बमोजिम पूर्वाधार तथा ग्रामिण विकासको अवस्था देहाय बमोजिम रहेको छ ।

२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

वस्ति तथा आवासको अवस्थाको अध्ययन गर्दा विर्तामोड नगरपालिकाकामा नगरपालिका अफैले गरेको घरधुरी सर्वेक्षण, सन् २०२० का आधारमा कुल २२२३३ घर हरू रहेकोमा राष्ट्रिय जनगणना, २०७८ का आधारमा १२०३९ घरधुरीमा २९८६१ परिवारको बसोबास रहेको पाईएको छ भने यस पालिकाको कुल भू-भागको २.३७ प्रतिसत (१.८६ बर्ग कि.मि.) मा मात्र सार्वजनिक निर्माणका कार्यहरू भएका छन् । यस पालिकाका केहि सुकुम्वासी वस्ती तथा सिमान्तकृत परिवारहरू खोला किनारा तथा तटीय क्षेत्रमा बसोबास गरिरहेको अवस्था । यस पालिकाको विर्तामोड बजार केन्द्र र विर्ता बजार केन्द्र बाहेकका स्थानहरू छरिएको वस्ती रहेको अवस्था छ । मुख्य सडकका छेउछाउँमा बाग्लो बस्तिहरू बसेको अवस्था छ भने ग्रामीण भेगतिर बस्तिहरू छरिएर रहेको अवस्था छ । ग्रामीण वस्तिहरूमा घरका भवनहरू प्रायः ईंटा, काठ र जस्ताले बनेका छन् । परिवारको आर्थिक अवस्थाअनुसार घरको बनावटपनि फरक फरक छ । धेरैजसो परिवारको चाहना पिलर सहितको आरसिसि भवन बनाउनेतिर उन्मुख देखिन्छ । विर्तामोड नगरपालिकामा सबैभन्दा धेरै ११३९१ (कुल घर सङ्ख्याको ५१.२३ प्रतिसत) आरसिसि ढलान गरेका घरहरूको देखिन्छ भने ३२.४७ प्रतिसत ढुङ्गा/ ईंटा सिमेन्ट जोडाइ र जस्ता पाताको छाना भएका मिश्रित घरहरू बनेको अवस्था छ । कच्चि (खर, छवाली, जस्ता) ले बनेका घर तथा आरसिसि ढलान गरेका तर पिलर नहालेका घरहरूपनि उल्लेख्य रहेको अवस्था छ ।

तालिका नं. २.३१ वडागत तहमा निजी आवासका प्रकारको अवस्था ।

क.सं	भवनका प्रकार	वडा नं.										जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	
१	आरसिसि ढलान पिलर सहित	१६३३	१२०९	१५३५	२३४५	२६१८	६६४	३८२	४०९	२३२	३६४	११३९१
२	आरसिसि ढलान पिलर रहित	१२	८८	१६	५	१०	९	८	१३	३	८	१७२
३	ढुङ्गा/ईटा र सिमेन्ट जोडाइ र जस्ता	४५५	९६७	६१०	५५४	३९६	६०६	९७१	७३४	७९३	११३४	७२२०
४	कच्चि (खर, स्याउला, छवाली, जस्ता)	१८१	३९२	३८०	२१४	२१५	३८६	४०१	२३३	२४१	३६२	३००५
५	ब्लक र जस्ताले बनेका	२३	३०	२८	१४	४२	५६	२८	६	२९	१७	२७३
६	अन्य	१३	२४	७	८	९	२१	२३	१०	९	४८	१७२
	जम्मा	२३१७	२७१०	२५७६	३१४०	३२९०	१७४२	१८१३	१४०५	१३०७	१९३३	२२२३३

श्रोतः विर्तामोड नगरपालिका, घरधुरी सर्वेक्षण, सन् २०२०

स्थानीय तहहरूबाट जनतालाई नियमित र प्रभावकारी सेवा प्रवाह र विकास निर्माणका कार्यहरू सञ्चालन गर्न श्रोत र साधन युक्त सुविधा सम्पन्न कार्यालय भवन एक अनिवार्य र अपरिहार्य सर्तहो । यस पालिकाको आफ्नै पक्की कार्यालय भवन निर्माण भई सञ्चालनमा रहेको छ भने वडा नं. ३, ४, ५ र ८ गरी जम्मा ४ वटा वडाको आफ्नै कार्यालय भवन छैन भने वडा नं. ७ को निर्माणाधिन अवस्थामा रहेको छ । यीनका अतिरिक्त विभिन्न वडाहरूमा विभिन्न सरकार तथा गैरसरकारी कार्यालयका भवन हरू समेत रहेको अवस्था छ । वडा नं. ५ मा टेक ब. गिरी वसर्पाक तथा टर्मिनल सञ्चालनमा रहेको छ भने सामुदायिक तथा निजी विद्यालय, शिक्षण संस्था, शिक्षण अस्पताल, व्यवसायिक मल तथा भवनहरू, सामुदायिक भवन खेल मैदान समेत रहेको अवस्था छ जसको विवरण विषयगत शिर्षकका अनुसूचिहरूमा उल्लेख गरिएको छ । यस पालिका भित्र बहुतले व्यवसायिक तथा निजी भवनहरू समेत निर्माण हुने क्रम बढेका कारण भवन संहिताको पूर्ण कार्यान्वयनका साथ यस पालिका भित्र निर्माण हुने आवासीय समेतका सब्र प्रकृतिका आवस तथा भवनहरूको नियमन र व्यवस्थपन गर्न अनिवार्य देखिएको छ ।

तालिका नं. २.३२ सरकारी तथा स्थानीय तहका कार्यालयहरू

सरकारी तथा स्थानीय तहका कार्यालय			
क.सं.	**नाम**	**ठेगाना (स्थान)**	**बर्तमान अवस्था**
१	नगर कार्यपालिका भवन		नयाँ निर्माण भई सञ्चालनमा रहेको
२	वडा समितिका कार्यालय भवन	१, २, ६, ७, ९, १०	वडा नं. ७ को निर्माणाधिन अन्य सञ्चालनमा
३	पशुपँक्षी तथा मध्य विकास केन्द्र	कञ्चनजगाँ, वडा नं. ४	जग्गा भवन
४	पुरानो विधुतप्रीधकरण	शान्ती, वडा नं. ४	जग्गा भवन
५	नेपाल टेलीकम	बुधवारे कृषी थोक वडा नं. ५	जग्गा ,भवन,घेरावारा
६	कृषि उपज बजार		जग्गा ,भवन,घेरावारा
७	साल्टट्रेडिङ		जग्गा ,भवन,घेरावारा
८	कृषि सामाग्री कम्पनि		जग्गा ,भवन,घेरावारा
९	नेपाल टेलीकम	वडा नं. ७	
१०	कृषि उपज बजार	वडा नं. ७	
११	साल्टट्रेडिङ	वडा नं. ७	
१२	कृषि सामाग्री कम्पनि	वडा नं. ७	
१३	अतीरीक्त हुलाक	सैनीक टोल वडा नं. १०	हाल भाडामा

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

२.४.२ सडक, पुल तथा यातायात

विर्तामोड नगरपालिका शहरीकरणको तिव्रगति प्रवेश गरेको अवस्था छ । यातायातको प्रारम्भिक पूर्वाधारको रुपमा रहेका सडक, पुल तथा कलभर्टहरूको स्तरले त्यस क्षेत्रको विकास र समृद्धिको मार्ग कति सहज र प्रभावकारी छ भन्ने कुराको सङ्केत गर्दछ । अर्को सब्दमा भन्ने हो भने यातायात पूर्वाधारको अवस्था आर्थिक विकास र समृद्धिको एक प्रमुख आधार सूचक हो । आवधिक योजना तर्जुमा सर्वेक्षणका आधारमा यस पालिका भित्र ६४९.९ कि.मि. लम्बाई का कुल ५०५ वटा सडक विद्यमान रहेको अवस्था देखिन्छ । उल्लेखित सडक सञ्जाल मध्ये सङ्ख्यात्मक हिसावले वडा नं. २ र ५ तथा लम्बाईको हिसावले वडा नं. ९ मा रहेको छ । वडागत छलफल बाट नयाँ सडक निर्माणकालागि प्रस्ताव भएका छन् । विद्यमान सडकमा करिव ६५ कि.मि. कालोपत्रे, ३५० कि.मि. ग्राभेल, २३५ कि.मि. कि.मि. पूर्ण कच्ची रहेको अवस्था देखिएको छ । विर्तामोड नगरपालिकाको प्रत्यक वडामा सडक सञ्जाल पुगेको छ । जसमध्य १५७३० घरधुरीको छेउमा ग्राभेल सडकले छोएको छ । ३५२३ घरलाई पिच सडकले छोएको छ भने १७८० घरधुरीलाई धुले सडकले

तालिका नं.२.३३ वडागत सडक सञ्जाल

वडा नं	सडक सङ्ख्या	कि.मि.
१	६०	६३.२
२	१०१	८३.७
३	६९	५६.१
४	५२	६८.६९
५	९०	४९.७४
६	२५	४६
७	४६	५७.३
८	१८	४५.२
९	२७	९२.५
१०	१७	८७.५
जम्मा	५०५	६४९.९

श्रोत: आवधिक योजना सर्वेक्षण, २०७८

छोएको अवस्था छ । त्यस्तै १०८५ घरधुरीलाई सडकले नछोएको कारण गोरेटोबाटो प्रयोग गरेको अवस्था छ । सवैभन्दा धेरै घरधुरीलाई ग्राभेल सडकले छोएको । यस पालिका भित्र ३० वटा पुल र ७० वटा कलभर्ट रहेका छन् । उल्लेखित पुल तथा कलभर्टले यातायात सञ्जाललाई एक वस्ती बाट अर्को वस्ती, टोल तथा बजार सम्म सहज पहुँच तथा आवागमन स्थापित गरेको अवस्था छ ।

यस पालिकाको आर्थिक विकासको प्रमुख आधार उद्योग, व्यापार, व्यवसायको स्थापना, प्रवर्द्धन र विकास साथै कृषि तथा पशुपालनको व्यवसायिकिकरण तथा पर्यटनको विकास भएकाले सडक सञ्जाल नपुगेका टोल तथा बस्ति र औद्योगिक स्थलहरूमा यातायात पूर्वाधारको रुपमा सडक विस्तार गर्ने साथै ग्रामिण स्तरमा रहेका कृषि सडकहरूको स्तरउन्नती गर्दै सवै खाले मौषममा यातायात तथा ढुवानीका साधन सञ्चालन हुन सक्ने बनाउने र वर्तमान माटोका सतह भएका कच्ची सडकलाई न्यूनतम रुपमा ग्रभेल गर्ने साथै ग्राभेल गरिएका सडकलाई क्रमस प्राथमिकताका आधारमा कालो पत्रे गर्ने गरी यस आवधिक विकास योजनाले सम्बोधन गर्न अनिवार्य देखिएकोछ । यस पालिका भत्रि रहेका सडकहरूको सतहका आधारमा उपलब्ध विवरण देहाय बमोजिम रहेको छ ।

चित्र नं.२.१३ सडक सञ्जालको वडागत विवरणय



तालिका नं.२.३४ आफ्नो घरअगाडीको सडकको वडागत अवस्थाका आधारमा घरधुरी विवरण

सडक प्रकार	वडा नं.										जम्मा
	१	२	३	४	५	६	७	८	९	१०	
धुले सडक	२७१	३९९	६८	४९	२०६	१३०	२७९	१९१	१८७	११५	१७८०
ग्राभेल	११७७	१९२२	२१०३	२७२०	१७१३	१२२०	१२७१	१०२७	८३९	१७३८	१५७३०
पिच	७१८	२३१	३३०	३३८	१२९०	१३२	१२४	१६७	१७९	१४	३५२३
गोरेटो	१५१	१५८	७५	३३	८१	२६०	१३९	२०	१०२	६६	१०८५
नखुलेको											११५
जम्मा	२३१७	२७१०	२५७६	३१४०	३२९०	१७४२	१८१३	१४०५	१३०७	१९३३	२२२३३

श्रोतः विर्तामोड नगरपालिका, घरधुरी सर्वेक्षण, सन् २०२०

चित्र नं. २.१४ पालिका क्षेत्र भित्रको सडक सञ्जालको वर्तमान अवस्थिति



२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

विर्तामोड नगरपालिकामा सतप्रतिसत घर परिवारमा विद्युत सेवाको पहुँच पुग्न सकेको देखिदैन । उद्योगको विकास र विस्तारकालागि आवश्यक विद्युत पूर्वाधारका साथै व्यापारिक क्षेत्र, कृषि क्षेत्र, सिंचाईको प्रवन्ध समेतकालागि अझै थप व्यवस्थापन गर्नु पर्ने अवस्था छ । जलश्रोत मार्फत प्राप्त गर्न सकिने उर्जाको प्रचुर सम्भावना रहेको हाम्रो जस्तो मुलुकमा इन्धन र उर्जाको रुपमा प्रयोग हुँदै आएको काठा दाउराको प्रयोगको अन्त्य गरी भविश्यमा मानवीय कृयाकलापमा धेरै जसो आवश्यकता विद्युत बाटै व्यवस्थापन गर्न अनिवार्य भएका साथै उद्योग, व्यापार तथा व्यवसायको विकासमा समेत विद्युतको पहुँच अनिवार्य भएका कारण विद्युत वितरण पूर्वाधारलाई यसै आवधिक योजना मार्फत आवश्यकता पहिचानका आधारमा व्यवस्थापन गर्दै जना आवश्यक रहेको छ भने बैकल्पिक उर्जाको रुपमा सोलार र बायो ग्याँसा प्लाण्टको समेत सम्भावना रहेकाले यसको समेत व्यवस्थपन गर्न अनिवार्य देखिन्छ ।

यस नगरपालिकामा आफ्नै विजुलीको मिटर भएका घरपरिवार करिव ७०.२६ प्रतिसत, आफ्नै विजुलीको मिटर नभएका परिवार ७.६४ प्रतिसत रहेका छन् भने यस पालिकाले गरेको घरधुरी सर्वेक्षण, सन २०२० का आधारमा २२.०९ प्रतिसत घरपरिवारको विवरण खुल्न सकेको अवस्था छैन । यसका अतिरिक्त इन्धनको रुपमा विद्युतको प्रयोग गर्ने घरपरिवार मात्र ८६ देखिएको छ । यस पालिका भित्र खाना पकाउने ईन्धनको रुपमा दाउराको प्रयोग गर्ने घरपरिवार ५२३७, गाईको गोवर बाट बनेको गुइठा प्रयोग गर्ने ३० र मट्टितेल प्रयोग गर्ने घरपरिवार ४ रहेको छ । यस पालिका भित्र बैकल्पिक तथा नवीकरणीय उर्जाको रुपमा १०२८ घरपरिवारले गोवर ग्याँसको प्रयोग गरेको अवस्था छ भने सोलार इनर्जीको प्रयोगको विवरण प्राप्त हुन सकेको छैन । तसर्थ यस पालिकाले यस आवधिक योजना मार्फत विद्युत पहुँच नपुगेका घरपरिवारमा पहुँच विस्तार, उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा क्षमता विस्तार साथै बैकल्पिक उर्जा व्यवस्थापनमा विशेष योजना तर्जुमा तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ ।

तालिका नं.२.३५ वडातग तहमा विद्युत पहुँचको अवस्था

विद्युत सेवाको अवस्था	वडा नं.										जम्मा
	१	२	३	४	५	६	७	८	९	१०	
आफ्नै विजुलीको मिटर भएको	१६०९	२०१८	१८५३	२२०१	२१२३	१२२२	१२७२	१०३०	९६९	१३२४	१५६२१
आफ्नै विजुलीको मिटर नभएका	५७	२२९	१६८	७२	७४	१९५	३१५	१८२	१७३	२३५	१७००
नखुलेको											४९१२
जम्मा	१६६६	२२४७	२०२१	२२७३	२१९७	१४१७	१५८७	१२१२	११४२	१५५९	२२२३३

श्रोतः विर्तामोड नगरपालिका, घरधुरी सर्वेक्षण, सन् २०२०

तालिका नं.२.३६ वडातग तहमा खानापकाउने उर्जाको प्रयोगको अवस्था

उर्जा प्रकार	वडा नं.										जम्मा
	१	२	३	४	५	६	७	८	९	१०	
एलपी ग्याँस	१६२४	१८८८	१८९६	२२२८	२१८३	१३३४	१३१७	१००८	१००४	१४२९	१५९११
दाउरा	२५६	१०४८	३७१	१२७	७८	५६३	८७५	५१४	५८९	८१६	५२३७
गोवर ग्याँस	१५	१८१	३२	११	५	२५	१८९	१६२	१९०	२१८	१०२८
बिजुली	३	१६	७	४	१	४	१२	११	१८	१०	८६
गुइठा	३	३	२	१०	०	२	०	२	८	०	३०
मट्टितेल	०	०	०	२	०	१	१	०	०	०	४
अन्य	२	०	१	०	१	०	०	५	०	१	१०
जम्मा	१९०३	३१३६	२३०९	२३८२	२२६८	१९२९	२३९४	१७०२	१८०९	२४७४	२२३०६

श्रोतः विर्तामोड नगरपालिका, घरधुरी सर्वेक्षण, सन् २०२०

२.४.४ सूचना, सञ्चार तथा प्रविधि

विर्तामोड नगरपालिकामा सूचना प्रविधिको पहुँच तिव्र गतिमा विस्तार र विकास भईरहेको अवस्था छ । केन्द्रिय तथ्याङ्क विभागले २०६८ को विवरणलाई आधार मानि तयार पारको झापा जिल्लाका स्थानीय तहहरूको वस्तुगत विवरण २०७५ का आधारमा यस पालिकामा रेडियोको प्रयोग गर्ने ८६६२ घरपरिवार, टेलिभिजन प्रयोग गर्ने १२२६३, केवल टेलिभिजन प्रयोग गर्ने ६८४३, कम्प्यूटर प्रयोग गर्ने २६२४, इन्टरनेट प्रयोग कर्ता ९५७ साथै टेलिफोन प्रयोग कर्ता २४०१ तथा मोवाइल प्रयोगकर्ता १५४४७ रहेको अवस्था देखिन्छ । यस १० बर्षको अवधिमा यो सङ्ख्यामा तिव्र गतिले विकास भई यस पालिकामा करिव ७७ प्रतिसत जनसङ्ख्या तथा घरपरिवारले नेट ईन्टरनेटको सेवा सुविधा उपयोग गरिरहेको अनुमान गरिएको छ ।

झापा जिल्लाका स्थानीय तहहरूको वस्तुगत विवरण २०७५ का आधारमा यस पालिकामा पुर्वाञ्चल दैनिक पत्रिका, प्रतिदिन दैनिक पत्रिका, न्यु मेची टाइम्स दैनिक पत्रिका, विवेचना दैनिक पत्रिका, जनआन्दोलन साप्ताहिक पत्रिका, सुपुर्व मालिका साप्ताहिक पत्रिका, मेची खबर साप्ताहिक पत्रिका, बिर्ताज्योती साप्ताहिक पत्रिका, माइलाइफ मासिक पत्रिका, साझामञ्च मासिक पत्रिका गरी १० वटा पत्रपत्रीका, सुर्योदय टेलिभिजन, कञ्चनजंघा एफ.एम. (९२.६), सनराइज एफ.एम.(९०.२), आँगन एफ.एम.(८९.६), भजन एफ.एम.(९१.६), आरम्भ एफ.एम.(१०४), बिराट एफ.एम.(८८.५) समेत गरी ६ वटा एफ एम र aamsanchar.com, sajhamanch.com, khabarmanch.com, mechikhabar.com, mnkhabar.com, kanchannews.com, selfiekhabar.com, speakcorner.com, ८ वटा अनलाईन खवर हरूले स्थानीय बसी लगायतका सवै सरोकारवालाई सञ्चार सेवा प्रवाह गरिहेको अवस्था छ ।

यस पालिकाको कार्यपालिका भवन र वडाकार्यालय भवनमा नेट ईन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरूमा समेत पहुँच विस्तार तिव्र गतिमा अघि बढीरहेको छ । विद्यमान अवस्थामा नेपाल टेलिकम, एनसेल, नेपाल टेलिभिजन, रेडियो नेपाल, कान्तिपुर समेतका विभिन्न एफ एम रेडियो लगायतका प्रायस सवै सञ्चारका श्रोत साधन र एनटिसी, वर्ड लिंक, सुविसु लगायतका संस्थाहरूबाट नेट ईन्टरनेटको सेवा प्रवाह हुदै आएको छ । यस पालिकाले कार्यपालिका भवन लगायतका मातहतका सम्पूर्ण कार्यालयहरू, विभिन्न विद्यालय लगायतका संघ संस्थामा सूचना प्रविधिका पहुँच विस्तार गरेको, कार्यपालिकाका धेरै जसो कार्यहरू सफ्टवयरको माध्यम बाट गर्ने गरिएको, विद्यालय र स्वास्थ्य संस्थाहरूमा समेत विद्युतीय हाँजिरीको व्यवस्था गरेको, सार्वजनिक खरिदकालागि विद्युतीय दरभाउपत्र प्रणाली पूर्ण रुपले कार्यान्वयन गरेको, वएभसाईट र फेसबुक पेजमा दैनिक गतिविध राखिने गरिएको, छिटो र सरल सूचना प्रवाहकालागि समूह एसएमएस प्रणालीको अवलम्बन गरिएको, योजना संञ्चालन, जिन्सी व्यवस्थापन, अपाङ्गता परिचय पत्र, स्वास्थ्य तथ्याङ्क लगायतका कार्य सफ्टवयरको माध्यम बाट सञ्चालन गर्ने गरिएको साथै डजिटल प्रोफाइल समेत तयार गरी कार्यान्वयन गरेको छ । सूचना प्रविधिको व्यवस्थापन र प्रयोगमा यो पालिकाले अग्रणि भूमिका निर्वाह गरिरहेको भएता पनि वर्तमान परिवेश बमोजिम अभाव तथा अपुग भएको यस प्रविधि सँग सम्बन्धित विषय बस्तुलाई आवधिक योजना मार्फत पालिकाका सवै स्थानमा सूचना र सञ्चारको सहज सेवा प्रवाहकालागि सम्बन्धित सेवा प्रदायक संस्था सँगको समन्वय र सहकार्यमा विस्तार तथा व्यवस्थापन गर्न आवश्यक छ ।

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

२.५.१ वन तथा जैविक विविधता

विर्तामोड नगरपालिका भित्र ४ वटा सामुदायिक र १ वटा निजी गरी कुल ५ वटा बनको उपस्थिति रहेको तथा उल्लेखित बनजङ्गलका साथमा पाईने जैविक विभदतामा आधारित विभिन्न प्रकारका जडिबुटी, चराचुरुङ्गी, बन्य जन्तु पाईने गरेको स्थानीयबासीको भनाई रहेको छ । यस पालिकामा उपलब्ध बनजङ्गल तथा जैविक विभिदताका विषयमा प्राकृतिक श्रोत र सम्पदा खण्डमा तालिका नं. २.३ मा उल्लेख गरिएको छ । यस क्षेत्रमा पाईने बन्य जन्तुको संरक्षण गर्न, बनक्षेत्र भित्र पाईने विभिन्न प्रकारका जडिबुटीको खोजी, संरक्षण र विकास गर्न, घाँस दाउराको नाममा हुने बन क्षेत्रको अनाधिकृत अतिक्रमण रोक्न, सामुदायिक बनजङ्गल भित्र पाईने साल, सिमल, कदम, हर्रो, चिलाउने, खयर लगायतका रुख विरुवाको

संरक्षण र सार्थक रुपमा स्थानीयबासीको जीवनस्तरको सुधारमा प्रयोग योग्य बनाउन, बनजङ्गलमा आधारित उद्योग व्यवसायको स्थापना र विकास गर्न, साथै बृक्षारोपणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउँदै विद्यामान जैविक विभिदतालाई थप विकास गर्न, आवश्यक घेराबार, अग्नि नियन्त्रणको प्रवन्ध लगायतका विषयमा यस आवधिक योजना मार्फत संघीय तथा प्रदेश सरकार सँगको सहयोग र समन्वयमा स्थानीय उपभोक्ता र नगरपालिकाको सम्युक्त प्रयस र साझेदारीमा सञ्चालन व्यवस्थापन गर्ने गरी दिगो येजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक रहेको महशुस गरिएको छ ।

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

आवधिक योजना सर्वेक्षण, २०७८ का आधारमा यस पालिका भित्र अदुवा, हनुमन्ते, धरधरे, रेखा, देउनिया, हरचना, भुतेनि र भुसोडी खोला (वडा नं. १, ६, ८ र ९ मा) गरी कुल ८ वटा खोला तथा खोल्सिहरू रहेका छन् । उल्लेखित खोलाहरू नगरपालिकाका अन्य वडाहरू समेत बाट बग्ने भएका कारण यीनको प्रभाव प्रायस सवै वडामा पर्ने गरेको अवस्था छ । उल्लेखित खोलाहरू मध्ये केहि खोलाहरूमा पानीका वहाव नियमित हुने गरेको छ भने केहिमा बर्षादका समयमा मात्र वहाव आउने गरेको अवस्था छ । वर्षादको समयमा प्रयस सवै खोलाहरूमा बर्षादमा समयमा आउने पानीले छेउछाउको जमिन कटान गरी उर्वर भूमिलाई क्षति पुऱ्याईरहेको छ भने केहि अव्यवस्थित बस्तीहरू समेत असुरक्षित रहेको अवस्था छ । उल्लेखित खोला तथा खाल्सीहरूलाई प्राकृतिक देनको रुपमा स्वीकार गरी यीनको सहि व्यवस्थापन गर्न सकियो भने यीनीहरूबाट राम्रो प्रतिफल प्राप्त गर्न सकिन्छ । यस पालिकामा रहेका उल्लेखित खोला तथा खाल्सीमा विगत देखिने सामान्य रुपमा दटबन्ध लगाईदै आएको भएता पनि पूर्ण हुन सकेको छैन । यिनीहरूले वर्तमानमा पुऱ्याईरहेको क्षतिको अवस्था र भविश्यमा पुऱ्याउन सक्ने सम्भवनालाई केन्द्रविन्दुमा राखेर प्राथमिकता निर्धारण गरी उर्वर भूमिको संरक्षण र आर्थिक उपार्जनमा सहयोगी बन्न सक्नेगरी जलाधार व्यवस्थपन गर्न यस आवधिक योजनाले सम्बोधन गर्न आवश्यक रहेको छ ।

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

विश्वव्यापि रुपमा देखिएको जलवायु परिवर्तनका असर नेपालमा समेत देखा परिरहेको छ । दैनिक रुपमा अनियन्त्रीत तवरले बढ्दै गएका मानवीय कृयाकलापका कारण वातावरणमा दिन प्रतिदिन जोखिम निम्तिरहेको अवस्था छ । यस पालिकाले विगत बर्षहरूबाटै वातावरण संरक्षण र व्यवस्थापनका निम्ति संघीय सरकार बाट जारी भएको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी प्रारूपको प्रभावकारी कार्यान्वयन गर्ने नीतिगत व्यवस्था सहित नगरपालिका भित्रका मुख्य सडक र शाखा सडकका दुबै किनारा लगायतका सम्भाव्य स्थानमा बृक्षारोपण गर्ने, वातावरण मैत्री स्थानीय शासनलाई प्रबर्द्धन गर्नका लागि हरित विर्तामोड नामक अभियान सञ्चालन गर्ने, नयाँ घर सम्पन्न प्रमाण पत्र वितरण गर्नु अघि आफ्नो घर,जग्गाले चर्चेको सडक किनारामा घर तथा जग्गाधनी स्वयम्ले बोटविरुवा रोपेको प्रमाण पेश गर्नु पर्ने, नगरपालिका क्षेत्रमा नर्सरी व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूलाई लाग्ने व्यवसाय करमा छुट दिने, प्लाष्टिकका झोलाको किनबेचमा प्रतिबन्ध लगाउने, नगरपालिका क्षेत्रमा गैरप्लाष्टिकजन्य झोला उत्पादन गर्न चाहाने स्थानीय उद्योगीहरूलाई प्रोत्साहन गर्ने, नगरपालिका क्षेत्रमा हुने फोहरलाई निश्चित स्थानमा व्यवस्थापन गर्ने, पूर्ण सरसफाई कार्यक्रम सञ्चालन गर्ने, विपन्न वर्गको आर्थिक अवस्थामा सुधार गर्न तथा वातावरण स्वच्छ बनाउन सुधारिएको चूल्हो, सौर्य वत्ति जडान र गोवर ग्याँसजस्ता नवीकरणीय उर्जाको स्रोतलाई पहिचान तथा परिचालन गर्ने, नगरपालिका क्षेत्रभित्र रहेका साना उद्योगबाट निस्कने फोहोर तथा धुलो र स्वस्थ्यलाई प्रतिकुल असर गर्ने सबै खाले प्रदुषणलाई न्यूनीकरण गर्नका लागि सरोकारवालासँग समयसमयमा छलफल तथा अन्तर्क्रिया गर्ने, जैविक विविधता र श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गरी त्यसलाई न्यायोचित वितरण सुनिश्चित गर्ने जस्ता नीतिगत निर्णयहरू गरी कार्यान्वयन गर्दै आएको पाईन्छ ।

नीतिगत रुपमा अघि बढ्ने प्रयत्न गरिएको भएतापनि फोहोरमैला व्यावस्थापनको उचित र दिगो व्यवस्थापन हुन सकेको छैन, फोहोर सङ्कलन र नियमनलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन अझैपनि थप प्रयासको खाँचो रहेको छ, बृक्षारोपण र नर्सरी स्थापनाले अपेक्षकृत सफलता प्राप्त गर्न सकेको छैन भने धुलो, धुवा र ध्वनी प्रदुषण निकै चुनौतिपूर्ण रहेको छ । तसर्थ यस पालिकाले यसै आवधिक योजना मार्फत फोहोरमैलाको उचित व्यवस्थपनकालागि सम्भव रहे आफैं

सो नभए यस क्षेत्रमा कार्य गर्न अग्रसर निजी क्षेत्र तथा छिमेकी पालिकाहरू सँगको सहकार्य र साझेदारीमा फोहोरमैला प्रशोधन तथा व्यवस्थपन केन्द्र स्थापना र सञ्चालनकालागि जग्गाको व्यवस्था, मेसिन उपकरणको व्यवस्था साथै बृक्षारोपणको कार्यलाई व्यापकता दिई बातवरण सन्तुलनमा योगदान, विद्यामान बनजङ्गलको संरक्षण, धुलो र धुवाँ साथै ध्वनी प्रदुशण नियन्त्रणमा विशेष योजना तर्जुमा गरि कार्यान्वयनमा लैजानु पर्ने अवस्था रहेको छ ।

२.५.४ महामारी तथा विपद् व्यवस्थापन

गएका झण्डै २ बर्ष विश्वनै कोभिड १९ को महाँमारीको चपेटामा पऱ्यो । यस परिवेश बाट विर्तामोड नगरपालिका पनि अछुतो रहन सकेन । यस पालिकामा आ.व. २०७७/७८ मा यस पालिकामा ११३३ जनालाई कोभिड परिक्षण गरिएकोमा ४४२ जनालाई पोजेटिभ देखिन पुग्यो । अस्थायी कोभिड अस्पतालको व्यवस्थापनका साथ यस महाँमारी नियन्त्रणमा गरिएको प्रयास गरिएको भएता पनि यस पालिकाका २३ जना नागरिकहरूले ज्यान गुमाउनु पुगे तथापि यस पालिकाको अथक प्रयास बाट धेरै मानिसहरूको ज्यान बचाउन सफल भएको अवस्था छ । यसका अतिरिक्त यदाकदा देखिने आउँ, ज्वरो लगायतका विषय बाहेक खासै महाँमारिको अवस्था यस पालिकामा रहेको छैन ।

आगलागिबाट हुने क्षतिबाट प्रारम्भिक रूपमै नियन्त्रण गर्न नगरपालिका कार्यालय, वडा कार्यालयहरूका साथै नगरपालिको हकमा पालिका क्षेत्रमा रहेका उद्योग, कलकारखान, गोदाम तथा पसल कवलहरूमा फायर एक्स्टीङगुइसर (FIRE EXTINGUISHER) राख्ने, दमकलको प्रयोग गर्ने, भुकम्प प्रतिरोधी भवन निर्माणमा संलग्न दक्ष/अदक्ष निर्माणकर्मीलाई तालिम दिने, विपद् व्यबस्थापनलाई प्रभावकारी बनाउन समिति मार्फत् नगरपालिका स्तरीय विपद् प्रतिकार्य योजनाको निर्माण गर्ने, बाढी प्रभावित क्षेत्रका जनताहरूको तत्काल उद्धार गर्नका लागि लाइफ ज्याकेट, डोरी, नाउआदि खरिद गरी सुरक्षा निकाय तथा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी तयारी अवस्थामा रहने, नगरपालिकामा बिपद् ब्यवस्थापन कोषको व्यवस्थपन गर्ने, विपद्व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने, नदी कटान र भू-क्षयको खतरा हुने स्थानको पहिचान गरी ढुङ्गा, वालुवा र गिटी लगायत उत्खनन गर्ने कार्यमा वन्देज लगाउने, जलधार क्षेत्रमा पानीको वहावलाई न्युनिकरण गर्न सम्बन्धित विज्ञहरूको परामर्समा जलाधार क्षेत्रको संरक्षण एवम् व्यवस्थापन कार्ययोजना निर्माण गर्ने, नगरपालिका भित्र रहेका बाढी प्रभावित क्षेत्रहरूमा खोलाको दुबै तर्फ निश्चित क्षेत्र तोकी खनजोत गर्न निशेध गर्ने, हात्ती आक्रमणबाट जोगिन वढी प्रभावित क्षेत्रमा पूर्व सूचना प्रणालीको विकास वा अन्य उपयुक्त र आवश्यक सामाग्रिहरुको व्यवस्था मिलाउने लगायत खोला वाढीको कटान पहिरो (लुकुवा पहिरो) लाई नियन्त्रण तथा रोकथाम (न्युनिकरण) गर्न उपयुक्त व्यवस्था मिलाउने नीतिगत निर्णय समेत गरी अति जोखिम रहेको तथा प्रभावित क्षेत्रमा विपद् व्यवस्थापनको कार्य केहि हद सम्म हुँदै आएको छ । तथापि विपद जोखिम न्यूनिकरण र विपद व्यवस्थापनकालागि विपद् व्यवस्थापन कोषलाई अझ प्रभावकारी बनाउँदै सम्भावित जोखिम युक्त क्षेत्रको विवरण अध्यावधिक गर्ने, विपद जोखिम न्यूनिकरण गुरु योजना तर्जुमा गर्ने र सोहि गुरु योजना बमोजिम भावि कार्यक्रम कार्यान्वयन गर्ने तर्फ यस आवधिक योजना मार्फत सम्बोधन हुन अनिवार्य देखिएको छ ।

२.६ सुशासन तथा संस्थागत व्यवस्था

संविधान, स्थानीय सरकार सञ्चालन ऐन, प्रचलित ऐन कानून, दिगो विकस लक्ष्य र पन्द्रौंयाजनाले अघि सारेका विकास लक्ष्य पुर गर्न स्थानीय सरकारको हैसियतमा विर्तामोड नगरपालिकाले सुशासन तथा संस्थागत व्यवस्था अन्तरगत संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, सार्वजनिक सुनुवाई बाट नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व, आन्तरिक र अन्तिम लेखा परीक्षण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय, वार्षिक समिक्षा आदिका क्षेत्रमा योजनाबद्ध रुपमा कृयाशिल हुन र सार्थक व्यवस्थपन गर्न अनिवार्य छ । यहाँ उल्लेख गरिएको विषय बस्तु मध्ये केहि विषयबस्तु सम्बन्धित विषयत शिर्षक अन्तरगत समेटिएकाले देहाय बोजिमका विषयहरू यहाँ उल्लेख गरिएको छ ।

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

२.६.१.१ स्थानीय नीतिः

विर्तामोड नगरपालिकाले पुनरसंरचना ग्रहण गरेको प्रारम्भ बाटै नेपालको संविधानमा भएका अनुसुचि–८ समेतका व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका साथै र जनप्रतिनिधिलाई प्राप्त अधिकार, राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरू, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएका परिपत्रहरू, नगर कार्यपालिकाबाट गठित विभिन्न विषयगत समिति र राजश्व परामर्श समिति, सम्पूर्ण वडा समिति, बजेट, नीति तथा कार्यक्रम तर्जुमा समिति समेत बाट प्राप्त सुझावहरूलाई समेटेर आफ्नो नीति तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ। स्थानीयवासी आम नागरिकहरूको विकासप्रतिको उच्च आकाङ्क्षालाई सुशासनको माध्यम बाट न्यायोचित रूपमा सम्बोधन गर्नकालागि नगरपालिकाको दिगो विकास र समृद्धिका लागि राष्ट्रियता, लोकतन्त्र र कानूनी शासनलाई आत्मसात गर्दै शान्ति र स्थिरता कायम गर्न जनताद्वारा, जनताका लागि जनताको शासन भन्ने मूल सिद्धान्त लाई आत्मसात गदै विर्तामोड नगरपालिकाको विकास र समृद्धिलाई यथार्थतामा परिणत गर्ने उद्देश्यका साथ आ.व. २०७८/०७९ कालागि आफ्ना नीति तथा कार्यक्रम तर्जुमा गरेको अवस्था छ। उक्त नीति तथा कार्यक्रमहरूको भावार्थ संक्षेपमा देहाय बमोजिम रहेको छ।

क. नीति तथा कार्यक्रमका उद्देश्यहरू

१. सेवा प्राप्तिमा सर्वसुलभता, छिटो र गुणस्तरीयता कायम गर्ने
२. नगरपालिकाप्रति आम नागरिकहरूको आस्थालाई बृद्धि गर्ने
३. विर्तामोडवासी नागरिकहरूको आर्थिक तथा सामाजिक क्षेत्रमा सुधार गर्ने
४. भौतिक पूर्वाधारको विकास गर्नुका साथै मानवीय संशाधनको समुचित परिचालन र विकास गर्ने
५. सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने
६. तिव्र गतिमा विकास र विस्तार हुँदै गरको व्यापार र व्यवसाय क्षेत्रको थप विकास र विस्तराका साथमा कृषि क्षेत्रलाई रूपान्तरण सहितको आधुनिकीकरण, विविधिकरण, वजारीकरण र व्यवसायीकरण मार्फत् आय तथा स्वरोजगारमूलक बनाउने
७. लक्षित वर्गको सशक्तिकरण गर्ने

ख. उद्देश्य पूरा गर्न आ.व.०७८/७९ का प्राथमिकताहरू

विर्तामोड नगरपालिकाले दिगो विकास लक्ष्य र पन्द्रौं योजना समेतले अघि सारेका विकास लक्ष्य समेत पुर गर्दै जाने गरी दहाय बमोजिमका कार्यक्रमिक प्राथमिकता निर्धारण गरेको र सोहि बमोजिम आफ्ना बार्षिक योजना तथा कार्यक्रहरू तर्जुमा गरेको अवस्था छ।

१. कृषि, पशुपालन, पर्यटन प्रवर्द्धन तथा कृषिको व्यवसायीकरण गर्ने
२. कोभिड १९ महामारीलाई मध्यनजर गर्दै स्वास्थ्य सेवा प्रभावकारी एवम् सर्वशुलभ बनाउने
३. सडक पूर्वाधार निर्माण र स्तरोन्नतिमा जोड दिने साथै यसका माध्यम बाट उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने
४. पर्यटकीय गन्तब्यहरूको उजागार गरी आर्थिक उपार्जनसँग पर्यटन क्षेत्रलाई एकिकृत (Tie up) गर्ने
५. शिक्षाको गुणस्तरमा सुधार सहित बैकल्पिक विधिहरूको अवलम्बन गर्ने
६. रोजगारीको अवसरमा वृद्धि गर्ने
७. सामाजिक सुरक्षा भत्ता वितरणमा व्यवस्थित र सहजता ल्याउने
८. संस्थागत क्षमतामा वृद्धि गर्ने
९. वन तथा वातावरणको संरक्षण गर्ने
१०. सुशासनमा जोड दिने
११. सेवा प्रवाहमा प्रभावकारीता ल्याउने

२.६.१.२ स्थानीय ऐन कानूनहरू

संबिधानत नेपालमा राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभक्त रहेको अवस्था छ । संबिधानको धारा ५७ मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र नगरपालिकाको हकमा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ । यसरी नगर सभाले कानून बनाउँदा संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र नगर सभाले बनाएको त्यस्तो कानून संघीय तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ भन्ने स्पष्ट व्यवस्था रहेको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २०, २१ र २२ मा स्थानीय तहले स्थानीय सरकारको हैसियतमा स्थानीय आवश्यकता बमाजिम आफ्ना अधिकारका क्षेत्रहरूलाई व्यवस्थित रुपमा सञ्चालन व्यवास्थपन गर्न स्थानीय कानूनको निर्माण गर्नु पर्ने र उक्त कानून निर्माण गर्न गरिनु पर्ने प्रकृया र पद्धती समेतको व्यवस्था गरेको छ । यस प्रकारको संबैधानिक तथा कानूनी आधारमा रहेर प्राप्त अधिकारलाई स्थीयबासिको आवश्यकता र अपेक्षा पुरा गर्ने गरी आर्थिक विनियोजन ऐन, आर्थिक ऐन, न्यायीक समितिको (कार्यविधि सम्बन्धी) ऐन, करारमा प्राविधिक जनशक्ति नियुक्त गर्ने कार्यविधि लगायतको ५४ वटा ऐन कानुन , कार्यविधि मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ ।

उल्लेखित विवरणको अध्ययन गर्दा स्थानीय सरकारको हैसियतमा यस पालिकाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिमका जिम्मेवारी निर्वाह गर्न, सुशासनलाई थप प्रभावकारी बनाउन र सवै कार्यहरूलाई विधि सम्मत कार्यान्वयनमा ल्याउन अझ थप स्थानीय ऐन र कानूनहरूको निर्माण गर्नु पर्ने अवस्था देखिएकोले यस आवधिक योजना मार्फत अति आवश्यक ऐन कानूनको निर्माणकालगि योजनाबद्ध कार्यको थालनी गर्ने वातावरण श्रृजना गर्न आवश्यक देखिएको छ ।

२.६.२ सङ्गठनात्मक विकास

सङ्गठन विकास तथा व्यवस्थपन कुनै पनि संघ, संस्था, निकाय तथा कार्यालयको सुशासन तथा संस्थागत विकास र व्यवस्थापनको आधार संरचनाहो । विर्तामोड नगरपालिकाको तत्कालिन सङ्गठन संरचना अनुसार मौजूदा अवस्था अध्ययन गर्दा यस नपामा १८ शाखा, १ उपशाखा, २ एकाई, १ सचिवालय र १ केन्द्र र स्वास्थ्य संस्था/स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र रहेको पाईन्छ भने १० वटा वडा समितिका कार्यालयरू रहेका छन् । यस नगरपालिकामा अधिकृति स्तर दशौं तहको १ जना, नवौं मा १ जना, आठौं तहमा ४ जना, सातौं तहमा २ जना र छैठौं तहमा २३ जना गरी जम्मा ३१ जना, सहायक स्तर पाँचौंमा ३४ जना, सहायक स्तर चौथोमा ३९ जना, सहायक स्तर तेश्रोमा ३८ जना र श्रेणी विहिन ९६ जना गरी कुल २३८ जना कर्मचारी (जसमध्ये १६४ जना करारमा कार्यरत रहेको देखिन्छ) बाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरू सम्पादन तथा व्यवस्थापन हुँदै आएको अवस्था छ । कुल कर्मचारीहरूमा प्रमुख प्रशासकीय अधिकृत सहित विगतमा नगरपालिका तथा गा.वि.स. मा कार्यरत कार्यरत रहेका र विभिन्न कार्यालय बाट समायोजन भै आएका साथै अत्यावश्यक सेवा अन्तरगत कानूनको परिधि भित्र रहि करारमा नियुक्त गरि विकास निर्माण र सेवा प्रवाहका कार्यहरू सञ्चालन व्यवस्थापन हुँदै आएका छन् । स्थानीय सरकरको हैसियतमा यस पालिकाले आफ्ना दैनिक जिम्मेवारीहरूलाई सुशासनको माध्यम बाट सञ्चालन, व्यवस्थापन गर्न वर्तमानमा आवश्यक पर्ने साथै कर्मचारीको बृति विकास र स्थयीत्वकालागि सङ्गठन विकास तथा

तालिका नं.२.३७ कार्यरत कर्मचारीका तहगत विवरण

१	प्रमुख प्रशासकीय अधिकृत	१
२	अधिकृति स्तर नवौं	१
३	अधिकृत स्तर आठौं तहमा	४
४	अधिकृत स्तर सातौं तहमा	२
५	अधिकृत स्तर छैठौं तहमा	२३
६	सहायक स्तर पाँचौंमा	३४
७	सहायक स्तर चौथोमा	३९
८	सहायक स्तर तेश्रोमा	३८
९	श्रेणी विहिन	९६
जम्मा		२३८

श्रोत: नगर कार्यपालिकाको अभिलेख

चित्र नं. २.१५ सेवाको प्रकृति अनुसार कार्यरत कर्मचारीको विवरण



व्यवस्थापन स र्वेक्षणको आवश्यकता महसुश गरी सो बमोजिमका कार्य सम्पन्न गरिसकेको अवस्था छ । वर्तमानमा कार्यरत कर्मचारी तथा जनशक्तिले मात्र यस पालिकाको विकास निर्माण र सेवा प्रवाहको जिम्मेवाी स्थानीय आवश्यकता बमोजिम पुरा गर्न केहि समस्या रहेका कारण सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्राप्त प्रतिवेदनका आधारमा थप जनशक्तिको व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ भने करारमा रहेका कर्मचारीको बृतिविकासको सुनिस्चिता गर्न अनिवार्य छ ।

चित्र नं. २.१६ **वर्तमानमा कार्यरत कर्मचारीको तहगत विवरण**



२.६.३ श्रोत परिचालन

विर्तामोड नगरपालिकाले आफुमातहत रहेको मानवीय श्रोतलाई सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षणले निर्धारण गरेको कार्य विववरणका आधारमा परिचालन गर्द आएको छ भने संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय हस्तान्तरण, सशर्त वा विशेष अनुदान वापत प्राप्त हुने साथै विभिन्न विकास साझेदारहरूबाट र आन्तरिक आय बाट प्राप्त हुने वित्तीय श्रोतलाई ऐन कानूनको परिधि भित्र रहि विनियोजना ऐन मार्फत चालु खर्च र पूँजीगत खर्च (लगानी) अन्तरगत परिचालन गर्दै आएको अवस्था छ । आ.व. २०७७/७८ मा यस पालिकाले प्राप्त गर्न सक्ने अनुमान गरिएको वित्तीय श्रोत लाई चालु खर्च अन्तरगत कर्मचारी/जनप्रतिनिधिको सेवा सुविधा, कार्यालय सञ्चालन खर्च र पूँजीगत लगानी अन्तरगत भौतिक पूर्वाधार निर्माण विकास, आर्थिक विकास, वातावरण विकास, सामाजिक विकास, वित्तीय व्यवस्थापन साथै संस्थागत विकास र व्यवस्थापनका क्षेत्रमा परिचालन गरिदै आएको अवस्था छ । यस पालिकाले आ.व. २०७७/७८ कालागि नगर सभा बाट श्रोत परिचालन अन्तरग पारित गरिएको कुल खर्च तथा लगानीको ९६.१८ प्रतिसत मात्र खर्च गर्न सकेको अवस्था छ भने उक्त खर्च तथा लगानी मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र (सशर्त समेत) तर्फ ४८.५९ प्रतिसत र पूजीगत तर्फ ५१.४१ प्रतिसत खर्च तथा लगानी गरेको अवस्था छ । चालु खर्च तर्फ सवै भन्दा बढी रकम कर्मचारी तथा जनप्रतिनिधिको सेवा सुविधा बापत खर्च भएको अवस्था छ भने प कुल पूँजीगतको सडक, नाला, पुल, कलभर्ट, भवन लगायतका सार्वजनिक निर्माणमा ८३.१० र अन्य पूँजीगत तर्फ १६.९० प्रतिसत खर्च वा लगानी भएको अवस्था छ ।

यस पालिकाको आ.व. २०७७/७८ को प्रगति समिक्षा प्रतिवेदन २०७८ का आधारमा पूर्वाधार विकास तर्फ ४९४ वटा योजना उपभोक्ता मार्फत, २० वटा योजना ठेक्का मार्फत, २०६ वटा योजना अमानत मार्फत र ८५ वटा योजना संघसंस्था मार्फत सञ्चालन गरिएको थियो । यसरी सञ्चालनमा आएको योजनाहरू मध्ये २०६ वटा वडा स्तरीय, २४९ वटा नगर स्तरीय र ३९ वटा संघ तथा प्रदेश स्तरीय रहेको देखिन्छ । उपभोक्ता मार्फत सञ्चालित योजनाहरू मध्ये ४६३

वटा सम्पन्न भएका, ठेक्का मार्फतका सवै योजना सम्पन्न भएका तर क्रमागत अवस्थामा रहने गरिका भने सोहि बमोजिम रहेका छन् । यस अवधिमा यस पालिकाको श्रोत परिचालनका क्षेत्र देहाय बमोजिम रहेका छन् ।

तालिका नं.२.३८ विर्तामोड नगरपालिका, आ.व. २०७७/७८ को श्रोत परिचालनको विवरण

क्र.सं.	खर्च शिर्षक	खर्च रकम रु	खर्च प्रतिसत
१	चालु खर्च	६८४८५८८८८.५३	४६.७४
	पूँजीगत खर्च	७२४४४५५५९.८२	४९.४४
	जम्मा	१४०९३०४४४८.३५	९६.१८
२	प्रशासनिक खर्च	२९४३३६३५६.८४	४२.९८
	कार्यक्रम खर्च	३९०५२२५३१.६९	५७.०२
	जम्मा चालु खर्च	**६८४८५८८८८.५३**	१००.००
३	सार्वजनिक निर्माण	६०१९८७५८२.९३	८३.१०
	अन्य पूँजीगत	१२२४५७९७६.८९	१६.९०
	जम्मा पूँजीगत खर्च	७२४४४५५५९.८२	१००.००

श्रोतः नगर कार्यपालिकाको अभिलेख तथा प्रगति समिक्षा प्रतिवेदन, २०७८

२.६.४ योजना व्यवस्थापन

संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन मार्फत स्थानीय तहहरूलाई प्राप्त विकास निर्माण र सेवा प्रवाह सम्बन्धिका जिम्मेवारी व्यवस्थापन गर्न विर्तामोड नगरपालिकामा १८ शाखा, १ उपशाखा, २ एकाई, १ सचिवालय र १ केन्द्र र स्वास्थ्य संस्था/स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र रहेका छन भने १० वटा वडा समितिका कार्यालयरू रहेका छन् । यस नगरपालिकामा अधिकृति स्तर दशौं तहको १ जना, नवौं मा १ जना, आठौं तहमा ४ जना, सातौं तहमा २ जना र छैठौं तहमा २३ जना गरी जम्मा ३१ जना, सहायक स्तर पाँचौंमा ३४ जना, सहायक स्तर चौथोमा ३९ जना, सहायक स्तर तेश्रोमा ३८ जना र श्रेणी विहिन ९६ जना गरी कुल २३८ जना कर्मचारी (जसमध्ये १६४ जना करारमा कार्यरत रहेको देखिन्छ) बाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरू सम्पादन तथा व्यवस्थापन हुँदै आएको अवस्था छ ।

। योजना तर्जुमा समिति मार्फत पेश भएका विषयगत तथा क्षेत्रगत योजनाहरू क्रमस नगर कार्यपालिका हुँदै नगर सभा बाट पारित भए पछि कार्यान्वयनमा आउने गरेको अवस्था छ । सवै शाखाहरूलाई निर्धारण गरिएको कार्य विवरणका आधारमा विषयगत शाखा अन्तरगतका योजनाहरू सञ्चालन तथा व्यवस्थपन गर्ने जिम्मेवारी मुख्य गरी सम्बन्धित शाखाको रहेको छ । नगर सभा बाट स्वीकृत भएका योजना, आयोजना तथा परियोजनाहरूको वास्तविक लागत तयार पारी बार्षिक खरिद योजना बमोजिम सम्बन्धित शाखा प्रमुखले प्रस्ताव तयार पारी प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनकालागि स्वीकृत भए पछि नियमानुसार कार्यान्वयनमा जाने व्यवस्था रहेको छ । नगर सभा बाट पारित वा स्वीकृत भएका विषयगत योजनाहरू मध्ये सवै विषयगत भौतिक पूर्वाधारका योजनाको हकमा योजना शाखा र पूर्वाधार विकास तथा प्राविधिक शाखाको जिम्मेवारी रहने व्यवस्था रहेको छ । निर्माण व्यवसायी, उपभोक्ता समति वा परामर्शदाता सँग भएको निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्झौता बमोजिम कार्यान्वयनमा गएका योजनाहरूको गुणस्तर कायम राख्न पालिकाको हकमा उपप्रमुखको अध्यक्षतामा गठित अनुगमन समिति मार्फत अनुगमन गर्ने तथा वडाको हकमा वडा अध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले अनुगमन गरी यथार्थ विवरणका आधारमा पेश भएको प्रतिवेदनका आधारमा निर्माण प्रगति, गुणस्तर सुधार वा योजना सम्पन्न पछि फरफारक हुने व्यवस्था रहेकोछ । तसर्थ वर्तमानको आवश्यकता बमोजिम सङ्गठन विकास तथा व्यवस्थपन सर्वेक्षण मार्फत प्राप्त प्रतिवेदन बमोजिम थप व्यवस्थापन गर्ने तर्फ आवधिक योजना परिलक्षित गर्नु पर्ने अवाश्यकता देखिएको छ ।


योजनाको तर्जुमा
(समिति)
योजनाको स्वीकृत
(नगर सभा)
प्रमुख प्रशासकीय अधिकृत लाई खर्च तथा योजना कार्यान्वयनको अख्तियारी (न.पा. प्रमुख)
योजनाको लागत तयारी
(सम्बन्धित शाखा प्रमुख)
योजनाको लागत स्वीकृती
(प्रमुख प्रशासकीय अधिकृत)
योजना कार्यान्वयनको प्रकृया र व्यवस्थापन
(सम्बन्धित शाखा प्रमुख)
योजना कार्यान्वयन तालिका तर्जुमा, कार्यान्वयन र अनुगमन
(योजना शाखा)
योजना सञ्चालन
(सम्बन्धित निर्माण व्यवसायी, उपभोक्ता समिति, परामर्शदाता)
योजनाको अनुगमन
(अनुगमन समिति)
योजना फरफारक
(आ.ले.प., सम्बन्धित शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत)

परिच्छेद ३ (तीन)
सोच तथा विकासको अवधारणा

३.१ पृष्ठभूमि

कुनै पनि देश, भुगोल वा क्षेत्रको दिगो विकासको आधार भविश्यमा पुग्ने वा प्राप्त गर्ने स्वरुप वा प्रतिफल सँग सम्बन्धित रहन्छ । विर्तामोड नगरपालिकाको हकमा समेत आवधिक योजना तर्जुमाको सन्दर्भमा दीर्घकालीन सोच निर्माण एक अनिवार्य शर्त हो । दीर्घकालीन सोचले भविष्य वा दीर्घकालमा हासिल गर्नचाहेको सम्बन्धित स्थान वा क्षेत्रको विकासको आदर्श अवस्थाको परिकल्पना गर्दछ । विर्तामोड नगरपालिका आफ्नो स्थापनाकालबाटै दिगो विकासको माध्यमबाट एक समृद्ध र व्यवस्थित नगरको रुपमा निर्माण बिकास गरी मानव बसोबासकालागि सुविधा सम्पन्न शहरको रुपमा विकास गर्न कृयाशिल रहेको छ । विर्तामोड नगरपालिकाले आफ्नो क्षेत्र भित्रका संभावना र अवसरहरूको पहिचान गरी तिनिहरूको प्राथमिकता कमका आधारमा दीर्घकालिन सोच निर्माण गरेको छ । यस पालिकाले आगामि २० बर्ष भित्र के कस्ता प्रगति हाँसिल गरी आफ्नो भौगोलिक स्वरुपलाई शहरी सजावट सहितको आकार दिन सकिन्छ र यस सजावट बाट स्थानीयबासीको जीवनस्तरमा के के परिवर्तन तथा विकास हुन सक्छ भन्ने विषयगत परिमाणात्मक लक्ष्य सहितको आवधिक योजना तयार गरेको छ । यस पालिकाले २०७९/०३/१-३ गते सम्म सञ्चालित दीर्घकालिन सोच निर्माण तथा योजना प्राथमिकिकरण कार्यशाला गोष्ठी मार्फत पालिकामा रहेका विद्यामान समस्या, चुनौती, सम्भावना र अवसरहरूलाई केन्द्रविन्दुमा राखेर देहाय बमोजिम विकास सम्भावनाका प्राथमिकता प्राप्त विषयगत क्षेत्र निर्धारण गरी दीर्घकालिन सोच निर्माण गरेको छ ।

विकास सम्भावनाका प्रमुख आधार क्षेत्रहरू

- यद्योग तथा औद्योगिक विकास
- व्यापार व्यवसाय
- स्वास्थ्य
- शिक्षा
- कृषि तथा पशुपालन
- पर्यटन विकास र व्यवस्थापन
- यातायात (सडक) पूर्वाधार
- बनजङ्गल

३.२ प्रमुख समस्या तथा चुनौती

संघीयताको कार्यान्वयन सँगै विर्तामोड नगरपालिका पुन संरिचत भएको करिव ५ बर्ष व्यतित हुन लागेको अवस्था छ । यस पालिकालाई संबिधान र स्थानीय सरकार सञ्चालन ऐन मार्फत अधिकारहरूको पूर्ण कार्यान्वनको माध्यम बाट स्थानीयबासीको वर्तमान जीवनस्तरमा सुधार गरी समृद्धि निर्माणको हिसावले अग्रणी नगरपालिकाको रुपमा विकास र व्यवस्थापन गर्न विद्यमान समस्या तथा चुनौती लाई तहगत रुपमा व्यवस्थपन गरी अघि बढ्न अनिवार्य रहेको अवस्था छ । यस गाउँपालिकाको वर्तमान अवस्थाका बारेमा विभिन्न स्थानीय सरोकारवालाहरू, कार्यशाला गोष्ठीका सहभागितहरू सँगको अन्तरकृया तथा उपलब्ध तथ्याङ्क र विवरणका आधारमा समग्र रुपमा देहाय बमोजिमका समस्या तथा चुनौतीहरू रहेको र तीनको सहज समाधान तर्फ यो आवधिक योजना लक्षित हुनु पर्ने अवस्था देखिएको छ ।

क.सं.	विषयगत क्षेत्र	समस्या/चुनौतीहरू
३.२.१	नागरिक सहभागिता	• नगरपालिकाको सामाजिक आर्थिक रुपान्तरण गर्न नगरपालिकाबासीको सार्थक सहभागिता न्यून • लक्ष र शिपयुक्त जनशक्तिको उचित उपयोगमा कमी र श्रम शक्ति युक्त प्रतिभा पलायन

		• पूर्वाधारहरूको नयाँ स्थिति र परिवर्तनअनुसार नगरपालिकाको भौतिक बिकासको अवधारणामा परिवर्तन ल्याउन अझै थप प्रयासको खाँचो
३.२.२	जनसङ्ख्या	• केन्द्रिय तथ्याङ्क विभागले भर्खरै सावजनिक गरेको जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदका आधारमा महिला ५७१३६ र पुरुष ६०२१९ गरी कुल ११७३५५ जनसङ्ख्या पुगेको छ भने जनसङ्ख्या बृद्धि दर वार्षिक ३.४ प्रतिसत रहेको छ । • जनसंख्याको बनावटमा झण्डै दुई तिहाई अंश बालक र जेष्ठ नागरिकहरूले ओगटेको हुँदा शिक्षा, स्वास्थ्य, रोजगारी र युवा विकासको क्षेत्रमा थप प्रयासको आवश्यकता
३.२.३	भौतिक योजना तथा विकास	• दिगो विकासमा आधारित योजनाको अभाव । • नगरपालिका बिकासका लागि नयाँ सोच विकासको आवश्यकता • आर्थिक समृद्धि निर्माणमा प्रत्यक्ष योगदान पुऱ्याउने पुर्वाधारहरूको कमी **१ सडक** • सडक गुरु योजनाको निर्माण तथा कार्यान्वयन • कालो पत्रे सडकको न्यूनता, पक्की मोटरेवल पुल तथा कलभर्टहरूको थप निर्माण बिकासको आवश्यकता • वर्तमानमा निर्मित पूर्वाधारहरूको मर्मत सम्भारको सम्यन्त्र सहतिको दिगो व्यवस्थापन • यथार्थपरक सडक मापदण्डको अभाव **२ ढल तथा सतह नाला** • गुरू योजनाको अभाव • तत्कालिन स्थानीय समस्या हल गर्ने कार्यमा मात्र जोड • निर्मित पूर्वाधारको नियमित मर्मत सम्भारको अभाव • नगरपालिकाको केहि भुभाग बाढी तथा पहिरो बाट प्रभावित • Sewage र फोहोर पानी प्रशोधन केन्द्रको अभवा **३ खानेपानी** • शुद्ध र सुरक्षित खानेपानीको अपर्याप्ता • वितरण लाईनको अभाव • खानेपानीको मुख्य श्रोत संरक्षणको अभाव • पानी भण्डारन टैङ्कीहरूको अपर्याप्तता • नियमित मर्म्मत सम्भारको अभाव • नियमित पानीको गुणस्तरमा परिक्षण हुने नगरेको • विभिन्न NGO/INGO हरूसँगको समन्वयमा कमी **४ बिद्युत** • अपर्याप्त आपूर्ति र सिमीत सडक बत्ती

		• नयाँ क्षेत्रमा लाईन विस्तारको समस्या • अनियमित आपूर्ति **३.५ दूर सञ्चार** • वर्षमा झण्डै १७ % ले ग्राहक संख्यामा वृद्धि • प्रिपेड मोबाइलको माग बढी • लेन लाईन विस्तारको समस्या • सार्वजनिक टेलिफोन बुथहरूको अपर्याप्त • टेलिफोन टावरको कमि **६ नगरपालिकाको वातावरण** • आयात निर्यात केन्द्रहरूको अभाव तथा विद्यामान बजार केन्द्रहरू अव्यवस्थित • बजार लगायतका सार्वजनिक क्षेत्रहरूमा हरित र मनोरञ्जन साथै खुला क्षेत्रको कमि तथा भएकाहरूको संरक्षण र सम्बर्द्धनमा कमि • जल, वायु तथा ध्वनी प्रदूषणको प्रचुरता • फोहोरमैला प्रशोधन केन्द्र तथा ल्याण्डफिल साईड सहितको दिगो फोहोर मैला ब्यवस्थापन हुन नसकेको • फोहोर व्यवस्थापन गर्ने वैकल्पिक उपायहरूको कमी • विभिन्न NGO/INGO हरूसँगको समन्वयमा कमी **३.७** यातायात तथा ढुवानीका साधनहरूको लागि पार्किङ स्थलको अपर्याप्तता साथै यातायात व्यवस्था ऐन तथा कार्यविधिको अभाव **३.८** पूर्वाधारयुक्त खेलमैदानको अभाव
३.२.४	**समाजिक** पूर्वाधार तथा सेवा	**४.१ मानव शंसाधन विकास** • गणनायोग्य संख्यामा बालबालिका विद्यालय बाहिर रहनु • सामुदायिक विद्यालयहरूमा विद्यालय छाड्ने दर (Dropout rate) अत्यायिधक हुनु साथै तहको बृद्धि सँगै (Dropout rate) बढ्दै जानु । • विद्यालय स्तरमा प्राविधिक शिक्षाको अभाव । • सञ्चालनमा रहीरहेका सामुदायिक विद्यालयहरूमा बालमैत्री पूर्वाधार तथा भौतिक सुविधाहरूको अपर्याप्तता • शिक्षित महिलाहरूको सख्यामा पर्याप्त वृद्धि हुन नसक्नु साथै सीप तथा क्षमता विकास तालिमको अभाव रहनु • महिलाहरूलाई रोजगारी दिन हिच्किचाउने पुरातनवादी संस्कार यथावत रहनु • महिलाले घरको मात्र काम गर्न सक्छन, घर बाहिर काम गर्नु हुदैन भन्ने प्रचलनमा खासै परिवर्तन आउन नसकेको **४.२ समाजिक सुरक्षा**

		● दक्ष र विशेषज्ञ चिकिन्सक सहितको सुविधा युक्त अस्पतालको थप आवश्यकता ● बालबालिका तथा महिलाको स्वास्थ्य प्रजनन् स्वास्थ्यमा सुधार, सरुवा रोग (औलो, कालाजार, अन्य रोग, HIV, आदि) नियन्त्रणमा थप प्रयासको आवश्यकता ● खाद्य गुणस्तर नियन्त्रण हुन नसकेको ● आपतकालीन तथा प्राकृतिक प्रकोप न्यूनिकारणकालागि दिगो योजनाको अभाव ● महिला, असक्त, असहाय, बिधवा तथा ज्येष्ठ नागरिक संरक्षण तथा सुरक्षाकालागि दिगो योजनाको अभाव ● गरिवी निवारण र सामुदायिक विकास, तथा लक्षित समुह समावेशीकरण र शसक्तिकरणका लागि थप प्रयासको खाँचो ● शहरी तथा ग्रामिण गरिवी (Urban and Rural Poverty) को मात्रा सोचे अनुरुप घट्न नसक्नु ● नगरपालिकामा योजना बद्ध रुपमा रोजगारी श्रृजनाका क्षेत्रमा थप कार्यक्रमको आवश्यकता ● विशेष गरी दलित जनजाति मधेसी समुदाय तथा अन्य भिन्न क्षमता भएका नागरिकहरूको पहुँचमा अभिबृद्धि गर्ने दिर्घकालिन योजना र कार्यक्रमहको अभाव रहेको । ● समाज तथा परिवारमा महिला विरोधी आर्थिक, राजनैतिक र सांस्कृतिक संरचना र मान्यता कायम रहिरहेको ● महिला असमानता न्यून गर्न चेतना, सूचना र आय आर्जनको वृहत प्याकेज कार्यक्रम जरुरी रहेको ● सूचना, चेतना, आयआर्जन र सहभागिता सम्बन्धी विशेष कार्यक्रम सञ्चालन हुन नसकेको
३.२.५	आर्थिक तथा रोजगारी स्थिति (Rural and Urban Economy)	**१ श्रमशक्ति र रोजगारी** ● निम्न आय भएका तथा शिप र क्षमता कम भएका मानिसहरू श्रमिकको रुपमा निर्माण, उद्योग तथा व्यापार र कृषिमा संलग्न ● शिप र क्षमता सहितका स्तरीय जनशक्ति बैदेशिक रोजगारीका लागि विदेश पलायन भएका तथा रहेका जनशक्तिको उचित उपयोग हुन नसकेको ● स्वरोजगारमुलक व्यवशायिक तालिमको कमि **२ व्यवसायिक, औद्योगिक तथा व्यापारिक क्षेत्र** ● कृषि तथा पशुपन्छीपालनको व्यवशायीकिकरणमा थप प्रयासको खाँचो साथै निकासी योग्य कृषि तथा पशुपन्छीबाली उत्पादनमा कमि ● कृषि कार्यकालागि आवश्यक मल तथा सिंचाइको अपर्याप्तता ● पशुपन्छीबाली उत्पादनकालागि आवश्यक आहार र चरन क्षेत्रको न्यूनता ● खाद्य भण्डारण तथा चिस्यान केन्द्रहरूको अभाव

		• नगरपालिका क्षेत्रभित्रका प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन विस्तार हुन नसक्नु • व्यवस्थित औद्योगिक क्षेत्र/ग्रामको बिकास र आधारशिला नभएको • आर्थिक विकासमा आधारित सामाजिक तथा भौतिक पुर्वाधारहरूको कमी • मौजुदा उद्योगहरूमा सरकारी संरक्षण र सम्बर्द्धनको अभाव • घरेलु तथा परम्परागत शिपमा आधारित उद्योगहरू लाई प्रोत्साहन र बजार सुनिस्चितताको अभाव • दिगो वातावरणीय सन्तुलनका वारेमा उद्योगीहरूमा थप चेतना र जागरुकताको आवश्यकता • नीति नियममा अस्पष्टता साथै सरकारी संयन्त्र भरपर्दो नहुनु • समयानुकुल प्रविधिको विकास हुन नसक्नु • आर्थिक विकास साथै वातावरण संरक्षण र सम्बर्द्धनकालागि बनेका ऐन नियमको कार्यान्वनय प्रभावकारी हुन नसक्नु • थोक तथा खुद्रा व्यापारको लागि विद्यमान बजार केन्द्रहरूमा न्यूनतम पूर्वाधारको समेत कमि साथै संरक्षणको अभाव • अव्यवस्थित बजार तथा व्यापारी र व्यवशायिहरू बीच समन्वयको अभाव • सुविधायुक्त बजारको पूर्वाधार निर्माण व्यवस्थापनमा कमि • उद्यम विकास र व्यापार प्रवर्द्धन सम्बन्धी पर्याप्त ज्ञानको कमि • नगरपालिकाले व्यवशायिक तथा व्यापारिक दुतको भूमिका निर्वाह नगर्नु • आर्थिक विकासका क्षेत्रलाई रोजगारी श्रृजना सँग आवद्ध गर्न नसक्नु
३.२.६	नगरपालिकाको वित्तीय श्रोत तथा क्षमता	• नगरपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार तथा व्यवसाय र उपलब्ध पारिवारिक सम्पतिको हिसावमा आन्तरिक राजस्व न्यून रहेको • उपभोक्ता लागत सहभागिता तथा संस्थागत लागत सहभागिता र साझेदारी नगन्य तथा अस्पष्ट • Computerised accounting system, Accounting manual तथा Corporate accounting system लगायतका भरपर्दो र विश्वसनीय लेखा प्रणालीको पूर्वाधार सहितको व्यवस्थाले पूर्णता नपाएको • तालिम प्राप्त जनशक्तिको थप आवश्यकता • राजस्व श्रोत परिचालनका लागि आय वृद्धिमा तत्परता, आन्तरिक श्रोतको पहिचान र Resource mapping अभाव • आन्तरिक लेखापरिक्षणको सिफारिसमा मात्र खर्च गर्ने कानुनी व्यवस्थाको कडाईका साथ परिपालना

		• ऐन नियममा व्यवस्था भएअनुसार प्रतिवेदन प्रणालीको विकास हुन नसक्नु • चौमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा गोष्ठीको व्यवस्थापन र प्रतिवेदन प्रणालीको कार्यमा कमी • नगरपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख राख्न नसक्नु • वेरुजुको लगत अनुसार फर्च्यौटको कारवाहिमा थप प्रयासको खाँचो • खर्च निर्देशिका नहुनु • उद्योग, व्यापार तथा व्यवशायिक प्रतिष्ठानहरू बाट सम्पति तथा व्यवसाय करको सलन चुनौतिपूर्ण रहेको
३.२.७	नगरपालिकाको संस्थागत श्रोत तथा क्षमता	• प्राविधिक कर्मचारीको कमी • कर्मचारीहरूको कार्य विवरण बमोजिम अधिकार प्रत्यायोजनको कार्य बाँकी रहेको साथै कार्यकुसलताको आधारमा सूचक निर्धारण सहितको मुल्याङ्कन पद्धतीको विकासमा कमी • अत्यावश्यक अभिलेखहरूको व्यवस्थापनको अभाव • सँगठन क्षमता अभिवृद्धिका लागि अभिलेख प्रणलीलको विकासको अभाव • कर्मचारी तथा जनप्रतिनिधिको सम्पती विवरण पूर्ण रुपले अद्यावधिक हुन नसकेको • कर्मचारीको प्रतिस्पर्धात्मक क्षमतको अभाव • योजना कार्यान्वयन र व्यवस्थापन पक्षमा सुधारको खाँचो • योजना र वजेटको बीचमा थप तालमेलको आवश्यकता • योजना तर्जुमा र कार्यान्वयनमा उपभोक्ताहरूको सार्थक सहभागिताको कमी • अन्तरशाखा कार्यगत संचार र समन्वयमा कमी • शाखाहरूले अभिलेख लाई व्यवस्थित रुपमा राख्न नसकेको अवस्था • कतिपय शाखा/उपशाखाहरूलाई दराज च्याकहरूको समेत कमी • प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने सवारी साधनको अभाव • कार्यान्वयन भएका योजनाहरूको मर्मत संभारको दिगो व्यवस्थामा कमी • मापदण्ड विपरित निर्माण भएका भवन तथा कम्पाउण्ड वाल नियन्त्रण हुन नसकेको अवस्था • घर निर्माण इजाजत साथै विगतमा बनेका भवन तथा घरहरूको अभिलेखिकरण अनिवार्य गरिनु पर्ने साथै निरीक्षण अनुगमनमा कमी • सिफारिसको लागि गरिने सर्जमिन, आदेश-पत्र तथा सर्जमिन मुचुल्काहरू स्वयं निवेदकले वडा कार्यालय लाने तथा वडा

		कार्यालयवाट न.पा. मा ल्याउने कार्य गर्ने गरेको अवस्था ● वातावरण संरक्षण तथा फोहरमैलाको उचित व्यवस्थापनमा नगरपालिका पूर्ण सक्षम हुन नसकेको ● नगरपालिका सफाईको लागि फोहर फाल्ने साधनको कमी तथा स्थानको अभाव ● नगरपालिकाका सवारी साधनहरू राख्ने ग्यारेज स्थलको कमी

३.३ प्रमुख सम्भावना तथा अवसर

यस नगरपालिकाको वर्तमान अवस्थाका बारेमा विभिन्न स्थानीय सरोकारवालाहरू सँगको अन्तरकृया तथा उपलब्ध तथ्याङ्क र विवरण साथै दीर्घकालिन सोच निर्माण कार्यशाला गोष्ठी समेतका आधारमा समग्रमा देहाय बमोजिमका सम्भावना तथा अवसरहरू रहेको देखिन्छ ।

क.सं.	विषयगत क्षेत्र	सम्भावना/अवसरहरू
३.३.१	नागरिक सहभागिता	● संघीयताको कार्यान्वयन भए पछि पुन संरचित भएको नगरपालिका ● विधायिकी, कार्यपालिका र न्यायपालिका सहितको स्थानीय सरकारको रुपमा स्थापित ● निर्वाचित जनप्रतिनिधिहरू बाट स्थानीय सरकारको नेत्रीत्व साथै नगरपालिका प्रमुखको नेत्रीत्वमा महिला ● दिगो र सबल राजनैतिक आधारशीला निर्माण ● बौद्धिक र चेतनशील समाजको क्रमिक विकास ● समावेसिता र सहकार्यमा अभिबृद्धि
३.३.२	जनसङ्ख्या	● विकास प्रति नगरपालिकाबासिहरूको प्रतिवद्धमा गुणात्मक परिवर्तन ● बदलिएको परिवेश र समयको माग सँगै जनचेतना अभिबृद्धिका साथ पूर्ण मापदण्ड सहितका नगरपालिकाका आवश्यक पूर्वाधार निर्माणकालागि प्रसस्तै सम्भावना र श्रमशक्ति युक्त नगरपालिकाबासी को साथ रहने अवस्था
३.३.३	भौतिक पूर्वाधार विकास योजना	● नगरपालिका क्षेत्र भित्र निर्माण गरिनुपर्ने भौतिक पूर्वाधार संरचना बिकासका लागि पर्याप्त जग्गा जमिनको उपलब्धता ● करिव ६५ कि.मि. कालोपत्रे, ३५० कि.मि. ग्राभेल र १२५.६ कि.मि. र बाँकि कच्ची गरी कुल ६५० कि.मि. हाराहारीमा सडक सञ्जाल निर्माण भईसकेको, पक्की पुल तथा कलभर्ट गरेर ७० वटा निर्माण सम्पन्न भई सञ्चालनमा रहेका ● आगामि ३ बर्ष भित्र सवै घर परिवालाई शुद्ध र स्वस्थ खानेपानी सेवा उपलब्ध गराउने गरी कार्य भईरहेको ● नया उद्योगहरू क्रमस नगरपालिकाको सन्निकट क्षेत्रमा बिकास हुने क्रममा जारी रहेको ● नगर कार्यपालिकाको कार्यालय भवन निर्माण सम्पन्न भई सोहि स्थान बाट प्रशासनिक भवनको रुपमा सेवा प्रवाह भईरहेको ● आफ्नै कार्यालय भवनमा वडासमितिका कार्यलय सञ्चालन गर्ने कार्यमा तिब्रता ● विद्यालय भवनहरू निर्माण तथा निर्माण सुधार हुँदै गरेको
३.३.४	**समाजिक** पूर्वाधार तथा सेवा	● विगतको तुलनामा विद्यालयहरूको शैक्षिक गुणस्तरमा क्रमिक सुधार हुँदै गएको ● बालमैत्री स्थानीय शासनको माध्यम बाट बाल अधिकार संरक्षण र सम्बर्द्धनको कार्य व्यवस्थित रुपमा अघि बढाउने नीतिगत निर्णय भई कायान्वयनको चरणमा रहेको

		• विगतको तुलनामा नगरपालिकाबासिको शिक्षाको महत्वका बारेमा चेतनामा अभिबृद्धि हुंदै गएको साथै अभिभावकले आफ्ना छोरीहरूलाई समेत विद्यालय पठाउने कार्यमा सुधार हुंदै गएको • सामाजिक चेतना अभिबृद्धिकालागि विभिन्न संघ सस्था कृयासिलतामा अभिबृद्धि हुंदै गएको • राजनीति तथा विभिन्न संघ सस्थामा महिला सहभागित र प्रतिनिधित्वमा अभिबृद्धि हुंदै गएको • बिगतको तुलनामा महिला तथा बालबालिकाहरू सँग सम्बन्धित शोषण र उत्पिडका घट्नाहरूमा कमि हुँदै गएको • जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा सकारात्मकता अभिबृद्धि हुँदै गाएको • केहि खेलमैदनहरूको निर्माण र स्तरोन्नतीको कार्य भईरहेको • करिव ३७७४ व्यक्तिगत र ७०२ सार्वजनिक गरी कुल ४४७६ घरपरिवारले पाईपलाईन बाट खोनपानी सेवा उपभोग गरिरहेका • करिव ८९ प्रतिसत भन्दा बढी घरपरिवारमा विद्युत सेवाको पहुँच पुगेको • आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरू मार्फत सवै वडामा स्वास्थ्य सेवाको पहुँच विस्तार रहेको • थोरै संख्यामा भए पनि स्वास्थ्यकर्मिहरू कृयाशिल रहेका • महिलाको उपस्थिति र सहभागिता तथा निर्णय प्रक्रियामा वरावरी साझेदार गराउने कार्यमा अग्रगामी सोचको विकास हुंदै गएको • शिप तथा क्षमता विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनकालागि नगरसभाले निर्णय लिई सकेको
३.३.५	आर्थिक तथा रोजगारी स्थिति (Rural Economy)	• वास्तविक विवरण तयार नभएको भएतापनि यस पालिकाले कुल भू-भाग मध्ये करिव ९२.५७ प्रतिसत (७२.४२ बर्ग कि.मि.) भू-भाग कृषि कार्यमा प्रयोग भईरहेको • कृषि तथा पशुपन्छी पालनका कार्यमा क्रमस व्यवसायिकता अभिबृद्धि हुँदै गएको • कृषिको व्यवशायीकिकरण मार्फत कृषि उपजको बृद्धि र यसमा आधारित उद्योगहरूको विकासका माध्यम बाट निकासीमा वृद्धि गर्न सकिने • Value addition को दृष्टिले उद्योग, सूचना प्रविधि, होटल, पर्यावरण तथा सेवामूलक उद्योग, वित्तीय प्रविधि जस्ता उद्योग स्थापनाको प्रचुर सँभाबना • औद्योगिक ग्राम स्थानपना स्थानका छनौट भईरहेको • उद्योगहरूको स्थापना र विकासमा नीतिगत तथा कानूनी आधार निर्माण गर्ने कार्य अघि बढेको • पर्यटन विकासका सम्भाब्य सवै क्षेत्रलाई एकीकृत गरी पर्यटन विकास गुरुयोजना तयारी गर्ने कार्यलाई प्राथमिकतामा राखिएको • व्यापारिक क्षेत्रको विकास, बजार पूर्वाधार निर्माण विकास लगायतका कार्यलाई प्राथमिकताका साथ अघि बढाउने गरी नीतिगत व्यवस्था गरिएको • रोजगारीको प्रसस्त संभावना रहेको साथै विगतको तुलनामा रोजगारीका क्षेत्रमा केहि मात्रमा भए पनि सुधार हुँदै गएको

		• बिद्यमान अवस्थामा साना तथा ठूला गरी ३१ वटा साना तथा मझौला उद्योगहरू सञ्चालनमा रहेका साथै ५५६५ वटा पसल व्यवसाय नगरपालिकामा सूचिकृत रहेका • ढुवानीका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न सकिने • सूचना प्रविधिको विकासलाई आधार मानेर Internet, web site वाट नगरपालिकाका विभिन्न सूचनाहरू लगायत कृषि उपजको मूल्य परिणामलाई ईच्छुक समुदायमा जानकारी गराई सम्भावित बजार र उत्पादन वीच सामन्जस्य ल्याई आर्थिक क्रियाकलापमा वृद्धि गर्न सकिने सम्भावना • आर्थिक उद्यम समूहको उत्पादन वस्तुलाई E-Commerece को माध्यमबाट अन्तराष्ट्रियकरण गरी व्यवसायीक वृद्धि गर्न सकिने सम्भावना रहेको
३.३.६	नगरपालिकाको वित्तीय श्रोत तथा क्षमता	• करको दायरा पुनरावलोकन गरी आन्तरिक राजस्व बृद्धिको प्रसस्त सम्भावना रहेको • जनचेतना अभिबृद्धि र पारदर्सी खर्च प्रणलिको माध्यम बाट स्थानीय पूर्वाधार निर्माण र सामाजिक विकासका कार्यमा जनसहभागिता अभिबृद्धि गर्न सकिने साथै गैर सरकारी संघ सस्थ सँगको साझेदारीलाई थप बजबुत र बृद्धि गर्न सकिने • लेखा तथा राजश्व ब्यवस्थापनलाई थप व्यवस्थित गर्न सकिने • राजस्व समयमा बुझाउनेलाई पुरस्कार र ढिलो बुझाउने दण्डको व्यवस्थालाई प्रभावकारी बनाउन सकिने • कर्मचारीलाई क्षमता विकास योजना मार्फत तालिमको माध्यम बाट effecient बनाउन सकिने • नगरपालिकाको कम उत्पादनयोग्य जमिनलाई बढी उत्पादनयोग्य बनाउन सकिने • राजश्व सुधार योजना तयार गरी समयानुकूल करको दायरा र दरलाई प्रगतिहिल बनाउन सकिने । • करदाताको लगत कम्प्युटरकृत गर्न तथा कर बुझाउनका लागि आधुनिक प्रविधिको प्रयोग र व्यवस्थापन गर्न सकिने • स्थापित र सञ्चालित साना तथा मझौला उद्योगको संरक्षण र साझेदारी तथा ससाना उत्पदानमुलक उद्योगको स्थापना तथा प्रवर्द्धनमा नगरपालिकाले आफ्नो भुमिकालाई बढाई रोजगारीको समेत सृजना गरी सर्वसाधारण नगरपालिकाबासीको आय वृद्धि गर्न सकिने • सडक वत्ती, विज्ञापन, सवारी पार्किङ्गलाई उचित व्यवस्थापन गरी आय वृद्धि गर्न सकिने • यस नगरपालिकाको स्वामित्वमा रहेका तथा स्वामित्वमा आउने लगायत नगरपालिकाले संरक्षत्व प्रदान गर्नु पर्ने सार्वजनिक जग्गा तथा भवनको व्यवस्थित ढंगबाट सञ्चालन गर्न सकेमा हाल असुली भईरहेको रकमको दुई गुणा थप रकम असुल गर्न सकिने • सम्पत्ती कर लागु गरी ब्यवस्थित गर्नका लागि पूर्वाधार विकासको थालनी गर्न सकिने • प्रशासनिक खर्च नियन्त्रणका लागि आवश्यक रहेका मात्र दरवन्दी सृजना गर्न सकिने • कार्यरत कर्मचारीहरूको कार्यकुशलता मापन गरी त्यसको आधारमा काममा लगाउन

		सकिने ● सौर्य बत्तिको जडान तथा निजी क्षेत्रको सहभागितामा सडक वत्तीको व्यवस्था गर्न सकिने ● ईन्धन तथा टेलीफोन लगायतका आन्तरिक खर्च कटौतिमा Log Book लाई अनिवार्य गर्न सकिने ● बजेटको परिधिभित्र रही खर्च गर्ने ● पेश्की खर्च नियन्त्रण गर्न सकिने ● चन्दा दान उपहार आदिलाई कार्यविधि बनाएर नियन्त्रण गर्न सकिने ।
३.३.७	नगरपालिकाको संस्थागत श्रोत तथा क्षमता	● सङ्गठन विकास सर्वेक्षणले प्रस्ताव गरे बमोजिम आवश्यक प्राविधिक कर्मचारीको दरबन्दि सृजना गरी पदपूर्ती गर्न सकिने ● आवधिक नगरपालिका विकास योजना निर्माण गरी योजना र बजेट विचको तालमेल, योजनाको प्राथमिकिकरण र यसैका आधारमा कार्यान्वयन गर्न सकिने ● कार्यालय भवन भित्र आवश्यक साधन र स्रोतको व्यवस्थापन सहितको शाखागत अन्तरसम्बन्ध विकास लगायतका सवै क्षेत्र र विषयमा आवश्यक व्यवस्थापन गर्न सहज

३.४ निर्देशक सिद्धान्त

वर्तमान संबिधानको कार्यान्वयन सँगै पुनसंरिचत भएको प्रदेश नं. १ को झापा जिल्लाको करिव मध्य भागमा अवस्थित विर्तामोड नगरपालिकाले स्थानीय सरकारको हैसियतमा रहेर निर्वाचित जनप्रतिनिधिको नेत्रीत्वमा विकास र सेवा प्रवाहका कार्यको जिम्मेवारी सम्हालेको पनि करिव ५ बर्ष पुरा भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने गरी नेपालको संबिधान जारी भएको समेत करिव ५ बर्ष वितिसकेको छ । बर्तमान संबिधान बमोजिम समाजबाट उन्मुख राज्य व्यवस्थाका साथ राष्ट्रिय लक्षको रुपमा स्थापित "समृद्ध नेपाल सुखि नेपाली" सङ्कल्पलाई पुरागर्ने मूल अभियानमा यस नगरपालिकाको तर्फबाट विशेष योगदान पुऱ्याउन दिगो विकास लक्ष सँग आवद्ध रहने गरी यथार्थपरक दिर्घकालिन सोच निर्धारण र त्यसले स्थापित गरको लक्षलाई गन्तब्यको मुख्य मार्गको रुपमा स्वीकर्दै विद्यमान र भविश्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रिकृत रहने गरी यस नगरपालिकाले देहाय बमोजिमका निर्देशक सिद्धान्तहरू स्वीकर गरेको छ ।

- स्थानीय सरकार सञ्चालनकालागि आवश्यक सम्पूर्ण स्थानीय ऐन तथा नियमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने
- स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाको जिम्मेवारीमा रहेका जनप्रतिनिधि तथा कर्मचारीकालागि आवश्यक आचार संहिता निर्माण गरी विकास निर्माण तथा सेवा प्रवाहलाई समय सापेक्ष प्रभावकारी बनाउने
- नगरपालिकाको समग्र भू-भागलाई उत्पादनमुलक बनाउन भू-उपयोग नक्सा, नीति तथा योजना तयार पारी भौतिक विकासको स्वरुप सुनिस्चित गर्ने
- भू-उपयोग नक्साका आधारमा नगरपालिकाको सम्पूर्ण भू-भागलाई बर्गिकृत गरी समृद्धि निर्माणको कार्यमा उपयोग गर्न २० बर्षे लक्ष र ५ बर्षे आवधिक योजना सहितको आवधिक नगरपालिका विकास योजना तयार गर्ने
- गरिवी निवारण, आम्दानी र रोजगारी सिर्जना, समाबेशी तथा दिगो विकास र वातावरण संरक्षणमा प्रत्यक्ष योगदान पुग्ने, लागत सहभागिता जुट्ने तथा निर्धारित समय सिमा भित्र सम्पन्न गर्न सकिने साथै स्थानीय श्रोत साधन र सिपको पर्याप्त प्रयोग गर्न सकिने टोल बस्ति हुंदै वडासमिति बाट प्राप्त भएका तथा श्रोत साधन र क्षमताको हिसावले वडा बाट सम्पन्न गर्न कठिन हुने नगरपालिका स्तरीय योजना तथा कार्यक्रमहरूलाई प्रथम प्राथमिकता भित्र राख्ने

- भौतिक पूर्वाधार निर्माणलाई गुरुयोजनामा आधारित दिगो र गुणस्तरीय बनाउने
- दिगो विकास र वातावरण संरक्षण तथा सन्तुलनमा प्रत्यक्ष योगदान पुग्ने ठूला तथा मध्यम प्रकारका योजनाको पहिचान गरी सोहि बमोजिम लगानि तथा कार्यान्वयनको सुनिस्चितता गर्ने
- नगरपालिकाको समग्र विकासकालागि संघीय तथा प्रदेश सरकारका नीति, योजना, कार्यक्रम तथा बजेट समेतलाई समन्वयात्मक र कृयात्मक बनाउने
- स्थानीय श्रोत र साधनको खोजि र विकासका माध्यम बाट नगरपालिकाको दिगो आयको मार्ग पहिचान गरी कार्यान्वयनमा ल्याउने
- नगरपालिकाबासी जनसमुदायको जीवनस्तर उच्च बनाउन कृषिको व्यवशायीकिकरणकालागि पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा ल्याउने साथै बजार सञ्जाल सँग आवद्ध गर्ने
- वितरणमुखि तथा परम्परागत शैलिमा बजेट बाँडफाँड र विनियोजन गर्ने विगतको परिपाटिमा सुधार गरी आवधिक नगरपालिका बिकास योजना तयारीका बखत प्राथमिकिकरणमा परेका महत्वपूर्ण योजनाहरूको महत्व र प्राथमिकिकरणका आधारमा वडामा जाने बजेटको सिलिङ ब्यवस्थापन गर्ने
- संबिधानको मूल मर्म र भावना साथै स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिम स्थानीयबासीको सार्थक सहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकतामा राख्ने साथै काल्पनिक र देखावटी रुपमा हुन सक्ने उपभोक्ता सहभागिताको अन्त्य गर्ने
- शिक्षा, स्वास्थ्य, लक्षित बर्ग र समुदायमा आधारित सामाजिक समावेसिकरण, संरक्षण तथा अवसरको सुनिस्चिताका माध्यम बाट समानता सहितको सामाजिक विकास र परिवर्तनको दिगो आधार निर्माण गर्ने
- बालमैत्री स्थानीय शासनको पूर्ण कार्यान्वयन बाट सृजनसिल र क्षमतावान मानवीय श्रोतको दिगो जग स्थापित गर्ने
- नगरपालिकाको दिगो आन्तरिक आयको सुनिस्चितताकालागि पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायी स्थानीय सरकारको संघीय परिकल्पनालाई साकार पार्ने सम्भाब्य सवै उपाय अवलम्बन गर्ने
- उत्पादनमा आधारित आर्थिक आधारसिला निर्माण गरी आत्मनिर्भर आन्तरिक आयआर्जन तर्फ केन्द्रित रहने
- नीजि क्षेत्र, सहकारी तथा सहयोगी र साझेदार संघ सस्थाको सार्थक उपस्थिति र साझेदारीलाई दिगो बनाउने तर्फ कृयाशिल रहने
- बलियो र भरपर्दो संस्थागत संरचना निर्माणका साथ सेवा प्रवाहलाई सर्वसाधारण नगरपालिकाबासिको पहुँच सम्म सहज रुपमा पुग्ने वातावरण सिर्जना गरी नगरपालिकाबासिको विश्वासमा बढोत्तरी ल्याउने
- सस्थागत सुशासन कायम गरी नीतिगत, संस्थागत, प्रकृयागत तथा कार्यान्वयनगत तहमा हुन सक्ने सम्भावित ढिलासुस्ती र भष्टचारमा सुन्य सहनसिलता अपनाउने साथै सोहि बमोजिमका स्थानीय ऐन कानूनको समेत तर्जुमा गरि कार्यान्वयन गर्ने
- नगरकार्यपालिका तथा वडा समितिको कार्यालयबाट प्रवाह हुने सवै प्रकारका विकास निर्माण र सेवा प्रवाह दक्ष जनशक्तिको व्यवस्थापन बाट सहज र सम्भव पार्ने
- संबिधान, स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय तह सञ्चालन व्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने प्रचलित ऐन कानून साथै संघीय तथा प्रदेश सरकारबाट प्रतिपादन भई कार्यान्वयनमा आउने ऐन कानूनको पूर्ण पालनामा प्रतिवद्ध रहि नगरपालिका सञ्चालन व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने

- नगरपालिकाबासिले तिरेको कर तथा राजश्व बाट साथै संघीय तथा प्रदेश सरकार र विकास साझेदारको सहयोगमा सञ्चालित योजना, आयोजना, परियोजना तथा कार्यक्रमको प्रगति विवरण प्रत्येक महिनाको १० गते भित्र सर्वसाधारण नागरिकले जानकारी पाउने गरी विद्युतीय माध्यम बाट सूचना सम्प्रेषण गर्ने

३.५ सोच, लक्ष्य तथा उद्देश्य

विर्तामोड नगरपालिकाको आवधिक योजना तर्जुमा विषयक तीन दिने कार्यशाला गोष्ठी मार्फत दीर्घकालिन सोच निर्माण, योजनाको प्राथमिकिकरण तथा अनुमानित बजेटको खाका निर्धारण गर्ने शिलशिलामा गठन गरिएको दीर्घकालिन सोच निर्माण तथा लक्ष्य एवम् उद्देश्य तर्जुमा समिति मार्फत प्रस्ताव भई आएको तथा कार्यशाला गोष्ठीमा उपस्थित सहभागिहरूले व्यापक छलफल गरी थप सुझाव र परिमार्जन सहित अनुमोदन गरिएको दीर्घकालिन सोच, त्यसमा आधारित लक्ष्य र उद्देश्य देहाय बमोजिम रहेका छन् ।

३.५.१ दीर्घकालिन सोच (vision)

"उद्योग, व्यापार, स्वास्थ्य, शिक्षा, कृषि, र रोजगारीको अभिवृद्धि
विर्तामोड नगरको विकास र सुशासन सहितको समृद्धि"

३.५.१.१ दीर्घकालिन सोच निर्माणका आधारहरू

विर्तामोड नगरपालिकामा स्वीकार गरेका विकास र सेवा प्रवाहमा आधारित निर्देशक सिद्धान्त, विद्यमानमा रहेका र भविश्यमा उपलब्ध हुन सक्ने श्रोत र साधनको खाका र यस पालिकामा रहेका विद्यामान सम्भावना र अवसरहरूका आधारमा दीर्घकालिन सोच निर्माणकालागि देहायब बमोजिमका आधारहरू स्वीकारिएको छ ।

१. औद्योगिक विकास तथा व्यापार व्यवसाय

- विर्तामोड नगरपालिका क्षेत्र भित्र बर्तमानमा स्थापित भएका उद्योगको संरक्षण र सम्बर्द्धन साथै विर्तामोड नगरपालिकाको वडा नं. २ को गोकुलजोशी मार्ग दक्षिण भागलाई औधोगिक क्षेत्रका रुपमा बिकास सहित कृषि उपजमा आधारित उद्योगहरूको थप विकास गर्न सकिने प्रसस्त सम्भावना रहेको
- औद्योगिक क्षेत्रको पुर्वाधार विकासमा निजी क्षेत्र समेत उत्साहित रहेको कारण नयाँ उद्योग स्थापना सञ्चालनकालागि उपयुक्त कानुनी संरचना निर्माण गरिने छ
- स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थ, स्रोत साधन र सीपमा आधारित घरेलु तथा साना उद्योग स्थापना, बिकास र प्रवर्द्धन गरी औद्योगिक उत्पादनमा बढोत्तरी ल्याउन सकिने
- कृषि उत्पादनहरूलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी गुणस्तरीय खाद्य बस्तुहरूको उत्पादन गर्ने उद्योगहरूको स्थापना र बिकास मार्फत रोजगारी समेत प्रसस्त सिर्जना गर्न सकिने धेरै सम्भावना रहेको
- उद्योगहरू बाट हुन प्रदुषण न्युन गर्न वातावरण मैत्री अवस्थाको विकास र विस्तारकालागि सम्बन्धित सरोकारवाला तयार रहेको
- नेपालको पूर्वि क्षेत्र तथा झापा जिल्लाको मूख्य व्यापारिक केन्द्रको रुपमा क्रमस आकार ग्रहण गर्दै गरको विर्तामोड बजार केन्द्र तथा यसको आसपास व्यापारिक तथा व्यवसायिक क्षेत्र सँग सम्बन्धित पूर्वाधार विकास गरी उद्योगिक उत्पादन, कृषि तथा पशुपन्छी जन्य उत्पादनहरू साथै दैनिक उपभोग्य तथा पारिवारिक आवश्यकताका चिज बस्तुहरूको व्यवसायिक कारोवार अभिबृद्ध गरी अर्थिक केन्द्रको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको

- बिर्तामोड नगरपालिकालाई पुर्वकै व्यपारिक केन्द्र विन्दुको रुपमा स्थापित गर्न वडा नं. १, ३, ४, ५ र ६ लाई व्यापारीक केन्द्रको रुपमा विस्तार गरिनेछ भने गरामनी बजार, सैनिक बजार, चैतुबारी बजार र बेलडागी बजारलाई व्यवस्थित र बिकसीत गरी व्यापारिक केन्द्रको रुपमा विकास गर्न सकिने
- आवश्यक नीति तथा कानून निर्माण गरी व्यापार तथा व्यापारीहरूको सुरक्षा प्रत्याभुती साथ मूख्य बजार केन्द्र भित्र व्यापार व्यवसायलाई चौविसै घण्टा सञ्चालन हुने वातावरण तयार गर्न सकिने सम्भावना रहेको
- दलिय सहभागिताको आधारमा बन्दमुक्त बिर्तामोड निर्माण गर्न सकिने
- व्यापार व्यवसायका लागि बाहिरबाट आउने व्यपारीहरुको अभिलेख राख्ने व्यवस्था मिलाउन सकिने
- भारतिय नागरिकहरुले व्यापार व्यवसाय गर्नुपरेमा नगरपालिकामा अनुमती लिने व्यवस्था मिलाइने
- कृषि उत्पादनमा आधारित उद्योगहरूको स्थापना र बिकास साथै व्यापारिक तथा व्यवसायिक कारोवारको अभिबृद्ध बाट बैदेशिक रोजगारीमा जाने जनशक्तिको मात्रामा कटौति गर्न सकिने

२. स्वास्थ्य तथा सरसफाई

- नगर अस्पताल सञ्चालनमा रहेको साथै नगरपालिकाका सवै वडामा प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूले स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेका
- नगर अस्पतालको स्तरोन्नती गरी विशेषज्ञ चिकित्सक सहितको सेवा विस्तार विकास गर्न सकिने
- चिकित्साशास्त्र अध्यायन गर्न मेडिकल कलेजको स्थापनाको लागि उपयुक्त वातावरण तयार हुँदै गएका कारण निजी क्षेत्र समेत आकर्सित हुँदै गएका
- क्यान्सर, किड्नी, आखा, स्पाइनलकर्ड इन्जुरी, ब्रेन, ग्यस्ट्रो, जस्ता सेवा उपलब्ध भएका अस्पतालहरू स्थापना गर्न प्रोत्साहित गर्न नगरपालिका तयार रहेको
- जेष्ठ नागरिक तथा अपाङ्गता भएकाहरूकालागि नियमित रुपमा स्वास्थ्य परिक्षण तथा उपचारको सेवालाई होमडेलीभरी सेवा सञ्चालन गर्ने तथा यसकालागि बिशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य क्रृटिकल केयर एम्बुलेन्स संचालन गर्ने तयारी नगरपालिकाले गरेको
- आर्थिकरुपमा पछाडी परेका समुदाय सम्म स्वास्थ्य सेवाको पहुँच विस्तार र विकास हुँदै गएको
- बाल मृत्युदर प्रति हजारमा २५ जना, मातृ शिशु मृत्यृ दर जिवित जन्ममा प्रति हजारमा १४ जना, मातृ मृत्यु दर प्रति लाखमा १८० मा कायम राख्न सकिने गरी दिगो योजना तयारीको अवस्थामा रहेको
- बहुक्षेत्रिय पोषणको आवधारणालाई सवै नागरीक सँग आवद्ध गराई स्वस्थ्य समाज निर्माण गर्न सकिने सुनौला अवसरहरू पर्याप्त रहेको
- खानेपानी पूर्वाधारको क्रमिक विकास भई रहेका कारण आगामि ३ बर्ष भित्र यस नगरपालिकाका ८० प्रतिसत भन्दा बढी घरपरिवारमा शुद्ध, सफा, सुरक्षित र गुणस्तरीय पानी उपलब्ध गराउने लक्ष्यका साथ नगरपालिकाले आफ्ना योजनाहरू कार्यान्वयनमा ल्याएको
- पशुपन्छी स्वास्थ्य सेवा अस्पताल तथा कृषिबाली बिकासकालागि माटो परिक्षण समेतका परिक्षणशालाको बिकास गर्न नगरपालिका प्रतिवद्ध रहेको
- कृषि बिषादीको प्रयोग बाट कृषि बालीमा हुने संक्रामक रोगहरूको नियन्त्रण गर्न सकिने सम्भावना रहेको
- विभिन्न स्थानमा सार्वजनिक शौचालयहरूको स्थापना गर्न नगरपालिका प्रतिवद्ध रहेको

३. शिक्षा

- बिर्तामोड नगरपालिका शैक्षिक हवको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेका छ
- यस नगर भित्र हाल १८ वटा सामुदयिक विद्याय, ५७ वटा संस्थागत विद्यालय, ५० वटा सामुदायिक वालविकास केन्द्र, ३० संस्थागत पूर्व प्रा.वि. कक्षा संचालनमा रहेका छन् भने उक्त विद्यालयहरूमा करिव ३७ हजार वालवालिकाहरु अध्ययनरत छन् जस मध्ये करिव ३५ प्रतिसत बालबालिका नगरपालिका भन्दा बाहिर बाट अध्ययनकालागि यहाँ आएको अवस्था छ । उच्च शिक्षा तर्फ ३ वटा सामुदायिक क्याम्पस र ७ वटा निजी क्याम्पसहरुले सेवा दिइ रहेका छन् । यसै गरि प्राविधक तथा व्यवसायिक तालिम परिषद् मार्फत अनुमति लिई ७ वटा शैक्षिक संस्थाहरू सिपमुलक कार्यक्रम तथा तालिम प्रदान गरिरहेका छन्
- कृषि तथा पशुपन्छी बाली प्रवर्द्धन र बिकासकालागि प्राबिधिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्वाधारको सहज ब्यवस्थापन गर्न सकिने र सोका लागि प्राविधिक शिक्षालयको व्यवस्था गर्न सकिने
- नगरपालिका क्षेत्रमा प्रविधिक शिक्षालाई उच्च प्राथमिकता दिई सञ्चालनमा ल्याउने गरी नगरपालिकाले प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याउने नीति लिएको
- चिया, अन्न बाली, पशुपन्छीबाली, उद्योग, व्यापार तथ व्यवसायको बिकासकालागि विर्तामोड अध्ययन अनुसन्धान केंन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याउने गरी नगरपालिकाले तयारी थालेको
- आवधिक योजना अवधिमा ९० प्रतिसत भन्दा बढी जनसङख्या उच्च शिक्षा हाँसिल गर्न सक्ने अवसर श्रृजना गर्न सकिने सम्भावना रहेको
- ५ वर्ष सम्ममा माध्यमिक तह सम्मको शिक्षा पुर्णतः निशुल्क गर्ने अभियानमा नगरपालिका कृयाशिल रहेको
- प्राविधिक शिक्षा (इन्जिनियर होटल म्यानेजमेन्ट , पर्यटन, कृषि, पशु, आदी) स्तानकोत्तर तह सम्मको अध्ययन अध्यापनकालागि सम्बन्धित सरोकारवालाहरू कृयाशिल हुने वातावरण बन्दै गएको
- आधारभुत तहमा सतप्रतिशत र माध्यमिक तहमा न्यूनतम ९० प्रतिसत वालवालिकाले अध्यायन गर्न पाउने वातावरण विकास गर्न नगरपालिका शिक्षा शाखा कृयाशिल रहेको

४. कृषी तथा पशुपन्छी

- बिर्तामोड नगरपालिकाको जम्मा ७८.२४ वर्ग कि.मि. क्षेत्रफल मध्ये ७८.५७ प्रतिशत कृषि क्षेत्र रहेको
- धान, मकै, तोरी, फापर, राज्मा, आलु, तरकारी र केही क्षेत्रहरुमा चैते धानको खेति भईरहेको
- सम्पूर्ण कृषि क्षेत्रहरु मध्ये ६५ प्रतिशत (४७०० हे.) जग्गामा सिंचाई सुविधा उपलब्ध भएको
- हाल नगर क्षेत्रभित्र २१८ वटा कृषक समुहहरू, ३४ कृषि फर्महरू र ३० कृषि सहकारीहरू दर्ता भै संचालनमा रहेको
- नगरक्षेत्रभित्र परम्परागत रुपमा प्राय सबै कृषक परिवारहरुले पशुपालन गरिरहेका छन् भने हालसम्म पशु पंक्षी तथा मत्स्य विकास शाखामा ३० वटा कृषक समुहहरु, ४३ गाई फर्महरु, ३७ बाखा फर्महरु, २० कुखुरा फर्महरु, २७ बंगुर फर्महरु र १८ माछा फर्महरु दर्ता भै व्यवासयिक उत्पादन गरिरहेका छन् । नगरक्षेत्रभित्र ४० वटा मासु पसलहरु नगरपालिकामा दर्ता भै संचालनमा आएका छन्
- कुखुराको मासु, बंगुरको मासु तथा पाठापाठी, र दुधमा नगर आत्मानिर्भर रहेको छ भने च्याउ उत्पादनमा र माछा उत्पादनमा आत्मानिर्भर उन्मुख रहेको छ
- कृषक तथा नगरपालिकाको सहकार्यबाट कृषि क्षेत्रलाई उन्नत मल विउ र प्रविधि सहित विकास गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्न सकिने प्रसस्त सम्भावना रहेका कारण माछा, कुखुराको मासु अण्डा र तरकारीमा आगामि ३ बर्ष भित्र पूर्ण रुपले आत्मनिर्भर हुन सक्ने गरी कार्यक्रम सञ्चालन भई रहेका

५. भौतिक पुर्वाधार

- विद्यमान रहेका सडकहरुको स्तर उन्नती गर्दै युटिलिटी कोरीडर सहितको सडक निर्माण गरिने
- नयाँ निर्माण हुने सडकमा ड्रेन युटीलीटी करीडोर सहितका निर्माण गरिने साथै भईरहेका सडकको चौबाटोमा ट्राफिक लाइट, आकासेपुल , जमिनमुनीमा सब वे निर्माण गरिने लक्ष्य रहेको
- सबै सडकमा ५ वर्ष भित्र उच्चस्तरिय ग्राभेल गरी सवै सडकको स्तरउन्नती भई सक्ने
- ५ बर्षमा १२५ कि.मी. सडक कालो पत्र तथा पेवर्स लगाएको हुने (२५ कि.मी. पेवर्स तथा १०० कि.मि. कालो पत्र हुने)
- ३ वटा झोलुङ्गे पुल र ४० वटा थप कल्भर्ट पुल निर्माण गरिने छ ।
- ५ वर्ष भित्र सवै घरमा विद्युत सेवा पुऱ्याएको हुने छ ।
- अदुवा खोला घाघरा खोला, देउनिया खोला कोरिडोर निर्माण गर्न दुई वर्ष भित्रमा अध्ययन सम्पन्न गरि DPR तयार गरी सम्वन्धित निकायमा प्रस्ताव पेश गरिने
- सतह नाला सहितको शहरी बिकास गुरुयोजना निर्माण गरिने
- नगरपालिकाको नाममा रहेको बुधवारे बजारमा बहुतले पार्किङ्ग सहितको सुविधा सम्पन बजार भवन निर्माण गरिने
- ञ्वडा नं. ७, ८, ९ र १०, मा प्राथमिक्ताको आधारमा भौतिक पुर्वाधार सम्पन्न नमुना बस्ती निर्माण गरिने साथै उपयुक्त वासस्थान Land polling project लागु गरिने
- स्थानिय वजार संचालन व्यवस्थापनको लागि कानुनी संरचना निर्माण गरिने छ भने भईरहेको कृषि थोक वजार लाई व्यवस्थित गर्दै लाने तथा बैकल्पीक कृर्षि वजारको समेत अध्यायन गरिने
- यातायात व्यवस्थापन ऐन निर्माण गरि व्यवस्थित सञ्चालनको सुनिस्चितता गरिने
- डोमाालाल रंगशालालाई प्याराफिट सहित सुविधा सम्पन्न रुपमा विकास गरिने साथै अन्य खेल मैदानहरुलाई पनि व्यवस्थित गर्दै लगिने छ ।

६. पर्यटन विकास

- बिराटपोखर वडा नं. ३, हरियाली सामुदायिक वन वडा नं ६, राम चोक सामुदायीक वन वडा नं. २, बाह्रदशी पोखरी वडा नं. २, सदु पोखरी, मधु पोखरी र तेलकानी पोखरी वडा नं. १० लाई पर्यटकिय क्षेत्र तथा फुर्सदको समय व्यातित गर्ने उपयुक्त पार्क र मनोरञ्जन केन्दैको रुपमा विकास गर्दै लगिने
- साङ्गवेद शिवालय वडा २, वडा नं ८ को गरामनी शक्तिपिठलाई धार्मीक, पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने
- बिर्तामोड १ मा रहेको झापा नाट्य घरलाई बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक संग्रहालयको रुपमा समेत विकास गरिने
- बिर्तामोड १ को धिमाल बस्ती पाथिभरा धार्मीक पर्यटक स्थललाई विकास गरिने
- सहिद नेत्रपार्कलाई पुर्वकै मुख्य पर्यटकीय स्थलको रुपमा विकास गरिने

७. वन जङ्गल

- विद्यमान वन जंगललाई संरक्षण र प्रवर्द्धन गरी काष्ठ उद्योगको विकास गर्न सकिने साथै पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न सकिने ।
- शहरी वन विकास कार्यलाई जोड दिदै हारित नगरको प्रारुप तयार गर्ने
- सडक पेटी, नदी किनार र खुला क्षेत्रमा बिक्षारोपण गरी हरीयाली प्रवर्द्धन गरीने

८. भू-उपयोगः

- भू-उपयोग नीति, कानून तथा योजनाको निर्माण बाट विर्तामोड नगरका प्राथमिकता प्राप्त क्षेत्रको विकासलाई व्यवस्थित पार्ने

३.५.२ मिसन (Mission)

विर्तामोड नगरपालिकाको उद्योग, ब्यापार क्षेत्रलाइ पहिलो, स्वास्थ्य र शिक्षा क्षेत्रलाई दोस्रो, कृषि तथा पशुपन्छी पालन क्षेत्रलाई तेस्रो प्राथमिकतामा राखी श्रोत साधन परीचालन गर्दै रोजगारी सिर्जना र गरिवी न्यूनिकरणका साथै नगरको सुशासन सहित समृद्धी तर्फ अगाडी वढ्ने मुख्य मार्गदिसा हुनेछ ।

३.५.३ लक्ष्य (Goal)

क. आगामी २० वर्षमा :-

मानव विकासका तिन वटै सुचांकमा वृद्धि गर्दै आगमी २० वर्षमा विर्तामोड नगरपालिका नेपालको मानव विकास सुचकांकमा शिर्ष पाँच स्थानमा रहेको नगरपालिका हुनेछ ।

ख. आगमी ५ वर्षमा : -

विर्तामोड बासीहरूको स्वास्थ्य, शिक्षा, आय र जिवनस्तरमा गुणात्मक सुधार भई निरपेक्ष गरीवी ५ प्रतिशतमा झरेको हुनेछ

३.५.४ उद्देश्य

क. मुलभुत उद्देश्य

नगरपालिको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक तथा भौतिक पूर्वाधार विकासकालागि दीर्घकालिन सोचले निर्धारण गरेको लक्ष्य प्राप्त गर्न कम्तिमा ५ बर्ष अवधिकालागि आवधिक योजना तर्जुमा गर्ने

ख. सहायक उद्देश्यहरू

- बर्तमान संबिधान, ऐन कानूनको अधिनमा रहि यस पालिकाको समृद्धिको मार्ग प्रशस्त गर्न स्थानीय आवश्यकता बमोजिम दिगो विकासको जग बलियो बनाउन आवश्यक योजना तथा कार्यक्रमहरू पहिचान गर्ने
- बर्तमान अवसर र भावि संभावना समेतका आधारमा नगरपालिकाको दीर्घकालीन सोचअनुरुप विकास लक्ष्य प्राप्त गर्न सवै विषयगत गुरु योजना, मध्यकालिन खर्च संरचना, यस नगरपालिकाको संस्थागत स्वमूल्याङ्कनमा आधारित सूचकहरूकालागि मार्ग निर्माण गर्ने
- नगरपालिकाको सर्वाङ्गीण विकासमा आधारित भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरू र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरू, बजेट निर्धारण तथा सरोकारवालाहरूको सहभागिता र साझेदारीको स्थान समेत पहिचान गरी अल्पकालीन तथा दीर्घकालिन योजना तथा कार्यक्रम तर्जुमा गर्ने
- संबिधान, स्थानीय सरकार सञ्चालन ऐनको मूल मर्म र भावना बमोजिमको विकास लक्ष्य प्राप्त गर्न दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने

३.६ परिमाणात्मक लक्ष्य

तालिका नं. ३.१ दिगो विकास लक्ष्य

क.सं	विषयगत आधार	एकाई	आधार बर्ष	सन २०३०
१	गरिवी दरलाई (झार्ने)	%	२१.६	४.९
२	पुड्को पनलाई (ल्याउने)	%	३६	१५
३	मातृ मृत्यूदरलाई (ल्याउने)	जना	२५८	६९
४	यूवाहरूलाई रोजगारी सृजना गर्ने	%		७५
५	व्यवसायिक तथा प्राविधिक काममा महिलाको सहभागिता	%	२४	४०

६	पाइपलाईन बाट खानेपानी वितरण (पुऱ्याउने)	%	४९.५	९०
७	विद्युत पहुँचलाई (पुऱ्याउने)	%	७४	९९
८	यूवा बेरोजगार दर (झार्ने)	%	३५.८	१०
९	कार्वन उत्सर्जन तह (सिमिति गर्ने)	मे.टन	०.१०	०.०५
१०	जोखिमपूर्ण अवस्थामा काम गरिरहेका बालबालिकाको दर (झण्डै)	%	३०	०

तालिका नं. ३.२ समष्टिगत लक्ष्य

क.सं.	सुचक/लक्ष्य	एकाइ	आधार वर्षसम्मको अवस्था			योजनाको अन्त्यको अवस्था		
			नेपाल**	प्रदेश	न.पा	नेपाल**	प्रदेश	न.पा.
क. समष्टिगत गन्तव्य तथा सूचक								
१	मानव विकास सुचकाङ्क	इन्डेक्स	०.५७९	०.५०४	*	०.७६०	०.६००	०.५८४
	लैंगिक विकास सूचकाङ्क		०.८९७	०.९२५	*	९९	०.९६३	०.९५३
२	औसत आयु (जन्म हुँदाको)	वर्ष	६९.७	७०.७	*	८०	७३.१	७१.५
३	गार्हस्थ्य प्रतिव्यक्ति आम्दानी - वार्षिक)	युएस डलर	१०४७	९३४	१००२	१२१००	१६२०	१७५०
४	वेरोजगारी दर	%	११.४		५.५७	३		३
	वेरोजगारी दर (कृषि क्षेत्रमा सम्लग्न बाहेकको हकमा)	%			२७			१४
५	निरपेक्ष गरिबीको रेखामुनीको जनसङ्ख्या	%	१८.७	१२.४	*	०	११	१०
	बहुआयामिक गरिवीको रेखामुनीको जनसङ्ख्या		२८.६	१९.७	*	३	१४	१३
६	आर्थिक बृद्धि दर (स्थिर मूल्य)	%		४.५	*		९.७	९.६२
	कुल गार्हस्थ्य उत्पादन (उत्पादनको मूल्यमा)	रु (करोडमा)		५०५८४	*		८०३५६	६००००
	आर्थिक रूपले सक्रिय जनसङ्ख्या	%			६२.३८			६५.०
७	वपद्बाट हुने वार्षिक क्षति रकम	%			*			
८	विपद्बाट हुने वार्षिक क्षति रकम	रु.हजार मा			*			
ख. विषय क्षेत्रगत गन्तव्य र सुचक								
१	खाद्यान्न बाली उत्पादन (हजारमा)	मे.टन			*			
२	काठको उत्पादन (लाखमा)	घ.मि.	१९४		*	३००		
३	उद्योगबाट रोजगारीको सिर्जना	संख्या			*			२५००
४	निर्यात आयात अनुपात	अनुपात						
५	पर्यटक आगमन (हजारमा)	संख्या			*			३६०००

६	पर्यटन क्षेत्रमा रोजगारी (हजारमा)	संख्या			*			५००
७	विद्युत्मा पहुँच प्राप्त परिवार	%	८८	९१.४		१००	९९.५	
८	विद्युत् उत्पादन क्षमता	मे.वा						
९	सिञ्चित क्षेत्रफल (हजारमा)	हेक्टर						
९.१	सिँचाई योग्य भूमिमा सिँचाई	%		५३	६५		८०	८०
१०	सडक निर्माण लम्बाई (पक्की/ग्राभेल/धुले)	कि.मी.	६९७९	१५४४*		३५०००	५०००	
	कालोपत्रे				६५			१२५
	ग्राभेल				३५०			३५५
	कच्ची (माटोको सतह भएको)				२३५			१७०
	रेलमार्ग	कि.मी.	४२		०	२२००		०
	३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार	%	७८.९		९५.१	९९		१००
११	इन्टरनेट प्रयोगकर्ता जनसङ्ख्या	%	६५.९		७७	१००		१००
१२	साक्षरता दर (१५ वर्ष माथि)	%	५८	७९.१	९५	९९	९९	९९
१३	विद्यालय (सामुदायिक र संस्थागत)	संख्या						
१४	खुद भर्ना दर	%		९५	९८		९९	१००
१५	क) आधारभुत तह (कक्षा १-८)	%	९३	९१.८५	९८	९९	१००	१००
	ख) माध्यमिक तह कक्षा (९-१२)	%	४६	४५	*	९५	७०	८५
	ग) उच्च शिक्षामा कुल भर्ना दर	%	१२	१५.५७	*	४०	२०	९०
१५.१	विद्यालय निरन्तरता दर				७५			९०
१६	प्राविधिक र व्यावसायिक शिक्षामा तालिम प्राप्त जनसङ्ख्या	जना			*			१५००
१७	मातृ मृत्युदर (प्रति लाख जीवित जन्म)	जना	२३९		१८६	२०		१८०
१८	पाँच बर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	जना	३९	३६		८	२२	
	शिशु मृत्यूदर (प्रति हजार जीवित जन्ममा)			३१	५४		२०	२५
	नवजात शिशु मृत्यूदर (प्रति हजार जीवित जन्ममा)			२२			१७	
१९	तौल कम भएका बालबालिका	%	२७	२४.४	*	२	२०	५

	(५ वर्ष मुनी)							
२०	उच्च मध्यम स्तरको खाने पानी सुविधा पुगेको जनसंख्या	%	२०	१५	१०	९५	२५	२०
	आधारभुतस्तर खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या			९७.१	८५		९९	९५
	खानेपानी सेवा पुगेको जनसंख्या			९०	६०		९९	९५
२१	सरसफाइ सुविधा उपलब्ध घरपरिवार	%			७८.७५			९५
२२	वैक तथा वित्तीय संस्थाको शाखा	सङ्ख्या			३५			कम्तिमा प्रत्येक वडामा १
	लघुवित्त संस्था				३			४
२३	जमिनमा महिलाको स्वामित्व हुने परिवार	%			३३.१८			४५
२४	विपद्बाट मृत्युहुने वार्षिक जनसंख्या (प्रति लाख)	जना		३	*		१.५	०
२५	विपद्बाट प्रभावित हुने परिवार संख्या (वार्षिक)	संख्या			*			१५
	विपद् बाट सम्पतिमा क्षति	रु.करोड मा		६२	*		२०	०.५
२६	प्रकोपबाट कृषि क्षेत्रमा भएको आर्थिक क्षति (वार्षिक)	रु.हजार मा			*			०
२७	प्रकोपबाट खानेपानी संरचनामा भएकोक्षति (वार्षिक)	वटा			*			०
२८	प्रकोपबाट पुर्वाधारमा भएको क्षति (वार्षिक)	वटा			*			०
२९	५ बर्ष मुनिका बालबालिकाको जन्म दर्ता	%	६३	६१	८७	१००	८५	१००

तालिका नं. ३.३ विषयगत परिमाणात्मक लक्ष्य

१. आर्थिक विकास योजना :

क.सं.	योजना शिर्षक	इकाई	वर्तमान अवश्था (दार्ता तथा सूचिकृत भएका)	प्राथमिकता p1 का आधारमा परिमाणात्मक लक्षमा पुगेको वा भएको
१	व्यवसायिक कृषि फर्म/समूह	सङ्ख्या	३०	६०
२	व्यवसायिक पशुपन्छी पालन फर्म	सङ्ख्या		
२.१	गाई फर्म	सङ्ख्या	४३	६३

२.२	बाखा फम	सङ्ख्या	३७	५७
२.३	कुखुरा फर्महरू,	सङ्ख्या	२०	४०
२.४	बंगुर फर्महरू	सङ्ख्या	२७	३७
२.५	माछा फर्महरू	सङ्ख्या	१८	२३
३	उद्योग व्यवसाय (लघु उद्योग बाहेक)	सङ्ख्या	३१	९१
३.१	लघु उद्योग	सङ्ख्या	१००*	१७५
४	व्यपार व्यवसाय	सङ्ख्या	५५६५	७०००
५	पर्यटन पूर्वाधार	सङ्ख्या		
५.१	मठ मन्दिर		७०	स्तरोन्नतीको कार्य गरी व्यवस्थित बनाउने
५.२	पोखरी		६	
५.३	पार्क तथा मनोरन्जन स्थल		९	
६	रोजगारी श्रृजना र गरिवी निवारण	सङ्ख्या	गणना नभएको	३५०० थप गर्ने

*औद्योगिक ग्राम अध्ययन सर्वेक्षण, २०७६

२. सामाजिक विकास

क.सं.	योजना शिर्षक	एकाई	वर्तमान अवस्था	प्राथमिकता P1 का आधारमा परिमाणात्मक लक्ष्य (पुगेको वा भएको
१	**शिक्षा**			
१.१	विद्यालयको भौतिक पूर्वाधार निर्माण (प्रस्तावित आधारमा) अधिकाङ्समा बालमैत्री विद्यालय पूर्वाधारको न्यूनतम मापदद्धण्ड बमोजिम भवन, शौचालय, खानेपानी, खेलमैदान, कम्पाउण्ड घेराबरा, विज्ञान प्रयोगशाला, पुष्तकालाय लगायत	%	६०	९५
१.२	निरक्षर (पढ्न लेख्न दुवै नजान्ने)	%	५	१
१.३	कुल बालबालिका मध्ये विद्यालय नगएको सङ्ख्या	%	२	०.५
१.४	शिक्षक	%	७५	९५
१.५	विद्यालय भर्ना दर	%	९८	१००
१.६	विद्यालय निरन्तरता दर	%	७५	९०
२	**स्वास्थ्य**			
२.१	भौतिक पूर्वाधार (प्रस्तावित आधारमा)	%	५०	१००
२.२	बाल मृत्यूदर (प्रति हजारमा)	संख्या	५४	२५
२.३	मातृ मृत्यूदर (प्रति लाखमा)	संख्या	१८६	१८०
२.४	खानेपानी सुविधा प्राप्त परिवार	%	६०	९५
२.५	प्रस्तावित खानेपानी पूर्वाधार	वटा	३	७
२.६	शौचालय नभएका घर परिवार	सङ्ख्या	९६	०
३	महिला तथा लैङ्गिक समानता	%	–	९०
४	बाल अधिकार संरक्षण तथा सम्बर्द्धन साथै बालमैत्री वातावरण विकास (बालमैत्री नगरपालिका घोषणा)	%		५०

५	जेष्ठ नागरिक सामाजिक सुरक्षा सम्मान	%		७०
६	अपाङ्गता तथा फरक क्षमता: सामाजिक सुरक्षा, क्षमता विकास र सम्मान)	%		७०
७	लक्षित बर्ग तथा समुदाय: सामाजिक न्याय, समानता र अवसर	%		८०
८	खेलकुद: भौतिक पूर्वाधार (प्रस्तावित सङ्ख्याको)	%		७०

३.भौतिक तथा भौतिक पूर्वाधार विकास योजना

क.सं.	योजना शिर्षक	इकाई	वर्तमान अवस्था	प्राथमिकता P1 का आधारमा परिमाणत्मक लक्ष्य -पुगेको वा भाएको)
भौतिक तथा भौतिक पूर्वाधार विकास योजना				
१	भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन (नापी नक्सा समेत)	%	–	७०
२	वर्तमान भू-उपयोग नीति बमोजिमका क्षेत्रलाई गुगोल नक्सा वा GIS मा समावेश	%	–	५०
३	कालोपत्रे सडक कि.मि. पुगोको हुने	कि.मि.	६५	१२५
४	ग्राभेल सडक कि.मि. पुगेको हुने	कि.मि.	३५०	३५५
५	कच्चि सडक पुगोके हुने	कि.मि.	२३५	१७०
६	प्रस्तावित सडक पूर्वाधार निर्माण नाला निर्माण सहित	%	३०	६०
७	प्रस्तावित पुल तथा कलभर्ट निर्माण	%	७०	१००
८	प्रस्तावित सामुदायिक भवन तथा संघ संस्था भवन निर्माण (सवै टोल वस्तिमा गरेर)	सङ्ख्या	७३	८०
९	यातायातका साधन बस, ट्रक, लरी, साना तथा ठूला सवारीकाका साधन पार्क तथा टर्मिनल निर्माण गर्ने साथै ट्रफिक आईल्याण्ड (प्रस्तावित योजनाको)	सङ्ख्या	१	३
१०	घर नम्बरिङ तथा सडक नामाङ्कन र ठेगाना	%	०	१००
११	प्रहरी चौकी तथा पोष्ट सम्बन्धी सुरक्षा पूर्वाधारहरू (प्रस्तावित योजनाको)	%	५०	५०

४. वातावारण तथा फोहोरमैला व्यवस्थापन

क.सं.	योजनाशिर्षक	एकाई	वर्तमानअवस्था	प्राथमिकताP1काआधार मा परिमाणत्मकलक्ष्य(पुगेको वाभाएको)
वितियविकास योजना				
१	फोहोरमैला प्रशोधन केन्द्र	वटा	नभएको	१ निमार्ण
२	फोहोर सङ्कलन साधन	वटा		
२.१	टयाक्टर	वटा	५	१०

२.१	जेसिबि	वटा	२	४
३	फोहोरमैलाको परिमाण (प्रतिदिन)			
३.१	जैविक	टन	३	८
३.२	अजैविक	टन	३	७
४	बनजङ्गल	हेक्टर	६४९	७००
५	वायु प्रदुषणमापन यन्त्र	वटा	मापन नभएको	१
६	वायु प्रदुषणको मात्रा		मापन नभएका	मापदण्ड भित्र राख्ने
७	पानीप्रदुषणको मात्रा		मापन नभएका	मापदण्ड भित्र राख्ने
८	ध्वनीप्रदुषणको मात्रा		मापन नभएका	मापदण्ड भित्र राख्ने

५. संस्थगत सुशासन तथा वितिय विकास

क.सं.	योजनाशिर्षक	एकाई	वर्तमान अवस्था	प्राथमिकताP1काआधारमा परिमाणत्मक लक्ष्य(पुगेको वा भाएको)
वितिय विकास योजना				
१	स्रोत तथा लेखा व्यवस्थापन			
१.१	कर तथा राजश्व संकलन तथा व्यवस्थापन कार्यविधि सहितका आवश्यक स्थानीय ऐन,नियम, निर्देशिका	%	५५	१००
१.२	सफ्टवेयर निर्माण तथा आवश्यकता अनुसार अध्यावधिक गर्ने	%	७५	१००
१.३	कर तथा राजश्वको स्रोत नक्साङकन तथा तथ्याङक अध्यावधिक गर्ने	%	६०	९५
१.४	लेखा शाखा तथा मातहतका उपशाखा लगायत सबै वडा कार्यालयमा कम्प्युटर प्रिन्टर, स्क्यानिङ मेशिन, फोटोकपी तथा फ्याक्स लगायतका अत्यावश्यक उपकरणको व्यवस्था	%	८५	१००
१.५	सर्भरको व्यवस्था, नेटवर्किङ प्रणाली	%	७५	१००
१.६	उपभोक्ता लागत सहभागितालाई वास्तविक यथार्थपरक र सार्थक बनाउने ।	%	३०	१००
१.७	व्यवसायिक लेखा प्रणाली	%	नभएको	नीति तथा ऐन कानून निर्माण भए बमोजिम गर्ने
२	संस्थागत सूशासन			
२.१	आर्थिक प्रशासन तथा परिचालन सम्बन्धी ऐन नियम निर्देशिका कार्यविधि	%	७०	९५
२.२	नगरपालिकाको सम्पत्तिको अभिलेख	%	४०	१००
२.३	विषयगत क्षेत्रको आधारमा योजनाको प्राथमिकिकरण	%	७०	१००
२.४	खरीद एकाइ, निष्कासन एकाई	%	५०	१००
२.५	आन्तरिक लेखा परीक्षण	%	८५	१००
२.६	कर्मचारी तालिम	%	६५	१००

२.७	बेरुजुको लगत तयार र फर्छ्यौटको लागि समिति निर्माण	%	नभएको	गठन गर्ने
२.८	कर राजश्व र गैर कर राजश्वको दायरा विस्तारको लागि स्वयम् करको स्वघोषणा	%	०	१००
२.९	अनलाइनको माध्यमबाट राजश्व तथा सेवाशुल्क बुझाउने व्यवस्था	%	०	१००
१.१०	शिर्षकगत बजेट विनियोजन र सोहि शिर्षक अन्तर्गत रहि खर्च गर्ने ।	%	८५	१००
१.११	आर्थिक अवस्थाको मासिक विवरणको माथिल्लो निकायलाई जानकारी	%	२५	१००
१.१२	अबण्डा शिर्षकमा बजेट राख्ने परिपाटीको अन्त्य	%	सामान्य	०
१.१३	राजश्व परामर्श समितिको कियाशिलता	%	७५	१००

३.७ रणनीति तथा प्राथमिकता (प्राथमिकता निर्धारण समेत)

वितामोड नगरपालिकाले आवधिक योजना मार्फत दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य बमोजिमका परिमाणात्मक लक्ष्य पुरागर्न विषय क्षेत्रगत रणनीति निर्माण गरी सोहि बमोजिम आफ्ना कृयाकलाप सञ्चालन व्यवस्थापन गर्न अनिवार्यछ । तसर्थ यस आवधिक योजनाले स्वीकर गरेको विकास लक्ष्य बमोजिमका विषयगत क्षेत्रका योजना, आयोजना तथा परियोजनाहरूको सफल कार्यान्वयनकालागि देहाय बमोजिमका प्राथमिकता क्रमका आधार र रणनीति अवलम्बन गरिनेछ ।

३.७.१ रणनीति

३.७.१.१ आर्थिक क्षेत्र विकास रणनीति

- आर्थिक विकास सँग सम्बन्धित सवै खाले नगरपालिका स्तरीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गर्ने
- आर्थिक विकासका तमाम योजना र कार्यक्रममा समन्वय स्थापित गर्न संस्थागत सञ्जाल समन्वय समितिको निर्माण गर्ने
- तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने
- गरिवी नक्साङ्कन तयार पार्ने साथै गरिव परिवारलाई परिचय पत्र दिने
- कृषि, पशुपन्छी पालन, उद्योग, व्यापार, व्यवसाय, पर्यटन, एकीकृत बजार लगायतका आर्थिक विकासमा आधारित सवै क्षेत्रलाई समेटेर एकीकृत आर्थिक विकास गुरुयोजना तयार गर्ने
- अर्थ, यन्त्र, उपकरण, प्रविधि, मानवीय श्रोत र साधनको व्यवस्थापनकालागि नगरपालिकाबासी, निजी क्षेत्र, संघीय तथा प्रदेश सरकार, सहायोगि तथा विकास साझेदार लगायतका सवै साझेदार र सहयोगीहरू सँग समन्वय गरी साझेदारीको सुनिस्चितता गर्ने
- सार्वजनिक निजी साझेदारी, सामुदायीक निजी साझेदारी, सार्वजनिक सामुदायीक निजी साझेदारी जस्ता विधि र प्रकृयालाई र पद्धतीलाई आर्थिक बिकास र व्यवस्थपनको मुल आधार बनाउने
- माटो परिक्षण गरी कृषिबाली उत्पादनको आधारमा पकेट क्षेत्र निर्धारण गर्ने
- सिचाईको पूर्वाधार नपुगेका क्षेत्रमा पूर्वाधार पुऱ्याउने, बेमौषमी तरकारी खेतीलाई प्राथमिकता र प्रोत्साहन गर्ने साथै कृषि यन्त्रको प्रयोगमा सहुलियत प्रदान गर्ने
- विउ विजन केन्द्र (सिड बैंक) को स्थापना साथै नश्ल सुधार कार्यक्रमकालागि प्राविधिक जनशक्ति सहितको दिगो व्यवस्थापन गर्ने

- नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तरगत सञ्चालन गरिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सँग समन्वय गरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने
- व्यवसायिक कृषि फर्म सञ्चालनमा कर छुट सहित विषेश सहुलियत प्रदान गर्ने तथा आवश्यक स्थानीय कानूनको निर्माण गरी आफु सँग रहेको जग्गा जमिन शेयरमा रुपान्तरण गरी त्यस प्रकारका संस्था दर्ता गर्न र सामुहिक कृषि व्यवसाय सञ्चालनमा विषेश भुमिका निर्वाह गर्ने
- नगरपालिकाले निर्धारण गरेका विशेष जातका बालि लगाएर प्रति रोपनी तोकिएको मात्रा भन्दा बढि उत्पादन गर्ने किसान तथा व्यवसायीलाई स्थानीय सरकारको हैसियतमा गणनायोग्य सुविधाहरू घोषणा गरी कार्यान्वयनमा ल्याउने
- निजी क्षेत्र समेतको सहयोग र साझेदारीमा प्राङ्गरिक मलको उत्पादन गर्ने साथै मलखादमा नगरपालिकालाई आत्मनिर्भर वनाउन भण्डारण केन्द्रको व्यवस्था गर्ने
- रोगनिरोधक विषादीको सुलभ व्यवस्थापन गर्ने साथै प्राङ्गरिक (अर्गानिक) खेतीकालागि गरिएको योजनाबद्ध कार्यक्रमलाई थप प्रभावकारी र प्रोत्साहन गरी रासायनिक मलको प्रयोगलाई विस्थापित गर्दै लाने
- श्रोत तथा सङ्कलन केन्द्रको स्थापना र विकास गर्ने, व्यवसायमुलक तालिम तथा सुरक्षित र सुनिस्चित बजार सञ्जाल निर्माण गर्ने
- चरन क्षेत्र, डाले तथा भुईघासको विकास र विस्तार गर्ने
- पशुपन्छी आहार उत्पादन तथा आवश्यक आहारको आपुर्ती गर्ने
- रोगनिरोधक औषधीको सुलभ व्यवस्थापन र खोप कार्यक्रम सञ्चालन गर्ने
- पशु तथा कृषि विमा लाई अनिवार्य गर्ने साथै यसकालागि आवशयकताका आधारमा संघीय तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गर्ने
- सम्भाब्य वडामा कृषि प्रशोधन केन्द्र सञ्चालन व्यवस्थापन गर्ने साथै दुग्ध पदार्थ प्रशोधन केन्द्रको स्थापना, पशुबधस्थल निर्माण लगायतका कार्यलाई विशेष प्राथमिकता दिने
- औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा वडा स्तरीय पकेट औद्योगिक ग्रामको स्थापना गर्ने तथा आवश्यक पूर्वाधारको विकास गर्ने
- उद्योग, कृषि, पर्यटन, सहकारी तथा सांस्कृतकि विकास लगायतका आर्थिक विकासका क्षेत्रमा योगदान पुऱ्याउने सवै खाले व्यवसायिक संघसस्था, कार्यालय तथा व्यक्तिलाई नगरपालिका बाट प्रवाह हुने सेवा सुविधामा विशेष सहुलियत प्रदान गर्ने
- विर्तामोड निर्यात तथा विकि प्रवर्द्धन केन्द्रको स्थापना र विकास गर्ने
- पर्यटन विकास अन्तरगत धर्मिक, सास्कृतिक तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण, सम्बर्द्धन र विकास गर्ने तथा यसकालागि निजी क्षेत्रलाई समेत आकर्सित गर्ने
- ग्रामिण स्याटलाईट स्मार्ट ग्रामिण बजारकालागि आवश्यक पूर्वाधारको विकास गर्ने
- नगरपालिकाका सवै वडाहरूमा वडाबासीको माग बमोजिम बचत तथा ऋण सहकारी संस्था, लघुवित्त विकास सस्था, वित्तीय सस्था तथा बैंकहरूका कार्यालय तथा शाखा पुऱ्याउने
- घरपरिवार बचत कार्यक्रम र वित्तीय साक्षरताकालागि बैंक तथा वित्तीय संस्थाहरू सँग साझादरी गर्ने तथा यूवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने
- सवै घरपरिवारको अनिवार्य बैंक खाता हुने व्यवस्था मिलाउने
- न्यूनतम ब्याजदर र सहज रुपमा आवश्यक आर्थिक श्रोत प्राप्त गर्न सक्ने अवस्थाको श्रृजना गर्न बैंक तथा वित्तीय संस्था र सहकारी सँग साझेदारी विकास गर्ने

- आर्थिक विकासका सवैखाले क्षेत्रमा नगरपालिकाले औद्योगिक, व्यापारिक तथा व्यवसायिक दुतको भुमिका निर्वाह गर्ने

३.७.१.२ सामाजिक क्षेत्र विकास रणनीति

क.विषय क्षेत्रगत रणनीतिहरू

- संविधान, संघीय तथा प्रदेश कानूनको समेत अधिनमा रहि आवश्यक स्थानीय नीति, ऐन, नियम, निर्देशिका वा कार्यविधिहरू तर्जुमा तथा व्यवस्थापन गर्ने
- श्रोतको पहिचान तथा परिचालन र व्यवस्थापन गर्ने साथै स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग र परिचालन गर्ने
- नागरिक तथा सरोकारवाला र साझेदार संघ संस्थाको सहभागितालाई प्राथमिकता दिने
- अनुत्पादक खर्चमा कटौतिगर्ने
- सवै योजना तथा कार्यक्रमलाई उत्पादकत्व सँग आवद्ध गर्ने
- रोजगारीको श्रृजना, गरिवी निवारण तथा न्यूनिकरणका साथमा दिगो विकासमा आधारित योजना र कार्यक्रमको कार्यानवयनलाई बिशेष प्राथमिकता दिने
- शिक्षा र साक्षरताका साथमा शिप विकास र प्रविधिको विकास र व्यवशाय प्रवर्द्धनमा विशेष लगानी गर्ने
- कम्तिमा २० वर्षको आवश्यकतालाई ध्यानमा राखि सामाजिक विकासकालागि सवै पूर्वाधारहरूको निर्माण र विकास गर्ने
- भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन तथा वडा तथा नगरपालिकास्तरीय क्षेत्र निर्धारण गर्ने
- सार्वजनिक निजी साझेदारी, सार्वजनिक सामुदायिक साझेदारी तथा सार्वजनिक सामुदायिक निजी साझेदारी कार्यक्रलाई विशेष प्राथमिकतामा राख्ने
- आधुनिक प्रविधिको विकास, विस्तार र जनचेतना अभियान बाट सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने
- सन्तुलित आहार स्वास्थ्य जीवनको लागि अत्यन्तै आवश्यक भएकाले एक घर एक करेसाबरी कार्यक्रमका लागि सुआहार लगायतका दातृ निकाय तथा गैर सरकारी संस्थाहरू मार्फत साझेदारी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने
- विभिन्न जातजातीको बसोबास रहेको नगरपालिकामा सामाजिक, सास्कृतिक तथा जातीय सद्भाव कायम राख्न समन्वयात्मक कार्य प्रणालिको विकास गर्ने
- खाद्य पदार्थ तथा खानेपानीको गुणस्तर परिक्षणकालागि प्रयोगशालाको व्यवस्थापन गर्ने साथै उक्त व्यवस्था नहुँदाका बखत सम्म सम्भाव्य निकाय सँग समन्वय र साझेदारी गर्ने
- स्थापित दीर्घकालिन सोच, लक्ष र उद्देश्य पुरा गर्न समग्र सामाजिक विकासको माध्यम बाट एक उत्कृष्ट, आधुनिक र सुविधा सम्पन्न नगरपालिकाको विकास गर्ने

ख. विषय शिर्षक गत रणनीतिहरू

१. शिक्षाः

- शैक्षिक सत्रको सुरुवात बाटै विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक सँघ समेतलाई परिचालन गरी घरदैलो अभियान सञ्चालनका साथ विद्यालय भर्नालाई सतप्रतिसत वनाउने
- विद्यालयको नियमितताका आधारम बालबालिकालाई पुरस्कृत गर्ने
- सवै विद्यालयहरूमा अनिवार्य ई-हाजिरिको व्यवस्था गर्ने साथै बालकक्षा को प्रभावकारी व्यवस्थापन र डिजिटल कक्षा कोठाको विकास गर्ने

- विद्यालय शिक्षकलाई बालमैत्री अवधारणा र बालमैत्री कक्षा व्यवस्थापन सहितका आवश्यक तालिम प्रदान गरी सवै शिक्षकलाई सर्वप्रथम आफु सहजकर्ता भएको अनुभुति दिलाउने तथा बाल मनोबिज्ञानमा आधारित पाठन कला र शैली तथा बिद्यार्थिको शैक्षिक गुणस्तर र उतिर्ण स्तरका आधारमा सम्बन्धित विषय शिक्षकलाई पुरस्कृत गर्ने ब्यावस्था मिलाउने
- विद्यालयका लागि आवश्यक भवन, कक्षा कोठा, डेस्कबेन्च, शौचालय, खेलमैदान, खानेपानी, सरसफाई, सेवा सुविधा र सुरक्षामा सुधार गरी बालबालिका विद्यालय जाउँजाउँ लाग्ने गरिका बालमैत्री मापदण्ड बमोजिम निर्माण तथा व्यवस्थापन गर्ने
- विद्यालयहरूमा सुचना र प्राविधिको विकासकालागि इन्टरनेट सुविधाको अनिवार्य व्यवस्था गर्ने
- विद्यालयमा दिवा खाजालाई अनिवार्य गर्ने साथै आफ्ना छोराछोरीकालागि आफ्नै घरमा पाकेको खाजा अनिवार्य पठाउनु पर्ने व्यवस्था मिलाउने
- बिद्यार्थिलाई विद्यालय हाता भित्र र शिक्षकलाई कक्षा कोठा भित्र मोवाईलको प्रयोगमा प्रतिवन्ध लागउने साथै अभिभावकले आफ्ना छोराछोरीलाई मोवाईलको प्रयोगमा व्यवहारिक वनाउन जिम्मेवार भुमिका निर्वाह गर्ने
- विद्यालयमा आर्थिक सुशासन कायम गर्न सवै विद्यालयहरूले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र विद्यालयका आम्दानी र खर्चको हिसाव सार्वजनिक गर्ने व्यवस्था मिलाई सोको अनुगमनको व्यवस्था मिलाउने
- बिगतमा जिल्ला शिक्षा कार्यालय बाट अनुमति प्राप्त गरेका तर आवश्यक दरबन्दिको व्यवस्था नभएका प्रस्तावित विद्यालयहरूमा दरबन्दि तथा अनुदानको व्यवस्था गर्ने
- सवै विद्यालयमा सिसिटिभि जडान गरी नियमित अनुगमनलाई प्रविधि मैत्री बनाउने

२. **स्वास्थ्यः**

- नगरपालिकामा पालिका स्तरीय १ वटा अस्पताल, प्रत्येक वडामा न्यूनतम एक वाड एक स्वास्थ्य केन्द्रको हिसावले सुविधा सम्पन्न आधारभुत स्वास्थ्य केन्द्रहरूको निर्माण र दक्ष स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गर्ने
- महिला तथा बालमैत्री स्वास्थ्य केन्द्रको व्यवस्थापनका साथ गर्भवती महिला र बालबालिकालाई खोपको सुनिस्चितता र नियमितताको व्यवस्थापन गर्ने तथा घरमा सुत्केरी गारउने प्रथालाई सून्यमा झार्ने
- पानी उमालेर खाने तथा मिचिमिचि हात धुने बानीको थप विकास गर्न प्राथमिकताका साथ जनचेतना अभियान सञ्चालन गर्ने साथै सामाजिक उत्तरदायित्व निर्वाहा गर्नु पर्ने सवै संघ संस्थालाई यस कार्यमा सरिक हुने बिशेष अभियान सञ्चालन गर्ने साथै यसरी नगरपालिका सँग साझेदारी गर्नेलाई नगरपालिकाको तर्फ बाट बिशेष सहयोग वा सहुलियत उपलब्ध गराउने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा औषधी, उपकरणको व्यवस्था गर्ने साथै नेपाल सरकार बाट निशुल्क बितरण गर्ने भनि तोकिएका औषधीको बितरणमा प्रभावकारी व्यवस्थापन गर्ने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा प्रयोगशाला, स्वास्थ्य परिक्षण कोठा, बिरामी आराम कक्ष, प्रतिक्षालय तथा बालबालिका तौलने मेसिन लगायतका सवै उपकरणको व्यवस्था गर्ने
- सवै उमेर समुहका स्थानीयबासीकालागि सामान्य तर महत्वूर्ण रहेका ब्लड ग्रुप, ब्लड सुगर, ब्लड प्रेसर जस्ता जाँचालाई निशुल्क गर्ने साथै महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवालाई थप प्रभाकारी वनाउने
- निजी क्षेत्र बाट सञ्चालित स्वास्थ्य संस्थाहरूको सेवालाई सर्वसुलभ र प्रभावकारी वनाउन स्थानीय मापदण्ड निर्माण गरी कार्यान्वनयमा ल्याउन

३. **खानेपानी**

- खानेपानीका मुहानहरूको सरसफाई र संरक्षण गर्ने साथै खानेपानी भण्डारण गृह (ट्याङ्की) निर्माण गर्ने
- पानीको शुद्धिकरणका लागि परिक्षण र प्रशोधनको व्यवस्था गर्ने (खानेपानीको मुहन नजिक प्राकृतिक पानी प्रशोधन केन्द्रहरूको निर्माण गर्ने)
- नगरपालिकाभित्रको सम्पूर्ण घरपरिवारमा एक घर एक स्वच्छ र शुद्ध खानेपानीको धाराको अवधारणा बमोजिम खानेपानीको सुविधा पुऱ्याउने साथै सवै घरपरिवार, विद्यालय लगायतले अनिवार्य फिल्टरको प्रयोग गर्नु पर्ने व्यवस्था मिलाउने

- प्रत्येक विद्यालय, सार्वजनिक सेवाका क्षेत्र तथा कार्यालय र सार्वजनिक स्थलहरूमा आवश्यक संरचना निर्माण विकास गरी सुरक्षित र स्वाच्छ खानेपानी उपलब्ध हुने व्यवस्था मिलाउने
- विद्यालय तथा सार्वजनिक स्थान र क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री खानेपानी प्रवाह धाराको व्यवस्था गर्ने
- सामुदायको प्रत्यक्ष सहभागिता रहने गरी समुदाय स्तरीय खानेपानी आयोजनालाई बिशेष प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने

४. शौचालयः

- सवै घरपरिवारले अनिवार्य पानीको पर्याप्तता हुने गरी सुविधायुक्त शौचालय निर्माण गर्नु पर्ने बाध्यात्मक व्यवस्था मिलाउने साथै यसकार्यलाई घर नक्सा पास तथा घर सूचिकरण वा अभिलेखिकरण सँग आवद्ध गर्ने
- सवै घरपरिवारले शौचालय सँगै अनिवार्य सावुन पानी सहितको हातधुने स्थानको व्यवस्था अनिवार्य गर्न यस कार्यलाई सेवा प्रवाह सँग आवद्ध गर्ने
- सवै वडाका आवश्यक सार्वजनिक स्थलहरूमा सुविधा युक्त सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालन व्यवस्थापन गर्ने र यसरी सञ्चालनमा आउने शौचालयहरू अनिवार्य बालमैत्री तथा अपाङ्गमैत्री निर्माण गर्ने
- पूर्ण सरसफाइको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने साथै खुला दिशामुक्त नगरपालिकालाई थप व्यवस्थापन गरी निरन्तरता दिने

५. महिला, बालबालिका तथा लक्षित वर्ग

५.१ महिला

- सामाजिक बिभेद, घरेलु हिँसा र दुर्व्यवहार, अन्धविश्वास लगायतका सामाजिक कुरितीको अन्त्यकालागि महिला तथा पुरुष सम्मिलित **सामाजिक न्याय सञ्चार समुह** गठन गरी कृयाशिल गराउने
- शिप विकास सहित महिलालाई आर्थिक उपार्जनका क्षेत्रका कृयाशिल गराउन महिला द्वारा प्रवर्द्धित उद्योग, कलकारखाना तथा व्यपार व्यवसायलाई संरक्षण र सम्बर्द्धन गर्ने साथै सहुलियत पूर्ण आर्थिक श्रोतको व्यवस्थापकालागि सहकारी तथा बैंक बित्तीय संस्था सँग सहकार्य गर्ने
- महिलाले मात्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रकृतिका उद्योग, व्यापार तथा व्यवसाय सँग सम्बन्धित परियोजना बैंक तयार गर्ने
- महिला द्वारा प्रवर्द्धित आय आर्जन र रोजगारी श्रृजना गर्ने प्रकृतिका आयोजनामा बिशेष सहायोग कोष स्थापना गरी उक्त कोषको पूर्ण सदुपयोग गर्ने
- समान कामको समान ज्यालाको कानूनी मान्यतालाई कडाइका साथ व्यवहारमा ल्याउने
- सामाजिक संस्कारहरूमा महिला माथि गरिने बिभेदको अन्त्यकालागि सामाजिक न्यय सहितको नगरपालिका स्तरीय कानून निर्माण गरी कार्यान्वयन गर्ने

५.२ बालबालिका

- बलमैत्री स्थानीय शासनमा आधारित रणनीतिक योजना समेतका आधारमा बालमैत्री नगरपालिकाको दिगो पनाको सुनिस्चितता गर्ने
- घरपरिवार, सार्वजनिक संघ संस्था तथा कार्यालय लगायत सम्पूर्ण सरोकारवाला निकाय र स्थानमा बालमैत्री वातावरण विकास गर्ने साथै घरपरिवार लगायतका सवै सरोकारवालाले आफ्नो भौतिक संरचना अनिवार्य बालमैत्री वनाउन अनिवार्य गर्ने
- समुदाय स्तरीय तथा विद्यालय स्तरीय साथै वडा र नगरपालिका स्तरीय बाल क्वलहरूलाई थप कृयाशिल गराउने
- लागु ओषध लगायतका कुलतमा लागेको बालबालिकाको उद्धार गर्ने तथा यसो हुन नदिन बालक्लवलाई परिचालन गर्ने
- अनाथ तथा सडक बालबालिकाको उद्धार, पुनरस्थापना, व्यवस्थापन र संरक्षण गर्ने
- सामाजिक तथा पारिवारिक अवहेलना र तिरस्कारको अन्त्यकालागि आवश्यक कानून समेत निर्माण गरी सामाजिक सुरक्षाको प्रत्याभुतिको सुनिस्चितता गर्ने

५.३ लक्षित वर्ग तथा समुदाय

- वडा तथा टोलटोलमा जेष्ठ नागरिकहरूको स्वास्थ्य परिक्षण सेवा तथा औषधी उपलब्धताको सुनिस्चित व्यवस्था गर्ने
- जेष्ठ नागरिकहरूकालागि अनुभव, ज्ञान र शिपको आदान प्रदान लक्षित शैक्षिक भम्रण, शिप विकास लगायतका कार्यक्रमको व्यवस्था गर्ने
- जेष्ठ नागरिकलाई वहाँहरूको बासस्थानमानै गएर सम्मान गर्ने व्यवस्था मिलाउने
- जेष्ठ नागरिक दिवा शेवा केन्द्र, जेष्ठनागरिक मिलन चौतारीहरूको व्यवस्थापन गरी पारिवारिक एक्लोपना वा अभावको पुर्तालमा सहयोग गर्ने
- नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक यातायातका साधनमा छुटको व्यवस्थालाई अनिवार्य र ब्यवस्थित गर्ने
- स्थानीय कानूनको निर्माण गरी आर्थिक, सामाजिक तथा पारिवारिक अपहेलनाको अन्त्य गर्ने
- अपाङ्गता भएका व्यक्तिहरूको प्रकृति र क्षमताका आधारमा सिप विकास तथा आय आर्जन कार्यक्रम संचालन गरी स्वनिर्भरता तर्फ उत्प्रेरणाकासाथ अघि बढाउने
- राज्य बाट प्राप्त अधिकारको सुनिस्चितताकालागि लक्षित बर्ग तथा समुदायको कृयाशिलतालाई थप प्रभावकारी वनाउने
- न्यायीक अधिकार र पहुँचमा अभिबृद्ध गर्न गराउन लक्षित बर्ग तथा समुदाय सचेतना अभियान लाई अघि बढाएर समान पहुँच स्थापित गर्ने गराउने साथै कानूनी साक्षरता तालिम प्रदान गर्ने
- शिप तथा क्षमता विकासका माध्यम बाट स्वरोजगार वनाउने

६. युवा तथा खेलकुद

- खेलकुदकालागि अवाश्यक पूर्वाधारहरूको विकासका साथ नगरपालिका खेलकुद प्रशिक्षकको व्यवस्था गरी ब्यवसायिक खेलाडि उत्पादन गर्ने
- विद्यालयहरूमा अनिवर्या खेलमैदानको निर्माण विकास गर्ने
- जिल्ला तथा नगरपालिका स्तरीय खेल मैदान (रङ्गशाला) का साथमा एक वाडा एक खेलमैदानका हिसावले प्रत्येक वडामा वडास्तरीय खेलमैदानको निर्माण विकास गर्ने
- विद्यालयतह देखिनै खेलकुदको दिगो विकास गर्न अन्तर वडा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने
- स्वास्थ्यकालागि खेलकुद अभियानलाई कार्यान्वयन गर्ने
- युवा स्वरोजगार तथा शिप विकस कार्यक्रमको माध्यमबाट युवा श्रमशक्तिको पूर्ण सदुपयोग गर्ने साथै स्थानीय स्तरमा पर्याप्त रोजगारीको सिर्जना गरी रोजगारीको शिलसिलामा विदेशिने प्रकृयालाई निरुत्साहित गर्ने

७. खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण

- आवश्यक भौतिक पूर्वाधार निर्माण गरी नगरपालिकाबासीलाई आफ्नै उत्पादनले धान्ने गरी खाद्य भण्डारको व्यवस्था गर्ने तथा आत्म निर्भताकालागि खाद्य उत्पादनमा वृद्धि गर्ने
- उपभोक्ता हित सँग सम्बन्धित नगरपालिका स्तरीय ऐनको व्यवस्था गरी सोहि बमोजिम उपभोक्ता हित संरक्षणका गतिविध सञ्चालन व्यवस्थापन गर्ने साथै बजार अनुगमनलाई नियमित र ब्यवस्थित वनाउने
- प्राङ्गरिक तथा विषादी रहित खाद्य पदार्थको मात्र उत्पादन र बिकिबितरणलाई अनिवार्य गर्ने साथै विषदियुक्त खाद्य पदार्थ बिकि बितरण गर्नेलाई नियमन गर्ने

३.७.१.३ पूर्वाधार क्षेत्र विकास रणनीति

- भौतिक पूर्वाधार निर्माण विकास संग सम्बन्धित आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू निर्माण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने
- अतिनै बिकट भौगोलिक स्वरुप, छरिएको बस्ती, स्थानीय उत्पादनहरूको बजारिकरण र सार्वजनिक सेवा प्रवाहमा स्थानीयबासीको पहुँचमा विकास, बिस्तार र सुगमताकालागि सडक तथा पुलहरूको बिस्तारमा बढोत्तरी गर्ने

- यातायात गुरु योजना तयार गरी सो अनुसार सडकहरूको बर्गिकरण गरी न्यूनतम रुपमा सतह नाला, फुटपाथ अलगै रहने १४ मिटर, १० मिटर, ८ मिटर र ६ मिटरका कृषि, पर्यटन, औद्योगिक र आवसिय सडक हरूको न्यूनतम मापदण्ड निर्धारण गर्ने साथै कुनै पनि संरचना निर्माण गर्दा अनिवार्य सेडब्याक छाड्नु पर्ने व्यवस्था मिलाई कडाईकासाथ कार्यान्वयनमा ल्याउने
- विषयगत क्षेत्रमा उल्लेख गरिएका भौतिक पूर्वाधार निर्माण विकास सँग सम्बन्धित योजना तथा आयोजना र कार्यक्रमहरू समेत समन्वयात्मक रणनीति र मापदण्ड बमोजिम कार्यान्वयन गर्ने
- वातावारणीय प्रभावको विषयलाई ध्यानमा राखि भौतिक पूर्वाधार निर्माण गर्दा बर्गिकरण र मापदण्डका आधारमा प्रारम्भिक वातावरण मूल्याङ्कन (BEA/IEE) गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गर्ने
- निर्मित भौतिक पूर्वाधारहरू मर्मत सम्भार गर्नु पर्ने अवस्थामा नगरपालिकाले खडा गरेको मर्मत सम्भार कोषबाट प्राथमिकताका आधारमा मर्मत सम्भार गर्ने
- तालिम, गोष्ठी, सफ्टवयरका कार्यक्रम र लक्षित बर्गको आयोजना बाहेकका प्रत्येक आयोजनाबाट २ % रकम कट्टा गरी मर्मत सम्भार कोषमा जम्मा गरिने
- आवधिक योजनामा प्राथमिकता क्रम बमोजिम निर्माण सम्पन्न गर्नु पर्ने भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्थापन गर्ने
- विषयगत र क्षेत्रगत गुरुयोजना तयार गर्ने साथै लगानी क्षमता र महत्वका आधारमा यस आवधिक नगरपालिका विकास योजनामा गरिएका प्रथम प्राथमिकतामा परेका आयोजनाको बिशेष प्राथमिकिकरण गर्ने
- प्रचलित कानूनको अधिनमा रहि नगरपालिका दर रेट निर्धारण गर्ने
- नगरपालिकाको आन्तरिक सार्वजनिक खरिद कार्यविधि र खरिद योजना तयार गर्ने
- सडक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरण र निर्माण सामाग्रिको उपलब्धताको सुनिस्चितता गर्ने
- सडक पूर्वाधार गुणस्तर मापदण्ड निर्धारण गर्न नगर स्तरीय निर्माण सामग्री प्रयोगशाला स्थापना गर्ने
- स्थानीय स्तरमा रहेको आर्थिक, भौतिक तथा मानवीय श्रोत र साधनको प्रयोग तथा व्यवस्थापन साथै पारदर्शी तथा न्यायोचित, मितब्ययी र दिगो विकासमा आधारित लगानीको सुनिस्चितता गर्ने
- छरिएर रहेका बस्ती वा घरहरूलाई समेटेर सेवा सुविधा प्रवाहमा सहजता ल्याउनकालागि एकीकृत गर्ने प्रयोजनकालागि उपयुक्त स्थानमा एकीकृत बस्ती विकास योजना सञ्चालन गर्ने
- नगरपालिकामा नक्सा पास नगरी नयाँ संरचना निर्माण गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवन्ध लगाउने साथै पुरानो घरको अभिलेख कार्यलाई प्राथमिकता दिने
- संघीय तथा प्रदेश सरकार लगायत सम्भाब्य सवै स्थानीय तथा बाह्य विकास साझेदार संग समन्वय र सहकार्य गर्ने
- लगत सहभागिता अभिवृद्धिमा जोड दिने साथै लागत सहभागितामा आधारित कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्ने
- भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरणको सहज व्यवस्थापन र उपलब्धतामा निर्माण व्यवसायीलाई सशक्तिकरण गर्ने ।
- उपभोक्ता तथा नागरिक समाजलाई सङ्कल्प सहितको विर्तामोड विकास अभियानमा सहभागिता, साझेदारी र अगुवाई गराउने ।
- तोकिएको समय सिमा भित्र निर्माण कार्य अनिवार्य सम्पन्न गर्नेलाएं पुरस्कार तथा दण्ड जरिमाना सहितका सवै खाले उपाय, विधि र प्रकृयाहरूको अवलम्वन गर्ने ।
- सबै ठेक्काहरु विधुतिय प्रणालीहरुबाट इ बिडिगं मार्फत गरिएको र सो लाई निरन्तरता दिने ।
- नगरको प्राविधिक जनशक्ति बृद्धि गरी प्रत्येक वडामा एक प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने साथै प्राविधिक जनशक्तिको क्षमता अभिबृद्दि हुने कार्यक्रम संचालन गर्ने ।

- हरेक आ.व.मा १०० जनाका दरले मिसन तालिम आयोजना गरी ५ वर्षमा भुकम्प प्रतिरोधी भवन निर्माणको ज्ञान भएको दक्ष जनशक्ति डकर्मि उत्पादन गर्ने ।
- हरेक आवमा ५० जनाका दरले अदक्ष श्रमिकहरुलाई दक्षमा रुपान्तरण गर्न तालिम संचालन गरी ५ वर्षमा २५० दक्ष श्रमिक उत्पादन गर्ने ।
- भवन निर्माणमा नेपाली नागरिकको प्रयोग अनिवार्य गरी विदेशीमुलुकका ठेकेदार न्यूनिकरण गर्ने ।

३.७.१.४ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास **रणनीतिहरू:**

- स्थानीय ऐन, नियम, निर्देशिका र कार्यविधिलाई दुरुस्त र प्रभावकारी वनाउने
- नगरपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने नगर
- प्रकोप न्यूनिकरण, राहत तथा उद्धार कोषको स्थापना र विकास गर्ने साथै प्राकृतिक प्रकोप उद्धार कोष सञ्चालन व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने
- दीर्घकालिन वातावारण संरक्षण, सम्बर्द्धन र विकासकालागि सवै सम्भाव्य क्षेत्रलाई समेट्ने गरी एकीकृत वातावरण संरक्षण, सम्बर्द्धन गुरु योजना तर्जुमा गर्ने
- सरकारी, सामुदायिक, कवुलियती तथा निजी वनजङ्गलको संरक्षण, सम्बर्द्धन र विकासका साथमा चरन क्षेत्रको रेखाङ्कन सहित सुनिस्चितता गर्ने साथै निजी क्षेत्रले समेत अनाधिकृत रुपमा रुखको कटानी गर्ने कार्यलाई नियमन गर्ने
- मुख्य बजार क्षेत्रमा आफ्नो घर कम्पाउण्डमा अनिवार्य प्रत्येक घरले २ वटा बिरुवा र नगरका अन्य क्षेत्रमा एक घर १० बिरुवा (घाँसे वा फलफूलका बिरुवा) रोप्नै पर्ने गरी अभियान सञ्चालनगर्ने सार्वजनिक स्थलमा रोपिएका बिरुवाको हेरचाह र संरक्षणकालागि टोल बिकास वा सामुदायिक संघ संस्था लाई जिम्मेवारी दिने
- सयौं वर्ष पुराना रुख कट्ने र उक्त रुख काटिएको ठाउँमा १ रुख काटे वापत अनिवार्य ५ वटा रुख रोप्न अनिवार्य गर्ने व्यवस्था मिलाउने साथै वनक्षेत्र तथा खेत बारीमा डालेघाँसकालागि उपयोगि र करेसा बारी लगायतका घरनजिकका क्षेत्रमा फलफूलका बिरुवा रोप्ने कार्यलाई बिशेष प्रोत्साहन गर्ने
- कम्तिमा १०० रोपनी जग्गको व्यवस्था गरी फोहोरमैला बिसर्जन केन्द्र वनाउने साथै उक्त क्षेत्रलाई फोहोरमैला प्रशोधन केन्द्रको रुपमा विकास गरी रोजागारीको श्रृजना र आय आर्जन मुलक वनाउने वा छिमेकि पालिका तथा निजी क्षेत्र सँगको साझेदारीमा फोहोरमैला प्रशोधन केन्द्र सञ्चालन व्यवस्थपन गर्ने
- डस्टविनको प्रयोग गरी प्रत्येक घरले कुइने र नकुइने फोहोरलाई छुट्याउनै पर्ने गरी फोहोरमैला व्यवस्थापन ऐन मार्फत बाध्यकारी व्यवस्था गर्ने साथै जग्गा जमिन उपलब्ध रहेका घरपरिवारले अनिवार्य रुपमा कुहिने फोहोरलाई कम्पोष्ट तथा गडेउले मल वनाउनै पर्ने बाध्यकारी व्यवस्था सहित कम्पोष्ट मलवनाउने घरपरिवारलाई अनुदान दिने
- फोहोरमैलाको व्यवस्थित बिशर्जनकालागि ढुवानीका साधनको व्यवस्था गर्ने, सवै घरपरिवारले नगरपालिकाले तोकेको समय र स्थानमा मात्र फोहोरमैला फल्न अनिवार्य गर्ने साथै टोल टोलमा फोहोरमैला व्यवस्थापन सम्वन्धी जनचेतनामुलक तालिमदिने
- २० वर्ष भन्दा माथिका प्राविधिक रुपमा सञ्चालनकालागि अयोग्य ठहरिएका पुराना गाडिको प्रयोगमा नगरपालिका क्षेत्र भित्र सञ्चालनमा प्रतिवन्ध लगाउने
- धुलो, धुँवाको नियन्त्रण साथै बिभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिमा हुने ध्वनी प्रदुषण नियन्त्रणकालागि मुख्य बजार क्षेत्र, विद्यालय, अस्पताल तथा स्वास्थ्य केन्द्र रहेका स्थान र क्षेत्रमा हर्न, माईक तथा डिजेबाजालाई निशेध गर्ने

- उद्योग, कलकारखान, सार्वजनिक स्थल लगायतका स्थानबाट निस्कने फोहोर पनिको नियन्त्रण गर्ने, फोहोर पानी प्रशोधन गरेर मात्र खोला तथा सार्वजनिक प्रयोगका स्थानमा निस्कासन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गर्ने साथै मुख्य बजार केन्द्रहरूमा ढल/पानी निकासको आवश्यक व्यवस्थापन मिलाउँने
- मुख्य बजार क्षेत्रमा यसतत्र छरिएर रहेका बिद्युत, टेलिफोन तथा केवलका तार, पानीका पाईपलाई बजारको सुन्दरता र सेवा प्रवाहमा अवरोध नआउने गरी व्यवस्थापन गर्ने गराउने
- प्लाष्टिक तथा प्लाष्टिक जन्य वस्तुलाई जलाउने प्रचलनलाई निषेध गर्ने तथा निषेधित कार्य गर्नेलाई दण्ड जरिवान गर्ने
- धुम्रपान तथा मध्यपानका निस्चित क्षेत्र तोकि सोहि स्थानमा मात्र यस प्रकारका वस्तुको प्रयोग गर्न पाउने व्यवस्था गर्ने
- विपद जोखिम वडा टोलको नक्साङ्कन गर्ने, विपद व्यवस्थापन टोलसमुह गठन गर्ने,
- नगरपालिका क्षेत्र भित्र निर्माण हुने सडक, भवन लगायतका सवै प्रकृतिका भौतिक संरचना निर्माण गर्दा निर्माण स्थलको भौगोलिक वनोट र अवस्थाको अध्ययन गरेरमात्र निर्माण गर्ने तथा निर्माण ईजाजत दिने व्यवस्था गर्ने
- भूकम्प प्रतिरोधि घर निर्माणलाई अनिवार्य गर्ने, बाढीको जोखिम रहेका स्थानमा अनिवार्य बृक्षारोपण गर्ने गराउने साथै आगलागि तथा महामारी जस्ता जोखिमबाट बच्न जनचेतना अभियान सञ्चालन गर्ने
- असुरक्षित स्थानमा तथा छरिएर रहेको मानव बसोबासलाई एकीकृत आवास क्षेत्र निर्माण विकास गरी सुरक्षित स्थानमा स्थानन्तरण गर्ने
- आगलागि बाट वनजङ्गलको संरक्षणकालागि अग्निरेखा निर्माण, सुख्खा क्षेत्रमा पानी संरक्षणकालागि पक्कि पानी पोखरी निर्माणको कार्यलाई अघि बढाउने
- सके सम्म प्रत्येक टोलमा स्थानीयबासीको सहभागितामा सुरक्षित पानी पोखरी निर्माण गर्ने
- प्रकोपको जोखिम देखिएका वा सम्भावना रहेका भौतिक संरचना निर्माण तथा वासस्थानको रुपमा प्रयोगमा रोक लागउने
- गाउँपालिकाको आन्तरिक आम्दानीको १० % रकम, सर्व साधारण नगरपलिका बासी, नागरिक समाज, उद्योगी तथा व्यवशायीक र ब्यापारिक प्रतिष्ठन, बैंक तथा वित्तिय सस्था लगायत सवैलाई उनीहरूले सामाजिक उत्तरदायित्व अन्तरगत खर्च गरिनु पर्ने कुल रकमको १० देखि १५ % रकम, प्रदुषण गरेवापत तथा जथाभावि फोहोरमैला गरेवापत गरिने दण्ड जरिवाना बाट उठेको १०० % रकम, पर्यटक बाट प्राप्त शुल्कको १५ % रकम, वन व्यवस्थापन सँग सम्बन्धित संघ संस्था बाट वनपैदावरको उपयोग तथा बिक्रि बितरण गर्दा हुने आम्दानीको १० % रकम, सवारी साधन बाट लिईन सडक पूर्वाधार सेवा शुल्क बाट उठेको रकमको १० % रकम प्रकोप उद्धार तथा न्यूनिकरण कोषमा जम्मा गर्नै पर्ने बाध्यकारी व्यवस्था मिलाउने
- उद्धार र राहत कार्यबारे नियमित अभ्यास द्वारा नगरपालिकाबासीलाई सुसूचित गर्ने
- प्रदुषण रहित यातायातका साधन तथा उद्योग व्यवसायलाई व्यवसाय करको निस्चित प्रतिसत छुट दिने
- बायुमण्डलमा रहेका तथा रहने कार्वन तथा क्लोरोफ्लोरो कार्वनको मात्रा साथै बायुमण्डलीय तापक्रमलाई कमि पार्न वातावरणीय विकासको माध्यम बाट सहयोग गर्ने
- वनजङ्गलको संरक्षण र सम्बर्द्धन बाट वन्यजन्तु, पशुपन्छी तथा जडिबुटीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरी स्थानीय तथा राष्ट्रिय आय बृद्धिमा सहयोग पुऱ्याउने
- वातावरण विकास र वन्यजन्तु संरक्षण बाट इको टुरिजमको विकास र विस्तार सहित पर्यटन विकासमा सहयोग पुऱ्याउने

- हरित क्षेत्रको विकास र विस्तार तथा संरक्षण गरी ऐतिहासिक, धार्मिक, पुरातात्वीक तथा सास्कृतिक स्थाल र क्षेत्रको प्रवर्द्धन गर्ने
- फोहोरमैला व्यवस्थापन, बृक्षारोपण तथा बायु, जल तथा ध्वनी प्रदुषण नियन्त्रण र नियमनको माध्यम बाट विर्तामोड नगरपालिकाको दिगो विकासलाई सुनिस्चित गर्ने साथै प्रदुषणका कारण उत्पन्न हुने रोगब्याधिको प्रकोपमा न्यनिकरण गर्ने

३.७.१.५ संस्थागत विकास तथा सुशासन क्षेत्र विकास रणनीति

- आवश्यकताका आधारमा नगरपालिका सञ्चालन तथा ब्यवस्थापनका लागि अनिवार्य रहेका स्थानीय कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ नगर
- प्रचलित कानून बमोजिम वा सहयोगी र साझेदार संघ सस्था वा ब्यक्ति सँगको सहकार्य र साझेदारीमा नगर कार्यपालिकाको कार्यालय भवन तथा वडाकार्यालय भवन निर्माणकालागि आवश्यक जग्गा नपुग भए सोको प्राप्ति गरिनेछ
- कार्यापालिका तथा वडा कार्यालय भवन निर्माणकालागि आवश्यक श्रोत व्यवस्थापन गर्न संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार सँग समन्वय र साझेदारी गरिने छ
- निर्धारित समय सिमा भित्र नगरकार्यपालिका तथा वडा कार्यालयका कार्यालय भवन निर्माण, पुन निर्माण तथा स्तरोन्नतीको कार्य सम्पन्न गरिनेछ ।
- नगर कार्यपालिका (कार्य बिभाजन) नियमावली तथा नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली साथै आवधिक नगरपालिका बिकास योजना समेतका आधारमा साङ्गठनिक संरचना र जनशक्ति व्यबस्थापन गर्दै जाने नीति अबलम्बन गरिनेछ
- सुशासन कार्यान्वयन तर्फ सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण र उपभोक्ता समितिबाट सार्बजनिक परिक्षणलाई व्यबस्थित र प्रविधिमैत्री गर्दै लगिनेछ
- सुशासन ईकाइ र सार्बजनिक खरिद ईकाइलाई सक्रिय पारिने छ
- स्थानीय सञ्चार माध्यमहरूलाई नगरपालिकाको सेवा प्रवाह र बिकास निर्माण सूचना प्रवाहको सझेदारको रुपमा बिकास गर्ने
- आयोजना स्थलमा होर्डिङ्ग बोर्ड राख्ने, खर्च सार्बजनिक गर्ने, कार्यालयमा उजुरि पेटिका राख्ने, सहयोगी कक्ष स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी थप कृयाशिल गर्ने, नगरकार्यपालिकाको प्रबक्ता तोक्ने, डिजिटल नागरिक वडापत्र, सिसि टि.भि. क्यामरा सञ्चालन गर्ने कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाईने छ
- नगरपालिकालाई आन्तरिक तथा बाह्य रुपमा चिनाउन समान हैसियत भएका राष्ट्रिय/अन्तराष्ट्रिय नगरपालिकाहरू सँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ
- नगरपालिकाबासी सँग सरोकार राख्ने सूचनाहरूको संकलन, प्रशोधन, भण्डारण र प्रवाह गर्न सक्ने स्वचालीत आधुनिक सूचना प्रबिधि मैत्री नगरपालिका सूचना केन्द्र तत्काल सञ्चालन गरी वडा कार्यालय समेतमा बिस्तार गरिनेछ
- क्षमता विकास योजना निर्माण गरी प्रतेक बर्ष जनप्रतिनिधि तथा कर्मचारीहरूकालागि क्षमता अभिबृद्धि सँग सम्बन्धित तालिमहरू सञ्चालन गरिनेछ
- समायोजन भई आउने प्राबिधिक तथा प्रशासनिक श्रेत्रका कर्मचारीहरूको दिगो ब्यबस्थापन गरिनेछ
- सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्रस्ताव भई आएका दरबन्दीलाई स्वीकृत गरी उक्त स्विकृत दरबन्दिका आधारमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीलाई व्यबस्थापन गर्दै थप गर्नु पर्ने कर्मचारी

तथा जनशक्तिको हकमा नेपाल सरकारको नीति निर्देशन र प्रचलित ऐन नियम बमोजिम प्रकृया पुर्याइ पदपुर्ति गरिने

३.७.२ योजनाको प्राथमिकता कम निर्धारणका आधारहरू

आवधिक योजना तर्जुमाका अवधिमा टोल वस्ती तथा वडा स्तर हुँदै नगर स्तर सम्म भएका छलफल, कार्यशाला गोष्ठी र स्थानीय आवश्यकताको पहिचानका साथ प्रस्ताव भएको योजनाको लागत नगरपालिकाको वर्तमान आयले धान्न सक्ने अवस्था नरहने तथा आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा संस्थागत विकासमा अग्रणी स्थान हासिल गर्ने तथा नगरपालिकाको आय श्रोत र संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरू बाट प्राप्त हुन सक्ने सम्भावित सहयोग र साझेदारीलाई समेत केन्द्रविन्दुमा राखेर प्राथमिकता कम P1, P2 र P3 मा बर्गिकरण गरी लगानी योजना समेत तयार गरिएको छ । यसरी छनौट तथा प्राथमिकता कम निर्धारण भएको योजनाहरू मध्ये प्राथमिकता कम P1 मा रहेका योजना संभावना र जोखिम पक्ष समेतलाई ख्याल राख्दै सकेसम्म यसै आवधिक योजना अवधि भित्र सम्पन्न गर्ने र सम्पन्न हुन नसकेका साथै बहुवर्षिय योजनाहरू त्यस पछिको आवधिक योजनामा प्राथमिकताका साथ सञ्चालन व्यवस्थपन गर्ने साथै P2 र P3 का योजनाहरू अति आवश्यक देखिएमा मात्र यस आवधिक योजनामा समावेश गर्न सकिने अन्यथा दोश्रो तथा तेश्रो आवधिक योजनामा कमिक रुपले समावेश गर्ने व्यवस्था गरिएको छ । समग्र लगानी योजना समेत प्राथमिकता P1 का योजनालाई आधार मानेर तर्जुमा गरिएको छ भने संघ र प्रदेश सरकारको नीति, लक्ष, उद्देश्य, समय सिमा र प्रकृया संग अनुकुल हुने, वातावरण संरक्षण, जलवायू परिवर्तन अनुकुल, विपद् व्यवस्थापन गर्न सकिने, सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित बर्गको सशक्तिकरणमा अन्तरसम्बन्धित रहने, समाजका सवै बर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिस्चित गर्न सकिने, अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने साथै विषयगत र क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने विषय तथा पक्षहरूलाई योजनाको प्राथमिकता निर्धारण गर्दा विशेष ध्यान पुऱ्याउदै देहाय बमोजिमाका आधारमा प्राथमिकता कम निर्धारण गरिएको छ । योजना प्राथमिकता कम निर्धारणका आधारहरू देहाय बमोजिम रहेका छन् ।

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
ख. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
ग. नगरबासीको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
घ. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
ङ. स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने
च. महिला, बालबालिका र पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
छ. लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा अभिबृद्धि हुने
ज. दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
झ. भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र समाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने
ञ. नगरपालिकाले देखेका तथा नगरबासि र सरोकारवालाहरूको तर्फ बाट माग भई आएका नगरको विकास संग जोडिएका अन्य महत्वपुर्ण विषयहरू

३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

कुनै पनि क्षेत्र र स्थानको विकास निर्माण तथा सेवा प्रवाहको गति आर्थिक अवस्था र भावि संभावनामा निर्भर रहने गर्दछ । संबिधान, स्थानीय सरकार सञ्चालन ऐन समेतका प्रचलित ऐन, दिगो विकास लक्ष्य, पन्द्रौं योजनाले स्वीकारेका आर्थिक विकासका क्षेत्र लाई आधार मानेर नगरपालिकाले यस आवधिक योजनामा समेटिएका योजना, आयोजना तथा परियोजनामा लगानी प्रस्ताव गर्नु अघि विगतको अवस्था र भावि सम्भावनामा टेकेर स्रोतको अनुमान गरिएको छ । यसरी गरिएको अनुमानित आयलाई पूँजीगत लगानीमा अधिकाधिक कसरी परिचालन गर्न सकिन्छ त्यसमा केन्द्रित भई स्रोतको बाँडफाँडा गरिएकोछ । यस आवधिक योजनाले २० बर्ष भित्र यसपालकाको वास्तविकि स्वरुप निर्माण गर्ने दीर्घकालिन सोच निर्माण गरी सोहि सोच बमोजिमको लक्ष्य र परिणात्मक लक्ष्य सुनिस्चित गरेको छ । लक्षित परिणात्मक

लक्ष्य लाई केन्द्र विन्दुमा राखेर यस पालिकाले स्रोतको अनुमान, लगानीको सुनिस्चितता तथा रकमको बाँडफाँट गरेकोछ। यसरी लगानीको सुनिस्चितता गर्दा सम्भावित स्रोतका सम्भावनाका आधारमा देहाय बमोजिम हुने स्रोत गरी बाँडफाँट गरिएको छ। स्रोत तथा लगानी बाँडफाँटको विस्त्रित विवरण अनुसूचिमा उल्लेख गरिएको छ।

- श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तर्जुमा समिति र राजश्व परामर्श समितिलाई थप कृयाशिल बनाएर लगानीका प्राथमिकता प्राप्त क्षेत्रको पहिचान र छनौट साथै राजश्वका श्रोत, क्षेत्र र दायराको खोजी, व्यवस्थापन र बिकासमा लगाउने व्यवस्था गरिएको
- योजना तर्जुमा, वित्तीय व्यवस्थापन तथा श्रोत परिचालन र योजना कार्यान्वयन सँग सम्बन्धित सवै खाले स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने गरी योजना अघि बढाईएको
- श्रोत अनुमानको आधारमा बजेट बिनियोजन गर्दा बिषयगत क्षेत्रको महत्व र भारका आधारमा प्राथमिकता प्राप्त योजनामा मात्र कार्य सम्पन्नहुने गरी बजेट विनियोजन तथा बाँडफाँटको प्रस्ताव गरिएको
- अनुत्पादक खर्चको कटौति गरी व्यवसायिक कृषि तथा पशुपन्छी पालन, उद्योग, पर्यटन लगायतका उत्पादनमुलक योजना तथा आयोजना तथा सो सँग प्रत्यक्ष सरोकार राख्ने योजना आयोजनामा अधिक लगानीको सुनिस्चितता गरिएको
- नगरपालिकाका सवै खाले विकास निर्माण सँग सम्बन्धित विषय बस्तुलाई उत्पादन र उत्पादकत्वको मापदण्ड भित्र आवद्ध गर्ने प्रयास गरिएको
- आन्तरिक आयको निस्चित प्रतिसत रकम सम्बन्धित वडाबासीले माग गरेको स्थानीय योजनामा परिचालन गर्ने व्यवस्था गरिएको
- नगरपालिकाको समृद्धि निर्माणमा प्रत्यक्ष योगदान पुग्ने पालिकाका गौरवका योजना साथै शहरी पूर्वाधारमा आधारित पालिका निर्माणकालागि ग्रामिण स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्र जस्ता ठूला तथा देखिने योजनामा अधिक लगानिको व्यवस्था गरिएको
- वडागत रुपमा हुने वा गरिनुपर्ने विकासको आवश्यकताका आधारमा मात्र लगानी गर्ने व्यवस्था गरिएको
- संघीय, प्रदेश र विकास साझेदारको सहयोग र साझेदारीलाई विशेष प्राथमिकतामा राखिएको

तालिका नं.३.४ स्रोतको अनुमान, बाँडफाँटको संक्षिप्त अङ्क

आवधिक योजना अवधिको संभाव्य स्रोतको अनुमान तथा प्रक्षेपण									
क. सं.	बजेटका स्रोतहरू	आ.व. २०७७/७८ को यथार्थ (रु.)	चालु आ.व. २०७८/७९ को अनुमान (रु.)	आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु. हजारमा)					५ वर्षको जम्मा
				पहिलो आ.व.	दोश्रो आ.व.	तेश्रो आ.व.	चौथो आ.व.	पाँचौ आ.व.	
१	आन्तरिक आय	११९७६८८४०.६	१७४७६०००.०	२४३०४२.०	३२११६०.८	३९९९३८.९	५००५९३.४	६२९५११.५	२०९४२४६.५
२	राजस्व बाँडफाँट	२१६३३१०००.०	२२६२५७०००.०	२४८८८२.७	२७३७७१.०	३०११४८.१	३३१२६२.९	३६४३८९.२	१५१९४५३.८
३	रोयल्टी बाँडफाँट								
४	नेपाल सरकारबाट प्राप्त हुनेअनुदान	९४४९४००००	९६१४०५०००.०	१०१४३०५.५	१११५७३६.१	१२२७३०९.७	१३५००४०.६	१४८५०४४.७	६१९२४३६.५
५	प्रदेश सरकारबाट प्राप्त हुनेअनुदान	१८३०७०००.०	३६१९७०००.०	४४८१६.७	४९२९८.४	५४२२८.२	५९६५१.०	६५६१६.१	२७३६१०.४
६	अन्य अनुदान (सामाजिक सुरक्षा)	०.०	०.०	२५००.०	२७५०.०	३०२५.०	३३२७.५	३६६०.३	१५२६२.८
७	जनसहभागिता	०.०	२५०००००.०	३०००.०	३३००.०	३६३०.०	३९९३.०	४३९२.३	१८३१५.३
८	निजी लगानी	०.०	०.०	५००.०	५५०.०	६०५.०	६६५.५	७३२.१	३०५२.६
९	अन्तर स्थानीय तह साझेदारी रकम	०.०	०.०	१०००.०	११००.०	१२१०.०	१३३१.०	१४६४.१	६१०५.१
१०	गैसस र सामुदायिक क्षेत्रकोलगानी	०.०	०.०	२५००.०	२७५०.०	३०२५.०	३३२७.५	३६६०.३	१५२६२.८
११	आन्तरिक ऋण परिचालन	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०
कुल जम्मा		१२९९३४६८४०.६	१४२३६१९०००.०	१५६०५४६.९	१७७०४१६.२	१९९४११९.८	२२५४१९२.४	२५५८४७०.४	१०१३७७४५.७
प्रतिवर्ष कुल बृद्धि दर %				९.६२	१३.४५	१२.६४	१३.०४	१३.५०	

परिच्छेद ४ (चार)
आर्थिक विकास

४.१. कृषि तथा पशुपन्छी

४.१.१ पृष्ठभूमि

नेपाल कृषि प्रधान देश हो । नेपालका करिव ६०.४ प्रतिसत जनता कृषि कार्यमा आवद्ध रहेका छन भने देशको कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिसत कृषि क्षेत्रको योगदान रहेको छ । बिर्तामोड नगरपालिकाको जम्मा ७८.२४ वर्ग कि.मि. क्षेत्रफल मध्ये ७८.५७ प्रतिशत कृषि क्षेत्र रहेको छ । कृषि क्षेत्रहरूमा मुख्य गरेर धान, मकै, तोरी, फापर, राज्मा, आलु, तरकारी र केही क्षेत्रहरूमा चैते धानको खेति गरिन्छ । सम्पूर्ण कृषि क्षेत्रहरू मध्ये ६५ प्रतिशत (४७०० हे.) जग्गामा सिंचाई सुविधा उपलब्ध भएको छ । हाल नगर क्षेत्रभित्र २१८ वटा कृषक समुहहरू, ३४ कृषि फर्महरू र ३० कृषि सहकारीहरू दर्ता भै संचालनमा आएका छन् ।

यसैगरि नगरक्षेत्रभित्र परम्परागत रुपमा प्राय सबै कृषक परिवारहरूले पशुपालन गरिरहेका छन् भने व्यवसायिक पशुपंक्षी पालनमा केही कृषकहरू आवद्ध रहेका छन् । हालसम्म पशु पंक्षी तथा मत्स्य विकास शाखामा ३० वटा कृषक समुहहरू, ४३ गाई फर्महरू, ३७ बाखा फर्महरू, २० कुखुरा फर्महरू, २७ बंगुर फर्महरू र १८ माछा फर्महरू दर्ता भै व्यवासयिक उत्पादन गरिरहेका छन् । नगरक्षेत्रभित्र ४० वटा मासु पसलहरू नगरपालिकामा दर्ता भै संचालनमा आएका छन् । कुखुराको मासु, बंगुरको मासु तथा पाठापाठी, र दुधमा नगर आत्मानिर्भर रहेको छ भने च्याउ उत्पादनमा र माछा उत्पादनमा आत्मानिर्भर उन्मुख रहेको छ ।

४.१.२ समस्या तथा चुनौती

विर्तामोड नगरपालिकाको धेरै जसो भू-भाग ग्रामिण स्तरको रहेको छ । सामान्य रुपमा सुधारात्मक कार्यहरू भई रहेको भएता पनि कृषि तथा पशुपन्छी पालनलाई व्यवसायिक रुप प्रदान गरी यस पालिकाको समृद्धि निर्माणको कार्यमा थप गति प्रदान गर्न केहि समस्या तथा चुनौतीहरू रहेका छन् । उत्पादन, खाद्य भण्डार तथा शीत भण्डार र बजारीकरण सम्बन्धी पूर्वाधारहरूको कमी, कृषि तथा पशुजन्य उत्पादनहरूमा यान्त्रिकिकरण हुन नसक्नु, साना तथा मझौला कृषकहरूले सरल रुपमा कृषि ऋण प्राप्त गर्न नसक्नु, संघिय तथा प्रदेश सरकार मार्फत सञ्चालनमा आएका कार्यक्रमहरूमा सामान्य कृषकहरूको सहज पहुँच पुग्न कठिनई रहनु, राज्यले समयमा रसायनिक मलखाद उपलब्ध गराउन नसक्नु साथै कृषि उपज तथा पशुपन्छी जन्य उत्पादन सङ्कलन केन्द्र तथा विद्युत अभाव मूख्य समस्याका रुपमा रहेका छन् ।

कृषि तथा पशुपन्छी जन्य उत्पादनमा उत्पादकत्व बृद्धि गरी आसातित सफलता प्राप्त गर्न नश्ल सुधार र उन्नत जातको विउविजनको अपर्याप्तता रहेको छ भने विशेष गरी समतल भू-भागमा रहेका स्थानमा जमिनको खण्डिकरण तिब्र गतिमा भईरहेको छ । उपयुक्त प्रविधिको विकास र विस्तारको गति न्यून, प्राविधिक जनशक्तिको न्यूनता, परिक्षिण प्रयोगशालाको क्षमता विकास, वातावरण मैत्री कृषि प्रणालीको कमी लगायतका कारण कृषि तथा पशुपन्छी जन्य उत्पादनको यस क्षेत्रको आधुनिकिकरण, व्यवसायिकिकरण, यन्त्रीकरण, औद्योगिकिकरण जस्ता महत्वपूर्ण पक्षले गतिलिन सकेको छैन भने उत्पादित बस्तुहरूको यथोचित संरक्षण, भण्डारण तथा प्रशोधन हुन नसकेका कारण मूल्य श्रृङ्खलालाई गतिसिल बनाएर मूल्य अभिबृद्धि गरी अपेक्षाकृत प्रतिफल बढाउन सकिएको छैन । यसका अतिरिक्त अनियन्त्रीत र असन्तुलित रुपमा जीवनासक विषादी, एन्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगले मानव स्वास्थ्यमा असर पुगिरहेको छ भने वातावरणमा समेत यसको असर देखिने गरेको छ । खाद्य स्वच्छता, खाद्य पदार्थमा पाईने पोष्टिक तत्वको संरक्षण र विकास साथै तीनको समयोचित उपयोगको चेतना र ज्ञानको कमिले स्वस्थकर खानापान तथा सोको लागि व्यवहार परिवर्तन गर्न कठिन भईरहेको छ भने खाद्य बस्तुको गुणस्तर नियमनको पक्ष समेत बलियो बन्न सकिरहेको छैन । यस पालिका भित्र कृषि तथा पशुपालन कार्यमा लागेका अधिकाङ्स कृषकहरू साना तथा मझौला स्तरका रहेका, दर्ता वा सूचिकृत भएका व्यक्ति तथा समूह र फर्म मध्ये केहिले मात्र व्यवसाय गरिरहेका, तीनको दक्षता अभिबृद्धि गरी व्यवसायिक रुप प्रदान गर्न, जलबायु परिवर्तनका नकारात्मक असर न्यूनिकरण गर्दै प्राकृतिक प्रकोप सँग जुध्ने क्षमता विकास गर्न निकै

चुनौतीपूर्ण रहेको छ । यस पालिका क्षेत्र बाट बैदेशिक रोजगारीमा गएकालाई फर्काएर रोजगारी प्रदान गर्न र विद्यामान अवस्थामा रहेको युवाहरूलाई बिदेशी प्रलोभन बाट टाढा राखि पालिकाभित्रै टिकाईराख्न, भूमिको खण्डिकरण रोकि कृषि क्षेत्रको संरक्षण गर्न, कृषि प्रसार सेवामा कृषकको पहुँच बृद्धि गर्न, सिमिति श्रोत र साधन, कृषि बिमा, सहुलियत पूर्ण कृषि ऋण तथा अनुदानको सार्थक सदुपयोग, प्रविधि र ज्ञानको समयोचित प्रयोग र विस्तार साथै कृषिक कृषक तथा कृषक समूह विचको प्रतिस्पर्धान्मक क्षमता अभिबृद्धि गर्ने जस्ता कार्यमा चुनौतिहरू रहेका छन् । कृषि तथा पशुपन्छी जन्य उत्पादनमा हानिकारक विषादिको प्रयोगलाई पूर्णरुपले अन्त्य गर्न, स्थानीय उत्पादनलाई बजार सञ्जालको उपयुक्त व्यवस्थापन गरी बजारको सुनिस्चितता गर्न, सिंचाईको पर्याप्त व्यवस्था गर्न, यन्त्र उपकरणको सहज व्यवस्थपन गर्न, उत्पादित बस्तुको लागत प्रतिस्पर्धी र प्रभावकारी बनाउन, कृषि क्षेत्रको उत्पादन बृद्धि गरी आत्मनिर्भर बनाउन, यस क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनकालागि आवश्यक न्यूनतम स्रोत र साधनको व्यवस्थापन गर्न साथै अन्तर सरकार समन्वयलाई थप प्रभावकारी व्यवस्थापन गर्न समेत चुनौती रहिरहेका छन् ।

४.१.३ संभावना तथा अवसर

यस पालिका क्षेत्र भित्र उर्वरता सहितको प्रसस्त कृषि योग्य जमिन रहनु, करिव ५६ प्रतिसत भन्दा बढी जनसङ्ख्या कृषि तथा पशुपन्छी पालन कार्यमा सम्लग्न रहनु, भौगोलिक रुपमा समतल भू-भाग रहनु, नगरँपालिका स्थानीय सरकारको रुपमा कृयाशिल हुनु, नगरपालिकाले कृषि तथा पशुपंक्षी विकास कार्यक्रमहरूलाई प्राथमिकतामा राखि बजेट विनियोजन गर्नु ,नगरपालिकाले ५ वर्ष भित्रमा नगरपालिकाका कृषियोग्य जमिनलाई पूर्ण सिंचित बनाउने निर्णय गर्नु, युवा कृषकहरू व्यवसायिक कृषि तथा पशुपंक्षी पालन तर्फ आकर्शित हुनु, कृषिजन्य उत्पादनहरूको माग दिन प्रतिदिन बढ्दै जानु, उपभोक्ताहरूको क्रय शक्तिमा बृद्धि हुनु, बढ्दो शहरीकरणले कृषजन्य उत्पादनको माग दिन प्रति दिन बढ्दै जानु । बिर्तामोड नगरपालिका भित्र कृषि उपज थोक बजार रहनु र विषादि अवषेश द्रुत परिक्षण प्रयोगशाला रहनु, स्थानिय उत्पादन प्रति बाह्य उपभोक्ताहरूको समेत अभिरुचि बढ्दै जानु यसका संभावनाहरू रहेका छन् ।

तिब्र गतिमा भईरहेको सडक पूर्वाधार निर्माण तथा स्तारोन्नतीले कृषि कार्यको पहुँचमा अभिबृद्धि हुनु, पूँजी लगानी र साझेदारीमा स्थानीयबासी र नगरँपालिका बिच दरिलो सम्बन्ध कायम रहनु, स्थानीयबासी कृषकहरूमा क्रमस यस क्षेत्रमा प्रेरणा बढ्दै जानु, विदेश बाट प्रविधिको ज्ञान र सिप सहित फर्किएका युवाहरू कृषि कार्यमा आकर्सित भई नमूनाको रुपमा प्रस्तुत हुने कार्यले मूर्तरुप लिदैजानु, जैविक खेती र कृषि बन, पशु नश्ल सुधार, दग्ध व्यवसाय, माछा मासुको उत्पादन, सुधारिएका गोठको महत्व प्रति कृषहरूको आकर्शण बढ्दै जानु, सिंचाइका पूर्वाधार विकासले थप गति प्राप्त गर्नु, बजार सञ्जालको विकास र विस्तारमा नगरँपालिका योजनाबद्ध रुपमा अघि बढ्नु, कृषि तथा पशुपन्छी बालीको विमा योजना कार्यान्वयनमा आउनु, प्रविधि सहितका यन्त्र उपकरणको प्रयोगमा बढोत्तरी हुँदै जानु, काम प्रतिको मायाँ र मोहमा बढोत्तरी हुदै जानु साथै कम प्रतिको विभेदिकरण क्रमस हट्दै जानु, कृषि कार्यमा ठूला संघ संस्था तथा निजी क्षेत्रको सम्लग्नता र आकर्शण बढ्दै जानु, प्राङ्गरिक उत्पादन प्रति किसान र उपभोक्ता सचेत र आकर्सित हुँदै जानु कृषि तथा पशुपन्छी जन्य उत्पादनका सम्भावना तथा अवसरहरू रहेका छन् ।

जलवायु परिवर्तन सँग विश्वव्यापि रपमा बढ्दै गएको चासो र विस्तारित ज्ञान, शिप, प्रविधि र स्रोतले कृषि तथा पशुपन्छी पालन कार्यमा सम्लग्न भएकालागि आकर्शण बढाएको छ भने कृषिलाई अनुकुलन तथा उत्थानसिल बनाउदै जानु यस क्षेत्रको उपयुक्त अवसरको रुपमा अघि सरेको छ । स्थानीयबासीको क्रय शक्तिमा क्रमस बढोत्तरी हुँदै जानु, माछा, मासु, दुग्ध पदार्थ तथा दुग्ध जन्य उत्पादन, फलफुल जन्य बस्तुको आन्तरिक माग र खपतमा बढोत्तरी हुँदै जानु साथै आत्मनिर्भर तर्फ विकास हुँदै जानु, खाद्य स्वच्छताबारे जनसाधारण सचेत हुँदै जानु, उपभोक्त हित संरक्षणको आधारभुत अधिकार स्थानीय सरकारमा आउनु, कृषकहरू प्राङ्गरिक उत्पादनमा आकर्सित हुँदै जानु, प्राङ्गरिक खाद्य बस्तु प्रति आन्तरिक तथा बैदेशिक पर्यटकहरूको चासो र आकर्शण बढ्नु, प्राङ्गरिक कृषि तथा पशुपन्छी जन्य उत्पादनको निकासी बढोत्तरी हुँदै जानु, विकास साझेदार समेत नेपालको कृषि तथा पशुपन्छी जन्य उत्पादन प्रति लगानी गर्न उत्सुक देखिनु, तीनै तहका सरकारले आर्थिक समृद्धिको प्रमुख आधार क्षेत्रको रुपमा कृषि तथा पशुपालनको व्यवसायिकिकरणमा पर्नु, नविकरणीय उर्जाको विकास साथै पालिकाका सम्भाव्य सवै स्थानमा विद्युत सेवाको विस्तार हुँदै जानु, यस पालिका भित्र सिंचाई पूर्वाधार विकासकालागि

स्थानीय खोलानालाको उपस्थिति रहनु साथै समतल क्षेत्रमा भूमिगत सिंचाईको प्रसस्त सम्भावना रहनु साथै यस पालिका बाट बर्षमा करोडौका कृषि तथ पशुपन्छीजन्य उत्पादन बाह्य बजारमा निकासी भएर गईरहेको अवस्था रहनु यस क्षेत्रको विकासका प्रमुख सम्भावना र अवसरका रुपमा रहेका छन् ।

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

४.१.४.१ लक्ष्य

भू-उपयोग नीति तथा योजनाले स्वीकारेका सम्पूर्ण कृषि योग्य जमिनमा पूर्ण रुपले सिंचाई सुविधा उपलब्ध गराई उत्पादकत्वमा औषत २०० प्रतिशतले (दलहन बालीहरूको उत्पादनमा ५०० प्रतिशतले, तेलहन बालीहरूको उत्पादनमा ३०० प्रतिशतले) बृद्धि गरि तरकारी, दाल, तेल, आलु, र महमा नगरपालिकालाई आत्मानिर्भर उन्मुख बनाउनु साथै दुध, मासु (बंगुर, कुखुरा र खसि), च्याउ र माछामा नगरलाई पूर्ण आत्मानिर्भर बनाउने ।

४.१.४.२ उद्देश्य

१. गुजारामुखि कृषि तथा पशुपालनलाई पूर्ण रुपमा व्यवसायिकिकरण गर्ने साथै दलहन बालीहरू लगायत कृषि तथा पशुपन्छी जन्य उत्पादन बृद्धि गरी नगरँपालिकालाई आत्म निभर्र बनाउने
२. कृषक तथा कृषक समूहहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गर्दै कृषि तथा पशुपन्छी जन्य उत्पादनमा स्थनीय कृषक तथा कृषक समूहको निकासीयोग्य क्षमताको थप विकास गर्ने
३. कृषि तथा पशुपन्छी जन्य स्थाननीय उत्पादनहरूको विकि वितरणको सुनिस्चितताकालागि कृषि तथा पशुपन्छी थोक बजार केन्द्रहरूको विकास र व्यवस्थापन गर्ने साथै नगरक्षेत्रभित्र रहेका सम्पूर्ण मासुपसलहरूलाई व्यवस्थित गर्ने
४. कृषि तथा पशुजन्य चिस्यान केन्द्रहरूको निर्माण, सञ्चालन तथा दिगो व्यवस्थापन गर्ने

४.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ४.१ र ४.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	कृषि तथा पशुपन्छी जन्य उत्पादन र विकास सम्बन्धी स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने	• कृषि, पशुपंक्षी तथा मत्स्य पालन सम्बन्धी आवश्यक नगरपालिका स्तरीय ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण गरि कार्यान्वयनमा ल्याउने • ऐन कानूनको सफल कार्यान्वयनकालागि सरोकारवाला समेतको प्रतिनिधित्व रहने गरी विर्तामोड नगरपालिका कृषि तथा पशुपन्छी व्यवसायिक विकास नगर समितिको निर्माण गर्ने
२	कृषि तथा पशुपन्छी बालीकालागि आवश्यक पूर्वाधार निर्माण, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि तथा पशुपन्छी उद्यमसिलताको विकास, खद्य स्वच्छता तथा गुणस्तर अभिबृद्धिका साथ कृषक तथा कृषक	• कृषि तथा पशुपंन्छी सम्बन्धी तथ्यांकहरू अध्याधिक गर्ने • कृषि, पशुपन्छी पालन, उद्योग, पर्यटन, एकीकृत बजार लगायतका आर्थिक विकासमा आधारित सवै क्षेत्रलाई समेटेर एकीकृत आर्थिक विकास गुरुयोजना तयार गर्ने • अर्थ, यन्त्र, उपकरण, प्रविधि, मानवीय श्रोत र साधनको व्यवस्थापनकालागि नगरपालिकाबासी, निजी क्षेत्र, संघीय तथा प्रदेश सरकार, सहायोगि तथा विकास साझेदार लगायतका सवै साझेदार र सहयोगीहरू सँग समन्वय गरी साझेदारीको सुनिस्चितता गर्ने • कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादकत्व बृद्धिकालागि व्यवसायिक शिक्षा,

	समूहको प्रतिस्पर्धी क्षमताको बृद्धि गर्ने	अनुसन्धान र प्रसार पद्धतीलाई स्थानीयकरण गर्ने ● सिंचाई, सडक सञ्जाल, बजार पूर्वाधारको विकास र विस्तार गर्ने ● कृषकहरूद्धारा उत्पादित कृषिजन्य उत्पादनहरूको बजारीकरणका कार्यक्रमहरू संचालनमा ल्याउने ● बजार प्रणालीमा सहकारीको सम्लग्नतालाई प्रोत्साहन गर्ने साथै मध्यस्थकर्तालाई नगरँपालिकामा दर्ता गर्ने व्यवस्था मिलाएर उनिहरूका कृयाकलाप र अनिरिक्त मुनाफालाई नियमन र व्यवस्थापन गर्ने ● खाद्य स्वच्छता र गुणस्तर नियन्त्रणकालागि नगरपालिकले उपभोक्ता हित संरक्षण समितिलाई कृयाशिल बनाउने साथै खाद्य शुद्धता परिक्षणकालागि खाद्य परिक्षण प्रयोगशाला सञ्चालन गर्ने ● कृषि तथा पशुपन्छी जन्य उत्पादनको विकि वितरण र नयाँ प्रविधिको खोजी र विस्तारकालागि सूचना केन्द्रको स्थापना गरी सूचना प्रविधिको प्रयोगलाई प्रभाकारी र सर्वसुलभ बनाउने
३	कृषि तथा पशुपालन व्यवसायमा निजी क्षेत्रको सहभागिता र सहकार्यको सुनिस्चिता गर्ने साथै सार्वजनिक निजी साझेदारी, सामुदायीक निजी साझेदारी, सार्वजनिक सामुदायीक निजी साझेदारी जस्ता विधि, प्रकृया र पद्धतीलाई आर्थिक बिकास र व्यवस्थपनको मुल आधार बनाउने	● कृषि तथा पशुपन्छीपालनका क्षेत्रमा निजी क्षेत्रलाई आकर्सित गर्न जग्गा जमिनको उपलब्धता, श्रम शक्तिको सुनिस्चितता, मेसिन औजारको खरिद तथा जडानमा सहुलियत, सुरक्षाको प्रत्याभुति, मूल्य श्रृङ्खला व्यवस्थापनमा प्राविधिक सहयोग लगायतका कार्यमा सहयोग गर्ने ● निजी क्षेत्र समेतको सहयोग र साझेदारीमा प्राङ्गरिक मलको उत्पादन गर्ने ● चिस्यान केन्द्र र खाद्य भण्डारण केन्द्रको निर्माण विकास गर्ने ● स्थानीय बजारको पूर्वाधार विकास र बजार सञ्जाल विकास गर्ने
४	यस पालिकाका सम्भाव्य वडामा कृषि तथा पशुपन्छी पालन विशेष पकेट क्षेत्र तथा पकेट क्षेत्र निर्धारण गरी उत्पादकत्व बृद्धि गर्ने साथै यस व्यवसायमा सम्लग्न कृषक तथा पशुपन्छी पालक व्यक्ति वा समुहको व्यवसायिक तथा संस्थागत क्षमता अभिबृद्धि गरी उत्पादन र	● माटो परिक्षण गरी नगरँपालिकाका सम्भाव्य स्थानको आवश्यक अध्ययन तथा अनुशन्धान गरी बिशेष पकेट क्षेत्रका अलावा अन्य पकेट क्षेत्रको रुपमा विकास गर्ने ● एक समुह एक उत्पादन (तोरी, आलु, फापर, राज्मा, मुङ दाल, कच्छु) कार्यक्रमलाई निरन्तरता दिने ● बाखा तथा बंगुरको श्रोत केन्द्रहरूको विस्तार गर्ने । ● धान, मकै, तरकारी, दलहन, तेलहन र मौरी पालनको पकेट क्षेत्रहरू विस्तार गर्ने । ● मेयर पकेट प्याकेज कार्यक्रमलाई निरन्तरता दिने । ● कृषि तथा पशुपंक्षीमा लाग्ने महामारी जन्य रोगहरू नियन्त्रणका कार्यक्रमहरू संचालन गर्ने ।

	बजारीकरणलाई नाफामुलक बनाउने	• कृषकहरूलाई फलफुल र व्यवसायिक फुल खेतीतर्फ आकर्षित गर्ने कार्यक्रमहरू संचालनमा ल्याउने । • कौशी खेती, कृषक पाठशाला, माटो परिक्षण, आई.पि.एम. अनुसरण, नेपाल सरकारद्धारा उन्मोचित बिभिन्न बालीका जातहरूका प्रचार प्रसार, बालीमा जैविक विविधता संरक्षण, कृषक तालिमहरू र अगुवा कृषक उत्पादन जस्ता कृषि प्रसारका कार्यक्रमहरू संचालनमा ल्याउने । • पशुधन तथा बाली विमामा कृषकहरूको पहुँच बृद्धि गर्ने • कृषिबालीमा विषादि न्यूनिकरण सम्बन्धि कार्यक्रमहरू संचालन गर्ने ।
५	नश्ल सुधार, उन्नत जातको बिउ विजन तथा यन्त्र उपकरणको प्रयोग बाट कृषि तथा पशुपन्छी पालन व्यवसायलाई आधुनिकिकरण र प्रविधिमैत्री बनाउने	• दुध दुहुने, घाँस काट्ने, थलो सफा गर्ने लगायतका आधुनिक यन्त्र उपकरणहरूको प्रयोगमा विशेष सहुलियत प्रदान गर्ने • उन्नत जातको विउ विजन केन्द्रको स्थापना र विकास गर्ने, नश्ल सुधार–कृत्रिम गर्भाधान सेवाको विकास र विस्तारलाई थप प्रभावकारी वनाउने साथै बाखा पालनका लागि बोका, विर वितरण गर्ने • कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चानको लागि कृषि तथा पशुपन्छी जन्य उत्पादनमा विशेष योगदान राख्ने प्रत्येक वडामा १ जना पशु प्राविधिक व्यवस्थापन गर्ने • कृषि तथा पशुपालनका क्षेत्रमा प्रयोग भएका नविनतम प्रविधिहरूको खोजि गरि कृषकहरू माझ प्रदर्शन र प्रचार प्रसार गर्ने । • पोखरी निर्माणमा सहयोग गर्ने तथा माछा भूरा सहुलियत दरमा प्राप्त गर्न सहयोग गर्ने • गोठखोर सुधारका कार्यक्रमहरूलाई निरन्तरता दिने • धाँसमा आधारित पशुपालन कार्यक्रम संचालन गर्ने • पशु बन्ध्याकरण, प्रयोगशाला परिक्षण, खोप तथा उपचार कार्यक्रमलाई निरन्तरता दिने • पशुमा नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिने • कृषि तथा पशुजन्य उत्पादनका लागि आवश्यक सामाग्रीहरूका व्यवश्थापनका लागि आपूर्ति व्यवश्थापनका कार्यक्रमहरू संचालन गर्ने
६	कृषि उपजकालागि प्राङ्गरिक (अर्गानिक) रोगनिरोधक विषादी र पशुपन्छीकालागि रोग निरोधन औषधीलाई सर्वसुलभ बनाउँदै उत्पादन र उत्पादकत्व बढाउने	• प्राङ्गरिक रोगनिरोधक विषादीको सुलभ व्यवस्थापन गर्ने • प्राङ्गरिक (अर्गानिक) खेतीलाई प्रोत्साहन गरी रासायनिक मलको प्रयोगलाई विस्थापित गर्दै लाने • पशुपन्छी रोगनिरोधक औषधीको सुलभ व्यवस्थापन तथा खोप कार्यक्रम सञ्चालन गर्ने • नगरँपालिकाको समेत सहयोग र साझेदारीमा कृषि बाली तथा पशुविमा कार्यक्रम लागु गरी प्रभावकारी वनाउने साथै नगरँपालिका बाट विशेष सहुलियत प्रदान गर्ने
७	कृषि श्रोत केन्द्र, कृषि	• बिद्यामान अवस्थामा सञ्चालनमा रहेका बजार केन्द्रहरूमा कृषि उपज संकलन

	उपज सङ्कलन केन्द्र, कृषि उपज प्रशोधन केन्द्र (Agro Processing Center) को स्थापना र विकास गर्ने, व्यवसायमुलक तालिम तथा सुरक्षित र सुनिस्चित बजार सञ्जाल निर्माण साथै प्रोत्साहन समेत गरी कृषि तथा पशुपन्छी पालन व्यवसाय प्रति आकर्शण बृद्धि गर्ने	केन्द्र तथा आयात निर्यात केन्द्रको स्थापन र पूर्वाधार निर्माण विकास गर्ने ● कृषि उत्पादनको सहज विकि वितरणकालागि बजारको सुनिस्चितता प्रदान गर्ने प्रभावकारी बजार सञ्जाल निर्माण गर्ने ● नगरपालिकाले ब्यापारिक दुतको भुमिका र जिम्मेवारी निर्वाह गर्ने ● कृषि श्रोत केन्द्रको स्थापना र विकास गर्ने ● कृषक समूह तथा कृषकहरूलाई निशुल्क रुपमा व्यवसायमुलक तालिम दिने ● प्रत्येक व्यवसायिक कृषि तथा पशुपन्छी बाली उत्पादन फर्म तथा समूह बिच उत्पादनको मात्रा र उत्पादकत्व वृद्धिका आधारमा वडागत रुपमा प्रथम, दाश्रो र तेश्रो हुने १-१ जनालाई वार्षिक रुपमा क्रमस रु १ लाख, ५० हजार र २५ हजारको नगद पुरस्कार बाट सम्मानित गर्ने ● कृषिबालीका सम्भाव्य रोगका बारेमा बिशेष प्रकारको जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ● कृषिबाली उपचारलाई गुणस्तरीय, समयबद्ध र प्रभावकारी वनाउने
८	पशुपन्छी आहारको दिगो आधार निर्माण गर्ने	● चरन क्षेत्र, डाले तथा भुईघासको विकास र विस्तार गर्ने ● पशुपन्छी आहार उत्पादन तथा आवश्यक आहारको आपुर्ती गर्ने ● रोगनिरोधक औषधीको सुलभ व्यवस्थापन र खोप कार्यक्रम सञ्चालन गर्ने
९	प्रशोधन केन्द्रको स्थापना, पशुबधस्थल निर्माण लगायतका कार्यलाई विशेष प्राथमिकता दिने	● फलफुल, तरकारी तथा दुग्ध पदार्थ प्रशोधन केन्द्रको निर्माण विकासमा निजी क्षेत्रलाई आकर्सित गर्ने ● औद्योगिक ग्राम तथा वडा स्तरीय पकेट औद्योगिक ग्रामको स्थापना गर्ने तथा आवश्यक पूर्वाधारको विकास गर्ने ● पशु बधस्थलन निर्माण गरी स्वास्थ्यकर मासु उत्पादन र विकिवितिरणको सुनिस्चितता गर्ने
१०	कृषि तथा पशुपन्छी पालनलाई व्यवसायीकिरण गर्ने कृषक तथा कृषक समुहलाई विषेश सहुलियत प्रदान गर्ने	● व्यवसायीक कृषि फर्म सञ्चालनकालागि आवश्यक स्थानीय कानूनको निर्माण गरी आफु सँग रहेको जग्गा जमिन शेयरमा रुपान्तरण गरी त्यस प्रकारका संस्था दर्ता गर्न र सामुहिक कृषि ब्यवसाय सञ्चालनमा विषेश भुमिका निर्वाह गर्ने ● नगरँपालिकाले निर्धारण गरेका विशेष जातका बालि लनगरर प्रति रोपनी तोकिएको मात्रा भन्दा बढि उत्पादन गर्ने किसान तथा व्यवसायीलाई स्थानीय सरकारको हैसियतमा गणनायोग्य सुविधाहरू घोषणा गरी कार्यान्वयनमा ल्याउने ● दुध दुहुने, घाँस काट्ने, थलो सफा गर्ने लगायतका आधुनिक यन्त्र उपकरणहरूको प्रयोगमा विशेष सहुलियत प्रदान गर्ने ● उन्नत जातको विउ विजन केन्द्रको स्थापना र विकास गर्ने, नश्ल सुधार–कृत्रिम गर्भाधान सेवाको विकास र विस्तारलाई थप प्रभावकारी वनाउने साथै बाखा पालनका लागि बोका, विर वितरण गर्ने ● कृतिम गर्भाधान मिसन कार्यक्रम सञ्चानको लागि पशु प्राविधिकको थप

		व्यवस्थापन गर्ने ● पोखरी निर्माणमा सहयोग गर्ने तथा माछा भूरा सहुलियत दरमा प्राप्त गर्न सहयोग गर्ने

४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ४.३ मा समावेश गरिएको छ ।

४.१.५.१ अपेक्षित उपलब्धी

नगरक्षेत्र भित्रका सम्पूर्ण कृषियोग्य जग्गाहरू पूर्ण सिंचित भै उत्पादन र उत्पादकत्वमा २०० प्रतिशतले बृद्धि भएको हुनेछ । माछा, मासु, दुध र च्याउमा नगर पूर्ण आत्मानिर्भर भएको हुनेछ ।

४.१.५.२ नतिजा/सूचक

१. चक्रिय कृषि प्रणाली समेतका आधारमा पकेट क्षेत्रको थप विकास तथा कृषि क्षेत्रको विस्तार भई चैते धान विस्तार कार्यक्रमबाट धान उत्पादनमा ३० प्रतिशत, दलहन तथा तेलहन (तोरी) उत्पादनमा क्रमस ५०० र ३०० प्रतिशतले बृद्धि भएको हुनेछ साथै धान, तोरी, राज्मा र आलु बालीहरूको उत्पादनमा नगर आत्मानिर्भर भएको हुनेछ ।

२ वटा वडा स्तरिय संकलन केन्दहरूबाट तरकारी संकलन गरि १ मुख्य संकलन केन्द्र हुँदै विभिन्न बिकि केन्द्रहरू मार्फत विषादी न्यूनिकरण गरिएका तरकारीहरूको विकि वितरण आ.ब. २०७९/०८० शुरु भएको हुनेछ साथै योजना अवधिको ३ वर्ष भित्रमा तरकारी बालीहरूको न्यूनतम बिकि मुल्य कायम गरि कार्यान्वनमा आएको हुनेछ

३. ७० टन क्षमताको चिस्यान केन्द्र आ.ब. २०७९/०८० भित्र संचालनमा आएको हुनेछ साथै प्रदेश तथा संधिय सरकारको सहयोगमा थप २ वटा चिस्यान केन्द्रहरूको निर्माण आवधिक योजना अवधि भित्र गरिने छ ।

४. तोरी , फापर र फलफुलको क्षेत्रविस्तार सँगै विस्तार भएको मौरी पालन व्यवसायबाट उत्पादित मह प्रशोधन गरि आ.ब. २०७९/०८० भित्र बजारीकरण गरिने छ ।

५. आवधिक योजनाको अन्त्य सम्मका ८ वटा बाखा पकेटहरू र ६ वटा बंगुर पकेटहरू व्यवसायिक रुपमा संचालनमा आएका हुनेछन् साथै सम्पूर्ण गाई तथा बाखा फर्महरू हरियो धाँस तथा साइलेजमा आधारित भएका हुनेछन्

६. नश्ल सुधार र व्यवश्थापनका लागि बाखामा २ वटा र बंगुरमा १ वटा व्यवश्थित श्रोत केन्द्रहरू संचालनमा आएका हुनेछन् ।

७. सम्पूर्ण नगरक्षेत्र भित्र व्यवश्थित र सुधारिएका माछा तथा मासु पसलहरू संचालनमा आएका हुनेछन्

८. नगरपालिकाको सहजिकरणमा सम्पूर्ण व्यवसायिक कृषकहरूको कृषि ऋणमा पहुँच पुगेको साथै आर्थिक कृयाकलामा बढोत्तरी भएको हुनेछ

४.१.६ अनुमान तथा जोखिम पक्ष

- प्रदेश तथा संधिय सरकारबाट निरन्तर सहयोग प्राप्त हुनेछ ।
- महामारी तथा दैविक प्रकोपबाट हुने क्षतिमा कृषकहरूलाई क्षतिपूर्ति प्राप्त हुनेछ ।

४.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष (विस्त्रित विवरण तालिका नं.४.३)

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	व्यवसायिक कृषि तथा पशुपन्छी	• नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरसभाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • कृषि विकास शाखाका अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • कृषि विकास शाखा • सम्बन्धित कृषक तथा कृषि समूह **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• स्रोत र साधनको अभाव • सहयोगी तथा साझेदार संघ संस्था • बजार सञ्जाको अभाव • प्रविधिको अभाव • निर्माण समाग्रि • मालखादको अभाव • रोगनिरोधक औषधीको अभाव • उन्नत जातको विउ विजन र नश्लको अभाव

४.२ सिंचाई

४.२.१ पृष्ठभूमि

कृषि कार्यलाई व्यवसायिक रुप प्रदान गर्न बाह्रै महिना सिंचाईको दिगो पूर्वाधार निर्माण विकास हुन अनिवार्य छ । नेपालको कुल २६ लाख ४१ हजार हेक्टर कृषि योग्य जमिन मध्ये करिव २२ लाख ६५ हजार हेक्टर जमिन मात्र सिंचाईयोग्य रहेको छ । आ.व. २०७५/७६ को अन्त्य सम्ममा १४ लाख ७३ हजार हेक्टरमा सिंचाई सुविधाकालागि पूर्वाधार निर्माण भएको छ । यस पालिकाको वस्तुगत अवस्थाका आधरमा नगरक्षेत्रभित्र रहेका कुल ७२०० हे. कृषियोग्य जमिन मध्ये ६५ प्रतिशत (४७०० हे.) जग्गामा सिंचाई सुविधा प्राप्त भएको छ । नगरक्षेत्रभित्र ठुला र साना गरि जम्मा ११ वटा कुलो सिंचाईहरू रहेका छन् । जम्मा सिंचित क्षेत्रमध्ये ३२०० हे. कुलो सिंचाईबाट र १५०० हे. साना सिंचाई (मोटर बोरिङ्ग) बाट सिंचाई भएको छ । साना सिंचाई कार्यक्रमका लागि नगरपालिका, कृषि ज्ञान केन्द्र, प्रदेश सरकार, स्थानिय संध संस्था (सहारा नेपाल) र कृषकहरूको लागत साझेदारी रहेको छ । बिर्तामोड नगरपालिकालाई ५ वर्ष भित्रमा पूर्ण सिंचित नगर बनाउने कार्यक्रम अनुसार कुलो सिंचाई विस्तार र मर्मतका कार्यक्रमहरू पि.१ अन्तर्गत राखि कार्यक्रम तयार गरिएको छ । यसैगरि नगरपालिका, प्रदेश सरकार, स्थानिय संध संस्था र कृषकहरूको लागत साझेदारीमा साना सिंचाई (मोटर बोरिङ्ग) कार्यक्रमहरू संचालन गरिने छ ।

४.२.२ समस्या तथा चुनौती

विर्तामोड नगरपालिकाको सिंचाई पूर्वाधार निर्माण, सञ्चालन तथा व्यवस्थापनमा देहाय बमोजिमका समस्या तथा चुनौती रहका छन् ।

४.२.२.१ समस्या

अधिकांस सिंचाई पूर्वाधार प्राकृतिक खोला तथा खोल्सी प्रणालीमा आधारित भएका कारण बर्षै भरी एकै प्रकारले सिंचाईको सुविधा पुग्न नसक्नु, वर्तमान सिंचाई प्रणालीको नियमित मर्मत सम्भार हुन नसक्नु, धेरै कुलो सिंचाईहरूमा पानी हेरालु र सामान्य सेवा शुल्क नराख्दा सानो मर्मत संभारमा समेत स्थानिय तह समक्ष पुग्नु पर्ने अवश्था रहनु, सिंचाई सुविधा पुग्ने जग्गा जमिनमा नियमित र अधिक जमिनको खण्डिकरण हुदै जानु, सतह सिंचाइको स्रोत र भूमिगत स्रोतको समन्वयात्मक उपयोग हुन नसक्नु, बनजङ्गलको विनास र बाढी पहिरोका कारण पानीका श्रोतहरू सुक्दै हुँदै जानु, खोला जन्य निर्माण सामाग्रिको दोहन बढ्दै जानु, सिंचाई तथा जलउपयोगको दक्षता र विज्ञतामा कमि रहनु, सिंचाइ आयोजनामा पर्याप्त लगानीको अभाव रहनु जस्ता समस्या विद्यमान रहेका छन् ।

४.२.२.२ चुनौती

ठुला सिंचाई कार्यक्रमका लागि ठुला खोलानालाहरू नगरक्षेत्रभित्र नरहनु । भूमिगत जलभण्डार घट्दै जानु, निर्माणधिन योजना तथा आयोजना निर्धारित समय सिमा भित्र तोकिएकै लागतमा सम्पन्न गर्न कठिनाई रहनु, संघीय तथा प्रदेश सरकार र नगरपालिका बिच योजनाको प्राथमिकता र लगानीको सुनिस्चितामा ऐक्यवद्धता नहुनु, नगरपालिकाको आन्तरिक आय न्यून रहेका कारण लगानीको भरपर्दो आधार निर्माण गर्न, विगत देखिनै सञ्चालनमा रहेको सिंचाई प्रणालिको नियमित मर्मत सम्भार गर्न, ठूला प्रकृतिका सिंचाई योजना कार्यान्वयनमा ल्याउन, कृषि भूमिको कृषि कार्यकालागि संरक्षण गर्न, जलबायु परिवर्तनका कारण पानीको स्रोतमा हुन सक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै उपलब्ध जलस्रोतको पूर्ण सदुपयोग गरी कृषि कार्यलाई दिगो बनाउने कार्यलाई प्रभावकारी बनाउने जस्ता कार्यमा यस पालिकाले चुनौतिको समाना गरिरहेको छ ।

४.२.३ संभावना तथा अवसर

नगरपालिका क्षेत्र भित्र थप २५०० हे. जग्गामा सिंचाई विस्तार गर्न सकिने अवस्था रहनु, कृषकहरूको माग र आवश्यकतामा आधारित कार्यक्रम हुनु, सामान्य रुपमानै भए पनि सिंचाई कार्यक्रमका लागि स्थानिय संध संस्था, कृषक र प्रदेश सरकारको साझेदारी नगरपालिकालाई प्राप्त हुनु, उपलब्ध जलस्रोतको बहुपयोगको सम्भावना रहनु, आवश्यक व्यवस्थापन गर्न सके दक्ष जनशक्ति स्वदेशमानै उपलब्ध रहनु, दिन प्रतिदिन नयाँ नयाँ प्रविधिको विकास र विस्तार हुँदै जानु, स्थानीय ऐन कानून नगरपालिका आफैले निर्माण गरी कार्यान्वनयमा ल्याउन सक्ने व्यवस्था हुनु, कृषि कार्य र व्यवसायिक कृषि प्रणाली प्रति स्थानीयबासी जनसमुदायको रुची बढ्दै जानु, कृषिको व्यवसायीकिकरणमा सम्लग्न हुन नीजि क्षेत्र समेत अग्रसर हुनु, सिंचाई पूर्वाधार निर्माण, विकास र संरक्षणमा स्थानीय कृषक उपभोक्ताको पहुँचमा बृद्धि हुँदै जानु, आवधिक योजना मार्फत यस क्षेत्रको विकास र विस्तारमा सम्बोधन तथा व्यवस्थापन गर्न नगरपालिका नीतिगत र संस्थागत रुपले तयार हुनु, मर्मत सम्भार र स्तरोन्नतीको पखाईमानै भएको भएता पनि करिव १२ वटा सिंचाई पूर्वाधार विगत बर्षबाटै सञ्चालनमा तथा निर्माणाधिन अवस्थामा रहनु र सिंचाई पूर्वाधार विकासमा स्थानीयबासी कृषक तथा कृषक समूहहरूको माग बढ्दै जानु यस क्षेत्रको विकासका संभावनाहरू रहेका छन्

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

४.२.४.१ लक्ष्य

यस आवधिक योजना अवधिमा सम्पूर्ण कृषि योग्य जमिनहरूमा सिंचाई सुविधा उपलब्ध गराई बाली सघनतामा २०० प्रतिशतले बृद्धि गर्नु

४.२.४.२ उद्देश्य

१. बालीको उत्पादन र उत्पाकत्वमा बृद्धि गर्नु
२. बालीहरूको क्षेत्र विस्तार गर्नु

३. आधुनिक कृषि पद्धतितर्फ कृषकहरूलाई आकर्शित गर्नु

४ कृषकहरूको आय बृद्धि गर्नु

४.२.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ४.१ र ४.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	सिंचाई विकास तथा व्यवस्थापन र प्रयोग सम्बन्धी स्थानीय ऐन नियम कार्यान्वयनमा ल्याउने	• सिंचाई स्रोत उपयोग तथा व्यवस्थापनकालागि पालिका स्तरीय ऐन कानून निर्माण गर्ने • सिंचाई पूर्वाधार र सेवा तथा सेवा व्यवस्थापनको यथार्थ विवरण अध्यावधिक गर्ने
२	सिंचाई गुरु योजना तर्जुमा गरी सिंचाई प्रस्तावित सिंचाई योजना तथा आयोजनाहरू विकास एवं विस्तार गर्ने साथ नयाँ सिंचाई प्रविधिको विकास र विस्तार गरी कृषकहरूलाई अभ्यस्त बनाउनै	• सिंचाई पूर्वाधारको विकास र एकीकृत प्रणालीको दिगो व्यवस्थपन गर्न एकीकृत सिंचाई गुरुयोजना तर्जुमा गर्ने • प्राविधक, आर्थिक र वातावरणीय पक्ष बाट सम्भाव्य रहेका साना तथा भूमिगत साना सिंचाई प्राथमिकताका साथ निर्माण, विकास र विस्तार गर्ने
३	संचाई प्रणालीको विकास गर्न संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार र स्थानीय उपभोक्ता बिच समन्वय र साझेदारी विकास गर्ने	• अन्तर सरकर समन्वय सम्यन्त्रको निर्माण गरी प्रदेश र संघीय सरकार साथै छिमेकी पालिकाहरू सँग समन्वय र साझेदारी विकास गर्ने • प्रदेश सरकारको सहयोगमा पालिकाका समतल सम्भाव्य वडामा स्यालो तथा डिप ट्यवेल सिंचाई कार्यक्रम सञ्चालन गर्ने
४	विद्यमान, निर्माणाधिन तथा भविश्यमा निर्माण हुने सिंचाई पूर्वाधारको दिगो व्यवस्थापनकालागि उपभोक्ताको सार्थक सहभागिता गराउने साथै भूमिगत सिंचाई आयोजनाको दिगोपानाकालागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउने	• साना सिंचाई कार्यक्रमहरूलाई निरन्तरता दिने • सवै वडाका कृषि योग्य जमिनमा सिँचाईकालागि वर्षातको पानीको मात्र निर्भरताको अन्त्यकालागि अनुसूची २ मा प्रस्ताव भएका प्रथम प्राथमिकतामा परेका नयाँ तथा पुराना सिंचाई पूर्वाधारको प्राथमिकताका आधारमा निर्माण विकास गर्ने साथै सञ्चालनमा रहेका वा बिभिन्न कठिनाईका कारण नियमित सञ्चालन हुन नसकेका पुराना सिंचाई पूर्वाधारको मर्मत सम्भार र स्तरोन्नती गरी कृषकहरूलाई सुलभ सिचाई सुविधा उपलब्ध गराउने • बर्तमान श्रोत र पूर्वाधार बाट सिंचाईको सुविधा पुग्न नसक्ने सवै क्षेत्रमा **नविनतम** प्रविधि समेतका अन्य बैकल्पिक व्यवस्थाको खाजी गरी सिंचाईको सुविधा पुऱ्याउने
५	नगरपालिका, सम्बन्धित सरोकारवाला उपभोक्त, र जनशक्तिको क्षमता विकास गर्ने	• विद्यमान अवस्थामा यस नगरपालिका भित्र कृषि बालिका पकेट क्षेत्र, तीनमा आधारित सेवा केन्द्र र कृषक समुहहरूको क्षमता विकास र बिस्तारकालागि थप सहयोग गर्ने • पानिको उपयोग, उपादेयता र सदुपयोग, वितरण प्रणालीका बारेमा उपभोक्ता क्षमता विकास तालिम सञ्चालन गर्ने

		• पर्याप्त पानीको उपयोगका कारण कृषि उपजमा हुने पौष्टिक तत्वको गुणस्तर र बृद्धिमा हुने प्रभावका बारेमा स्थानीय कृषक तथा कृषक समूहलाई तालिमा प्रदान गर्ने

४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ४.३ मा समावेश गरिएको छ ।

४.२.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा नगरक्षेत्रभित्रको सम्पूर्ण कृषि योग्य जमिन सिंचित भएको हुनेछ ।

४.२.५.२ नतिजा/सूचक

१. आवधिक योजना अवधिको प्रथम बर्ष भित्र सिंचाई पूर्वाधारको र सिंचाई प्रणालीको विकास सम्बन्धी स्थानीय ऐन कानून निर्माण भई कार्यान्वयनमा आएको हुनेछ साथै जमिन बाँझो राख्ने प्रबृतिको अन्त्य भएको हुनेछ ।
२. आवधिक योजनाको दोश्रो बर्ष भित्र सिंचाई गुरु योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ
३. हाल ४७०० हे. जग्गा सिंचित रहेकोमा योजनाको अन्त्य सम्ममा थप २५०० हे. जग्गामा सिंचाई सुविधा पुगेको हुनेछ ।
४. सिंचाईको कारण बाली सधनतामा २०० प्रतिशतले बृद्धि भएको हुनेछ ।

४.२.६ अनुमान तथा जोखिम पक्ष

सहज रुपमा आधुनिक प्रविधिको प्रयोग र व्यवश्थापन भएको हुँनेछ साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ ।

४.२.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष (विस्त्रित विवरण तालिका नं.४.३)

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	सिंचाई पूर्वाधार विकास	• नगरसभाको निर्णय पुस्तिका • नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • कृषि विकास शाखाका अभिलेख • नगरपालिकाको वएभसाईट • उपभोक्ता समितिका अभिलेख • सञ्चारका श्रोत	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • कृषि विकास शाखा • सम्बन्धित कृषक तथा कृषि समूह उपभोक्ता समिति **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय	• स्रोत र साधनको अभाव • सहयोगी तथा साझेदार संघ संस्था • प्रविधि तथा उपकरणको अभाव • निर्माण समाग्रि • प्राकृतिक प्रकोप

			सरकोकारवाला ● टोल विकास वा सामुदायिक संघ संस्था ● निजी क्षेत्र	

४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

४.३.१ पृष्ठभूमि

नेपाल प्राकृतिक सुन्दरताले भरिपूण रहेको छ । नेपालको हकमा पर्यटन विकास अर्थतन्त्रको विकास र आर्थिक समृद्धि निर्माणको एक प्रमुख र उच्च सम्भावना बोकेको क्षेत्रहो । नेपालका अदितीय प्राकृतिक तथा साँस्कृतिक सम्पदा र विबिधताका कारण कोभिड १९ को अवधि बाहेका अवधिमा पर्यटकहरू आगमन र बसाई बर्षेनि बढ्दो अवस्थामा रहेको छ । पर्यटन विकासकालागि अनुकुल मौषमी वातावरण, हिमाली प्राकृतिक सुन्दरता, धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक साँस्कृतिक तथा पुरातात्वीक सम्पदा नेपालका प्रचुर सम्भावना बोकेका क्षेत्र र स्थान हुन् । नेपालको समग्र पर्यटन क्षेत्रको योगदानको अध्ययन गर्दा आ.व. २०७५/७६ मा पर्यटक आगमन ११ लाख ९७ हजार रहेको, यस क्षेत्र बाट कुल गार्हस्थ्य उत्पादनमा २.७ प्रतिसतको योगदान रहेको, २ लाख व्यक्तिले प्रत्यक्ष रोजगारी पाएको, प्रति पर्यटक खर्च प्रति दिन ४८ अमेरिकी डलर रहेको र औषत बसाई १२.७ दिन रहेको देखिन्छ ।

बिर्तामोड नगरपालिका भित्र ठुला साना गरेर जम्मा ६५ वटा मठमन्दिरहरू रहेका छन् । यसै गरि ४ वटा पोखरीहरू र ३ वटा सिमसार क्षेत्रहरू रहेका छन् । यस नगरक्षेत्रभित्र निजि स्तरबाट र स्थानिय स्तरबाट संचालित ९ वटा पार्कहरूले पर्यटकिय बिकासको संभावना बोकेका छन् । यस नगरभित्र ठुला र साना गरि जम्मा ४ वटा सामुदायिक बनहरू , पोखरी र सिमसारहरू प्राकृतिक संम्पदाका रुपमा रहेका छन् ।

४.३.२ समस्या तथा चुनौती

४.३.२.१ समस्या

विर्तामोड नगरपालिका मध्यम स्तरको पर्यटकीय विकासको संभावना बोकेको पालिका भएतापनि पर्यटन क्षेत्रको विकास र विस्तारकालागि पर्याप्त लगानीको स्रोतको अभाव रहनु, पर्यटकीय क्षेत्रको बस्तुगत अभिलेख तयार नहुनु, पर्यटन विकास गुरुयोजना निर्माण नहुनु, यस पालिका भित्र पर्यटन विकासको क्षेत्रमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विबिधिकरण हुन नसक्नु, विद्यामान सिमसार क्षेत्र तथा पोखरीहरू आकर्षक तथा भौतिक पूर्वाधार यूक्त नहुनु, पर्यटन पूर्वाधारको सौन्दर्यकरण, विकास र व्यवस्थापन हुन नसक्नु, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनमा निजी क्षेत्रको सहभागितलाई प्रभावकारी बनाउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमसिलतालाई जोड्न नसक्नु, यस क्षेत्र बाट प्राप्त लाभलाई न्यायोचित वितरण गर्न नसक्नु, पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु साथै नगरबासीहरूलाई नगरक्षेत्रभित्र रहेका पर्यटकिय क्षेत्रहरूको बारेमा जानकारी नहुनु तथा विद्यमाना पर्यटकिय क्षेत्रहरूको प्रचार प्रसार नहुनु यस क्षेत्रका समस्याको रुपमा रहेका छन् ।

४.३.२.२ चुनौती

आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्शित गर्ने गरिका ठुला धार्मिक स्थलहरू, पार्कहरू, सिमसार लगायत अन्य पर्यटकिय क्षेत्रहरू नहुनु लगायत पर्यटन पूर्वाधारको यथोचित विकास र विस्तार गर्न, आन्तरिक तथा वाह्य पर्यटकको बुझाई सम्म सूचना सम्प्रेषण गर्न, पर्यटकीय क्षेत्रको सेवा र सुविधा विस्तार गर्न, पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको लगानी आकर्शण गर्न, पर्याप्त श्रोत र साधनको व्यवस्था गर्न, गुणस्तरीय पर्यटकको आगमनलाई आकर्सित गर्न, दक्ष जनशक्तिको व्यवस्थपन गर्न चुनौतिको रहेको छ ।

४.३.३ संभावना तथा अवसर

पर्यटन विकास बहुआयामिक, बहु प्रकृति र बहु स्वरुपको साथै मनोरञ्जन र आर्थिक विकास सँग प्रत्यक्ष जोडिएको विषय हो । पर्यटन विकास र विस्तारलाई आर्थिक समृद्धिको महत्वपूर्ण अङ्गको रुपमा स्वीकार गरी तीनै तहका सरकारले उच्च

प्राथमिकतामा राख्नु, शहरी क्षेत्रबाट नजिक रहेको वडा नं. ३ मा रहेको विराट पोखरी लाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने, निर्माणाधीन शहिद नेत्र पार्कलाई व्यवश्थित पर्यटकिय क्षेत्र साथै पिक्निक स्पोटको रुपमा विकास गर्न सकिने, गरामनि शक्ति पिठलाई धार्मिक पर्यटनसँग जोड्न सकिने, बिराट पोखरी, तेलकानी सदु मदु पोखरी, गरामनि शक्ति पिठ, शहिद नेत्र पार्क, हरियाली सामुदायिक वन भित्र रहेको सिमसार क्षेत्र, वडा नं. ५ को बालाजी मन्दिर, साङ्गबेद संस्कृति शिक्षालय र बहुभाषिक, बहुधार्मिक, बहु सांस्कृतिक संग्राहलय सहितको झापा नाट्य घर बिचको पर्यटकिय कोरिडोर (सम्बन्ध) निर्माण गर्न सकिने जस्ता नयाँ नयाँ पर्यटन गन्तब्यका स्थालहरूको पहिचान हुँदै जानु, आन्तरिक पर्यटन विकास र प्रवर्द्धनमा निजी क्षेत्र सहभागि हुन तयार देखिनु, यस क्षेत्रको विकासमा स्थानीयबासी र सरोकारवालाको चासो बढ्नु, जैविक विभिदता र प्राकृतिक सुन्दरता युक्त स्थलहरूको विकास गर्न सकिने जस्ता संभावना रहेको कारण यस पालकालाई पर्यटन विकासको माध्यम बाट आन्तरिक आय बढाउन सकिने अवसर समेत रहेको अवस्था छ ।

४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

४.३.४.१ लक्ष्य

नगरक्षेत्रभित्र रहेका पौराणिक पोखरी र सिमसारको व्यवश्थापन गरि पर्यटकिय क्षेत्रहरूको विकासका साथमा आन्तरिक तथा बाह्य पर्यटन बजारमा विर्तामोड नगरपालिकाको पहिचानलाई स्थापित गरी पालिकाको समृद्धि निर्माणको महत्वपूर्ण अङ्गको रुपमा विकास गर्नु

४.३.४.२ उद्देश्य

१. नगरभित्रका पर्यटकिय क्षेत्रहरूको पहिचान र विकास गर्नु
२. धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका क्षेत्रहरूको विकास र सम्बर्द्धन गर्नु
३. पहिचान भएका समेतका पर्यटकीय स्थलहरूमा आवश्यक पर्यटन पूर्वाधार विकास गरी आन्तरिक र वाह्य पर्यटकको आगमनलाई बढाउनु
४. पर्यटकको संङ्ख्यामा बृद्धि, बसाई समयको विस्तार बाट आन्तरिक कृषि उत्पादनको खपत सगँ आवद्ध गरी पालिकाको आन्तरिक आय आर्जनको महत्वपूर्ण अङ्गको रुपमा स्थापित गर्नु
५. पर्यटन क्षेत्रको विकास बाट प्राप्त लाभलाई स्थानीयबासीको पहुँच सम्म पुग्ने सहज वातावरणको विकास गरी लाभको वितरण समन्यायीक बनाउनु

४.३.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ४.१ र ४.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	आवश्यक स्थानीय ऐन कानून निर्माण गरी कार्यान्वनयमा ल्याउने	• पर्यटन विकासकालागि पालिका स्तरीय ऐन कानून निर्माण गर्ने • पर्यटकीय स्थल र क्षेत्रको यथार्थ विवरण अध्यावधिक गर्ने
२	एकीकृत पर्यटन विकास गुरु योजना तयार गरी योजनबद्ध विकासको थालनी गर्ने	• पर्यटनको सम्भावना बोकेका धार्मिक तथा साँस्कृतिक महत्वका क्षत्रे, प्राकृतिक सुन्दरताले भरिएको स्थल, शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता सम्भाव्य सवै क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गुरुयोजना तर्जुमा गर्ने
३	स्थानीय, स्वदेशी तथा विकास साझेदारको लगानी आकर्सित र प्रोत्साहन गर्ने साथै सार्वजनिक, निजी, सहकारी तथा सामुदायीक साझेदारीको विकास गरी सिमसार	• नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण ऐतिहासिक मठ, मन्दिर, गुम्बा, चर्च लगायत अन्य धार्मिक क्षेत्रहरू समेट्ने गरि एकिकृत धार्मिक तथा सांस्कृतिक विकासका कार्यक्रमहरू संचालन गर्ने • पोखरी तथा सिमसारहरू पर्यावरणसँग सम्बन्धित रहने हुँदा नगरक्षेत्रभित्र रहेका ऐतिहासिक पोखरी तथा सिमसारहरू संरक्षणका

	तथा पार्क र मनोरञ्जन स्थल निर्माणको विकास र व्यवस्थापन बाट पर्यटन गन्तब्य केन्द्रको रुपमा स्थापित गर्नु	कार्यक्रमहरू संचालन गर्ने ● बिर्तामोड नगरक्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक र सास्कृतिक संभावना बोकेका पर्यटकिय क्षेत्रहरूको पहिचान गरि hand book र ebook मार्फत स्थानिय तथा राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने ● पर्यटकिय पार्कहरू निर्माण तथा संचालन गर्न निजि क्षेत्रसँग सहकार्य गरि कार्यक्रमहरू संचालन गर्ने ● श्रोत व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार साथै स्थानीय, राष्ट्रिय साथै अन्तराष्ट्रिय सहयोगी र साझेदारहरू सँग समन्वय गर्ने ● एतिहासिक महत्वको मठ मन्दिर सम्म सहज आवागमनकालागि सम्भाब्य सडक पूर्वाधार समेतका अन्य पर्यटक क्षेत्र निर्माण विकासकालागि संघीय तथा प्रदेश सरकारको सहायोग र छिमेकी पालिकाहरूको सम्युक्त समन्वय, साझेदारी तथा व्यवस्थापनमा बृहत्तर पर्यटन बिकास कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने
४	पर्यटकीय उपजलाई मूल्य श्रृङ्खला सँग आवद्ध गरी यस क्षेत्रको लाभलाई सर्वसाधार नगरपालिकाबासिको पहुँच सम्म पुऱ्याउने	● पर्यटन उपजको विकासमा स्थानीय स्रोत र साधनलाई प्रोत्साहन गर्ने ● पर्यटकीय क्षेत्रको दिगो व्यवस्थापनकालागि नगरपालिका र स्थानीय समुदय साझेदारीताको विकास गर्ने ● समुदाय स्तरमा सामुदायिक होमस्टे समेतको विकास गरी स्थानीय विशेषता सहितको पर्यटकीय गन्तव्य स्थल व्यवास्थापन गरी यस क्षेत्रको लाभ स्थानीय टोल बस्ती सम्म पुऱ्याउने ● स्थानीय कृषि तथा पशुपन्छी जन्य उत्पादनलाई पर्यटन विकास सँग आवद्ध गर्ने ● जैविक विभिदता सहितका बनजङ्गलाई पर्यटक मनोरञ्जन स्थलको रुपमा विकास गर्ने

४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ४.३ मा समावेश गरिएको छ ।

४.३.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

नगरक्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यावरणीय दृष्टिकोणबाट महत्वपूर्ण रहेका सम्पूर्ण क्षेत्रहरूको संरक्षण गर्न एकिकृत गुरुयोजना बनि कार्यान्वयनमा आएको हुनेछ साथै गुरु योजना बमोजिमका कार्यक्रमको माध्यम बाट पालिकाको आर्थिक विकासमाय गणनायोग्य योगदान पुगेको हुनेछ ।

४.३.५.२ नतिजा/सूचक

१. ऐतिहासिक, धार्मिक, साँस्कृति र प्राकृतिक क्षेत्र तथा स्थल समेत समेटिने गरी स्थानीय ऐन तथा एकिकृत पर्यटन विकास गुरु योजना तयार भएको हुनेछ

२. आवधिक योजनाको अन्त्य सम्ममा थप ३ वटा सिमसार क्षेत्रहरू, ६ वटा धार्मिक तथा पौराणिक पोखरीहरू र अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणका कार्यहरू पुरा भएको हुनेछ साथै आवधिक योजनाको अन्तिम सम्ममा प्रतिवर्ष पर्यटक आगमन ५० हजारको हाराहरी पुगेको हुनेछ ।

३. आन्तरिक आयमा यस क्षेत्रको योगदान करिव सून्यको अवस्थमा रहेकोमा यस आवधिक योजना अवधिमा नगरपालिकाको कुल आन्तरिक आयमा ३ देखि ५ प्रतिसतको योगदान पुगेको हुनेछ साथै यस क्षेत्र बाट यस नगरपालिकामा १००० जनाले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा रोजारी प्राप्त गरेका हुनेछन्

४.३.६ अनुमान तथा जोखिम पक्ष

पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागितामा बृद्धि भएको हुनेछ । प्राकृतिक विपत्तीमा कमि आएको हुनेछ । श्रोत र साधनको पर्याप्तता रहेको हुनेछ ।

४.३.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष (विस्त्रित विवरण तालिका नं.४.३)

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	पर्यटन विकास	• नगरसभाको निर्णय पुस्तिका • नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • आर्थिक विकास शाखाका अभिलेख • नगरपालिकाको वएभसाईट • पर्यटन विकास तथा व्यवस्थपन समितिका अभिलेख • सञ्चारका श्रोत	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • आर्थिक विकास शाखा • सम्बन्धित पर्यटन क्षेत्रमा कार्यरत व्यक्ति साथै निजी तथा सामुदायिक संघ संस्था **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र तथा समुदाय	• स्रोत र साधनको अभाव • सहयोगी तथा साझेदार संघ संस्था • प्रविधि तथा उपकरणको अभाव • निर्माण समाग्रि • प्राकृतिक प्रकोप • विद्यमान ऐन कानून

४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

४.४.१ पृष्ठभूमि

आर्थिक विकासको प्रमुख आधारको रुपमा विश्व बजारमा स्थापित रहेको उद्योग, व्यापार, व्यवसायले विश्व आपुर्ति व्यवस्थापनमा समेत ठूलो प्रभाव पारको छ । विश्व बजारमा भईरहेको तिव्र औद्योगिकिकरण, उत्पादनका साधनको रुपमा विश्व बजारमा उपलब्ध सीप, पूँजी र प्रविधिको उपयोग गरी प्रतिस्पर्धि र तुलनात्मक लाभ भएका बस्तुको उत्पादन, आन्तरिक उपभोग र स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रवेश जस्ता विषयबस्तुले नेपालको समग्र व्यापार घाटा कम गर्न र स्थानीय उत्पादनमा तीनै तहका सरकार क्रमस आत्म निर्भर हुने मात्र नभै सवल र दिगो राष्ट्रिय, प्रादेशिक तथा स्थानीय अर्थतन्त्र निर्माण गर्न सकिन्छ । नेपालको संबिधानले अर्थतन्त्रको विकासकालागि उद्योग धन्दा र स्रोत साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली कच्चा पदार्थ, श्रम र शिपमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकुल आयत व्यवस्थापन र निर्यात प्रवर्द्धन गर्ने गरी औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने, राष्ट्रिय हित अनुकुल निर्यात प्रवर्द्धन तथा आयात व्यवस्थपन गर्ने, प्रत्यके उपभोक्तालाई गुणस्तरीय बस्तु र सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन बस्तु र सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने जस्ता संबैधानीक व्यवस्था गरेको छ । नेपालको हकमा आ.व. २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान १४.६ प्रतिसत र उत्पादनमुलक उद्योग क्षेत्रको योगदान ५.६ प्रतिसत रहेको छ भने कुल राष्ट्रिय रोजगारीमा यस क्षेत्रको योगदान ८.१ प्रतिसत रहेको छ भने थोक तथा खुद्र व्यापारको अंस कुल गार्हस्थ्य उत्पादनमा १४.४ प्रतिसत रहेको छ । बस्तु व्यापारको आयात निर्यात अनुपात १:१४.४ र व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ३८.१ प्रतिसत रहेको छ । उच्च मूल्य भएका बस्तुको आयात उच्च रहेको छ भने कृषि जन्य र कम मूल्य भएका बस्तु मूख्य रुपमा निर्यात भएका छन् ।

बिर्तामोड नगरपालिका भित्र हाल विभिन्न क्षेत्रहरूमा साना तथा घरेलु गरी ३१ वटा उद्योगहरू संचालनमा रहेका छन् । यसका साथै न.पा.को वडा नं. २ लाई औद्योगिक क्षेत्रको रुपमा विकास गर्ने नगरको निति अनुसार उक्त क्षेत्रमा विभिन्न प्रकारका उद्योगहरू संचालनमा आएका छन् । उक्त उद्योगहरूले नगरक्षेत्रभित्र रोजगारीका अवशरहरू निर्माण गरिरहेका छन् । उक्त क्षेत्र बाहिर पनि कृषि तथा पशुजन्य उद्योगहरूका साथै अन्य उद्योगहरू संचालनमा आएका छन् । यो नगरपालिका पूर्वी पहाडी क्षेत्रको कृषिजन्य उत्पादनहरूको मुख्य व्यपारिक केन्द्र रहेको हुँदा प्रशस्त मात्रामा कृषिजन्य उद्योग तथा प्रशोधन केन्द्रहरू संचालनमा आएका छन् । संचालित साना तथा ठुला उद्योगहरूले ठुलो परिमाणमा रोजगारीका अवशरहरूको श्रृजना गरिरहेका छन् । उक्त उद्योगहरूले निर्यातयोग्य सामाग्रीहरूको उत्पादन गर्नुका साथै निर्यातमा समेत सहयोग गरिरहेका छन् । यस पालिका भित्र दाल, चामल तथा किराना पसल, लत्ता कपडा पसल, माछा मासु पसल, भॉडाकुँडा पसल, सुनका गहना पसल समेतका ४७३९ वटा पसल व्यवसाय सञ्चालनमा रहेको अवस्था छ भने पर्यटन विकसमा समेत सहयोग पुऱ्याउने चिया खाजा समेतका साना तथा मझौला स्तरका समेत गरी कुल ८२६ वटा होटल व्यवसाय सञ्चालनमा रहेका छन् । यसै गरी आर्थिक विकासमा योगदान दिने गरी ३५ वटा बैंक वित्तीय संस्था, ३ वटा लघुवित्त संस्था साथै बचत तथा ऋण सहकारी संस्था २६ वटा, बहुद्धेशीय सहकारी संस्था १३ वटा र कृषि सहकारी संस्था २० वटा सञ्चालनमा रहेको अवस्था छ ।

४.४.२ समस्या तथा चुनौती

४.४.२.१ समस्या

उद्योगको स्थापना र विकासकालागि पूर्वाधार युक्त औद्योगिक ग्रामको व्यवस्था नहुनु, उद्यमशील सोचको विकस हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योगमा पूँजी परिचालन र लगानी कम हुनु, स्थानीय औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धि, गुणस्तरीय र निर्यातयोग्य हुन नसक्नु, स्थानीय स्तरमा हुने लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पूँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजना गराउन निजी क्षेत्रले नेत्रीत्व लिन नसक्नु, औद्योगीकिकरणमा नविन प्रविधि र उपकरणहरूको प्रयोगमा कमि हुनु, अल्पकालिन मुनाफाकालागि आयात व्यापारमा व्यवसायीहरू आकर्सित हुनु साथै सर्वजनिक, निजी तथा सामुदायिक र सहकारी साझेदारीले मुर्तरुप लिन नसक्नु, ठुला उद्योग, मझौला उद्योग, घरेलु उद्योग

तथा लधु उद्योग सम्बन्धी नितिगत स्पष्टता नहुनु , घरेलु तथा लधु उद्यमहरूलाई संरक्षण गर्ने कार्यक्रमहरू स्थानिय स्तरबाट संचालन नहुनु, नगरपालिकामा घरेलु तथा लधु उद्यम शाखा स्थापना नहुनु , लधु उद्यमका लागि कर्जा प्रकृया झन्झाटिलो हुनु , उद्यम तथा उद्यमशिलता विसका र प्रवर्द्धन सम्बन्धी प्रयाप्त तालिमहरूको व्यवश्था नहुनु उद्योग धन्दाको विकासमा देखिएका मुल समस्याहरू रहेका छन् ।

उपभोग्य सामाग्रि र विलासिताका समानको माग उच्च हुनु साथै यसलाई धान्नेगरी आन्तरिक उत्पादन बढ्न नसक्नु, कृषि क्षेत्रलाई यान्त्रीकरण, औद्योगीकरण तथा व्यवसायीकिकरण गर्न नसकेका कारण यस क्षेत्रको उत्पादन क्षमतामा अपेक्षकृत बढोत्तरी हुन नसक्नु, कृषि जन्य बस्तुको आयतमा दिन प्रतिदिन बृद्धि हुँदै जानु, स्थानीय उत्पादन श्रृंखलामा अग्र र पृष्ठ सम्बन्ध स्थापित तथा विकास हुन नसक्नु, तुलनात्मक लाभ र प्रतिस्पर्धि क्षेत्रका बस्तु तथा सेवाका क्षेत्रको अपेक्षित विकास र मूल्य अभिबृद्धि हुन नसक्नु, औद्योगिक लगानी भन्दा आयात व्यापारमा लगानी आकर्सित हुनु जस्ता समस्या रहेका छन् ।

अत्यावश्यक बस्तु तथा सेवा सहज रुपमा उपलब्ध हुन नसक्नु, खाद्य पदार्थमा हुने मिसावट, ठगी, कालोबजारी, कार्टेलिङ र सिन्टिगेट जस्ता विकितिका कारण स्थानीय बजारमा कृतिम अभाव सिर्जना हुनु, अनावश्यक रुपमा अनुपयुक्त समयमा मूल्य बृद्धि हुनु, खाद्य भण्डार तथा चिस्यान केन्द्रको अभाव रहनु, नगरपालिकाको भौतिक तथा संस्थागत क्षमता अपेक्षाकृत सुधार भइ नसक्नु, नगरपालिका क्षेत्रमा उत्पादन हुने अतिरिक्त खाद्य बस्तुको सङ्कलन, भण्डारण र निकासिकालागि उचित व्यवस्थापन गर्ने निर्यात प्रवर्द्धनको उपयुक्त सम्यन्त्रको विकास भई नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रुपमा देखिएका छन् ।

४.४.२.२ चुनौती

नगरपालिका क्षेत्र भित्र पूर्वाधारयुक्त औद्योगिक ग्रामको स्थापना र विकास गर्न, छरिएर रहेका लघु, घरेलु तथा साना उद्योगलाई औद्योगिक ग्राम भित्र लैजान, औद्योगिक विकासमा लगानीमैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धि क्षमताका साथ लगानी आकर्षण गर्न, ठुला उद्योगहरूमा स्थानिय कामदारहरूलाई रोजगारिको सुनिस्चितता गर्न साथै विश्वव्यापिमकरणले सिर्जना गरेको द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झोता बमोजिमका मापदण्ड पुर गरी पालिका स्तरमा उत्पादन भएको औद्योगिक उत्पादनलाई विश्व बजारमा प्रवेश योग्य गुणस्तरको बनाउन चुनौती रहेको छ । व्यापारिक क्षेत्रको हकमा पूर्वी क्षेत्रभित्र विकसित हुँदै गरेका अन्य व्यपारिक हवहरू सँग सहज प्रतिस्पर्धाको वातारण श्रृजना गर्न, स्थानीय उत्पादनको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी सहज रुपमा व्यापार क्षेत्रमा प्रवेश गर्न, स्थानीय स्तरमा रहेका लघु तथा घरेलु उद्योग बाट उत्पादिन बस्तुमा मापदण्ड बमोजिमको लेवलिङ, ब्राडिङ गरी गुणस्तरीयता बृद्धिका साथ विश्व बजारमा सहज प्रवेशको वातावरण तयार पार्न, यातायात पूर्वाधारको अभावका कारण माग बमोजिम बजर सम्म बस्तुको पहुँच नियमित र प्रभावाकारी रुपमा स्थापित गर्न समेत चुनौती रहेको छ । यसै गरी नियमित र प्रभावकारी रुपमा बजारको अनुगमन गरी उपभोक्ताको हित संरक्षण गर्न, कृतिम अभाव, चुहावट, अस्वभाविक मूल्य बृद्धि, कार्टेलिङ र सिण्टिकेटको अन्त्य गर्न, दैनिक उपभोग्य बस्तुको सहज आपुर्ति र खाद्य सुरक्षाको प्रत्याभुति कायम राख्न समेत चुनौतीको रुपमा रहेकाछन् ।

४.४.३ संभावना तथा अवसर

नगरपालिकाका सवै वडामा सडक सञ्जाल निर्माण हुँदै जानु, पूर्वी क्षेत्रको मुख्य व्यपारिक नाकाको रुपमा स्थापित रहनु, पूर्वी पहाडका उत्पादनहरूको मुख्य बजारको रुपमा थप विकसित हुँदै जानु, निर्यात प्रवर्द्धनकालागि भारतिय बजारसँग नजिक हुनु, स्थानीय स्तरमा उत्पिदिन कृषि तथा पशुपन्छी जन्य उत्पादनलाई औद्योगिक उत्पादनको कच्चा पदार्थको रुपमा प्रयोग गर्न सक्ने अवस्था रहनु, आर्थिक विकासको एजेण्डा सवैको साझा प्रतिवद्धताको विषयको रुपमा स्थापित हुनु, लचिलो श्रमनीति तथा संघीय र प्रदेश सरकार एकद्वार प्रणाली प्रति प्रतिवद्ध रहनु, नेपाल अन्तराष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूमा आवद्ध रहनु, तीनै तहका सरकार बाट लगानीमैत्री वातावरणकालागि नीति तथा कानूनको निर्माण गर्ने कार्यले तिव्रता पाउनु, स्वदेशी तथा विदेशी व्यापारलाई सन्तुलित अवस्थामा राख्ने प्रयास हुनु, रोजगार योग्य जनसंख्या नगरभित्रै उपलब्ध रहनु, देशभित्रै उत्पादित बस्तुको उपयोगमा तीनै तहका सकारको चासो र सरोकार रहनु, पालिका स्तरमा व्यारिक क्षेत्रको

विकास क्रमिक रुपले विस्तार हुँदै जानु, विगतको तुलनामा खाद्य तथा पोषण सचेतनामा अभिबृद्धि भई स्थानीय र प्राङ्गरिक उत्पादनका बस्तुहरू प्रति उपभोक्ताको रुची बृद्धि हुँदै जानु, संघीय तथा प्रदेश सरकारले स्थानीय तहको क्षमता अभिबृद्धि गरी कृषि उत्पादनमा आत्म निर्भर हुने नीति अवलम्बन गर्नु, तीनै तहका सरकार आपुर्ति अनुगमनमा अग्रसर रहनु साथै उपभोक्ताको हक हित संरक्षणको जिम्मेवारी स्थानीय सरकारको जिम्मामा रहनु, देशका विभिन्न स्थानमा प्राङ्गरिक मल उत्पादन गर्ने उद्योगहरू स्थापित हुँदै जानु, यस पालिकामा समेत प्राङ्गरिक मलको उत्पादन र उपयोगमा स्थानीय कृषकको अभिरुची बृद्धि हुँदै जानु यस क्षेत्रको विकासका संभावना र अवसरको रुपमा रहेका छन् ।

४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

४.४.४.१ लक्ष्य

योजना अवधि भित्रमा थप २०० वटा घरेलु तथा साना उद्योगहरूको दर्ता तथा संचालन, ६५०० पसल तथा व्यवसाय गरि साथै व्यापार व्यवसायको क्षेत्रको विकास बाट थप ३५०० जनालाई रोजगार उपलब्ध गराउने । घरेलु तथा लघु उद्यम र व्यापार व्यवसायका क्षेत्रहरू पहिचान गरि उक्त क्षेत्रहरूमा उद्यमशिलता र व्यापार, व्यवसाय र निर्यात प्रवर्द्धन तालिम प्रदान गरी वर्तमान निर्यातको अवस्थालाई सत प्रतिसत बृद्धि गर्ने

४.४.४.२ उद्देश्य

१. साना तथा निम्न आय भएका परिवारहरूलाई लधु तथा घरेलु उद्योग कार्यक्रममा समावेश गरि रोजगारी श्रृजनाका साथ आय बृद्धि गर्ने ।
२. नगरपालिका क्षेत्र भित्र खाद्यान्न, आधारभुत उपभोग्य बस्तु र तुलनात्मक लाभको बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरी निर्यात योग्य क्षमतको विकास गर्ने
३ उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानीमैत्री वातावरणको विकास गरी पालिका स्तरमा उत्पादिन बस्तु तथा सेवाको राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य श्रृङ्खलामा आवद्धता स्थापित गर्ने
४. नगरपालिकाबासिलाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नु, सवै प्रकृतिका उपभोग्य बस्तुको सहज र पर्याप्त आपुर्तिको व्यवस्था मिलाउनु साथै बजार प्रणालीलाई उपभोक्ता मैत्री र जिम्मेवार बनाउनु

४.४.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ४.१ र ४.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	औद्योगिक, व्यापारिक तथा सहज आपुर्ति व्यवस्थापन र विकासकालागि नीतिगत व्यवस्था, संस्थागत तथा प्रकृयागत सुधारका साथ आवश्यक स्थानीय ऐन कानून निर्माण गरी कार्यान्वनयमा ल्याउने	• उद्योग, व्यापार तथा व्यवसायको तथ्याङ्क अध्यावधिक गर्ने साथै नगरपालिका स्तरीय औद्योगिक तथा व्यापारिक विकास र प्रवर्द्धन ऐनको निर्माण गरी कार्यान्वयन गर्ने • अनौपचारिक क्षेत्रको कारोवारलाई औपचारिक क्षेत्र अन्तरगत ल्याई गणनायोग्य बनाउने • उद्योग तथा व्यापार क्षेत्रको विकसकालागि सम्बन्धित उद्योगि तथा व्यवसायीलाई व्यवस्थापकीय ज्ञान र शिप प्रदान गरी व्यवसायिक क्षमता विकास गर्ने • नगरपालिका क्षेत्र भित्र लघु, घरेलु तथा साना उद्योगको स्थापना र विकासमा साथै संरक्षण र सम्बर्द्धन गर्न साथै उत्पादित बस्तुको बजारीकरण, रोजगारी सिर्जना र गरिवी निवारण जस्ता कार्यमा संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार सँग सहकार्य गर्ने

		• लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने • विद्युतीय पुर्वाधारको विकास गरी औद्योगिक उत्पादनको लागत न्यूनिकरण गर्ने
२	औद्योगिक विकास गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याउने	• औद्योगिक विकास र बिस्तारलाई प्रमुख प्राथमिकतामा राखि औद्योगिक विकास गुरु योजना तयार गरी कार्यान्वयन गर्ने • स्थानिय स्तरमा उद्योग दर्ता प्रकृयालाई सहज र सरल बनाउने
३	आवश्यक न्यूनतम र आधारभुत सुविधा सहितको औद्योगिक ग्रामको निर्माण विकास गरी उद्योगको स्थापना, विकस र व्यवस्थापन बाट औद्योगिक उत्पादनको विविधिकरण गर्ने साथै स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विकासमा सार्वजनिक-निजी-सहकारी सहकारीमा लगानी परिचालन गर्ने व्यवस्था मिलाउने	• औद्योगिक ग्राम तथा वडा स्तरीय पकेट औद्योगिक ग्रामको स्थापनाकालागि क्षेत्र निर्धारण गर्ने • रोजगारमुलक ठूला उद्योगहरूको स्थापना र विकासमा सहुलियत पूर्ण मापदण्ड निर्धारण गरी विशेष आकर्षण गर्ने • निर्धारित औद्योगिक ग्राममा विद्युत, सडक, खानेपानी लगायतका पूर्वाधारको व्यवस्थापन गरी उद्योगको स्थापना र सञ्चालन गर्ने सुरक्षित वातावरण तयार गर्ने • औद्योगिक ग्राम कार्यान्वयनमा नआउँदका बखत सम्म सम्भाव्य बजारमा दुग्ध पदार्थ प्रशोधन केन्द्रको स्थापना र विकास गर्ने • पशुबधस्थालः स्वस्थ र सुरक्षित मासु उत्पादन र बिक्रि बितरणकालागि सुरक्षित स्थानको पहिचान र छनौट गरी पशुबधस्थाल तथा बिक्रि कक्षहरूको निर्माण गरी वा गराई सुरक्षित र स्वस्थ मासु उत्पादन तथा बिक्रि बितरणको सुनिस्चितता गर्ने • पशु पालन स्थलमा गोवरग्याँस प्लान्ट स्थापना गरी उर्जाको समेत व्यवस्थापन गर्ने • बिभिन्न स्थानमा छरिएर रहेका उत्पादनमुलक कुटिर, घेरलु तथा साना उद्योगलाई औद्योगिक ग्राममा स्थानान्तरण कालागि प्रोत्साहान गर्ने • निस्चित मापदण्ड तयार गरी रोजगारमुलक, अधिक मात्रामा स्थानीय कच्चा पदार्थको प्रयोग गरी निर्यातमुखि र गुणस्तरीय उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने उद्योगकालागि ५ वर्ष सम्म स्थानीय कर तथा राजश्वमा ५० % छुट सहित आवश्यक सहुलियत प्रदान गर्ने साथै सम्बन्धित उद्योगिलाई विशेष सम्मान प्रदान गर्ने • फलफूल, दुग्ध पदार्थ तथा मासु जन्य परिकार वनाउने उद्योग सञ्चालनकालागि साझेदारी कार्यक्रम सञ्चालन गर्ने • लधु तथा घरेलु उद्योग उद्यमशिलता तालिमहरू संचालन गर्ने • प्रतिस्पर्धि क्षमता र तुलनात्मक लाभ भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विकासमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा लगानी गर्ने वातावरण विकास गर्ने

४	व्यापार क्षेत्रको पूर्वाधार विकास र व्यवास्थापन बाट आपुर्ति व्यवस्थालाई पर्याप्त, गुणस्तरीय र उपभोक्ता मैत्री बनाउने	• औद्योगिक उत्पादनको सहज बजारिकरणकालागि आवश्यक सहयोग गर्न निजी क्षेत्रको समेत सहभागितामा **<u>विर्तामोड निर्यात तथा विकि प्रवर्द्धन केन्द्रको</u>** स्थापना, विकास र सञ्चालन व्यवस्थापन गर्ने • स्थानीय बाजर केन्द्रहरूको न्यूनतम भौतिक पूर्वाधार निर्माण विकास गर्ने • आधुनिक र अत्याधुनिक प्रविधिको खोजी र व्यापार विस्तारकालागि नगरपालिकाले विशेष दुतको भुमिका निर्वाह गर्ने • बजार सूचना सञ्जालको स्थापना र व्यवस्थापन गर्ने • पुरानो बजारको रुपमा स्थापित भई बिद्यामान अवस्था सम्म सञ्चालनमा रहेका बजार केन्द्रहरूलाई प्राथमिकताका आधारमा स्याटलाईट स्मार्ट ग्रामिण बजारको रुपमा निर्माण बिकास सहितको दिगो व्यवस्थापनकालागि जग्गाको व्यवस्थापन साथै सुविधा सम्पन्न एकीकृत बजार सेडहरू, खानेपानी, शौचालय, प्रतिक्षालय लगायतका आवश्यक पूर्वाधार निर्माण गर्ने • आवश्यक जग्गा जमिनको व्यवस्थापन सहित खाद्य प्रशोधन केन्द्र, खाद्य भण्डर तथा चिस्यान केन्द्रहरूको निर्माण विनकासदगर्ने • नगरपालिकाबासीलाई कम्तिमा ३ महिनाको आवश्यकता धान्ने गरी खाद्य पदार्थ (धान, चामल, गहुँ, मकै तथा दालहन आदी) को भण्डारणको व्यवस्था गर्ने • कोल्ड स्टोरेज, एकीकृत सपिङ सेन्टर, खरिद विकि केन्द्र जस्ता पूर्वाधार निर्माणकालागि निजी क्षेत्र तथा साझेदार र सहयोगी सस्थालाई विशेष सहुलियत प्रदान गर्ने • सार्वजनिक निजी साझेदारी, सामुदायीक निजी साझेदारी, सार्वजनिक सामुदायीक निजी साझेदारी जस्ता विधि र प्रकृयालाई विशेष प्राथमिकतामा राखि कार्यविधि समेत निर्माण गर्ने • निजी क्षेत्र बाट प्रवर्द्धित हुने र भएका आर्थिक विकास सँग सम्बन्धित विषयगत क्षेत्रलाई विशेष सहुलियत र सुविधा उपलब्ध गराउने
५	पालिका स्तरमा रहेका तुलनात्मक लाभ र प्रतिस्पर्धि क्षमताका बस्तु तथा सेवाहरूको थप पहिचान गरी उत्पादन र उत्पादकत्व अभिबृद्धिका साथ आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनको कार्यमा नेत्रीत्व प्रदान गर्ने	• निर्यात व्यापार अभिबृद्धि गर्न अन्य पालिका, प्रदेश तथा संघीय सरकार सँग समन्वयात्मक कार्यप्रणालीको बिकास गर्ने • पालिका स्तरमा सम्भावना रहेका उच्च मूल्य अभिबृद्धि हुने कृषि तथा पशुपन्छी जन्य उत्पादनको निर्यात प्रवर्द्धनकालागि पालिका स्तरीय निर्यात प्रवर्द्धन केन्द्र सञ्चालनमा ल्याउने • प्रत्यक्ष रुपमा स्थानीयबासिको स्वास्थ्यमा असर गर्ने प्रकृतिका खाद्य तथा पेय पदार्थ साथै जीवजन्तुको स्वस्थ्यमा असर गर्ने बस्तुको आयातलाई निरुत्साहित गर्ने • व्यापार पूर्वाधार विकासकालागि निजी क्षेत्र सँग सहकार्य गर्ने

		• सूचान प्रविधिको उच्चतम प्रयोग गरी पालिका क्षेत्र भित्रको व्यापार व्यवसायको बढोत्तरीमा योगदान पुऱ्याउने साथै उत्पादित बस्तुहरूको बजारिकरणमा सहजिकरण गर्ने
६	उद्योग तथा व्यापार व्यवसायका क्षेत्रमा लगानीको सुनिस्चिताकालागि स्थानीय बैंक, वित्तीय संस्थ साथै सहकारीहरू सँग समन्वयात्मक साझेदारी विकास गरी वित्तीय पहुँच स्थापित गर्ने तथा प्रवर्द्धनात्मक कार्य गर्ने	• उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनकालागि आवश्यक पूँजीको विकास र व्यवस्थपन गर्न बैंक, वित्तीय संस्था साथै सहकारीहरूलाई कृयाशिल गराउने • लधु तथा घरेलु उद्योगहरूलाई वित्तिय संस्थाहरूसँग सहज पहुँचका लागि नगरपालिकाले सहजिकरण गर्ने • नयाँ प्रविधिको प्रयोग, तोकिएको गुणस्तर कायम, व्यवसायिक किसान र महिला उद्यामीलाई सहुलियत, वित्तीय उत्प्रेरणा र सहजीकरण, निर्माण सामाग्रिको सहज आपुर्ति, कच्चा पदार्थको उपलब्धता, बजार सञ्जालको विकास र विस्तार जस्ता कार्यकालागि नगरपालिकाले मध्यस्थकर्ता र संरक्षकको भूमिका निर्वाह गर्ने
७	उद्योग, व्यापार क्षेत्रको विकास र विस्तार साथै आपुर्ति व्यवस्थापनकालागि पुरस्कार, प्रत्साहन तथा दण्ड जरिवानाको व्यवस्थाका साथ नियमन प्रणालीको दिगो आधार निर्माण गर्ने	• स्थानीय उत्पादनको विकास, भण्डारण र बजारिकरणका क्षेत्रमा योगदान पुऱ्याउने उद्योगी तथा व्यापारीलाई योगदान मापन सूचकका आधारमा प्रोत्साहन युक्त कार्यक्रम सञ्चालन गर्ने • न्यूनतम ९० प्रतिसत सम्म स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य बस्तु उत्पादन गर्ने उद्योगमा नयाँ प्रविधि अपानाउन र उत्पादन प्रकृयामा सुधार गर्न प्रोत्साहन सहितका कार्यक्रम सञ्चालन गर्ने • स्थानीय उत्पादनको पहिचान, विभिदिकरण र बजारीकरणकालागि बर्षमा एक पटक निजी क्षेत्र सँगको सहकार्यमा प्रदर्शनी मेलाको आयोजना गर्ने • निर्यात योग्य स्थानीय बस्तुको ब्राण्ड दर्ताकालागि सहजिकरण र आवश्यक सहयोग गर्ने • कालोबजारी, एकाधिकार, कृत्रीम अभाव सिर्जना गर्ने कृयाकलापमा सम्लग्न उद्योगी, व्यापारी तथा उद्योग साथै व्यापारिक प्रतिष्ठनलाई कानून अनुसार सुधारात्मक नीति लिने साथै सो नभएमा दण्ड जरिवानाको व्यवस्था गर्ने • प्रचलित संघीय तथा प्रादेशिक कानून साथै स्थानीय कानून समेतका आधारमा उपभोक्ता हित संरक्षण र सम्बर्द्धनका क्षेत्रमा सरोकारवालाको सहभागितामा नियमित अनुगमन तथा मूल्याङ्कन गरी नियन्त्रणात्मक पद्धतिलाई भरपर्दो र विश्वासिलो बनाउने । • उपभोक्ता हित संरक्षणका क्षेत्रमा संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकाय सँग समन्वय विस्तार गर्ने

४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ४.३ मा समावेश गरिएको छ ।

४.४.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

नगरक्षेत्र भित्र कृषि तथा गैरकृषि क्षेत्रका थप ठुला, साना तथा घरेलु उद्योगहरू स्थापना भै संचालनमा आएका हुनेछन् । ठुला उद्योगहरूले स्थानिय स्तरमा रोजगारीका अवशरहरू निर्माण गर्नेछन् भने साना तथा लघु उद्यमहरूले स्वरोजगारीका अवशरहरूको निर्माण गर्नेछन् । योजना अवधि भित्र थप २०० साना तथा घरेलु उद्योगहरू दर्ता तथा व्यापार व्यवसायका क्षेत्रमा ३० प्रतिसतको बढोत्तरी भई थप २००० जनामा रोजगारीको श्रृजना भएको हुनेछ ।

४.४.५.२ नतिजा/सूचक

१. उद्योग, व्यापार तथा आपुर्ति व्यवस्थापकालागि आवश्यक स्थानीय निती तथा कानून तर्जुमा भई पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ साथै सम्भाव्य सवै वडाहरूमा साना तथा मझौला पकेट औद्योगिक ग्राम समेतको स्थापना र विकास हुने क्रमको सुरुवात भएको हुनेछ ।

२. स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थ, स्रोत साधन र सीपमा आधारित लघु, घरेलु तथा साना लगायतका उद्योगहरूको स्थापना र सञ्चालन हुनुको साथै स्थान अभाव र न्यूनतम औद्योगिक पूर्वाधार नभएका कारण अब्यवस्थित रुपमा सञ्चालना रहेका लघु, घरेलु तथा साना उद्योगहरूको व्यवस्थपन भएको हुनेछ

३. पालिका स्तरीय निर्यात प्रवर्द्धन केन्द्रको स्थापना भई निर्यातयोग्य बस्तुको उत्पादनमा बढोत्तरी हुनुको साथै वर्तमानमा रहेको निर्यात कारोवारको मात्रामा सत प्रतिसत बृद्धि भएको हुनेछ ।

४. उपभोक्ता हित संरक्षण समेतका कार्य बाट कालोबजारी, कार्टेलिङ, एकाधिकार, मिसावट जस्ता गम्भिर प्रकृतिका कृयाकलाप पूर्णत निरुत्साहित भएको हुनेछ ।

५. नगरक्षेत्रभित्र सञ्चालनमा रहेका ठुला, मझौला, साना, घरेलु तथा लघु उद्योगहरू साथै व्यापार व्यवसायको तथ्यांक सङ्कलन तथा अध्यावधिक भई उक्त क्षेत्रमा कार्यरत दक्ष तथा अदक्ष कामदारहरूको विवरण प्राप्त भएको हुनेछ ।

६. रोगजारदाताहरूको माग र आवश्यकता अनुसार कामदारहरूलाई आवश्यक शिप तथा तालिमको व्यवश्था गरि स्थानिय व्यक्तिहरूलाई रोजगारको सुनिश्चितता गएिको हुनेछ ।

७. आन्तरिक आयमा उद्योग व्यवसाय क्षेत्रको उल्लेख्य योगदान र हिस्सा रहनुको साथै नगरपालिकाको कुल आन्तरिक आयको न्यूनतम ५० % योगदना नियमित रुपमा यसै क्षेत्रबाट पुरा भएको हुनेछ

४.४.६ अनुमान तथा जोखिमपक्ष

औद्योगिक ग्राम तथा उद्योगहरूको स्थापना, व्यापार व्यवसाय सञ्चाल व्यवस्थापनकालागि जग्गा जमिन, पूर्वाधार, स्रोत र साधनको पर्याप्तता रहेको हुनेछ । ऐन कानूनको सरलिकरण साथै प्राकृतिक प्रकोपको प्रभाव कम रहेको हुनेछ ।

४.४.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	उद्योग, व्यापार तथा आपुर्ति	• नगरसभाको निर्णय पुस्तिका • नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • आर्थिक विकास शाखा • सम्बन्धित उद्योगि, व्यापारी, औद्योगिक, व्यापारिक तथा	• जग्गा जमिनको अभाव • स्रोत र साधनको अभाव • सहयोगी तथा

		पुस्तिका ● स्थलगत अवस्था ● आर्थिक विकास शाखाका अभिलेख ● नगरपालिकाको वएभसाईट ● विषयगत समितिको निर्णय तथा अभिलेख ● सञ्चारका श्रोत	व्यवसायिक प्रतिष्ठान **२. सहयोगी** ● सम्बन्धित वडा समितिको कार्यालय ● संघीय तथा प्रदेश सरकार ● विकास साझेदार ● स्थानीय सरकोकारवाला ● उपभोक्ताबादी संघ संस्थाहरू ● उपभोक्ता ● टोल विकास वा सामुदायिक संघ संस्था ● निजी क्षेत्र तथा समुदाय	साझेदार संघ संस्था ● प्रविधि तथा उपकरणको अभाव ● निर्माण समाग्रि ● प्राकृतिक प्रकोप ● विद्यमान ऐन कानून ● विद्युत आपुर्ति ● स्थानीय सञ्चारका श्रोत ● नेट ईन्टरनेटको अभाव

४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

४.५.१ पृष्ठभूमि

श्रम शक्ति नेपालको अर्थतन्त्र विकासको प्रमुख क्षेत्रको रुपमा स्थापित रहेको छ । श्रम बजारको आवश्यकता बमोजिम शिपमुलक श्रम शक्तिको विकास र व्यवस्थापन बाट गरिवी निवारण र आर्थिक विकासका बहुआयामिक क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी अर्थतन्त्रको दरिलो आधार निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । उत्पादनमुलक रोजगारी सिर्जना गरी स्थानीय स्तरमा उपलब्ध यूवा श्रम शक्तिको उपयोग मार्फत विर्तामोड नगरपालिकाको कृषि, पशुपालन, उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता उत्पादन र सेवाका क्षेत्रमा उपयोग तथा सम्लग्न गर्न सके पालिकाको समृद्धि निर्माणमा आधारित अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा सकारात्मक योगदान पुग्न जान्छ । तीनै तहका सरकारको संयुक्त र एकताबद्ध प्रयास बाट व्यवस्थित, दिगो र सुरक्षा प्रत्याभुति सहितको आन्तरिक रोजगारी श्रृजना गरी बैदेशिक रोजगारीलाई निरुत्साहित गर्नु पालिका, निजी क्षेत्र, स्थानीय समुदायको साझेदारी विकास गर्न आवश्यक छ ।

वर्तमान संबिधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गर्नु, दक्ष र व्यवसायिक श्रम शक्तिको विकास गरी श्रमिक र उद्यमीवीच सुसम्बन्ध कायम गर्ने, बैदेशिक रोजगारी बाट आर्जित पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उपयोग गर्ने र सवैकालागि मर्यादित कामको अवसर सुनिस्चित गर्ने, समान कामकालागि समान ज्यालाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको हैसियतमा स्थानीय सरकारलाई दिने जस्ता नीति आफैमा श्रम शक्ति संरक्षण र प्रयोगकालागि महत्वपूर्ण उपलब्धिका रुपमा रहेका छन् । नेपालमा प्रत्येक बर्ष करिव ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् भने दैनिक रुपमा १००० यूवा बैदेशिक रोजागरीकालागि विदेशिने गरेको अवस्था छ । बैदेशिक रोजगारी बाट प्राप्त विप्रेशणले कुल गार्हस्थ्य उत्पादनको २५.४ प्रतिसत हिस्सा ओगटेको छ । कमजोर नियमन र निरिक्षण प्रणालीका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गई स्वदेशि श्रमिक विस्तापित भै रहेको अवस्था छ । वर्तमान श्रम शक्तिको ३६.५ प्रतिसत मात्र औपचारिक क्षेत्रमा सम्लग्न रहेको देखिन्छ भने बेरोजगारी दर ११.४ प्रतिसतको हाराहारिमा रहेको छ ।

विर्तामोड नगरभित्र हाल पूर्ण बेराजगारको संख्या बढ्दै गएको र उपलब्ध रोजगारी न्यून रहेको छ । कृषिमा लुप्त बेरोजगारी उच्च बन्दै गएको छ । शैक्षिक बेरोजगार उच्च बन्दै जादा बिदेशीने प्रवृति बढ्दै गरेको अवस्था छ । नगरभित्र रहेका विभिन्न प्लाइ उद्योग एवम् निर्माण क्षेत्र लगायतहरूमा दक्ष भारतीय नागरीकहरू कार्य गर्दे आएका छन् । हाल कृषि तथा पशुपालन क्षेत्र र केही लधु उद्यमहरूले रोजगारीका अवशरहरू निर्माण गरेतापनि यी क्षेत्रहरू पूर्ण रोजगार उत्पादनका क्षेत्रहरू हुन सकेका छैनन । कृषि तथा पशुपालनका क्षेत्रहरूमा युवाहरूको आकर्षण रहेता पनि राज्यको नितिगत कारणले

यी क्षेत्रहरू रोजगारकालागि आकर्षक क्षेत्र हुन पुगेका छैनन् भने स्थानीय कानूनको अभावका कारण नगरपालिकाले समेत आवश्यक नियमन र व्यवस्थापन गर्न सकिरहेको छैन ।

४.५.२ समस्या तथा चुनौती

४.५.२.१ समस्या

रोजगार सम्बन्धी गुरु योजना निर्माण नहुनु, बेरोजार संख्या एवम् उपलब्ध रोजगारी सम्बन्धमा एकीकृत र वास्तविक विवरण अभाव, बस्तुगत विवरण स्वतह अध्यवधिक हुने प्रणालीको अभाव, रोजगारीका क्षेत्र र स्थान साथै श्रमप्रतिको सम्मानको कमि, उद्यमसिलताको विकास र विस्तारमा न्यूनता, रोजगार प्रवर्द्धन र उत्पादनशिल रोजगारीको अपर्याप्तता, बैदेशिक रोजागरी बाट प्राप्त सीप र पूँजीको न्यून परिचालन, बिभिन्न प्रकृतिका बालश्रमको विद्यमानता, रोजगारमैत्री लगानीलाई प्रोत्साहन र संरक्षणको अभाव, सूचना प्रणाली र श्रम प्रशासन प्रभावकारी हुन नसक्नु वर्तमान श्रम तथा रोजगार क्षेत्रका समस्याका रुपमा रहेका छन् । उपलब्ध रोजगारीहरूमा अदक्षताका कारण स्थानीय नागरीकलाई प्रयोग गर्न नसक्नु, नारा एवम् घोषणापत्रमा उच्च प्राथमिकता रहेको रोजगारी व्यवहारमा नगण्य बजेट छुट्टीनु, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थीत एवम् मर्यादित बनाउन बजेट, नीति तथा कार्यक्रम नहुनु , स्थानीय रोजगारी नितिको अभाव, आवश्यकता बमोजिम तालिम प्राप्त नभइ एउटै व्यक्तिले पटक पटक विभिन्न तालिम लिई पनि स्वरोजगारमा संलग्न नहुनु, वास्तवीक लाभग्राही छनोट हुन नसक्नु, नगरसँग बेरोजार संख्या एवम् उपलब्ध रोजगारी सम्बन्धमा एकीकृत विवरण नहुनु

४.५.२.२ चुनौती

श्रम तथा रोजगार सम्बन्धी सम्बैधानिक हकको कार्यान्वयन गर्न, उद्योग तथा कलकारखाना स्थापना गर्न र उद्योगिक ग्रामको स्थापना गर्न आवश्यक पर्ने जग्गाको सहज व्यवस्थापन गर्न, प्रदेश र संघबाट छरिएर आएका कार्यक्रमहरूबीच समन्वय गर्न रोजगारीका क्षेत्रको पर्याप्त विकास र विस्तार गर्न, बैदेशिक रोजगारी प्रतिको आकर्शण न्यून गर्न, सुरक्षित र भरपर्दो श्रम बजार विकास गर्न, अनौपचारिक क्षेत्रमा रहको रोजागारीलाई औपचारिक क्षेत्रमा ल्याउन, शिक्षालाई व्यवहारिक र रोजगारमैत्री बनाउन, बैदेशिक रोजागरी बाट प्राप्त पूँजीको पूर्ण र भरपर्दो उपयोग गर्नु, आधुनिक प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा सदुपयोग गर्नु चुनौतीको रुपमा रहेका छन् ।

४.५.३ संभावना तथा अवसर

संघीय स्तरमा श्रम शक्तिको पूर्ण सुरक्षाकालागि श्रम, सामाजिक सुरक्षा र रोजगार सम्बन्धी आधारभुत कानून निर्माण भई कार्यान्वयनमा आउनु, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमले विस्तारै आकार ग्रहण गर्दै जानु, अनौपचारिक क्षेत्र क्रमस औपचारिक क्षेत्रमा परिवर्तन हुन ईच्छुक देखिनु, प्रविधिक शिक्षा तथा सीपमुलक तालिम कार्यक्रम तीनै तहका सरकारको प्रथम प्राथमिकता भित्र समेट्नु, श्रम बजारमा न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था हुनु, शैक्षिक बेरोजगार तथा बैदेशिक रोजगारबाट आएको सीपयुक्त व्यक्तिलाई सहुलियत दरमा ऋण उपलब्ध हुने आधार निर्माण हुदै जानु, बालमैत्री स्थानीय शासनको कार्यान्वयन सँगै बालश्रम न्यूनिकरण अभियानले मूर्त रुप लिदै जानु तथा निकृष्ट प्रकारको बालश्रम दर उल्लेख्य रुपमा घट्द्र जानु, नगरपालिकामा रोजगार सूचना केन्द्र स्थापित हुनु, नगरपालिकामा वेरोजगारहरूको अभिलेख सङ्कलन गर्ने कार्यको थालनी हुनु, स्थानीय स्तरमा कृषि, पशुपालनका क्षेत्र क्रमस व्यवसायिक रुप धारण गर्दै जानु, स्थानीय उत्पादनहरू निकासी योग्य अवस्थामा विकसित हुदै जानु साथै स्थानीय स्तरमानै शिक्षित जनशक्तिको उपलब्धता रहनु, वडा वडामा वार्षिक रुपमा क्षमता विकासकालागि बजेट विनियोजन हुने गर्नु, नगर, प्रदेश र संघ बीच साझेदारीमा कार्यक्रम संचालन गरी रोजगारी सिर्जना गर्न सकिने संभावना बढ्दै जानु, निजि क्षेत्रबाट संचालित उद्योग, कलकारखाना, व्यापार र व्यवसायका क्षेत्र सँग सहकार्य गरी थप रोजगारी सिर्जना गर्न सकिने जस्ता अवसर र सम्भावना यस पालिकामा रहेका छन् ।

४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

४.५.४.१ लक्ष्य

नगरभित्रका शैक्षिक एवम् अदक्ष बेरोजगारहरूलाई जीवन जिउन आवश्यक न्यूनतम रोजगारी प्रदान गर्नुका साथै वैदेशिक रोजगारीलाई सुरक्षित र सिप सिकेर मात्र जाने बातावरण सिर्जना गर्ने । औपचारिक क्षेत्रको बढोत्तरी गरी उत्पादनशील क्षेत्रमा रोजगारी अभिबृद्धि गर्दै यस पालिकाको वर्तमान बेरोजगारी दर ७५ प्रतिसतले घटाउने

४.५.४.२ उद्देश्य

१. नगरपालिका क्षेत्र भित्र पर्याप्त रुपमा उत्पादनशील र मर्यादित आन्तरिक रोजागरीका अवसर श्रृजना गरी बेरोजगारी दर घटाउनु साथै सिप सिकेर मात्र विदेश जाने प्रवृतिको विकास गर्नु

२. असल औद्योगिक, व्यापारिक तथा व्यवसायिक श्रम सम्बन्ध स्थापित गर्नु

३. निकृष्ट लगायत सवै प्रकारका बालश्रमको अन्त्य गर्नु

४. श्रमप्रतिको सम्मानमा बढोत्तरी ल्याएर बैदेशिक रोजगारीमा जाने सङ्ख्या घटाउनु

४.५.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ४.१ र ४.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	श्रम तथा रोजगार श्रृजना र व्यवस्थापन सम्बन्धी स्थानीय ऐन तथा कानून निर्माण गरी श्रम बजार र कामलाई मर्यादित र प्रभावकारी बनाउने	• नगरपालिका स्तरीय श्रम तथा रोजगार व्यवस्थपन ऐन तथा कार्यविधि निर्माण गर्ने • पालिका भित्र रहेका बेरोजगार तथा श्रमिकहरूको वास्तविक विवरण अध्यावधिक गर्ने • औद्योगिक, व्यापारिक तथा व्यवसायिक प्रतिष्ठान, उद्योग, व्याषर र व्यवसायका क्षेत्रले स्थानीय श्रमिकहरूलाई रोजगारिका क्षेत्रमा प्रथम अवसर प्रदान गर्ने वातावरण श्रृजना गर्ने साथै नगरपालिकाले समन्वय गर्ने • संस्थागत सञ्जाल समन्वय समितिको निर्माण तथा सञ्चालन कार्यविधि तयार गरी संघीय तथा प्रदेश सरकार सँग समन्वयात्मक कार्यजालो निर्माण गर्ने • गरिव परिवारको पहिचान गरी परिचय पत्र बितरण गर्ने • सम्बन्धित रोजगारदाताले अनिवार्य रुपमा श्रमिक परिचय पत्र दिने व्यवस्था मिलाउने
२	रोजगार कार्यक्रमलाई विस्तार गरी लक्ष्य बमोजिमको न्यूनतम रोजगारीको सुनिस्चितता गर्ने	• प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने • प्रविधिको पहुँच बिस्तार गरी उच्च र प्रविधियुक्त सचेतना तथा रोजगार साथै स्वरोजगार तालिमका कार्यक्रम मार्फत व्यवसायिक कृषि तथा पशुपन्छी पालनमा यूवा यूवतीलाई विशेष सुविधाको व्यवस्था गरी आकर्षण गर्ने • व्यापार व्यवसाय अभिवृद्धिकालागि सम्बन्धित सरोकारवालालाई उत्पादन, व्यवस्थापन र बजारिकरणका विषयमा तालिम प्रदान गर्ने • यस पालिका क्षेत्र भित्र सञ्चालनमा रहका लघु, घरेलु तथा साना उद्योगको क्षमता विकासमा सहयोग गर्ने साथै लगानी अभिबृद्धि गर्ने • औद्योगिक ग्राम भित्र रोजागरमुलक नयाँ उद्योगको स्थापनालाई प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याउने • लघु, साना, मझौला तथा ठूला उद्योग स्थापना र सञ्चालनको सम्भाव्यता अध्ययन गरी

		निजी क्षेत्रलाई आकर्सित गर्ने ● सहकारी संस्थाहरूको व्यवस्थित सञ्चालन तथा विकासकालागि आवश्यकताका आधारमा विभिन्न विषयगत तालिम तथा सुविधा प्रदान गर्ने ● सहकारी सञ्चालन तथा व्यवस्थापन सम्वन्धी नीति र कार्यविधि समेत तयार गरी उनीहरूको पूर्वाधार विकास र क्षमता अभिवृद्धि गर्दै सहकारी उद्योग, सहकारी कृषि तथा पशु पालन व्यवसाय, सहकारी पर्यटन विकास, सुपथ मूल्यका पसल लगायतका सहकारीमा आधारित उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनमा विशेष सहायोग गर्ने ● कृषि सहकारीहरूले निजहरूको स्थापित उद्देश्य बमोजिम नगरपालिकाको समग्र नीति, योजना र कार्यक्रम सँग आवद्ध भई आर्थिक विकासमा सकृय रहने प्रतिवद्धताका साथ कार्यान्वयनमा आउने कृषि सहकारी संस्थालाई पूँजिगत अनुदान सहित प्रोत्साहन गर्ने ● वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्स सदुपयोग गर्न परिवारलाई वित्तिय साक्षरता तथा मनोपरामर्श जस्ता कार्यक्रम संचालन गर्ने
३	विद्यमान तथा अव बन्ने श्रम तथा रोजगार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन मार्फत असल औद्योगिक, व्यापारिक तथा व्यवसायिक श्रम सम्बन्धको विकास गर्ने	● पालिका स्तरमा असल श्रम सम्बन्ध स्थापित गर्न, श्रम विवादलाई सरल माध्यम बाट समाधान गर्न, रोजगारदाता र ट्रेड युनियन विच नियमित सम्बादको वातावरण सिर्जना गर्न सञ्चालन व्यवस्थापन विधि समेत निर्माण गरी **"वितामोड श्रम सामाजिक सम्बाद कार्यक्रम"** सञ्चालन गर्ने ● उद्योग, व्यापार तथा व्यवसायिक प्रतिष्ठानहरूमा श्रमिक मैत्री वातावरण निर्माणकालागि अनुगमन तथा नियमन प्रणालीको विकास गर्ने ● विद्यमान श्रम ऐन समेतका आधारमा अनौपचारीक क्षेत्रमा रहेका श्रम बजारलाई औपचारीक क्षेत्रमा प्रवेश गर्नकालागि सहज वातावारणको सिर्जना गर्ने साथै पालिकाले समन्वयकारी र व्यवस्थापकीय भूमिका निर्वाह गर्ने ● बालमैत्री नगरपालिकाको घोषणा र दिगो व्यवस्थापन बाट सवै प्रकारका बालश्रमको अन्त्य गर्ने ● सिप सिकेर मात्र विदेश जाने प्रवृतिको विकास गर्न कार्यक्रम निर्माण तथा बजेट व्यवस्थापन गर्ने ● औद्योगि, व्यापारिक र व्यवसायिक प्रतिष्ठान तथा संघ संस्था, श्रमिक आवद्ध संघ संगठन समेतको सहयोगमा मापदण्ड निर्माण गरी प्रत्येक बर्ष २ जना महिला र २ जना पुरुष गरी जम्मा ४ जना असल श्रमिकलाई **"वितामोड श्रमिक तारापुञ्ज"** बाट सम्मानित गर्ने साथै रोजगारी श्रृजना र असल श्रम सम्बन्ध कायमा राख्न उत्कृष्ट योगदान गर्ने उद्योगि, व्यापारी तथा व्यवसायी वा तीनसँग आवद्ध प्रतिस्ठानलाई **"वितामोड श्रम सम्बन्ध तारापुञ्ज"** बाट सम्मानित गर्ने

४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ४.३ मा समावेश गरिएको छ।

४.५.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

यस आवधिक योजना अवधि भित्र कृषि, उद्योग, पर्यटन, व्यापार व्यवसाय लगायतका सम्पूर्ण आर्थिक विकास सँग सम्बन्धित कृयाकलापका कारण नगरपालिका क्षेत्रमा रोजगारी तथा स्वरोजगारीको विकास भई वर्तमान निरपेक्ष गरिविको मात्रा ५५ % र समग्र शहरी तथा ग्रामिण गरीवीको मात्रा कम्तिमा ६५ % ले घटेको हुनेछ ।

४.५.५.२ नतिजा/सूचक

१. आवश्यक पालिका स्तरीय ऐन कानून निर्माण भई कार्यान्वयनमा आएका हुनेछन्

२. पालिकामा बसोबास गर्ने गरिव घरपरिवार तथा बेरोजगारहरूको विवरण तथा तथ्याङ्क अध्यावधिक भएको हुनेछ

३. आवधिक योजनाको ५ वर्ष भित्र नगरका ५० प्रतिशत बेरोजगारहरू स्वरोजगार एवम् रोजगारीमा संलग्न भई नगरको अर्थतन्त्रमा सकारात्मक योगदान पुगेको हुनेछ

४. भित्र कम्तिमा थप ५००० प्रत्यक्ष रोजगारी श्रृजना भई बर्तमान समग्र शहरी तथा ग्रामिण गरिवीमा ६५ % ले कमि आएको हुनेछ

४.५.६ अनुमान तथा जोखिम पक्ष

रोजगारीका क्षेत्रहरूको विकास र स्वरोजगारिका क्षेत्रको विस्तार भएको हुनेछ । रोजगारदाता र श्रमिक असल श्रम सम्बन्धाको विकास साथै नगरपालिका सँग असल समन्वय र साझेदारी कायम र दिगो भएको हुनेछ ।

४.५.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	**श्रम, रोजगारी र सामाजिक सुरक्षा**	• नगरसभाको निर्णय पुस्तिका • नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • आर्थिक विकास तथा रोजगार शाखाका अभिलेख • नगरपालिकाको वएभसाईट • विषयगत समितिको निर्णय तथा अभिलेख • सञ्चारका श्रोत	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • आर्थिक विकास/रोजगार शाखा • सम्बन्धित उद्योगि, व्यापारी, औद्योगिक, व्यापारिक तथा व्यवसायिक प्रतिष्ठान साथै श्रमिक तथा श्रमिक सँग सम्बन्धित संघ संगठनहरू **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• स्रोत र साधनको अभाव • सहयोगी तथा साझेदार संघ संस्था • सरोकारवाला संघ संस्थाको निस्कृयता • प्रविधि तथा उपकरणको अभाव • विद्यमान ऐन कानून

तालिका नं. ४.१ कार्यक्रम तथा आयोजना

उद्देश्य नं.	कार्यक्रम तथा आयोजना	एकाई	आधार बर्षको अवस्था	योजना को कुल लक्ष्य	अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा)						प्रति एकाई लागत	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा			
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
१. कृषि तथा पशुपन्छी													
१, ४	कृषि तथा पशुपालनको व्यवसायिकिकरण	सङ्ख्या	व्यवसायीक फर्मको सङ्ख्या १७५	२७५						३६४०००		नगर कार्यपालिका कृषि विकास शाखा सम्बन्धित कृषक तथा कृषि समूह, संघीय तथा प्रदेश सरकार	४.१.४.३ को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
२, ३	रोजगारी श्रृजना	सङ्ख्या	गणना नभएको	२७५०									
२, ३	कृषक तथा कृषक समूहहरूको प्रतिस्पर्धात्मक क्षमता विकास तथा उत्पादनको उत्पादकत्व बृद्धि	प्रतिसत	गणना नभएको साथै गुजारामुखि	७५	७२८००	७२८००	७२८००	७२८००	७२८००				
२. **सिंचाइ**													
१	कृषि योग्य जमिनमा सिंचाई सेवा विस्तार	विघा	४७०० हे.	७२००								नगर कार्यपालिका कृषि विकास शाखा सम्बन्धित कृषक तथा कृषि समूह उपभोक्ता समिति, संघीय तथा प्रदेश सरकार	४.२.४.३ को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
२	बषैभरी सिंचाईको भरपर्दो आधार तयार पार्नु	प्रतिसत	६५	९५									
३	पूर्वाधारहरूको नियमित मर्मत सम्भार	सङ्ख्या	११	१६									
४	भरपर्दो सिंचाई सुविधा मार्फत कृषि उत्पादन र उत्पादकत्व बृद्धि	मे.ट.	गणना नभएको	आधार बर्षमा गणना गरी २०० प्रतिसतले बृद्धि गर्ने	१४९००	२२३५०	२९८००	३७२५०	४४७००	१४९०००			
३. पर्यटन, सँस्कृति तथा सम्पदा													
१, २, ४	नगरपालिकालाई पर्यटन मैत्री सुरक्षित पर्यटन	सङ्ख्या	८५	९४	२८८५०	४३२७५	५७७००	७२१२५	८६५५०	२८८५०		नगर कार्यपालिका	४.३.४.३ को

	केन्द्रको रुपमा विकास									०		आर्थिक विकास शाखा सम्बन्धित पर्यटन क्षेत्रमा कार्यरत व्यक्ति साथै निजी तथा सामुदायिक संघ संस्था, संघीय तथा प्रदेश सरकार	रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
३	पर्यटन पूर्वाधार विकास गरी आन्तरिक र वाह्य पर्यटकको आगमनलाई बढाउनु (वार्षिक)	सङ्ख्या	गणना नभएको	५००००									
४	आन्तरिक कृषि उत्पादनको खपत समेतमा बढोत्तरी गरी	प्रतिसत	गणना नभएको	६०									
५	पर्यटन क्षेत्रको विकास बाट प्राप्त लाभलाई स्थानीयबासीको पहुँच सम्म पुग्न	प्रतिसत	गणना नभएको	८०									
४. उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति													
१	उद्योग, व्यापार, व्यवसायको संख्या (बैक, वित्तीय संस्था साथै सहकारी समेत)	सङ्ख्या	५६९३	२०० घरेलु तथा साना उद्योग, ६५०० पसल तथा व्यवसाय र ३५०० रोजगार	८४७००	१२०८००	१५४४०००	१९०५००	२२१६००	७७२०००		नगर कार्यपालिका आर्थिक विकास/रोजगार शाखा, कृषक तथा पशुपालन समूह, निजी क्षेत्र तथा व्यवसायिक प्रतिष्ठान , बैंक तथा सहकारी, संघीय तथा प्रदेश सरकार	४.५.४.४ को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
१	रोजागरी सिर्जना गर्नु	सङ्ख्या	गणना नभएको										
२	निर्यात योग्य क्षमतको विकास गर्नु	प्रतिसत	गणना नभएको										
३	राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य श्रृङ्खलामा आवद्धता स्थापित गर्नु	प्रतिसत	गणना नभएको										
४	उपभोग्य बस्तुको सहज र पर्याप्त आपुर्तिको व्यवस्था मिलाउनु	प्रतिसत	गणना नभएको										
५.श्रम, रोजगारी र सामाजिक सुरक्षा													
१	बेरोजगारी दर घटाउने	प्रतिसत	२६	१०								नगर कार्यपालिका आर्थिक	४.५.४.५ को रणनीति तथा
२	असल औद्योगिक, व्यापारिक तथा व्यवसायिक श्रम सम्बन्ध	प्रतिसत	गणना नभएको	७५	२०००	२०००	२०००	२०००	२०००	१००००			

	स्थापित गर्नु											विकास/रोजगार शाखा सम्बन्धित उद्योगि, व्यापारी, औद्योगिक, व्यापारिक तथा व्यवसायिक प्रतिष्ठान	कार्यक्रम स्तम्भमा सम्लग्न
३	सबै प्रकारका बालश्रमको अन्त्य गर्नु	संख्या	गणना नभएको	०									
४	बैदेशिक रोजगारीमा जाने सङ्ख्या घटाउनु	संख्या	५९०५	२५००									

तालिका नं.४.२ कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

उद्देश्य नं.	कार्यक्रम तथा आयोजनाको विवरण	स्थानीय दीर्घकालिन लक्ष्य/रणनीतिक स्तम्भ सङ्केत	दिगो विकास लक्ष्य सङ्केत	दिगो राष्ट्रिय लक्ष्य सङ्केत	प्रदेश समृद्धि सङ्केत	लैङ्गिक सङ्केत	जलबायु सङ्केत
१. कृषि तथा पशुपन्छी							
१	कृषि तथा पशुपालनको व्यवसायिकिकरण बाट उत्पादन वृद्धि	४.१.४	८, २	१.३	१.४, ३.४		
१.१	कृषि बाली तथा पशुपन्छी जन्य उत्पादन र विकास सम्बन्धी स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण						
१.२	नश्ल सुधार, उन्नत जातको बिउ विजन तथा यन्त्र उपकरणको प्रयोग बाट कृषि तथा पशुपन्छी पालन व्यवसायलाई आधुनिकिकरण र प्रविधिमैत्री बनाउने						
२	रोजगारी श्रृजना र गरिबी निवारण	४.१.४	१	२.१	२.१		
२.१	कृषि श्रोत केन्द्र, कृषि उपज सङ्कलन केन्द्रको स्थापना र विकास गर्ने, व्यवसायमुलक तालिम तथा सुरक्षित र सुनिस्चित बजार सञ्जाल निर्माण साथै प्रोत्साहन समेत गरी केषि तथा पशुपन्छी पालन व्यवसाय प्रति आकर्शण बृद्धि गर्ने						
३	कृषक तथा कृषक समूहहरूको प्रतिस्पर्धात्मक क्षमता विकास तथा उत्पादनको उत्पादकत्व बृद्धि	४.१.४	८	१.३	१.४, ३.४		
३.१	कृषि उपजकालागि प्राङ्गरिक (अर्गानिक) रोगनिरोधक विषादी र						

	पशुपन्छीकालागि रोग निरोधन औषधीलाई सर्वसुलभ बनाउँदै उत्पादन र उत्पादकत्व बढाउने						
२. सिंचाई		४.२.४	१, २, ८, १०	१.४	३		
२.१	कृषि योग्य जमिनमा सिंचाईको पूर्ण व्यवस्थापन						
२.२	कृषि बालिको उत्पादन र उत्पादकत्व बृद्धि						
३. पर्यटन, सँस्कृति तथा सम्पदा		४.३.४	१, २, ८, १०	१	१		
३.१	धर्मिक, पुरातात्वीक तथा प्राकृतिक सम्पदानको संरक्षण र प्रवर्द्धन						
३.२	पर्यटन विकासको माध्यम बाट आर्थिक बृद्धि र रोजगारी श्रृजना						
४. उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति		४.४.४	१, २, ८, ९, १०	१.१, १.४	१.३, १.४		
४.१	वर्तमान उद्योग, व्यापार र व्यवसायको संरक्षण, सम्बर्द्धन र विकास						
४.२	आर्थिक बृद्धि, आय आर्जन तथा रोजागरी श्रृजना						
५.श्रम, रोजगारी र सामाजिक सुरक्षा		४.५.४	१, २, ८, १०	१.१	१.४		
५.१	रोजागरीका अवसर श्रृजना गरी बेरोजगारी दर घटाउने						
५.२	श्रमको सम्मान र सामाजिक सुरक्षाको सुनिस्चितता						

तालिका नं.४.३ नतिजा खाका

नतिजा तह	नतिजा	सूचक	एकाई	आधार बर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक बर्ष र कुल)						पुष्ट्याइका आधार	जोखिम पक्ष र अनुमान
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा		
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
१. कृषि तथा पशुपन्छी												
प्रभाव	कृषि तथा पशुपन्छी पालन व्यवसायको विकास र विस्तार हुने	१–५	संख्या	पकेट क्षेत्र निर्धारण गर्ने प्रयास भईरहेको १७५ वटा फर्म	२०	२०	२०	२०	२०	२७५	कृषि तथा पशुवाली सर्वेक्षण	स्थानीय कृषक समूहको सकृयतामा बृद्धि हुनेछ
	कृषि तथा पशुपालन व्यवसाय प्रति सम्मान र आकर्शण बढ्ने	३–७	%	सामान्य अवस्थामा	३५	५०	६०	७०	८०	८०	स्थालगत सर्वेक्षण	
	दैनिक आर्थिक	८	%	सामान्य	२५	३५	४५	५५	६५	६५	बैंकिङ कारोवार	

	कृयाकलापमा अभिवृद्धि हुने			अवस्थामा							सर्वेण तथा आर्थिक सर्वेक्षण	
असर	गुजरामुखी कृषि प्रणली व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु		%	सामान्य अवस्थामा	३५	५०	६०	७०	८०	८०	आर्थिक सर्वेक्षण	विपद जोखिमका आस्था न्यून रहनेछ साथै जालाधार संरक्षित भएका हुनेछन, जलबायु अनुकुलन हुने
	कृषि तथा पशुपन्छी जन्य उत्पादनमा बृद्धि		%	यकिन नभएको	६०	७०	८०	९०	१००	१००	वार्षिक प्रगति प्रतिवेदन	
	कृषि योग्य जमिनमा सिचाईको पर्याप्त सुविधा पुऱ्याउनु		हेक्टर	४७००	५२००	५७००	६२००	६७	७२००	७२००	स्थालगत विवरण तथा प्रथति समिक्षा	
प्रतिफल	कृषि तथा पशुपन्छी बालिको उत्पादनमा बृद्धि भएको हुनेछ		%	गणना नभएको	१५	१५	२०	२५	२५	१००	बजार सर्वेक्षण	उन्नत जानको विउ विजन र नश्ल सुधार भएको हुनेछ । बजार मूल्य स्थिर रहनेछ
	निर्यातको मात्रामा वृद्धि भएको हुनेछ		%	गणना नभएका	१०	१५	२०	२५	२५	९५	बजार सर्वेक्षण	
	गरिवी निवारण योगदान पुगेको हुनेछ		%	२६	२२	१९	१७	१५	१०	१०	आर्थिक सर्वेक्षण	
	नगरपालिकाको आन्तरिक आयमा बृद्धि भएको हुनेछ		रु हजारमा	नगन्य	१५००	२०००	३०००	४०००	५०००	५०००	पालिकाको राजश्व अध्ययन	
प्रमुख कार्यक्रम	स्थानीय ऐन कानून निर्माण		%	नभएको	१००	१००	१००	१००	१००	१००	पालिका स्तरीय दस्तावेज	श्रोत र साधनको पर्याप्तता रहने छ ।
	माटो परिक्षण		%	सामान्य	५०	७५	१००	१००	१००	१००	कार्यक्रम विवरण तथा स्थलगत सर्वेक्षण, आर्थिक सर्वेक्षण	
	पकेट क्षेत्र निर्धारण		%	प्रयास भएको	१७.८५	३५.७१	५७.१४	७५	१००	१००		
	उन्नत विउविजन तथा नश्ल सुधार		%	सामान्य	२५	५०	७५	८५	९५	९५		
	बजार सञ्जाल निर्माण, विकास र व्यवस्थापन		%	स्थानीय बाजर	१५	२५	५०	६०	७५	७५		
१. २. सिंचाइ												
प्रभाव	स्थानीय ऐन कानून र गुरु योजना तर्जुमा हुने	१, २	%	नभएको	५०	१००	१००	१००	१००	१००	नगर सभा र कार्यपालिकाको अभिलेख	नगरपालिका र स्थानीय कृषक समूहको सकृयतामा बृद्धि हुनेछ
	कृषि योग्य जमिनमा सिंचाई पर्याततताका हुने	३	%	६५	७०	७५	८०	८५	९५	९५	स्थानीय सर्वेक्षण	

	बाली सधनता तथा उत्पादन र उत्पादकत्वमा बृद्धि हुने	४	%	गणना नभएको	६०	७०	८०	९०	१००	१००	स्थानीय आर्थिक सर्वेक्षण	
असर	कृषि योग्य जमिन उत्पादन मूखि क्षेत्रमा विकास गर्नु		%	विकास क्रममा रहेको	६५	७०	७५	८०	८५	८५	स्थानीय सर्वेक्षण तथा प्रगति समिक्षा प्रतिवेदन	स्थानीय बासिको चेतनामा अभिबृद्धि भएको हुनेछ
	जमिन बाँझो राख्ने प्रवितिको अन्त्य गर्नु		%	अधिक	१२	१०	८	६	४	२	स्थलगत अवस्था	
प्रतिफल	कृषि योग्य जमिनमा सिंचाईको सुनिस्चितता भएको हुनेछ		%	६५	७०	७५	८०	८५	९५	९५	पालिकाको योजना पुष्तिका र स्थालगत अवस्था	मौषम अनुकुलन, विपद जोखिम न्यूनिकरण तथा बजार सञ्जालको निर्माण विकास भएको हुने
	स्थानीय उत्पनदमा बृद्धि भएको हुनेछ		%	गणना नभएको	६०	७०	८०	९०	१००	१००	आर्थिक सर्वेक्षण	
	निर्यातमा बृद्धि भएको हुनेछ		%	गणना नभएको	४५	५५	६५	७५	८५	८५	आर्थिक सर्वेक्षण	
	स्थानीय कृषकको आयमा बृद्धि भएको तथा गरिवी न्यूनिकरणमा योगदान पुगेको हुनेछ		%	गरिवीको दर २६	२२	१९	१७	१५	१०	१०	आर्थिक सर्वेक्षण	
प्रमुख कार्यक्रम	पालिका स्तरीय ऐन कानून निर्माण		%	नवनेका	१००	१००	१००	१००	१००	१००	नगर सभा र कार्यपालिकाको अभिलेख	अन्तर सरकार समन्वयमा विस्तार, नगरपालिकाको सकृयतामा बृद्धि, विपद जोखिम कम साथै श्रोत र साधनको पर्याप्तता रहने छ।
	सिंचाई एकीकृत गुरुयोजना तर्जुमा		%	नभएको	५०	१००	१००	१००	१००	१००	नगर सभा र कार्यपालिकाको अभिलेख तथा दस्तावेज	
	अन्तर सरकार र विकास साझेदार सँग समन्वय विस्तार र विकास		%	सामान्य	५०	१००	१००	१००	१००	१००	कार्यपालिका तथा सभाको समिक्षा प्रतिवेदन	
	सिंचाई पूर्वाधारको विकास र नविनतम प्रविधिको प्रयोग		%	सामान्य	४०	४५	५५	६५	७५	७५	प्रगति समिक्षा थता स्थालगत अवस्था	

३. पर्यटन, सँस्कृति तथा सम्पदा												
प्रभाव	पालिका स्तरीय ऐन कानून निर्माण हुने	१	%	नभएको	१००	१००	१००	१००	१००	१००	नगर सभा र कार्यपालिकाको अभिलेख	नगरपालिका र स्थानीय पर्यटन व्यवसायिको सकृयतामा बृद्धि हुनेछ
	एकीकृत पर्यटन विकास गुरुयोजना तर्जुमा हुने	१	%	नभएको		१००	१००	१००	१००	१००	नगर सभा र कार्यपालिकाको अभिलेख	
	नगरपालिका भित्र रहेका विभिन्न धार्मिक स्थल, पार्क, पोखरीहरूमा आवश्यक पर्यटकीय पूर्वाधारको निर्माण, संरक्षण र सम्बर्द्धनका साथमा दिगो व्यवस्थापन हुने	२ /३	सङ्ख्या	८५	८६	८८	९०	९२	९४	९४	स्थानीय सर्वेक्षण तथा स्थलगत अवस्था तथा प्रगति प्रतिवेदन	
असर	प्राकृतिक रुपमा रहेका स्थल हरू दृष्यावलोकन केन्द्रको रुपमा विकास गर्नु	१, २	%	प्राकृतिक रुपमा मात्र रहेका	१५	२५	३५	५०	५०	५०	स्थानीय सर्वेक्षण तथा प्रगति समिक्षा प्रतिवेदन	स्थानीय पर्यटन विकासमा अभिबृद्धि भएको हुनेछ
	सडक सञ्जाल निर्माण व्यवस्थापनमा बढोत्तरी गर्नु	१, २	%	सामान्य कच्ची पूर्वाधार	५०	५५	६०	६५	७०	७०	स्थलगत अवस्था प्रगति समिक्षा प्रतिवेदन	
प्रतिफल	प्राकृतिक सुन्दरता सहितका बिभिन्न स्थानहरू पर्यटकीय गन्तब्यको रुपमा विकास पर्यटक आगमनमा बृद्धि हुनेछ	२, ३	सङ्ख्या	गणना नभएको	१००००	२००००	३००००	४००००	५००००	५००००	पालिकाको योजना पुष्तिका र स्थालगन अवस्था	विपद जोखिम न्यूनिकरण तथा पर्यटन विकास मा बढोत्तरी र मूल्यमा स्थिरता भएको हुने
	प्राकृतिक सुन्दरता सहितका बिभिन्न पर्यटकीय क्षेत्र र स्थानहरूमा थप रोजगारी श्रृजना हुनेछ	२, ३	सङ्ख्या	गणना नभएको	२००	४००	६००	८००	१०००	१०००	स्थानीय आर्थिक सर्वेक्षण	
	स्थानीयबासिको आयमा बृद्धि तथा गरिवी न्यूनिकरणमा योगदान	२/३	%	२६	२२	१९	१७	१५	१०	१०	स्थानीय आर्थिक सर्वेक्षण	

	पुगेको हुनेछ											
	नगरपालिकाको कुल आन्तरिक आयको योगदान पुगेको हुनेछ	२/३	रु हजारमा	नभएको	१०००	१५००	२०००	२५००	३०००	३०००	स्थानीय आर्थिक सर्वेक्षण	
प्रमुख कार्यक्रम	पालिका स्तरीय ऐन कानून निर्माण साथै एकीकृत पर्यटन विकास गुरुयोजना तर्जुमा	१	%	नभएको	५०	१००	१००	१००	१००	१००	नगर सभा र कार्यपालिकाको अभिलेख	अन्तर सरकार समन्वयमा विस्तार, नगरपालिकाको सकृयतामा बृद्धि, विपद जोखिम कम साथै श्रोत र साधनको पर्याप्तता रहने छ।
	पर्यटकीय पूर्वाधारको निर्माण, संरक्षण र सम्बर्द्धन	१, २	%	सामान्य अवस्थामा	२५	३५	४५	५५	७५	७५	नगर सभा र कार्यपालिकाको अभिलेख तथा दस्तावेज	
	पर्यटकीय उपजलाई मूल्य श्रृङ्खला सँग आवद्ध गरी यस क्षेत्रको लाभलाई सर्वसाधार नगरपालिकाबासिको पहुँच स्थापित	१, २, ३	%	गणना नभएको	१५	२५	३५	४५	५५	६५	कार्यपालिका तथा सभाको समिक्षा प्रतिवेदन तथा स्थानीय आर्थिक सर्वेक्षण	
४. उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति											२०० घरेलु तथा साना उद्योग, ६५०० पसल तथा व्यवसाय र ३५०० रोजगार	
प्रभाव	औद्योगिक ग्रमको स्थापना र विकास बाट उद्योग, व्यापार र व्यवसायको स्थापनामा अभिरुची बृद्धि हुने	१/२/३	%	नभएको	५०	६०	७०	८०	९०	९०	कार्यपालिकाको अभिलेख तथा प्रगति समिक्षा	नगरपालिका र निजी क्षेत्रको सकृयतामा बृद्धि हुनेछ
	थप रोजागरी सिर्जनामा योगदना पुग्ने	२, ३	संख्या	गणना नभएको	५००	५००	५००	१०००	१०००	३५००	स्थानीय सर्वेक्षण	
	स्थानीय कच्चा पदार्थको प्रयोग भई मूल्य	२/३	%	सामान्य अवस्था	२५	४०	५०	६०	७०	७०	स्थानी सर्वेक्षण	

	श्रृङ्खलामा अभिबृद्धि हुने											
असर	औद्योगिक ग्रमका स्थापना गरी लघु, घरेलु तथा साना उद्योगको स्थापना र विकास गर्नु साथै व्यापार व्यवसायका विस्तार गर्नु	१	संख्या	५६९३	५८५०	५९५०	६१००	६३००	६५००	६५००	प्रगति समिक्षा तथा पालिकाको अभिलेख	स्थानीय उद्योग, व्यापार र व्यवसायको विकासमा अभिबृद्धि भएको हुनेछ
	राजगारी श्रृजना गर्नु	२	संख्या	गणना नभएको	५००	५००	५००	१०००	१०००	३५००	स्थानीय सर्वेक्षण	
	स्थानीय कृषि तथा पशुपन्छी जन्य बस्तुको मूल्य श्रृङ्खला अभिबृद्धि गर्नु		%	गणना नभएको	२५	४०	५०	६०	७०	७०	स्थानीय आर्थिक सर्वेक्षण	
प्रतिफल	लघु, घरेलु तथा साना उद्योगको सङ्ख्यात्मक बृद्धि भएको हुनेछ	१	संख्या	१३१	१४०	१५०	१६०	१७५	२००	२००	गा.पा.को अभिलेख तथा प्रथति समिक्षा	स्थानीय उद्योग, व्यापार र व्यवसाय अभिबृद्धि भएको हुनेछ साथै मूल्य स्थिरता भएको हुने
	व्यापार व्यवसायमा बृद्धि भएको हुनेछ	१, २	संख्या	५५९३	५७००	५८२५	५९५०	६०००	६३००	६३००	गा.पा.को अभिलेख तथा प्रथति समिक्षा	
	थप रोजागरी सिर्जनामा योगदना पुगेको हुनेछ	२	संख्या	गणना नभएको	५००	५००	५००	१०००	१०००	३५००	स्थानीय सर्वेक्षण	
	स्थानीयबासिको आयमा बृद्धि तथा गरिवी न्यूनिकरण भएको हुनेछ	३–६	%	गणना नभएको	२५	३०	४०	५०	६०	६०	स्थानीय आर्थिक सर्वेक्षण	
	नगरपालिकाको कुल आन्तरिक आयको योगदान पुगेको हुनेछ	७	रु लाखमा	२१०	२५०	३००	३५०	४००	४५०	५००	पालिकाको अभिलेख र प्रगति समिक्षा	
प्रमुख कार्यक्रम	स्थानीय ऐन तथा औद्योगिक विकास गुरु योजना को निर्माण	१	%	नभएको	५०	१००	१००	१००	१००	१००	नगर सभा तथा कार्यपालिकको निर्णय अभिलेख	अन्तर सरकार समन्वयमा विस्तार, नगरपालिकाको सकृयतामा बृद्धि, निजी क्षेत्रको सकृयता साथै श्रोत र
	औद्योगिक ग्रामको स्थापना र विकास	२, ३	%	नभएको	५०	७५	१००	१००	१००	१००	प्रगति समिक्षा साथै स्थालगत अवस्था	
	औद्योगिक उत्पादनमा बृद्धि र बजारको सुनिस्चिता	४–७	%	गणना नभएको	२५	३५	४५	५५	६५	६५	स्थानीय आर्थिक सर्वेक्षण	

												साधनको पर्याप्तता रहने छ।
५. श्रम, रोजगारी र सामाजिक सुरक्षा												
प्रभाव	श्रम तथा रोजगार श्रृजना र व्यवस्थापन सम्बन्धी स्थानीय ऐन तथा कानून निर्माण हुने	१	%	नभएको	१००	१००	१००	१००	१००	१००	नगर सभा तथा कार्यपालिकाको निर्णय अभिलेख	नगरपालिका र निजी क्षेत्रको सकृयतामा बृद्धि हुनेछ
	न्यूनतम रोजगारीको सुनिस्चितता हुने	२	%	गणना नभएको	२५	५०	७५	७५	७५	७५	नगर सभा तथा कार्यपालिकाको निर्णय अभिलेख	
	कानूनहरूको प्रभावकारी कार्यान्वयन हुने	१	%	सामान्य	१००	१००	१००	१००	१००	१००	प्रगति समिक्षा तथा प्रतिवेदन	
असर	स्थानीय श्रम कानूनको निर्माण तथा विद्यामान ऐन कानूनको सफल कार्यान्वयन गर्नु	१	%	सामान्य	१००	१००	१००	१००	१००	१००	नगरपालिकाको निर्णय अभिलेख	स्थानीय उद्योग, व्यापार र सेवा व्यवसायको विकासमा अभिबृद्धि भएको हुनेछ
	पालिका स्तरमा रोजागरीको श्रृजना गर्नु	२	संख्या	गणना नभएको	१०००	१०००	१०००	१०००	१०००	५०००	स्थानीय आर्थिक सर्वेक्षण	
	काम प्रतिको सम्माना अभिबृद्धि गर्नु	२, ३	%	नगन्य	६०	७००	८०	९०	१००	१००	स्थानीय आर्थिक सर्वेक्षण तथा स्थालगत अवस्था	
प्रतिफल	थप रोजगारी श्रृजना भएको हुनेछ	४	संख्या	गणना नभएको	१०००	२०००	३०००	४०००	५०००	५०००	प्रगति समिक्षा प्रतिवेदन	स्थानीय उद्योग, व्यापार र व्यवसाय अभिबृद्धि भएको हुनेछ साथै मूल्य स्थिरता भएको हुने
	स्थानीयबासिको आय बृद्धि भएको हुनेछ	२, ३	रु हजारमा	९७५	१०००	११००	१२५०	१४५०	१७००	१७००	स्थानीय आर्थिक सर्वेक्षण	
	गरिवीको दर घटेको हुनेछ	२	%	२६	२२	१९	१७	१५	१०	१०	स्थानीय आर्थिक सर्वेक्षण	
	बैदेशिक रोजगारीमा जानेको संख्या घटेको	४	संख्या	५९०५	५५००	५०००	४५००	४०००	२५००	२५००	स्थानीय आर्थिक सर्वेक्षण	
प्रमुख कार्यक्रम	आवश्यक स्थानीय ऐन कानूनको निर्माण	१	%	नभएको	१००	१००	१००	१००	१००	१००	नगरपालिकाको अभिलेख	अन्तर सरकार समन्वयमा विस्तार, नगरपालिकाको सकृयतामा
	रोजगारमूलक क्षेत्रको विकास र विस्तार	२	%	सामान्य	१५	२०	३०	४०	५०	५०	प्रगति समिक्षा तथा प्रतिवेदन	
	लघु, साना, मझौला तथा	२, ३	संख्या	१३१	१४०	१५०	१६०	१७५	२००	२००	प्रगति समिक्षा	

	ठूला उद्योग स्थापना										तथा प्रतिवेद	बृद्धि, निजी क्षेत्रको सकृयता साथै श्रोत र साधनको पर्याप्तता रहने छ।
	न्यूनतम ज्यालको सुनिस्चितता	१	%	अध्ययन नभएको	७०	८०	९०	१००	१००	१००	प्रगति समिक्षा तथा प्रतिवेद	
	सहकारीहरूको परिचालन	१, ३, ४	%	सामान्य	७५	८५	१००	१००	१००	१००	प्रगति समिक्षा तथा प्रतिवेद	

परिच्छेद ५ (पाँच)
सामाजिक क्षेत्र

५.१ स्वास्थ्य तथा पोषण

५.१.१ पृष्ठभूमि

नेपालको संबिधानले प्रत्येक नागरिकलाई राज्य बाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्थानीय सरकारको हैसियतमा विर्तामोड नगरपालिकाले यस प्रकारको जिम्मेवारी पुरागर्न स्वास्थ्य तथा पोषण क्षेत्रको योजनाबद्ध विकास अभियान सञ्चालन गर्न आवश्यक छ । स्वास्थ्य क्षेत्रको जिम्मेवारी तीनै तहले निर्वाह गर्नुपर्ने व्यवस्था भए अनुसार आधारभुत तहको स्वास्थ्य सेवाको जिम्मेवारी स्थानीय तहको क्षेत्राधिकार भित्र राखिएकोछ । आफ्नो कार्यक्षेत्र भित्रको आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, आधारभुत स्वस्थ्य सेवाको व्यवस्थपन, प्रजनन् स्वास्थ्य तथा पोषण सेवा सञ्चालन, स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार निर्माण विकास, खानेपानी तथा खाद्य पदार्थको गुणस्तर नियन्त्रण, ध्वनी तथा वायु प्रदुषण नियन्त्रण, स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थपन र सरसफाई, रक्त सञ्चार सेवा, औषधी पसल सञ्चालन, नियमन तथा व्यवस्थापन, परिवार नियोजना तथा मात्रृशिशु स्वास्थ्य सेवा साथै कुपोषण न्यूनिकरण सम्बन्धी जिम्मेवारीहरू स्थानीय तहमा राखिएको छ ।

नेपालको हकमा प्रति हजार जीवित जन्ममा शिशु मृत्यूदर ३२, नवजात शिशु मृत्यूदर २१, ५ बर्ष मुनिको बाल मृत्यू दर ३९, मातृ मृत्यू दर प्रतिलाख जीवित जन्ममा २३९ साथै प्रति महिला कुल प्रजनन् दर २.३ र ५ बर्ष मुनिका बालबालिकामा हुने पुड्को पन ३६ प्रतिसत रहेको अवस्था छ ।

बिर्तामोड नगरपालिकामा विगत लामो समयको प्रयासले स्वास्थ्य क्षेत्रमा उल्लेखेनिय उपलब्धिहरु भएका छन् । सहर केन्द्रीत र उपचारात्मक सेवामा मात्र संलग्न देखिए पनि स्वास्थ्यमा निजी क्षेत्रको सहभागिता बढेको छ । यसैगरी सर्वसुलभ रुपमा सेवा उपलब्ध नभए पनि सरकारी र गैरसरकारी क्षेत्रमा गरि आँखा, क्यानरस, मुटु, मृगौला, स्नायु, हाडर्जोनी तथा प्लाष्टी सर्जरी सम्बन्धी विशिष्ट उपचार गर्ने केही संस्थाहरु स्थापना भएका छन् । रोग निर्धारण तथा प्रयोगशाला विस्तार भएका छन् । विगतमा यस नगरपालिकाको मुख्य समस्याको रुपमा रहि आएको औलो, क्षयरोग, झाडापखला, स्वासप्रस्वास, टाइफाईट, दाधुरा, हात्तिपाइले, एच.आइ.भि जस्ता संक्रामक रोगहरु नियन्त्रणमा छन् र रोग भार घट्दो क्रममा छन् । कुष्ठरोग निवारणको रुपमा रहेको छ । मात्रि तथा शिशु धनुष्टङ्गकार निवारण भैसकेको र निवारण हुने अवस्थामा छ । स्वास्थ्यको लागि मानव संसधान, उत्पादन, स्वास्थ्य सेवा, आपूर्ती गर्ने औषधी र सम्पादन गरिने अनुसन्धान गुणस्तरियता सुनिश्चित्ताका लागि नियमन गर्ने विभिन्न निकायहरु (मेडिकल काउन्सील, नर्सिङ्ग काउन्सील, स्वास्थ्य व्यावसायी परिषद, आयुर्वेद चिकित्सक परिषद, राष्ट्रिय अनुसन्धान परिष्द) स्थानपना कार्यरत रहेको अवस्था छ भने बाल मृत्यूदर प्रतिलाख जीवित जन्ममा ५४ र सुरक्षित मातृत्वा १८६ रहेको अवस्था छ

५.१.२ समस्या तथा चुनौती

५.१.२.१ समस्या

संघीयताको कार्यान्वयन सँगै स्थानीय सरकारको रुपमा स्थानीय तह स्थापित भए पछि जनताले गरेको स्वास्थ्य सेवा प्रतिको अपेक्षा पुरा हुन सकेको छैन । अहिले पनि नगरपालिकाका दुर्गम क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण नगरपालिकाबासी महिला, बालबालिका, जेष्ठ नागरिक स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका छन् । नगरपालिका द्वारा सञ्चालित नगर भित्रका विद्यमान आधारभुत स्वास्थ्य केन्द्रमा दक्ष जनशक्तिको न्यूनता, कम्पाउण्ड घेराबारा, सुद्ध खानेपानी, प्रयोगसाला सेवा तथा स्वास्थ्य परिक्षणकालागि अति आवश्यक न्यूनतम उपकरणको अभाव रहेको छ भने औषधी उपकरण, भवन तथा जग्गा मापदण्ड अनुसार व्यवस्थापन हुन सकेको छैन् ।

संविधानको मूल मर्म र भावना अनुसार सबै क्षेत्र, वर्ग तथा समुदायका नागरिकहरुका लागि स्वास्थ्य सेवामा सर्भसुलभ पहुँच पुऱ्याउन सकिएको छैन भने राज्यको निरन्तर प्रयास रहदाँरहदै पनि ५ वर्ष मुनिका करिव आधा

बालबालिका र प्रजन्न उमेरका महिलाहरुमा न्यून पोषण व्याप्त छ । यस पालिकाको शहरी क्षेत्रमा मोटपन भयावह रुपमा बढ्दो अवस्थामा छ । नगरपालिकामा रहेको एक मात्र नगर अस्पताल (बिर्तामोड नगर अस्पताल) लाई विशेषज्ञ सहितको विशिष्ठ नगर अस्पताललाई स्तारोउन्नति गर्न सकिएको छैन् भने दिन प्रतिदिन क्यान्सर, उच्च रक्तचाप लगायत मुटुरोग, मधुमेह, मृगौंला, कलेजो र फोक्सोका रोग साथै मानसिक रोग जस्ता नसर्ने प्रकृतिका रोगको प्रकोप बढदो क्रममा रहेकोछ ।

सरकारले निशुल्क वितरण गर्ने भनिएका औषधीहरूको अपर्याप्तता, पालिका क्षेत्रका सवै बस्तिमा सडक सञ्जाल नपुगेकाले एम्बुलेन्स सेवाको प्रवाहमा कठिनाई, कुपोषण, दुर्घटना, प्राकृतिक प्रकोप जस्ता समस्या रहेका छन् । मातृ मृत्यू दर घट्दो क्रममा रहेको भएता पनि अपेक्षित उपलब्धि प्राप्त गर्न नसकिएको, ५ बर्ष मुनिका करिव १५ प्रतिसत र प्रजनन् उमेर समुहका महिलामा आवश्यकता बमोजिमको पोषणको अभाव, समुदायमा प्रवाह गरिने स्वास्थ्य सेवामा निजी क्षेत्रको प्रभाव, प्रभावकारी नियमनमा कमि र यथार्थ विवरणको अध्यावधिक गर्ने कार्य न्यून गतिमा जस्ता समस्या यस पालिका भित्र रहेका छन् ।

५.१.२.२ चुनौती

बिर्तामोड नगरपालिकामा रहेको एक मात्र नगर अस्पताललाई आवश्यक न्यूनतम भौतिक संरचनाहरूको निर्माण विकास, दक्ष जनशक्तिको परिपूर्ति र व्यवस्थापन, विशेषज्ञ सेवा सहितको आकस्मिक सेवा सुविधा सम्पन्न प्रयोगशाला, एम्बुलेन्स सेवा, प्रजन्न स्वास्थ्य, सुरक्षित मातृत्व सेवामा स्तारोन्नति गर्न, यस नगरपालिका भित्र रहेका अन्य आधारभुत स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी आदिमा आवश्यक दर्वन्दी, औषधी उपकरण, सुविधा सम्पन्न भवन, प्रयोगसाला सेवाको व्यवस्थापन गर्न, पर्याप्त आर्थिक श्रोतको व्यवस्थापन गर्न साथै स्वास्थ्य क्षेत्रमा स्थानीयबासीको समतामुलक पहुँचको विस्तार र व्यवस्थपन, स्वास्थ्य बिमाको प्रभावकारी कार्यान्वयन, स्थानीय जडिबुटीको ज्ञान र प्रयोग, बलबालिका तथा महिलाको प्रजनन् स्वास्थ्यमा सुधार, सरुवा रोगको नियन्त्रण, खाद्य गुणस्तर नियन्त्रण, मानिसको आनिवानीमा सुधार र चेतनाको विकास, स्वास्थ्य क्षेत्रमा भईरहेको अधिक खर्च कटौती, भरपर्दो र विश्वासिलो सूचना प्रणालीको विकास र व्यवस्थपन, नीति निर्माणकालागि आवश्यक तथ्याङ्कको व्यवस्थपन, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन साथै स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि जस्ता विषय बस्तु यस क्षेत्रका चुनौतीको रुपमा रहेका छन् ।

५.१.३ संभावना तथा अवसर

संबिधानत तीनै तहका सरकार विच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट हुनु, स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनमा आउनु, नगरपालिकाले आफ्नै श्रोत बाट नगर अस्पताल तथा स्वस्थ्य क्षेत्रका पूर्वाधार निर्माण, उपकरणको व्यवस्थापन र जनशक्तिको परिपूर्तिमा लगगानिको सुनिस्चिता गर्दै जानु, नगर क्षेत्र भित्रका सबै जनतामा सर्वसुलभ रुपम गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सकिने गरिका आधार तयार हुँदै जानु, घर घरमा एम्बुलेन्स सेवा प्रवाह गर्न सकिने गरिका सडक सञ्जाल निर्माण हुँद्र जानु, आपतकालिन अवस्थामा जनप्रतिनिधि तथा कर्मचारी विच समन्वयात्मक कार्य व्यवस्थापन हुनु, कोभिड १९ जस्तो महाँमारी नियन्त्रणमा निजी क्षेत्र र समुदायको समेत सकृय सहभागिता रहनु, स्वास्थ्य क्षेत्रका भौतिक पूर्वाधार, यन्त्र उपकरण र दक्ष जनशक्तिको व्यवस्थापनमा तीनै तहका सरकार नीतिगत र कानूनी रुपले अघि बढ्नु, विगतको तुलनामा औषधी तथा उपकरणको उपलब्धता बढ्दै जानु, नगरपालिकाबासिमा स्वास्थ्य सचेतना र चासो क्रमिक रुपले बढ्दै जानु, स्वास्थ्य क्षेत्रमा कार्यरत गैरसरकार संघ संस्था पालिका सँग सहकार्य गर्न अग्रसर हुनु, स्थानीय स्तरमा स्वास्थ्य क्षेत्रका भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन स्थानीयबासी बाट निशुल्क उपलब्ध गराउन तयार हुनु, देश भित्रै दक्ष जनशक्तिको उपलब्धता बृद्धि हुँदै जानु लगायतका सम्भावना र अवसरहरू यस पालिकामा रहेका छन् ।

५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

५.१.४.१ लक्ष्य

आधरभूत मानव अधिकारको रुपमा सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित पार्न गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरि न्यय संगत एवं जवाफदेहि स्वास्थ्यसेवा प्रणालिको माध्यमबाट सम्पूर्ण नगरबासीलाई स्वास्थ्य सेवा उपलब्ध गराएर सुरक्षित मातृत्वको सुनिस्चिता गर्नु तथा बाल मृत्यू दर घटाउनु ।

५.१.४.२ उद्देश्य

१. आवश्यक स्थानीय ऐन कानून समेत निर्माण गरी नगरपालिकाका सवै वडामा सवै प्रकारका आधारभुत स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्नु

२. पालिकाबासी सर्वसाधारण नागरिकको सहज पहुँच स्थापित गरी नागरिकको मौलिक अधिकारको रुपमा रहको आधारभुत स्वास्थ्य सेवा लाई निशुल्क र गुणस्तरीय बनाउनु

३. वर्तमान बाल तथा मातृ मृत्यू दर घटाउनु

४. सरकारी, निजी तथा सामुदायिक सहभागिता र साझेदारीको माध्यम बाट बहुक्षेत्रगत स्वास्थ्य सेवामा उपभोग बढाई सेवा प्रदायक र सेवाग्रहीलाई थप जिम्मेवार बनाउने साथै पालिका क्षेत्र भित्र स्वस्थ्य जीवनशैली कार्यक्रमको प्रवर्द्धन गर्ने

५.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ५.१ र ५.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	स्वास्थ्य सेवाको व्यवस्थापन र नियमनकालागि स्थानीय ऐन कानून निर्माण गर्ने	• स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयर गरी कार्यान्वनयमा ल्याउने • नगरालिका स्वास्थ्य व्यवस्थापन समितिलाई थप कृयाशिल गर्ने • नियमित रुपमा आधारभुत स्वास्थ्य सेवा प्रवाह र प्रभावकारिता सम्वन्धी तथ्याङ्क अध्यावधिक गर्ने
२	नगर अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी लगायत नगरघर क्लिनिककालागि समेत भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन गरी सुविधा सम्पन्न बनाउने	• संघीय सरकारको लक्ष्य बमोजिम पालिका स्तरीय अस्पतालको स्तरोन्नती गरी सञ्चालन तथा व्यवस्थापन गर्ने • नगर अस्पताल साथै नगरपालिकाका वडामा सञ्चालित तथा अव निर्माण हुने सवै आधारभुत स्वास्थ्य केन्द्र तथा चौकीकालागि निर्धारित प्राथमिकता क्रमका आधारमा आवश्यक न्यूनतम भौतिक पूर्वाधार (जग्गा भवन, परिक्षण कक्ष, बिरामी आराम कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्रतिक्षालय, खानेपानी पूर्वाधार, शौचालय, बिद्युतीय सेवा लगायत) को निर्माण व्यवस्थापन गरी सुविधा सम्पन्न बनाउने
३	प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनरस्थापनात्मक र प्रशामक (Palliative Care) जस्ता आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सवै नगरपालिकाबासिको सहज पहुँचको सुनिस्चितता गर्ने	• निशुल्क आधारभूत स्वास्थ्य सेवामा सवै नगरपालिकाबासिको पहुँच स्थापित गर्ने • सवै वडामा स्थायी खोपकेन्द्रहरूको निर्माण तथा व्यवस्थापन गरि महिला स्वास्थ्य स्वयम् सेविकाहरूले जुनसुकै मौषम र परिस्थितिमा समेत सहज सेवा प्रवाह गर्न सक्ने व्यवस्था मिलाउने • अस्पतालमा बिशेषज्ञ डाक्टर, मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट, फिजियोथेरापिष्ट, रेडियोग्राफर, साइकोसोसियल काउर्नसिलर, नर्स, तथा शहरी आधारभुत स्वास्थ्य केन्द्रमा हेल्थ असिस्टेण्ट सहितको आवश्यक जनशक्तिको दरबन्दि किटान गरी दक्ष स्वास्थ्य कर्मिहरूको व्यवस्थापन गर्ने • सवै स्वास्थ्यकर्मि तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सीप र दक्षता वृद्धिका लागि नियमित तथा प्रशिक्षणको व्यवस्था मिलाउने • अस्पताल तथा स्वास्थ्य केन्द्र र चौकी सँग नियमित समन्वय गर्न नगरकार्यपालिकामा स्वास्थ्य हेल्प डेक्सको व्यवस्था गर्ने

		• दिर्घरोगी, अपाङ्गता भएका व्यक्ति, असहाय, बृद्धहरूको विशेष पहिचानका साथ स्वास्थ्य रक्षा र स्वास्थ्य व्यवस्थापनका क्षेत्रमा अभियान सञ्चालन गर्ने साथै सवै वडाहरूमा सुलभ औषधी पसलको समेत व्यवस्था गरी सुगर र प्रेशरको रोग भएका ७५ वर्ष नाघेका जेष्ठ नागरिकलाई निशुल्क औषधि वितरण गर्ने तथा किड्नी फेल भएकाकालागि कार्यविधि निर्माण गरी आर्थिक सहयोग समेत उपलब्ध गराउने • समग्र स्वास्थ्य उपचार साथै महिला तथा बालबालिकाका लागि अनिवार्य खोप, सुत्केरी गराउने तथा महिला तथा बाल पोषण, स्वास्थ्य सरसफाई, प्रजनन् स्वास्थ्य, एच् आई भी एड्स नियन्त्रण, परिवार नियोजन, महामारी, क्षयरोग, कुष्ठरोग तथा सरुवा रोग लगायत स्वास्थ्य सँग सम्बन्धित सवै विषय र क्षेत्रका बारेमा सञ्चार श्रोत, एसएमएस लगायतका सम्भाव्य सवै खाले प्रविधिको प्रयोग गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने साथै गर्भिणी महिलाले स्वास्थ्य चौकी तथा अस्पतालमा गई सुत्केरी गराए बापत सुत्केरी स्याहार भत्ताको दिगो र प्रभावकारी व्यवस्थपन गर्ने • विभिन्न किसिमका खोप, भिटामिन ए, पोलियो थोपा, अल्वेण्डाजोल वितरण जस्ता अभियानगत कार्यक्रमको नियमित सञ्चालन तथा व्यवस्थापन गर्ने टाइफाइट खोपलाई कभर गर्ने • स्वास्थ्य विमालाई अनिवार्य र प्रभावकारी बनाउने • स्वास्थ्य केन्द्र मार्फत गर्भवती जांच सेवालाई प्रभावकारी वनाउने • कुपोषित बालबालिका तथा गर्भवति र सुत्केरी महिलाकालागि पोषण शिक्षा तथा पोषण सहयोग कार्यक्रम साथै आईरन चक्की तथा क्यालसियम चक्की वितरण कार्यक्रम सञ्चालन गर्ने • सिमान्तकृत परिवारका गर्भवती महिलाई सरसफाई को लागी निशुल्क सावुन, सेम्पु तथा तेल वितरण गर्ने • विद्यालयमा अध्ययनरत तथा सार्वजनिक सेवामा कार्यरत किसोरीहरूका लागि सेनिटरी प्याडको प्रयोगको विकास तथा प्रयोग र उपलब्धताको सुनिस्चितता गर्दै कार्यस्थलमा डिस्पोजल साइडको व्यवस्थापन गर्ने • नगरपालिकाका दुर्गम टोल बस्तीलाई लक्षित गरी एम्बुलन्सको सेवालाई प्रभावकारी, सर्व सुलभ र सहुलियत पूर्ण वनाउने • विभिन्न स्वास्थ्य संस्थाको सम्लग्नता र सहयोगमा कम्तिमा ६-६ महिनामा नगरपालिकाका बिपन्न वर्ग, पिछडिएका तथा गरिब समुदायहरू बसोवास गरेका क्षेत्रहरूलाई लक्षित गरी निशुल्क औषधी र बिशेषज्ञ चिकित्सक सहितको घुम्ति स्वास्थ्य सिविर सञ्चालनलाई थप प्रभावकारी बनाई निरन्तरता दिने • वच्चा जन्मने बितिकै नाभि मलमको प्रयोग तथा एक घन्टा भित्र आमाको बिगौति दुध खुवाउनकालागि आमाहरू लाई सूशुचित गर्ने गराउने कुरालाई शत प्रतिशत सुनिश्चित गर्ने • नगरघर क्लीनिक संचालन गर्ने साथै नवजात शिशुको नियमित तौल लिने

		व्यवस्था मिलाउने ● नेपालले अनुमोदन गरेको दिगो विकास लक्ष्यलाई सहयोग पुऱ्याउन पूर्ण सरसफाई युक्त नगरपालिका अभियान सञ्चालन गर्ने ● शुन्य होमडेलिभरीको नीति अवलम्वन गर्ने, जटिलता भएका गर्भवतीहरुलाई निशुल्क यातायात व्यवस्थापन मिलाइ माथिल्लो निकायमा प्रेशण गर्ने व्यवस्था मिलाउने ● सम्भाव्यताको अध्ययन गरी आवश्यकता देखिएको स्थानमा शिशु स्याहार केन्द्र स्थापना र संचालन गर्ने ● व्यवस्थित परिवार प्रोत्साहन पुरस्कार वितरण गर्ने ● महिला स्वास्थ्य स्वयम्सेविकाहरूको पूर्ण स्वास्थ्य बिमा गरी निजहरूको सेवालाई थप प्रोत्साहन गर्ने साथै निजहरूलाई परिचालन गरी प्राथमिक उपचार विधी र प्रकृयाका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ● स्वास्थ्य स्वयम्सेविका तथा सामाजिक अगुवाहरूलाई प्राथमिक उपचार सम्वन्धी तालिम दिने ● पशु विकास शाखासँगको समन्वयमा रेविज रोग नियनत्रण तथा पशुपन्छी स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने
४	आयुर्वेद, प्राकृतिक चिकित्सा पद्धती समेतको योजनाबद्ध विकास र विस्तार गर्ने	● प्राकृतिक चिकित्सा क्षेत्रको विकासकालागि आयुर्बेद सेवा केन्द्रको व्यवस्था गर्ने ● नगरपालिका क्षेत्र भित्र तथा छिमेकी पालिका समेतका स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडीबुटी, खनिज एवं जान्तव द्रव्यको पहिचान, सङ्कलन, संरक्षण र प्रवर्द्धनकालागि पालिका स्तरीय संरचना निर्माण गरी कृयाशिल गराउने ● प्रचलित प्राकृतिक चिकिन्सा, बैकल्पिक तथा अन्य चिकित्सा पद्धती तथा सेवाहरूलाई संघीय तथा प्रादेशिक मापदण्ड बमोजिम पालिका स्तरमा सूचिकृत तथा व्यवस्थित गरी आयुर्वेद, पञ्चकर्म, योग, र प्राकृतिक चिकिन्सा सेवालाई स्थानीयकरण गर्ने
५	दिगो विकासमा आधारित स्वास्थ्य सेवाको राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्य पुरा गर्न समन्वयात्मक कार्य प्रणालीको विकास गरी प्रभावकारी बनाउने	● दिगो विकासमा आधारित अवधारणलाई स्थानीयकारण गर्ने ● जीवनचक्रको अवधारणा बमोजिम मातृशिशु, बालबालिका, किशोरकिशोरीको सर्वाङ्गिण विकास र परिवार व्यवस्थपन सेवालाई थप प्रभावकारी बनाउने साथै स्वास्थ्य सेवालाई जेष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने ● विभिन्न उमेर समूहमा हुन सक्ने स्वास्थ्य जोखिम तत्काल पहिचान गर्न नियमित रुपमा गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने

५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ५.३ मा समावेश गरिएको छ ।

५.१.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

विर्तामोड नगरपालिकामा कम्तिमा २५ सैयाको बिशेषज्ञ जनशक्ति र न्यूनतम भौतिक पूर्वाधार सहितको सुविधा सम्पन्न अस्पाताल, आधारभुत स्वास्थ्य केन्द्रमा सेवा सुविधा बिस्तार सहितको स्तरोन्नती, औषधालयहरूको स्थापना र विकास भई

सम्पूर्ण गर्भवती महिला, नवजात शिशु, जेष्ठ नागरिक लगायत सबै नगरपालिकाबासीले सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य उपचार सेवा, प्रसुती सेवा तथा आवश्यक खोप सेवा प्राप्त गरेका हुनेछन साथै पूर्ण स्तन पान, पोषणको सुनिस्चितता भई बर्तमान मात्रृ तथा बाल मृत्यूदरमा ९५ % ले कमी आएको हुनेछ

५.१.५.२ नतिजा/सूचक

१. विर्तामोड नगरपालिका स्वास्थ्य ऐन, तयार भई कार्यान्वयनमा आएका हुनेछन

२. नेपाल सरकारको घोसित नीति बमोजिम सम्पूर्ण सेवा सुविधा सहित २५ सैयाको अस्पताल निर्माण भई सञ्चालनमा आएको हुनेछ

३. आधारभुत स्वास्थ्य केन्द्र तथा चौकी हरूमा बर्थिङ सेन्टरको समेत सुविधा थप गरी सबै केन्द्रहरूको स्तरोन्नती भई दक्ष जनशक्तिको व्यवस्थापन र सेवा सुविधाको प्रभावकारी व्यवस्थपन बाट नगरबासीले सर्वसुलभ रुपमा स्वस्थ्य सेवा उपभोग गरेका हुनेछन्

४. विर्तामोड नगरपालिकाका गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका, टिटानस विरुद्धको २ वटा खोप लिएका, आवश्यक मात्रामा आईरन चक्की खाएका तथा दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् ।

५. जन्मेको १ वर्ष भित्रका सबै बालबालिकाले नियमित रुपमा पूर्ण खोप पाएका तथा ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन

६. आगामि २ वर्ष भित्र अस्थाई रुपमा रहेका सबै खोप केन्द्रको स्थायी संरचना निर्माण गरी खोप प्रदान गर्न योग्य स्थलको रुपमा विकास भएका हुनेछन्

७. ६ महिना सम्म उमेर समुहका ९० % बालबालिकाले आमाको दुध मात्र खाएका साथै एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिका हरूले ARV Prophylaxis पाएका हुनेछन्

५.१.६ अनुमान तथा जोखिम पक्ष

आर्थिक, प्राविधिक, सामाजिक, राजनैतिक पक्ष बलियो र दृढा भएको हुनेछ । श्रोत र साधनको पर्याप्तता हुनेछ । प्राकृतिक प्रकोप तथा दुर्घटनाका घट्नामा कमि आएको हुनेछ ।

५.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	स्वास्थ्य तथा पोषण	• नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरसभाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • स्वास्थ्य शाखाका अभिलेख • अस्पताल तथा स्वास्थ्य केन्द्र साथै स्वास्थ्य चौकीहरूका अभिलेख • सञ्चार श्रोत	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • स्वास्थ्य शाखा • अस्पताल • स्वास्थ्य केन्द्र तथा चौकीहरू **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार	• विद्यमान ऐन कानून • स्रोत र साधनको अभाव • सहयोगी तथा साझेदार संघ संस्थाको अभाव • प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • रोगनिरोधक

		• नगरपालिकाको वएभसाईट	• स्थानीय सरकोकारवाला • टोल विकास वा सामुदायिक संघ संस्था, निजी क्षेत्र	औषधीको अभाव

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

५.२.१ पृष्ठभूमि

भनिन्छ शिक्ष ज्ञानको ज्योति हो । शिक्षाको ज्योति बाट कोमिपनि मानिस बन्चित रहनु हुँदैन । शिक्षा मानव सभ्यता र समृद्धि निर्माणको प्रमुख आधार हो । वर्तमान आधुनिक दुनियामा दिन प्रति दिन नयाँ नयाँ प्रविधिको विकास भईरहेको छ । शिक्षाको विकास बाट भएका विज्ञानमा आधारित नवप्रवर्तन युक्त प्रविधिको विकास र विस्तारले आज दुनियाँ घरको एउटा कोठा जस्तो हुँदै गईरहेको छ । वर्तमान विश्वमा विज्ञानले गरेको चमत्कार साच्चै उत्साहजनक रहेको छ र नवप्रवर्तनका क्षेत्रमा अझ धेरै विषय बस्तु हाम्रो सामु आउने तयारीमा रहेका छन् । ज्ञानमा आधारित समाजको माध्यम बाट मुलुकको दिगो शान्ति र समृद्धिकालागि शिक्षा एक प्रमुख अस्त्रका रुपमा स्थापित भएको छ । वर्तमान संविधानले आधारभुत तह सम्मको निशुल्क र अनिवार्य शिक्षा साथै माध्यमिक तह सम्मको निशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका, आर्थिक रुपले बिपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम मातृ भाषामा शिक्षा पाउने र त्यसकालागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्न पाउने हकको प्रत्याभुत गरेको छ । शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाएर निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलब्न गरेको अवस्था छ ।

पन्द्रौ योजनाका आधारमा नेपालमा १५ बर्ष भन्दा माथिका जनसङ्ख्याको साक्षरता दर ५८ प्रतिसत, १५ देखि २४ बर्ष सम्मका यूवाको साक्षरता दर ९२ प्रतिसत, पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.१ प्रतिसत, कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९७.२ प्रतिसत, कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर ९२.३ प्रतिसत, माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर ४६ प्रतिसत रहेको छ भने वर्तमानमा यो मात्रामा केहि बढोत्तरी भएको अवस्था छ । वर्तमान अवस्थमा जती जती माथिल्लो कक्षामा जाने गर्दछन् बालबालिकाको विद्यालय छाड्ने दर समेत त्यसैगरी बढ्दो अवस्थामा रहेको छ ।

बिर्तामोड नगरपालिका शैक्षिक हवको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ । यस नगर भित्र हाल १८ वटा सामुदायिक विद्याय, ५७ वटा संस्थागत विद्यालय, ५० वटा सामुदायिक वालविकास केन्द्र, ३० वटा संस्थागत पूर्व प्रा.वि. कक्षा संचालनमा रहेका छन् भने उक्त विद्यालयहरुमा करिव ३७ हजार वालवालिकाहरु अध्ययनरत छन् । उच्च शिक्षा तर्फ ३ वटा सामुदायिक क्याम्पस र ७ वटा निजी क्याम्पसहरुले सेवा दिइरहेका छन् । यसैगरि प्राविधक तथा व्यवसायिक तालिम परिषद् मार्फत अनुमति लिई ७ वटा शैक्षिक संस्थाहरु सिपमुलक कार्यक्रम तथा तालिम प्रदान गरिरहेका छन् । यस पालिकाका कुल बालबालिका मध्ये विद्यालय नगएको सङ्ख्या २ प्रतिसत, विद्यालय भर्ना दर ९८ प्रतिसत, विद्यालय निरन्तरता दर ७५ प्रतिसत साथै विद्यालयको कुल आवश्यकता मध्ये ७५ प्रतिसत मात्र शिक्षकहरूको परिपूर्ति हुन सकेको अवस्था छ । शिक्षा क्षेत्रमा उपरोक्त बमोजिमका शैक्षिक संस्थाहरुको व्यवस्थापकीय पक्ष, भौतिक पक्ष, नविनतम विधि/पद्धति सहितको शिक्षण सिकाइ, आर्थिक पक्ष र जनशिक्त व्यवस्थापनलाई समेटेर राष्ट्रिय लक्ष्यलाई मार्गदर्शन मार्गको रुपमा राख्दै यो आवधिक योजना निर्माण गरिएको छ ।

५.२.२ समस्या तथा चुनौती

५.२.२.१ समस्या

यस गाउँपालिकामा सञ्चालित धेरै जसो सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आधारभुत स्तरका भवन, बालमैत्री कक्षा कोठा, खेलमैदान, शौचालय, खानेपानी, कम्पाउण्ड घेराबारा, अभिभावक प्रतिक्षालय, कक्षाकोठामा पङ्खाको व्यवस्थापन, पुष्तकालाय तथा बिज्ञान प्रयोगशाला, बालबालिकाकालागि खाजा घर, शिक्षक तथा बिद्यार्थिका सवारीका साधनकालागि पार्किङ स्थल लगायतका अति आवश्यक पूर्वाधार तथा संरचना पुरा हुन नसकेको, विद्यार्थिले विचैमा विद्यालय

छाड्ने दर उच्च रहेको, तहगत र विषयगत दर्वन्दी व्यवस्थापन गर्न नसकिएको, दक्ष तथा तालिम प्राप्त जनशक्तिको समेत अभाव रहेको, अंग्रेजी माध्यमको सिकाइलाई व्यवस्थापन गर्न नसकिएको, शैक्षिक क्षेत्र सुधारका कार्यक्रम तीनै तहका सरकारले प्रमुख प्राथमिकताका साथ सञ्चालन गर्दै आएको भएता पनि वालविकास केन्द्र तथा विद्यालय भर्ना दरलाई सतप्रतिसत गर्न नसकिएको जस्ता समस्या रहेका छन् ।

सवैकालागि गुणस्तरीय शिक्षाको पहुँच सुनिस्चित गर्न नसक्नु, लक्षित समुदायका बालबालिका अझै पनि विद्यालय बाहिर रहनु, अपेक्षा गरिए बमोजिम सिकाई उपलब्धि हाँसिल गर्न नसक्नु, प्राविधिक शिक्षालाई प्राथमिकताका साथ मूलधारनमा ल्याउन नसक्नु, विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षकको परिपूर्ति गर्न नसक्नु, बजारको माग अनुसार सीपयुक्त जनशक्ति उपलब्ध गराउन नसक्नु, शिक्षा क्षेत्रका सवै तहमा सुशासनको प्रत्याभूति गर्न नसकिनु, निजी क्षेत्रको लगानीमा सञ्चालित विद्यालयहरूको सञ्चालन व्यवस्थापनलाई सेवामूखि बनाउन नसक्नु साथै प्रतिभाहरूको पलायनलाई नियन्त्रण गर्न नसक्नु अहिलको जल्दाबल्दा समस्याका रुपमा रहेका छन् ।

५.२.२.२ चुनौती

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त र आधारभूत पूर्वाधारहरूको विकास र व्यवस्थपन, गुणस्तरको सुनिस्चितता, सामुदायिक विद्यालय प्रतिको आकर्शणमा बढोत्तरी, बालमैत्री वातावरणको विकास र दिगो व्यवस्थपन, सकारात्मक सोचको विकास र व्यवहारमा परिवर्तन, प्रविधिमैत्री शिक्षाको विकास, व्यवसायिक जनशक्तिको विकास तथा जनशक्तिमा व्यवस्थापकीय सिपको विकास, अध्ययन अनुसन्धाका क्षेत्रको पर्याप्तता र सहजता, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना, विद्यालय भर्ना भएका बालबालिकाको निरन्तरताको सुनिस्चितता, रोजगारीको सुनिस्चितता, प्रतिस्पर्धि क्षमतका सहतिका बालबालिकाको उत्पादन, प्राविधिक उच्च शिक्षाको सुनिस्चित अवसर, शिक्षा क्षेत्रमा उत्तरदायित्व बहन र सुशासनको प्रत्याभूति, शैक्षिक प्रशासनको समय सापेक्ष पुनरसंरचना, शैक्षिक संस्थाहरूको नक्साङ्कन साथै सूचान प्रविधिले विकास गरेका विविध अवसरहरूको सदुपयोग, आर्थिक स्रोतको व्यवस्थापन र मा.वि. तह सम्म पूर्ण निशुल्क शिक्षाको सुनिस्चितता गर्ने कार्यहरू वर्तमानमा चुनौतका रुपमा रहेका छन् ।

५.२.३ संभावना तथा अवसर

संबैधानिक तथा कानूनी संरचनागत आधार सहित स्थानीय सरकारको हैसियतमा स्थानीय तहलाई जिम्मेवारी आउनु, विर्तामोड नगरपालिका क्रमस शैक्षिक हवको रुपमा गुणस्तरिय शिक्षा प्रदान गर्ने थलोको रुपमा स्थापित हुँदै जानु, शिक्षालाई रोजगारीसँग जोडेर आयस्रोतमा सुधार गर्न स्थानीयबासी सकारात्मक हुनु, वालमैत्री वातावरणमा व्यावहारिक र सिपमुलक सिकाइकालागि विद्यालय व्यवस्थापन समिति कृयाशिल रहनु, बिगतको तुलनामा विद्यालय भर्ना दरमा बढोत्तरी हुँदै जानु, विद्यालय छाड्ने दर क्रमस घट्दै जानु, विद्यालयका न्यूनतम भौतिक पूर्वाधार निर्माण, विकास र व्यवस्थापनमा नगरपालिकाले अग्रणि भूमिका निर्वाह गर्नु, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा क्रमिक सुधार हुँदै जानु, बालमैत्री नगरपालिका निमाणकालागि सकारात्मक वातावरणको श्रृजना हुँदै जानु,, सार्वजनिक तथा सामुदायिक विद्यालयका शिक्षकहरूको दृष्टिकोण र व्यवहार सकारात्मता तर्फ उन्मुख हुँदै जानु, विद्यालयमा बालक र बालिकाको अनुपात करिव बराबरको हाराहारिमा रहनु, शिक्षा तीनै तहको साझा अधिकार क्षेत्र भित्र समेटिनु, अवको लगानी बालबालिकामा भन्ने अभियानले क्रमस आकार ग्रहण गदैजानु, अभिभावक चेतनामा अभिबृद्धि हुनु, सामाजिक संस्कारमा अनुभव गर्न सकिने गरिको सकारात्मक परिवर्तन आउनु, छुवाछुत प्रथा र सानो र ठूलो जातको नाउँमा हुने विभेद क्रमस अन्त्य हुँदै जानु, रोजगारमूल शैक्षिक तथा सीपविकास कार्यक्रम सञ्चालनमा बढोत्तरी हुदै जानु शिक्षा, विज्ञान र नवप्रवर्तनका सम्भावना र अवसरहरू रहेका छन् ।

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

५.२.४.१ लक्ष्य

बिर्तामोड नगर क्षेत्र भित्रका विद्यालय उमेर समूहका सबै वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइ व्यवहारिक, सिपमुलक, प्रविधिमैत्री र पूर्ण निशुल्क गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता गर्नु साथै गुणस्तरीय शिक्षा प्रवाहको माध्यम

बाट सिर्जनशिल, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील, नवप्रवर्तनशील, सुयोग्य र क्षमताावन मानव श्रोतको उत्पादन र विकास गर्ने

५.२.४.२ उद्देश्य

१. आवश्यक स्थानीय ऐन कानून समेत निर्माण गरी मा.वि. तह सम्म पूर्ण निशुल्क शिक्षा प्रदान गर्ने
२. वालमैत्री पूर्वाधारयुक्त वातावरणमा सिकाइ अवसर सिर्जना गर्ने
३. विद्यायल शिक्षालाई गुणस्तरीय, जीवनउपयोगि, प्रविधिमैत्री, बैज्ञानिक, नवप्रवर्तनात्मक, व्यवसायमूलक र प्रतिस्पर्धी बनाएर प्रविधिमा आधारित व्यावहारीक र सिपमुलक शिक्षाको सुनिश्चित्ता गर्ने
४. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने साथै सवै नगरपालिकाबासिकालागि जीवन पर्यन्त शिक्षाको अवसर सिर्जना गर्ने
५. कक्षा छोडने र दोहोऱ्याउने दरमा न्युनिकरण गर्ने

५.२.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ५.१ र ५.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	नगरपालिका शिक्षा योजना तयार गर्ने तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका,तथा कार्यविधि तयार गर्ने	• **"विर्तामोड नगरपालिकाको नगर शिक्षा नीति तथा योजना"** तयार गर्ने तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका,तथा कार्यविधि तयार गर्ने • नगर शिक्षा समितको गठन र परिचालन र व्यवस्थापनलाई थप प्रभावकारी वनाउने • सवै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको गठन तथा पुनरगठन गरी थप कृयाशिल गराउने • बालक्लव गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण गर्ने • मानव संसाधन, स्थानीय प्राकृतिक श्रोत र सम्पदाको पहिचान, पूर्वाधार तथा प्रविधिको विकास, जीवनउपयोगि सीपमा आधारित नगरपालिका स्तरीय पाठ्यक्रम तथा पाठ्यसामाग्रि निर्माण गरी कार्यान्वयनमा ल्याउने • मातृभाषामा शिक्षण सिकाईलाई प्राथमिकताका साथ अघि बढाउने • कृषि, पशुपन्छी, इन्जिनियरिङ, स्वास्थ्य लगायतका प्राविधिक शिक्षालाई विद्यालय स्तरबाटै अघि बडाउन आवश्यक व्यवस्थाकालागि संघीय सरकार समक्ष आवश्यक पहल र पैरवी गर्ने • सामुदायिक तथा संस्थागत विद्यालयको पाठ्यक्रम, भौतिक पूर्वाधार, विद्यालय वातावरण, शिक्षक तथा कर्मचारी व्यवस्थापन र आर्थिक व्यवस्थापन र परिचालनका विषयमा आवश्यक नियमन गर्ने व्यवस्था मिलाउने
२	नगरपालिका क्षेत्र भित्रका बालविकास केन्द्र र पूर्व प्राथमिक विद्यालय,सामुदायिक तथा संस्थागत विद्यालय तथा उच्च	• बालमैत्री विद्यालयकालागि भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर सुधार सम्वन्धी निर्धारित न्यूनतम सूचकहरूको अवस्था सुदृढीकरण गर्ने • नगरपालिका क्षेत्र भित्र सवै वडाका बालविकास केन्द्र तथा सवै सामुदायिक विद्यालय, उच्च शिक्षालायमा बालमैत्री सूचकका आधारमा सुविधायुक्त न्यूनतम भौतिक पूर्वाधार (भवन, कार्यालय तथा कक्षा कोठा, फर्निचर तथा डेष्क बेञ्च, छात्र र छात्राकालागि अलग अलग शौचालय, छात्राहरूकालागि आवश्यक सामाग्रि

	शिक्षाकालागि स्थापित शिक्षण संस्थाहरू मापदण्ड बमोजिमका न्यूनतम भौतिक पूर्वाधार निर्माण गरी सुविधा सम्पन्न बनाउने	सहितको चेन्जिङ कक्ष, खानेपानी, इन्डोर तथा आउटडोर खेलमैदान, विज्ञान प्रयोगशाला, पुष्तकालय, कम्प्यूटर सहितका शैक्षिक उपकरण, बगैंचा, जनशक्ति व्यवासथपन समेत) लगायतका अनुसूचि ३ मा उल्लेख भए बमोजिमका आधारमा भौतिक पूर्वाधारहरू निर्माण, विकास तथा व्यवस्थापन गर्ने ● संस्थागत विद्यालयहरूले बालमैत्री विद्यालय सूचक बमोजिमका भौतिक पूर्वाधारहरूको अनिवार्य व्यवस्था गर्नु पर्ने बाध्यकारी व्यवस्था गर्ने ● संरचनागत विकास तथा नियमनकारी व्यवस्था मिलाई साधारण एवं प्राविधिक गरी दुवै धारको पठान पाठन गराउने विद्यालयहरूलाई नगद अनुदानको व्यवस्था मिलाउने
३	विद्यालय उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गर्ने साथै बिचैमा विद्यालय छाड्ने दर घटाउने	● सामाजिक नक्साङ्कनका आधारमा विद्यालय उमेरका तर विद्यालय जाने अवसर बाट बन्चित रहेका बालबालिकाहरूको अवस्था विवरण सहितको तथ्याङ्क संकलन गर्ने ● लक्षित वर्गका बालबालिकाको विद्यालयमा पहुँच वृद्धिकालागि अभिभावक शिक्षा तथा पिछडिएका गरिव टोलबस्ती लगायतमा विद्यालय भर्नाका लागि जनचेतनामुलक घरदैलो कार्यक्रम सञ्चालन गर्ने ● नगरपालिकाका सवै विद्यालयमा पूर्व प्राथमिक शिक्षा कार्यक्रम तथा नगरपालिका क्षेत्रका गरिव, सुकुम्बासी वस्तिहरूमा आवश्यकता बमोजिम प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना तथा सञ्चालन गर्ने ● सवै सामुदायिक विद्यालायमा अध्ययनरत बालिकाहरूका लागि सेनिटरी प्याडको प्रयोगको विकास र सुनिस्चितता गर्ने ● अनौपचारिक शिक्षा तथा बालशिक्षा कार्यक्रम सञ्चालनगर्ने ● अति गरिव तथा बिपन्न बर्गका बालबालिकाहरूलाई निशुल्क शैक्षिक सामग्री र छात्रबृतिको व्यवस्थापन गर्ने ● अनाथ, असहाय साथै सडक बालबालिकाहरूकालागि खाना, नाना र बास सहितको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ● नगरपालिकाका सवै वडामा साक्षरता अभियान सञ्चालन गर्ने ● कक्षा ६ देखि माथिका विद्यालयमा कम्प्यूटर शिक्षा सहितको प्राबिधिक शिक्षालाई अनिवार्य गर्ने ● **"घरमा जे पाक्छ त्यहि लग्छ"** भन्ने उद्घोषका साथ बालबालिकाकालागि विद्यालय खाजा कार्यक्रमलाई अनिवार्य र व्यवस्थित गर्ने
४	बालमैत्री वातावरण विकास गरी शैक्षिक गुणस्तर सुधार गर्ने	● सवै विद्यालयहरूले बालमैत्री वातावरणमा आफ्ना शैक्षिक कार्यक्रमहरू व्यवस्थित गरी सञ्चालन गर्ने गराउने साथै सवै वडामा सम्भाव्य १-१ वटा नमुना विद्यालय घोषणाका साथ आवशयक न्यूनतम पूर्वाधार तयार गरी क्रमिक रुपले कक्षा ३ सम्म झोला रहित शिक्षण कार्यक्रम सञ्चालनको सुरुवात गर्ने ● विद्यालय शैक्षिक गुणस्तर सुधार अभियान अन्तरगत गुणस्तर सुधार, विद्यालय व्यवस्थापन विकासमा सिप, दक्षता र अनुभवको आदान प्रदान गर्न सामुदायिक तथा संस्थागत विद्यालय बिच सिप तथा दक्षता साझेदारी कार्यक्रम सञ्चालन गर्ने

		• सवै विद्यालयमा आवश्यक दरवन्दी श्रृजना सहित दक्ष जनशक्तिको व्यवस्थापन गर्ने • सवै विद्यालयमा खेलकुद सामग्रीको व्यवस्थापन गर्ने गराउने • नगरपालिकाका सवै सामुदायिक तथा सस्थागत विद्यालयहरूले कक्षा ५ देखि माथिका बालबालिकाको संम्लगनता रहने गरी अनिवार्य विद्यालय स्तरीय बालक्व गठन तथा परिचालन गर्ने • विद्यालयको समग्र विकासकालागि SMC / PTA को बैठक नियमित गर्ने साथै बालबालिकाको शैक्षिक विकासमा नियमित अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने • बालमैत्री विद्यालयकालागि आवश्यक अनुसूचि ३ मा उल्लेख भएका समेत न्यूनतम भौतिक पूर्वाधारसहितका श्रोत र साधन तयार गरेका निजी स्तरमा सञ्चालित तथा सञ्चालन हुने प्रस्तावित विद्यालयहरूलाई मात्र स्तरोन्नती, सञ्चालन सिफारिस तथा स्वीकृति दिने व्यवस्था गर्ने • सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूको क्षमता विकासकालागि आवश्यक तालिमको व्यवस्था गर्ने तथा कार्य सम्पादन मूल्याङ्कन सूचक निर्माण गरी कार्यान्वयनमा ल्याउने • प्राविधिक विषयमा माध्यमिक तथा उच्च शिक्षा अध्ययन गर्ने अति गरिब तथा बिपन्न, पिछडा वर्ग, दलित, जानजाती तथा आदिवासी समुदायका बालबालिकालाई **<u>विर्तामोड दिब्य ज्ञान ज्योती</u>** छात्रवृतिको व्यवस्था गर्ने • सिकाई उपलब्धी र उतिर्ण संख्याको आधारमा १ विद्यालय १ शिक्षकका दरले उत्कृष्ठ विद्यालय र उत्कृष्ठ शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने • सवै विद्यालयमा स्मार्ट बोर्ड निर्माण (फ्रि वाई फाई जोन निर्माण) तथा सिसिटिभि जडान गर्ने । • सबै विद्यालयमा सिसिटिभि जडान गरि शाखामा इन्टरनेट मार्फत वैज्ञानिक र प्रविधियुक्त अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषणको व्यवस्था मिलाउने । • बिद्यार्थि संख्या ज्यादै न्यून रहेका विद्यालयको समायोजन गर्ने (मर्जर गर्ने) • प्रत्येक विद्यालयमा उजुरी तथा सुझाव पेटिकाको व्यवस्था गर्ने • नगरपालिका शिक्षा शाखाको नेत्रीत्वमा नियमति अनुगमनकालागि सरोकारवाला सहभागि रहेको अनुगमन सम्यन्त्र निर्माण गर्ने साथै विद्यालयमा बालबाकिलाको उपस्थिति, भर्नादर, विद्यालय गतिविधिको जानकारीकालागि सफ्टवयरको निर्माण गरी नगरपालिका शिक्षा शाखामा आवद्ध गर्ने • सवै विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभवक तथा सहयोगी र साझेदार सस्थाहरूको समेत अलग अलग आचार संहिता निर्माण गरी कार्यान्वनयमा ल्याउने • आर्थिक पारदर्शिता र गुणस्तर सुधारकालागि प्रत्येक विद्यालायले सार्वजनिक सुनुवाईलाई कार्यान्वनयमा ल्याउने • नगरपालिका क्षेत्र भित्रका सवै विद्यालयहरूको सहभागितामा एक **"बालमैत्री विद्यालय निर्माण विकास समन्वय समिति"** को व्यवस्था गरी नगरपालिका शिक्षा

		समितिको प्रमुख साझेदार सहयोगीको रुपमा स्थापित गर्ने
५	प्राविधिक र व्यवसायिक शिक्षाको विकास र विस्तार बाट दक्ष, क्षमतावान र सीपयुक्त जनशक्ति उत्पादन गर्ने	• प्रत्येक सामुदायिक विद्यालयको कक्षा ७ देखि माथि प्राविधिक धारको पठन पाठन सञ्चालन गर्ने • सीपको बदलिदो आवश्यकतालाई परिपूर्ति गर्न पेशा र व्यवसाय सँग सम्बन्धित सल्लाह सेवा प्रवाह गर्ने (Carrier Counseling Service) प्रणालीको विकास गर्ने • प्राविधिक धारको पठापाठन गराउने विद्यालय साथै व्यवासायिक तालिमा प्रदायक शैक्षिक संस्थालाई आवश्यक प्राविधिक ज्ञान र सीप विकासकालागि विश्वविद्यालय तथा क्याम्पसहरू सँग साझेदारी गर्ने • प्राविधिक ज्ञान र सीप भएका जनशक्तिको रोजागारीको सुनिस्चितताकालागि रोजागार दाता फर्म, उद्योग, प्रतिष्ठानहरूसँग समन्वयात्मक साझेदारी गर्ने • अनौपचारिक तथा बैकल्पिक सिकाई मार्फत सिकेका ज्ञान र सीपलाई आयमूलक कार्यक्रम सँग आवद्ध गरी कार्यान्वयनमा ल्याउने • यस पालिका भित्र रहेका परम्पारगत ज्ञान, सीप र प्रविधिको खोजी, संरक्षण र सम्बर्द्धन गर्दै वर्तमानमा विकसित भएका नयाँ ज्ञान, सीप र प्रविधि सँग आवद्ध गरी पालिकाको सर्वाङ्गिण विकासमा सदुपयोग गर्ने • यस पालिकामा रहि सेवा प्रवाह गरिरहेका शिक्षा, विज्ञान र प्रविधि सम्बद्ध सवै पक्षलाई सुशासन, पारदर्शिता र जवाफदेहिताका साथ शैक्षिक विकासकालागि तोकिएको कार्य सम्पादन र उपलब्धि प्रति जिम्मेवार बनाउने

५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ५.३ मा समावेश गरिएको छ ।

५.२.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

क) नगरपालिका क्षेत्र भित्रका सवै सामुदायीक तथा संस्थागत विद्यालय तथा उच्च शिक्षाकालागि स्थापित शिक्षण संस्थाहरू साथै बालविकास केन्द्र र पूर्व प्राथमिक विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती भई सुविधा सम्पन्न भएका हुनेछन् ।

ख) विद्यालय उमेरका सवै बालबालिका विद्यालय भर्ना भएका हुनेछन साथै समय अगावै विद्यालय छाड्ने दर घट्नुको साथै शिक्षाको अवसर बाट बन्चित पूर्व प्राथमिक विद्यालय तथा विद्यालय र उच्च शिक्षा उमेर समुहका सवै बालबालिकाको शिक्षामा पहुँच पुगेको हुनेछ ।

ग) विर्तामोड नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका तथा हुने सामुदायीक तथा संस्थागत विद्यालय तथा शिक्षालयमा बालमैत्री वातावरणको विकास र बर्तमान शैक्षिक गुणस्तरमा:सुधार भई सतप्रतिसत बालबालिका हरूले बालमैत्री वातावरणमा शिक्षा प्राप्त गरेका तथा गरिरहेका हुनेछन्

५.२.५.२ नतिजा/सूचक

१. भौतिक पूर्वाधार विकास

१.१ नगरपालिका क्षेत्र भित्रका सवै सामुदायीक तथा सस्थागत विद्यालय तथा उच्च शिक्षा प्रदान गर्ने शिक्षालयहरूमा देहाय बमोजिमका न्यूनतम भौतिक पूर्वाधारहरूको निर्माण विकास कार्य पुरा भएको हुनेछन् ।

- सुविधा सम्पन्न भवन, कक्षा कोठा तथा फर्निचर १०० %
- कम्पाउण्ड घेराबारा ९५ %

- विद्युतिकरण १०० %
- विद्यालय तथा सवै शिक्षालयमा छात्र छात्रा को लागि अलग अलग र र वास (Wash) सहितको पर्याप्त शौचालयको व्यवस्था १०० % साथै साम'दायीक सिकाई केन्द्रमा सुबिधा सम्पन्न वास (Wash) सहितको शौचालय निर्माण
- शुद्ध र सुरक्षित खानेपानी को सुविधा १०० %
- कक्षा ६ भन्दा माथिका कक्षामा अध्ययन गर्ने बालिकाकालागि चेन्जिङ कक्ष १०० %
- खाजा कक्ष निर्माण १०० %
- फोहरमैला व्यवस्थापन १०० %
- पुस्तकालय (ई-पुष्तकालय समेत) ७५ %
- विज्ञान प्रयोगशाला ७५ %

१.२ नगरपालिका क्षेत्रमा १ वटा कृषि विज्ञान समेतको प्राविधिक विद्यालय वा क्याम्पसको स्थापना र सञ्चालन गर्ने साथै सम्भाव्य माध्यमिक तहमा कृषि विज्ञान तथा प्राविधिक विषयको पठन पाठनको व्यवस्था मिलाउने

१.३ विर्तामोड नगरपालिका भित्र सञ्चालनमा रहेका सवै धार्मिक विद्यालयहरू बर्तमान ऐन कानूनको परिधि भित्र रहि सामुदायीक विद्यालयमा रुपान्तरण भएका हुनेछन्

२.विद्यालय भर्ना तथा नियमितता

- सवै विद्यालयहरूमा न्यूनतम पूर्वाधार सहितका बाल विकास केन्द्रहरूको स्थापना र व्यवस्थापन भएको हुनेछ
- नगरपालिका क्षेत्रका ४ वर्ष सम्मका ८५ % बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्
- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिका हरू विद्यालय भर्ना भएका हुनेछन्
- ५ देखि १२ वर्ष उमेर समूहका ९५ % बालबालिकाले आधारभूत शिक्षा (१ कक्षा देखि ८ सम्म) क्रमिक रुपले पुरा गर्दै गरेका हुनेछन् ।
- आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्थापन गरी औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्थाको सुरुवात भएको हुनेछ
- बालबालिकाले विचैमा विद्यालय छाड्ने (Dropout) दर ९५ % ले घटेको हुनेछ ।

३.बालमैत्री वातावरण र गुणस्तर सुधार

- सवै सामुदायीक तथा संस्थागत रुपमा सञ्चालित बालकक्षा, पूर्व प्राथमिक विद्यालय र सो भन्दा माथिका सवै विद्यालाय तथा शिक्षालयमा बालमैत्री वातावरणमा पठनपाठन प्रकृया र पद्धतिको विकास भई बालमैत्री विद्यालय घोषणा भएका हुनेछन
- प्रत्येक वर्ष प्रत्येक वडाका कम्तिमा १-१ वटा श्रोत साधन युक्त नमुना विद्यालय विकास हुँदै जानेछन साथै इच्छुक कुनै १ वटा माध्यमिक विद्यालयमा **बिद्यार्थी कृषि सहकारी कार्यक्रम** सञ्चालन भई प्राविधिक कृषि शिक्षा कार्यक्रम सञ्चालन भएको हुनेछ
- विर्तामोड नगरपालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतक पक्ष समेत समेटेको स्थानीय पाठ्यक्रमको विकास भई कार्यान्वयनमा आएको हुनेछ ।
- बालबालिकाको बर्तमान सिकाई उपलब्धिमा २ अंकले बढोत्तरी भएको हुनेछ ।
- संघीय तथा प्रदेश सरकारको समेत सहयोगमा तालिम प्राप्त विषयगत दिक्ष जनशक्तिको व्यवस्थापन ९५ % पुगेको हुनेछ
- सामुदायीक सिकाई केन्द्र (CLC) लाई भौतिक पूर्वाधार सहित सुविधा सम्पन्न भएका हुनेछन् ।

५.१.६ अनुमान तथा जोखिम पक्ष

बालमैत्री विद्यालय व्यवस्थापन र गुणस्तर सुधारकालागि आर्थिक तथा प्राविधिक पक्ष बलियो रहेको हुनेछ । विषयगत जनशक्ति व्यावस्थान पूर्ण भएको हुनेछ ।

५.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	शिक्षा, विज्ञान तथा नव प्रवर्तन	• नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरसभाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • शिक्षा शाखाका अभिलेख • विद्यालय तथा शिक्षालयहरूका अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • शिक्षा शाखा • विद्यालय तथा शिक्षालयहरू **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान ऐन कानून • स्रोत र साधनको अभाव • सहयोगी तथा साझेदार संघ संस्थाको अभाव • प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • प्रविधियुक्त पाठ्यक्रम र पठ्य पुष्तकको अभाव

५.३ खानेपानी तथा सरसफाई

५.३.१ पृष्ठभूमि

शुद्ध र सुरक्षित खानेपानी उपभोग गर्न पाउनु साथै स्वस्थ र सुरक्षित वातावरणमा जन्मन तथा हुर्कन पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । खानेपानीको गुणस्तर र सरसफाईको प्रभावकारिताले मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । वर्तमान संबिधानले यस क्षेत्रलाई नेपालीको मौलिक हकको रुपमा स्थापित गरेको छ । दिगो विकास लक्ष्यमा समते खानेपानी र सरसफाइलाई प्रधानता प्रदान गरी विषयगत परिमाणात्मक लक्ष्यहरू समेत किटान गरेको अवस्था छ भने नेपालको पन्द्रौ योजनाले समेत यसबारेमा स्पष्ट व्यवस्था गरेको छ । वर्तमान अवस्थामा नेपालका ८९ प्रतिसत मानिसहरूले आधारभूत स्तरको र २१ प्रतिसतले सुधारिएको (उच्च तथा मध्यम स्तरको) खानेपानी सेवा प्राप्त गरिरहेका छन् भने ९९ प्रतिसत घरपरिवारले आधारभूत स्तरको सरसफाई सेवाको उपभोग गरिरहेको अवस्था छ । स्वास्थ्य र सरसफाई मानव सभ्यताको एक प्रमुख सूचक हो । सुद्ध र सुरक्षित खानेपानी तथा आधारभूत स्तरको सरसफाईको पहुँच बृद्धि सँगै समग्रमा नेपालीको सरदर आयुमा बृद्धि गर्न, बाल मृत्यूदरलाई कम गर्न सहयोग पुगेको छ भने नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा बृद्धि तथा बालबालिकाको विद्यालयमा उपस्थिति दर र सर्वसाधारण नागरिकको सामाजिक रहन सहनमा सुधार गर्न योगदान पुगेको छ ।

बिर्तामोड नगरपालिकामा नेपालकै उत्कृष्ट खानेपानी योजना छ । हाल बिर्तामोड नगर भित्रका शहरी क्षेत्रमा खानेपानीले आफ्नो सेवा विस्तार गरेको पाइन्छ भने नगर भित्र अझैपनि करिव ७४.३६ प्रतिशत जनता सफा तथा शुद्ध खानेपनी र सरसफाइको व्यवस्थित प्रयोग गर्नबाट बन्चित छन् । खानेपानी संस्थानले आफ्नो क्षमता वृद्धि गर्ने कार्यमा अगाडि बढन सकेको देखिन्दैन भने जन स्तरबाट अत्याधिक माग रहेको छ । नगरपालिकाका सबै वडाहरुमा खानेपानी सुविधा दिगोरुपमा विकास गर्न जमिन र सो ठाउँमा खानेपानी टेंकीको थप व्यवस्थापन गर्न जरुरी देखिन्छ । आम नगरबासीहरुमा शुद्ध खानेपानी र सरसफाइ तथा शौचालय प्रयोगमा चेतना अभिवृद्धि भई सकेको छैन् । यस्तो अवस्थालाइ सुधार गरि व्यवस्थित नगर बनाउन यो आवधिक योजनामा शुद्ध खानेपानी र सरसफाई सम्बन्धि विशेष कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

५.३.२ समस्या तथा चुनौती

५.३.२.१ समस्या

नगरपालिका क्षेत्रमा अपेक्षा गरिए बमोजिम खानेपानी पूर्वाधारहरू निर्माण गर्न तथा खानेपानी सेवालाई सुरक्षित र भरपर्दो बानउन सकिएको छैन । प्राकृतिक तथा मानवजन्य कृयाकलापले पानीको स्रोतहरू सुक्दै जाने खतरा रहेको छ । शुद्ध खानेपानी सबै वडाहरुमा पुऱ्याउन सकिएको छैन भने नियमित र स्थानगत पानीको परिक्षण गर्ने सेवा सुविधा नभएका कारण ट्यूवेलको पानी प्रयोग गर्ने अधिकांस नगरबासिहरू आर्सनिकयुक्त पानीको प्रयोग गर्न बाध्य रहेका छन् । मानव वस्तीको विकास र विस्तार सँगै मानवीय कृयाकलापका कारण सिर्जित हुन गएको फोहोरमैलाको उचित व्यवस्थपन स्थल र प्रविधिको प्रयोग गर्न नसकिएका कारण बस्ती, नदीनाला, जलाशय तथा वातावरण प्रदूषित हुने क्रम बढ्दै गएको छ । अझै केहि घरपारिकारको पारिवारिक शौचालय नवनेको, सरसफाइ र शौचालयको प्रयोगमा कमि रहेको, सवै विद्यालयमा बालबालिकाकालागि अलग अलग र पर्याप्त मात्रामा शौचालयको व्यवस्था हुन नसकेको, विद्यालयमा बालकाकालागि चेन्जिङ कक्षको व्यवस्था हुन नसकेको, सार्वजनिक स्थलमा पर्याप्त शौचालयको व्यवस्था हुन नसकेको जस्ता समस्या तथा आभाव कायमनै रहि रहेको छ ।

५.३.२.२ चुनौती

नेपालको संबिधानले मौलिक हकको रुपमा स्थापित गरेको खानेपानी तथा सरसफाईको अधिकार अनुरुप प्रत्येक वडामा खानेपानीका लागि जमिनको व्यावस्था गरी डिप बोरीङ्ग र टेंकी सहित सवै नगरपालिकाबासिलाई शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउन, जमिन मुनिबाट प्रयोग गरिएका पानीहरुको शुद्धता परिक्षण गरि व्यवस्थापन गर्न, दिन प्रति दिन ह्रसहँदै गएका खानेपानी मुहान तथा श्रोतहरूलाई पहिलेकै अवस्थामा ल्याउन, सरसफाईका संरचनालाई जलवायु परिवर्तन अनुकुल र वातावरण र विपद् व्यवस्थापन मैत्री बनाउन, बालबालिकाहरुमा शुद्ध खानेपानी र सरसफाई सम्बन्धी चेतना अभिबृद्धि गर्न, लक्षित बर्ग र समुदायमा सरसफाइ तथा शौचालय निर्माण तथा प्रयोगकालागि आनिवानीको विकास गर्न, सार्वजनिक शौचाल निर्माणकालागि उपयुक्त स्थानमा जग्गा व्यवस्थापन गर्न, बढ्दो सहर उन्मुम बस्ति विकासको माग धान्नेगरीको पूर्व तयारीमा बस्न, खानेपानी तथा सरसफाईकालागि आवश्यक संरचनाको निर्माण तथा व्यवस्थापन गर्न, मानव सिर्जित फोहोरमैलालाई आधुनिक प्रविधिको प्रयोग बाट मानव उपयोगि बनाउन यस पालिकाकालागि यस क्षेत्रका केहि महत्वपूर्ण चुनौती रहेका छन् ।

५.३.३ संभावना तथा अवसर

प्रत्येक वडामा जमिन मुनिबाट पानी निकालि सुरक्षित उपयोग गर्न सक्ने अवस्था, वर्तमान व्यवस्था बमोजिम टोल बस्ती स्तर बाट योजना तर्जुमा गर्ने प्रकृया र पद्धतीको विकास, नगरपालिको सेवा प्रवाह इकाईका रुपमा स्थापित वडा कार्यालय र तीनका सहयोगीको स्थापित हुँदै गएका टोल सङ्गठन र सामुदायिक संघ संस्थाको कृयाशिलता, जीवनशैलीमा आएको परिवर्तन, चेतनाको सकारात्मक अभिबृद्धि, प्रविधिको विकास र विस्तार, नगरपालिकाको अधिकार सहितको नेत्रीत्व, निजी क्षेत्र साथै समुदायको सहयोग र सहभागितामा क्रमिक बृद्धि, संघीय तथा प्रदेश सरकार लगायत विकास साझेदारको सहयोग र चासो यस क्षेत्रका संभावना र अवसरको रुपमा रहेका छन् ।

५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

५.३.४.१ लक्ष्य

आगामि ५ वर्ष भित्र बिर्तामोड नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने कम्तिमा ९० प्रतिशत जनताहरुलाई सफा, शुद्ध र सुरक्षित खानेपानी र सरसफाईको संमुचित व्यवस्थापन गर्ने

५.३.४.२ उद्देश्य

१. जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापन मैत्री खानेपानी तथा सरसफाई सेवाको सुनिस्चित गर्नु

२. हाल संचालनमा रहेका टेंकीहरुको मर्मत संभार तथा सुधार गर्ने, आवश्यकता अनुसार खानेपानी टेंकी निर्माण गर्ने तथा बैज्ञानिक तवरले खानेपानी नपुगेको स्थानमा धारा विस्तार गरी सवै नगरबासिलाई शुद्ध र सुरक्षित खानेपानी उपभोगको सुनिस्चिता गर्नु

५.३.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ५.१ र ५.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	खानेपानी व्यवस्थापनका आवश्यक भौतिक पूर्वाधार निर्माण विकास गरी सहज रुपमा शुद्ध, स्वच्छ, सफा र गुणस्तरीय खानेपानी उपभोगको सुनिस्चिता गर्ने	**भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर सुधार** ● आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ● खानेपानीका मुहान तथा श्रोतहरूको संरक्षण सम्बर्द्धन एवं विकास गर्ने सहितको खानेपानी व्यवस्थापन गुरुयोजना तयार गर्ने ● बर्तमान खानेपानी सुविधाको वास्तविक अवस्थाको तथ्याङ्क अध्यवधिक गर्ने ● अनुसूचि ३ मा प्रस्ताव गरिए बमोजिमका खानेपानी आयोजनाहरू नगरपालिकाका सवै वडाका सम्भव रहे सम्म सवै घरपरिवार लाभान्वित हुने गरी निर्माण गर्ने ● जग्गाको अभाव रहेका वडाहरूमा खानेपानी सङ्कलन टैंङ्की निर्माणकालागि आवश्यक जग्गा जमिनको व्यवस्था गर्ने ● स्वच्छ खानेपानिकालागि समुदाय स्तरीय खानेपानी सङ्कलन टैंङ्कीको निर्माण तथा सम्भव रहेसम्म सडक सञ्जालमा आधारित पाईपलाईन र खानेपानी वितरणको व्यवस्था गर्ने ● एक घर एक खानेपानी धारा निर्माण कार्यक्रम अन्तरगत खानेपानी पूर्वाधार विस्तार तथा उपभोगलाई नगरपालिका बाट प्रवाह हुने सेवा सँग आवद्ध गर्ने ● सवै बिद्यालाय तथा सार्वजनिक भवन र स्थानमा शुरक्षित खानेपानी पूर्वाधारको विकास अनिवार्य गर्ने ● प्रत्येक टोल बस्तीमा शुद्ध र सुरक्षित पानीको उपभोगका बारेमा जनचेतना अभियान सञ्चालन गर्ने ● सवै घरपरिवावरले पानीको प्रयोग गर्दा फिल्टर गर्ने वा शुद्धिकरण गर्ने तथा उमालेर मात्र पिउने बानिको विकासकालागि सचेतना अभियान सञ्चालन गर्ने ● छिमेकी पालिका तथा परिक्षण प्रयोगशाला समेतको साझेदारीमा नगरपालिकाले खाद्य तथा पानीको नियमित परिक्षणको मिलाउने साथै विपद् पछिको खानेपानीको सम्भावित समस्यालाई व्यवस्थापन गर्ने आवश्यक पूर्वाधार तयार गर्ने

२	सवै घरपरिवार र सर्वजनिक स्थलहरूमा सुविधा सम्पन्न शौचालयको निर्माण गरी खुला दिशा मुक्त क्षेत्रको पूर्ण कार्यान्वयन गर्ने साथै सुरक्षित र व्यवस्थित शौचालयको पूर्ण प्रयोगको सूनिस्चितता गर्ने	**भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर** ● शौचालय नभएका घरपरिवारको पुरक बिबरण सङ्कलन गर्ने ● अनुसूचि ३ मा प्रस्ताव गरिएका साथै सम्भाब्य अन्य घना बस्ति भएका वडाहरूमा आवश्यकताका आधारमा सार्वजनिक शौचालय निर्माण गर्नु पर्ने स्थानको पहिचान गरी जग्गाको व्यवस्थापन गरी नयाँ शौचालय निर्माण गर्ने ● सार्वजनिक सेवा प्रवाह हुने सवै सरकारी तथा गैरसरकारी कार्यालय, सभा सम्मेलन केन्द्र, पर्यटकीय क्षेत्र, खेलमैदान लगायतका स्थान र क्षेत्रमा सम्बन्धित सरोकारवालाले प्रयोग गर्न मिल्ने गरी ब्यवस्थित शौचालय निर्माणलाई अनिवर्या गर्ने ● पारिवारिक तथा सार्वजनिक शौचालयमा पर्याप्त पानीको व्यवस्थापन सहित सरसफाईको विश्वासिलो र भरपर्दो आधार तयार पार्ने ● अति बिपन्न परिवार (जस्ले शौचालयको निर्माण गर्न सक्ने अवस्था छैन) को हकमा शौचालय निर्माणकालागि नगरपालिका बाट अनुदान सहयोग उपलब्ध गराउने वा बैकल्पिक व्यवस्था गरी शौचालय निर्माण गर्ने गराउने ● पारिवारिक तथा सार्वजनिक सवै शौचालयहरू बालमेत्री तथा अपाङ्गमेत्री समेत वनाउन अनिवर्या गर्ने ● शौचालयको नियमित प्रयोग र त्यस बाट पुग्ने फाईदा लगायत शौचालयको प्रयोग पछी सावुनपानीले हातधुनु पर्ने आवश्यकताका बारेमा जनचेतना अभियान सञ्चालन गर्ने ● पारिवारिक शौचालयको निर्माण र नियमित सरसफाईलाई नगरपालिकाको सेवा प्रवाह सँग आवद्ध गर्ने तथा अनुगमन मूल्याङ्कन मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन
३	खानेपानी तथा सरसफाई आयोजनाहरूलई जलवायु अनुकूलत तथा विपद् जोखिम न्यूनिकरण हुने गरी दिगोपना कायम गर्ने	● खानेपानी तथा सरसफाई सेवाको डिजाईन सहितको प्रारुप तथा निर्माणमा जलवायु परिवर्तन प्रभाव न्यूनिकरणका मूलभूत सिद्धान्त र प्राविधिक पद्धती अवलम्बन गर्ने ● भूमिगत पानीको पुनर्भरण गर्ने उपाय र प्रविधिको प्रयोग गर्ने ● सडक, पुल तथा भवन जस्ता भौतिक पूर्वाधार निर्माण गर्दा तथा बनजङ्गलको सदुपयोग गर्दा पानीका प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धनकालागि विशेष अभियान सञ्चालन गर्ने ● खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाको छनौट, प्राथमिकिकरण र निर्माणमा नगरपालिकाको क्षमता विकास गर्ने ● प्रदेश तथा संघीय सरकार साथै विकास साझेदारको सहयोग र सहकार्यलाई थप व्यवस्थित बनाउन समन्वयात्मक कार्यलाई प्रभावकारी बनाउने

५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ५.३ मा समावेश गरिएको छ ।

५.३.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

- खानेपानीका आवश्यक भौतिक पूर्वाधार निर्माण विकासका साथमा विर्तामोड नगरपालिका क्षेत्र भित्रका सवै नगरपालिकाबासिले सहज रुपमा शुद्ध, स्वच्छ, सफा, सुरक्षित र गुणस्तरीय खानेपानीको उपभोग गर्न पाएका हुनेछन साथै पिउने पानीका कारण लाग्ने रोगको प्रकोपमा ९० % ले कमी आएको हुनेछ
- विर्तामोड नगरपालिका क्षेत्रमा बसोबास गर्ने सवै घरपरिवारले अनिवार्य रुपमा सुरक्षित र व्यवस्थित शौचालयको पूर्ण प्रयोग गरेका हुनेछन् साथै सवै सर्वजनिक स्थलहरूमा सुविधा सम्पन्न शौचालयको निर्माण भई खुला दिशा मुक्त क्षेत्रको पूर्ण कार्यान्वयन भएको हुनेछ साथै खुला दिसाका कारण नगरपालिकाबासीमा लाग्ने रोगब्याधिमा ९५ % ले कमि आएको हुनेछ

५.३.५.२ नतिजा/सूचक

१. खानेपानी

१.१ खानेपानी व्यवस्थापन सम्वनधी स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ

१.२ प्राथमिकता नं. P1 मा परेका आवश्यक खानेपानीका पूर्वाधारहरू मर्मत सम्भार, नयाँ निर्माण तथा पुनरनिर्माण भई सञ्चालनमा आएका हुनेछन साथै एक घर एक खानेपानी धारा अभियान अन्तरगत सवै वडाका कम्तिमा ९५ % घरपरिवारमा स्वच्छ खानेपानीको सुविधा पुगेको हुनेछ

१.३ विर्तामोड नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका तथा सञ्चालनमा आउने सवै विद्यालय, सार्वजनिक स्थलमा रिजर्वायर टेङ्की सहितको पाइपलाईन बाट स्वच्छ र सुरक्षित खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ

१.४. नगरपालिकामा खाद्य पदार्थ तथा खानेपानी परिक्षाणकालागि उपयुक्त परिक्षण प्रयोगशाला सँग साझेदारी गरी वा आफ्नै प्रयोगशाला निर्माण तथा सञ्चालन गरी नियमित परिक्षणको कार्य भएको हुनेछ

१.५. नगरपालिका क्षेत्रा भित्र खानेपानीका कारण मानिसमा लाग्ने रोगमा ९५ % ले कमि आएको हुनेछ ।

२. शौचालय तथा सरसफाई

२.१ नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने सवै घरपरिवारको आ-आफ्नै पारिवारिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन भई पूर्ण रुपले प्रयोगमा ल्याएका हुनेछन्

२.२ बसपार्क, हाटबजार क्षेत्र, मुख्य बजार क्षेल, पर्यटकीय स्थल, सरकारी तथा गैरसरकारी कार्यालय लगायतका सार्वजनिक स्थालहरूमा सुविधयुक्त सार्वजनिक शौचालयहरूको निर्माण भई पूर्ण रुपले सञ्चालनमा आएका हुनेछन् साथै नगरपालिका पूर्णकालिन खुला दिशामुक्त क्षेत्रको रुपमा स्थापित भएको हुनेछ

२.३ वर्तामोड नगरपालिका पूर्ण सरसफाईको अभियानगत योजना तथा कार्यक्रम बाट खुला शौच र सरसफाईमा हुने गरेको असावधानीका कारण उत्पन्न हुने रोगब्याधिमा ९५ % ले कमि आएको हुनेछ

५.३.६ अनुमान तथा जोखिम पक्ष

स्थानीय ऐन कानूनको समेत व्यवस्था भई खानेपानी तथा सरसफाईका कार्यमा संघीय, प्रदेश सरकार, विकास साझेदरको सहयोग र समन्वयमा विस्तार भएको हुनेछ । स्थानीयबासिमा स्वास्थ्य र सरसफाईका बारेमा पूर्ण सचेतनाको विकास भएको साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून भएको हुनेछ ।

५.३.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	खानेपानी	• नगरसभाको निर्णय पुस्तिका	**१. प्रमुख जिम्मेवारी**	• विद्यमान ऐन कानून

	तथा सरसफाई	• नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • सम्बन्धित शाखाका अभिलेख • सरसफाई सँग सम्बन्धित संघ संस्थाका अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	• नगर कार्यपालिका • खानेपानी तथा सरसफाई शाखा • स्थानीयबासी **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला • टोल विकास वा सामुदायिक संघ संस्था र निजी क्षेत्र	• उपयुक्त स्थानमा जग्गा जमिनको अभाव • स्रोत साधनको अभाव/अपर्याप्तता • सहयोगी तथा साझेदार संघ संस्थाको अभाव • प्रविधि तथा उपकरणको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

५.४.१ पृष्ठभूमि

लैङ्गिक समाना तथा महिला सशक्तिकरण, बालमैत्री स्थानीय शासनको माध्यम बाट बाल अधिकार संरक्षण र सम्बर्द्धन साथै लक्षित बर्गको सामाजिक समावेशीकरण र सशक्तिकरण आजका मूख्या सवालहरूको रुपमा रहेका छन् । नेपालको वर्तमान संबिधानले महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मतृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सवै निकायमा समानुपातिक र समावेशीताका आधारमा सहभागि हुने हक लाई मौलिक हकको रुपमा स्थापित गरेको अवस्था छ ।

संबिधानत बालबचाउ, बाल संरक्षण, बाल विकास र वाल सहभागिता जस्ता विषयहरू समेटी सर्वाङ्गिण विकासको आधार निर्माण गर्न बालबालिकाको हकलाई समेत मौलिक हकमा राखेको अवस्था छ । संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महाँसन्धी, १९८९ को पूर्ण कार्यान्वयनकालागि नेपाले प्रतिवद्धता जाहेर गरी सोहि बमोजिमका नीति, कानून, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन व्यवस्थपन समेत गर्दै आएको अवस्था छ । दिगो विकास लक्ष्यमा समेत बालबालिकाको हक अधिकार स्थापित गर्न विषयगत परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । अन्तराष्ट्रिय स्तरमा गरिएका सन्धी सम्झौता बमोजिम नेपालले महिला, बालबालिका तथा किसोरकिसोरी विरुद्ध हुने सवै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गर्ने सङ्कल्प सहितका परिमाणात्मक लक्ष्य पन्द्रौं योजना मार्फत स्पष्ट रुपले अघि सारको अवस्था छ ।

गरिवी न्यूनिकरण, मर्यादित जीवन र सुरक्षित भविश्यको सुनिस्चितताकालागि सामाजिक सुरक्षा र संरक्षण एक अनिवार्य सर्त हो । सामाजबाद उन्मुख लोककल्याणकारी राज्यको अवधारण बमोजिम कमजोर, बिपन्न र विभिन्न जोखिममा रहेका प्रत्येक नागरिक र समुदायको जीवनयापनलाई सहज बनाउन र सवै नागरिकको जीवन सुरक्षित, संरक्षित र गुणस्तरीय बनाउन सामाजिक सुरक्षा उपलब्ध गराउनु तीनै तहका सरकारको दायित्व भित्र पर्दछ । यसै जिम्मेवारी र दायित्व बोधका साथ यस पालिकामा समेत समाजमा पछि परेका तथा पारिएका व्यक्ति, परिवार वा समुह, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति समेतको सर्वोत्तम हित हुने गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन व्यवस्थापन हुँदै आएका छन् ।

बिर्तामोड नगरपालिकामा करिव ५१.३१ प्रतिशत महिलाहरुको संख्या रहेको र आर्थिक सामाजिक सास्कृतिक, राजनैतिक क्षेत्रहरुमा महिलाहरुको न्यून सहभागिताको विद्यमान अवस्था रहेको छ । यसै गरी बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिकहरु राज्यबाट प्रत्याभुत गरेका सेवा सुविधाहरुमा न्युन सहभागिता रहेको अवस्था छ । यस पालिकामा अझै पनि छुवाछुत प्रथाको अन्त्य हुन सकेको छैन भने जाती जाती बिचको विभेद सामान्यताय कायमनै रहेको अवस्था छ । सवै जातजाती भित्र महिला र बालबालिका प्रतिको हेराई र व्यवहारमा अझै पनि विभेद कायमै रहेको पाईन्छ । यती हुँदाहुदै

पनि यस नगरपालिकाले आफ्नो स्थापनाकाल बाटै माथि उल्लेख भए बमोजिमका राष्ट्रिय सङ्कल्प र नेपाल पक्ष रहेका सन्धी सम्झौता बमोजिमका कार्यक्रहरूलई नीतिगत र कानूनी आधार निर्माण गरी सञ्चालन व्यवस्थापन गर्दै आएको अवस्था छ । हाल बिर्तामोड नगरपालिकामा महिला तथा बालबालिका शाखाको स्थापना भै कार्य हुँदै आइरहेको छ । विगत वर्षहरुमा महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता अर्न्तगत लक्षित वर्गका लागि सचेतनामुलक, क्षमता अभिवृद्धि, नेतृत्व विकास, सिप विकास कार्यक्रमहरु संचालन हुँदै आएका छन् । साथै यस नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापन भई संचालन आएको छ । हाल कति महिलाहरु बैदेशिक रोजगारीमा गएको अवस्था र स्वदेशमा रहेका महिलाहरुको पनि शिक्षा, स्वास्थय, रोजगारीमा पहुँच नरहेकाले घरेलु हिंसाका घटना बडि रहेकाले महिला लक्षित कार्यक्रमहरु जस्तै उद्यमसिलता, स्वरोजगार, सचेतनामुलक शिक्षा, स्वास्थ्य जस्ता कार्यक्रमहरु अगाडि सारि रोजगारीका अवसरहरु सृजना गर्नु पर्ने देखिन्छ ।

५.४.२ समस्या तथा चुनौती

५.४.२.१ समस्या

महिला, बालबालिका तथा लक्षित वर्ग अन्तरगत यस पालिकामा महिला तथा बालिबालिका माथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, पित्रृसत्तात्मक सोच लगायत अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालई प्रश्रय र वढावा दिने सामाजिक संरचना, सोच, मूल्य र मान्यता, प्रथा तथा परम्परा केहि हद सम्म कायमनै रहनु, चेतना र सीपको अभाव रहनु साथै स्रोत साधनमापथको पहुँच स्थापित हुन नसक्नु महिला तथा बालबालिका माथि घरेलु, लैङ्गिक तथा यौनजन्य हिंसा विद्यमान रहनु, यस क्षेत्र सँग सम्बन्धित खण्डिकृत तथ्याङ्क तथा विवरणको कमि रहनु, यस प्रकारका घट्नालाई पारिवारिक तथा समाजिक रुपमानै लुकाउने प्रथा कायमै रहनु, सामाजिक तथा पारिवारिक बहिस्करणमा परेका महिला पूर्णरुपमा संरक्षण, पुनर्स्थापना, सशक्तिकरण र स्वावलम्बी बनाउन नसिकिनु, वेरोजगारी तथा परनिर्भताको अवस्था विद्यमान रहनु, सेफ हाउस, बाल सुधार गृह, जेष्ठनागरिक आश्रम, अपाङ्गता पुनरस्थापना केन्द्र जस्ता सामाजिक सुरक्षाको आधारभूत संरचना नहुनु, सरकारी तथा विकास साझेदार संस्था बाट हुने कार्यक्रममा समन्वयको कमि हुनु, जस्ता समस्या कायम रहेका छन् ।

सवै बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच नहुनु, बाल सहभागितको विषय ओझेलमा रहनु वा टोकनिजममा सिमित रहनु, विभिन्न सङ्गठित तथा असङ्गठित क्षेत्रमा श्रमिक बालबालिका रहनु, असहाय र अनाथ बालबालिकाको संरक्षण र उचित व्यवस्थापन हुन नसक्नु, सवै बालबालिका विद्यालय भर्ना नहुनु, पारिवारिक तथा सामाजिक रुपमा हुने नकारात्मक प्रभावका कारण विद्यालय भर्ना भएका बालिबालिका समेत विचैमा कक्षा छाड्न बाद्य हुनु, बालविवाह बाट बालिकाको जीवनमा हुने हानि नोक्सानी र जोखिमका बारेमा सवै अभिभवकलाई सचेत गराउन नसकिनु जस्ता समस्या यस क्षेत्रमा रहेका छन् ।

लक्षित वर्गलाई विकासको मुलधारमा समेटेर सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन नसकिएको, उपयुक्त र नतिजामूखि योजना तर्जुमा गर्न, लगानी र स्रोतको अनुमानलाई सकेसम्म यथार्थपरक बनाउन आवश्यक पर्ने आवश्यक सूचना र तथ्याङ्कको कमी हुनु, जातजाती विचको छुवाछुत प्रथा कायमनै रहनु, जाती जाती बिचको विभेद, महिला र बालबालिका प्रतिको हेराई र व्यवहारमा नकारात्मकता, जेष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्यापत हुन नसक्नु, जेष्ठ नागरिक सँग रहेको ज्ञान र सीपलाई नयाँ पुस्तामा हस्तारन्तरण हुन नसक्नु, सन्तानले आफ्ना बाबुआमा प्रति निर्वाह गर्नु पर्ने कर्तव्यमा ह्रस हुँदै जानु, असहाय, एकल, असक्त, वेवारिसे तथा पिडित जेष्ठ नागरिकको उचित संरक्षण र व्यवस्थापनमा कठिनाई रहनु, अपाङ्गमैत्री शिक्षाको अभाव रहनु, अपाङ्गता भएका बालबालिका विद्यालय बाहिर रहनु, भौतिक संरचना अपाङ्गमैत्री नहुनु, आर्थिक कृयाकलाप, सेवाको प्राप्ति र अवसरमा समान पहुँच हुन नसक्नु, सामाजिक सुरक्षा कार्यक्रममा निजी क्षेत्र र रोजगारदाताको सहभागिता न्यून रहनु जस्ता समस्या यस पालिकामा विद्यमान छन् ।

५.४.२.२ चुनौती

सारभूत रुपमा सामाजिक र आर्थिक जीवनमा लैङ्गिक समानाता कायम गर्ने, मूल प्रवाहीकरण बाट स्थानीय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको स्थापना र विकास गर्ने, स्थानीय तहका नीति, योजना तथा कार्यक्रमलाई पूर्ण रुपले

लैङ्गिकमैत्री बनाउने, महिलाहरूले गर्ने घरेलु श्रमलाई मूल्यमा मिलान गर्ने गरी अर्थतन्त्रको विकासमा महिलाको योगदानको गणना गर्ने पद्धती स्थापित गर्ने, सम्पति माथि सवै महिलाको हक स्थापित गर्ने साथै महिला माथि हुने सवै प्रकारका हिंसा, अपहेलना, विभेद र शोषणको अन्त्य गर्ने, पित्रृसत्तात्मक सोचको अन्त्यका साथ शिक्ष, स्वास्थ्य, रोजगारी साथै स्रोत र साधनमा महिलाहरुको पहुँच स्थापित गरी आत्मनिर्भर बनाएर विशेषत ग्रामिण महिलाको जीवनस्तर माथि उठाउने जस्ता कार्यहरू अझै पनि यस पालिकामा चुनौतिपूर्ण रहेका छन् ।

शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिता जस्ता विषयलाई केन्द्रमा राखि विद्यमान विश्वमा विकास भएको विज्ञान र प्रविधि अनुकूल बालबालिकाको हक हित संरक्षण र सम्बर्द्धन गर्ने, बालश्रम, बालविवाह लगायत पारिवारिक तथा सामाजिक रुपमा गहिरो जरो गाडेका कुरिती, कुसंस्कारमा आमुल परिवर्तन गरी हत्या, अपहरण, यौनहिंसा, दुर्व्यवहार, शोषण, उत्पिडनको अन्त्य गरी भय रहित पारिवारिक, सामुदायिक तथा सार्वजनिक वातावरण सिर्जना गर्न, अनाथ, असहाय र जोखिममा परको बालबालिकाको उद्धार गरी पुनस्थापना गर्ने, सामाजिक सञ्चारका श्रोतको सहिसदुपयोगको वातावरण विकास गर्ने जस्ता कार्य चुनौतीको रुपमा रहेका छन् ।

जेष्ठ नागरिकको सङ्ख्यात्मक बृद्धि सँगै सेवा सुविधाको व्यवस्थापन गर्ने, संरक्षण र हेरचाहको दिगो र भरपर्दो आधार निर्माण गर्ने, पारिवारिक तथा समाजिक रुपमा हुने हिंसा, दुर्व्यवहार, अपहेलना र बहिस्करणको अन्त्य गर्ने, जेष्ठ नागरिक सँग रहेका ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्ने, जेष्ठ नागरिककालागि पर्याप्त सुविधा सहितका आवश्यक दिवा सेवा केन्द्र तथा क्लव, आश्रमको व्यवस्थापन गर्न चुनौती रहेका छन् भने ऐन कानूनले निर्दिष्ट गरेका अपाङ्गमैत्री संरचना निर्माण गर्ने, स्रोत र साधनको समयोचित व्यवस्थापन गर्ने, आवश्यकताका आधारमा सेवा सुविधा र अपाङ्गताको सहायताकालागि निर्मित प्रविधि युक्त उपकरणको व्यवस्था गर्ने, सहयोगी र साझेदार व्यक्ति वा संघ संस्थाको पहिचान र व्यवस्थपन गर्ने, आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य तथा रोजगारीको समयोचित व्यवस्थापन गर्ने, विपन्न लक्षित वर्गलाई सामाजिक सम्मान र सहभागिताका साथ विकासको मूलधारमा समेट्ने जस्ता आधारभूत कार्य समेत यस पालिकाकालागि चुनौतीको रुपमा रहका छन् ।

५.४.३ संभावना तथा अवसर

नेपालका अधिकाङ्स बस्तीहरू ग्रामिण स्तरका छन् । संघीयता सँगै भएको राज्यको पुनरसंरचनाले अत्याधिक ग्रामिण बस्तीलाई सहर उन्मुख नगरपालिका अन्तरगत समेटेको अवस्था छ । नेपालको संबिधानले आवसको हकलाई मौलिक हकको रुपमा स्थापित गर्दै सवै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवसको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने, आवास विहिन नगारिकलाई आवास सुविधा उपलब्ध गराउने, अव्यवस्थित बसोबासलाई योजनाबद्ध विकासको माध्यम बाट व्यवस्थापन गर्ने साथै विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका परिवारलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रुपले सवल हुने गरी एकीकृत बस्तीमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था सहित नागरिकको सुरक्षित आवासको हकको पूर्ण प्रत्याभूति गरेको अवस्था छ ।

यस पालिका भित्र बढ्दो शहरीकरण सँगै आवस तथा व्यवसायिक भवन संरचनाको निर्माण र वस्ती विकास तिब्र गतिमा बढी रहेको हवस्था छ । स्थानीय भूउपयोग नीति तथा योजना तर्जुमा गरी विर्तामोड नगरपालिकाको सम्पूर्ण भू-भागलाई आवासीय क्षेत्र, औद्योगिक, व्यापारिक तथा व्यवसायिक क्षेत्र, कृषि तथा पशुपन्छी पालन क्षेत्र, पर्यटकीय क्षेत्र, वन क्षेत्र, कार्यालय तथा सेवा प्रवाह क्षेत्र लगायतका आवश्यक भू-उपयोगका क्षेत्रहरूमा विभक्त गरी सो मा आधारित संरचनागत निर्माण व्यवस्थापन हुनु पर्ने साथै भवन संहितालाई कडाईका साथ कार्यान्वयन गर्नु, हाल रहेका भवनको जोखिम परिक्षण गरी आवश्यकता अनुसार सवलीकरण गर्नु, वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त र सुरक्षित भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन, परम्परागत निर्माण प्रविधि र बस्तुकलाको संरक्षण, प्रोत्साहन र जगेर्ना गर्नु नगरपालिकाको जिम्मेवारी भित्र रहेको छ । वर्तमान अवस्थामा बिर्तामोड नगरपालिकामा ३०० भन्दा बढी टोल तथा वस्ति रहेको । अधिकांश वस्तिहरुमा कमिक रुपले उच्च घनत्व बढ्दै गईरहेको । शहरी क्षेत्रमा बाक्लो र ग्रामिण क्षेत्रमा छरिएको वस्ति रहेको । नगर क्षेत्र भित्र सार्वजनिक, सरकारी जग्गाहरु न्यून उपलब्धता रहेको । अझै पनि करिब ८०० परिवारहरुको निजि घर नभएको वा झुपडी रहेको अवस्था छ ।

६.१.२ समस्या तथा चुनौती

६.१.२.१ समस्या

भूउपयोग योजना तथा नीति तयार नभएको, यस पालिकाको ग्रामिण स्तरमा रहेको अधिकाङ्स बस्ती छरिएर रहेको साथै खोला किनार तथा सार्वजनिक जग्गामा सुकुम्बासी बस्ती रहेका, स्थानीयबासिले आफ्नो परम्परागत थाकथलो छाड्न कठिन भएका कारण एकीकृत वस्ती विकासको कार्यले सार्थक रुप धारण गर्न नसकेको साथै एकीकृत वस्ती विकासका लागि जग्गा जमिनको अभाव रहेको, सुविधा सम्पन्न एकीकृत वस्ती विकासकालागि आर्थिक श्रोतको समस्या रहेको, विगतमा निर्माण विकास भएका असुरक्षित बस्ती र कमजोर संरचनाका कारण प्राकृतिक प्रकोपका कारण बर्षेनी ठूलो धनरासी नोक्सान भईरहेको, निर्माण सामाग्रिको मूल्य बृद्धि, महङ्गो श्रम शक्ति, कमजोर आर्थिक स्थितिका कारण व्यक्तिगत रुपमा दुर्गम टोल बस्तीमा बसोबास गर्ने नगरपालिकाबासिले आफ्नै लगानीमा भवन निर्माण गर्दा खर्चिलो र लागत बढी हुने गरेको, सामुहिक आवास कार्यक्रममा स्थानीयबासिको आकर्शण बढ्न नसकेको, सामुहिक आवस कार्यक्रममा निजी क्षेत्रलाई अपेक्षाकृत आकर्शण गर्न नसकिएको, परम्परागत निर्माण सामाग्रिको प्रयोग दिन प्रति दिन साघुरिदै गएको आदी अहिलेका यस पालिकाका विद्यामान समस्या रहि आएका छन् ।

नेपालमा वि.सं. २०७२ सालको भूकम्प पछि भूकम्प प्रतिरोधी संरचना निर्माणको कार्यले वास्तविक गति लिन थालेको भएता पनि यस कार्यले संस्थागत रुप लिन नसकेका कारण अपेक्षित उपलब्धी हाँसिल हुन सकिरहेको छैन भने

भवन आचार संहिताको पूर्ण पालनामा स्थानीबासीको सहभागित उत्साहजनक रहेको छैन भने गुणस्तरीय निर्माण सामाग्रिको सहज उपलब्धता र निर्माण कार्यको गुणस्तरताको सुनिस्चितता गर्न कठिन रहेको छ । यस पालिकाको हकमा प्राविधिक जनशक्तिको न्यूनताका कारण यस प्रावधानलाई कडाईकासाथ कार्यान्वयनमा ल्याउन कठिन भईरहेको छ भने कम लागतका भूकम्प प्रतिरोधि संरचनाका बारेमा अध्ययन अनुसन्धान गरी स्थानीयबासीलाई जानकारी र सहभागिता गराउन सकिएको छैन ।

६.१.२.२ चुनौती

भू-उपयोगको वास्तविक अवस्था निर्धारण गरी कार्यान्वयन गर्न, छरिएर रहेका बस्तीहरूलाई भू-उपयोगको आधारमा एकत्रीत गरी एकीकृत बस्ती वा सामुहिक आवस अन्तरगत ल्याउन, सुकुम्बासी समस्याको पुर्ण समाधान गर्न, स्थानीय स्रोत तथा साधन (निर्माण समाग्रि समेत) प्रयोग गरी कम लागतमा माफदण्ड बमोजिमका सुरक्षित भवन तथा घर निर्माण गर्ने, गरिव, सिमित स्रोत र साधनका कारण न्यून आय भएका, सीमान्तकृत तथा विपद जोखिममा रहेका बर्ग तथा ग्रामिण गरिवीमा परेकालाई आवास सुविधा उपलब्ध गराउने, एकीकृत वस्ती तथा सामुहिक आवसका फाईदाका बारेमा सकारात्मक वातावरण सिर्जना गर्ने, सामुहिक आवास योजनामा निजी क्षेत्रलाई सहभागि गराउने, निर्माण सामाग्रिको गुणस्तरमा सुधार सहितको एकरुपता ल्याउने, वर्तमानको आवश्यकता बमोजिम नयाँ प्रविधिलाई प्रयोगमा ल्याउने, नगरपालिका भित्र भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्रभावकारी रुपमा पूर्ण कार्यान्वयन गराउन, परम्परागत सीप, निर्माण प्रविधि तथा बस्तुकलाको संरक्षण र सम्बर्द्धन गर्ने तथा निर्माण कार्यमा सम्लग्न सवै जनशक्तिलाई समयानुकुल तालिम प्रदान गरी दक्ष बनाउने जस्ता कार्य चुनौतीको रुपमा रहेका छन् ।

६.१.३ संभावना तथा अवसर

संघीय तथा प्रदेश सरकारबाट अति बिपन्न, लोपोन्मुख र सीमान्तकृत जातजातीकालागि नागरिक आवास र जनता आवास कार्यक्रम सञ्चालनमा आउनु, यस प्रकारका कार्यक्रम सञ्चालनकालागि विर्तामोड नगरपालिकाले नीतिगत व्यवस्थाको थालनी गर्नु, आवस अधिकार संबन्धी ऐन, २०७५ कार्यान्वयनमा आउनु, राष्ट्रिय भवन संहिता स्थानीयकरण हुनु, भवन संहिताको पूर्ण पालिनकालागि सरोकारवाला संस्था र निकाय बाट प्रतिवद्धता जाहेर हुनु, सुरक्षित र भूकम्प प्रतिरोधी भवन निर्माण तर्फ क्रमिक रुपले जनचेतना अभिबृद्धि हुँदै जानु, सुरक्षित तथा व्यवस्थित वस्ति विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माणमा नगरपालिकावासी जागृत हुँदै जानु तथ चासो बढ्दै जानु, सुरक्षित भवन निर्माण सम्बन्धी डिजाई क्याटलग निर्माण भई कार्यान्वयनमा आउनु, प्राविधिक क्षमता बढ्दै जानु, विशेष गरी ठूल शहरहरूमा सामुहिक आवस निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रको सम्लग्नता बढ्दै जानु, एकीकृत बस्ती विकासको महत्वका बारेमा विस्तारै चेतना अभिबृद्धि हुँदै जानु साथै सामुदायिक भवन निर्माणका लागि कार्यक्रम सुरुवात हुनु, भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न दक्ष डकर्मी स्थानिय स्तरमा उत्पादन गर्न सकिने अवस्था रहनु वर्तमानका संभावना र अवसरको रुपमा रहेका छन् ।

६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

६.१.४.१ लक्ष्य

पालिका क्षेत्र भित्रका स्थानीबासीको चेतनाको स्तर र अवस्थामा सकारात्मक अभिबृद्धि गरी योजनाबद्ध एकीकृत बस्ती विकास, सुरक्षित, आकर्षक, वातावरणमैत्री र भूकम्प प्रतिरोधी किफायती भवन निर्माण गरी दिगो र भरपर्दो आवासको सुनिस्चितता गर्ने

६.१.४.२ उद्देश्य

१. भूउपयोग नीति तथा योजना तर्जुमा गरी सुरक्षित तथा व्यवस्थित वस्ती विकासको व्यवस्थापन गर्नु
२. नगरपालिकाबासिको आवश्यकता र चाहाना बमोजिमका उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ र उत्थानशील आवस निर्माण गर्नु तथा वर्तमान आवास व्यवस्थापनको स्तरोन्नती गर्नु

३. आवश्यकता अनुसार ल्यान्ड पुलिङ समेतको कार्यबाट नगरका अतिआवश्यक भौतिक संरचना निर्माण गर्नु साथै विपन्न तथा सुकुम्बासीहरूकालागि व्यवस्थित र सुरक्षित आवासको सुनिस्चितता गर्नु

४. राष्ट्रिय भवन संहिताको पूर्ण पालना हुनेगरी स्थानीयकरण गर्नु

६.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ६.१ र ६.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	नगरपालिका क्षेत्रको भौगोलिक बनोट र अवस्थालाई आधार मानी भू-उपयोग योजना तर्जुमा गरी भौगालिक रुपमा विकट, विपद्को उच्च जोखिम युक्त क्षेत्र तथा स्थानमा रहेका बस्तीहरूलई एकीकृत वस्ती विकास गरी वा सामुहिक आवस गृह निर्माण व्यवस्थापन गरी स्थानान्तरण गर्ने	• बर्तमान भू-उपयोगलाई आधार विन्दु मानी वर्तमान आवश्यकता र दिगो विकास लक्षलाई सार्थक वनाउन नगरपालिकाको भू-उपयोग नीति तथा योजना निर्माण गर्ने • भू-उपयोग नीति तथा योजनाको पूर्ण कार्यान्वयनकालागि आवश्यक ऐन, निमय, निर्देशिका वा कार्यविधि तयार गर्ने • आवधिक नगरपालिका विकास योजनाले औल्याएका समेत गरी सम्भाव्य सवै खाले भूमिको उपयोगितका आधारमा आवास क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, ग्रामिण बजार तथा शहर उन्मुख क्षेत्र, औद्योगिक क्षत्र, पर्यटन क्षेत्र, वन क्षेत्र लगायतका भू-उपयोग क्षेत्रको सार्थक बर्गिकरण गर्ने • आवश्यकताका आधारमा ल्याण्ड पुलिङ समेतको नीति अवलम्वन सहित भू-उपयोग नीति, योजना र कार्यक्रम तर्जुमा गरी कृषि योग्य जग्गा जमिनको अनावश्यक र अनुपयुक्त खण्डिकरण र उपयुगितामा आएको ह्रासलाई (बाँझो छाड्ने प्रचलनलाई समेत) रोकेर व्यवस्थित र दिगो नगरपालिका विकासको आधार तयार गर्ने
२	नगरपालिकाबासिको आर्थिक हैसियत समेतलाई केन्द्रमा राखेर वतावरणीय हिसावले उपयुक्त, लागतको हिसावले किफायती, प्रविधिको हिसावल सुरक्षित र व्यवस्थित एकीकृत वस्तीहरूको निर्माण विकास गर्ने साथै उक्त वस्तीमा कमजोर आर्थिक अवस्था भएका लक्षित बर्ग र समुदायका परिवारलाई विशेष अवसर प्रदान गरी सुरक्षित आवसको सुनिस्चितता गर्ने	• एकीकृत बस्ती विकास (Integrated Settlement Development) कालागि जग्गाको एकीकरण तथा जग्गा विकास कार्यक्रमको तर्जुमा र व्यबस्थापन गर्ने साथै एकीकृत आवास विकास (House Pooling) जस्ता योजना कार्यान्वयन गर्ने • क्रमिक रुपले प्राथमिकताका आधारमा नगरपालिकाका गौरवका आयोजना भित्र समेटिएका मूख्य बजारको व्यवस्थित शहरीकरण, बिद्यमान अवस्थामा नगरपालिकाका ग्रामिण क्षेत्रमा रहेका बजारहरूलाई क्रमस (स्याटलाईट स्मार्ट ग्रामिण बजार समेतका बस्ती विकास सम्वन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने • नगरपालिकाका सम्भाव्य वडाहरूमा जग्गा एकीकरण, निर्देशित जग्ग विकास तथा निर्देशित योजनाबद्ध विकास मध्ये कुनै एक वा

		मिश्रीत योजना लागू गर्ने ● सुकुम्बासी समस्या समाधान, घरजग्गा नहुनेकालागि आवस क्षेत्रको व्यवस्थापन र अव्यवस्थित बसोबास व्यवस्थापन लगायतकालागि आधारभूत आवास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ● आर्थिक अवस्था कमजोर भएका सवै बर्ग र तहका व्यक्ति तथा परिवारका सुरक्षित आवस उपलब्ध गराउने
३	भवन संहिताको पूर्ण कार्यान्वयन मार्फत वर्तमानमा रहको सवै प्रकृतिक घर तथा भवनहरू अनिवार्य अभिलेखिकरण र नयाँ बन्ने घरको अनिवार्य रुपमा निर्माण इजाजत लिनुपर्ने व्यवस्थालाई कडाइकासाथ कार्यान्वयनमा ल्याउने	● भवन निर्माण सम्वनधी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा गर्ने ● राष्ट्रिय भवन संहिता तथा मापदण्ड लाई स्थानीयकरण गरी भवन निर्माण अनुमति र नियमन गर्ने ● नगरपालिका भित्र निर्माण हुने सवै खाले भवन निर्माणका लागि तहगत नक्शा स्वीकृति, संशोधन, नियमन गर्ने ● पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुन:निर्माणलाई प्राथमिकता दिने ● सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार गर्ने ● एकीकृत वस्तिविकास योजना अन्तरगत कम लागतका भुकम्प प्रतिरोधी भवन निर्माणलाई प्रोत्साहनका साथ कार्यान्वयनमा ल्याउने ● खर वा फुसको छाना भएका घरहरूको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने
४	नगरपालिका क्षेत्रका सवै घरहरूमा घर नम्बर को अनिवार्य व्यवस्था गरी सूचन तथा सेवा प्रवाहमा सहजता ल्याउने	● सफ्टवयरको निर्माण गर्ने ● नगरपालिकाको प्रोफाइलको बिबरण समेतका आधारमा नगरपालिका क्षेत्रभित्रका सवै घरहरू लाई सूचनामा आधारित घर नम्बर प्रदान गर्ने

६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ६.३ मा समावेश गरिएको छ ।

६.१.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

- नगरपालिकाको सम्पूर्ण भू-भागलाई भौगोलिक अवस्थिति र उपयोगिताको आधारमा आवासीय क्षेत्र, औद्योगिक, व्यापारिक तथा व्यवसायिक क्षेत्र, कृषि तथा पशुपन्छी पालन क्षेत्र, पर्यटकीय क्षेत्र, वन क्षेत्र, कार्यालय तथा सेवा प्रवाह क्षेत्रहरूमा विभक्त भई सोहि बमोजिम निर्माण व्यवस्थापन हुनु पर्ने आवासीय तथा बजार क्षेत्र यातायात सञ्जालकालागि आवशयक पुल पुलेस सहितका सडक, ढल तथा नाला , स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार तथा मनोरञ्जन, हरियाली विकास लगायत बस्ती विकास, भवन र सार्वजनिक निर्माणका कार्यहरू कायान्वयनमा आएका हुनेछन् साथै जग्गा जमिनको अनाधिकृत र अनुपयुक्त खण्डिकरणको अन्त्य भएको हुनेछ

- राष्ट्रिय भवन संहिता पूर्ण रुपले स्थानीयकरण भई कार्यान्वयनमा आई पालिका भित्र बन्ने आवासीय साथै सरकारी, निजी तथा संस्थागत नयाँ भवनहरू सतप्रतिसत भूकम्प प्रतिरोधी मापदण्ड बमोजिम निर्माण भएका हुनेछन तथा जोखिमयुक्त पुरानाघरहरू मापदण्ड बमोजिम पुनरनिर्माण भएका हुनेछन्
- नगरपालिका क्षेत्रका सवै घरहरूमा घर नम्बर को अनिवार्य व्यवस्था भई सूचना तथा सेवा प्रवाहमा सहजता आउनुको साथै आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण योगदान पुगेको हुनेछ साथै स्थानीय सरकारको हैसियतमा नगरपालिका प्रति सर्वसाधारण नगरपालिकाबासीको बिश्वासमा बढोत्तरी भएको हुनेछ ।

६.१.५.२ नतिजा/सूचक

१. भू उपयोग योजना तजूमा भई कार्यान्वयन आएको हुनेछ
२. थप ५०० बटा विपन्न आवास निर्माण भएका हुनेछन्
३. थप ७ वटा सामुदायिक भवन निर्माण भएको हुनेछ
४. एक स्थानमा लेन्ड पोलिगंको संचालनमा आएको हुनेछ
५. कम्तिमा ३०० जना क्षमताको नगरपालिका स्तरीय सभाहल निर्माण भएको हुनेछ
६. सामाजिक विकास पूर्वाधार अन्तरगत रहेका सामुदायीक भवन नभएका वडाहरूमा सामुदायिक भवन निर्माणकालागि प्रति सामुदायिक भवन न्यूनतम १ कट्ठाका दरले जग्गाको खरिद तथा प्राप्ति भएको हुनेछ साथै सवै वडामा कम्तिमा १-१ वटा सामुदायिक भवन निर्माण भई सञ्चालनमा आएका हुनेछन्
७. सामाजिक विकास पूर्वाधार अन्तरगत समावेश भएका बर्तमान अवस्थामा जिर्ण रहेका सवै सार्वजनिक पाटिपौवा र चौताराहरू को स्तरोन्नती भई थप व्यवस्थापन सहित सञ्चालनमा आएको हुनेछन्
८. संघीय तथा प्रदेश सरकारको सहयोगमा यस नगरपालिकाको मूख्य बजार बाहेकका अन्य वडाहरूमा स्थायी प्रहरी सुरक्षा चौकी वा पोष्ट निर्माण व्यवस्थापन भई सुरक्षाको प्रत्याभुति भएको हुनेछ
९. आवधिक योजनाको प्रारम्भ बाटै नगरपालिकाको वडा नं. १० बाट सुरु गरी बढीमा १ वर्ष भित्र सवै वडाका सवै घरहरू लाई सूचनामा आधारित घर नम्बर प्रदान गर्ने कार्य पुरा भएको हुनेछ

६.१.६ अनुमान तथा जोखिम पक्ष

- भूउपयोग नीति तथा योजना कार्यान्वनय र लेन्ड पुलिङका लागि संघ तथा प्रदेश सरकारको आवश्यक श्रोत साधन सहित समन्वय र साझेदारी भएको हुनेछ
- प्रकोप पूर्व तयारी र प्रकोप व्यवस्थापन भएको हुनेछ

६.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण	• नगर कार्यपालिकाको निर्णय पुस्तिका नगर • नगरसभाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • स्थलगत अवस्था • भौतिक पूर्वाधार निर्माण/योजना शाखाको अभिलेख • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर सभा • नगर कार्यपालिका • स्थानीयबासी • भौतिक पूर्वाधार निर्माण/योजना शाखा • निर्माण व्यवसायी • उपभोक्ता समिति **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान ऐन कानून • जग्गा जमिन तथा स्रोत र साधनको अभाव • निर्माण उपकरण • सहयोगी तथा साझेदार संघ संस्थाको अभाव • प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष निर्माण जनशक्तिको अभाव

६.२ सडक, पुल तथा यातायात

६.२.१ पृष्ठभूमि

आर्थिक समृद्धि निर्माणको अर्को महत्वपूर्ण संबाहक यातायात पूर्वाधारनै हो । मानिसहरूलाई एक ठाउँ बाट अर्को ठाउँमा जानहोस वा व्यापार, व्यवसाय तथा सेवा प्रवाहलाई सहज र सम्भव पार्न होस यातायात क्षेत्रको महत्वपूर्ण भूमिका रहिआएको छ र रहन्छ पनि । आर्थिक पूर्वाधारका रुपमा स्थापित रहेका कृषि, पशुपालन, उद्योग, पर्यटन, व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको सन्तुलित र दिगो विकास यातायात क्षेत्रको विकास बाट मात्र संभव छ र रहन्छ । यस पालिकाको समग्र आर्थिक समृद्धि निर्माणकालागि सडक यातायातनै प्रमुख रहेको छ । विर्तामोड नगरपालिकामा सेवा केन्द्रको रुपमा १० वटा वडा रहेको । सबै वडा र टोलसम्म सहज रुपमा पुग्न सकिने गरी सडकको ट्र्याक खोलिएको छ भने नगरभित्र करिब ४५० किमि सडक रहेको जसको संख्या २५० भन्दा बढी रहेको छ । ६५ किमि सडक कालोपत्रे तथा पेर्वस र बाकी ग्राभेल स्तरिय रहेका छन भने कुल सडकको ३० प्रतिशतमा मात्र नालीको व्यवस्था रहेको छ । १५० भन्दा बढी कल्भर्ट निर्माण गर्नुपर्नेमा १०० सम्पन्न र बाकी निर्माण गनु पर्ने, नगर क्षेत्र भित्र हाल १ वटा मात्र बसपार्क पुर्वाधार सहीत व्यवस्थित रुपमा संचालनमा आएको अवस्था छ ।

६.२.२ समस्या तथा चुनौती

६.२.२.१ समस्या

स्थानीयबासिको माग र बढ्दो शहरीकरण आधारमा विद्यमान स्रोत साधन न्यून रहेको, मापदण्ड विना योजनाको छनौट र कार्यान्वयन गर्ने परम्परागत प्रचलन र अभ्यासको अन्त्य हुन नसक्नु, निजी क्षेत्रको व्यवसायिक क्षमता समयानुकुल विकास हुन नसक्नु, उपभोक्ताको सार्थक सहभागिता न्यून हुनु साथै क्षमता अपेक्षाकृत विकास हुन नसक्नु, सानासाना योजना धेरै हुनु, दक्ष प्राविधिक जनशक्ति न्यून हुनु तथा तालिम प्राप्त श्रमिकको अभाव रहनु, संस्थागत व्यवस्थापकीय

क्षमता अपेक्षाकृत विकास गर्न नसकिनु, नदीजन्य सामग्री (ग्राभेल, ढुङ्गा तथा बालुवा) स्थानीय स्तरमा उपलब्धता नहुनु, गुणस्तरीय निर्माण सामाग्रिको समयानुकुल अभाव रहिरहनु, सडक, नाला तथा पुल पुलेसा प्रति स्थानीयबासिको अपनत्व विकास हुन नसक्नु, पानी निकासकालागि निर्माण गरिएका अधिकांस नाला फाहोरमैला विर्षजन स्थलको रुपमा रहनु, खरिद ऐन बमोजिम न्यूनतम अङ्कमा ठेक्का लगाउनु पर्ने बाध्यकारी व्यवस्थाका कारण गुणस्तर कायम गर्न कठिनाई हुनु, जग्गा अधिग्रहण र साइट क्लियर गर्ने कार्यमा सहज नहुनु साथै जग्गा जमिनमा विवाद रहनु, स्थानीयबासीको अवरोध हुनु, आवश्यक स्थानमा पार्किङ तथा बसपार्कको लागि जग्गा जमिनको अभाव रहनु चेकलिष्टका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतीको विकास नहुनु जस्ता समस्याहरू यस पालिकामा रहेका छन् ।

६.२.२.२ चुनौती

स्रोत र साधनको सिमितताकाकारण सडक लगायतका पूर्वाधार निर्माणमा अपनाउनु पर्ने प्रविधि, लागत र गुणस्तरमा सन्तुलन कायम गर्ने, मापदण्ड बमेजिमका सडक लगायतका पूर्वाधार निर्माण गर्ने, सडक सञ्जाल धेरै भएकाले सबै सडक कालोपत्रे गर्ने, स्थानीयबासिको माग पर्याप्त रुपले सम्बोधन गर्ने, प्रस्तावित योजना, आयोजना तथा परियोजनाहरूको प्राथमिकिकरण गर्ने, आयोजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याउने, सडक लगायतका निर्मित संरचनाकालागि दिगो रुपमा मर्मत संभारको सुनिस्चितता गर्ने, आवश्यक स्थानमा जग्गाको व्यवस्थापन गर्ने साथै मापदण्ड बमोजिम पूर्वाधार निर्माणकालागि साईट क्लियर गर्ने, अन्तर स्थानीय तह तथा अन्तर सरकारी निकाय समन्वय र साझेदारी विकास गर्ने, योजनाका लागि आवश्यक पूर्व तयारीका सम्पूर्ण चरण समय सिमा भित्र पुरागर्ने, प्राकृतिक प्रकोप बाट निर्मित सडक लगायतका पूर्वाधारलाई सुरक्षित राख्ने, निजी क्षेत्रको व्यवसायिक क्षमता अभिबृद्धि गर्ने साथै निजी क्षेत्रको लगानीलाई आकर्सित गर्ने जस्ता कार्य वर्तमान चुनौतीका रुपमा रहेका छन् ।

६.२.३ संभावना तथा अवसर

वर्तमान संबिधानमानै तीनै तहका सरकारले निर्माण विकास गर्ने सडक सञ्जालको जिम्मेवारी तोकिनु, सडक सञ्जाल निर्माण विकासको कार्य नगरपालिका सहित तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, नगरबासिलाई बाह्रै महिना सहज यातायात सुविधा उपलब्ध गराउने लक्ष्य स्थापित गरी आन्तरिक क्षमता विकासका साथ आफ्नो जिम्मेवारीलाई कुसलता पूर्वक अघि बढाउनु, सबै वडा र टोलसम्म सहज रुपमा पुग्न सकिने गरी सडकको ट्र्याक खोलिएको अवस्था रहनु, नगरभित्र करिब २५० भन्दा बढी सङ्ख्यामा रहेका ४५० किमि सडक सञ्जाल निर्माण गर्ने लक्ष्य स्थापित हुनु, उल्लेखित सडक सञ्जाल मध्ये करिव ६५ किमि सडक कालोपत्रे तथा पेर्वस र बाकी ग्राभेल स्तरिय रहनु, सडकको आयु बढाउन र मर्मत सम्भार खर्च घटाउन कुल सडकको करिव ३० प्रतिशतमा मात्रामा नालीको व्यवस्था हुनु साथै नाला निर्माण कम उच्च प्राथमिकतामा पर्नु, सडक सञ्जाललाई पूर्णता दिन १०० वटा कलभर्टको निर्माण कार्य सम्पन्न हुनु, साथै ५० भन्दा बढी कल्भर्ट निर्माण प्राथमिकतामा रहनु, नगर क्षेत्र भित्र हाल १ वटा बसपार्क पुर्वाधार सहीत व्यवस्थित रुपमा संचालनमा आउनु, नगरपालिका यातायात व्यवस्थापन ऐन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने तयारीमा रहनु, स्थानीय उपभोक्ताको सार्थक सहभागित क्रमस परिणाममूखि हुँदै जानु, निर्माण व्यवसायी आफ्नो क्षमता विकासकालागि आफै प्रयासरत रहनु, स्रोत र साधनको मात्रामा बढोत्तरी हुँदै जानु, सबै सरोकारवाला पक्ष गुणस्तर कायम राख्ने कार्यमा प्रतिवद्ध हुनु यस क्षेत्रका विकास र सेवा प्रवाहका संभावना र अवसरहरू रहेका छन् ।

६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

६.२.४.१ लक्ष्य

आगामी ५ वर्ष भित्रमा प्राथमिकता पी १ मा रहेका सबै सडक, नाला, ढल, पार्किङ स्थल तथा पुल निर्माण गरी एको हुनेछ । नगरपालिका क्षेत्र भित्रका मानव बस्ती, उद्योग, व्यापार र व्यवसायिक क्षेत्र समेतका आर्थिक गतिविधि सँग जोडिएका सम्पूर्ण स्थान र क्षेत्रमा बाह्रै महिना यातायात साथै ढुवानी र निर्माण उपकरणहरूको सहजरुपमा आवत जावत हुन सक्ने

गरी सडक, पुल, कलभर्ट सहितका यातायात पूर्वाधार सञ्जालको निर्माण विकास बाट पालिकाको आर्थिक समृद्धि निर्माणमा गणनायोग्य योगदान पुगेको हुनेछ ।

६.२.४.२ उद्देश्य

१. नगरपालिकका सवै वडाका महत्वपूर्ण क्षेत्र र स्थानमा न्यूनतम ग्राभेल सडक र अधिकतम कालोपत्रे सडक निर्माण गरी नगरपालिकाको सन्तुलित विकासको आधार निर्माण गर्नु

२. वर्तमानमा भई रहेको यातायात तथा ढुवानी लागत खर्च घटाएर स्थानीयबासीको जनजीवन सञ्चालन व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउनु

३. सडक, पुल, कलभर्ट लगायतका संरचनाको सुरक्षा, संरक्षण र मर्मत सम्भार गरी सहज र सुरक्षित सवारी तथा ढुवानीका साधनको आवत जावतको सुनिस्चतता गर्नु

६.२.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ६.१ र ६.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	सडक गुरु योजना बमोजिमको सडक सञ्जाल निर्माण गर्ने	• सडक गुरु योजना तयार/अध्यावधिक गर्ने (ढल तथा नाला निर्माण सहितको) • यातायात व्यवस्थापन ऐन तथा कार्यविधि निर्माण गर्ने • संघीय तथा प्रदेश सरकारको मापदण्ड बमोजिमका सडकको हकमा सोहि बमोजिम र नगरपालिकाले मापदण्ड निर्धारण गर्नु पर्ने सडकहरूको हकमा न्यूनतम चौडाई सेडब्याक बाहेक देहाय बमोजिम कायम गर्ने क. क्लास ए सडक १४ मिटर ख. क्लास बि सडक १० मिटर ग. क्लास सि सडक ६ मिटर • मापदण्डका आधारमा क्रमिक रुपले प्राथमिकता क्रम अनुसार सञ्चालनमा आउने सडक पूर्वाधारहरूको बिस्तृत परियोजना प्रस्ताव (डिपिआर) तयार गर्ने • संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार निकाय र संघ संस्था सँग समन्वय गर्ने • प्राथमिकता क्रम बमोजिम बिशेष प्राथमिकता क्षेत्र निर्धारण गरी सोहि बमोजिम सडक पूर्वाधार निर्माण कार्यको कार्यान्वयन तालिका तयार गर्ने • प्रचलित कानूनको अधिनमा रहि नगरपालिका दर रेट निर्धारण तथा अध्यावधिक गर्ने • सडक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरण र निर्माण सामाग्रिको उपलब्धताको सुनिस्चितता गर्ने • सडक पूर्वाधार गुणस्तर मापदण्ड निर्धारण गर्ने • अनुगमन मूल्याङ्कन कार्यविधि सहित चेक लिष्ट तयार गरी अनुगमन तथा मूल्याङ्कन लाई प्रभावकारी बनाउने • निर्धारित समय सिमा भित्र कार्य सम्पन्न गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई पुरस्कार सहित सम्मान गर्ने • सडक पूर्वाधार निर्माण अन्तरगतका योजना तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनकालागि दिगो आधार तयार गर्ने

		• अनुसूचिमा उल्लेखित प्राथमिकता प्राप्त आयोजनाहरू निर्माण गर्ने • **सडक मार्ग चित्रः** सडकको नामाङ्कनका आधारमा GPS सहितको सडक सञ्जाल सूचना प्राप्त गर्न सक्ने गरी मार्ग चित्र निर्धारण गर्ने • सफ्टवेरमा आधारित सडक सूचना सञ्जाल निर्माण विकास गर्ने
२	सडक, नाला, पुल तथा कलभर्टको डिजाईन, निर्माण, मर्मत सम्भार समेतमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने साथै स्रोत साधनको प्रयोगमा कमस परनिर्भरता घटाउनकालागि संस्थागत क्षमता अभिबृद्धि गर्ने	• वर्तमान आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको भौगोलिक अवस्थिति र स्वरुप बमोजिम सडक, नाला, पुल तथा कलभर्टको डिजाईन गर्ने • सडक पूर्वाधार निर्माण तथा मर्मत सम्भार लागत घटाउन भढि टिकाउ हुने कम लागतका साथै उपभोक्ताको सार्थक सहभागिता हुने योजनालाई उच्च प्राथमिकता दिने • निर्माण व्यवसायी तथा उपभोक्तालाई आधुनिक प्रविधि, आधुनिक प्रविधि र परम्परागत प्रविधि विचको फरक साथै त्यसले गुणस्तर र लागतमा पार्ने प्रभाव समेतका विषयमा तालिम तथा प्रशिक्षण मार्फत क्षमता विकास गर्ने • क्षमता विकास योजना समेत तयार पारी पालिकाका प्राविधिक जनशक्तिको कार्य क्षमत र प्रविधिप्रतिको ज्ञान र जागरुकता अभिबृद्धि गर्ने • आन्तरिक आय बृद्धिका बैकल्पिक उपयहरूको खोजी गरी स्रोत व्यवस्थापन गर्ने
३	प्राकृतिक प्रकोप बाट हुन सक्ने सम्भावित हानि नोक्सानीलाई न्यूनिकरण गर्ने	• सडक, ढल/नाला, पुल तथा कलभर्ट निर्माण गर्दा मापदण्डका आधारमा कमसल गुणस्तर हुने गरी कुनै सम्झौता नगर्ने • सडक समेतका पूर्वाधार निर्माणकालागि न्यूनतम गुणस्तर मापदण्ड निर्धारण गर्ने साथै यसकाबारेमा सर्वसाधारणलाई जानकारी गराउने • अनुगमन मूल्याङ्कन कार्यविधि सहित चेक लिष्ट तयार गर्ने • प्राकृतिक प्रकोप बाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरणकालागि स्थानीय उपभोक्ता सडक सचेतना समूह निर्माण गर्ने • बाढी तथा सडक दुर्घटनाका कारण सडक बन्द हुन सक्ने सम्भावनालाई न्यूनिकरण गर्न सम्बन्धित सचेतना समूह मार्फत बैकल्पिक उपायहरू खोजी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने
४	नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका सवारी तथा ढुवानीका साधनकालागि आवश्यक पार्किङ स्थलको व्यवस्था गर्ने साथै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने	• यातायात व्यवस्थापन ऐन तथा कार्यविधि निर्माण गर्ने • सवै प्रकारका सवारी तथा ढुवानीका साधनको सुरक्षित पार्किङकालागि आवश्यकता बमोजिम जग्गा खरिद तथा प्राप्ति गर्ने • वर्तमान नगरपालिका स्तरीय बसपार्कको स्तरोन्नतीका साथ व्यवस्थित सञ्चालनको सुनिस्चितता गर्ने साथै अन्य आवश्यक स्थानको पहिचान गरी पार्किङ स्थलको विस्त्रित परियोजना प्रस्ताव तयार पार्ने • सर्व प्रथम बस लगायत साना सवारीका साधनको पार्किङ स्थल तथा बस सञ्चालनकालागि टर्मिनल भवनको निर्माण गर्ने साथै दास्रो चरण अन्तरगत ढुवानीका साधनका लागि पार्किङ स्थल निर्माण गर्ने • एकीकृत पार्किङ स्थलको सञ्चालन ब्यवस्थपनकालागि सार्वजनिक निजी साझेदारी

		वा सार्वजनिक सामुदायीक साझेदारी प्रकृया र पद्धती अवलम्वन गर्ने ● मुख्य बजार क्षेत्रको ट्राफिक व्यवस्थापनकालागि निस्चित स्थानमा निस्चित समय सम्म मात्र कार, भेन, सिटि रिक्सा, टेम्पो, मोटरसाईकल लगायतका साना सवारिका साधन सशुल्क पार्किङ गर्ने व्यवस्था मिलाउने ● मूख्य बजार क्षेत्र भित्र प्रत्येक पसल वा व्यवसाय स्थलको अगाडि सवारिका साधन पार्किङ गर्ने कार्यको अन्त्य गर्ने ● सडक मार्किङ तथा सवारीका साधनको व्यवस्थित सञ्चालनकालागि ट्राफिक कार्यालय र ट्राफिक प्रहरी सँग समन्वयात्मक साझेदारी गर्ने ● मुख्य सडक तथा राजमार्ग साथै सहायक सडकका निस्चित स्थानमा मात्र आवधिक रुपमा सवारी तथा ढुवानीका साधन रोक्न पाउने गरी स्टेसन सुनिस्चित गर्ने ● बालबालिका, जेष्ठ नागरिक लगायतका सवै खाले पैदल यात्रीको सुरक्षाकालागि मुख्य बजारको मुख्य सडकमा जेब्रा क्रसिङको व्यवस्था मिलाउने साथै सडकको विच तथा किनारामा मार्क लगाउन । ● ट्राफिक व्यवस्थापनकालागि मुख्य सडकका चौकहरूमा ट्राफिक आईल्याण्ड निर्माण गर्ने ● सार्वजनिक भवन, स्थल र स्थानको निर्माण गर्दा पर्याप्त पार्किङ स्थलको समेत व्यवस्था गर्न अनिवार्य गर्ने

६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ६.३ मा समावेश गरिएको छ ।

६.२.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

- प्रस्तावित प्राथमिकता क्रम बमोजिमका सडक पूर्वाधारहरूको निर्माण विकास भई आर्थिक पूर्वाधारका प्रमुख सम्बाहक कृषि तथा पशुपालन र पर्यटन साथै तीनमा आधारित उद्योग, व्यापार र व्यवसायको प्रवर्द्धन र विकासमा बढोत्तरी हुने तथा रोजगारीको श्रृजना र आय आर्जन बाट आगामि ५ वर्ष भित्र समग्र नगरपालिकाबासीको बर्तमान आयमा ५५ प्रतिसले वृद्धि भएको हुनेछ साथै त्यसपछिका वर्षहरूमा समेत क्रमिक वृद्धि हुने गरी दिगो आधार निर्माण भएको हुनेछ
- विषयगत र क्षेत्रगत रुपमा प्राथमिकता क्रम बमोजिम निर्माण हुने ढल र नाला तथा सडक सञ्जाल निर्माण विकास र विस्तार अन्तरगत निर्माण हुने सवै सडक किनारामा सतह नाला निर्माण भएको हुनेछ साथै उक्त नाला निर्माण बाट सडक पूर्वाधारहरूको टिकाउ पनमा अभिवृद्धि भई प्रत्येक वर्ष सडक मर्मत सुधारमा लाग्ने ठूलो धनरासीको खर्चमा कटौति भएको हुनेछ
- नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका सवारी तथा ढुवानीका साधनकालागि आवश्यक पार्किङ स्थलको व्यवस्था भई आन्तरिक तथा बाह्य यात्रुलगायत सवारी तथा ढुवानीका साधन र चालकहरूले पार्किङको सुविधा उपभोग गर्न पाएका हुनेछन साथै सावारीका साधन लगायत सर्वसाधारण नागरिकहरूको सुरक्षाको सुनिस्चितता भएको हुनेछ
- प्राथमिकता प्राप्त प्रस्तावित पुल (मोटरेवल पक्की तथा झोलुङ्गे), कलभर्ट, स्ल्याव निर्माण भएका हुनेछन् साथै उक्त पुल, कलभर्ट तथा स्ल्याव निर्माणका कारण सडक पूर्वाधारहरूको माध्यम बाट एउटा बस्ती वा टोल बाट अर्को बस्ती वा टोल, एक पालिका बाट अर्को पालिका, एक बजार केन्द्र बाट अर्को बजार केन्द्र वा शहर सम्मको आवागमन र ढुवानी साथै आपतकालिन सेवामा सहजता पुग्ने तथा रोजगारीका अवसरमा पहुँच वृद्धि भई समग्र

आर्थिक गतिविधिमा बढोत्तरी हुने भए बाट स्थानीयबासीको आय आर्जनमा वृद्धि भई ग्रामिण तथा शहरी गरिवीको न्यूनिकरणकालागि पर्याप्त सहयोग पुगेको हुनेछ

- स्थानीय सरकार प्रति सबै नगरबासीहरुको विस्वासमा अभिबृद्धि भएको हुनेछ

६.२.५.२ नतिजा/सूचक

१. आवधिक नगरपालका विकास योजनामा प्रस्ताव गरिएका सडकहरूलाई समावेश गरी ढल तथा सतह पानी निकास सहितको सडक गुरु योजना तयार/अध्यावधिक भएको हुनेछ

२. अनुसूचिमा उल्लेख गरिएका प्राथमिकता नं. ूएञू मा परेका कुल २५० सडको करिव ४२७ कि.मि. सडक मध्ये कम्तिमा ३५ % सडक प्रस्ताव गरिए बमोजिम कालोपत्रे गरिने, १५ % सडक प्रस्ताव गरिए बमोजिम पेवर्श गरिने र बाँकी ५० % ग्राभेल गर्ने र ७० किमि भन्दा बढी सडकमा नाला तथा प्लम निर्माण कार्य सम्पन्न भई यातायात पूर्वाधारमा गुणात्मक तथा परिमाणात्मक सुधार तथा वृद्धि भएको हुनेछ भने छनोट भएका विशेष महत्वका सडकहरुमा साईकल लेन तथा अपाङ मैत्रि पुर्वाधारको व्यवस्था हुनेछ ।

३. प्राथमिकता नं. "P1" मा परेका सडकहरूको बर्गिकृत क्षेत्र मध्ये मुख्य शहरी सडक, कृषि र पर्यटन प्रवर्द्धन र नगरपालिकाका गौरवका आयोजना साथै स्याटलाईट स्मार्ट ग्रामिण बजारहरूलाई जोड्ने कार्यमा योगदान पुऱ्याउने सडकहरूलाई बिशेष प्राथमिकतामा राखि निमार्ण कार्य सम्पन्न गरिएका हुनेछन्

४. यस आवधिक योजनामा सम्पन्न हुने नसकेका प्राथमिकता "P1" का बॉकी तथा प्राथमिकता "P2" र "P3" का सडकहरूलाई यस पछि अध्यावधिक हुने आवधिक नगरपालिका विकास योजनामा बिशेष र प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा आउनु प्रकृयाको सुनिस्चितता हुनेछ

५. सडक पूर्वाधार विकास बाट नगरपालिकाको समग्र आर्थिक, सामाजिक तथा सास्कृतिक विकासमा गुणात्मक वृद्धि भई वर्तमान ग्रामिण तथा शहरी गरिवी ६५ % ले घटेको हुनेछ

६. वडा वडामा निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने संघीय तथा प्रदेश स्तरीय, नगरपालिका स्तरीय र वडा स्तरीय प्राथमिकता नं. "P1" मा परेका सडक किनारामा निकास सहितको पक्कि ढल/सतह नालाको निर्माण भएको हुनेछ

७. प्रथम आवधिक योजना अवधिमा सम्पन्न हुन नसकेका प्राथमिकता नं. "P1" का बॉकी रहेका साथै "P2" र "P3" मा रहेका अनुसूचिमा. परेका सडक हरूमा निर्माण गरिनु पर्ने सतह नाला तथा ढल यस पछिको आवधिक योजनाको प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा आएका हुनेछन् ।

८. वडा नं. ५ मा नगरपालिका स्तरीय बस पार्कको निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ साथै ढुवानीका साधन पार्किडका लागि आवश्यक जग्गाको व्यवस्थापन भएको हुनेछ तथा वडास्तरीय बस पार्क तथा स्टेसनका लागि उपयुक्त स्थानको पहिचानका साथ प्राथमिकता निर्धारण गरी बस तथा अन्य सावारी तथा ढुवानीका साधनको पार्किङ तथा स्टेसन स्थल निर्माणका लागि जग्गा नभएका स्थानमा आवश्यक जग्गा खरिद तथा प्राप्ति र भएका स्थानमा नपुग भए आवश्यकता बमोजिम थप भएको हुनेछ

९. मुख्य बजार क्षेत्रमा आवागमन लाई सहज वनाउन सडक किनाराका निस्चित स्थानमा निस्चित समय सिम सम्म मात्र पार्किङ गर्न पाउने गरी बजार ट्रफिक व्यवस्थापन भएको हुनेछ

१०. बुधबारे हटियामा रहेको जग्गामा बहुतल्ले पार्किङ सहीतको मल्टिकम्पेल्क्स भवन निर्माण कार्य प्रारभ भएको हुनेछ ।

११. प्राथमिकता P1 मा परेका **अनुसूचि**मा प्रस्ताव गरिएका अति आवश्यक स्थानमा पक्कि, झोलुङ्गे पुल निर्माणका लागि ड्रईङ डिजाइन र लागत अनुमानको कार्य सम्पन्न भएको हुनेछ

६.२.६ अनुमान तथा जोखिम पक्ष

प्रस्तावित योजनाको आवश्यकता बमोजिम नगरपालिका बाट प्रस्ताव गरे अनुसार संघ, प्रदेश र विकास साझेदार बाट आवश्यक श्रोत र साधनको उपलब्धता रहने छ। नगरपालिकाको आन्तरिक क्षमतामा विकास भएको हुनेछ। मूल्य स्थिरता, आधुनिक उपकरणको उपलब्धता, स्थानीय उपभोक्ता र साझेदारहरूको सकारात्मक सहयोग रहनेछ साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ।

६.२.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	**सडक, पुल तथा यातायात**	• नगर सभाको निर्णय पुस्तिका नगर • नगरकार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकाको सडक गुरु योजना • नगरपालिकको योजना पुस्तिका • सम्बन्धित योजनाका डिपिआर तथा नक्साहरू • स्थलगत अवस्था • भौतिक पूर्वाधार निर्माण/योजना शाखाको अभिलेख • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर सभा • नगर कार्यपालिका • भौतिक पूर्वाधार निर्माण/योजना शाखा • निर्माण व्यवसायी • उपभोक्ता समिति **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान ऐन कानून • जग्गा जमिन तथा स्रोत र साधनको अभाव • निर्माण उपकरण • सहयोगी तथा साझेदार संघ संस्थाको अभाव • प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष निर्माण जनशक्तिको अभाव

६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

६.३.१ पृष्ठभूमि

प्राकृतिक रुपले नेपाल जलश्रोतधो धनी देश हो। जलबिद्युत र सिंचाई जलश्रोतको प्रयोगका प्रमुख गन्तव्य हुन्। विर्तोमोड नगरपालिका क्षेत्र भित्रका खोलाहरू बाट बग्न पानीलाई सिंचाईको रुपमा प्रयोग गरिएको भएतापनि उर्जाको प्रयोगकालागि भने प्रयोग हुन सक्ने अवस्था रहेको छैन। तसर्थ विर्तामोड नगारपालिकामा जलस्रोत सम्बन्धी कुनै पनि सम्भावना नरहेको। यहाको अधिकांश टोल तथा वस्तीहरुमा विद्युतको पहुच पुगेका अवस्था रहेको र ग्रामीण भेगमा वैकल्पीक उर्जा अन्तर्गतको बायो ग्यासको प्रयोग हुने गरेको साथै विभिन्न महत्वका सडक तथा बजारहरुमा सोलार सडक बत्तिको व्यवस्था भएको छ।

६.३.२ समस्या तथा चुनौती

६.३.२.१ समस्या

राष्ट्रिय विद्युत वितरण प्रणाली व्यवस्थित र सुदृढ नहुनु, विशेषत पातलो साथै छरिएर रहेको ग्रामिण बस्तीको हकमा उपभोगको मात्राका आधारमा पूर्वाधार निर्माण लागत अत्यन्तै बढी हुनु, विद्युत आपूर्ति भरपर्दो र गुणस्तरीय नहुनु, वातावरण प्रभाव मूल्याङ्कन प्रभावकारी हुन नसक्नु, ग्रामिण क्षेत्र लगायत सुकुम्बासी र सिमान्तकृत परिवारको कय शक्ति कमजोर रहेका कारण परम्परगत रुपमा प्रयोग गरिदै आएको दाउरा, गुइठाको प्रयोग अपेक्षाकृत रुपमा घट्न नसक्नु, विद्युत वितरण लाईन निर्माण व्यवस्थपनकालागि स्थानीयबासीको पूर्ण सहयोग नहुनु साथै जग्गाको उपलब्धता नहुनु साथै उच्च महत्वका सडक तथा स्थानहरुमा सौर्य सडक बत्तिको स्थापना वा जडान लागत खर्चिलो हुनु, नगर क्षेत्र भित्र जडित कम क्षमताका ट्रान्सफरमरहरुलाई आवश्यक क्षमतामा अपग्रेड गर्न नसकिएको कारण उद्योग तथा व्यवसायिक प्रतिष्ठानहरूमा पटक पटक लो भोल्टेज र ट्रिपिङको समस्या रहने गरेको जस्ता समस्या रहेका छन् ।

६.३.२.२ चुनौती

औद्यागिकिकरण, व्यवसायिकिकरण, प्रविधिको बढ्दो प्रयोग र घरायसी आवश्यकता बमोजिम विद्युत माग पुरा गर्ने, राष्ट्रिय प्रसारणलाईनलई दिगो र भरपर्दो बनाउने, विद्युत प्राधिकरण र नगरपालिका बिच समन्वय र सहकार्य गरी विद्युत वितरणको कार्यलाई साझा जिम्मेवारी भित्र समेटेर एक द्वार प्रणाली माफर्त स्थानीयबासिका माग बमोजिमको आवश्यकता पुर गर्ने, सिमित स्रोतका कारण पालिकाको लगानीलाई यस क्षेत्रमा प्रसस्तिकरण गर्ने, वैकल्पीक उर्जा सम्बन्धी चेतना अभिबृद्धि गरी स्थानीयबासिको सहभागिता र साझेदारीलाई परिणाममूखि बनाउने जस्ता कायहरू चुनौतीको रुपमा रहेका छन् ।

६.३.३ संभावना तथा अवसर

केन्द्रिय प्रशारणलाईन नगरपालिकाका सवै वडामा माग बमोजिम कमस विस्तार हुँदै जानु, नगरपालिका क्षेत्रमा आर्थिक गतिसिलता सहितका औद्योगिक, व्यापारिक, व्यवसायिक कृषि तथा पशुपालन, पर्यटनका क्षेत्रहरू कमस विकास र विस्तार हुँदै जानु, राष्ट्रिय रुपमा सञ्चालन भएका र हुने विद्युत आयोजनाहरूमा सर्वसाधारण नेपाली नागरिकको लगानी बढ्दै जानु, स्थानीय तहको विद्युत व्यवस्थापन र वितरण प्रणाली स्रोत र साधन सहित स्थानीय तहको जिम्मेवारी भित्र समेटिने कममा हुनु साथै विद्युतको बहुउपयोगिताका बारेमा सर्वसाधारण स्थानीयबासी जानकार र आकर्सित हुँदै जानु, पशुपालन व्यवसाय बढ्दै जाँदा बायो ग्यास प्रवीधिको संभावना बढ्दै जानु, सौर्य उर्जाको विकास र व्यवस्थापनमा कमस आकर्सण बढ्दै जानु, वैकल्पीक उर्जा केन्द्र लगायत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट अनुदानको व्यवस्था रहनु यस क्षेत्रका संभावना तथा अवसरका रुपमा रहेका छन् ।

६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

६.३.४.१ लक्ष्य

ग्रामीण क्षेत्रमा बायो ग्यास र शहरी क्षेत्रमा सोलार प्रणाली जस्ता बैकल्पिक तथा नवीकरणीय उर्जाको विकास, विस्तार तथा सञ्चालन व्यवस्थपन साथै राष्ट्रिय विद्युत प्रसारणलाई व्यवस्थित बनाउँदै योजना अवधि भित्र विर्तामोड नगरपालिकाका सवै घरपरिवार, उद्योग, व्यापार तथा व्यवसायिक क्षेत्र र प्रतिष्ठान लगायतमा विद्युत तथा उर्जा सेवा सहज, सरल, नियमित र पर्याप्त रुपमा वितरणको व्यवस्था मिलाएर आर्थिक गतिविधिमा गुणात्मक र मात्रात्मक बढोत्तरी गर्ने

६.३.४.२ उद्देश्य

१. फोहोर व्यवस्थापनबाट उर्जा उत्पादन गर्ने , गोबर ग्यास प्रविधिको विस्तार एवम् प्रर्वद्धन गर्ने साथ बायो ग्याँस र सौर्य उर्जा जस्ता बैकल्पिक तथा नविकरणीय उर्जाको उत्पादन र उत्पादकत्व बढाउने साथै सोलार सिस्टमलाई व्यापकता दिई शहरी भवन निर्माणमा सोलारको प्रयोग गर्ने कार्यलाई विशेष प्राथमिकता दिई उर्जाको सहज व्यवस्थपन गर्ने
२. नगरपालिका क्षेत्रका सवै घरपरिवार र आर्थिक उपर्जन सँग सम्बन्धित क्षेत्रमा गुणस्तरयुक्त र भरपर्दो विद्युत सेवाको पहुँच विस्तार गर्ने

६.३.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ६.१ र ६.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	नगरपालिका क्षेत्रमा विद्युत आपूर्ति प्रणालीलई सुद्रिढ, प्रभावकारी र पर्याप्त बनाउने	• जनसंख्याको वृद्धि र चाप, उद्योग, व्यापार, व्यवसाय लगायत औद्योगिक, ब्यापारिक तथा सामाजिक कृयाकलापको बढोत्तरी र प्रवाह समेतको अध्ययन गरी विर्तामोड नगरपालिका क्षेत्र भित्र विद्युतको बर्तमान आवश्यकता र माग, उपलब्धता र यस नगरपालिकाको दीर्घकालिन सोच र लक्षका आधारमा हुने विकास निर्माण लगायत शिक्षा, स्वास्थ्य साथै आर्थिक गतिविधिका आधारमा भविश्यको आवश्यकताको मात्रा निर्धारण गर्ने • नेपाल बिद्युत प्राधिकारणको सहयोगमा विर्तामोड बिद्युत वितरण तथा व्यवस्थापन गुरु योजना तर्जुमा गर्ने • गुरुयोजना बमोजिमको बिद्युत प्रवाहको सहज व्यवस्थापनकालागि नगरपालिका, विद्युत प्राधिकरण र सरोकारवाला बिच समन्वयात्मक कार्य सञ्चालन व्यवस्थापन सञ्जाल निर्माण गरी कार्यान्वयन गर्ने • तत्कालै ट्रास्सफरमरको आवश्यकता रहेका स्थानमा ५० केभिए र १०० केभिएका ट्रास्सफरमरको जडानकालागि बिद्युत प्राधिकरण सँग समन्वय र साझेदारी गर्ने • बिद्युत सेवा नपुगेका नगरपालिकाका टोलबस्तीहरूमा समेत बिद्युत प्राधिकरण सँगको समन्वय र साझेदारीमा विद्युत पोल तथा ट्रान्सफरमरको व्यवस्था गरी टोलटालमा ग्रामिण बिद्युतिकरणको माध्यम बाट बिद्युत सुविधा उपलब्ध गराउने
२	नवीकरणीय तथा बैकल्पिक उर्जा (बायो, बायु तथा सौर्य उर्जा) को उत्पादन बृद्धि गरी स्थानीयबासीको सहज पहुँच स्थापित गर्ने	• सम्भाव्यता अध्ययन गर्ने • स्थानीय उपभोक्ता तथा समुदायको सहभागितमा सौर्य, वायु तथा बायोग्यॉस आदीमा आधारित बैकल्पिक उर्जाको विकास र विस्तार गर्ने • बैकल्पिक उर्जा उत्पादन र व्यवस्थापनमा निजी क्षेत्र सँग साझेदारी स्थापित गर्ने

६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ६.३ मा समावेश गरिएको छ ।

६.३.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

विर्तामोड नगरपालिका क्षेत्र भित्र ३३ केभिए, ११ केभिए को विद्युत लाईन बिस्तार भई उद्योग, व्यापार, व्यवसाय, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा अन्य सेवा प्रवाहको सञ्चालन तथा व्यवस्थापन कार्यमा सहजता आउनुको साथै आर्थिक विकासको कार्यमा पर्याप्त सहयोग पुग्नुको साथै आन्तरिक उत्पादनमा दोब्बरले वृद्धि भएको हुनेछ ।

६.३.५.२ नतिजा/सूचक

१. विर्तामोड नगरपालिकाको विद्युत वितरण तथा व्यवस्थपन गुरुयोजना तयार भएको हुनेछ

२. बिद्युत सेवा नपुगेका सवै वडाका टोल बस्ती, समुदाय तथा परिवारले सहज रुपमा विद्युत सेवा उपभोग गरेका हुनेछन
३. विर्तामोड नगरपालिकाका औद्योगिक क्षेत्र, व्यापार तथा व्यवसायिक क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र लगायतका महत्वपूर्ण क्षेत्र र स्थानमा पर्याप्त बिद्युत सेवा प्रवाह हुन सक्ने वातावरणको विकास भई उद्योग, व्यापार तथा व्यवसायको विकास र बिस्तारले गति प्राप्त गरेको हुनेछ
४. विर्तामोड नगरपालिकाको उर्जाको आन्तरिक आवश्यकता र खपतको कम्तिमा ५ प्रतिशत हिस्सा बैकल्पिक उर्जा (शौर्य, बायु तथा बायोग्यॉस) ले ओगटेको हुनेछ

६.३.६ अनुमान तथा जोखिम पक्ष

बैकल्पिक तथा नविकरणीय उर्जा (बायो, वायु तथा सौय समेत) को उत्पादन तथा व्यवस्थापनकालागि स्रोत र साधनका पर्याप्तता भएको हुनेछ । संघीय तथा प्रदेश सरकार र वैकल्पीक उर्जा केन्द्र लगायतका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोग र साझेदारी प्राप्त भएको हुनेछ । प्राकृतिक प्रकोपको कमि हुनुको साथै स्थानीयबासिको रुची र आकर्षमा बढोत्तरी भएको हुनेछ ।

६.३.७ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा	• नगर सभाको निर्णय पुस्तिका • नगरकार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • सम्बन्धित योजनाका डिपिआर तथा नक्साहरू • स्थलगत अवस्था • भौतिक पूर्वाधार निर्माण/योजना शाखाको अभिलेख • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • विद्युत प्राधिकरण तथा उर्जा उत्पादन व्यवस्थापन सँग सम्बन्धित संघ संस्था • भौतिक पूर्वाधार निर्माण/योजना शाखा • संबन्धित वडा समितिको कार्यालय • उपभोक्ता समिति **२. सहयोगी** • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान ऐन कानून • जग्गा जमिन तथा स्रोत र साधनको अभाव • निर्माण उपकरण • सहयोगी तथा साझेदार संघ संस्थाको अभाव • उपयुक्त प्रविधि अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष निर्माण जनशक्तिको अभाव • प्राकृतिक प्रकोप

६.४ सूचना, सञ्चार तथा प्रविधि

६.४.१ पृष्ठभूमि

पछिल्लो समयमा बढ्दै गएको सूचना तथा सञ्चार प्रविधिको विकासले आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकास र विस्तारमा तिव्रता ल्याईरहेको छ । नेपालको संबिधानले पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा प्रकास स्वतन्त्रता साथै सञ्चार र सूचनाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सूचना र सञ्चार प्रविधिको विकासले वर्तमान विश्वलाई एउटा साँघुरो कोठामा ल्याई पुऱ्याएको छ । सूचना र सञ्चार विनाको दुनीया अधेरी रात जस्तै हुन पुगेको छ । विश्वका कैयन आर्थिक कारोवार एकै स्थान बाट सन्सारभर फैलाउन सूचना र सञ्चार क्षेत्रकै विकास बाट सम्भव हुन पुगेको छ । नगद रकम बोकेर आर्थिक कारोवार गर्ने प्रचलन दिन प्रतिदिन साँघुरिदै गएको छ । नेपालको दिगो विकास लक्ष्यले समेत सवैले धान्न सक्ने गरी नेट ईन्टरनेटको पहुँचलाई विस्तार गर्ने अठोट लिएको छ । आ.व. २०७५/७६ सम्ममा नेपालमा कुल जनसङ्ख्याको ७२ प्रतिसतमा टेलिभिजन, ८६ प्रतिसतमा रेडियो, ६५.९ प्रतिसतमा इन्टरनेटको पहुँच पुगेको छ भने डिजिटल साक्षरता ४० प्रतिसतको हाराहारिमा रहेको छ ।

विर्तामोड नगरपालिकाको अधिकांस स्थानमा सूचना प्रविधिको पहुँच विस्तार भएको छ । कार्यपालिका भवन, वडाकार्यालय भवनमा, सार्वजनिक स्थल तथा सेवाको क्षेत्र, उद्योग, व्यापार तथा व्यसायका क्षेत्र, विद्यालय, स्वास्थ्य केन्द्र, चौकी साथै स्वास्थ्य सेवा प्रदायक संघ संस्था, पर्यनका क्षेत्र लगायतमा नेट ईन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरूमा यसको व्यवस्थापन गर्न बाँकि रहेको अवस्था छ । नगर कार्यपालिका भवनमा सर्भर व्यवस्थापन गरी केही आवस्यक सफ्टवेयरहरु संचालन गरिएको । सीसी क्यामेरा जडान भई अनुगमन प्रणालीमा आवद्ध गरिएको साथै सुशासन व्यवस्थापनमा सहयोग पुगेको छ । नपा, वडा, स्वास्थ्य संस्था, विद्यालयमा इ-एटेन्डेन्स जडान भई अबिलम्ब संचालन हुने अवस्थामा रहेको । विद्यमान अवस्थामा नेपाल टेलिकम, एनसेल, नेपाल टेलिभिजन, रेडियो नेपाल, कान्तिपुर समेतका विभिन्न एफ एम रेडियो लगायतका प्रायस सवै सञ्चारका श्रोत साधन र एनटिसी, वर्ड लिंक, सुविसु लगायतका संस्थाहरूबाट नेट ईन्टरनेटको सेवा प्रवाह हुदै आएको छ । आ.व. २०७५/७६ सम्मको विवरणका आधारमा १५४४७ घरपरिवारमा मोवाइल रहेको छ भने ८६६२ घरपरिवारमा रेडियो, १२२६३ घरपरिवारमा टेलिभिजन, २४०१ घरपरिवारमा लेनलाई, २६२४ घरपरिवारमा कम्प्यूटर को पहुँच पुगि सकेको अवस्था छ भने आवधिक योजना निर्माणको यस अवस्था सम्ममा यसको प्रयोगको अवस्था करिव ४० प्रतिसतले बृद्धि भएको अनुमान गरिएको छ ।

६.४.२ समस्या तथा चुनौती

६.४.२.१ समस्या

सञ्चारका साधन प्रयोगकर्ताको यथार्थ विवरण सङ्कलन गर्न, छरिएर रहेको टोल बस्ती रहेका कारण दुर सञ्चार सेवामा सवै नगरपालिकाबासिको पहुँच स्थापित गर्न, सूचना प्रविधि सोवाको विस्तार र व्यवास्थापनकालागि पर्याप्त संरचनागत व्यवास्थाको कमी, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून प्रयोग, स्थानीय स्तरमा हुलाक सेवालाई प्रभावकारी बनाउन, अधिकाङ्स स्थानीयबासीको आयश्रोत न्यून रहनु साथै विज्ञापन व्यवसाय व्यवस्थित हुन नसक्नु, नगरपालिका बाट पर्याप्त बजेट विनियोजन नहुनु, बजेट नीति तथा कार्यक्रममा समावेश हुने गरेको भएता पनि सुत्र बजेटमा समावेश नगरिनु, सवैले आवश्यकता महसुस गर्ने तर प्राथमिकतामा नराखिने जस्ता समस्या रहेका छन्

६.४.२.२ चुनौती

स्थानीय स्तरमा प्रवाह हुने समाचारहरूलाई विश्वासनीय बनाउन, यस पालिका भित्रको छरिएर रहेको बस्ती सम्म सहजै संरचनागत पूर्वाधार सहज रुपमा पुऱ्याउन, सामाजिक सञ्जालको दुरपयोगलाई नियन्त्र गर्न, सूचना तथा सञ्चार क्षेत्रको नविनतम प्रविधिको प्रयोग र विस्तार गर्न, बिगतमा सञ्चार दुनियाँको एक मात्र विश्वासिलो माध्यमको रुपमा स्थापित परम्पारगत हुलाक सेवाको संरक्षण, प्रवर्द्धन र प्रभावकारी बनाएर स्थानीय स्तरको प्रमुख आधारको रुपमा पुनरस्थापित गर्न तथा दुर सञ्चार सेवाको गुणस्तरमा एकरुपता कार्यम गर्न साथै सहलगानी र प्रतिफलको सह वितरणको वातावरण सिर्जना

गर्न, नगरपालिका आफैले एफ एम रेडियो सञ्चालन व्यवस्थापन गर्न, सवै सामुदायिक तथा संस्थागत विद्यालयलाई डिजिटल प्रविधिमा सहज प्रवेश र प्रयोगको व्यावस्थपन गर्न सूचना प्रविधिको बढ्दो परिवर्तन, प्रयोग र प्रभावलाई पूर्ण आत्मसात गरी सोहि बमोजिम बजेटको व्यवस्था गर्न, सूचना प्रविधि मैत्री पालिकाको रुपमा पूर्णत विकास गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन्

६.४.३ संभावना तथा अवसर

संबिधानत सवै नागरिकको सूचनाको हक सुनिस्चित हुनु, डिजिटल प्रविधिको विकसले विश्व बजार एक ध्रुवीय गतिमा अघि बढ्नु, सञ्चार गृहहरूको सेवा ग्रामिण बस्ती सम्म विस्तार हुदै जानु, शैक्षिक तथा आर्थिक गतिविधहरूमा सञ्चार प्रविधिको प्रयोगमा उल्लेख्य बढोत्तरी हुँदै जानु, व्यापार व्यवसाय, सार्वजनिक सेवा, प्रविधिको विकास र सो सम्बन्धी ज्ञानको प्रवाहका क्षेत्र समेत डिजिटल मैत्री हुँदै जानु, नगरपालिकाले समेत डिजिटल प्रविधिको प्रयोगलाई प्रथम प्राथमिकतामा राखि आफ्ना सवै गतिविधिहरू वएभसाईट मार्फत सरोकारवालाको सहज पहुँच स्थापित गर्नु, सञ्चार स्रोतका प्रयोग र विस्तारमा स्थानीय युवाशक्तिको आकर्शण दिन प्रतिदिन बढ्दै जानु, सूचना प्रविधि आर्थिक विकासको एक आधारभूत अङ्गको रुपमा स्थापित हुँदै जानु, नगरपालिकामा मोवाइल, नेट ईन्टरनेट प्रयोगकर्ताको सङ्ख्या तिब्रगतिले बढ्दै जानु तथा विर्तामोड नगरपालिका सहित विश्व बजार सूचना प्रविधि मैत्री बन्दैजानु यस क्षेत्रका संभावना र अवसरहरू रहेका छन् ।

६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

६.४.४.१ लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सर्वसुलभ, प्रभावकारी व्यवस्थापन र प्रयोग बाट नगरपालिकाबासिको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने साथै आगामी ५ वर्षभित्र व्यवस्थीत नेटवर्किगं, फ्रि वाइफाई, सीसी क्यामेरा जडान, आइपि फोन, प्रविधि मैत्री नगर र वडा स्थापना गर्ने ।

६.४.४.२ उद्देश्य

१. नगरपालिकाबासी, पर्यटक, उद्योगि, व्यापारी, व्यवसायी लगायत सवैमा सूचना तथा सञ्चार प्रविधि सेवाको पहुँच स्थापित गर्नु साथै उपयोगको विभिदिकरण र विस्तार गर्नु

२. सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित सेवा प्रदायक संघ संस्थालाई सहयोग र समन्वय गर्नु

३. सूचना र सञ्चार प्रविधि मैत्री उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विकास र विस्तार बाट रोजगारीका अवसरहरू सिर्जना गर्नु

४. सफ्टवेयर, डाटाबेस, सर्भर लाई सुरक्षित र व्यवस्थित बनाएर नागरिकलाई सूचना तथा प्रविधिमैत्री सेवा संचालन गर्ने साथै सूचना प्रविधिको प्रयोग बाट पालिका स्तरका विकास निर्माण र सेवा प्रवाहलाई जनता सँग प्रत्यक्ष जोडिने अवस्थाको विकास गरी स्थानीय सरकार प्रति स्थानीयबासीको विश्वास र भरोसा स्थापित गर्नु

६.४.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ६.१ र ६.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	सवै नगरपालिकाबासिमा सूचनाको हक स्थापित गर्ने	• सवै नगरपालिकाबासीमा सूचनाको पहुँच स्थापित गर्न आवश्यक संस्थागत, नीतिगत तथा कानूनी व्यवस्था गर्ने • दुर सञ्चार टावर निर्माणः उपयुक्त जग्गा र स्थानको व्यवस्था गरी नगरपालिका सहित सवै वडाकार्यालयको समन्वयमा सम्बन्धित दुरसञ्चार सस्थाहरू सँग समन्वय गरी सम्बन्धित दुरसञ्चार सस्थाकै लगानिमा दुरसञ्चार टावर निर्माण तथा दुर सञ्चार सेवा बिस्तार गर्ने

		• सर्वसाधारण नगरपालिकाबासी लगायत विद्यालय, स्वास्थ्य केन्द्र, उद्योगि, व्यापारी, व्यवसायी लगायत सबै सरोकारवालालाई नेट ईन्टरनेट सेवाको पहुँच सुनिस्चि तगर्ने • विर्तामोड बजारका मुख्य बजार केन्द्र, सार्वजनिक स्थल, सरकारी तथा गैरसरकारी कार्यालय लगायत नगरपालिकाका गौरवका आयोजना भित्र समेटिएका प्रस्तावित स्याटलाईट स्मार्ट ग्रामिण बजारका प्रस्तावित केन्द्रहरूमा फ्रि वाईफाई जडान गर्ने । • **हुलाक सेवाः** संघीय तथा प्रदेश सरकार र हुलाक सेवा कार्यालय सँग समन्वय गरी विर्तामोड नगरपालिकाको ग्रामिण स्याटलाईट ग्रामिण बजार केन्द्र निर्माण विकास हुने मुख्य बजार केन्द्रमा सुविधायुक्त हुलाक सेवा सञ्चालन गर्ने
२	नगरपालिकाका सबै टोल बस्तीमा सूचना तथा सञ्चार स्रोतको पहुँचको सुनिस्चित गर्ने साथै हुलाक सेवाको संरक्षण र सम्बर्द्धनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्ने	• संघीय तथा प्रदेश सरकार र हुलाक सेवा कार्यालय सँग समन्वय गरी नगरपालिकाको ग्रामिण स्याटलाईट ग्रामिण बजार केन्द्र निर्माण विकास हुने मुख्य बजार केन्द्रमा सुविध युक्त हुलक सेवा सञ्चालन गर्ने • नगरपालिकाले आफ्नै रेडियो सञ्लनमा नल्याउँदा सम्म सञ्चार माध्यम सँग साझेदारीको नीति अवलम्बन गर्ने
३	नगरपालिका क्षेत्र भित्र सञ्चालन तथा व्यवस्थापन हुने सबै प्रकृति र प्रकारका विकास निर्माण , लगायत आर्थिक, सामाजिक, सांस्कृति, वातावरणीय तथा वित्तीय व्यवस्थापनका कार्य साथै सेवा प्रवाहलाई डिजिटल प्रविधिमा आवद्ध गरी आन्तरिक आय आर्जनमा गुणात्मक परिवर्तन ल्याउने साथै विज्ञापन सेवालाई समते व्यवस्थित बनाउने	• इन्ट्रानेट तथा नेटवर्किगं, सिसिटिभि, आइपिफोन, निशुल्क वाइफाई सबै वडा, विद्यालय, न.पा., स्वास्थ्य संस्थामा व्यवस्थापन गर्ने । अनलाइन / ईपेमेन्ट भुक्तानी प्रणाली प्रयोग गरी राजश्व कर संकलन गर्ने र विभिन्न आवश्यकता अनुसारका सफ्टवेयर प्रयोगमा ल्याउने • नगरपालिका भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा अनिवार्य नेट ईन्टरनेट सेवा जडान गर्ने • नगरपालिकाको वित्तीय व्यवस्थापनलाई सूचना प्रविधि सँग आवद्ध गरी कर तथा गैरकर राजश्व सङ्कलन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने • सूचना प्रविधिको माध्यम बाट स्थानीय भाषा, कला, संस्कृति तथा मौलिकताको संरक्षण र सम्बर्द्धन गर्ने

६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ६.३ मा समावेश गरिएको छ ।

६.४.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

हुलाक तथा दुरसञ्चार सेवाको क्षमता बिस्तार, विकास र सहज पहुँच सहितको सुविधाले शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, ब्यावसाय तथा प्रशासनिक सेवा प्रवाहमा बढोत्तरी हुनुको साथै सर्वसाधारण नगरपालिकाबासी आन्तरिक तथा बाह्य पर्यटक, अध्ययन तथा अनुसन्धान कर्ता लगायत सम्पूर्ण सरोकारवालालाई सूचना ग्रहण र प्रवाहमा सहजता भएको हुनुको साथै

राष्ट्रिय तथा अन्तराष्ट्रिय घट्ना परिघट्नाका बारेमा सहज जानकारी उपलब्ध गर्न सकिने अवस्थाको श्रृजना भई आर्थिक, सामाजिक र सास्कृतिक जीवन, जीवन पद्धती तथा जीवन स्तरमा सकारात्मक प्रभाव परेको हुनेछ

सर्भर र डाटा सुरक्षा सहति वडा कार्यालय, विधालय, न.पा., स्वास्थ्य संस्था सबै एकआपसमा जोडिन गई सेवा प्रवाह सरल, सहज, सर्वसुलभ र प्रभावकारी भएको हुनेछ ।

६.४.५.२ नतिजा/सूचक

१. नेपाल सरकारको लगानीमा विर्तामोड नगरपालिकाका ग्रामिण स्याटलाईट ग्रामिण बजार निर्माण हुने बजार केन्द्रमा ब्यवस्थित हुलाक सेवा सञ्चालनमा आएका हुनेछन्

२. सम्बन्धित दुरसञ्चार सस्थाहरू सँग समन्वय गरी सम्बन्धित दुरसञ्चार सस्थाकै लगानिमा नगरपालिका क्षेत्रका सवै वडाका आवश्यक स्थानमा दुरसञ्चार टावर निर्माण भई आगामि २ बर्ष भित्र वडाका सवै स्थनमा दुर सञ्चार तथा नेट ईन्टरनेटको सहज पहुँच र गुणस्तरीय सेवा पुगेको हुनेछ

६.४.६ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाका सवै स्थान र सेवाका क्षेत्रमा नेट ईन्टरनेटको सेवा स्थापित भएको हुनेछ । दुर सञ्चरा सेवा प्रदायक संस्थाहरूले आफ्नो कार्यक्षेत्र विस्तार गरेका हुनेछन् ।

६.४.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	**सूचना, सञ्चार तथा प्रविधि**	• नगर सभाको निर्णय पुस्तिका नगर • नगरकार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • सम्बन्धित योजनाका डिपिआर तथा नक्साहरू • स्थलगत अवस्था • सूचना तथा सञ्चार प्रविधि शाखा/उपशाखाको अभिलेख • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • सञ्चार गृह तथा सो सँग सम्बन्धित संस्था वा निकाय • भौतिक पूर्वाधार निर्माण/योजना शाखा • सूचना तथा सञ्चार प्रविधि शाखा • संबन्धित वडा समितिको कार्यालय **२. सहयोगी** • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान ऐन कानून • जग्गा जमिन तथा स्रोत र साधनको अभाव • निर्माण उपकरण • सहयोगी तथा साझेदार संघ संस्थाको अभाव • उपयुक्त प्रविधि अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष निर्माण जनशक्तिको अभाव • प्राकृतिक प्रकोप

तालिका नं. ६.१: कार्यक्रम तथा आयोजना विवरण खाका

उद्देश्य नं.	कार्यक्रम तथा आयोजना	एकाई	आधार बर्षको अवस्था	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा)						प्रति एकाई लागत	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा			
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
१. बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण													
१	भू-उपयोग नीति तथा योजना निर्माण गर्ने	%	तर्जुमा भएको कार्यान्वयन नभएको	१००								नगर सभा, नगर कार्यपालिका योजना तथा पूवौधार शाखा स्थानीयबासी	६.१.४.३ को को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
२ देखि ८	एकीकृत वस्ती विकास गरी भौगालिक रुपमा विकट, विपद्को उच्च जोखिम युक्त क्षेत्र तथा स्थानमा रहेका बस्तीहरूलई स्थानान्तरण गर्ने साथै फुसको छना भएकाकोमा जस्तापाता लगाउन	संख्या	परिवार संख्या ३००५	५००									
९	भवन संहिताका आधारमा घर तथा भवनहरू को निर्माण इजाजत अनिवार्य गर्ने	संख्या	११३९१	१७०००									
९	नगरपालिका क्षेत्रभित्रका सवै घरहरू लाई सूचनामा आधारित घर नम्बर प्रदान गर्ने	%	०	१००	१२०००	१६०००	१६०००	१६०००	२००००	८००००			
५, ६, ७	सामुदायिक भवन निर्माण सम्पन्न तथा स्तरोन्नती गर्ने	संख्या	७३	८०	सामाजिक पूर्वाधार विकास अन्तरगत रहेको								
५	कार्यालय भवन निर्माण तथा स्तारोन्नती गर्ने	संख्या	११	११	संस्थागत पूर्वाधार विकास अन्तरगत रहेको								
२ सडक, पुल तथा यातायात													
१	१.नगरपालिकाका सवै वडा, वस्ती र टोलमा बषै भर सहज											नगर कार्यपालिका, योजना तथा	६.२.४.३ को को रणनीति तथा कार्यक्रम

	आवगमन गर्न सकिने गरी सडक निर्माण गर्ने											पूवौधार शाखा, स्थानीयबासी, निर्माण व्यवसायी संघीय तथा प्रदेश सरकार र विकास साझेदार	स्तम्भमा सम्लग्न
१ देखि ३	१.१ कालोपत्रे सडक	कि.मि.	६५	१२५									
"	१.२ ग्राभेल सडक	कि.मि.	३५०	३५५									
"	१.३माटोको सतह भएको सडक	कि.मि	२३५	१७०	४४६०१२	५७३४४४	९५५७४०	१६५६६१६	२७३९७८८	६३७१६००			
"	पुल तथा कलभर्ट निर्माण गर्ने	संख्या	७०	१००	१७७९०	२१३४८	२६६८५	४४४७५	६७६०२	१७७९००			
"	यातायात व्यवस्थापन	संख्या	१	३	४८००	४८००	४८००	४८००	४८००	२४०००			
३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा													
२	विद्युत सेवाको पहुँच विस्तार गर्ने	संख्या	१५६२१	सतप्रतिसत								नगर सभा, नगर कार्यपालिका, योजना तथा पूवौधार शाखा, स्थानीयबासी, संघीय तथा प्रदेश सरकार र विकास साझेदार	६.३.४.३ को को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
१	बैकल्पिक र नवीकरणीय उर्जा उत्पादन मार्फत सेवा विस्तार गर्ने	संख्या	१०२८	१६००									
१ र २	इन्धनको रुपमा प्रयोगकालागि बनजङ्गलको कटानी र फडानीलाई निरुत्साहित गरी वातावरणीय सन्तुलन कायम राख्ने	संख्या	५२३७ परिवार	८० % ले घटाउने	६०००	६०००	६०००	६०००	६०००	३००००			
४ सूचना, सञ्चार तथा प्रविधि													
१	१. सूचना तथा सञ्चार प्रविधि सेवाको पहुँच विस्तार गर्ने											नगर सभा, नगर कार्यपालिका, सूचना तथा सञ्चार प्रविधि शाखा, स्थानीयबासी, संघीय तथा प्रदेश सरकार र विकास साझेदार	६.४.४.३ को को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
	१.१ नेट ईन्टरनेट सेवा												
	घरपरिवारमा टेलिभिजन	घर परिवार	१७१६१*	२००००									
	घरपरिवारमा कम्प्यूटर को पहुँच	घर परिवार	३६७४*	१००००									
	मोवाइलको पहुँच	घर परिवार	२२८६२*	१०० %	७०००	७०००	७०००	७०००	७०००	३५०००			

२	सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउने	%	सामान्य अवस्थामा	८०									
३	सेवाको विकास र विस्तार बाट रोजगारीका अवसरहरू सिर्जना गर्ने	%	सामान्य अवस्थामा	६५									
४	सूचना प्रविधिको प्रयोग बाट पालिका स्तरका विकास निर्माण र सेवा प्रवाहलाई जनता सँग प्रत्यक्ष जोडिने अवस्थाको विकास गर्ने	%	सामान्य एसएमएस सेवा मात्र	८५									

*२०६८ सालको सङ्ख्यात्मक विवरणमा ४० प्रतिसतको बृद्धि अनुमान

तालिका नं. ६.२ कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण खाका

उद्देश्य नं.	कार्यक्रम तथा आयोजनाको विवरण	स्थानीय दीर्घकालिन लक्ष्य/रणनीतिक स्तम्भ सङ्केत	दिगो विकास लक्ष्य सङ्केत	दिगो राष्ट्रिय लक्ष्य सङ्केत	प्रदेश समृद्धि सङ्केत	लैङ्गिक सङ्केत	जलबायु सङ्केत
१. **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण**							
१	भू-उपयोग नीति तथा योजना तयार गर्ने	६.१.४.३	११	८	१		
२	एकीकृत आवास विकास (House Pooling) जस्ता योजना कार्यान्वयन गर्ने	६.१.४.३	११	२.१	२.१		
३	राष्ट्रिय भवन संहिता तथा मापदण्ड लाई स्थानीयकरण गर्ने	६.१.४.३	११		१०		
४	सूचनामा आधारित घर नम्बर प्रदान गर्ने	६.१.४.३					
२ सडक, पुल तथा यातायात							
१	सडक गुरु योजना अध्यावधिक गर्ने साथै सडक पूर्वाधार निर्माण गर्ने	६.२.४.३	९	३.१	३.१		
२	सडक, ढल/नाला, पुल तथा कलभर्ट निर्माण	६.२.४.३	९	३.१	३.१		

	गर्दा मापदण्डका आधारमा गुणस्तर कायम गर्ने						
३	पार्किङ स्थल समेत निर्माण गरी यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउने	६.२.४.३	९	३	३		
३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा							
१	लघु जलबिद्युत आयोजनाको स्तरोन्नती गरी उत्पादन र उत्पादकत्व बढाउन	६.३.४.३	७	४	१		
२	विद्युत सेवाको पहुँच विस्तार गर्ने	६.३.४.३	७				
३	बैकल्पिक र नवीकरणीय उर्जा उत्पादन मार्फत सेवा विस्तार गर्ने	६.३.४.३	७	७	३.३		
४ सूचना, सञ्चार तथा प्रविधि							
१	सूचना तथा सञ्चार प्रविधि सेवाको पहुँच विस्तार गर्ने	६.४.४.३	९	३	१.३		
२	सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउने	६.४.४.३	९	३	१,३		

तालिका नं. ६.३: नतिजा खाका

नतिजा तह	नतिजा	सूचक	एकाई	आधार बर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक बर्ष र कुल)						पुष्ट्याइका आधार	जोखिम पक्ष र अनुमान
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा		
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
१. बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण												
प्रभाव	आवासीय क्षेत्र, कृषि तथा पशुपन्छी पालन क्षेत्र, शहरी तथा ब्यापारिक क्षेत्र, औद्योगिक क्षत्र, पर्यटन क्षेत्र वन तथा हरियाली क्षेत्र, चरन क्षेत्र, समेतको भू-उपयोगको	१	%	नभएको	५०	१००	१००	१००	१००	१००	नगर सभा, कार्यपालिकाको निर्णय अभिलेख साथै प्रकासित दस्तावेजहरू	नगर पालिकाको सकृयता र व्यवस्थापन दिगो भएके हुने

	मापदण्ड तयार भई कार्यान्वयनमा आउने											
	एकीकृत वस्ती विकासका माध्यम बाट अति जोखिम अवस्थामा रहेका घरपरिवार सुरक्षित हुने तथा फुसको छाना भएकाको हकमा जस्तापाताको छाना लगाउने	३, ४	परिवार संख्या	३००५	१००	१००	१००	१००	१००	५०० वटा विपन्न अवास तथा सवै घरमा जस्ता पाता		
	राष्ट्रिय भवन संहिता तथा मापदण्ड लाई स्थानीयकरण हुने	९	%	सामान्य अवस्थमा	१००	१००	१००	१००	१००	१००	नगर सभा, कार्यपालिकाको निर्णय अभिलेख, सम्बन्धित शाखा साथै स्थानीयबासी	
	सूचनामा आधारित घर नम्बर बाट स्थानीय सेवा प्रवाहमा सहजता आउने	९	%	नभएको	५०	१००	१००	१००	१००	१००		
असर	भूउपयोग योजनाका माध्यम बाट जमिनको अनावश्यक खण्डिकरण रोकी जग्गाको वैज्ञानिक उपयोगलाई सुनिस्चित गर्नु		%	नभएको	५०	१००	१००	१००	१००	१००	कार्यपालिका, संघीय तथा प्रदेश सरकार साथै स्थानीय सरकोकारवाला	भूउपयोग योजना तथा नीत पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ
	प्राकृतिक विपती र जोखिम बाट मानिसको जीवन रक्षा गर्नु		%	सामान्य	१००	१००	१००	१००	१००	५०० वटा विपन्न अवास तथा सवै घरमा जस्ता पाता		
	स्थानीय सेवालाई प्रभावकारी बनाउनु		%		६०	७०	८०	९०	१००	१००		
प्रतिफल	भूउपयोग योजनाका माध्यम बाट जग्गा जमिनको उत्पादन र		%	गणना नभएको	७०	८०	९०	१००	१००	१००	योजना शाखा, स्थानीय कृषक, उद्योगि, व्यापारी	स्थानीबासीको सहभागिता र सहयोगमा

	उत्पादकत्वमा अभिबृद्धि भएको हुनेछ										र व्यवसायीहरू	अभिबृद्धि भएको हुने साथै श्रोत र साधनको पर्याप्ताता र मूल्य स्थिर रहेको हुने
	जोखिम अवस्थामा रहेका मानिसहरू सुरक्षित भएको हुनेछन्		संख्या	३००५	१००	१००	१००	१००	१००	५०० वटा विपन्न अवास तथा सवै घरमा जस्ता पाता		
	स्थानीय सेवाको गुणस्तरमा सुधार भई नगरपालिका प्रतिको विश्वासमा बढोत्तरी भएको हुनेछ		%	सामान्य अवस्थमा	६०	७०	८०	९०	१००	१००		
प्रमुख कार्यक्रम	भूउपयोग योजना को कार्यान्वयन र स्थानीय ऐन कानून तर्जुमा गर्ने		%	भूउपयोग योजना तयार भई कार्यान्वयन नभएको तथा ऐन कानून निर्माण नभएको	६०	७०	८०	९०	१००	१००	नगर सभा, नगर कार्यपालिका	भूउपयोग योजना अध्यावधिक भई कार्यान्वयनमा आएको हुनेछ
	एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन गर्ने		वस्ती संख्या	नभएको	१००	१००	१००	१००	१००	५०० वटा विपन्न अवास तथा सवै घरमा जस्ता पाता		
	स्थानीय सेवाको प्रभावकारिता बृद्धि गर्ने		%	सामान्य अवस्थमा	६०	७०	८०	९०	१००	१००		
२. सडक, पुल तथा यातायात												
प्रभाव	१. सडक तथा नाला निर्माण बाट आवागमनमा सहजताका साथ आर्थिक कृयाकलाप र	६.२.५.२ बमोजिम का सवै									नगर कार्यपालिका, सम्बन्धित शाखा, निर्माण व्यवसायी साथै	श्रोत र साधनको पर्याप्तता भएको हुने मूल्य स्थिरता

	गतिविधिमा आधारित कार्यमा बढोत्तरी हुने										स्थानीयबासी र सरोकारवाला	रहेको हुने
	१.१ कालो पत्र सडक		कि.मि.	६५	६५	७२	८०	९२	१०७	१२५		
	१.२ ग्राभेल सडक		कि.मि.	३५०	३५०	३५१	३५२	३५३	३५४	३५५		
	१.३ कच्ची सडक (माटोका सतह भएका)		कि.मि	२३५	२३५	२२७	२१८	२०५	१८९	१७०		
	पुल तथा कलभर्ट निर्माण बाट एक स्थान बाट अर्को स्थानमा सहज रुपमा आवत जावतको सुनिस्चितता हुने	"	संख्या	७०	७६	८२	८८	९४	१००	१००		
	यातायात व्यवस्थापन का कारण ट्राफिक व्यवस्थापनमा सहजता आउने	"	संख्या	१	१	२	२	३	३	३		
असर	सडक तथा पुल पूर्वाधारको विकास बाट आर्थिक कृयाकलापमा बढोत्तरी ल्याउनु		%	गणना नभएको तर ५० प्रतिसतको अनुमान	६०	७०	८०	९०	१००	१००	कार्यपालिका आर्थिक विकास सँग सम्बन्धित शाखा, स्थानीय कृषक, उद्योगि, व्यापारी तथा व्यवसायी तथा ट्राफिक प्रहरी र सरोकारवाला	स्थानीयबासिको सकृयता भढेको हुने ट्राफिक व्यवस्थापन नियमित र प्रभावकारी भएको हुने
	यातायातको व्यवस्थापन बाट सडक दुर्घटनामा कमि ल्याउनु		%	गणना नभएका	६०	७०	८०	९०	९५	९५		
प्रतिफल	नगरपालिका क्षेत्र भित्र बर्षैभरी सहज रुपमा आवतजावतको सुनिस्चितता भएको हुनेछ		%	करिव ७५ प्रतिसत	८०	८५	९०	९५	९७	९९	कार्यपालिका, योजना शाखा, यातायात व्यवसायी, सम्बन्धित सरोकारवाला	बर्षैभरी सहज आवत जावत हुने गरिका सडक पूर्वाधारको निर्माण बिकास भएको हुने आर्थिक कारोवार र सामाजिक साथै
	कृषि तथा पशुपन्छी जन्य बस्तुको कारोवार साथै व्यापार व्यवसायमा बढोत्तरी भएको हुनेछ		%	सामान्य अवस्थमा	६०	७०	८०	९०	१००	१००		

	सडक दुर्घटनामा कमि आएको हुनेछ		%	गणना नभएका	६०	७०	८०	९०	९५	९५		सांस्कृतिक कृयाकलापमा बढोत्तरी भएको हुने
प्रमुख कार्यक्रम	सडक सुविधा नपुगेका स्थानमा सडक निर्माण, कच्चि सडक ग्राभेल तथा ग्राभेल भएका सडक कालोपत्रे गर्ने			प्रभाव खण्डमा उल्लेख गरे बमोजिम							नगर कार्यपालिका, सम्बन्धित शाखा, निर्माण व्यवसायी र स्थानीयबासी	श्रोत र साधनको पर्याप्तता कार्यक्रम सञ्चालनमा सहजता र सहयोग पुगेको हुने
	प्रस्तावित भएका पुल तथा कलभर्टहरू निर्माण गर्ने											
	यातायातको सुविधामा विस्तार र विकास गर्ने		%		६०	७०	८०	९०	९५	९५		
३. जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा												
प्रभाव	बैकल्पिक तथा नविकरणीय उर्जाको थप विकास र प्रयोग भएको हुने	१–२, ४	%	१०२८	१०७५	११५०	१२५०	१४००	१६००	१६००	कार्यपालिका, स्थानीय समुदाय तथा निजी क्षेत्र	श्रोत र साधनको सहज उपलब्धता भएको हुनेछ स्थानीयबासिको सहयोग र निजी क्षेत्रको सम्लग्नता र सकृयता बढेको हुनेछ
	उर्जामा पहुँच बृद्धि भई उद्योग, व्यापार तथा व्यवसायमा समेत बृद्धि भएको हुने	२–३	%	१५६२१ घर परिवार	६०	७०	८०	९०	१००	१००		
असर	आर्थिक कृयाकलप र गतिविधिमा बढोत्तरी ल्याउनु		%	६०	७०	८०	९०	१००	१००	१००	कार्यपालिका र स्थानीयबासी	स्थानीय सरकोकारवाला को सकृयतामा बृद्धि भएको हुनेछ
	इन्धन र उर्जामा आत्म निर्भर बनाउनु		%	७०	८०	९०	१००	१००	१००	१००		
प्रतिफल	उर्जाको प्रयोगमा स्थानीयबासीको पहुँच सहज पर्याप्त भएको		%		६०	७०	८०	९०	१००	१००	कार्यपालिका र स्थानीयबासी	सरकोकारवाला को सकृयतामा बृद्धि भएको

	हुनेछ ।											हुनेछ
	कृषि तथा पशुपन्छी जन्य उत्पादन र उत्पादकत्वमा बृद्धि साथै व्यापार व्यवसायमा बढोत्तरी का कारण नगरपालिका आत्म निर्भरता तर्फ उन्मुख भएको हुनेछ ।		%		७०	८०	९०	१००	१००	१००		
प्रमुख कार्यक्रम	विद्युत सेवाको पहुँच विस्तार गर्ने		%	१५६२१	८०	९०	१००	१००	१००	१००	नगरपालिका, निजी क्षेत्र र स्थानीय समुदाय साथै उपभोक्ता समिति	श्रोत र साधनको उपलब्धता रहेको हुने प्राकृतिक प्रकोपमा कमि भएको हुनेछ
	बैकल्पिक र नवीकरणीय उर्जा उत्पादन मार्फत सेवा विस्तार गर्ने		संख्या	१०२८	१०७५	११५०	१२५०	१४००	१६००	१६००		
४. सूचना, सञ्चार तथा प्रविधि												
प्रभाव	सूचना तथा सञ्चार प्रविधि सेवाको पहुँच विस्तार भएको हुने	१, २	%	कार्यक्रम खाकामा उल्लेख	७०	७५	८०	९०	१००	१००	कार्यपालिका, सूचना प्रविधिमा सम्लग्न संघ संस्था र निकाय, स्थानीयबासी	श्रोत र साधनको सहज उपलब्धता हुनेछ स्थानीयबासीको सकृय सहायेग रहनेछ
	सूचना तथा सञ्चार प्रविधिको प्रयोग बाट आर्थिक, सामाजिक, सांस्कृतिक गतिविधिमा बढोत्तरी भएको हुने		%	सामान्य अवस्थामा	५०	५५	६०	७०	८०	८०		
असर	सूचना र सञ्चार प्रविधिको सकारात्मक प्रयोगलाई प्रभावकारी बनाउनु		%	सामान्य अवस्थामा	५५	६५	७५	८५	९५	९५	कार्यपालिका, सूचना प्रविधिमा सम्लग्न संघ संस्था र निकाय, स्थानीयबासी	सरोकारवालाको साथ र सहयोगी नियमित रहनेछ आर्थिक कृयाकलापमा सम्लग्न सरोकारवालाको सकृयता दिगो भएको हुनेछ
	सूचना र सञ्चार प्रविधिको पूर्ण प्रयोग बाट सामाजिक, आर्थिक, सांस्कृतिक कृयाकलाप साथै सेवा प्रवाहलाई प्रभावकारी		%	सामान्य अवस्थामा	२५	३०	३५	४०	५०	५०		

	बनाउनु											
प्रतिफल	सबै नगरपालिकाबासिले सूचना र प्रविधिको सहज रुपमा पूर्ण सदुपयोग गरेका हुनेछन्		%	गुणात्मक सुधारको अवस्थामा	६०	७०	८०	९०	१००	१००	स्थानीय सरोकारवाला	स्थानीयबासीको सकृयता निरन्तर र दिगो रहेको हुने
	आर्थिक, सामाजिक, सांस्कृतिक कृयाकलाप साथै सेवा प्रवाहको गुणस्तरमा प्रभावकारिता बढ्न गई स्थानीयबासिको आय आर्जन र आर्थिक समृद्धिमा गुणात्मक परिवर्तन आएको हुनेछ		%	सामान्य अवस्थामा	२५	३०	३५	४०	५०	५०		
प्रमुख कार्यक्रम	सूचना प्रविधिका पूर्वाधारहरू पालिकाका सबै टोल बस्ती सम्म पुऱ्याउने		%	सामान्य	७०	७५	८०	९०	१००	१००	नगर कार्यपालिका सूचना प्रविधि सँघ सम्बन्धित संघ संस्था, निजी क्षेत्र, दुर सञ्चार प्राधिकरण	श्रोत र साधनको सहज उपलब्धता रहेको हुनेछ प्राकृतिक प्रकोपमा कमि आएको हुनेछ
	सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउने		%	सामान्य	६०	७०	८०	९०	१००	१००		
	सेवाको विकास र विस्तार बाट रोजगारीका अवसरहरू सिर्जना गर्ने		%	सामान्य अवस्थामा	२५	३०	३५	४०	५०	५०		

परिच्छेद ७ (सात)
वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

७.१ वन तथा जैविक विविधता

७.१.१ पृष्ठभूमि

हरीयो बन नेपालको धन भन्ने लोकेक्ति अहिले पनि उत्तिकै सार्थक देखिएको र रहेको छ । नेपालको कुल भूमाग मध्ये ४४.७४ प्रतिसत क्षेत्रफल बनजङ्गलले ओगटेको छ । बनजङ्गल भित्र पाईने विभिन्न प्रजातीको रुख तथा बोट विरुवा वा बनस्पती, बन्यजन्तु, जैविकि विभिदता लगायतका यी क्षेत्र पर्यापर्यटन, कृषि, पशुपालन, बन तथा जडिबुटीमा आधारित उद्योग सँग प्रत्यक्ष रुपमा जोडिएका छन र रहन्छन । नगरपालिकाको पूर्वी भागमा राष्ट्रिय वन र सो वनको व्यवस्थपनकालागि १५६ हेक्टर क्षेत्रफल रहेको उत्तर तर्फको वनको संरक्षण तथा प्रवर्द्धन हरियाली सामुदायिक वन उपभोक्ता समिति र दक्षिण तर्फको ५९३ हेक्टर क्षेत्रफल भएको सुन्दर निचाभ्को सामुदायिक वन उपभोक्ता समिति बाट भैरहेको छ । विर्तामोड नगरपालिका वडा नं. २ स्थित रामचौक सामुदायिक वन हाताभित्र बुटिक पार्क बनाउने प्रारम्भिक कार्य समेत भैरहेको छ । उक्त २ वटा क्षेत्रभित्र सिमसार तथा पर्या-पर्यटनको विकास गर्ने कार्यको थालनी सून्दर सामुदायिक वन उपभोक्ता समितिको हाता भित्र शहीद नेत्रपार्कको निर्माणको कार्य सुरुवाती चरणमा रहेको छ । निजी क्षेत्रलाई आकर्शण गरी वनक्षेत्रको विकासमा सरिक गराउन आवश्यक निजी वन दर्ता ऐन निर्माण भने भैसकेको छैन । यस पालिका भित्रका उल्लेखित बनजङ्गलबाट प्राप्त हुने काठ दाउरा, जडिबुटी, प्राकृतिक रमणीयताका साथै विभिन्न प्रकारका बन्यजन्तु र चारचुरुङ्गी यस क्षेत्रको आर्थिक विकासका सूचक हुन । यस पालिका भित्र रहेका उल्लेखित बनजङ्गल भित्रको बन बनस्पती, जैविक विभिदता समेतको अध्ययन अनुशन्धान गरी तुलनात्मक लाभ लिन सक्ने वातावरण सिर्जन गर्न सकिने अवस्था रहेको छ ।

७.१.२ समस्या तथा चुनौती

७.१.२.१ समस्या

यस पालिका क्षेत्र भित्र रहेको करिव ६४९ हेक्टर क्षेत्रफलमा फैलिएका वन बाट अपेक्षाकृत लाभ हाँसिल गर्न सक्ने गरी व्यवसायिक व्यवस्थापन र उपयोग गर्न नसक्नु, यस क्षेत्रमा रहेको बनस्पति, बन्यजन्तु तथा जैविक विभिदताको यथार्थ विवरण सङ्कलन तथा अध्यावधिक हुन नसक्नु, यसपालिकाको आर्थिक समृद्धिको आधारस्तम्भको रुपमा स्थापित गर्न नसक्नु, अनाधिकृत रुपमा हुने बन अतिक्रमण, चोरी सिकारी, अवैध व्यापार, मानव र वन्यजन्तु विचको द्वन्द व्यवस्थापन र नियन्त्रण गर्न नसक्नु, वनजङ्गल क्षेत्रमा पानीका श्रोत सुक्दै जानु, जलचर तथा जङ्गली जनावरको वासस्थान घट्दै जानु, जङ्गली जनावरको आतङ्क बढ्दै जानु, वनजङ्गलमा रहेका बन्यजन्तुकालागि वनजङ्गलमानै उपयुक्त र पर्याप्त आहाराको व्यवस्था हुन नसक्नु, वन क्षेत्रमा घेराबारा नहुनु, निजी वन दर्ता गर्न कानूनी प्रवन्ध हुन नसक्नु, नगरपालिकामा वनजङ्गल विज्ञ प्राविधिक जनशक्तिको अभाव रहनु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

७.१.२.२ चुनौती

यस पालिका क्षेत्र भित्र रहेका सामुदायिक बनमा उपलब्ध रुख विरावा तथा बनस्पती र जैविक विभिदताको पूर्ण सदुपयोग गर्न, नगरपालिका, बनउपभोक्ता समिति, संघ तथा प्रदेश सरकार र निजी क्षेत्र विच समन्वय विस्तार र व्यवस्थापन गर्न, विद्यमान ऐन कानूनलाई समयानुकुल परिवर्तन गर्न, वनजङ्गल, जैविक विभिदता र स्थानीय स्तरमा हुने भोतिक पूर्वाधार निर्माण विच उत्पन्न हुने द्वन्द व्यवस्थापन गर्न, यस क्षेत्र बाट बस्तु र सेवाको विस्तार र तीनबाट प्राप्त हुन लाभलाई समन्यायीक वितरण गर्न, खुल्ला सिमानाका कारण हुने चोरी निकासी लाई नियन्त्रण गर्न, वन क्षेत्रलाई पूर्ण घरावारा गर्न, हरितगृहको प्रभाव सन्तुलन गर्न, डिपबोरिङका कारण जमिन मुनिको पानीको सतह व्यवस्थपन गर्न, वनजङ्गलमानै वन्यजन्तुकालागि आवश्यक र पर्याप्त आहारको व्यवस्थापन गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

७.१.३ संभावना तथा अवसर

नेपाल प्राकृतिक श्रोत र साधन सम्पन्न मुलुक हो । प्रकृतिक श्रोत साधन मध्ये वन, बन्यजन्तु र जैविक विभिदता मानव विकास क्रम सँगै सदियौं देखि नेपाली जनताको जीविकोपार्जन सँग जोडिएको अति महत्वका विषय बस्तु हुन ।

यसको प्रत्यक्ष प्रभाव र अवस्था यस नगरपालिकामा समेत रहेको छ । स्थानीय स्तरमा महिला, दलित तथा स्थानीय समूह सम्मिलित समुदाय, सामुदायिक वन संरक्षक/उपभोक्ता समिति, नगरपालिका, निजी क्षेत्र मार्फत वन्य जन्तुको संरक्षण गर्न, बनक्षेत्र भित्र पाईने विभिन्न प्रकारका जडिबुटीको खोजी, संरक्षण र विकास गर्न, घाँस दाउराको नाममा हुने बन क्षेत्रको अनाधिकृत अतिक्रमण रोक्न, सामुदायिक वनजङ्गल भित्र पाईने साल, सिमल, कदम, हर्रो, चिलाउने, खयर लगायतका रुख विरुवाको संरक्षण र सार्थक रुपमा स्थानीयबासिको जीवनस्तरको सुधारमा प्रयोग योग्य बनाउन, बनजङ्गलमा आधारित उद्योग व्यवसायको स्थापना र विकास गर्न, वन क्षेत्र भित्रका खुल्ला स्थानको पूर्ण सदुपयोग गर्न, खोला किनारामा बृक्षारोपण गरी पार्क निर्माण गर्न, वन क्षेत्रमा खुल्ला पोखरी निर्माण गरी संरक्षण सिंचाईको प्रवन्ध गर्न, वन्यजन्तुकालागि आहाराजन्य वनस्पतिको बृक्षारोपणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउन, थोरै भए पनि कार्वन सञ्चितीबाट अन्तराष्ट्रिय भुक्तानीमा संघीय सरकारलाई सहयोग पुऱ्याउन साथै कानूनी प्रावधानको व्यवस्थापन गरी निजी स्तरमा बन क्षेत्रको विकास गर्न साथै वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउन सकिने प्रसस्त सम्भावना र अवसर रहेका छन् ।

७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.१.४.१ लक्ष्य

यस पालिका क्षेत्र भित्र उपलब्ध र भविश्यमा विस्तार हुने समेतको बन तथा जैविक विभिदताको संरक्षण र विकास गरी सहभागितामूलक व्यवस्थापन बाट दिगो विकासमा आधारित वातवरणीय सन्तुलन कायम राख्दै वनजन्य उद्यम तथा पर्यटनको विकास साथै बस्तु तथा सेवाको उत्पादन गरी स्थानीयबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने साथै नगरपालिकाको आन्तरिक आयमा योगदान पुऱ्याउने

७.१.४.२ उद्देश्य

१. वन तथा जैविक विभिदताको संरक्षण, सम्बर्द्धन र विकासका साथमा उत्पादन, उत्पादकत्व र वातावरण सुद्रिढिकरणमा अभिबृद्धि गर्ने
२. वन क्षेत्र बाट प्राप्त लाभको न्यायोचित वितरण गर्न सहयोग गर्ने साथै निजी वनको विकास र विस्तारमा स्थानीवासिलाई प्रत्साहन गर्ने
३. वन, वनपैदावर र जैविक विभिदतामा हुने गरेको अतिक्रमण र चोरी निकासी नियन्त्रण र निरुत्साहित गरी सार्थक सदुपयोगकको वातावरण तयार गर्ने

७.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ७.१ र ७.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	वनजङ्गलको संरक्षण, सम्बर्द्धन, विकस र व्यवस्थापन गरी बहुउपयोगि बनाउँदै स्थानीयबासीको जीवनस्तर उठाउने	• हरियाली प्रवर्द्धन तथा बातावरण संरक्षण र विकास गुरु योजना तयार गर्ने • वन को महत्व र वातावरणमैत्री ब्यवहार, आचरण र सैलीको महत्वका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने • वडा नं. १ देखि १० सम्मका ३ वटा सरकारी तथा सामुदायिकवनको संरक्षण, सम्बर्द्धन र आवश्यकताका आधारमा बृक्षारोपण र घेराबारा समेत गर्ने • बृक्षारोपण हुन सक्ने तथा गर्न सकिने सम्भाव्य क्षेत्र र स्थानको विवरण तयार पारी सम्बन्धित स्थानमा अनिवार्य वृक्षारोपण गर्ने तथा आयमुलक तथा आयआर्जनमा आधारित बृक्षारोपणको कार्यलाई विशेष प्राथमिकता दिने क) सार्वजनिक ऐलानी, पर्ती जग्गा, स्थान तथा नदि किनारा छेउ ख) मुख्य राजमार्गमा अइल्याड भित्र तथा सहायक सडक किनाराको दुवै तर्फ

		सेड ब्याक छाडेर बृक्षारोपण गर्ने ● सवै घरमा कम्तिमा २-२ वटा विरुवा अनिवार्य रोप्ने (बजार क्षेत्रको हकमा स्थान अभाव भएमा गमलाको प्रयोग गर्न सकिने) कार्यलाई नगरपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधासंग अवद्ध गर्ने ● सम्भाव्य सवै वडामा नर्सरी स्थापना गरी आवश्यक विरुवाको व्यवस्थापन गर्ने ● दिगो वन व्यवस्थापन अवलम्वन गर्ने तथा खाली तथा नाङ्गो रहेका सरकारी, पर्ति तथा निजी जग्गामा वृक्षारोपण गर्ने गराउने ● निजी वन लगाउने लाई प्रोत्साहित गर्ने साथै अवस्था हेरि सहुलियत प्रदान गर्ने ● बिभिन्न जङ्गली जनावर तथा पशुपंक्षी नियन्त्रण, संरक्षण तथा व्यवस्थापन गरी पर्यटन गन्तब्यको रुपमा समेत विकास गर्ने ● सिमसार तथा पोखरीको वरिपरी बृक्षारोपण सहित संरक्षण सम्बर्धन तथा प्रबर्द्धनमा जोड दिने ● लोपोन्मुख र सङ्कटाग्रस्त बनस्पती र बन्यजन्तुको संरक्षण र विकास गर्ने ● वनमा आधारित उधम संचालनमा जोड दिने साथै सम्भाव्य स्थानमा वन पैदावर प्रशोधन उद्योगको स्थापना गरी रोजगारीको श्रृजना गर्ने साथै हरित रोजगारमा वृद्धी गर्ने गराउने ● सडक छेउ किनाराका विरुवाहरूकालागि नियमित सिँचाई र कटिङ तथा ट्रिमिङको व्यवस्था मिलाउने ● रूख तथा बोट बिरुवा बाट झर्ने पात पतिङ्गरको प्रयोग गरी कम्पोष्ट मल निर्माण कारखानको विकास गर्ने ● वनजङ्गललाई डढेलो बाट जोगाउन अग्नि सुरक्षाको व्यवस्था गर्ने
२	विद्यामान वन क्षत्रेमा रहको वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको अध्ययन अनुसन्धान गरी जनतेतना अभिबृद्धि गर्ने	● सम्बन्धित विश्वविद्यालय, अध्ययन संस्थान, स्थानीय विद्यालय साथै सम्बन्धित सरोकारवाला संघ संस्था सँग साझेदारीमा विद्यामान वन क्षत्रेमा रहको वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको अध्ययन अनुसन्धान गर्ने ● पालिका स्तरको विद्यालय पाठ्यकममा स्थानीय वन, वन्यजन्तु तथा जैविक विभिदतालाई समावेश गर्ने
३	वन क्षेत्रको दिगो व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी आवश्यक कानून निर्माण र कार्यान्वयनमा सहयोग गर्ने	● वातावरण संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन सँग सम्बन्धित नगरपालिका स्तरीय ऐन, कानून तथा कार्यविधि निर्माण गर्ने ● पालिका क्षेत्र भित्रका सामुदायिक वन लगायत समुदायमा आधारित तथा सरकारद्वार व्यवस्थित बन समेतमा उद्यम विकास गर्ने साथै निजी वन बाट उत्पादित वन पैदावारको सङ्कलन, ओसार-पसार, प्रशोधन, विकिवितरण र बजारीकरणलाई सरलीकरण गर्न, संस्थागत तथा व्यक्तिगत रुपमा हुने चोरी निकासी, वन डढेलो नियन्त्रण गर्न, मिचाहा प्रबृतिका बोट विरुवा वा प्रजातिको नियन्त्र र व्यवस्थापन गर्न, स्रोत साधन माथिको पहुँच र लाभको

		बाँडफाँडलाई न्यायोचित बनाउन, सरोकारवाला निकायको आचरण र व्यवहारमा सुधार गरी पारदर्शीता कायम गर्न साथै अनुगमन र नियमनका कार्यमा तीनै तहका सरकारको स्पष्ट जिम्मेवारीको व्यवस्थपन गर्ने गरी कानून निर्माण गर्न संघीय तथा प्रदेश सरकर सँग समन्वय र साझेदारी गर्ने
४	भौतिक पूर्वाधार निर्माण विकासकालागि वनक्षेत्रको उपयोग गर्दा एकीकृत प्रणालीका माध्यम बाट यसको संरक्षण र विकासमा एकीकृत सोच बनाउने साथै स्थानीय स्तरका भौतिक पूर्वाधार निर्माण विकास गर्दा हरियाली प्रवर्द्धनलाई विशेष प्राथमिकताका साथ अघि बढाउने	• संघीय, प्रादेशिक साथै स्थानीय स्तरको भौतिक संरचना निर्माणकालागि बन क्षेत्रको उपयोग गर्दा वा वनक्षेत्र भएर जाने पूर्वाधारको हकमा वातावरण तथा पर्यावरणमा गम्भिर क्षति नपुग्ने गरी निस्चित क्षेत्रको व्यवस्थापन हुने तर्फ आवश्यक व्यवस्था गर्न वातावरण प्रभाव मूल्याङ्कनलाई प्रभावकारी र व्यवहारिक बनाउने साथै • उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत नगरपालिका आफैंले गर्ने विकास निर्माण सँग सम्बन्धित कार्यमा सम्भाव्य सवै सडकको दुवै किनारामा वृक्षारोपण गर्ने कार्यलाई डिजाईन तथा लागत इस्टिमेटमा आवद्ध गरी कार्यान्वयनमा ल्याउने • घना वस्तीमा बनेका साथै साँघुरो क्षेत्रफलमा बनेका सवै घरमा कम्तिमा २-२ वटा विरुवा अनिवार्य रोप्ने (बजार क्षेत्रको हकमा स्थान अभाव भएमा गमलाको प्रयोग गर्न सकिने) कार्यलाई नगरपालिका तथा वडा कार्यालय बाट प्रवाह हुने सेवा सुविधा संग अवद्ध गर्ने

७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ७.३ मा समावेश गरिएको छ ।

७.१.५.१ अपेक्षित उपलब्धि

विर्तामोडनगरपालिका क्षेत्र भित्र सरकारी, सामुदायीक, कबुलियत तथा निजी क्षेत्रका वनको संरक्षण र सम्बर्द्धन हुनुको साथै बृक्षारोपणको माध्यम बाट नगरपालिका क्षेत्र थप हरियाली तथा हराभरा भई वातावरण संरक्षण र सम्बर्द्धनमा उल्लेख्य योगदान पुगेको हुनेछ साथै वनजन्य उद्योग र पर्यापर्यटनको विकास बाट स्थानीयबासीको जीवनस्तर र पालिकाको आन्तरिक आयमा गुणात्मक योगदान पुगेको हुनेछ ।

७.१.५.२ नतिजा/सूचक

१. हरियाली प्रवर्द्धन तथा बातावरण संरक्षण र विकास सँग सम्बन्धित नगरपालिका स्तरीय ऐन, नियम तथा कार्यविधि साथै गुरु योजना तयार भएको हुनेछ
२. नगरपालिका क्षेत्रका प्रत्येक घर परिवारले आ.आफ्नो घर आगनमा कम्तिमा २ - २ वटा विरुवा (बजार क्षेत्रको हकमा स्थान अभाव भएमा गमलाको प्रयोग गर्न सकिने) अनिवार्य हुर्काएका हुनेछन्
३. संघीय तथा प्रदेश सरकारको समेत सहयोग र साझेदारीमा विर्तामोडनगरपालिका क्षेत्र भित्रका प्राथमिकता नं. p1 मा परेका वनजङ्गलको पूर्ण संरक्षण भएको हुनेछ साथै निजी, सामुदायीक वनको मात्रामा बृद्धि भएको हुनेछ
४. सरकारी तथा सामुदायिक वनलाई डढेलो वा आगलागि बाट जोगाउन अन्य आधुनिक प्रविधि र यन्त्र उपकरणको व्यवस्था नहुँदा सम्म बिभिन्न स्थानमा पक्की पोखरी निर्माण र डिप बोरिङ पाईपको व्यवस्था गरिएको हुनेछ

५. सरकारी, सामुदायिक तथा निजी वनमा पशुआहारका लागि उपयुक्त बिरुवाहरूको बृक्षारोपण गरी डाले घाँसको विकास गरिनेछ भने बर्तमानका झाडि र बुट्यान खाली रहेका क्षेत्रहरू पशु चरनको रुपमा विकास गरिएको हुनेछ साथै पात पतिङ्गर बाट कम्पोष्ट मल वनाउने कार्यको विकास भएको हुनेछ

६. वनजङ्गलको संरक्षण र सम्बर्द्धनका साथमा वनयजन्तुको समेत संरक्षण गरी ४ वटै बनलाई पर्यटन गन्तब्यवको रुपमा समेत बिकसित गरिएको हुनेछ

७. सार्वजनिक तथा सामुदायीक स्थल, खोला किनारा, नहरको दायाँवायँ, विद्यालय, सडक पेटी किनारा, सडक आइल्याण्ड लगायतका सम्भाब्य सवै स्थान र क्षेत्रमा बृक्षारोपण भई विर्तामोडनगरपालिका हरित नगरपालिकाको रुपमा थप स्थापित र बिकसित भएको हुनेछ

८ हरित नगरपालिकाको विकास बाट बायुमण्डलमा रहेका तथा रहने कार्वन तथा क्लोरोफ्लोरो कार्वनको मात्रा साथै बायुमण्डलीय तापक्रम लाई कमी पार्न गणनायोग्य सहयोग पुगेको हुनेछ

७.१.६ अनुमान तथा जोखिम पक्ष

वन विनासको रोकावट, खाद्यजालमा न्यून प्रभाव भई वन, वन्यजन्तु तथा जैविक विभिदताको संरक्षण भएको हुनेछ । श्रोत र सनधनको पर्याप्ता साथै संघीय तथा प्रदेश सरकार, वन उपभोक्ता समिति र नगरपालिका बिच समन्य र साझेदारीको दरिलो अधार तयार भएको हुनेछ ।

७.१.७ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	वन तथा जैविक विविधता	• नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरसभाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • सम्बन्धित वन उपभोक्ता समितिका अभिलेख • संघीय तथा प्रदेश सरकारका अभिलेख • स्थलगत अवस्था • वतावरण शाखाको अभिलेख • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • स्थानीयबासी • वातावरण शाखा • उपभोक्ता समिति **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान नीति, ऐन, नियम तथा कानून • स्रोत र साधनको अभाव • यन्त्र उपकरणको आभाव • सहयोगी तथा साझेदार संघ संस्था • एपयुक्त प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष जनशक्तिको अभाव

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

७.२.१ पृष्ठभूमि

नदी किनार तथा सिमसार संरक्षण, क्षतिग्रस्त भूमिको पुनरस्थापना, पानीको मुहान संरक्षण जस्ता कार्य स्थानीय सरकारको हैसियतमा यस पालिकाका प्रमुख जिम्मेवारी भित्र समेटिएका छन् । प्राकृतिक प्रकोपका कारण देशमा बर्षेनी सयौं विगाहा जमिन तथा हजारौ मानिसहरूले ज्यान गुर्मारहनु परेको अवस्था छ भने विर्तामोड नगरपालिका पनि यस परिस्थिति बाट अलग हुन सकेको छैन । यस नगरपालिका क्षेत्र भित्र घाग्रा, अदुवा, भुषुडी, भुतेनी, देउनिया लगायतका खोला नाला अवस्थित रहेका छन् । उल्लेखित खोलानालाले बर्षेनी जमिन कटान गर्ने गरेका तथा वर्षायाममा खोला किनाराका वस्तीमा बाढी पसी जनधनको क्षति गर्ने गरेको अवस्था छ । नदीको संरक्षण भन्दा नदीलाई अनाधिकृत रुपमा दोहन गरी सङ्कुचन गर्ने कार्य बढ्दो क्रममा रहेको छ । यस पालिका क्षेत्र भित्रका खोला किनाराका विभिन्न स्थानमा स्थायी तथा अस्थायी तटबन्ध निर्माण गरी भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यहरू भईरहेका छन् । यसका अतिरिक्त भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा स्थानीयबासिको चासो, सरोकार तथा सहभागितामा बढोत्तरी समेत भईरहेका कारण जलाधार संरक्षणमा सहायोग पुगिरहेको छ ।

७.२.२ समस्या तथा चुनौती

७.२.२.१ समस्या

खोलानाला बाट अनाधिकृत रुपमा गिट्टी, ढुङ्गा तथा बालुवा निकाल्ने कार्यले तिब्रता पाउनु, वातावरण प्रभाव मूल्याङ्कन एकातीर गिट्टी, ढुङ्गा तथा बालुवा निकाल्ने कार्य अर्कातिर रहनु, भूसंरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन विच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बीच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन नसकिएको, अन्तर सरकारी तथा अन्तर स्थानीय तहका इच्छाशक्ति एकीकृत गर्न नसकिएको, नगरपालिकाको आन्तरिक स्रोतले तटबन्ध निर्माण गरी खोला किनारा तथा जलाधार संरक्षण गर्न सक्ने अवस्था नरहेको, संघीय तथा प्रदेश सरकार बाट यस क्षेत्रकालागि प्राप्त हुने रकम ज्यादै न्यून रहेको, प्राकृतिक प्रकोपले पार्ने क्षतिको आँकडाको बस्तुगत अवस्थाका बारेमा पूर्वानुमान गर्न सक्ने व्यवस्था गनै नसकिएको, खोलानालाले खेतियोग्य जमिन कटान गर्ने गरेको, विपन्न तथा सुकुम्वासी बसोबास गरिरहेका खोला किनार क्षेत्रमा वार्षायाममा बाढी पस्न गरी नियमित रुपमा नोक्सानी पुऱ्याउने गरेको लगायतका समस्या रहेका छन् ।

७.२.२.२ चुनौती

खोलानाला बाट अनाधिकृत रुपमा निकालिने गिट्टी, ढुङ्गा तथा बालुवाको नियन्त्रण गर्न, वातावरण प्रभाव मूल्याङ्कन लाई वास्तविक धरातलीय यथार्थ बमोजिमको बनाउन, भूसंरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन विच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बीच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन, अन्तर सरकारी तथा अन्तर स्थानीय तहका इच्छाशक्ति एकीकृत गर्न, नगरपालिकाको आन्तरिक स्रोत पर्यात पार्न तथा संघीय तथा प्रदेश सरकार बाट यस क्षेत्रकालागि प्राप्त हुने रकम बढोत्तरी हुने वातावरण सिर्जना गर्ने, प्राकृतिक प्रकोपले पार्ने क्षतिको आँकडाको बस्तुगत अवस्थाकाबारोमा पूर्वानुमान गर्ने साथै न्यूनलागतमा गुणस्तरीय पूर्वाधारको निर्माण व्यवस्थापन गर्ने जस्ता कार्य यस क्षेत्रका चुनौतीको रुपमा रहेका छन् ।

७.२.३ संभावना तथा अवसर

यस पालिका क्षेत्र भित्रका खोलानाला, सिमसार, पोखरीहरूलाई प्राकृतिक उपहारको रुपमा स्वीकार गरी तीनको संरक्षण र सम्बर्द्धन बाट यस पालिकाको दिगो आयको आधार निर्माण गर्दै आर्थिक समृद्धि निर्माण गर्न सकिने संभावना रहेको अवस्था छ । वर्तमान समस्या र चुनातीको सहज समाधान गरी तीनलाई आर्थिक रुपान्तरण र स्थानीयबसीको जीवनस्तर माथि उठाउने साधनको रुपमा उपयोग गर्न सके यी क्षेत्र र स्थानबाट नगरपालिकाले आन्तरिक आयमा पर्याप्त बृद्धि गर्न सक्ने र उक्त आयलाई नगरपालिकाको विकास निर्माण र सेवा प्रवाहमा प्रयोग गर्न सकिने संभावना र अवसर रहेका छन् ।

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.२.४.१ लक्ष्य

तटबन्ध निर्माण, बृक्षारोपल, नदी तथा खोला जन्य उत्खनन्को नियमन साथै प्राकृतिक प्रकोपका कारण हुने भू-क्षय न्यूनिकरण तथा व्यवस्थापनकालागि पूर्व तयारी समेतका प्रवन्ध गरी विर्तामोड नगरपालिका प्राकृतिक प्रकोप भू-क्षय न्यून प्रभावित क्षेत्रको रुपमा स्थापित गर्ने साथै विद्यामान जलाधारको उपयुत्त व्यवस्थापन बाट नगरपालिकाको आन्तरिक आयमा गणनायोग्य योगदान पुऱ्याउने ।

७.२.४२ उद्देश्य

१. भूसंरक्षण तथा जलाधार व्यवस्थापनको माध्यम बाट उर्वर भूमिको क्षति न्यूनिकरण गर्ने
२. खोला किनारामा बालउद्यान तथा पार्क र कोरिडोर जस्ता संरचनाको विकासका साथ जलाधार व्यवस्थापन बाट पालिका क्षेत्रमा भईरहेको तथा सम्भावित आर्थिक तथा सामाजिक क्षति न्यूनिकरण गर्ने
३. विद्यमान जलाधारलाई यस नगरपालिकाको प्रकृतिक देनको रुपमा स्थापित गर्न सवै सरोकारवालाको साझेदारी स्थापित गर्ने

७.२.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ७.१ र ७.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई दिगो बनाउनुको साथै डुवान साथै बाढि जन्य जोखिमको दिगो एवं भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैर संरचनागत प्रविधिको उपयोग गर्ने	• जोखिमयुक्त क्षेत्रको लगत सङ्कलन गर्ने • आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि निर्माण गर्ने • भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी एकीकृत गुर योजना निर्माण गर्ने • नगरपालिका स्तरीय जलाधार संरक्षण तथा व्यवस्थापन समितिको निर्माण गर्ने • नगरपालिका क्षेत्र भित्रका खोलानालामा प्राथमिकताका आधारमा आवश्यक तटवन्ध निर्माण गर्ने • खोला किनाराका आवश्यक स्थनमा बृक्षारोपण गर्ने • खोला क्षेत्रको अनाधिकृत दोहनलाई पूर्ण रुपमा नियन्त्रण गर्ने
२	भूसंरक्षण र जलाधार व्यवस्थापनकालागि जनचेतना अभिबृद्धि गर्नुको साथै स्थानीय साझेदारीको विकास र व्यवस्थापन गर्ने	• भूक्षय र जलाधारको व्यवस्थापन साथै खोलानालाको अनाधिकृत दोहन बाट निम्तन सक्ने जोखिमका बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने • सहायोगि र साझेदारहरूको पहिचान गरी सहभागि गराउने साथै जलाधार संरक्षण र व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गर्ने

७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ७.३ मा समावेश गरिएको छ ।

७.२.५.१ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना अवधि भित्र पालिका भित्रका जोखिमयुक्त जलाधार क्षेत्रमा आवश्यक तटबन्ध र बृक्षारोपण समेतको कार्य भई वर्तमान भू-क्षयको दर ५५ प्रतिसतले घटेको हुने साथै बाढी पहिरो बाट मानव तथा मावनवस्तीमा हुने क्षति ९० प्रतिसतले घटेको हुनेछ ।

७.२.५.२ नतिजा/सूचक

१. सम्भावित भूक्षय हुन सक्ने जोखिम युक्त स्थानको लगत सङ्कलन तथा अभिलेखिकरण गरी उच्च जोखिम, मध्यम जोखिम र सामान्य जोखिमका क्षेत्रमा विभक्त गरी विवरण अध्यावधिक भएको हुनेछ

२. भूसंरक्षण तथा जलाधार संरक्षण कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कायान्वयनमा आएको हुनेछ

३. भूसंरक्षण तथा जलाधार व्यवस्थापन गुरु योजना तयार भएको हुनेछ

४. सम्भावित बाढीको प्रकोप रहन सक्ने मुख्य स्थानीय खोला किनारामा बृक्षारोपण सहित संघीय तथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमाा उच्च जोखिमयुक्त स्थानमा तटवन्ध निर्माण गरिएको हुनेछ ।

७.२.६ अनुमान तथा जोखिम पक्ष

नगरपालिका, संघीय तथा प्रदेश सरकार, स्थीयबासी लगायत विकास साझेदारको सहयोगमा जोखिमयुक्त क्षेत्र र स्थानमा तटबन्ध निर्मा गरिएको हुनेछ । भू(संरक्षण तथा जलाधार व्यवस्थापकालागि आर्थिक तथा भोतिक श्रोत र साधनको पर्याप्तता रहनुको साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ ।

७.२.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	भूसंरक्षण तथा जलाधार व्यवस्थापन	• नगरसभाको निर्णय पुस्तिका • नगर कार्यपालिकाको निर्णय पुस्तिका नगर • नगरपालिकको योजना पुस्तिका • योजना/वातावरण शाखाको अभिलेख • संघीय तथा प्रदेश सरकारका अभिलेख • स्थलगत अवस्था • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • स्थानीयबासी • वतावरण शाखा • उपभोक्ता समिति **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान नीति, ऐन, नियम तथा कानून • स्रोत र साधनको अभाव • यन्त्र उपकरणको आभाव • सहयोगी तथा साझेदार संघ संस्था • उपयुक्त प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष जनशक्तिको अभाव

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

वातावरण संरक्षण र व्यवस्थापन विश्वव्यापि रुपमा स्वीकारिएको एक जटिल, बहुक्षेत्रीय र बहुआयामिक विषय क्षेत्र भएकोले यसको व्यवस्थपनमा प्रत्येक व्यक्ति, स्थानीय तह (स्थानीय सरकार), संघीय तथा प्रादेशिक सरकर वा तीनका निकाय र क्षेत्रको अहम् भूमिका, जिम्मेवारी, सहयोग र सहकार्य एक अनिवार्य र अपरिवर्तनीय शर्तहो । दिन प्रतिदिन बढ्दै गएको वतावरण विनास अनियन्त्रित मानव कृयाकलापको उपज हो । वातावरण व्यवस्थापन मानव जीवन सँग प्रत्यक्ष जोडिएको विषय हो । दैनिक रुपमा अनियन्त्रीत तवरले बढ्दै गएका मानवीय कृयाकलापका कारण वातावरणमा दिन प्रतिदिन जोखिम निम्तिरहेको अवस्था छ ।

विर्तामोड नगरपालिका नगरउन्मुख क्षेत्रको रुपमा रहेको हुँदा प्राकृतिक जैविक वनस्पतिहरूको परिमाण घट्दो क्रममा छ । यस पालिकामा समेत वातावरण प्रदुषणका कारण ओजन तहको घट्दो क्रम सँगै हरितगृहको प्रभाव, ध्वनी तथा वायु प्रदुषण जस्ता प्रभाव र असर देखा पर्न थालिसकेको अवस्था छ । सवारी तथा ढुवानीका साधनको चाप दिन प्रतिदिन बढ्दो क्रममा छ भने धुवाँ र ध्वनीका कारण वातावरण प्रदुषणको मात्रा समेत बढ्दो क्रममा रहेको छ । घर परिवार, उद्योग, कलकारखाना, व्यापार र व्यवसायका क्षेत्र बाट दैनिक १० ट्याक्टर सम्म कुहिने र नकुहिन फोहोरमैलाको उत्पादन भईरहेको अवस्था छ । एकातिर दैनिक जसो फोहोरमैलाको मात्रात्मक अवस्था बढ्दो क्रममा रहेको छ भने अर्को तर्फ यसको उपयुक्त प्रयोजन सहितको व्यवस्थापन गर्न सकिएको छैन ।

नेपालको संबिधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने गरी मौलिक हकको व्यवस्था गरेको छ । तसर्थ संबिधानमा भएको यस जिम्मेवारीलाई स्थानीय सरकारको हैसियतमा पुरा गर्न विर्तामोड नगरपालिकाले विगत बर्षहरूबाटै वातावरण संरक्षण र व्यवस्थापनका निम्ति नीतिगत निर्णयका साथ कार्यान्वयनको क्षेत्रमा अघि बढेको अवस्था छ । प्रदुषण रोकथाम र नियन्त्रणका माध्यम बाट वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनी, जल, जमिन र वायु सँग सम्बन्धित केहि मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन् ।

संघीय सरकार बाट जारी भएको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी प्रारूप समेतको प्रभावकारी कार्यान्वयन गर्ने नीतिगत व्यवस्था सहित नगरपालिका भित्रका मुख्य सडक र शाखा सडकका दुबै किनारा लगायतका सम्भाब्य स्थानमा बृक्षारोपण गर्ने, वातावरण मैत्री स्थानीय शासनलाई प्रबर्द्धनका लागि हरित विर्तामोड नामक अभियान सञ्चालन गर्ने, घरपरिवार तथा उद्योग, व्यापार र व्यवसायबाट निस्कने फोहोरमैला तथा धुलो, धुवाँ र स्वस्थ्यलाई प्रतिकुल असर गर्ने सबै खाले प्रदुषणलाई न्यूनीकरण गर्न सरोकारवालासँग समयसमयमा छलफल तथा अन्तर्क्रिया गर्ने, घरपरिवार लगायत बाट निस्कने फोहोरमैला निस्चित स्थानमा मात्र फाल्न पाईने, जैविक विविधता र श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गरी त्यसलाई न्यायोचित वितरण सुनिश्चित गर्ने जस्ता कार्यहरू कार्यान्वयन गर्दै आएको छ ।

७.३.२ समस्या तथा चुनौती

७.३.२.१ समस्या

फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको अभाव रहनु, वर्तमानमा समेत फोहोरमैलालाई प्रयोग गरी मानव जीवन उपयोगि बस्तुमा परिवर्त गर्न सकिने स्थानीयवासिको चेतना विकस सहित फोहोरमैला प्रशोधन केन्द्रको स्थापना गर्न नसक्नु, फोहोर उत्पादक वा जन्मदाता मानव स्वयं भएको भएता पनि यसको व्यवस्थापनमा आफ्नो कर्तव्य र जिम्मेवारी बाट पन्छिनु साथै बोध नगर्नु, स्थानीयबासिका अनियन्त्रित कृयाकलापका कारण फोहोरमैला सडक किनारा, खाली जमिन, खोला किनारा, पोखरी छेउ लगायतका स्थानमा यत्रतत्र फाल्ने गरेका कारण जल तथा जमिनमा प्रदुषणको मात्रा बढ्दै जानु, फोहोरको वर्गिकरण गरेर मात्र आफ्नो कार्यस्थल बाहिर निकाल्ने कार्यको दिगो नियमन तथा व्यवस्थापन गर्न नसक्नु, परम्परागत धर्म, संस्कृति र रितिरिवाजका कारण विभिन्न सामाजिक कृयाकलापमा प्रयोग हुने डिजे सहितका बाजागाजा, माइक, सावरी तथा ढुवानीका साधनमा प्रयोग भएका प्रेसर हर्न लगायतका कारण अत्याधिक ध्वनी प्रदुषण बढ्दै जानु, निर्धारित मापदण्ड बाहिरका सवारी तथा ढुवानीका साधनको प्रयोगका कारण तीनबाट निस्कने धुवाका कारण वायुमण्डल प्रदुसित हुनु, कृषि तथा पशुवालिमा अत्याधिक मात्रामा रसायनहरूको प्रयोग भईरहनु, अनुगमन प्रणालीलाई

व्यवस्थित र विश्वासिलो तुल्याउन नसक्नु, भौतिक पूर्वाधार निर्माण विकास क्रमका कारण भइरहेका हरियाली क्षेत्र क्रमिक रुपले नासहुँदै जानु, नगरपालिकाका मूख्य र अतिआवश्यक क्षेत्र तथा स्थानमा सार्वजनिक शौचालको उपयुत्त व्यवस्थापन गर्न नसक्दा खुला सौचको प्रभाव र असर रहिरहनु साथै संघीय तथा प्रदेश सरकार, स्थानीय सरोकारवाला संघ संस्था र स्थानीय सरकार विच उपयुक्त समन्वय र संयन्त्रको विकास हुन नसक्नु साथै स्थानीय सरकरको हैसियतमा निर्वाह गर्नु पर्ने जिम्मेवारी बमोजिम नगरपालिकाको स्रोत साधनको क्षमता अत्यन्त न्यून हुनु यस क्षेत्रका समस्याहरू रहेका छन् ।

७.३.२.२ चुनौती

फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको व्यवस्थापन गर्ने, प्लाष्टिक तथा अस्पतालजन्य फोहोरमैलाको उचित व्यवस्थपन गर्ने, फोहोरमैला प्रशोधन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थपन गर्ने, आफुले उत्पादन गरेको फोहोरमैलालाई वर्गिकरण गरी नगरपालिकाले निर्धारण गरेको समय र स्थानमा मात्र विषर्जन गर्ने बानिको विकास गर्ने, शहरका मूल्य र महत्वपूर्ण स्थान र क्षेत्रमा सार्वजनिक शौचालयकालागि जग्गाको व्यवस्थापन गर्ने, अवैज्ञानिक तथा अव्यवहारिक मानवीय कृयाकलाप निरुत्साहित गर्ने, वातावरण संरक्षण प्रति नागरिकको दायित्व बोध गाराउने, वायु, जल तथा जमिनमा हुने प्रदुषण रोक्ने, वायु प्रदुषणको मापनकालागि यन्त्र उपकरणको व्यवस्था गर्ने, नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका २० बर्ष भन्दा पुराना सवारी तथा ढुवानीका साधनको प्रयोगमा रोक लगाउने, परम्परागत धर्म, संस्कृति र रितिरिवाजका कारण विभिन्न सामाजिक कृयाकलापमा प्रयोग हुने डिजे सहितका बाजागाजा, माइकको प्रयोगमा नियन्त्रण गर्ने, वातावरण र विकास विच सन्तुलन कायम गर्ने, सावरी तथा ढुवानीका साधनमा प्रयोग भएका प्रेसर हर्नको पूर्ण नियन्त्र गर्ने, कृषि तथा पशुवालिमा हुने रसायनको नियन्त्रण गर्ने, वातावरण प्रदुषण गर्ने गराउने बाट दायित्व वहन गराउने, अनुगमन प्रणालीमा सवै सरोकारवालाको सहभागितालाई नियमित र व्यवस्थापन बनाउने, संघीय तथा प्रदेश सरकार, स्थानीय सरोकारवाला संघ संस्था र स्थानीय सरकार विच समन्वय र संयन्त्रको विकास गर्ने साथै स्थानीय सरकरको हैसियतमा निर्वाह गर्नु पर्ने जिम्मेवारी बमोजिम नगरपालिकालाई स्रोत साधनयुक्त बनाउने कार्य वर्तमानका यस क्षेत्रका प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

७.३.३ संभावना तथा अवसर

स्वच्छ तथा स्वस्थ वातावरणको अनिवार्य व्यवस्थालाई संबिधानले मौलिक हकको रुपमा स्थापित गर्नु, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थानमा सर्वसाधारण नागरिक, उद्योगी, व्यापारी तथा व्यवसायीको दायित्व स्थापित हुँदै जानु, जग्गा जमिन प्रसस्त रहकै बेला फोहोरमैला प्रशोधन केन्द्रकालागि जग्गाको व्यवस्थापनमा नगरपालिका कृयाशिल हुनु, फोहोरमैलाको उपयुक्त प्रशोधन गरी मानव उपयोगि बस्तु (ग्याँस, प्राङ्गरिक मल तथा अन्य बस्तु) उत्पादनका कार्यमा छिमेकी नगरपालिका सँग समन्वयात्मक साझेदारीको वातारण बन्दै जानु, वातावरणीय स्वच्छताकालागि सवै सरोकारवालाहरूले आफ्ना कृयाकलापलाई केन्द्रिकृत गर्दै जानु साथै जनचासोमा बृद्धि हुँदै जानु, सरसफाई अभियानकर्ताको फोहोरमैला व्यवस्थापनमा सहयोगी र सकारात्मक भवनाका साथ कार्यान्वयनमा रहनु, वातावरण प्रदुषण कर्तालेनै दायित्व निर्वाहा गर्नुपर्ने विश्वव्यापि मान्यता स्थानीय स्तरमा स्थापित हुँदै जानु, पर्यटन विकासको माध्यम बाट अर्थतन्त्रमा योगदान पुऱ्याउने कार्यमा स्वच्छ तथा स्वस्थ वातावारणको भूमिका क्रमस स्थापित हुँदै जानु, संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकाय तथा विभागहरू स्थानीय तहहरू सँग समन्वय र साझेदारीकालागि तयार रहनु, फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गरी बस्तु तथा सेवाको उत्पादन र विक्रिवितरण बाट रोजगारी सिर्जना गर्ने साथै अर्थत्रमा योगदान गर्ने कुरामा संघीय तथा प्रदेश सरकार सहमत हुँदै जानु, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा स्थानीय तहहरूको समन्वयात्मक कार्यजालो स्थापित हुँदै जानु वर्तमानका संभावना र अवसर रहेका छन् ।

७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.३.४.१ लक्ष्य

फोहोरमैला प्रशोधन तथा व्यवस्थापन स्थल तथा केन्द्रको सञ्चालन व्यवस्थापन गरी नगरपालिका क्षेत्र भित्रको फोहोरमैलाको उचित व्यवस्थापन, प्रदुषण नियन्त्रण र वातावरण संरक्षणका साथ नगरपालिकाबासिको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संबैधानिक अधिकारको सुनिस्चिता गर्ने

७.३.४.२ उद्देश्य

१. वातावरण संरक्षण र प्रदुषण नियन्त्रणकालागि अति अवाश्यक रहेका स्थानीय ऐन कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउने

२. प्रदुषण नियन्त्रण सहितको पालिका स्तरीय वातावरण व्यवस्थापनकालागि स्थानीय स्तरका सवै सरोकारवालाको प्रतिनिधित्व रहने गरी प्रभावकारी संरचना निर्माण गर्ने

३. जनचेतनाको विकास गरी वातावरण संरक्षणमा आम नगरवासिको सहभामिगताको सुनिस्चितता गर्ने साथै घरपरिवार, उद्योग, व्यापार, व्यवासायीक तथा सेवाका क्षेत्र समेत बाट सिर्जित फोहोमैलाको उचित र उपयुक्त व्यवस्थापन गर्ने

४. पालिका क्षेत्र भित्रका सवै प्रकृति र स्वरुपका भौतिक पूर्वाधार निर्माण विकास र प्राकृतिक वातावरणवीच सन्तुलन कायम गर्ने

५. जल, वायु, ध्वनी तथा विद्युतीय समेतका प्रदुषणको नियन्त्रण गर्ने

७.३.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ७.१ र ७.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	फोहोरमैलाको उपयुक्त प्रशोधन बाट मनव उपयोगि वस्तु तथा सेवाको उत्पादन गर्ने साथै यस कार्यकालागि नविन प्रविधिको प्रयोग सहित निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने	• वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि लगायत नीति निर्माण गर्ने • नगरपालिका क्षेत्र भित्र दैनिक रुपमा उत्पादन हुने फोहोर र तीनको प्रकृतिको तथ्याङ्क अध्यावधिक गर्ने • वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण गुरु योजना तयार गर्ने नगर • फोहोरमैला प्रशोधन केन्द्रकालागि आवश्यक जग्गा जमिनको व्यवस्थपन, स्थापना, सञ्चालन तथा व्यवस्थापनकालागि छिमेकी नगरपालिका, निजी क्षेत्र तथा सामुदायिक संघ संस्थाहरू संग समन्वय र साझेदारी गर्ने • फोहोरमैलाको प्रकृतिका आधारमा प्रशोधनकालागि आवशयक मेसिन तथा उपकरणको व्यवस्थापन गर्ने साथै फोहोरमैला प्रशोधन गरी सम्भाव्य वस्तुको उत्पादन गरी बजारिकरण गने • सडक किनारा, सार्वजनिक स्थल, खाली रहेका जग्गा जमिन, खोला किनार, पोखरी, पार्क, तलाउ, सिमसार क्षेत्रमा फोहोर फाल्न प्रतिवन्ध लगाउने • स्थानीय खोला नालामा हुने गरेको फोहोरको नियन्त्रण गरी खोलामा बग्ने पानीलाई उपयोग योग्य वनाउने • फोहोरमैला व्यवस्थापन तथा यसको उपादेयता सम्वन्धी जनचेतनामुलक तालिम, गोष्ठी तथा सेमिनारहरू सञ्चालन गर्ने • सवै घरपरिवार, पर्यटन तथा सार्वजनिक स्थल लगायत व्यवसायिक र व्यापारिक प्रतिष्ठानमा फोहोरमैला लाई प्रकृति अनुसार कुहिने नकुहिने र पुनचक्र हुने नहुने गरी अलग अलग राख्ने तथा छुट्याउने व्यवस्था मिलाउने • फोहोरमैला प्रशोधनको कार्य सञ्चालन नहुँदा सम्म नगरपालिकाका सम्भाव्य

		सवै वडाहरूमा (बिशेषत मुख्य बजार केन्द्र) सामुदायिक कम्पोष्ट पलान्टको स्थापना र विकास गर्ने साथै कृषि उत्पादनमा कम्पोष्ट मलको प्रयोगलाई अनिवार्य गर्ने ● बजार क्षेत्र बाहेकका स्थानमा सहयोगी सस्था सँगको साझेदारी तथा समन्वयमा घरघरमा कम्पोष्ट तथा खाल्डे कम्पोष्ट प्रविधिको प्रयोग गर्ने साथै फोहोरको उत्पादनमानै कमि ल्याउने ● फाहोरमैला प्रशोधन केन्द्र सञ्चालनमा नआउँदा सम्मकालागि उपयुक्त स्थानमा ल्याण्डफिल साईड वा डम्पिङ साईडको व्यवस्था गर्ने ● नगरपालिका क्षेत्रमा रहेका मुख्य बजार क्षेत्रमा समय तालिकाका आधारमा सवै घरधुरी, व्यापारिक तथा व्यवसायिक प्रतिष्ठान बाट फोहोरमैला सङ्कलन, सुरक्षित ढुवानी र विसर्जन गर्ने साथै सडक सफाई लाई नियमित र ब्यवस्थित गर्ने ● फोहोरमैला व्यवस्थापनकालागि आवश्यक जनशक्तिको थप व्यवस्थापन गर्ने ● आफुले उत्पादन गरेको फोहोरमैलाको व्यवस्थापन आफै गर्नु पर्ने व्यवस्था मिलाउने ● फोहोरमैला उत्पादनका आधारमा सफाई शुल्कको व्यवस्था गरी तोकिएको क्षेत्र र स्थान बाहेकका ठाउँमा जथाभावी फोहोरमैला फाल्नेलाई आवश्यक दण्डजरिवानाको व्यवस्था गर्ने ● फोहोरमैलाको सुरक्षित ढुवानीकालागि मुख्य बजार केन्द्रलाई लक्षित गरी प्रत्येक वडामा कम्तिमा १-१ वटा उपयुक्त फोहोरमैला ढुवानीका साधन खरिद गरि सञ्चालनमा ल्याउने ● ५ के.जी भन्दा माथिको खाद्यान्नको प्याकिङमा अनिवार्य जुट तथा कपडाको थैलीको प्रयोग गर्नुपर्ने साथै २० माइक्रोन भन्दा कमका प्लाष्टिका झोला तथा थैलाको प्रयोगमा पूर्ण प्रतिवनध लनगरने ● प्रत्येक घरपरिवार, विद्यालय र सार्वजनिक तथा पर्यटन स्थल, वसपार्कहरूमा फोहोरमैला व्यवस्थापनका लागि विशेष अभियान सञ्चालन गर्ने ● अस्पताल तथा स्वास्थ्य चौकी वा केन्द्र जन्य फोहोरमैलाको उपयुक्त र सुरक्षित व्यवस्थापनकालागि इन्सिनरेटरको प्रयोगमा अन्य स्थानीय तह वा स्वास्थ्य संस्थाहरू संग समन्वय र साझेदारी गर्ने ● ढल तथा नाला निर्माण गर्दा अनिवार्य ढक्कनको व्यवस्था गर्ने साथै खुल्ला ढल तथा नालालाई अनिवार्य ढक्कन लगाउने तथा सुरक्षित र वातावरण मैत्री वनाउने ● औधोगिक भवन तथा सामुदायिक र संस्थागत भवनको नक्सा पास गर्दा फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण कार्यविधिमा भएको व्यवस्था बमोजिम मात्र जाँच पास गर्ने ● पुर्ण सरसफाई र वातावरण मैत्री टोल तथा वडा को थप व्यवस्थापन गरी समग्र नगरपालिकालाई वातावरण मैत्री नगरपालिकाको रुपमा स्थापित गर्ने

		• सवै वडाका मुख्य बजार केन्द्रमा एक एक वटा सुविधा सहितका पशु बधस्थलको निमार्ण, सञ्चालन तथा व्यवस्थापन गने
२	राष्ट्रिय मापदण्डका आधारमा जल, वायु, ध्वनी, विकिरणजन्य तथा घातक फोहोरमैला नियन्त्रण गरी प्रदुषणको रोकथाम गर्ने	• नगरपालिकाको मुख्य बजार केन्द्रमा वायु प्रदुषण मापन यन्त्रको जडान गर्ने र नियमिति परिक्षणको व्यवस्थाप मिलाउने • खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी परिक्षणको व्यवस्था गर्ने • यातायातका साधनवाट हुने वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्ने साथै नियमित प्रदुषण निरिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा वातावरण सुरक्षित स्टिकर अनिवार्य गर्ने • नगरपालिकाका सवै वडामा गरिव तथा बिपन्न बर्ग तथा समुदायका परिवारलाई विशेष सहुलियत प्रदान गरी सुधारिएको चुलो बितरण गर्ने तथा वायो ग्यास प्लाण्ट निमार्णमा जोड दिने • विद्यालय तथा शिक्षालयको वरिपरि, सार्वजनिक स्थान, अस्पताल, मन्दिर, गुम्बा लगायतका स्थान तथा स्थल साथै भोज भतेर र विवाह र उत्सवमा अन्य सर्वसाधारण, छिमेकी तथा बालबालिकालाई असर गर्ने गरी प्रेसर हर्न, माईक साथै नगरपालिका क्षेत्र भित्र डिजे बाजाको प्रयोगमा प्रतिवन्ध लगाउने • नगरपालिका क्षेत्र भित्र आपतकालिन अवस्थामा बाहेक साईरन बजाउन प्रतिवन्ध लगाउने • प्रदुषण रहित इलेक्ट्रिक यातायातका साधनहरूको प्रयोगमा नगरपालिकाको अधिकार क्षेत्र भित्र रहि विशेष सहुलियत प्रदान गर्ने • नगरपालिका क्षेत्र भित्र रहेका उद्योगका चिम्निका कारण उत्पन्न भएको वा हुने वातावरणीय प्रभावलाई नियन्त्रण गर्ने साथै सम्बन्धित पक्षलाई व्यवस्थापनमा अग्रसर गराउने • उद्योगहरूले प्रयोग गर्ने चिम्नीको न्यूनतम उचाइ सम्वन्धी नियम तयार गरी कार्यान्वयनमा ल्याउने • उद्योगहरूमा स्वच्छतर उत्पादन तथा वातावरण व्यवस्थापन प्रणालि कार्यान्वयनमा ल्याउन • वडा वडामा पृथ्वी दिवस, पानी दिवस, वातावरण दिवस तथा सरसफाई दिवस मनाउने • वातावरण संरक्षण तथा व्यवस्थापनका विषयमा सरोकारवालाको क्षमता विकास गर्ने • नगरपालिकाले निर्धारण गरेको क्षेत्र, स्थान र समय सिमा बाहेकका स्थानमा जथाभावि फोहोर गर्ने वा फाल्नेको सूचना दिनेको हकमा गोपनियता कायम गरी पुरस्कारको व्यवस्था गर्ने
३	पूर्वाधार निर्माण र वातावरणबीच सन्तुलन	• सवै प्रकारका भौतिक संरचना निर्माण अघि वातावरण प्रभाव मूल्याङ्कन

	कायम गर्न पालिका क्षेत्र भित्र वातावरण प्रभाव मूल्याङ्कनलाई पूर्वाधार निर्माणको अभिन्न अङ्ग बनाउने	अनिवार्य गर्ने ● हरियाली प्रवर्द्धनकालागि बृक्षारोपण गर्ने तथा पुष्प बाटिका निर्माण व्यवस्थपन गर्ने ● सामुदायिक वन क्षेत्र बाट कुने एक रुख तथा विरुवा काटेमा वा हटाएमा त्यसको सट्टामा थप दुई वटा रुख तथा विरुवा रोप्नै पर्ने बाद्यकारी व्यवस्था गर्ने ● सम्बन्धित सरोकारवालाको क्षमता विकास गर्ने ● अनुगमन तथा मूल्याङ्कन विधि र प्रकृयालाई प्रभावकारी बनाउने

७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ७.३ मा समावेश गरिएको छ ।

७.३.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

फोहोरमैला प्रशोधन केन्द्रको स्थापना भई फोहोरमैलाको उपयुक्त प्रशोधन बाट वस्तुको उत्पादन, रोजगारीको सृजना र वातावरणमा स्वच्छता आएको हुनेछ जल, वायु तथा ध्वनी प्रदुषणमा कमि आउनुको साथै प्रदुषणका कारण नगरपालिकाबासी तथा पशुपन्छी र वनयजन्तुको स्वास्थ्यमा पर्न जाने प्रतिकुल असर बाट सम्पूर्ण प्राणी जगत सुरक्षित भएका हुनेछन

७.३.५.२ नतिजा/सूचक

१. फोहोरमैला व्यवस्थापन

१.१ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन गुरु योजना तयार भएको हुनेछ

१.२ आ.व. २०८२/८३ भित्र फोहोरमैला प्रशोधन केन्द्रको सञ्चालन व्यवस्थापन बाट वस्तु उत्पादनको कार्य प्रारम्भ भएको हुनेछ साथै वर्तमान रोजगारीको अवस्थामा १० % तथा नगरपालिकाको आन्तरिक आयमा कम्तिमा ५ % बृद्धिको योगदान पुगेको हुनेछ भने नगरको फोहोरमैला व्यवस्थापन खर्चमा ६५ % ले कटौति भएको हुनेछ

१.३ फोहोरमैला प्रशोधन केन्द्रको स्थापना भई पूर्ण कार्यान्वयनमा नआउँदाका बखत सम्म अस्थाई फोहोरमैला व्यवस्थापनका सुरक्षित ल्याण्डफिल साईटहरू वा डम्पिङ साईडहरूको व्यवस्थापन भई कार्यान्वयनमा अएको हुनेछ

१.४ फोहोरमैलाको उचित र उपयुक्त ब्यवस्थस्थापन बाट नगरपालिका स्वास्थ, सफा र ब्यवस्थित भएको हुनेछ साथै सडक पेटी किनारामा फोहोरमैला फाल्ने प्रकृया र पद्धतीको अन्त्य भएको हुनेछ ।

२. वातावरण संरक्षण तथा सम्बर्द्धन

२.१ खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गरिरहेका सम्पूर्ण घर परिवारले सुधारिएको चुलोको प्रयोग गरेका हुनेछन

२.२ खोला, पोखरी तथा नालामा जल प्रदुषण सम्वन्धी समस्यामा कमि आई सफा पानीको प्रवाह हुनुको साथै जल तथा थल चर पशुपन्छीकालागि पिउन योग्य पानीको प्रवाह भएको हुनेछ

२.३ ठूला तथा साना उद्योग, कलकारखाना तथा सवारीका साधनमा स्वच्छतर उत्पादन तथा वातावरण ब्यवस्थापन प्रणाली कार्यान्वयन भई नगरपालिका क्षेत्र भित्रको विद्यमान बायु प्रदुषणमा कमि आएको हुनेछ

साथै बायु प्रदुषणका कारण नगरपालिकाबासीको स्वास्थ्यमा परिरहेको नकारात्मक असरमा ७५ प्रतिसतले कमि आएको हुनेछ

२.४ सवै खाले ध्वनी प्रदुषण सँग सम्बन्धित वस्तु तथा साधनको प्रयोगमा रोक लागेको हुनेछ साथै ध्वनी प्रदुषणका कारण मानिसको मुटुमा तथा सुन्ने शक्तिमा पर्ने असर लगायत बालबालिकाको पठन पाठनमा पुग्न गएको क्षती न्यूनिकरण भएको हुनेछ

७.३.६ अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनकालागि नगरपालिका, संघीय तथा प्रदेश सरकार, स्थानीय नगरवासी, उद्योगि, व्यापारी तथा व्यवसायशकि साझेदारी र समन्वय विकास भएको हुनेछ । आवश्यक श्रोत र साधनको उपलब्धताको सुनिस्चितता भएको हुनेछ ।

७.३.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	वातावरण तथा फोहोरमैला व्यवस्थापन	• नगरसभाको निर्णय पुस्तिका • नगर कार्यपालिकाको निर्णय पुस्तिका नगर • नगरपालिकको योजना पुस्तिका • योजना तथा वातावरण शाखाको अभिलेख • संघीय तथा प्रदेश सरकारका अभिलेख • स्थलगत अवस्था • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • स्थानीयबासी • वतावरण शाखा • उपभोक्ता समिति **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • छिमेकी पालिकाहरू • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान नीति, ऐन, नियम तथा कानून • स्रोत र साधनको अभाव • यन्त्र उपकरणको आभाव • सहयोगी तथा साझेदार संघ संस्था • उपयुक्त प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष जनशक्तिको अभाव

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

७.४.१ पृष्ठभूमि

नेपालको संबिधानले प्राकृतिक प्रकोप बाट हुने सम्भावित जोखिम न्यूनिकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनरस्थापना गर्ने जस्ता विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा राखेको अवस्था छ । उल्लेखित संबैधानिक व्यवस्था बमोजिम अन्तराष्ट्रिय सन्धि सम्झौता, अनुबन्ध, दिगो विकास लक्ष्य, पन्द्रौ यजना समेतले स्पष्ट व्यवस्था गरी समन्वयत्मक कार्य प्रणालीको विकास गरेको अवस्थ छ । पानीको उचित निकास तथा तटबन्धनको उपयुक्त व्यवस्थापन हुन नसकेका कारण यस नगरपालिका भएर बग्ने घाग्रा, अदुवा, रेखा, भुषढी, देउनिया जस्ता खोलाबाट बर्षायाममा बाढीजन्य प्रकोपको संभावना उच्च रहेको छ । नगरपालिका क्षेत्र भित्र क्रमस आवसीय तथा व्यापारिक क्षेत्रको तिब्र विकासका कारण बढ्दै भवन लगायतका पूर्वाधारहरू निर्माण भईरहेका र यस प्रकृतिका घना वस्तीमा खुल्ला क्षेत्रको अभाव रहेका कारण आगलागि तथा भूकम्प जस्ता प्राकृकित प्रकोप र विपत्ती बाट जोगिने तथा संरक्षित हुने स्थानको अभाव रहेको, भूकम्प प्रतिरोधि मापदण्ड बमोजिमका घर तथा भवन संरचना निर्माण गर्ने प्रबृति एकदमै कमजोर अवस्थामा रहेको कारण विपद जोखिम उच्च रहेको छ । तसर्थ विर्तामोड नगरपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता जस्ता कार्यको प्रमुख जिम्मेवारी स्थानीय सरकारको हैसियतमा यसै पालिकाको रहेको कारण समन्वय र साझेदारीको प्रारुप निर्धारण गर्ने कार्यमा नगरपालिकाले अहम् भूमिका निर्वाह गर्न अनिवार्य भएको छ ।

७.४.२ समस्या तथा चुनौती

७.४.२.१ समस्या

ढल निकासको उचित व्यवस्थापन नभएका कारण वर्षायाममा वस्ती डुवान हुने गरेको, योजनाबद्ध शहरी विकासको प्रारुप तयार भएका कारण अव्यवस्तित शहरीकरण बढ्दोक्रममा रहेको, पालिकाका केहि टोलबस्तीमा जाने सडक साँघुरो रहेकाकारण दमकल तथा एम्बुलेन्स पुग्न कठिनाई रहेको, विगतमा निर्माण भएका साथ वर्तमानमा समेत यथाकदा मापदण्ड बमोजिम भवन निर्माण नभएको, उद्धार केन्द्रहरूको अभाव रहेको, नगरपालिकामा विपद् जोखिम व्यवस्थापनकालागि दक्ष जनशक्तिको अभव रहेको, विपद् जोखिम व्यवस्थापनका बारेमा पर्याप्त ज्ञान, सीप र सूचना प्रणालिको कमि रहेको, विपद् जोखिम न्यूनिकरण र भौतिक संरचना निर्माणका कार्यमा आवश्यक तालमेलको कमी, छरिएर रहेका वस्ती रहेका कारण विपद् उत्थानशील विकास प्रकृया अवलम्बन हुन नसकेको, सवै विषयगत क्षेत्रमा विवद् जोखिमको पहिचान र नक्साङ्कन नभएको, प्राकृतिक स्रोतहरूको अनियन्त्रीत र अव्यवस्थित दोहन, विपद् जोखिम व्यवस्थापनकालागि कार्ययोजनाको निर्माण हुन नसकेको, आपतकालिन व्यवस्थाकालागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको कमी, आपतकालिन स्रोत व्यवस्थापनमा कठिनाई लगायत यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

७.४.२.२ चुनौती

ढल तथा सतह पानी निकासको उपयुक्त प्रवन्ध गर्ने, खोला किनारा छेउमा रहेका वस्तीलाई उपयुक्त र सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, नगरपालिकामा विपद् जोखिम व्यवस्थापनकालागि दक्ष जनशक्तिको पर्यात व्यवस्थापन गर्ने, अग्रिम सूचना प्रणालिको स्थापना र विकास, छरिएर रहेका वस्ती रहेका कारण विपद् उत्थानशील विकास प्रकृया अवलम्बन गर्ने तथा विकास आयोजनाको छनौट प्रकृया देखि कार्यसम्पन्नको अवस्था सम्म विपद् जोखिम मूल्याङ्कन पद्धती अवलम्बन गर्ने, जोखिममा आधारित योजना तर्जुमा गर्ने तथा निर्णय प्रकृया अवलम्बन गर्ने, प्राकृतिक स्रोतहरूको अनियन्त्रीत र अव्यवस्थित दोहन गर्ने, विपद् जोखिम व्यवस्थापनकालागि कार्ययोजनाको निर्माण गरी कार्यान्वनयमा ल्याउने, आपतकालिन व्यवस्थाकालागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको व्यवस्थापन गर्ने, बिपद् व्यास्थापन कोषलाई पर्याप्त पार्ने, विपद् जोखिमको कार्यलाई तीन तहका सरकार वीच समन्वय गरी आन्तरिकिकरण गर्ने साथै पूर्वतयारीका कार्यमा नजरअन्दाज गर्ने जस्ता कार्य यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

७.४.३ संभावना तथा अवसर

बिपद जोखिम न्यूनिकरण र व्यवस्थापनकालागि तीनै तहका सरकार वीच स्पष्ट कार्य विभाजन सहितको संबैधानिक व्यवस्था हुनु, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० लगायतका संघीय नीति तथा ऐन कानूनको व्यवस्था हुनु साथै प्रादेशिक ऐन कानूनको समेत व्यवस्था हुनु, नगरपालकाले बिपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी ऐन निर्माण गरी कायान्वयनमा ल्याउनु, ढुङ्गा गिट्टी बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ कार्यान्वनमा ल्याउनु, विपद् जोखिम न्यूनिकरणकालागि समुदाय तथा निजी क्षेत्र समेत सचेत रहनु साथै सहयोग र साझेदारीमा सम्लग्न हुनु, गैरसरकारी संघ संस्थाको सकृयता अभिबृद्धि हुनु, दिन प्रतिदिन आधुनिक प्रविधिको विकास र व्यवस्थानमा पहुँच बृद्धि हुँदै जानु, यस पालिकाको अधिक क्षेत्र ग्रामिण र खुला रहेका कारण व्यवस्थित शहरी विकास तथा वस्ती विकास गुरु योजना तर्जुमा गरी यथा समयमा कार्यान्वनयमा ल्याउन साथै उक्त क्षेत्रमा ढल तथा सतह पानी निकासको दिगो व्यवस्थापन गर्ने जस्ता अवस्था यस क्षेत्रका संभावना र अवसरको रुपमा रहेका छन् ।

७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.४.४.१ लक्ष्य

खोलानालामा तडबन्ध निर्माण, दमकल तथा एम्बुलेन्स सहज सञ्चालन हुने गरिका सडक पूर्वाधार, खुला क्षेत्र तथा उद्धार केन्द्रको बन्दोवस्त, ढल तथा सतह पानी निकासको उपयुक्त व्यवस्थापन, भवन संहिताको पूर्णपालना समेतका व्यवस्थपन बाट नगरपालिका क्षेत्र भित्र सम्भावित सवै प्रकृति र प्रकारका प्रकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा विपत्ती वा घट्ना बाट सिर्जिना हुन सक्ने मानवीय, भौतिक, आर्थिक, समाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने

७.४.४.२ उद्देश्य

१. नगरपालिका क्षेत्र भित्र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनकालागि विपद् उत्थानमैत्री स्थानीय शासन पद्धती र प्रणालीको विकास, व्यवस्थापन तथा सुद्रिढिकरण गर्ने
२. विपद जोखिम नक्साङ्कन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धी कार्यमा पालिका साथै स्थानीय सरकोकारवालाके क्षमता विकास गर्ने
३. विपद् जेखिम सम्बेदनशील योजना तथा पूर्वाधार निर्माण प्रकृयालाई सुनिस्चित गर्ने
४. सार्वजनिक, निजी तथा सामुदायिक लगानीमा मार्फत श्रोत र साधनको व्यवस्थापन गर्ने
५. पालिका स्तरमा व्यापक जनचेतना अभिबृद्धि गर्दै पूर्व तयारीको सुनिस्चितताका साथ विपद् पस्चातको पुनःनिर्माण, पुनरस्थापना, पुनरलाभ र नवनिर्माणको कार्यलाई सवल र उत्थानशील बनाउने

७.४.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण कमस तालिका नं. ७.१ र ७.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	विपद् उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापन गर्न नीतिगत, संस्थागत र प्रकृयागत व्यवस्था गर्ने	• विपद् जोखिम न्यूनिकरण र उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापनकालागि आवश्यक नीति, स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने • नगरपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने • अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउने • विपद् जोखिम न्यूनिकरण सम्बन्धी योजना तथा आयोजना साथै कार्यक्रम तर्जुमा गर्दा लक्षित वर्ग र

		समुदायमैत्री बनाउने ● नगर कार्यापलिका तथा वडा कार्यालयहरूमा कार्य प्रवाह तालिका निर्माण गर्ने ● दमकल तथा एम्बुलेन्स खरिद गर्ने वा नजिकका पालिका तथा संघ संस्था सँग साझेदारी र समन्वय विस्तार गर्ने ● प्रत्येक वडामा आकस्मिक स्वास्थ्य उपचार कक्षको व्यवस्था मिलाउने ● प्रकोप उद्धारकालागि मुख्य मुख्य बजार केन्द्रहरू दिर्घकालिन खुला क्षेत्र तथा पोखरीको व्यवस्थापन गर्ने ● विपद् व्यवस्थापनकालागि राहत तथा उद्धार सामाग्रि भण्डारण गृहको निर्माण गर्ने साथै उक्त भण्डार गृहमा अत्यावश्यक उद्धार सामाग्रि तयारी अवस्थामा राख्ने ● नगरपालिका क्षेत्र भित्र टाटीको बेरा तथा खर तथा परालको छाना भएका गरिव तथा सुकुम्बासी परिवारका लागि न्यूनतम मापदण्ड सहितको एकीकृत बस्तिको विकासका साथमा सुरक्षित घरहरूको निर्माण गरी सुरक्षित बसोबासको दिगो व्यवस्था गर्ने ● भवन निर्माण संहिताको कडाइका साथ कार्यान्वयन गर्ने ● ढल तथा सतह पानी निकासको उपयुक्त व्यवस्थापन गर्ने ● प्राकृतिक प्रकोप बाट निम्तन सक्ने जोखिमका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
२	विपद् जोखिम न्यूनिकरण गर्न साथै उत्थानशीलता अभिबृद्धि गर्न सार्वजनिक, निजी, सामुदायिक साझेदार तथा सहकार्य अभिबृद्धि गर्ने	● विपद् जोखिम न्यूनिकरणकालागि विषयगत विकास प्रकृयाको अनुगमन प्रकृया र प्रणालीलाई सूचकमा आधारित बनाउने ● सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै थप जोखिम हुन नदिन नगरपालिका, निजी क्षेत्र र समुदाय स्तरमा विपद् प्रभाव मूल्याङ्कन पद्धतीको विकास गर्ने, जीवन तथा निर्जीवन विमा, सामाजिक सुरक्षा लगायतका विधि र प्रकृयाहरू स्थापना र प्रवर्द्धन गर्ने ● विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनकालागि सार्वजनिक, निजी, सामुदायिक साझेदार तथा सहकार्यलाई सुद्रिढ र प्रभावकारी बनाउने
३	जोखिम नक्साङ्कन, आँकलन तथा पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य, पुनरलाभ सम्बन्धी आवश्यक भौतिक पूर्वाधार, संरचना, जनशक्ति साथै प्राविधिक क्षमताको विकास र व्यवस्थापन	● विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनकालागि आवश्यक ज्ञान र सीपको अभिबृद्धि र व्यस्थापन गर्ने ● सवै सरोकारवालाको क्षमता विकास गर्ने

	गर्ने	• विपद् जोखिम न्यूनिकरण, प्रतिकार्य तथा व्यवस्थापनका सम्पूर्ण प्रकृया पद्धती साथै साझेदारहरूको पहिचानको जानकारीलाई प्रविधि सँग आवद्ध गर्ने
४	विपद् जोखिम न्यूनिकरण कोषलाई बजबुत र पर्याप्त पर्ने	• विपद् जोखिम न्यूनिकरण कोषको स्थापना र विकास गर्ने • सहयोगी तथा साझेदार व्यक्ति, संघ संस्था, निजी क्षेत्र, सरकारी निकाय वा कार्यालय साथै तालुक सरकारबाट प्राप्त नगद तथा जिन्सि आय, स्थानीय स्तरमा प्राकृतिक स्रोतको उपयोग बाट प्राप्त हुने आयको एक निस्चित प्रतिसत लगायत यस क्षेत्रको नियमन गर्ने कार्य बाट प्राप्त आय लाई विपद् जोखिम न्यूनिकरण कोषमा जम्मा गरी एक द्वार प्रणाली मार्फत सञ्चालन व्यवस्थापन गर्ने • विपद् न्यूनिकरण कोषमा नगरपालिकाको आन्तरिक आयको १० % रकम जम्मा गर्ने व्यवस्था मिलाउने • विपद् जोखिम न्यूनिकरण गरी सम्भावित मानवीय, आर्थिक, भौतिक, सांस्कृति, वातावरणीय समेतका सम्भाव्य सवै प्रकृति र प्रकारका क्षेति कम गर्न विपद् न्यूनिकरण कोष सञ्चालन व्यवस्थापन वित्तीय रणनीति तयार गरी कार्यान्वयनमा ल्याउने

७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ७.३ मा समावेश गरिएको छ ।

७.४.५.१ अपेक्षित उपलब्धि

विपद् जोखिम न्यूनिकरण योजना, कार्ययोजना तर्जूमा भई कार्यान्वयनमा आएको हुनेछ साथै प्राकृतिक प्रकोप तथा विपत्ती बाट भइरहेको वर्तमान मानवीय, भौतिक, सांस्कृतिक, वातावरणीय क्षति ८५ प्रतिसतले घट्न गई विर्तामोड नगरपालिका प्राकृतिक प्रकोप भू-क्षय न्यून प्रभावित क्षेत्रको रुपमा स्थापित भएको हुनेछ ।

७.४.५ नतिजा/सूचक

१. प्राकृतिक प्रकोप न्यूनिकरण गुरु योजना तयार भएको हुनेछ
२. भवन निर्माण संहिता पूर्ण रुपले कार्यान्वनयमा आएको हुनेछ साथै लक्षित समुदाय वा परिवारका फुसको बेरा तथा छाना भएका घरहरूको स्थानमा आवश्यक मापदण्ड सहितका सुरक्षित घरहरूको निर्माण तथा व्यवस्थापन हुने क्रमले थप तिब्रता पाउने र सम्बन्धित परिवारकालागि सुरक्षित बासको व्यवस्था हुने कार्यले थप गति प्राप्त गरेको हुनेछ
३. प्राकृतिक प्रकोप उद्धार कोष स्थापना तथा कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कायान्वयनमा आएको हुनेछ
४. कम्तिमा २ थान दमकल र २ थान एम्बुलेन्सको व्यवस्था भएको हुनेछ
५. सम्भावित बाढीको प्रकोप रहन सक्ने उच्च जोखिममा रहेका स्थानीय खोला किनारामा अनुसूचिमा उल्लेख भएका स्थानमा बृक्षारोपण सहित संघीय तथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा तटवनध निर्माण भएको हुनेछ

७.४.६ अनुमान तथा जोखिम पक्ष

अनाधिकृत रुपमा हुने गरको खोला क्षेत्रको दोहनको अन्त्य, ढल तथा सतह पानी निकासको उपयुक्त व्यवस्थापन, आपतकालिन उद्धरका यन्त्र, उपकरण तथा साधन तथा तटबन्धको निर्माण र पूर्व सूचना प्रणालिको विकास भएको हुनेछ। आर्थिक तथा मानवीय श्रोत साधनको व्यवस्थापनमा संघीय तथा प्रदेश सरकार विकास साझेदारको साझेदारी भएको साथै प्राकृतिक प्रकोपको खतर कम भएको हुनेछ।

७.४.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता	• नगरसभाको निर्णय पुस्तिका • नगर कार्यपालिकाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • योजना तथा वातावरण शाखाको अभिलेख • संघीय तथा प्रदेश सरकारका अभिलेख • स्थलगत अवस्था • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • स्थानीयबासी • वतावरण शाखा **२. सहयोगी** • सम्बन्धित वडा समितिको कार्यालय • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान नीति, ऐन, नियम तथा कानून • स्रोत र साधनको अभाव • यन्त्र उपकरणको आभाव • सहयोगी तथा साझेदार संघ संस्था • उपयुक्त प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष जनशक्तिको अभाव

तालिका नं. ७.१: कार्यक्रम तथा आयोजना विवरण खाका

उद्देश्य नं.	कार्यक्रम तथा आयोजना	एकाई	आधार बर्षको अवस्था	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा)						प्रति एकाई लागत	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा			
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
१. वन तथा जैविक विविधता													
१	वनजङ्गलको संरक्षण, सम्वर्द्धन, विकस गर्ने	हेक्टर	६४९	१०००								नगर सभा, नगर कार्यपालिका संघीय तथा प्रदेश सरकार र बन उपभोक्ता समिति	७.१.४.३ को कोरणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
२ र ३	वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको संरक्षण र प्रवर्द्धन गर्ने	%	सामान्य	१००									
१, २ र ३	वन क्षेत्रको दिगो व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्ने	%	सामान्य	१००	५२००	५२००	५२००	५२००	५२००	२६०००			
२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन													
१	भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय कानून तथा एकीकृत गुर योजना निर्माण गर्ने	%	नभएको	१००								नगर कार्यपालिका, योजना तथा पूवौधार शाखा, स्थानीयबासी, निर्माण व्यवसायी संघीय तथा प्रदेश सरकार र विकास साझेदार	७.२.४.३ को कोरणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
१	आवश्यक तटवन्ध निर्माण गर्ने	कि.मि.	सामान्य स्तरको ७४ कि.मि.	स्तरीय थप १५ कि.मि. र बाँकी सामान्य गरी ८०									
२ र ३	खोला किनाराका आवश्यक स्थनमा बृक्षारोपण गर्ने तथा जनचेतना अभिबृद्धि गर्ने	संख्या	सामान्य	३५	१८१८०	३०३००	४२४२०	६०६००	४५४५००	६०६०००			

३ वातावरण तथा फोहोरमैला व्यवस्थापन													
१	वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, कानून निर्माण गरी कार्यान्वयन गर्ने	%	नभएको	१००								नगर सभा, नगर कार्यपालिका, योजना तथा पूर्वाधार शाखा, स्थानीयबासी, संघीय तथा प्रदेश सरकार र विकास साझेदार	७.३.४.३ को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
२ र ३	फोहोरमैला प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन गर्ने	संख्या	नभएको	१									
४	नगरपालिकाको मुख्य बजार केन्द्रमा वायु प्रदुषण मापन यन्त्रको जडान गर्ने	संख्या	नभएको	१									
४	खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी परिक्षण गर्ने	%	नभएको	८५	२४५००	५२५०	१७५०	१७५०	१७५०	३५०००			
४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता													
१	विपद् जोखिम न्यूनिकरण र उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापनकालागि आवश्यक नीति, स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने	%	कानून निर्माण र योजना भएको	१००								नगर सभा, नगर कार्यपालिका, सूचना तथा सञ्चार प्रविधि शाखा, स्थानीयबासी, संघीय तथा प्रदेश सरकार र विकास साझेदार	७.४.४.३ को को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
२ र ३	सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै थप जोखिम हुन नदिन नगरपालिका, निजी क्षेत्र र समुदाय स्तरमा विपद् प्रभाव मूल्याङ्कन पद्धतीको विकास गर्ने,	%	नभएको	१००	२००००	२००००	२००००	२००००	२००००	१०००००			

४ र ५	विपद जोखिम नक्साङ्कन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धी कार्यमा पालिका साथै स्थानीय सरकोकारवालाको क्षमता विकास गर्ने	%	नभएको	८५									

तालिका नं. ७.२ कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण खाका

उद्देश्य नं.	कार्यक्रम तथा आयोजनाको विवरण	स्थानीय दीर्घकालिन लक्ष्य/रणनीतिक स्तम्भ सङ्केत	दिगो विकास लक्ष्य सङ्केत	दिगो राष्ट्रिय लक्ष्य सङ्केत	प्रदेश समृद्धि सङ्केत	लैङ्गिक सङ्केत	जलबायु सङ्केत
१. वन तथा जैविक विविधता		७.१.४.३	१५	२.३	३.१		
१	वनजङ्गलको संरक्षण, सम्बर्द्धन, विकस गर्ने	७.१.४.३		७	१		
२	वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको संरक्षण र प्रवर्द्धन गर्ने	७.१.४.३		७	१		
३ र ४	वन क्षेत्रको दिगो व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्ने	७.१.४.३		७	३, १		
२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन		७.२.४.३	१५	७	४		
१	भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी एकीकृत गुर योजना निर्माण गर्ने	७.२.४.३		७	४		
१	आवश्यक तटवन्ध निर्माण गर्ने	७.२.४.३		१०	१		
२ र ३	खोला किनाराका आवश्यक स्थनमा बृक्षारोपण गर्ने तथा जनचेतना अभिबृद्धि गर्ने	७.२.४.३					
३ वातावरण तथा फोहोरमैला व्यवस्थापन		७.३.४.३	१३, १५	७	१		
१ र २	वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, कानून निर्माण गरी कार्यान्वयन गर्ने	७.३.४.३		७	१		
३	फोहोरमैला प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन गर्ने	७.३.४.३		७	१		
५	नगरपालिकाको मुख्य बजार केन्द्रमा वायु प्रदुषण मापन	७.३.४.३		७	१		

	यन्त्रको जडान गर्ने						
४ र ५	खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी परिक्षण गर्ने	७.३.४.३					
४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता		७.४.४.३	१५	१०	२.५		
१	विपद् जोखिम न्यूनिकरण र उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापनकालागि आवश्यक नीति, स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने	७.४.४.३		१०	१		
२ र ३	सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै थप जोखिम हुन नदिन नगरपालिका, निजी क्षेत्र र समुदाय स्तरमा विपद् प्रभाव मूल्याङ्कन पद्धतीको विकास गर्ने,	७.४.४.३		१०	१		
३ र ५	विपद जोखिम नक्साङ्कन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धी कार्यमा पालिका साथै स्थानीय सरकोकारवालाको क्षमता विकास गर्ने	७.४.४.३		१०	१		

तालिका नं. ७.३: नतिजा खाका

नतिजा तह	नतिजा	सूचक	एकाई	आधार बर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक बर्ष र कुल)						पुष्ट्याइका आधार	जोखिम पक्ष र अनुमान
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा		
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
१. वन तथा जैविक विविधता												
प्रभाव	वनजङ्गलको संरक्षण सम्वर्द्धन र विकास भएको हुने	१-६	हेक्टर	६४९	६६०	६७५	६८०	६९०	७००	७००	संघीय तथा प्रदेश सरकार र नगर सभा, कार्यपालिकाको निर्णय अभिलेख साथै प्रकासित दस्तावेजहरू	नगर पालिका, संघीय तथा प्रदेश सरकार साथै स्थानीय उपभोक्ताको सकृयता र व्यवस्थापन दिगो भएको हुने
	वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको संरक्षण र प्रवर्द्धन भई वातावरण सन्तुलनमा योगदान पुगेको हुने	७, ८	%	७५	८०	८५	९०	९५	१००	१००		
	बनजन्य उद्योग धन्दाको विकास र रोजगारीको श्रृजना भएको हुने		संख्या	गणना नभएको	५०	१५०	२५०	३५०	५००	५००	नगर सभा, कार्यपालिकाको निर्णय अभिलेख, सम्वन्धित शाखा	

											साथै स्थानीयबासी	
असर	वन जङ्गलको संरक्षण बाट वातावरणमा सन्तुलन स्थापित गर्नु		%	मापन नभएको	८०	८५	९०	९५	१००	१००	कार्यपालिका, संघीय तथा प्रदेश सरकार साथै स्थानीय सरकोकारवाला	भूउपयोग योजना तथा नीत र वनजङ्गल संरक्षण योजना पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ
	बन बन्यजन्तु तथा जैविक विवधताको संरक्षण बाट दिगो वातावरणी सन्तुलन र स्वच्छता कायम गर्नु		%	गणना नभएका	५०	६०	७०	८०	९०	९०		
	स्थनीयबासिको आयमा बढोत्तरी गरी गरिवी न्यूनिकरण गर्नु		%	गणना नभएको	३५	४५	५५	६५	७५	७५		
प्रतिफल	वतमान बनजङ्गल पूर्ण रुपले संरक्षण र प्रवर्द्धन भएको हुनेछ		वर्ग कि.मि.	०.२३	०.२४	०.२५	०.२६	०.२७	०.२८	०.२८	सम्बन्धित उपभोक्ता समिति, नगर कार्यपालिका, योजना शाखा, स्थानीय उपभोक्ता र व्यवसायीहरू	उपभोक्ता समिति, स्थानीबासीको सहभागिता र सहयोगमा अभिबृद्धि भएको हुने साथै श्रोत र साधनको पर्याप्ताता र मूल्य स्थिर रहेको हुने
	जैविक विभिदताको संरक्षण, विकास र प्रवर्द्धन भई वातावरण अनुकुलन कायममा योगदान पुगेको हुनेछ		%	७५	८०	८५	९०	९५	१००	१००		
	रोजगारीको श्रृजना बाट गरिवी न्यूनिकरणमा योगदान पुगेको हुनेछ ।		संख्या	गणना नभएको	५०	१५०	२५०	३५०	५००	५००		
प्रमुख कार्यक्रम	वनजङ्गलको संरक्षण, सम्बर्द्धन, विकस गर्ने		संख्या	५	५	६	७	८	९	९	नगर कार्यपालिका वान तथा वातावरण संरक्षण शाखा, स्थानीय उपभोक्ता, प्रदेश तथा संघीय सरकार	भूउपयोग योजना अध्यावधिक भई कार्यान्वयनमा आएको हुनेछ
	वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको संरक्षण र प्रवर्द्धनकालागि चेतना मूलक कार्यक्रम सञ्चालन गर्ने		संख्या	सामान्य	५	५	५	५	५	२५		
	वन क्षेत्रको दिगो व्यवस्थापनकालागि		%	सामान्य	१००	१००	१००	१००	१००	१००		

	संघीय तथा प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्ने											
२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन												
प्रभाव	नीति, योजना तथा कार्यक्रमको प्रभावकारीता बाट भू-संरक्षण र जलाधार व्यवस्थापनमा सहयोग पुग्ने	१–४	%	सामान्य	६५	७५	८५	९५	१००	१००	नगर सभा, नगर कार्यपालिका, सम्बन्धित शाखा, निर्माण व्यवसायी साथै स्थानीयबासी र सरोकारवाला	श्रोत र साधनको पर्याप्तता भएको हुने मूल्य स्थिरता रहेको हुनेछ, प्राकृतिक प्रकोपको असर कम हुनेछ
	आवश्यक तटवन्ध निर्माण भई प्राकृति विपत्ती बाट हुन सक्ने आर्थिक तथा मानवीय क्षति कम हुने		मिटर	सामान्य स्तरको ७४ कि.मि.	७५	७६	७७	७८	८०	स्तरीय थप १५ कि.मि. र बाँकी सामान्य गरी ८०		
	बृक्षारोपणको माध्यम बाट भूक्षयमा कमि आई वन क्षेत्र तथा कृषियोग्य जग्गा जमिन संरक्षित भएको हुने		%	मात्रा किटान नगरिएको	३०	३५	४०	४५	५०	५०		
असर	नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु		%	सामान्य	६५	७५	८५	९५	१००	१००	कार्यपालिका वातावरण विकास सँग सम्बन्धित शाखा, स्थानीय सरोकारवाला, प्रदेश तथा संघीय सरकार	स्थानीयबासिको सकृयता भढेको हुने प्राकृतिक प्रकोपको असर कम भएको हुने
	प्राकृति विपत्ती बाट हुन सक्ने आर्थिक तथा मानवीय क्षति कम गर्नु		%	वस्तविक विवरण लिनु पर्ने	५५	६५	७५	८५	९५	९५		
	वन क्षेत्र तथा कृषियोग्य जग्गा जमिन संरक्षिण गर्नु		%	विवरण लिनु पर्ने	४५	५५	६५	७५	८५	८५		
प्रतिफल	नीति तथा योजना साथै कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ		%	सामान्य	६५	७५	८५	९५	१००	१००	कार्यपालिका, वातावरण शाखा साथै योजना शाखा, संघीय तथा प्रदेश	प्राकृतिक प्रकोपको मात्रा कम हुनेछ , पूर्वतयारीका कार्यहरू प्रभावकारी भएका हुनेछन,
	प्राकृति विपत्ती बाट हुने		%	विवरण	५५	६५	७५	८५	९५	९५		

	आर्थिक तथा मानवीय क्षतिमा गणनायोग्य कमि आएको हुनेछ			अध्यावधिक गर्नु पर्ने							सरकार लगायत स्थानीय सरकोकारवाला	सरोकारवाला विच समन्वय र साझेदारीको विकास भएको हुनेछ।
	वनजङ्ग, कृषियोग्य जग्गा जमिन साथै बन्यजन्तु संरक्षित भएका हुनेछन्		%	विवरण अध्यावधिक गर्नु पर्ने	४५	५५	६५	७५	८५	८५		
प्रमुख कार्यक्रम	भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी एकीकृत गुर योजना र स्थानीय कानून निर्माण गर्ने		%	नभएको	५०	१००	१००	१००	१००	१००	नगर सभा, कार्यपालिका, सम्बन्धित शाखा, र स्थानीयबासी	श्रोत र साधनको पर्याप्तता कार्यक्रम सञ्चालनमा सहजता र सहयोग पुगेको हुनेछ
	आवश्यक स्थानमा तटवन्ध निर्माण गर्ने		कि.मि.	सामान्य स्तरको ७४ कि.मि.	७५	७६	७७	७८	८०	स्तरीय थप १५ कि.मि. र बाँकी सामान्य गरी ८०		
	खोला किनाराका आवश्यक स्थनमा बृक्षारोपण गर्ने तथा जनचेतना अभिबृद्धि गर्ने		%	सामान्य रुपमा हुने गरेको र यथार्थ विवरण नभएको	३०	३५	४०	४५	५०	५०		
३ वातावरण तथा फोहोरमैला व्यवस्थापन												
प्रभाव	ऐन, कानूनको कार्यान्वयन बाट स्थानीबासिमा चेतना अभिबृद्धि भई वातावरणको संरक्षण र प्रवर्द्धन हुने साथै फोहोरमैलाको सहज व्यवस्थापन हुने	१	%	नभएको	७५	८५	९५	१००	१००	१००	नगर सभा, कार्यपालिका, स्थानीय समुदाय तथा निजी क्षेत्र	श्रोत र साधनको सहज उपलब्धता भएको हुनेछ स्थानीयबासिको सहयोग र निजी क्षेत्रको सम्लग्नता र सकृयता बढेको हुनेछ
	फोहोरमैला प्रशोधन केन्द्रको सञ्चालन खेर गईरहेका बस्तु बाट	१	१	नभएको		१	१	१	१	१		

	मानवउपयोगि बस्तुको उत्पादन हुने तथा रोजागरीमा बृद्धि हुने											
	फोहोरमैलाको व्यवस्थापन बाट सम्भावित जोखिम न्यूनिकरण हुने	१	%	गणना नभएको	५५	६५	७५	८५	९५	९५		
	खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी सुरक्षित भई सवै प्रकृतिका जीवले जीवन सुरक्षित हुने	२	%	नभएको	४५	५५	६५	७५	८५	८५		
असर	वातावरणको संरक्षण र प्रवर्द्धन गर्नु		%	सामान्य	५५	६५	७५	८५	९५	९५	नगरपालिका, संघीय तथा प्रदेश सरकार, स्थानीयबासी र सम्बन्धित सरोकारावाला	स्थानीय सरकोकारवाला को सकृयतामा बृद्धि भएको हुनेछ
	फोहोरमैलाको उपयुक्त व्यवस्थपन गर्नु		%	नभएको	७५	८५	९५	१००	१००	१००		
	सम्भावित जोखिम न्यूनिकरण गर्नु		%	जोखिम रहको	५५	६५	७५	८५	९५	९५		
प्रतिफल	वातावरणको संरक्षण र प्रवर्द्धन भएको हुनेछ		%	सामान्य	५५	६५	७५	८५	९५	९५	नगरपालिका, संघीय तथा प्रदेश सरकार, स्थानीयबासी र सम्बन्धित सरोकारावाला	स्थानीय सरकोकारवाला को सकृयतामा बृद्धि भएको हुनेछ
	प्रशोधन केन्द्रको सञ्चालन बाट फोहोरमैलाको उपयुत्त व्यवस्थापन भएको हुनेछ		%	नभएको	५५	६५	७५	८५	९५	९५		
	रोजागरी श्रृजना भएको हुनेछ		संख्या	नभएको	५०	५०	५०	५०	५०	२५०		
	फोहोरमैलाका कारण हुने सम्भावित जोखिम कम भएको हुनेछ		%	सामान्य	५५	६५	७५	८५	९५	९५		
प्रमुख कार्यकम	वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, कानून		%	नभएको	५०	१००	१००	१००	१००	१००	नगरपालिका, निजी क्षेत्र र स्थानीय समुदाय साथै उपभोक्ता	श्रोत र साधनको उपलब्धता रहेको हुनेछ, प्राकृतिक प्रकोपमा

	निर्माण गरी कार्यान्वयन गर्ने										समिति, टोल सङ्गठन	कमि भएको हुनेछ
	फोहोरमैला प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन गर्ने		संख्या	नभएको		१	१	१	१	१		
	नगरपालिकाको मुख्य बजार केन्द्रमा वायु प्रदुषण मापन यन्त्रको जडान गर्ने		संख्या	नभएको		१	१	१	१	१		
	खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी परिक्षण गर्ने		%	नभएको	४५	५५	६५	७५	८५	८५		
४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता												
प्रभाव	आवश्यक नीति, स्थानीय ऐन कानूनको कार्यान्वयन बाट विपद् जोखिम न्यूनिकरण र उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापन भएको हुने	१ देखि ५	%	कानून निर्माण र योजना भएको	७५	८५	९५	१००	१००	१००	नगर सभा, कार्यपालिका,	नगरपालिकाको सकृयतामा बृद्धि भएको हुनेछ साथै संघीय र प्रदेश सरकारको समन्वय र साझेदारी प्राप्त भएको हुनेछ
	जोखिम हुन नदिन नगरपालिका, निजी क्षेत्र र समुदायको साझेदारी बलियो हुने,		%	सामान्य	६५	७५	८५	९५	१००	१००		
	नगरपालिका र स्थानीय सरकोकारवालाको क्षमता विकास भएको		%	सामान्य	४५	५५	६५	७५	८५	८५		
असर	उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापन बाट विपद् जोखिम न्यूनिकरण गर्नु		%	सामान्य	७५	८५	९५	१००	१००	१००	नगरपालिका, प्रदेश सरकार, संघीय सरकार साथै सरोकारवाला संघ	सरोकारवालाको साथ र सहयोगी नियमित रहनेछ,
	जलवायु उत्थानशिल		%	सामान्य	४५	५५	६५	७५	८५	८५		

	कार्यकालागि नगरपालिका, निजी क्षेत्र र समुदायको साझेदारी बलियो बनाउनु साथै क्षमता विकास गर्नु										संस्था	
प्रतिफल	आर्थिक तथा मानवीय र जैविक क्षतिमा कमि आएको हुनेछ		%	क्षति हुने गरेको तर यकिन विवरण नभएको	५५	६५	७५	८५	९५	९५	कार्यपालिका, प्रदेश तथा संघीय सरकार साथै स्थानीय सरोकारवाला	स्थानीयबासीको सकृयता निरन्तर र दिगो रहेको हुने
	ऐक्यवद्धता र साझेदारी बाट स्थानीय सरोकारवालाको क्षमता विकास भई सम्भावित जोखम बाट सुरक्षाको सुनिस्चितता भएको हुनेछ			सामान्य अवस्थमा रहेको	५५	६५	७५	८५	९५	९५		
प्रमुख कार्यक्रम	विपद् जोखिम न्यूनिकरण र उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापनकालागि आवश्यक नीति, स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने		%	कानून निर्माण र योजना भएको	८५	१००	१००	१००	१००	१००	नगर कार्यपालिका , सम्बन्धित संघ संस्था, निजी क्षेत्र	श्रोत र साधनको सहज उपलब्धता रहेको हुनेछ, प्राकृतिक प्रकोपमा कमि आएको हुनेछ
	सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै थप जोखिम हुन नदिन नगरपालिका, निजी क्षेत्र र समुदाय स्तरमा विपद् प्रभाव मूल्याङ्कन पद्धतीको विकास गर्ने,		%	नभएको	७५	८५	९५	१००	१००	१००		
	विपद जोखिम नक्साङ्कन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धी कार्यमा पालिका साथै स्थानीय सरकोकारवालाको क्षमता विकास गर्ने		%	नभएको	४५	५५	६५	७५	८५	८५		

परिच्छेद ८ (आठ)
संस्थागत विकास तथा सुशासन क्षेत्र

८.१ संस्थागत विकास तथा सुशासन

८.१.१ पृष्ठभूमि

नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन पद्धतीको प्रारम्भ भएको करिव ७ बर्ष व्यतित भईसकेकोछ । संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारम्भ सँगै नेपालमा राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरिएको छ । नेपालको संबिधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विभिदतायुक्त मुलुकको रुपमा परिभाषित गर्दै विभिदता बिचको एकता सम्बर्द्धन गर्ने सङ्कल्प गरेको छ । राज्य शक्तिको बाँडफाँड सँगै स्थानीय तह स्थीय सरकारको हैसियतमा कृयाशिल भएका छन् । राज्य सञ्चालनका तीनै तहबीच एकल र साझा अधिकारहरूको सिमङ्कन भएको छ । स्थानीय तह विधायीकि, कार्यकारिणी र न्यायीक अधिकार सहित आफ्ना जिम्मेवारी निर्वाह गरिरहेका छन् । संबिधानको मूलमर्म र भावना बमोजिम स्थानीय स्तरमा रहेका विभिन्न जात, जाती, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिस्णुता र ऐक्यवद्धता कायम गरी विकास निर्माण र सेवा प्रवाहलाई संस्थागत सुद्रिढिकरणका साथ सुशासनको माध्यम बाट स्थानीय आवश्यकता र स्थानीयबासिको माग बमोजिम प्रवाह गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको जिम्मामा आइपुगेको छ ।

नेपालको संबिधानले कानूनको शासन, मौलिक हक तथा मानव अधिकारकार आधारभूत मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यम बाट सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने, शासन व्यवस्थामा समानुपातिक सहभागितामूलक सिद्धान्तलाई आत्मसात गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिस्चित गरेको छ । संबिधानले निर्देश गरेका सिद्धान्तमा आधारित भई देश र सर्वसाधारण नागरिककालगि परिलक्षित दायित्व पुरागर्न, संघीय लोकतान्त्रिक प्रणालीको जग बलियो बनाउने दायित्व बोध, अपनत्व र विश्वास गर्ने, विकास र सेवा प्रवाहका प्रत्येक अङ्गमा अहम् भूमिका निर्वाह गर्न सक्ने राजनीतिक र प्रशासनिक प्रणालीको विकास र स्थायीत्व आजको प्रमुख आवश्यकता हो । मानव अधिकारको संरक्षण, प्रवर्द्धन, सम्मान सहितको सुशासन र विकास दिगो शान्ति र स्थिरताको मूल आधार भएकाले यस प्रकारको गहन जिम्मेवारी पुरा गर्न इमान्दार र अनुकरणीय स्थानीय नेत्रीत्वको आवश्यकता रहेको छ ।

अन्तरतह समन्वय, सहयोग र सहकार्यमा आाधारित संघियता नेपालको शासन पद्धतिको मूल आधार हो । नेपालको समृद्धि निर्माणको मूल कडी स्थानीय तथा प्रदेश तहको सन्तुलित र दिगो विकास गर्नुनै हो । संघीय शासन प्रणाली अनुरुप विकास निर्माण र सेवा प्रवाहका आधार तयार भए सँगै आवश्यक कानूनी ढाँचा तयार पार्ने, समन्वय र सहकार्यलाई अभ्यासमा उतार्ने, संघीयताको आधारभूत जगको रुपमा स्थापित रहेको स्थानीय तहलाई क्षमता विकासका साथ सक्षम तुल्यायने काय भईरहेको भएता पनि अझ थप प्रयास गर्नु पर्ने अवस्था छ ।

विर्तामोड नगरपालिकाले आफ्नो स्थापना कालबाटै नेपालको संविधानमा भएका अनुसुचि–८ बमोजिमका व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका साथै र जनप्रतिनिधिलाई प्राप्त अधिकार, पन्द्रौ योजना, दिगो विकासका लक्ष्यहरू, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएका परिपत्रहरू, नगर कार्यपालिकाबाट गठित विभिन्न विषयगत समिति र राजश्व परामर्श समिति, सम्पूर्ण वडा समिति, बजेट, नीति तथा कार्यक्रम तर्जुमा समिति समेत बाट प्राप्त सुझावहरूलाई समेटेर आफ्नो नीति तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ । स्थानीयवासी आम नागरिकहरूको विकासप्रतिको उच्च आकाङ्क्षालाई सुशासनको माध्यम बाट न्यायोचित रूपमा सम्बोधन गर्नकालागि नगरपालिकाको दिगो विकास र समृद्धिका लागि राष्ट्रियता, लोकतन्त्र र कानूनी शासनलाई आत्मसात गर्दै शान्ति र स्थिरता कायम गर्न जनताद्वारा, जनताका लागि जनताको शासन भन्ने मूल सिद्धान्त लाई आत्मसात गदै नगरको विकास र समृद्धिलाई यथार्थमा परिणत गर्ने उद्देश्यका आफ्ना नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै आएको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २०, २१ र २२ मा

स्थानीय तहले स्थानीय सरकारको हैसियतमा स्थानीय आवश्यकता बमाजिम आफ्ना अधिकारका क्षेत्रहरूलाई व्यवस्थित रुपमा सञ्चालन व्यवास्थपन गर्न यस बिर्तामोड नगरपालिकाले ५४ वटा ऐन कानुन , कार्यविधि मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । स्थानीय सरकरको हैसियतमा यस पालिकाले आफ्ना दैनिक जिम्मेवारीहरूलाई सुशासनको माध्यम बाट सञ्चालन, व्यवस्थापन गर्न वर्तमानको आवश्यकता साथै कर्मचारीको बृति विकास र स्थयीत्वकालागि सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना, संरचान बमोजिम आवश्यक जनशक्तिको प्रक्षेपण, सम्बन्धित शाखा र कर्मचारीका कार्यविवरण समते तयार गर्ने कार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ ।

स्थानीय तह सदस्य निर्वाचनबाट नगर प्रमुख र नगर उपप्रमुख सहित १० वटै वडाबाट ५५ जना जनप्रतिनिधि निर्वाचित भई सम्बन्धित जनप्रतिनिधिले नेत्रीत्व ग्रहण गर्नु भएको छ । विर्तामोड नगरपालिकाको तत्कालिन सङ्गठन संरचना अनुसार मौजूदा अवस्था अध्ययन गर्दा यस नपामा १८ शाखा, १ उपशाखा, २ एकाई, १ सचिवालय र १ केन्द्र र स्वास्थ्य संस्था/स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र रहेको पाईन्छ भने १० वटा वडा समितिका कार्यालयरू रहेका छन् । यस नगरपालिकामा अधिकृति स्तर दशौं तहको १ जना, नवौं मा १ जना, आठौं तहमा ४ जना, सातौं तहमा २ जना र छैठौं तहमा २३ जना गरी जम्मा ३१ जना, सहायक स्तर पाँचौंमा ३४ जना, सहायक स्तर चौथोमा ३९ जना, सहायक स्तर तेश्रोमा ३८ जना र श्रेणी विहिन ९६ जना गरी कुल २३८ जना कर्मचारी (जसमध्ये १६४ जना करारमा कार्यरत रहेको देखिन्छ) बाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरू सम्पादन तथा व्यवस्थापन हुँदै आएको अवस्था छ ।

वर्तमान अवस्थामा नगरपालिकामा २३८ जना (१५ जना नगर प्रहरी सहित) कर्मचारीहरु कार्यरत रहेकोमा संगठन विकास सर्वेक्षण प्रतिवेदनका आधारमा स्थायी पदपूर्ति गर्न नहुने भनिएका पदहरु (नगर प्रहरी, मालि, बगैचे आदि) बाहेक जम्मा २७१ जना कर्मचारीहरुको दरबन्दि प्रस्ताव गरिएको छ । संगठन विकास सर्वेक्षणले प्रस्ताव गरेको संगठन संरचना अनुसार जनशक्ति व्यवस्थापन भईरहेको अवस्था छैन । सेवा प्रवाहलाई छिटो छरितो र पारदर्शी बनाउन नगरपालिकाको संगठन संरचना अनुसारको जनशक्ति व्यवस्थापन अपरिहार्य हुन्छ । जसमा संगठनका लागि आवश्यक जनशक्तिको पदपूर्ति, क्षमता र आवश्यकता अनुसार क्षमता विकास योजना समेत तजुमा गरी कर्मचारीहरुका लागि तालिम अभिमुखीकरण दिने कार्यमा नगरपालिका कृयाशिल रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ वित्तिय उत्तरदायित्व ऐन , सार्वजनिक खरीद ऐन तथा नियमावलीले स्थानीय सरकार संचालन गर्न निर्देशित गरेको छ भने आजको सूचना प्रविधियुक्त समाजले घेरिएको युगमा बिर्तामोड नगरपालिका कार्यालय र १० वटै वडा कार्यालयलाई प्रविधिमैत्री विद्युतिय आधुनिक छरितो र झन्झटमूक्त सेवा प्रवाह गर्नु प्रकृया र पद्धतिको तिव्र व्यवस्थापन गरिदै आएको छ ।

८.१.२ समस्या तथा चुनौती

८.१.२.१ समस्या

संघीय शासन व्यवस्था बमोजिम संबिधान प्रदत स्थानीय तहको विकास निर्माण र सेवा प्रवाह सम्बन्धी जिम्मेवारी व्यवस्थापन तथा सञ्चालनका लागि चाहिने स्रोत साधन रहितको क्षमता अभिबृद्धि नहुनु, पर्याप्त दक्ष कर्मचारीको अभाव रहनु, सिमित श्रोतसाधनले कर्मचारीका मौद्रिक तथा गैर मौद्रिक आवश्यकता पूर्ति गर्न, सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम विकास एवं प्रविधिको समुचित उपयोग र विस्तार गर्न नसकिनु, कर्मचारीलाई उत्प्ररित गर्ने तत्वहरुको अपूर्णता रहनु, झन्झटिलो प्रशासनीक प्रक्रियाका कारण पारदर्शिता र जवाफदेहिताको स्थानीय प्रणाली पूर्ण रुपले विकास भैनसक्नु, कर्मचारी तथा जनप्रतिनिधीहरुमा ऐन कानुनको पर्याप्त जानकारी नहुनु, प्रविधिमैत्री सेवा प्रवाहको अभव, अन्तर सरकारी तहबीच समन्वयको दरिलो र भरपर्दो आधार तयार भईनसक्नु तथा समन्वय हुन नसक्नु, सुशासन र सार्वजनिक दायित्व अपेक्षित रुपमा बहन हुन नसक्नु साथै स्थानीय आवश्यकताका आधारमा नगरपालिकाको विकास बजेट धेरै कम हुनु, विकास निर्माण र सेवा प्रवाहकालागि नयाँ प्रविधिमा आधारित यन्त्र, उपकरणको व्यवस्था गर्न नसकिनु यस क्षेत्रका समस्याका रुपमा रहेका छन् ।

८.१.२.२ चुनौती

संबिधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत प्रचलित ऐन कानूनले निर्दिष्ट गरे बमोजिम सार्वजनिक क्षेत्रमा पारदर्शिता, जावफदेहिता, निष्पक्षता र प्रभावकारिता कायम गरी उत्तरदायित्व निर्वाहाका साथ नगरपालिकाबासिको घरदैलो सम्म विकास निर्माण र सेवा प्रवाह पुऱ्याउने, नगरपालिकाको विकास प्रशासनको आधुनिक प्रविधि सहितको क्षमता अभिबृद्धि गर्ने, नगरपालिका प्रति स्थानीबासिको विश्वास अभिबृदि गर्ने, अन्तर सरकर, अन्तर स्थानीय तह र अन्तर समुदाय र निजी क्षेत्रबीच समन्वलाई प्रभावकारी बनाउने, वर्तमान प्रणालिगत व्यवस्थाको सञ्चालन लागत कम खर्चिलो बनाएर पूँजीगत लगानी बृद्धि गर्ने, पारदर्शिता र जवाफदेहिताको स्तर बृद्धि गर्ने, ठूला र देखिने योजना, प्रत्यक्ष आर्थिक विकासमा योगदान पुऱ्याउने, सर्वसाधारण स्थीयबासीको जीवनस्तर माथि उठाउने जस्ता क्षेत्रमा लगानी बढाउने, सर्वसाधारण नगरपालिकाबासी, उद्योगि, व्यापारी तथा व्यवसायीहरूलाई आन्तरिक आय बृद्धिका क्षेत्रमा कृयाशिल गराउने, शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्ने, जनप्रतिनिधि र कर्मचारीको दृष्टिकोणमा सकारात्मकता ल्याई जीवनशैलीलाई सादा, सरल र सुहाउदो बनाउने, सङ्गठन संरचना छरितो बनाउने, उच्च उत्प्रेरणा तथा मनोवलयुक्त कर्मचारी व्यवस्थापन गर्ने , झन्झटिला ऐन कानुन र प्रकृयालाई सरल र सहज बनाउने नगरपालिकाका बैठक, कार्यप्रक्रियालाई प्रत्यक्ष(Live), पारदर्शी र उत्तरदायी बनाउने जस्ता कार्य वर्तमानका चुनौतीको रुपमा रहेका छन् ।

८.१.३ संभावना तथा अवसर

संघीय शासन प्रणालि क्रमस सुदृढ हुँदै गएको, क्रमस राजनीतिक अस्थिरताको अन्त्य हुँदै गएको, संघीयताको मूल मर्मर भावना बमोजिम स्थानीय जनप्रतिनिधि स्थानीय तहका नीति निमाण, योजना तर्जुमा र कार्यान्वयन साथै स्थीय शासन सञ्चालनमा निपुर्ण हुँदै गएको, कर्मचारीको क्षमत अभिबृद्धि हुँदै गएको, विर्तामोड नगरपालिका झापा जिल्लाकै मुटुको रुपमा स्थापित हुँदै गएको, उच्च आन्तरिक श्रोत परिचालनको संभाव्यता रहेको, शिक्षित तालिमयुक्त तथा सकरात्मक सोच भएका कर्मचारी साथै नवउर्जा सहितका सेवा प्रवाह तथा जनसेवामा उत्प्रेरित जनप्रतिनिधिको बाहुल्यता रहेको, नगरपालिकाको भरखरै पारित गरेको संगठन तथा व्यवस्थापन(O&M) को कार्यान्वयन आएको, आवश्यकताका आधारमा विभिन्न नयाँ ऐन नियम कार्यविधि निरन्तर निर्माण भइ कार्यान्वयनमा आएका, वैज्ञानिक तथा आधुनिक प्रविधियुक्त अनलाइन सेवा प्रवाहको प्रारम्भ भएको, नगरपालिका क्रमिक रुपले स्रोत र साधनयुक्त हुँदै गएको, स्थीयबासिमा विकास प्रतिको चाहाना दिन प्रति दिन बढ्दै गएको, स्थीबासीहरू समूहगत रुपमा तथा सहकारीको माध्यम बाट कृषि, पशुपालन, उद्योग, व्यापार तथा व्यवसायमा सम्लग्न हुने र कृषि तथा पशुपालनलाई व्यवसायिकिकरण तर्फ अघि बढाउने कार्यमा सम्लग्न र कृयाशील हुँदै गएको, स्थानीबासीमा शिक्षा र चेतनाको विकास र विस्तार हुँदै गएको, स्थानीबासीले स्थानीयसरकारलाई नजिकबाट अवलोकन र निगरानि गर्ने बानीको विकास हुँदै गएको, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक सञ्जा, सञ्चार, विद्युत लगायतका सेवामा नगरपालिकाबासिको पहुँच क्रमस अभिबृद्धि हुँदै गएको, स्थानी ऐन कानून निर्माणले गति लिएको, नगरपालिकाहरूले आफ्ना सवै गतिविधि वएभसाईट मार्फत सर्वसाधारको जानकारीमा राख्ने गरेको, विकास आयेजनाहरूको प्राथमिकिकरण र कार्यान्वयनमा स्थानीय जनताको सहभागिता बढ्दै जानु यस क्षेत्रका संभावना र अवसर रहेका छन् ।

८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

८.१.४.१ लक्ष्य

उपयुक्त संगठनात्मक संरचनाको विकास, उचित जनशक्ति व्यवस्थापन, आवश्यक कानुनको तर्जुमा साथै गुणस्तरिय सेवा प्रवाहको माध्यम बाट पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित स्थानीय शासन व्यवस्थाको कार्यान्वयन बाट संगठनको उत्पादकत्व बढाउने साथै नगरपालिकाबासिको विश्वास अभिबृद्धिका साथ विधिको शासन सुद्रिढ बनाउने

८.१.४.२ उद्देश्य

१. नगरपालिकको राजनैतिक एवं प्रशासनिक नेत्रीत्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने

२. सुद्रिढ साङ्गठनिक संरचना, दक्ष र क्षमतावान जनशक्ति, नवीन प्रविधि, प्रविधियुक्त यन्त्रउपकरण लगायतको व्यवस्थापनका साथ नगरपालिका बाट सम्पादन गरिने विकास निर्माण र सेवा प्रवाहका कार्य छिटो, छरितो, निस्पक्ष, गुणस्तरीय, नतिजा तथा परिणाममूखि र प्रभावकारी बनाउने

३. विकास निर्माण र सेवा प्रवाह समेतका सम्पूर्ण कामकारवाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुत्त र प्रविधिमैत्री बनाएर जनसहभगिता र जनविश्वासमा अभिबृद्धि गर्दै जनशक्तिको सर्वोत्तम परिचालन मार्फत नागरिक सेवा अभिवृद्धि गरी सुशासनको प्रत्याभुती दिलाउने साथै संगठनको शाख अभिवृद्धि मार्फत विधिको शासन र सेवा प्रवाहमा नागरिक अधिकार सुनिश्चित गर्ने

८.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमस तालिका नं. ८.१ र ८.२ मा उल्लेख गरिएको छ)

क.सं	रणनीति	कृयाकलाप (कार्यक्रम तथा आयोजना)
१	**भौतिक पूर्वाधार विकासः** नगरपालिका बाट प्रवाह हुने सेवा तथा प्रशासनिक कार्यको क्षमता धान्न सक्ने गरी चुलाचुली नगरपालिका नव निर्मित कार्यपालिका भवन सुविधा सम्पन्न बनाउने साथै आफ्नै कार्यालय भवन पर्याप्त र व्यवस्थित नभएका वडा नं. २ र ६. का वडा कार्यालयका कार्यालय भवन समेत पर्याप्त हुने गरी निर्माण, पर्ननिर्माण, स्तरउन्नती गर्ने	• कार्यालय भवन हरूको भवन निर्माणकालागि नपुग रहेको जग्गा खरिद गर्ने वा प्राप्ति गर्ने • नवनिर्मित नगरकार्यपालिका भवन बाट सेवा प्रवाहकालागि नपुग रहेको अनुसूचिमा उल्लेख भएको भौतिक पूर्वाधारको निर्माण कार्य सम्पन्न गर्ने • कार्यालय भवनहरूलाई शौचालय, शुद्ध र सुरक्षित खानेपानी, प्रतिक्षालय, स्तनपान कक्ष, अपाङ्गमैत्री, अध्ययन कक्ष, पर्याप्त पार्किङ स्थाल लगायतका सेवा सुविधायुक्त बनाउने • नगरकार्यपालिकाको कार्यालय भवन तथा वडा कार्यालय भवनहरूमा आबश्यक फर्निचर, कम्प्यूटर, प्रिण्टर, सर्वर, विद्युतीय सामान लगायत कार्यालयको ब्यवस्थित सञ्चालनका लागि आवश्यक आधारभुत सामाग्रिहरूको खरिद गर्ने तथा ब्यवस्थापन गर्ने • विकास निर्माण तथा सेवा प्रवाहका कार्य सञ्चालन तथा ब्यवस्थापनमा भौतिक संरचनको अभावमा बाधा ब्यवधान आउन नदिने • आर्थिक श्रोतको ब्यवस्थापन गर्ने
२	**सेवा प्रवाहः** क. पालिकाको सांगठनिक संरचनाको पूर्ण कार्यानवयन बाट विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउने ख. नगर कार्यपालिका तथा	• सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षण मार्फत तयार भएको सङ्गठन संरचनालाई कार्यान्वयन गर्ने साथै शाखागत कार्य बिबरणका आधारमा कर्मचारीहरूको कार्य विवरण तयार गरी कार्यान्वयनमा ल्याउने • विषयगत समितिहरूको समेत कार्यविवरण तयार गरी थप कृयाशिल बनाउने • कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अध्ययन अवलोकन भ्रमण गर्ने • आवश्यक यन्त्र उपकरण, सवारीका साधन, फोहोरमैला सङ्कलन गर्ने, दमकल, एम्बुलेन्स लगायतका साधनहरू खरिद गर्ने/व्यवस्था गर्ने • सेवा प्रवाहका स्रोत र साधनले नियमित सेवा प्रवाह गर्न सक्ने गरी दुरुस्त

	वडाकार्यालयहरूकालागि आवश्यक फर्निचर, यन्त्र उपकरण, सवारीका साधन, दमकल, एम्बुलेन्स लगायतका साधनहरूको व्यवस्था गरी सेवा प्रवाहको गुणस्तर र प्रभावकारितामा बढोत्तरी गर्ने **ग.** सवै सेवा ग्राहिले पालिका बाट प्राप्त गर्नु पर्ने सेवा सर्वशुलभ, व्यवस्थित, पारदर्शी, समयबद्ध र प्रभावकारी रुपमा प्राप्त गर्ने कुराको सुनिस्चित गर्ने	राख्ने ● GIS प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै MIS (Management Information System) को विकास र कार्यान्वयन गर्ने ● संस्थागत सञ्जाल समन्वय समितिको निर्माण तथा व्यवस्थापन गर्ने ● आधुनिक प्रविधि तथा नेट ईन्टरनेटको पूर्ण सुविधा र मोवाइल एप्स सहितको सुचना केन्द्रको थप व्यवस्थापन र क्षेत्र बिस्तार गर्ने ● सवै वडाकार्यालयहरू बाट हुने सेवा प्रवाह विवरण तथा घट्ना दर्ता विवरणलाई सफ्टवयर र सूचना प्रणलीको माध्यम बाट कार्यपालिकाको केन्द्रमा नियमित प्रवाह र प्रविष्ट हुने व्यवस्था मिलउने ● पत्र पत्रिका , स्थानीय एफ.एम. रेडियो लगायतका सञ्चारका साधनको प्रभावकारी प्रयोजन गरी सूचना प्रभाह गर्ने ● त्रैमासिक रुपमा नगरपालिका विकास सूचाङ्कहरू प्रकाशन गर्ने ● विकास निर्माण र सेवा प्रवाहका कार्यको परिमाणात्मक उपलब्धिकालागि नियमित सहिक्षा, सार्बजनिक सुनुवाई, सार्वजनिक परिक्षण र सामाजिक परिक्षण नियमित र प्रविधिमैत्री बनाउने ● गुनासो सुन्ने र व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी पार्ने
३	**स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिकाः** संबिधानले निर्दिष्ट गरको क्षेत्राधिकार भित्र रहि आफ्नो कार्य जिम्मेवारी बमेजिम संघय तथा प्रदेश कानून सँग नबाझिने गरी स्थानीयन कानून निर्माण गरी कार्यान्वयन गर्ने	● बिधायन समितिलाई पूर्ण कृयाशिल बनाउने ● संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरको विषयगत क्षेत्रका बन्न बाँकी रहका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूची तयार पार्ने ● कानुन निर्माण तथा कार्यान्वयनका सम्बन्धमा जनप्रतिनिधिलाई तथा कार्यान्वयन सन्दर्भमा कर्मचारीलाई तालिमको उपलब्धता गराउने ● स्थानीय सरकोकारवाला सँग स्थानीय कानून निर्माण गर्ने सिलसिलामा पर्याप्त छलफल तथा परमर्श गरी सुझाव सङ्कलन गर्ने ● सूचि बमोजिमका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने ● स्थानीय कानूनहरूका बारेमा सवै सरोकारवालालाई सूचना तथा सञ्चारका माध्यम बाट जानारी गराउने
४	**जनशक्ति व्यवस्थापन** पालिकाको सांगठनिक संरचना बमोजिम आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहका कार्यमा थप प्रभावकारिता र गुणस्तरियतामा बृद्धि	● सांगठन संरचना बमोजिम नगर कार्यपालिका, विषयगत शाखा, अस्पताल, स्वास्थ्य चौकी वा केन्द्र तथा वडा कार्यालयका लागि आवश्यक दरबन्दी सृजना गर्ने ● विषयगत कार्यालय वा समायोजन बाट आएका कर्मचारिहरूलाई पूर्ण जिम्मेवारी प्रदान गर्ने ● आवश्यकताका आधारमा दरबन्दि बमोजिमका कर्मचारीहरूको प्रचलित कानून बमोजिम स्थायी, तथा करारमा पदपुर्ती गर्दै जाने ● बिगत देखिनै अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूलाई समेत

	गर्ने	नियमानुसार स्थायी गर्ने ● श्रोत व्यक्तिहरूको रोष्टर तयार गर्ने ● क्षमता विकास योजना तयार गरी जनप्रतिनिध लागयत कार्यपालिका तथा वडा कार्यलय समेतका सम्पूर्णका कर्मचारीहरूलाई आन्तरिक तथा बाह्य रुपमा समेत विषयगत तालिम तथा प्रशिक्षण मार्फत क्षमता विकास गर्ने ● नगरपालिकाका सवै वडा अध्यक्ष, विभाग वा शाखाका जिम्मेवार कर्मचरीहरूलाई जिम्मेवारीका आधारमा कम्प्यूटर, नेटवर्क लगायतका सेवा प्रवाहका साधन उपलब्ध गराई थप जिम्मेवार बनाएर सेवा प्रवाहका कार्यमा थप गति प्रदान गर्ने ● अनलाइन सेवा प्रवाह, डिजिटल नागरिक वडा पत्र, वेवसाइट सदुपयोग आदिजन्य अभ्यास बढाउने ● सकारात्मक दृष्टिकोण र व्यवहारका साथ सेवा प्रदान गर्ने

८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ८.३ मा समावेश गरिएको छ ।

८.१.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

- कम्तिमा आगामि २० बर्षका लागि नगरपालिका बाट प्रवाह हुने सेवा तथा प्रशासनिक कार्यको क्षमता धान्न सक्ने गरी विर्तामोड नगरपालिका नव निर्मित कार्यपालिका भवन सुविधा सम्पन्न हुनुको साथै आफ्नै कार्यालय भवन पर्याप्त र व्यवस्थित नभएका वडा नं. ३,४,५,७ र ८ का वडा कार्यालयका कार्यालय भवन समेत पर्याप्त हुने गरी निर्माण, पुननिर्माण, स्तरउन्नती समेत भई व्यवस्थित रुपमा सञ्चालनमा आएका हुनेछन्
- नगर कार्यपालिका तथा वडा कार्यालय को हाता भित्र जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीका सवारीका साधन पार्किङका लागि हाल रहेको पार्किङ स्थल व्यवस्थित हुनेछ
- संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रचलित ऐन कानून निर्दिष्ट गरेका कार्यक्षेत्रको व्यवस्थित कार्य सञ्चालन गर्न पालिकाको सांगठनिक संरचना अध्यावधिक र व्यवस्थित हुनुको साथै सोहि संरचना बमोजिमको कार्य विवरण समेत तयार/अध्यावधिक भई पूर्ण रुपले कृयाशिल भएको हुनेछ साथै संरचना बमोजिमका जनशक्ति व्यवस्थापनको कार्यले गति लिएको हुँनेछ ।
- पालिकाको सांगठनिक संरचना बमोजिम आगामी ५ वर्षभित्र आवश्यक न्यूनतम जनशक्ति ब्यवस्थापन भई बिकास निर्माण र सेवा प्रवाहका कार्यमा थप प्रभावकारिता र गुणस्तरियतामा बृद्धि भई सुशासनको प्रत्याभूति भएको हुनेछ ।
- आवश्यकता अनुसार सवै प्रकारका स्थानीय ऐन, नियम, कार्यविधि, निर्देशिका तयार भई पूर्ण रुपले कार्यान्वयनमा आएका हुनेछन ।
- सवै सेवा ग्राहिले पालिका बाट प्राप्त गर्नु पर्ने सेवा सर्वशुलभ, ब्यवस्थित, पारदर्शी, समयबद्ध र प्रभावकारी रुपमा प्राप्त गरेका हुनेछन्

८.१.५.२ नतिजा/सूचक

१. भौतिक पूर्वाधार निर्माण विकास

- नगरपालिकाको आफ्नै स्वमित्वमा रहेको ७ कठ्ठा जग्गामा नगर कार्यपालिका कार्यालय रहेकोमा थप सभाकक्ष (प्रविधियुक्त निर्माण)
- नयाँ निर्माण हुने तथा स्तरोन्नती हुने नगर कार्यपालिकाको कार्यलय भवन तथा वडा कार्यालय भवनहरू सेवा प्रवाहका लागि आवश्यक घेराबारा, शौचालय, खानेपानी, प्रतिक्षालय, फर्निचर, कम्प्यूटर तथा इन्टरनेट लगायतका सवै सेवा प्राप्त हुने गरी आगामी ५ वर्षभित्र व्यवस्थित भएका हुनेछन्

- हाल भएको प्रशासकीय भवन मा थप ५००० वर्ग फिटको अत्याधुनिक प्रविधियुक्त सभाकक्ष र थप कक्षहरु निर्माण भएको हुने
- वडा नं ३,४,५,७,८ र १० मा आफ्नै वडा कार्यालय भवन निर्माण भई कार्यालय संचालन भएको हुने ।

२. सेवा प्रवाह

- पालिकाको कार्य प्रवाह विवरण तत्कालै तयार भई कार्यान्वयनमा आएको हुनेछ
- सांगठनिक संरचना बमोजिम सबै शाखा, उपशाखा, इकाई तथा वडा कार्यालयहरू बाट सेवा ग्राहिले समय सिमा भित्र सेवा प्राप्त गर्ने कार्यको सुनिस्चित भएको हुनेछ
- शाखागत कार्य विवरणका आधारमा सम्बन्धित शाखामा काम गर्ने कर्मचारीहरूको सेवा प्रवाह कार्यमा गुणत्मक सुधार भएको हुनेछ
- पालिकाका सबै कर्मचारीहरूले सेवा प्रवाह, जिम्मेवारी र दायीत्वका विषयमा निरन्तर तालिम प्राप्त गरेका हुनेछन्
- पालिकाको बर्तमान web page निरन्तर अध्याविधिक तथा अपडेट हुने साथै मोवाइल एप्स सञ्चालनमा आउने र GIS प्रणालीको विकास र नेट ईन्टरनेटको पूर्ण ब्यवस्थापन भई सेवा प्रवाहका सबै अङ्ग सूचना प्रणली भित्र आवद्ध भएका हुनेछन
- पालिका क्षेत्रका सबै सरोकारवाला क्षेत्र, निकाय तथा अंगहरू समन्वयात्मक कार्य प्रणाली भित्र आवद्ध भई सेवा प्रभावमा प्रभावकारिता आएको हुनेछ

३. स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिकाः

- बिषयगत समितिहरू थप कृयाशल भएका हुनेछन्
- नगरपालिका स्तरीय बिधायन समिति थप कृयाशिल भएको हुनेछ
- नगरपालिकाका लागि आवश्यक आर्थिक ऐन, विनियोजना ऐन, सामाजिक सुरक्षा ऐन, शिक्षा ऐन लगायतका ऐन निर्माण वा अध्यावधिक भई पूर्ण रुपले कार्यान्वयनमा आएका हुनेछन
- योजना तर्जुमा तथा कार्यान्वयन कार्यविधि, राजश्व सङ्कलन तथा ब्यवस्थापन कार्यविधि, सामाजिक संघ संस्था कार्यविधि, बिपद ब्यवस्थापन कार्यविधि लगायतका आवश्यक सम्पूर्ण कार्यविधि तथा निर्देशिका तयार भई कार्यान्वयनमा आएका हुनेछन्

४ जनशक्ति व्यवस्थापन

- पालिकाको वर्तमान सांगठनिक संरचना तयार/अध्यावधिक भई कार्यान्वयनमा आई प्रस्तावित दरबन्दी ५ बर्ष भित्र पुरा भएको हुनेछ
- सांगठनिक संरचना बमोजिम सबै शाखा तथा वडा कार्यालयहरूको कार्य विवरण तयार भई कार्यान्वयनमा आएको हुनेछ
- शाखागत कार्य विवरणका आधारमा सम्बन्धित शाखामा काम गर्ने कर्मचारीहरूको जिम्मेवारी बमोजिमको कार्य विवरण कार्यान्वयनमा आएको हुनेछ
- यस आवधिक योजनाको मध्यावधि सम्ममा सांगठनिक संरचना बमोजिम प्राविधक तथा प्रशासनिक कर्मचारीहरू को योग्यता कम तथा सेवा सुविधा नेपाल सरकारले तोकेको अतिरिक्त थप सेवा सूविधा उपलब्ध गराई उत्प्रेरित जनशक्तिको वाहुल्यता हुनेछ ।

८.१.६ अनुमान तथा जोखिम पक्ष

प्रस्तावित सङ्गठन संरचना बमोजिमको दरबन्दी पुर भई सेवा प्रवाहमा बढोत्तरी भएको हुनेछ साथै स्थानीय ऐन कानून समेत निर्माण भई सुशासनको प्रत्याभूति भएको हुनेछ । स्थानीयबासिको सहयोग, सभ्फेदारी, जनशक्तिको दक्षता, श्रोत साधनको पर्याप्ता को सुनिस्चितता रहेको हुनेछ ।

८.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

क.सं	योजनाको समूहगत शिर्षक	सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत	योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी	योजना सञ्चालन व्यवस्थपनमा आईपर्न सक्ने पूर्वानुमान तथा जेखिम पक्ष
१	**संस्थागत विकास तथा सुशासन**	• नगर कार्यपालिकाको निर्णय पुस्तिका नगर • नगरसभाको निर्णय पुस्तिका • नगरपालिकको योजना पुस्तिका • संघीय तथा प्रदेश सरकारका अभिलेख • स्थलगत अवस्था • सामान्य प्रशासन शाखाको अभिलेख • वडा समितिको अभिलेख • सञ्चार श्रोत • नगरपालिकाको वएभसाईट	**१. प्रमुख जिम्मेवारी** • नगर कार्यपालिका • वडा समितिको कार्यालय • प्रमुख प्रशासकीय अधिकृत • सम्बन्धित शाखा • विषयगत समिति **२. सहयोगी** • संघीय तथा प्रदेश सरकार • विकास साझेदार • स्थानीय सरकोकारवाला व्यक्ति वा समुदाय • टोल विकास वा सामुदायिक संघ संस्था • निजी क्षेत्र	• विद्यमान नीति, ऐन, नियम तथा कानून • स्रोत र साधनको अभाव • यन्त्र उपकरणको आभाव • सहयोगी तथा साझेदार संघ संस्था • उपयुक्त प्रविधिको अभाव • निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव • दक्ष जनशक्तिको अभाव

तालिका नं. ८.१: कार्यक्रम तथा आयोजना विवरण खाका

उद्देश्य नं.	कार्यक्रम तथा आयोजना	एकाई	आधार बर्षको अवस्था	योजनाको कुल लक्ष्य	अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा)						प्रति एकाई लागत	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा			
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
१. संस्थागत विकास तथा सुशासन													
१	संस्थागत पूर्वाधार विकास				५६७१०	६८०५२	११३४२०	१४१७७५	१८७१४३	५६७१००		नगर सभा, नगर कार्यपालिका, सामान्य प्रशासन शाखा, संघीय तथा प्रदेश सरकार	८.१.४.३ को को रणनीति तथा कार्यक्रम स्तम्भमा सम्लग्न
	पूर्वाधार विकास र व्यवस्थापन साथै क्षमता विकास कार्यक्रम मार्फत नगरपालिकको राजनैतिक एवं प्रशासनिक नेत्रीत्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने	संख्या	क्षमता विकास योजना तर्जुमा गर्न बाँकि रहेको	क्षमता विकास योजना तयार गरी योजना अवधिमा ५० वटा कार्यक्रम सञ्चालन गर्ने									
२	संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरको विषयगत क्षेत्रका बन्न बाँकी रहेका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूची तयार पार्ने	संख्या	५५	थप ४५ वटा	७००	७००	७००	७००	७००	३५००			
३	सङ्गठन विकासका साथमा स्वीकृत दरबन्दी बमोजिम जनशक्ति व्यवस्थापन गर्ने	संख्या	२३८	२७१	६००	६००	६००	६००	६००	३०००			
३ र ४	विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउने	%	अनुमानित ७० प्रतिसत	१००	५५००	५५००	५५००	५५००	५५००	२७५००			

तालिका नं. ८.२ कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण खाका

उद्देश्य नं.	कार्यक्रम तथा आयोजनाको विवरण	स्थानीय दीर्घकालिन लक्ष्य/रणनीतिक स्तम्भ सङ्केत	दिगो विकास लक्ष्य सङ्केत	दिगो राष्ट्रिय लक्ष्य सङ्केत	प्रदेश समृद्धि सङ्केत	लैङ्गिक सङ्केत	जलबायु सङ्केत
१. संस्थागत विकास तथा सुशासन			१६	८	२.३		
१	नगरपालिकको राजनैतिक एवं प्रशासनिक नेत्रीत्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने	८.१.४.३		८	७		
२	संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरको विषयगत क्षेत्रका बन्न बाँकी रहका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूची तयार पार्ने	८.१.४.३		८	१		
३ र ४	विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउने	८.१.४.३		८	७		

तालिका नं. ८.३: नतिजा खाका

नतिजा तह	नतिजा	सूचक	एकाई	आधार बर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक बर्ष र कुल)						पुष्ट्याइका आधार	जोखिम पक्ष र अनुमान
					पहिलो बर्ष	दाश्रो बर्ष	तेश्रो बर्ष	चौथो बर्ष	पाँचौ बर्ष	जम्मा		
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
१. संस्थागत विकास तथा सुशासन												
प्रभाव	प्रशासनिक र सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यपालिका र वडाकार्यालयहरू भौतिक पूर्वाधार निर्माण विकास हुने	१	संख्या	११	३	२	२	२	२	११	नगर सभा, नगर कार्यपालिकाको निर्णय अभिलेख, सामान्य प्रशासन शाखा साथै सम्बन्धित शाखा, उपशाखा तथा इकाईहरू साथै स्थानीयबासी	नगर पालिकाको निर्णय र कार्यान्वयन क्षमतामा बढोत्तरी भएको हुनेछ साथै संस्थागत सम्यन्त्रले प्रभावकारी रुपमा कार्य गर्ने वातावरण विकास
	नगरपालिका बाट प्रवाह हुने सेवा सुशासनयुक्त, पारदर्शि,	२	%	करिव ७० प्रतिसत	७५	८५	९०	९५	१००	१००		

	मितव्यी र प्रभाकारी हुनुको साथै स्थानीबासिको सहज पहुँच स्थापित भएको हुने											भएको हुनेछ संघीयय तथा प्रदेश सरकार को साथ सहयोग दिगो भएको हुने
	स्थानी ऐन कानूनको निर्माण भई स्थानिय तहका काम कर्तव्य र अधिकारको पूर्ण र व्यवस्थित रुपमा कार्यान्वयन हुने	३	संख्या	५५	६०	७०	८०	९०	१००	१००		
	सङ्गठन संरचनाको विकास र सो बमोजिमको जनशक्ति व्यवस्थापन बाट सेवा प्रवाह र विकस निर्माणका कार्यमा प्रभावकारीता बढ्ने	४	संख्या	२३८	२४५	२५५	२६५	२७१	२७१	२७१		
असर	प्रशासनिक तथा सेवा केन्द्रहरू भौतिक पूर्वाधार युक्त बनाउने		संख्यू	पर्वाधार विकास खण्डमा समेत समावेश							कार्यपालिका, संघीय तथा प्रदेश सरकार साथै स्थानीय सरकोकारवाला	भूउपयोग योजना तथा नीत र वनजङ्गल संरक्षण योजना पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ
	सेवा प्रवाह तथा विकास निर्माण सुशासनयुक्त, पारदर्शि, मितव्यी र प्रभाकारी बनाउनु		%	करिव ७० प्रतिसत	७५	८५	९०	९५	१००	१००		
	बलियो सङ्गठन र दक्ष तथा सीपयुक्त जनशक्तिको परिपुर्ति गर्नु		संख्या	२३८	२४५	२५५	२६५	२७१	२७१	२७१		
प्रतिफल	नगर कार्यपालिका भवन, वडा कार्यालयहरू साथै अस्पताल र स्वास्य केन्द्र तथा चैकीहरू		संख्या	पर्वाधार विकास खण्डमा समावेश							सम्बन्धित उपभोक्ता समिति, नगर कार्यपालिका, योजना शाखा,	उपभोक्ता समिति, स्थानीबासीको सहभागिता र सहयोगमा अभिबृद्धि भएको

	न्यूनम रुपमा भौतिक पूर्वाधार युक्त भएका हुनेछन्										स्थानीय उपभोक्ता र व्यवसायीहरू	हुने साथै श्रोत र साधनको पर्याप्ताता र मूल्य स्थिर रहेको हुने
	नगरपालिकाका सवै निकाय तथा शाखा, उपशाखा र इकाई बाट प्रवाह हुने सेवा सुविधा सुशासनयुक्त, पारदर्शि, मितव्यी र प्रभाकारी भएका हुनेछन्		%	७०	७५	८५	९०	९५	१००	१००		
	दक्ष र क्षमतावान कर्मचारीको व्यवस्थापन बाट सङ्गठन बलियो र क्षमतावान भएको हुनेछ		संख्या	२३८	२४५	२५५	२६५	२७१	२७१	२७१		
प्रमुख कार्यक्रम	पूर्वाधार विकास र व्यवस्थापन साथै क्षमता विकास कार्यक्रम मार्फत नगरपालिकको राजनैतिक एवं प्रशासनिक नेत्रीत्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने			क्षमता विकास योजना तर्जुमा गर्न बाँकि रहेको	१०	१०	१०	१०	१०	५०	नगर कार्यपालिका वान तथा वातावरण संरक्षण शाखा, स्थानीय उपभोक्ता, प्रदेश तथा संघीय सरकार	भूउपयोग योजना अध्यावधिक भई कार्यान्वयनमा आएको हुनेछ
	संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरको विषयगत क्षेत्रका बन्न बाँकी रहेका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको स"ची तयार पार्ने		संख्या	५५	६०	७०	८०	९०	१००	१००		

	सङ्गठन विकासका साथमा स्वीकृत दरबन्दी बमोजिम जनशक्ति व्यवस्थापन गर्ने		संख्या	२३८	२४५	२५५	२६५	२७१	२७१	२७१		
	विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउने		%	७०	७५	८५	९०	९५	१००	१००		

परिच्छेद ९ (नौ)
कार्यान्वयन व्यवस्था

९.१ पृष्ठभूमि

समृद्धिको मार्ग योजनाबद्ध विकासको प्रारम्भ बाट थालनी हुन्छ । विश्वका विकसित र विकाससील मुलुकहरूको वर्तमान उपलब्धी योजनाबद्ध विकस क्रमले सार्थक बनाएको अवस्था हो । नेपालको हकमा संघीय तहमा योजनाबद्ध विकासको प्रयास थालिएको करिव ६५ बर्ष व्यतित भैसकेको अवस्था छ । संघीयताको सुरुवात सँगै स्थापित भएको प्रदेश सरकारहरूले समेत आ-आफ्ना आवधिक योजना तयार पारी योजनाबद्ध विकासको प्रयासको प्ररम्भ गरिसकेका छन् । विगतमा जिल्ला विकास समितिहरूले आवधिक योजना तयार गरी आफ्ना विकस अभियानहरू सञ्चालन व्यवस्थापन गदै आएका थिए । नेपालमा बहुदलिय प्रजातन्त्रको पुनरस्थापन भए पछि विगतका केहि स्थानीय निकायहरू आवधिक योजना तयार गर्ने प्रयास गरेको, केहिले तयार गरेके भएता पनि उक्त दस्तावेजहरू एकातिर वार्षिक योजना तथा कार्यक्रम अर्कातिर हुने गरेको थियो । संघीयताको कार्यान्वयन सँगै स्थानीय सरकारको हैसियतमा स्थापित भएका स्थानीय तहहरू मध्ये केहिले आवधिक योजना निर्माण गरी योजनाबद्ध विकासको प्रयास गरिएको भएता पनि योजना छनौट र कार्यान्वयनको परम्परागत शैली र व्यवहारलाई परिवर्तन गर्न नसकेका कारण उक्त दस्तावेजहरू समेत निरर्थक रहन पुगेको तितो यथार्थ हामि माझ रहेको छ । वर्तमान अवस्थामा संघीय तथा प्रदेश सकारहरूले समग्र विकास योजना र स्रोत व्यवस्थापलाई योजनाबद्ध विकासको प्रारुप, प्रारम्भ र परिणाम सँग जोडिदिएका कारण स्थानीयतहहरू योजनाबद्ध विकासकालागि आवधिक योजना तर्जुमा मार्फत अघि बढ्ने प्रयत्न गरिरहेका छ । यहि प्रयत्न विर्तामोड नगरपालिकाले समेत गरेको छ । विर्तामोड नगरपालिकाल चालु आ.व सम्म आईपुग्दा बार्षिक योजनाको निर्माण गर्ने र सोहि योजना मार्फत आफ्ना विकास अभियानगत नीति तथा कार्यक्रमहरूलाई सञ्चालन व्यवस्थापन गर्दै आएको छ । यस पालिकामा समेत प्रत्येक वर्ष बार्षिक योजना निर्माण गर्ने र सोहि बमोजिम बहुबर्षिय योजनाहरू समेत सञ्चाल गर्दैजाने प्रचलन स्थापित रहेको छ ।

स्थानीय तहको योजना प्रणालीलाई संघीयताको मूल मर्म र भावना बमोजिम स्थापित राजनीतिक परिवर्तन सापेक्ष यथार्थपरक र नतिजामुखी बनाउन नतिजा खाकाको अवधारणालाई आत्मसात गरी मध्यकालिन खर्च संरचना र वार्षिक विकास कार्यक्रमलाई अवद्ध गर्दै लाने प्रयास स्वरुप स्थानीय योजना तर्जुमा दिग्दर्शन तयार गरी कार्यान्वयनमा आएको अवस्था छ । स्थानीय तहको योजना प्रकृयालाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन नतिजा खाकाको प्रयोग र स्थानीय आयोजना बैंक तयार गर्ने कार्यको प्रारम्भ गरिएको छ ।

विर्तामोड नगरपालिकाको प्रथम आवधिक विकास योजनाले संघीयताको मूल र्मम र भावना बमोजिम यस पालिकाको आर्थिक बृद्धि, उत्पादनशील रोजगारी सिर्जना र विकासका प्रतिफल र अवसरहरूमा स्थानीयबासिहरूको समतामूलक पहुँच स्थापित गर्दै **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय सोच र समाजबाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने कार्यमा आफ्नो योगदानलाई गणनायोग्य बनाउने प्रयास गरेको छ । यस प्रथम आवधिक योजनाले यस पालिकामा एकीकृत योजना प्रणालीको विकास **"उद्योग, ब्यापार,स्वास्थ्य, शिक्षा, कृषि, र रोजगारको अभिवृद्धि, विर्तामोड नगरको, विकास र सुशासन सहितको समृद्धि" दीर्घकालिन सोच साथै "मानव विकासका तिन वटै सुचाङ्कमा वृद्धि गर्दै आगमी २० वर्षमा विर्तिमोड नगरपालिका नेपालको मानव विकास सुचकांकमा शिर्ष पाँच स्थानमा रहेको नगरपालिका हुनेछ" लक्ष्य** र उद्देश्य हाँसिल गर्ने गरी विर्तामोड नगरपालिकालाई मार्गनिर्देश गर्नेछ । स्थानीयबासिको माग, स्थानीय स्तरका आवश्यकताका आधारमा योजना तथा आयोजना पहिचान, नतिजामूलक प्रणालीका आधारमा योजना तर्जुमा, आनुगमन तथा मूल्याङ्कन प्रणालीको संस्थागत विकास र सुद्रिढिकरणकासाथ स्थानीयबासिको जीवनस्तर माथि उठाउँदै आफ्ना विकास अभियानहरूलाई समय सिमा सहितको योजनाबद्ध विकासको माध्यम बाट अघि बढाउने र समृद्धि निर्माणमा सवै सरोकारवालाको सहभागिता र अपनत्व स्थापित गर्न यो योजना केन्द्रित रहेको छ ।

९.२ संस्थागत व्यवस्था तथा मानव संशोधन योजना

वितामोड नगरपालिकाले आवधिक योजनाको सफलता संस्थागत व्यवस्था र मानवीय जनशक्तिमा निर्भर रहने कुरालाई आत्मसात गरेको छ । कुनै पनि योजना तथा आयोजनाको सफल व्यवस्थापन तथा कार्यन्वयन सरल, मितव्ययी, पारदर्शीर र क्षमतावान संस्थागत व्यवस्था र मानव संसधानको योग्यता, दक्षता, क्षमता र अवस्थामा निर्भर रहन्छ । यस पालिकाले प्रथम आवधिक योजनाले निर्धारण गरेके विकाय लक्ष्य पुरा गर्ने उद्देश्यका साथ आफ्नो सङ्गठन संरचना निर्माण र जनशक्ति प्रक्षेपणको कार्य सम्पन्न गरेको छ ।

९.२.१ संस्थागत व्यवस्था

स्थानीय सरकारको हैसियतमा यस पालिकाले निर्वाहा गर्नु जिम्मेवारी संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिम जन निर्वाचित प्रतिनिधिहरू बाट नेत्रीत्व प्रदान गर्ने व्यवस्था रहेको छ । यस पालिकाको कार्यजिम्मेवारी सम्पादन गर्न समग्र विकस निर्माण, सेवा प्रवाह र प्रशासनिक कार्यकालागि कार्यपालिका कार्यालय रहेको छ भने सेवा इकाईका रुपमा १० वटा वडामा विभक्त गरी वडागत रुपमा वडा समितिका कार्यालयहरू रहेका छन् । नगर सभा यस पालिकाको सर्वोच्च निकाय रहेकोछ भने दैनिक कार्य व्यवस्थापन, नीति निर्णयको कार्यान्वयन र व्यवस्थापनको जिम्मेवारी नगर कार्यपालिका ले गर्नेछ । यस पालिकाका आवधिक तथा बार्षिक नीति, कार्यक्रम तथा बजेट साथै आवश्यक स्थानीय ऐन हरूको निर्माण नगर सभाले गर्नेछ । नगर सभाले पारित गरेका नीति, योजना तथा कार्यक्रम साथै ऐनहरूको सफल कार्यान्वयनको वातावरण तयार गर्ने साथै उक्त ऐनहरूको कुसल संयोजना र व्यवस्थापनकालागि आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड सहितका आधार तयार गर्ने कार्य कार्यपालिकाले गर्नेछ । नगर सभा तथा कार्यपालिकाले गर्ने कार्यहरूलाई सहज बनाउन लेखा, विधायन, सुशासन जस्ता समितिको व्यवस्था नगर सभाले गर्ने छ भने कार्यपालिकाले गर्ने कार्यमा सहजिकरण गर्न, तल्लो तह बाटै संयोजना र व्यवस्थपन गरी कार्यपालिकाको तह सम्म पुऱ्याउन सहयोगीको भूमिका निर्वाह गर्ने कार्यकालागि आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातारण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकस समितिहरू नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम नगर प्रमुखको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा बजेट, नीति तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, योजना अनुगमन तथा सुपेरिवक्षण समिति, उपभोक्ता हित संरक्षण समिति जस्ता समितिहरू रहने छन भने निर्धारित सिमा रेखा भित्र बसेर प्राप्त अधिकारका आधारमा सिङ्गो नगरपालिका भित्रका केहि महत्वपूर्ण न्याय सम्पादनको कार्यका लागि समेत उपप्रमुखको सम्योजकत्वमा न्यायीक समिति कृयाशिल रहने व्यवस्था छ ।

यस पालिकाले आफ्ना विकास निर्माण, सेवा प्रवाह साथै दैनिक प्रशासन सञ्चालन व्यवस्थापन तथा कार्यान्वयनकालागि प्रमुख प्रशासकीय अधिकृतको मातहत रहने गरी कुल १० वटा शाखा तथा तीनको मातहत रहने गरी १९ वटा उपशाखा, ८ वटा इकाई र ३ वटा केन्द्र प्रस्ताव भएका छन् भने १० वटा वडा समितिका कार्यालयहरू र स्वास्थ्य चौकी र आधारभूत शहरी स्वास्थ्य केन्द्रहरू गरी १० वटा रहने व्यवस्था गरिएको छ । नगर कार्यपालिकाको दैनिक प्रशासन सञ्चालन व्यवस्थापनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत मातहत रहने व्यवस्था गरिएको छ भने वडा समितिको दैनिक प्रशासनिक कार्य वडा सचिवले गर्ने व्यवस्था रहेको छ । आवधिक योजनाले प्रस्ताव गरेको योजनाहरूमा आधारित भई बजेट सिमा भित्र रहेर विषयगत योजनाहरूको प्रारम्भिक प्रस्ताव वडा समिति बाट प्राप्त हुने, वडा बाट प्राप्त प्रस्तावहरू, नगरपालिका स्तरीय योजनाहरू साथै संघ प्रदेश र विकास साझेदारहरू सँग प्रस्ताव गरिने योजनाहरूका हकमा सम्बन्धित शाखा मार्फत प्रस्ताव भई बजेट सिमा भत्रि रहेर कार्यान्वनमा लैजाने गरी विषयगत समितिमा छलफल हुने, विषयग समिति बाट छलफल भई प्रस्ताव भएका योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरू योजना तर्जुमा समितिमा छलफल तथा निर्णय भई कार्यपालिकामा पेश गरिनेछ । कार्यपालिकाको प्रारम्भिक सहमति सिफारिस बमोजिम यसरी तयार भएका विषयगत योजनाहरू नगर सभामा पेश हुने र नगर सभा बाट बजेट विनियोजन सहित स्वीकृत भएका योजनाहरू पारित नीति निर्णय बमोजिम वडा तथा पालिका स्तर बाट नियमानुसार कार्य सम्पन्न गर्ने गरी कार्यान्वयनमा जानेछन् ।

नगर सभा बाट स्वीकृत भएका योजनाहरूमा हुने खर्चको अख्तियारी नगर प्रमुखले नगर सभा सम्पन्न भएको मितिले ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतलाई दिनु हुनेछ भने प्रमुख प्रशासकीय अधिकृतले खरिद योजान निर्माण गरी प्रचिलित संघीय, प्रादेशिक तथा नगरपालिकाले पारित गरेको ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड समेतका आधारमा आफु मातहतका शाखा, उपशाखा तथा इकाई मार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । संबिधान तथा अन्य प्रचलित ऐन कानून मार्फत प्रप्त अधिकारहरूको सफल कार्यान्वयनकालागि नगरसभाबाट स्वीकृत नगरपालिकाको कार्यविभाजन नियमावली तथा कार्यसम्पादन नियमावलीले निर्देशन गरेअनुसारको सङ्गठन संरचना तयार गरिएको छ ।

९.२.२ मानव संशाधन योजना

विर्तामोड नगरपालिकाको तत्कालिन सङ्गठन संरचना अनुसार मौजूदा अवस्था अध्ययन गर्दा यस नपामा १८ शाखा, १ उपशाखा, २ एकाई, १ सचिवालय र १ केन्द्र र स्वास्थ्य संस्था/स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र रहेको पाईन्छ भने १० वटा वडा समितिका कार्यालयरू रहेका छन् । यस नगरपालिकामा अधिकृति स्तर दशौँ तहको १ जना, नवौँ मा १ जना, आठौँ तहमा ४ जना, सातौँ तहमा २ जना र छैठौँ तहमा २३ जना गरी जम्मा ३१ जना, सहायक स्तर पाँचौंमा ३४ जना, सहायक स्तर चौथोमा ३९ जना, सहायक स्तर तेश्रोमा ३८ जना र श्रेणी विहिन ९६ जना गरी कुल २३८ जना कर्मचारी (जसमध्ये १६४ जना करारमा कार्यरत रहेको देखिन्छ) बाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरू सम्पादन तथा व्यवस्थापन हुँदै आएको अवस्था छ ।

संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन सहितका प्रचलित ऐन कानून र स्थानीय आवश्यकता बमोजिमका यस पालिकाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन पर्याप्त नरहेको र कार्यबोझ समेतलाई आधार मान्दा वर्तमान दरबन्दी संरचना पर्याप्त नरहेकोले सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणमार्फत् नयाँ सङ्गठन संरचना तथा दरबन्दी सुनिस्चित गरिएको छ । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ का आधारमा नगरपालिकाको कार्य प्रकृतिलाई दृष्टिगत गर्दा नगर कार्यपालिका तर्फ प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा, योजना तथा अनुगमन शाखा, भूमि व्यवस्था शाखा, आर्थिक प्रशासन शाखा, शिक्षा तथा सामाजिक विकास शाखा, शहरी तथा पूर्वाधार विकास शाखा, सरसफाई वातावरण तथा विपद् व्यवस्थपन शाखा, आर्थिक विकास शाखा, जनस्वास्थ्य शाखा र आन्तरिक लेखा परिक्षण शाखा गरी कुल १० वटा शाखा तथा तीनको मातहत रहने गरी १९ वटा उपशाखा, ८ वटा इकाई र ३ वटा केन्द्र प्रस्ताव भएका छन् भने १० वटा वडा समितिका कार्यालयहरू र स्वास्थ्य चौकी र आधारभूत शहरी स्वास्थ्य केन्द्रहरू गरी १० वटा रहने व्यवस्था गरिएको छ । नगरपालिकालाई प्राप्त अधिकारका आधारमा तयार गरिएको आवधिक योजनाले निर्दिष्ट गरेका विषयगत तथा क्षेत्रगत लक्ष्य प्राप्त गर्न आवश्यक जनशक्ति व्यवस्थापनको तयारी स्वरुप सोहि सर्वेक्षणमा जनशक्तिको प्रस्ताव तयार गरिएको छ । सङ्गठन संरचनामा आधारित जनशक्ति प्रक्षेपण र प्रस्तावित सङ्गठन भित्र समेटिएका शाखा, उपहाखा तथा इकाइ साथै कर्मचारीहरूको कार्यविवरण समेत तयार पारेको अवस्था छ । प्रस्तावित सङ्गठन संरचना बमोजिम प्रमुख प्रशासकीय अधिकृत सहित अधिकृत स्तर वा सो सरहका २९ जना, सहायक स्तर पाँचौ वा सो सरहका ६७ जना, सहायक स्तर चौथो वा सो सरहका ८४ जना, सहायक चेश्रो १ जना साथै कार्यालय सहयोगी, नगर प्रहरी, सफाईकामदार, वारुणयन्त्र, सवारी चालक समेतका गरी ९० जना समेत गरी कुल २७१ जना कर्मचारीको आवश्यकता प्रस्ताव गरिएको छ । यो प्रस्ताव वर्तमानमा कार्यरत कर्मचारी सङ्ख्या भन्दा ३३ जना (१३.८६ प्रतिसत) ले बढी रहेको छ । विद्यमानमा कार्यरत जनशक्ति तथा थप भई आउने जनशक्तिको लागि क्षमता विकास योजना मार्फत कार्य सम्पादन क्षमतामा बढोत्तरी गरिने छ । प्रस्तावित दरबन्दी बमोजिमका आवश्यक पदहरूको पदपूर्तिकालागि आवधिक योजनाको प्रथम बर्षबाटै सुरुवात गरिने छ । प्रथम बर्ष भित्र प्रस्ताव भए बमोजिम दरबन्दी स्वीकृति, क्षमता विकास योजना तर्जुमा, अति आवश्यक पदमा पदपूर्तिकालागि प्रदेश लोकसेवा आयोगमा प्रस्ताव र क्षमता विकास योजना बमोजिमका जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छन् । प्रस्तावित जनशक्ति नगरपालिकाको वित्तीय स्रोत समेतलाई आधार मानि ३ बर्ष भित्र पुरा गरिनेछ भने क्षमता विकास योजना तर्जुमा र दरबन्दी स्वीकृतिको कार्य प्रथम वर्ष भित्रै सम्पन्न गरिनेछ । आवधिक नगरपालिका विकास योजनाले स्वीकार गरेको तमाम विकास निर्माण र सेवा प्रवाह सँग सम्बन्धित योजनाहरूको सफल र समयबद्ध कार्यान्वयन बाट स्थापित लक्ष्य तथा उद्देश्य पुरा गर्न नगरपालिकाको क्षमता विकास एक अनिवार्य सर्तको रुपमा रहेको साथै सो क्षमता बमोजिम मानव संशाधनाको कार्य सम्पादन कुसलता थप प्रभावकारी हुनु पर्ने भए

बमोजिम क्षमता विकास योजना बमोजिमका कार्यहरू निरन्तर सञ्चालन व्यवस्थपन हुनेछन् । वर्तमानमा कार्यरत साथै प्रस्तावित जनशक्ति वा मानव संशासनको खाका अनुसूचि ८ मा उल्लेख गरिएको छ ।

तालिका नं.९.१ मानव संशाधनको आवश्यकता पहिचान र प्रक्षेपण

अधिकृत दशौं	अधिकृत नवौं	अधिकृत आठौं	अधिकृत सातौं	अधिकृत छैटौं	सहायक पाँचौं	सहायक चौथो	सहायक तेश्रो	श्रेणी विहिन	जम्मा
१	१	१	८	१८	६७	८४	१	९०	२७१

श्रोत: विर्तामोड नगरपालिका, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०७८

चित्र नं. ९.१ प्रस्तावित जनशक्तिको तहगत विवरण, २०७८



तालिका नं.९.२ मानव संशाधन विकास योजना

क.सं.	कार्यक्रम तथा कार्ययोजना	योजना अवधि बर्ष				
		प्रथम	दाश्रो	तेश्रो	चौथो	पाँचौ
१	जनशक्ति क्षमता विकास योजना तर्जुमा					
२	प्रस्तावित जनशक्तिको दरवन्दी स्वीकृति					
३	प्रस्तावित जनशक्तिको पदपूर्तिकालागि लोकसेवा आयोगमा प्रस्ताव					
४	प्रस्तावित जनशक्तिको पदपूर्ति					
५	क्षमता विकास योजना सञ्चालन व्यवस्थापन					

९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

आवधिक योजना तर्जुमाको सिलसिलामा टोल बस्ती हुँदै वडा तथा नगरपालिका स्तरको विषयगत समिति तथा सरोकारवाला सँगको छलफल अन्तरकृया मार्फत पहिचान भएका चालु खर्च बाहेकका योजनाहरूको कुल लागत रु १३ अरव ८० करोड २७ लाख देखिएको छ । उल्लेखित योजनाहरू लाई प्राथमिकता निर्धारण गरी अध्ययन गर्दा प्राथमिकता नं.

P1 मा रु ११ अरव ६१ करोड ५१ लाख, प्राथमिकता नं. P2 अन्तरगत १ अरव ७७ करोड ९६ लाख र प्राथमिकता नं. P3 अन्तरगत ४० करोड ५५ लाख लाग्ने अवस्था छ । यस पालिकाको वर्तमान सिमित स्रोत र साधनका अधारमा योजना वैंकमा आएका यी तमाम योजनाहरू यस प्रथम आवधिक योजना अवधि भित्रै कार्यान्वयनमा लैजना असम्भव प्राय छ । तसर्थ यस प्रथम आवधिक योजना अवधिमा सकेसम्म प्राथमिकता P1 मा उल्लेख भएका योजनाहरूलाई कार्यान्वयनमा लैजाने र दीघकालिन सोच र लक्ष्यका आधारमा प्रस्तावित बाँकि योजनाहरू दोश्रो, तेश्रो र चौथो आवधिक योजनामा प्राथमिकताका साथ समावेश गर्दै लगिने छ । अनुमानित लगानी प्रक्षेपणका आधारमा विर्तामोड नगरपालिकाले यस आवधिक योजना अवधिकालागि (मूल्य स्थिरताका आधारमा लगानी साझेदारीलाई आधार मान्दा) **रु ३ अरव २७ करोड ३८ लाख** बराबरको लगानी सुनिस्चितता गर्नु पर्ने छ भने थप व्यवस्थपनकालागि संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार र स्थानीय सरकोकरवाला सँग साझेदारीताकालागि थप समन्वय र प्रयास अनिवार्य देखिएको छ । यस सम्बन्धी विवरण अनुसूचि ९ (ख) मा उल्लेख गरिएको छ

तालिका नं. ९.३ : चालु खर्च बाहेकका प्रस्तावित योजनाहरूको प्राथमिकता बमोजिमको लागत अनुमान

क.सं.	लगानीको विषय क्षेत्र	प्राथमिकताका आधारमा लगानी रु लाखमा			
		जम्मा रु लाखमा	p1	P2	P3
१	आर्थिक विकास	२१११९.०	१५८३५.०	५०८४.०	२००.०
२	सामाजिक विकास	२५८१२.०	१८९८०.०	४९७७.०	१८५५.०
३	पूर्वाधार विकास	७२७९०.०	६७१८५.०	४९०५.०	७००.०
४	वातावरण विकास	११८००.०	७६७०.०	२८३०.०	१३००.०
५	संस्थागत विकास	६५०६.०	६४८१.०	०.०	०.०
जम्मा		१३८०२७.०	११६१५१.०	१७७९६.०	४०५५.०

चित्र नं.९.२ प्राथमिकता P1 मा परेका योजनाहरूको विषयगत आधारमा अनुमानित लगानीको संरचना



तालिका नं. ९.४ : चालु खर्च बाहेकका प्रस्तावित योजनाहरूको प्राथमिकता P1 बमोजिमको लागत साझेदारी

क.सं.	लगानीको विषय क्षेत्र	जम्म	लगानी तथा लगानी साझेदारी पि १ (रु लाखमा)			
			न.पा.	संघ	प्रदेश	अन्य
१	आर्थिक विकास	१५८३५.०	३६५०.०	६१४२.५	२८८४.५	३१५८.०
२	सामाजिक विकास	१८९८०.०	३७७९.५	११३०७.५	२१७९.५	१७१३.५
३	पूर्वाधार विकास	६७१८५.०	२२२६३.२	२८४७१.४	९०८९.७	७३६०.८
४	वातावरण विकास	७६७०.०	११४२.०	४६३१.०	११४६.०	७१६.०
५	संस्थागत विकास	६४८१.०	१९०३.६	२५२६.४	१३२०.०	७३१.१
जम्मा		११६१५१.०	३२७३८.२	५३०७८.८	१६६१९.६	१३६७९.४
लागत साझेदारी प्रतिसत			**२८.१९**	**४५.७०**	**१४.३१**	**११.७८**

तालिका नं.९.५ आवधिक योजना अवधिका लागि P1 का योजनाहरूको बार्षिक लगानीको अनुमानित मात्रा (रु लाखमा)

क.सं	षियगत शिर्क्षक	आवधिक योजना अवधिको बार्षिक लगानीको अनुमानित मात्रा (रु लाखमा)						%
		०७९/८०	०८०/८१	०८१/८२	०८२/८३	०८३/८४	जम्मा	
१	आर्थिक बिकास	२०३२.५	२६१२.३	३१६७.०	३७४६.८	४२७६.५	१५८३५.०	१०.३५
२	सामाजिक बिकास	१८११.०	३२२५.३	४१२३.०	५५३७.३	४२८३.५	१८९८०.०	१२.४०
३	पूर्वाधार विकास	४९३६.०	६२८५.९	१०१६२.३	१७३४८.९	२८४५१.९	६७१८५.०	४३.९०
४	वातावरण बिकास	६७८.८	६०७.५	६९३.७	८७५.५	४८१४.५	७६७०.०	५.०१
५	संस्थागत विकास	७२९.१	८४२.५	१२९६.२	१५७९.८	२०३३.४	६४८१.०	४.२३
१ देखि ५ सम्मको जम्मा		**१०१८७.४**	**१३५७३.४**	**१९४४२.२**	**२९०८८.२**	**४३८५९.८**	**११६१५१.०**	**७५.८९**
६	**चालु खर्च**	**७०२०.०**	**७१९५.५**	**७३७५.४**	**७५५९.८**	**७७४८.८**	**३६८९९.४**	**२४.११**
कुल जम्मा		**१७२०७.४**	**२०७६८.९**	**२६८१७.५**	**३६६४७.९**	**५१६०८.६**	**१५३०५०.४**	**१००.०**
औषत बृद्धि दर			**२०.७**	**२९.१**	**३६.७**	**४०.८**		

चित्र नं.९.३ योजना अवधिकालागि P1 कालागि वार्षिक आवश्यक लगानी प्रक्षेपण



९.४ स्रोत अनुमान तथा प्रक्षेपण

कुनै पनि योजना तथा आयोजनाको सफल कार्यान्वयनकालागि स्रोतको सुनिस्चितता एक अनिवार्य र अपरिहार्य शर्त हो । विर्तामोड नगरपालिकाले संबिधान प्रदत्त अधिकारको प्रयोग गरेको पनि करिव ५ बर्ष व्यतित हुन लागेको छ । संबिधान तथा प्रचलित ऐन कानून बमोजिम आन्तरिक आयको क्षेत्राधिकार भित्र रहेर आफ्नो पालिका भित्र लगाउन सकिने सम्पति कर, व्यापार व्यवसाय कर, बहाल बिटौरी कर तथा शुल्क जस्ता महत्वपूर्ण क्षेत्रलाई करको दायरा भित्र जति समेटिनु पर्ने थियो त्यस्तो हुन सकेको छैन । तसर्थ यस पालिकाले राजश्व सुधार योजानका आधारमा प्रगतिशिल कर प्रणालीको अवलम्बन गरी करका दायरा विस्तार गर्न अनिवार्य छ । विर्तामोड नगरपालिकाले आ.व. २०७७/७८ मा आन्तरिक तर्फ ११ करोड ९७ लाख ६८ हजार ८४०.६१ आम्दानी गरेकोमा आ.व. २०७८/७९ कालागि रु १७ करोड ४७ लाख ७६ हजार आय हुने अनुमान गरेको मा चालु आ.व. को जेष्ठ मसान्त सम्ममा १० करोड ०८ लाख ५६ हजार ६६८ को हाराहारीमा (कुल अनुमानको ५७.७१ प्रतिसत) प्राप्त भएको देखिन्छ । आर्थिक बर्षको अन्त्यमा मात्र कर बुझाउने स्थानीय परम्परा बमोजिम आन्तरिक आयको लक्ष्य करिव ८५ प्रतिसत भन्दा माथि पुग्ने लेखा तथा राजश्व शाखाको भनाई रहेको छ । चालु आ.व. को यो अनुमान गत आ.व.को भन्दा करिव ४५.९१ प्रतिसतले बढी देखिन्छ भने आ.व. २०७७/७८ को प्राप्तिका आधारमा भन्ने हो भने ८४.२१ प्रतिसत सफलता प्राप्त भएको अवस्था छ । यस पालिकाले आन्तरिक आयको प्रमुख स्रोतको रुपमा रहेको सम्पति कर, भूमिकर, घर बहाल कर लगायतका करका क्षेत्राधिकारहरूलाई फराकिलो बनाउने अपेक्षाका साथ यस आवधिक योजना को प्रथम बर्षमा वर्तमान आन्तरिक आयको कर राजश्व तर्फ ५० प्रतिसत बृद्धि गर्न सकिने र गैर कर राजश्व तर्फ २० प्रतिसतले बृद्धि हुन सक्ने अनुमान गरिएको छ । यसै गरी दाश्रो बर्ष क्रमस ४० र १५ प्रतिसत, तेश्रो बर्ष ३० र १० प्रतिसत तथा सो पछिका बर्षहरूमा स्थिर बृद्धि हुने अनुमान गरिएको छ । यसका अतिरिक्त संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा विशेष सहयोग चालु आ.व.को तुलनामा प्रत्येक बर्ष १० प्रतिसतका दरले बृद्धि भई प्राप्त हुने अनुमान गरिएको छ भने यस पालिकाले आफुले सम्पादन गर्नु पर्ने विकास निर्माण र सेवा प्रवाहका कार्यलाई प्रभावकारी र नतिजामूखी रुपमा सम्पन्न गर्न सके संघीय तथा प्रदेश सरकार बाट थप सहयोग प्राप्त हुने साथै स्थानीय उपभोक्ता, निजी क्षेत्र साथै गैर सरकारी संघ संस्थाको समेत सार्थक सहभागिता हुने अपेक्षका साथ आवधिक योजनाको प्रथम बर्ष ९.६२ प्रतिसत बृद्धि हुने साथै त्यस पछिका बर्षहरूमा क्रमस १३.४५, १२.६४, १३.०४ र १३.५० प्रतिसत बृद्धि हुँदै जाने अनुमान गरिएको छ । यस नगरपालिकाले आवधिक योजनाको अन्तिम बर्ष पुग्दा कुल बार्षिक आय रु २ अरव ५५ करोड ८४ लाख ७० हजारको हाराहारी पुग्ने छ भने आवधिक योजना अवधिको कुल आय रु १० अरव १३ करोड ७७ लाख ४६ हजार को हाराहारी पुग्ने अपेक्षा गरिएको छ । आन्तरिक आय, वाह्य आय तथा योजना अवधिको कुल आय प्रक्षेणण अनुसूति ७ मा उल्लेख गरिएको छ ।

चित्र नं. ९.४ आवधिक योजना अवधिको आय प्रक्षेपण (रु हजारमा)



तालिका नं.९.६ संभाव्य स्रोतको अनुमान तथा प्रक्षेपण

संभाव्य स्रोतको अनुमान तथा प्रक्षेपण									
क.सं.	बजेटका स्रोतहरू	आ.व. २०७७/७८ को यथार्थ (रु.)	चालु आ.व. २०७८/७९ को अनुमान (रु.)	आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु. हजारमा)					५ वर्षको जम्मा
				पहिलो आ.व.	दोश्रो आ.व.	तेश्रो आ.व.	चौथो आ.व.	पाँचौ आ.व.	
१	**आन्तरिक आय**	**११९७६८८४०.६**	**१७४७६००००.०**	**२४३०४२.०**	**३२११६०.८**	**३९९९३८.९**	**५००५९३.४**	**६२९५११.५**	**२०९४२४६.५**
	क. कर राजस्व	८७७७९२९८.८	१११११००००.०	१६६६५०.०	२३३३१०.०	३०३३०३.०	३९४२९३.९	५१२५८२.१	१६१०१३९.०
	ख. गैर कर राजस्व	३१९८९५४१.८	६३६६००००.०	७६३९२.०	८७८५०.८	९६६३५.९	१०६२९९.५	११६९२९.४	४८४१०७.६
२	**राजस्व बाँडफाँट**	**२१६३३१०००.०**	**२२६२५७०००.०**	**२४८८८२.७**	**२७३७७१.०**	**३०११४८.१**	**३३१२६२.९**	**३६४३८९.२**	**१५१९४५३.८**
	क. नेपाल सरकार	११०१७००००.०	११०९४६०००.०	१२२०४०.६	१३४२४४.७	१४७६६९.१	१६२४३६.०	१७८६७९.६	७४५०७०.१
	ख. प्रदेश सरकार	१०६१६१०००.०	११७११०००.०	१२८८२.१	१४१७०.३	१५५८७.३	१७१४६.१	१८८६०.७	७८६४६.५
	ग. स्थानीय तह	०.०	१०३६००००००.०	११३९६०.०	१२५३५६.०	१३७८९१.६	१५१६८०.८	१६६८४८.८	६९५७३७.२
३	**रोयल्टी बाँडफाँट**								
	क. वन रोयल्टी								
	ख. खानी रोयल्टी								
	ग. विद्युत्रोयल्टी								
	घ. पर्वतारोहण रोयल्टी								
	ङ पानी तथा अन्य रोयल्टी								
४	**नेपाल सरकारबाट प्राप्त हुनेअनुदान**	**९४४९४००००.०**	**९६१४०५०००.०**	**१०१४३०५.५**	**१११५७३६.१**	**१२२७३०९.७**	**१३५००४०.६**	**१४८५०४४.७**	**६१९२४३६.५**
	वित्तीय समानिकरण	२०४७००००००.०	२२४९००००००.०	२४७३९०.०	२७२१२९.०	२९९३४१.९	३२९२७६.१	३६२२०३.७	१५१०३४०.७
	शसर्त अनुदान (चालु)	६६६२६३०००.०	३३६९०५०००.०	३७०५९५.५	४०७६५५.१	४४८४२०.६	४९३२६२.६	५४२५८८.९	२२६२५२२.६
	समपुरक अनुदान (चालु)	४३९७७०००.०	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०
	सशर्त अनुदान (पूँजिगत)	०.०	१५१२००००००.०	१६६३२०.०	१८२९५२.०	२०१२४७.२	२२१३७१.९	२४३५०९.१	१०१५४००.२
	विशेष अनुदान (चालु)	३००००००००.०	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०

	समपुरक अनुदान (पूँजिगत)	०.०	२८५०००००	०.०	०.०	०.०	०.०	०.०	०.०
	अन्य अनुदान (चालु)	०.०	२०००००००	२२००००	२४२०००	२६६२००	२९२८२०	३२२१०२	१३४३१२२
	विशेष अनुदान (पूँजिगत)	०.०	१९९०००००	१००००	११०००	१२१००	१३३१०	१४६४१	६१०५१
५	**प्रदेश सरकारबाट प्राप्त हुनेअनुदान**	**१८३०७०००**	**३६१९७०००**	**४४८१६.७**	**४९२९८.४**	**५४२२८.२**	**५९६५१**	**६५६१६.१**	**२७३६१०.४**
	वित्तीय समानिकरण	८२०७०००	१३३७२०००	१४७०९.२	१६१८०.१	१७७९८.१	१९५७७.९	२१५३५.७	८९८०१.१
	शसर्त अनुदान (चालु)	१०००००	१२८२५०००	१४१०७.५	१५५१८.३	१७०७०.१	१८७७७.१	२०६५४.८	८६१२७.७
	समपुरक अनुदान (पूँजिगत)	०.०	१०००००००	११०००	१२१००	१३३१०	१४६४१	१६१०५.१	६७१५६.१
	समपुरक अनुदान (चालु)	१०००००००	०.०	५०००	५५००	६०५०	६६५५	७३२०.५	३०५२५.५
६	अन्य अनुदान (सामाजिक सुरक्षा)	०.०	०.०	२५००	२७५०	३०२५	३३२७.५	३६६०.३	१५२६२.८
७	जनसहभागिता	०.०	२५०००००००	३०००	३३००	३६३०	३९९३	४३९२.३	१८३१५.३
८	निजी लगानी	०.०	०.०	५००	५५०	६०५	६६५.५	७३२.१	३०५२.६
९	अन्तर स्थानीय तह साझेदारी रकम	०.०	०.०	१०००	११००	१२१०	१३३१	१४६४.१	६१०५.१
१०	गैसस र सामुदायिक क्षेत्रकोलगानी	०.०	०.०	२५००	२७५०	३०२५	३३२७.५	३६६०.३	१५२६२.८
११	आन्तरिक ऋण परिचालन	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०
कुल जम्मा		**१२९९३४६८४०.६**	**१४२३६१९०००**	**१५६०५४६.९**	**१७७०४१६.२**	**१९९४११९.८**	**२२५४१९२.४**	**२५५८४७०.४**	**१०१३७७४५.७**
प्रतिवर्ष कुल बृद्धि दर %				**९.६२**	**१३.४५**	**१२.६४**	**१३.०४**	**१३.५०**	

९.५ स्रोत परिचालन रणनीति

संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमाजिम स्थानीय सरकारको हैसियतमा विर्तामोड नगरपालिकाले निर्वाह गर्नु पर्ने विकास निर्माण र सेवा प्रवाहका कार्यहरू पुरा गर्न प्राथमिकता P1, P2 र P3 अन्तरगत रहने गरी योजनाहरूको बर्गिकरण गरिएको छ । यसको संक्षिप्त विवरण तालिका नं. ९.३ देखि ९.६ सम्ममा र विस्त्रित विवरण अनुसूचि ९ मा उल्लेख गरिएको छ । योजना बैंक अन्तरगत विषयगत अनुसूचीमा समावेश गरिएको योजनाकालागि यस पालिकाको सिमित स्रोत र साधनले यो परिमाणको लगानीको सुनिस्चिता प्रायस असंभव देखिन्छ । तसर्थ यस आवधिक योजना अवधिमा प्राथमिकता P1 का योजनाहरू मात्र कार्यान्वयनमा ल्याउने गरी स्रोत परिचालन रणनीति तर्जुमा गरिएको छ । जुन यस प्रकार रहेका छन् ।

- सवै विषयगत क्षेत्रका आवश्यक आधारभुत तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने
- वित्तीय व्यवस्थापन तथा स्रोत परिचालन सँग सम्बन्धित सवै खाले स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने
- बजेट बिनियोजन गर्दा यस आवधिक योजना अवधिको हकमा बिषयगत क्षेत्रको महत्व र भारका आधारमा योजना बैंकमा रहेका प्राथमिकता P1 मा परेका योजनामा मात्र कार्य सम्पन्नहुने गरी बजेट विनियोजन गर्ने
- स्रोत व्यवस्थापनको हकमा वित्तीय हस्तान्तरण बाट प्राप्त आय साथै राजश्व बाँडफाँट र आन्तरिक आय बाट प्राथमिकता P1 मा परेका योजनाकालागि समेत अपुग हुने भएकाले संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार र स्थानीय सरकोकारवालाको सहभागितालाई विशेष महत्व दिने
- स्रोत परिचालन गर्दा स्थानीयबासिको जीवनस्तर माथि उठाउने, छिटो प्रतिफल प्राप्त हुने र परिवर्तनको आभास हुने गरिका आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण विकास र संस्थागत विकास सँग सम्बन्धित योजनाहरूलाई प्राथमिकता P1 थप प्राथमिकिकरण गरेरमात्र स्रोत परिचालन गरिनेछ
- प्राथमिकता P2 / P3 मा परेका योजनाहरूको हकमा प्राथमिकता P1 का योजना सम्पन्न भए पछि स्वतह क्रमस प्राथमिकतामा आउने छन् । स्रोतको पर्याप्त व्यवस्थापन भएको अवस्थामा प्राथमिकता P2 / P3 का योजनाहरू समेत कार्यान्वनयमा आउने सक्ने व्यवस्था मिलाउन सकिनेछ ।
- सकेसम्म घाटा बजेट निर्माण नगर्ने यदी गर्नु पर्ने परिस्थिति श्रृजना भए त्यसको पूर्तालकालागि भरपर्दो आधार अनिवार्य खोजी र उल्लेख गर्ने
- बजेट सिमा निर्धारण समिति, बजेट तर्जुमा समिति र राजश्व परामर्श समितिलाई थप कृयाशिल बनाएर बजेट व्यवस्थापन तथा राजश्वका क्षेत्र र दायराको खोजी, व्यवस्थापन र बिकासमा लगाउने
- अनुत्पादक खर्चको कटौति गरी उद्योगको स्थापना र विकास, व्यापार तथा व्यवसायको अभिबृद्धि साथै व्यवसायिक कृषि तथा पशुपन्छी पालन, पर्यटन लगायतका उत्पादनमुलक योजना तथा आयोजना तथा सो सँग प्रत्यक्ष सरोकार राख्ने योजना आयोजनामा अधिकलगानीको वातावरण सिर्जना गर्ने
- अवण्डा शिर्षकमा बजेट राख्ने परिपाटीको अन्त्य गरिनेछ ।
- नगरपालिकाका सवै खाले विकास निर्माण सँग सम्बन्धित विषयबस्तुलाई उत्पादन र उत्पादकत्वको मापदण्ड भित्र आवद्ध गर्ने
- राजश्वसुधार योजनाका आधारमा आवधिक रुपमा राजश्व सम्भाब्यता अध्ययन गरी कर तथा राजश्वका क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन समेत गर्ने
- राजश्व तथा सेवाशुल्क दरलाई व्यवहारिक र पारदर्सी बनाउन निजी क्षेत्र तथा नागरिक समाजसँग समन्वय र साझेदारी गर्ने
- नगरपालिकाबासिको आयआर्जन क्षमता सँग मिलानहुने गरी व्यावहारिक राजश्व प्रणालीको विकास गर्ने

- राजश्व प्राप्तिका क्षेत्रका आधारमा सम्बन्धित क्षेत्रगत लगानी र उपयोगको विश्वासिलो बातावरण श्रृजना गरी नगरबासिको विश्वास आर्जन गर्ने
- राजश्वको दायरा भित्र सहज रुपमा आउने करदातालाई विशेष सहुलियत प्रदान गर्ने साथै प्रत्येक बर्ष कम्तिमा ३ जना असल र अधिक करदातालाई **विर्तामोड करदाता तारा पुञ्ज** पुरस्कार बाट सम्मान गरिनेछ
- मदिरा तथा सूर्तिजन्य पदार्थहरूको बेग्ला बेग्लै पसल राखी बिक्रिबितरण गर्ने ब्यवस्था मिलाईनेछ । साथै छुट्टा छुट्टै प्रकृतिका ब्यवसायकालागि छुट्टा छुट्टै ब्यवसाय दर्ता गरी सञ्चालन गर्ने गराउने ब्यवस्था मिलाईनेछ
- आर्थिक बर्षको क्रमस सुरु ३ महिनाभित्र, ६ महिनाभित्र र ९ महिनाभित्र कर तथा राजश्व बुझाउनेको हकमा विशेष छुट, छुट र सामान्य छुटको ब्यवस्थागर्ने
- तोकिएको समय सिमाभित्र बरुजु फछ्र्यौट गर्ने व्यक्तिलाई छुट तथा पुरस्कारको व्यवस्था मिलाउने
- व्यवशायिक लेखा प्रणालीको माध्यम बाट नगरपालिकाको वित्तीय व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी र व्यवहरिक बनाउने
- नगरपालिकाका सबै वडा केन्द्रमा बैंकिङ सेवा विस्तार गर्ने, बैंक तथा वित्तीय सस्थाहरूलाई परिचालन गरी बैंकिङ साक्षरता अभिबृद्धि गर्ने साथै नगरपालिकाको समेत साथ र सहयोगमा सबै नगरबासिको अनिवार्य बैंकखाता हुने व्यवस्था मिलाउने

९.६ आवधिक योजना कार्यान्वयन

विर्तामोड नगरपालिकाको यो प्रथम आवधिक योजनाको अन्तिम दस्तावेजलाई नगरपालिका बाट विधायिकी प्रकृया पुरागरी स्वीकृति गरिनेछ । यसरी स्वीकृत भएको योजना प्रकाशन गरी नगरपालिकाका सम्बन्धित शाखा, उपशाखा, इकाई, वडा कार्यालय लगायत यस पालिकाका सहयोगी तथा सभ्फेदार निकाय, गैर सरकारी संघ संस्था, सामुदायिक संघ संस्था र सरोकारवालालाई उपलब्ध गराईनेछ । यस आवधिक योजनाको पूर्ण कार्यान्वयनकालागि देहाय बमोजिमका क्रियाकलापहरू गरिने छ ।

- स्वीकृत भएको यस आवधिक योजनालाई वार्षिक बजेट तथा योजनाको माध्यम बाट कार्यान्वयनमा लगिने छ
- आवधिक योजनाका आधारमा मध्यकालिन खर्च संरचना तयार पारी कार्यान्वयनमा ल्याईने छ
- आवधिक योजनामा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजनाहरूको संभाव्यता अध्ययन तथा विस्त्रित परियोजना प्रस्ताव तयार गरिनेछ
- विस्त्रित परियोजना प्रस्तावका आधारमा आयोजना अवधारणा पत्र तयार गरिनेछ भने आयोजना बैंकको रुपमा प्रस्तावित अनुसूचिहरूमा उल्लेखित विषयगत योजनका प्राथमिकता क्रमलाई पुनरसंयोजन गरिनेछ
- मध्यकालिन खर्च संरचना तयार गरी स्रोतको सुनिस्चिता गरी सोहि बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ
- यस आवधिक योजनालाई आयोजना बैंक र मध्यकालिन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रममा जोडेर कार्यान्वयन गरिनेछ

९.७ अनुगमन तथा मूल्याङ्कन योजना

कुनै पनि योजनाको सफल कार्यान्वयनको एक महत्वपूर्ण पक्ष अनुगमन तथा मूल्याङ्कन हो । प्रत्येक तथा सबै खाले योजना, आयोजना तथा परियोजना वा कार्यक्रमको सफल सम्पन्नकालागि प्रवेश मार्ग, कार्यान्वयन मार्ग तथा निस्कासन मार्ग गरी जम्मा ३ वटा महत्वपूर्ण मार्ग पुरा गर्नु पर्दछ । सबै प्रकृतिका वा प्रकारका नीति, योजना, कार्यक्रम तथा आयोजनामा लगानी तथा साधनको प्रवाह निर्धारित कार्यढाँचा वा निर्धारित गुणस्तर वा समुचित ढङ्गले भएको छ या छैन,

निर्धारित कार्यतालिका बमोजिम क्रियाकलापहरूको कार्यान्वयन भई अपेक्षित प्रतिफल प्राप्त हुने अवस्था छ या छैन सोको निगरानी राख्ने र पृष्ठपोषण गर्ने कार्य अनुगमन हो ।

कुनै पनि योजना तथा आयोजनाको कार्यान्वयन बाट निर्दिष्ट उद्देश्य हाँसिल भए नभएको, लक्षित जनसङ्ख्या, बर्ग तथा समुदायले फाईदा पाए वा पाएन्न, फाईदा पाएको भए के कस्ता फाईदा पाए साथै कार्य सम्पन्न भएका योजनाको दिगो पनाको अवस्था के रहेको छ र भावि दिनमा के कस्ता उपया अवलम्बन गर्नु पर्छ भन्ने लगायतका विषयमा समेत कार्य सम्पन्न पस्चात अनुगमन तथा मूल्याङ्कन गरी भावी संभावन, अवसर, समस्या र चुनौतीका विषयमा निष्कर्शमा पुग्ने कार्यलाई मूल्याङ्कन भनिन्छ । कुनै पनि योजना, आयोजना तथा परियोजनाको मूल्याङ्कन साधरतय मध्यावधि रुपमा र कार्य सम्पन्न भईसकेपछि अन्तिम मूल्याङ्कनको रुपमा गरिन्छ ।

९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

कुनै पनि योजना, आयोजना तथा कार्यक्रमको सफल कार्यान्वयन एक अनिवार्य शर्त हो । सवै प्रकृतिका योजना तथा कार्यक्रमहरू आवश्यक प्रारम्भिक प्रकृया पुर गरी ठिक सँग कार्यान्वयनमा गए या गएनन् भन्ने विषयमा प्रारम्भिक अनुगनम तथा मूल्याङ्कनको आवश्यकता रहेको छ भने कार्यान्वयनमा गए पछि समयमै सम्पन्न उन्मुख छ या छैन, निर्धारित गुणस्तर कायम भएको छ या छैन, कार्यस्थलमा कुनै प्रकारको अवरोध वा बाधा व्यवधान भएको छ या छैन, सम्बन्धित योजनाको जिम्मा लिने व्यक्ति वा संस्थाले समय सिमा भित्रै तथा नियमिति रुपमा सम्बन्धित सरोकारवाला बाट राय सल्लाह तथा सुझाव प्राप्त गरेका छन् या छैनन् भन्ने विषयका बारेमा अध्ययन गरी कहि कतै समस्या देखिएमा तत्काल समाधना गर्न अनिवार्य छ भने कार्य सम्पन्न पछि यसको प्रभाव मूल्याङ्कन समेत त्यतिकै अपरिहार्य छ ।

उपरोक्त उल्लेख भए बमोजिम आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरू हाँसिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको मध्यावधि तथा अन्तिम लेखा जोखा गरी आगामि दिनको कार्यदिसा निर्धारण गर्न अनुगमन मूल्याङ्कन अपरिहार्य छ । तसर्थ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता देहाय बमोजिमका कार्यकालागि महत्वपूर्ण अङ्गको रुपमा स्वीकारिएका छन् ।

- योजना कार्यान्वयनमा जानु अघि सम्पूर्ण प्रकृया सफल र सकारात्मक रुपमा अघि बढाउन
- कार्यान्वयनको दौरानमा आईपर्ने समस्याहरूको सहज समाधान गर्न
- निर्धारित समय सिम भित्रै योजना सम्पन्न गर्न
- योजनामा गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह अपेक्षा गरिए बमोजिम भए नभएको जानकारी प्राप्त गर्न
- कार्य सम्पन्न पस्चात अपेक्षित उपलब्धि हाँसिल भए नभएको पत्ता लगाउन
- सम्बन्धित योजना कार्यान्वयनको दौरानमा देखिएको समस्याहरू भविश्यमा अन्य योजना, आयोजना तथा कार्यक्रममा दोहोरिन अवस्था आउन नदिन पूर्व सतर्कताको सुनिस्चित गर्न

९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

यस आवधिक योजनाको कार्यान्वयन, यसको प्रभाव, असर र प्रतिफल तथा नतिजाको मापन गर्ने प्रथम जिम्मेवारी नगर कार्यपालिकाको रहने भए बाट यसको समग्र अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी समेत कार्यपालिकाको हुनेछ । आवधिक योजनाले निर्दिष्ट गरेको लक्ष्य र उद्देश्य प्राप्त गर्न बार्षिक रुपमा सञ्चालनमा आएका योजना तथा आयोजना र कार्यक्रमरूको अनुगमन, सुपरिवेक्षण र प्रतिवेदनको जिम्मेवारी नगरपालिकाको उपप्रमुखको संयोजनकत्वमा गठित अनुगमन तथा सुपरिवेक्षण समितिको हुनेछ । यस अवाधिक योजनाको अनुगमन र मूल्याङ्कनमा देहायका निकायहरू समेत संलग्न हुन सक्नेछन् ।

- नगर कार्यपालिका
- जिल्ला समन्वयन समिति, झापा
- नगर कार्यपालिकाले कानूनत गठन गरेको अनुगमन तथा सुपरिवेक्षण समिति

- नगर कार्यपालिकाका विषयगत समितिहरू
- नगरपालिकाका विषयगत शाखा, उपशाखा तथा एकाई, परियोजना तथा संघ संस्था
- वडा समिति
- नागरिक समाज, संघ संस्था तथा तेश्रो पक्ष

९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

क. अनुगमन तथा मूल्याङ्कन प्रकृया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रकृया साथै सो को व्यवस्था नगर कार्यपालिकाले मिलाउनु पर्नेछ। अनुगमन तथा मूल्याङ्कनकालागि देहाय बमोजिमको प्रकृया अवलम्बन गरिनेछ भने आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रकृया तालिकामा उल्लेख भए बमोजिम हुनेछ।

- विषयगत योजनाका आधारमा चेक लिष्ट तयार पार्ने
- स्थालगत अनुगमन गर्ने
- लक्ष्य र प्रगति विचको तुलान गर्ने
- नागरिक निगरानी तथा अनुगमनको व्यवस्था मिलाउने
- प्रगति र नतिजामा आधारित ढाँचाअनुसार त्रैमासिक, अर्धवार्षिक तथा बार्षिक समिक्षा गर्ने
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक मध्यावधि मूल्याङ्कन गर्ने (तेश्रोपक्ष बाट)
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक अन्तिम मूल्याङ्कन गर्ने (तेश्रोपक्ष बाट)

तालिका नं. ९.७: आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रकृया

क.सं.	गर्नु पर्ने कार्य	पुष्ट्याईका आधार	समय सिमा	गर्ने तरिका	जिम्मेवारी
१	कार्यक्रम/आयोजना को प्रकृया अनुगमन	• मासिक प्रगति प्रतिवेदन • त्रैमासिक प्रगति प्रतिवेदन • गुणस्तर अनुगमन प्रतिवेदन	• पटके • मासिक, • चौमासिक र • वार्षिक	• स्थलगत अनुगमन गर्ने • त्रैमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने • विषयग समिति र कार्यपालिकको बैठकमा समिक्षा गर्ने	• अनुगमन तथा सुपरिवेक्ष समिति • वडा समिति • शाखा • परियोजना • गै.स.स.
२	योजनाको प्रभाव लेखा जोखा तथा मापन गर्ने	• प्रभाव मूल्याङ्कन प्रतिवेदन • प्रभाव अनुगमन प्रतिवेदन • नमून अध्ययन वा सर्वेक्षण • मध्यावधि समिक्षा प्रतिवेदन • बस्तुस्थिति विवरण	• योजनाको अन्त्यमा तथा समाप्ति पछि • मध्यावधी (तेश्रो वर्षको समाप्ति पछि) • प्रभाव अनुगमन (अन्तिम वर्ष)	• नतिजामूलक अनुगमन खाका अनुसार प्रभाव मापन गर्ने • सहभागितामूलक छलफल गर्ने • नमूना अध्ययन/सर्वेक्षण गर्ने	• नगर सभा • कार्यपालका • सरोकारवाला • तेश्रो पक्ष

		• आयोजना/कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन		• कार्यपालिक र सभाको बैठकमा समिक्षा गर्ने	
३	योजनाको असर मापन तथा मूल्याङ्कन गर्ने	• मध्यावधि समिक्षा प्रतिवेदन • असर अनुगमन प्रतिवेदन • वार्षिक समिक्षा प्रतिवेदन • नमूना अध्ययन/सर्वेक्षण • बस्तुस्थिति विवरण	• वार्षिक • मध्यावधी र • अन्तिम वर्ष	• नतिजामूलक अनुगमन खाका अनुसार असर मापन गर्ने • नमूना अध्ययन/सर्वेक्षण गर्ने • कार्यपालिकमा समिक्षा गर्ने • आयोजना/कार्यक्रम को कार्य सम्पन्न प्रतिवेदन अध्ययन गर्ने • आयोजना/कार्यक्रमा भएको खर्चको अध्ययन गर्ने • सामाजिक परिक्षण र प्रतिवेदन विश्लेषण गर्ने • सहभागितामूलक रुपमा समिक्षा गोष्ठी गर्ने	• कार्यपालका • सुपरिवेक्षण तथा अनुगमन समिति • तेश्रो पक्ष
४	प्रतिफलको अनुगमन तथा मूल्याङ्कन गर्ने	• त्रैमासिक प्रगत प्रतिवेदन • वार्षिक समिक्षा प्रतिवेदन • वस्तुस्थिति विवरण	• त्रैमासिक • अर्धवार्षिक • वार्षिक र • मध्यावधी	• स्थलगत अनुगमन गर्ने • वर्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने • नतिजामूलक अनुगमन खाका अनुसार प्रतिफल मापन गर्ने • कार्यपालिका र विषयगत समितिको बैठकमा समिक्षा गर्ने • सामाजिक परिक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने	• कार्यपालका • सुपरिवेक्षण तथा अनुगमन समिति • विषयगत समिति

ख. योजना प्रगति प्रतिवेदन प्रणालीको ढाँचा

नतिजामूलक अनुगमन प्रणालीअनुसार नतिजा खाकाको उपयोग गरी प्रस्तावित सूचक अनुसार हासिल हुनुपर्ने लक्ष्य हासिल भए नभएको विषयमा लेखाजोखा गर्न देहाय बमोजिमको योजना प्रगति प्रतिवेदन प्रणालीको ढाँचा प्रयोग गर्न सकिनेछ । अनुगमन गर्दा योजनाको लक्ष्य, उद्देश्य, प्रतिफल र कार्यक्रम समेत गरिनु पर्ने भएकाले नगरपालिकाले आफ्ना आवश्यकता र उपलब्ध सूचना र विवरणका आधारमा अनुगमन तथा प्रतिवेदन प्रणालीको समेत विकस गर्न सक्नेछ । नतिजामूलक अनुगमन प्रणाली मार्फत तोकिएको ढाँचामा तयार गरिएको प्रतिवेदन उपर विषयगत समिति, कार्यपालिका तथा सभामा छलफल गरी आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकार समक्ष पेश गर्न सकिनेछ ।

तालिका नं. ९.८ **प्रगति प्रतिवेदनको ढाँचा**

नतिजा श्रृङ्खला	कार्य सम्पादनको सूचकहरू			भौतिक लक्ष्य	प्रगति (भौतिक र वित्तीय)	लक्ष्य र प्रगति विचको अन्तर	कारण	समाधानका रणनीति
	विवरण	एकाई	आधार तथ्याङ्क					
लक्ष्य								
असर								
१.								
२.								
प्रतिफल								
२.१								
२.२								
प्रमुख कार्यक्रम								
१.१.१								
१.१.२								
१.१.३								

अनुसूचि १
विर्तामोड नगरपालिका
आवधिक विकास योजना, २०७८/७९
नगर गौरवका आयोजनाहरू

क.सं	आयोजनाको नाम	गरिने कार्य योजना	आयोजना सञ्चालन हुने स्थान
१	नगर अस्पताल	२५ वेड सहितको प्रविधीयुक्त नगर अस्पताल निर्माण	
२	स्मार्ट रोड	बिर्तामोड वडा नं. ६ वुट्टावारी वाट वडा नं. ७ को प्याकुरेल चोक जोड्ने ६.५ कि.मि. सडक निर्माण	वडा नं. ६ र ७
३	सपिङ्गमल कम्प्लेस	वहुतल्ले पार्कीङ्ग सहितको अत्याधुनिक सपिङ्गमल कम्प्लेस निर्माण	वि.न.पा. को नाममा रहेको बुधबारे हटिया स्थलमा
४	रङ्गशाला	५००० दर्शक क्षमता भएको डोमालाल राजबंशी रंगशाला निर्माण	
५	खानेपानी	नगरका सवै वडा तथा टोलहरूमा पाइपलाइन बाट स्वच्छ सफा खानेपानी विस्तार	नगरपालिका भरी
६	सिचाई	नगर क्षेत्र भित्रको सबै खेतियोग्य जमिनमा (२५०० हेक्टर) बाह्रै महिना सिचाई सुविधा पुऱ्याउने	नगरपालिका भरी
७	रिभर कोरीडोर	वडा न. १ देखि वडा न. ३ सम्म जोड्ने गरी अदुवा खोलाको किनारामा रिभर कोरीडोर निर्माण	अदुवा खोल किनारा
